# अध्याय १२

# परमेश्वरको स्वभाव :
# "कथनीय वा बाँड्न सकिने गुणहरू"
# (भाग १)
# Communicable Attributes
# (Part 1)

### *परमेश्वर उहाँका अस्तित्वमा, अनि मानसिक र नैतिक गुणहरूमा कसरी हामीजस्तै हुनुहुन्छ ?*

## व्याख्या र धर्मशास्त्रीय आधार

यस अध्यायमा हामी परमेश्वरका ती गुणहरूबारे विचार-विमर्श गर्नेछौं जो "कथनीय वा बाँड्न सकिने" (*Communicable Attributes*) हुन्, वा यस अघिको अध्यायमा उल्लेखित गुणहरूभन्दा हामीसँग अझ धेरै मात्रामा बाँडिएका परमेश्वरका गुणहरू। यो कुरा स्मरण गरिनैपर्दछ कि "अकथनीय वा बाँड्न नसकिने" र "कथनीय वा बाँड्न सकिने" वर्गहरूमा गरिएको यो विभाजन अन्तिम विभाजन होइन र कुन गुणहरू कुन वर्गहरूमा मिल्नुपर्छ भन्ने प्रश्नबारे मतभिन्नताहरूको केही ठाउँ छँदैछ।[1] उहाँ "कथनीय वा बाँड्न सकिने" वर्गमा राखिएका गुणहरूको तालिका एक सामान्य तालिका हो, तर ती गुणहरूलाई यस पुस्तकमा प्रस्तुत गरिएकै तरिकामा वर्गीकृत गर्न सक्षम बन्नुभन्दा प्रत्येक गुणको परिभाषालाई बुझ्नु अझ महत्त्वपूर्ण हुन्छ।

यसबाहेक, कसैले परमेश्वरको स्वभावका विभिन्न पक्षहरूबीच कति सूक्ष्मतापूर्वक भिन्नताहरू खुट्ट्याउन चाहन्छ, त्यसैलाई केही बुझ्न सक्ने क्षमतामा नै परमेश्वरका गुणहरूको कुनै पनि सूची आधारित हुनुपर्दछ। परमेश्वरको भलाइ र परमेश्वरको प्रेम दुईवटा गुणहरू हुन् वा एउटै ? ज्ञान र बुद्धि, वा आत्मिकता र अदृश्यताबारे नि ? यस अध्यायमा, यी गुणहरूमध्ये प्रत्येकलाई एक-एक गरी छलफल गरिएको छ, र परिणामस्वरूप विविध गुणहरूको एउटा निकै लामै सूची बनेको छ। तथापि कसैले यी जोड़ीहरूलाई एउटै गुणका विभिन्न पक्षहरू मानिलिन चाहन्छन् भने पनि विभिन्न स्थितिहरूमा त्यसले त्यति धेरै फरक पार्नेछैन। हामीले कुरा गरिरहेको विषय परमेश्वरको पूर्णतया अनि पूर्ण रूपले एकीकृत व्यक्ति हो भनी यदि हामीले स्मरण गऱ्यौं भने, यो स्पष्ट हुनेछ कि विभिन्न गुणहरूमा गरिएको यो विभाजन ठूलो

---

[1]कथनीय वा बाँड्न सकिने र अकथनीय वा बाँड्न नसकिने गुणहरूबारे विवेचनका लागि हे. अ. ११।

धर्मसैद्धान्तिक महत्त्वको कुरो होइन तर एउटा यस्तो कुरो हो जो बाइबलीय सामग्रीलाई सर्वाधिक प्रभावशाली ढङ्गले प्रस्तुत गर्ने तरिकासम्बन्धी हाम्रो निर्णयमा आधारित हुनैपर्दछ।

यस अध्यायले परमेश्‍वरका “कथनीय वा बाँड्न सकिने” गुणहरूलाई पाँचवटा प्रमुख वर्गहरूमा विभक्त गर्दछ। पृथक् गुणहरू निम्नानुसार प्रत्येक वर्गमा सूचीबद्ध गरिएका छन् :

क. परमेश्‍वरको अस्तित्व वर्णन गर्ने गुणहरू
- १. आत्मिकता (Spirituality)
- २. अदृश्यता (*Invisibility*)

ख. मानसिक गुणहरू
- ३. ज्ञान [वा सर्वज्ञता] (*Knowledge of Omniscience*)
- ४. बुद्धि (*Wisdom*)
- ५. सत्यवादिता [र विश्‍वसनीयता] (*Truthfulness and Faithfulness*)

ग. नैतिक गुणहरू
- ६. भलाइ (*Goodness*)
- ७. प्रेम (*Love*)
- ८. करुणा [अनुग्रह, धैर्य] (*Mercy,* [*Grace*, *Patience*])
- ९. पवित्रता (*Holiness*)
- १०. शान्ति [वा सुव्यवस्था] (*Peace* [*or Order*])
- ११. धार्मिकता [वा न्याय] (*Righteousness* [*or Justice*])
- १२. डाह (*Jealousy*)
- १३. क्रोध (*Wrath*)

घ. उद्देश्यका गुणहरू
- १४. इच्छा (*Will*)
- १५. स्वतन्त्रता (*Freedom*)
- १६. सर्वशक्तिमत्ता [वा शक्ति, र सर्वसत्ता] (*Omnipotence* [or Power, and Sovereingty])

ङ. “सारांश” गुणहरू
- १७. सिद्धता (*Perfection*)
- १८. धन्यता (*Blessedness*)
- १९. सौन्दर्य (*Beauty*)
- २०. महिमा (*Glory*)

परमेश्‍वरका कथनीय वा बाँड्न सकिने गुणहरू हाम्रो जीवनमा अनुकरण गरिनुपर्ने हुनाले,[२] विचाराधीन गुण हामीद्वारा जुन तरिकाले अनुकरण गरिनुपर्दछ,

[२]ध्यान दिनुहोस्, एफिसी ५:१ ले हामीलाई “प्रिय बालकहरूझैं परमेश्‍वरको देखासिकी गर्नेहरू होओ”

त्यसबारे यी खण्डहरूमध्ये प्रत्येकमा एउटा छोटो व्याख्या समाविष्ट गरिनेछ।

**क. परमेश्वरको अस्तित्व वर्णन गर्ने गुणहरू**

**१. आत्मिकता** (*spirituality*) । परमेश्वर केले बनिनुभएको छ भनी मानिसहरू प्रायः नै घोत्लिएका छन्। के उहाँ हामीजस्तै मासु र रगतले बनिनुभएको छ? निश्चय नै होइन। त्यसो हो भने उहाँको अस्तित्वलाई गठन गर्ने पदार्थ के हो? के परमेश्वर पदार्थद्वारा नै बनिनुभएको छ त? वा के परमेश्वर विशुद्ध ऊर्जा हुनुहुन्छ? वा के उहाँ कुनै अर्थमा विशुद्ध विचार हुनुहुन्छ?

धर्मशास्त्रको उत्तर यो छ कि परमेश्वर यीमध्ये कुनै पनि हुनुहुन्न। बरु हामी यो पढ्दछौं कि "परमेश्वर *आत्मा* हुनुहुन्छ" (यूह ४:२४)। सामरियाको कुवामा ती स्त्रीसँग भएको एउटा विवेचनको सन्दर्भमा यो वक्तव्य येशूद्वारा बोलिएको हो। यो विवेचन मानिसहरूले परमेश्वरलाई उपासना गर्नुपर्ने *स्थान*बारे हो, अनि येशूले ती स्त्रीलाई भनिरहनुभएको छ कि परमेश्वरको साँचो उपासनाका निम्ति व्यक्ति यरूशलेममा वा सामरियामा नै *उपस्थित* हुनु अनिवार्य हुँदैन (यूह ४:२१), किनभने साँचो उपासना भौतिक स्थानसित होइन तर व्यक्तिको आन्तरिक आत्मिक स्थितिसित सम्बन्धित हुन्छ। "परमेश्वर आत्मा हुनुहुन्छ" यसैकारण यस्तो भएको हो अनि यसले स्पष्टतासित जनाउँछ कि परमेश्वर कुनै पनि रीतिले स्थानिक (*spatial*) रूपमा सीमित हुनुहुन्न।

त्यसकारण, परमेश्वरका *नाप* वा *आयामहरू* छन्, असीमकै सन्दर्भमा पनि, भनी हामीले सोच्नु *हुँदैन,* असीम पनि (परमेश्वरको सर्वव्यापिताबारे अघिल्लो अध्यायमा छलफल हे.)। आत्माको रूपमा परमेश्वरको अस्तित्वले, उदाहरणार्थ, परमेश्वर असीम रूपले विशाल हुनुहुन्छ भन्ने बुझाउँछ भन्ने हामीले सोच्नु हुँदैन, किनभने परमेश्वरको *भाग* मात्र होइन तर परमेश्वरको *सम्पूर्ण* भाग नै "दिक्स्थान"-को प्रत्येक बिन्दुमा छ (हे. भज १३९:७-१०)। नता हामीले यो सोच्नुहुन्छ कि आत्माको रूपमा परमेश्वरको अस्तित्वको अर्थ परमेश्वर असीम मात्रामा सानो हुनुहुन्छ, किनभने यस विश्वको कुनै पनि ठाउँले उहाँलाई घेर्न सक्दैन वा अटाउन सक्दैन (हे. १ राज ८:२७)। यसकारण, परमेश्वरको अस्तित्वलाई ठीक अर्थले "दिक्स्थान"-को रूपमा सोच्न सकिँदैन, तथापि उहाँको अस्तित्वलाई हामी "आत्मा"-को रूपमा बुझ्न सकौंला।

*उहाँ स्वयम्कै अस्तित्व* भौतिक सृष्टिमा भएको अरू *कुनै पनि* थोकजस्तै छ भनी सोच्न परमेश्वरले उहाँका जनलाई निषेध गर्नुहुन्छ भन्ने पनि हामी पाउँदछौं। हामी दश आज्ञामा पढ्दछौं :

> आफ्ना निम्ति खोपेर कुनै किसिमको मूर्ति नबनाउनू, माथि आकाश अथवा तल पृथ्वी वा तल पानीमा भएको कुनै कुराको आकारको प्रतिमूर्ति नबनाउनू। तिनीहरूका सामू ननिहुरिनू, तिनीहरूको पूजा

भन्दछ। परमेश्वरले हामीलाई उहाँको स्वभावलाई हाम्रो जीवनहरूमा प्रतिबिम्बित गर्नका लागि सृष्टि गर्नुभयो भन्ने तथ्यसम्बन्धी छलफलका लागि हे. अ. २१।

> नगर्नू किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ। मेरो अवहेलना गर्ने पिता-पुर्खाका अधर्मको दण्ड उनीहरूका सन्तानहरूलाई उनीहरूका तेस्रो र चौथो पुस्तासम्म दिनेछु, तर मलाई प्रेम गर्ने र मेरा आज्ञाहरू पालन गर्नेहरूका हजारौं पुस्तामाथि म कृपा गर्नेछु (प्रस २०:४-६)।

यस आज्ञामा सृष्टिबारे प्रयोग गरिएको भाषा (माथि आकाश, अथवा तल पृथ्वी, वा तल पानीमा) यो कुरा सम्झना गराउँछ कि परमेश्वरको *अस्तित्व,* उहाँको अस्तित्वको आधारभूत ढाँचा (पद्धति), उहाँले सृष्टि गर्नुभएको प्रत्येक थोकभन्दा बेग्लै छ। सृष्टि गरिएको अरू कुनै पनि थोकको रूपमा उहाँको अस्तित्वबारे सोच्नु उहाँलाई गलत ढङ्गले प्रस्तुत गर्नु हो, उहाँलाई सीमित बनाउनु हो, उहाँ वास्तवमा जे हुनुहुन्छ उहाँलाई सोभन्दा कम ठान्नु हो। सुनको बाछाको रूपमा खोपेर (वा "खोपिएको" "ढालिएको") परमेश्वरको प्रतिमूर्ति बनाउने काम, उदाहरणार्थ, परमेश्वरलाई एक बलिष्ठ र जीवनले भरिपूर्ण (बाछोजस्तै) परमेश्वरको रूपमा चित्रित गर्ने एउटा प्रयास भएको हुन सक्दछ, तर परमेश्वर बाछोजस्तै हुनुहुन्थ्यो भन्नु परमेश्वरको ज्ञान, बुद्धि, प्रेम, करुणा, सर्वव्यापिता, अनन्तता, स्वतन्त्रता, पवित्रता, धार्मिकता, न्याय, आदिबारे एउटा त्रासजनक झुटो वक्तव्य थियो। वास्तवमा, परमेश्वरले सबै थोक सृष्टि गर्नुभयो भनी हामीले भन्नैपर्छ, त्यसैकारण यसको प्रत्येक भागले उहाँ स्वयम्‌को गुणको कुनै न कुनै थोक प्रतिबिम्बित गर्छ, अब हामीले यो पनि पुष्टि गर्नैपर्दछ कि परमेश्वरलाई सृष्टिमा भएको अरू कुनै पनि थोकजस्तै आकारमा वा *अस्तित्वको प्रकार*का रूपमा *अस्तित्ववान् हुनुभइरहेको* चित्रित गर्नु चाहिँ परमेश्वरबारे भयानक भ्रामक र अपमानजनक तरिकाले सोच्नु हो।

यसैकारण उहाँका मूर्तिहरू बनाउने कार्यविरुद्ध दिइएको निषेधाज्ञाको कारण परमेश्वरको डाह हो भनी बताइएको छ, "किनकि म परमप्रभु तिमीहरूका परमेश्वर डाह गर्ने परमेश्वर हुँ" (प्रस २०:५)। परमेश्वर उहाँको आफ्नै सम्मान रक्षा गर्नलाई डाही हुनुहुन्छ। उहाँजस्तो हुनुहुन्छ त्यही रूपमा उहाँको बारेमा सोच्ने र उहाँको सम्पूर्ण श्रेष्ठताको निम्ति उहाँको उपासना गर्ने मानिसहरूको खोजी उहाँ उत्सुकतापूर्वक गर्नुहुन्छ, र जब उहाँको महिमा घटाइन्छ वा उहाँको गुण झुटो प्रकारले वर्णन गरिन्छ, उहाँ क्रुद्ध बन्नुहुन्छ (तु. व्यव ४:२३-२४, जहाँ उहाँका कुनै मूर्तिहरू बनाउनेविरुद्ध दिइएको निषेधाज्ञाको कारण फेरि पनि परमेश्वरको आफ्नै सम्मानका निम्ति उहाँको तीव्र डाह भएको बताइएको छ)।

यसर्थ, परमेश्वरको भौतिक शरीर छैन, नता उहाँ बाँकी सृष्टिको अधिकांश भागजस्तै कुनै पनि प्रकारको पदार्थद्वारा बनिनुभएको छ। यसबाहेक, परमेश्वर केवल ऊर्जा वा विचार वा सृष्टिको अन्य कुनै तत्त्व मात्र हुनुहुन्न। उहाँ बाफ, वा तुँवालोझैं बाफिलो, वा वायु वा दिक्‌स्थान (*space*) जस्तो पनि हुनुहुन्न, जो सबै नै सृष्टि गरिएका थोकहरू हुन्; *परमेश्वरको अस्तित्व* यीमध्ये कुनैको जस्तो पनि छैन। परमेश्वरको अस्तित्व हाम्रो आत्माहरूजस्तै पनि होइन, किनभने यी सृष्टि गरिएका थोकहरू हुन् जो स्पष्टतः एउटा समयमा एउटै स्थानमा मात्र अस्तित्वमा

रहन सक्छन्।

परमेश्वरसम्बन्धी यी सबै धारणाहरूका सट्टामा, हामीले यो भन्नुपर्दछ कि परमेश्वर *आत्मा* हुनुहुन्छ। यसको अर्थ जेसुकै भए तापनि, यो एक प्रकारको यस्तो अस्तित्व हो जस्तो सृष्टिमा अरू कुनै छैन। यो यस्तो किसिमको अस्तित्व हो जो हाम्रो सबै भौतिक अस्तित्वभन्दा श्रेष्ठ छ। हामी सायद यो भन्न सक्छौं कि परमेश्वर "विशुद्ध अस्तित्व" (*pure being*) हुनुहुन्छ वा "अस्तित्वको पूर्णता वा सत्व" ("*fullness or essence of being*") हुनुहुन्छ। यसबाहेक, यस्तो अस्तित्व हाम्रो आफ्नै अस्तित्वभन्दा अझ कम वास्तविक वा अझ कम वाञ्छनीय हुँदैन। बरु, यो अस्तित्व सबै सृष्टिका पदार्थ र अपदार्थ अस्तित्वभन्दा अझ वास्तविक र अझ वाञ्छनीय हुन्छ। कुनै सृष्टि हुनुभन्दा पहिला, परमेश्वर आत्माको रूपमा अस्तित्वमा हुनुहुन्थ्यो। उहाँ स्वयम्‌को अस्तित्व यति वास्तविक छ कि अन्य सबै थोकहरूलाई अस्तित्वमा ल्याउन सो सक्षम थियो!

यस बिन्दुमा हामी परमेश्वरको आत्मिकतालाई परिभाषित गर्न सक्छौं : *परमेश्वरको आत्मिकता (spirituality)-को अर्थ यो हुन्छ कि परमेश्वर एउटा अस्तित्वको रूपमा बाँच्नुहुन्छ जो कुनै पनि पदार्थद्वारा बनिएको होइन, जसका कुनै भागहरू वा आयामहरू हुँदैनन्, जसलाई हाम्रो शारीरिक इन्द्रियहरूद्वारा अनुभव गर्न सकिँदैन, र जो अन्य कुनै पनि प्रकारको अस्तित्वभन्दा धेरै उत्कृष्ट हुन्छ।*

परमेश्वरको अस्तित्व किन यस किसिमको छ भनी हामी प्रश्न गर्न सक्छौं। परमेश्वर किन आत्मा हुनुहुन्छ? हामीले भन्न सक्ने यति नै हो कि अस्तित्ववान् हुने यो सर्वोत्कृष्ट तरिका हो। अस्तित्वको यो रूप हामीले जानेका कुनै पनि थोकभन्दा धेरै नै उत्कृष्ट छ। यस तथ्यबारे मनन गर्नु अद्‌भुत कुरा हो।

यी विचारहरूले हामीलाई परमेश्वरको आत्मिकतालाई सम्भवतः "अकथनीय वा बाँड्न नसकिने" गुण भन्नुपर्छ कि भनी गम खानु बाध्य बनाउँछ। यसो गर्नु कुनै प्रकारले समुचित ठहर्दछ किनभने परमेश्वरको अस्तित्व हाम्रो अस्तित्वभन्दा अति नै बेग्लै छ। तथापि, तथ्य यो हो कि परमेश्वरले हामीलाई आत्मा दिनुभएको छ जसमा हामी उहाँलाई उपासना गर्छौं (यूह ४:२४; १ कोर १४:१४; फिल ३:३), जसमा हामी प्रभुको आत्मामा संयुक्त बनेका छौं (१ कोर ६:१७), जोसँग पवित्र आत्मा सम्मिलित हुनुभएर यो गवाही दिनुहुन्छ कि हामी परमेश्वरको परिवारमा धर्म पुत्र-पुत्रीहरू बनाइएका छौं (रोम ८:१६), अनि हाम्रो मृत्यु भएपछि जुन परिवारमा हामी प्रभुको उपस्थितिमा पुग्दछौं (लूक २३:४६; उप १२:७, हिब १२:२३; तु. फिल १:२३-२४)। त्यसकारण परमेश्वरबाट हामीलाई स्पष्टतः आत्मिक स्वभावको केही सूचना हुन्छ जो उहाँको आफ्नै स्वभावजस्तै हुन्छ, यद्यपि निश्चय नै सबै पक्षहरूमा होइन। यही कारणले पनि परमेश्वरको आत्मिकतालाई कथनीय वा बाँड्न सकिने गुण भनी खुटचाउन उपयुक्त हुन्छ भन्ने देखिन्छ।

२. **अदृश्यता** (*invisibility*)। परमेश्वरको आत्मिकतासित सम्बन्धित तथ्य यो छ कि परमेश्वर अदृश्य हुनुहुन्छ। तथापि परमेश्वरले स्वयम्‌लाई प्रकट गर्नुहुने दृश्य

(*visibile*) प्रकारबारे पनि हामीले बताउनैपर्दछ। परमेश्वरको अदृश्यतालाई निम्नानुसार परिभाषित गर्न सकिन्छ : *परमेश्वरको अदृश्यताको अर्थ यो हो कि परमेश्वरको पूर्ण सत्त्व, उहाँका सबै आत्मिक अस्तित्व, हामीद्वारा कहिल्यै पनि देखिनेछैन, तथापि परमेश्वरले स्वयम्‌लाई दृश्य, सृष्टि गरिएका थोकहरूका माध्यमबाट हामीलाई देखाउनुहुन्छ (हामीमा प्रकट गर्नुहुन्छ)।*

परमेश्वरलाई देख्न सकिँदैन भनी बाइबलका धेरैवटा खण्डहरूले बताउँछन्। "परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन" (यूह १:१८)। येशूले भन्नुहुन्छ, "पितालाई कुनै मानिसले देखेको छैन, केवल उसले मात्र देखेको छ जो परमेश्वरबाट आएको हो, उसैले पितालाई देखेको छ" (यूह ६:४६)। पावल प्रशंसाका निम्निलिखित शब्दहरू बोल्छन्, "युग-युगका राजा, अविनाशी र अदृश्य एकमात्र परमेश्वरलाई आदर र महिमा सदासर्वदा होस्। आमिन" (१ तिमो १:१७)। उनी परमेश्वरको बारेमा यसरी बताउँछन्, "उहाँमा नै अमरत्व छ, र उहाँत्यस ज्योतिमा बास गर्नुहुन्छ जसको नजीक कोही जान सक्दैन। *उहाँलाई कुनै मानिसले कहिल्यै देखेको छैन, न देख्न सक्छ*" (१ तिमो ६:१६)। यूहन्ना भन्छन्, "परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन" (१ यूह ४:१२)।

हामीले यो स्मरण गर्नैपर्दछ कि यी सबै खण्डहरू धर्मशास्त्रका त्यस्ता घटनाहरूपछि लेखिएका थिए जसमा मानिसहरूले परमेश्वरको बाहय प्रकटीकरण (*manifestation*) देखे। उदाहरणार्थ, धर्मशास्त्रको सुरु-सुरुमै हामी यो पढ्छौं, "परमप्रभु मोशासित यसरी आमने-सामने बात गर्नुहुन्थ्यो, जसरी कोही आफ्ना मित्रसित बात गर्छ" (प्रस ३३:११)। तर पनि परमेश्वरले मोशालाई भन्नुभयो, "तर तैँले मेरो अनुहार हेर्न सक्दैनस्, किनकि मेरो अनुहार हेरेर मानिस जीवितै रहनु सक्दैन" (प्रस ३३:२०)। तर पनि उहाँले मोशालाई चट्टानको धाँदोमा लुकाउनुभएर आफ्नो महिमालाई मोशाको छेउबाट भएर जान दिनुभयो अनि उहाँ त्यहाँबाट गइसक्नुभएपछि परमेश्वरले मोशालाई उहाँको पछिको भाग हेर्न दिनुभयो, तर उहाँले भन्नुभयो, "... मेरो अनुहारचाहिँ देखिनेछैन" (प्रस ३३:२१-२३)। पुरानो करारका यी र अन्य पदहरूको अनुक्रमले यो सङ्केत दिन्छन् कि परमेश्वर देख्नै नसकिनुको कुनै अर्थ थियो, तर परमेश्वरको केही बाहय आकार वा प्रकटीकरण पनि थियो जसलाई कमसेकम केही भागमा मानिसद्वारा देखिन सकिन्थ्यो।

यसकारण, यसो भन्नु ठीक हुन्छ कि हामीद्वारा परमेश्वरको *समग्र सत्त्व* (*total essence*) कहिल्यै पनि देख्न सकिनेछैन, तथापि परमेश्वरले दृष्टिगोचर, सृजित थोकहरूका माध्यमबाट उहाँको केही न केही हामीलाई देखाउनहुन्छ नै। यस्तो विभिन्न तरिकामा हुन्छ।

यदि हामीले परमेश्वरबारे *सोच्नु* हो भने, हामीले उहाँका बारेमा कुनै पनि रीतिले सोच्नैपर्दछ। परमेश्वरले यो बुझ्नुहुन्छ अनि हाम्रो मानवीय जीवन वा सिर्जनात्मक संसारबाट लिइएका सयौं विभिन्न उपमाहरू हामीलाई दिनुहुन्छ।[३] सृष्टिका सबै भागहरूबाट आउने उपमाहरूका विपुल अनेकताहरूले हामीलाई यो

[३] हे. अ. ११ मा सृष्टिबाट लिइएका परमेश्वरका नाउँहरूबारे विवेचन।

याद गराउँछन् कि हामीले यी उपमाहरूमध्ये कुनै एउटैमा अत्यधिक मात्रामा धेरै ध्यान केन्द्रित गर्नु हुँदैन। तथापि यदि हामीले यी उपमाहरूमध्ये कुनै एउटामै मात्र ध्यान केन्द्रित गरेनौं भने, ती सबैले कुनै न कुनै प्रकारले "दृश्य" वा दृष्टिगोचर तरिकामा परमेश्वरलाई हामीकहाँ प्रकट गर्नमा सहायता गर्नेछन् (तु. उत १:२७; भज १९:१; रोम १:२०)।

पुरानो करारले अनेकौं परमेश्वर-दर्शनहरू (*theophany*) अभिलिखित गर्छ। *परमेश्वर-दर्शन* परमेश्वरको प्रकटन हो। यस्ता दर्शनहरूमा परमेश्वरले आफूलाई मानिसहरूकहाँ देखाउनलाई विभिन्न प्रकारका प्रत्यक्ष रूपहरू धारण गर्नुभयो। परमेश्वर अब्राहाम (उत १८:१-३३), याकूब (उत ३२:२८-३०), इस्राएलका मानिसहरू (दिनमा बादलको र रातमा आगोको खामो (प्रस १३:२१-२२), इस्राएलका धर्मगुरुहरू (प्रस २४:९-११), मानोह र तिनकी पत्नी (न्याय १३:२१-२२), यशैया (यशै ६:१), र अरूहरूकहाँ देखापर्नुभयो।

पुरानो करारका यी परमेश्वर-दर्शनहरू भन्दा परमेश्वरको अझ ठूलो प्रकटीकरण ख्रीष्ट येशू स्वयम्मा पाइएको थियो। उहाँले यसो भन्न सक्नुभयो, "जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ" (यूह १४:९)। अनि कसैले परमेश्वरलाई कहिल्यै पनि देखेको छैन भन्ने तथ्यलाई परमेश्वरका एक मात्र पुत्रले आफैलाई हामीकहाँ प्रकट गराउनुभएको छ भन्ने तथ्यसित यूहन्ना तुलना गर्छन् : "कसैले कहिल्यै पनि परमेश्वरलाई देखेको छैन; प्रजात एकमात्र परमेश्वर[४], जो पिताको मायालु हिफाजत र सुरक्षामा हुनुहुन्छ, उहाँले उहाँलाई चिनाउनुभएको छ" (यूह १:१८, लेखकको अनुवाद)। यसबाहेक, येशू "अदृश्य परमेश्वरको प्रतिरूप हुनुहुन्छ" (कल १:१५), र "परमेश्वरको महिमाको उज्ज्वल चमक हुनुहुन्छ" र "उहाँको स्वभावको हुबहु चित्रण हुनुहुन्छ" (हिब १:३, लेखकको अनुवाद)। त्यसकारण हामीसँग नयाँ करारमा येशू स्वयम्मा परमेश्वरको अद्वितीय प्रत्यक्ष प्रकटीकरण छ, जो पुरानो करारमा परमेश्वर-दर्शन देख्ने विश्वासीहरूलाई उपलब्ध थिएन।

तर हामीले परमेश्वरलाई स्वर्गमा कसरी देख्नेछौं? परमेश्वरलाई सम्पूर्ण रूपले देख्न र जान्न हामी कहिल्यै पनि सक्षम हुनेछैनौं किनभने, "उहाँको महानता अगम छ" (भज १४५:३; तु. यूह ६:४६; १ तिमो १:१७; ६:१६; १ यूह ४:१२, जो माथि उल्लेख गरिएका थिए)। कमसेकम हाम्रो भौतिक आँखाहरूले हामी परमेश्वरको आत्मिक अस्तित्वलाई देख्न सक्नेछैनौं। तथापि, धर्मशास्त्रले यो भन्छ कि हामीले परमेश्वर स्वयम्लाई देख्नेछौं। येशू भन्नुहुन्छ, "धन्य शुद्ध हृदय हुनेहरू, किनभने *तिनीहरूले परमेश्वरलाई देख्नेछन्*" (मत्ती ५:८)। हामीले अवश्य नै ख्रीष्टको मानवीय स्वभावलाई देख्न सक्नेछौं (प्रका १:७)। तर यो कुरा स्पष्ट छैन कि ठीक कुन अर्थमा हामी पिता र पवित्र आत्मालाई, वा परमेश्वर पुत्रको परमेश्वरीय

[४]उहाँ मूलपाठ-विषयक पाठान्तर छ, तर "प्रजात एकमात्र पुत्र"-भन्दा "प्रजात एकमात्र परमेश्वर" (*monogenes theos*)-लाई अझ उत्तम ढङ्गले प्रमाणित गरिएको छ, र यो अर्थ यस सन्दर्भको निम्ति अप्रासङ्गिक हुँदैन : हे. Leon Morris, *The Gospel According to John* (ग्र्यान्ड र्‍यापिड्स : ईर्डम्यान्स्, १९७१), पृह. ११३-१४)।

स्वभाव "देख्न" सक्षम बन्नेछौं (तु. प्रका १:४; ४:२-३, ५; ५:६)। सायद यो "देख्ने" कार्यको प्रकृति हामी स्वर्गमा नपुगुञ्जेल हामीलाई ज्ञात हुनेछैन।

हामीले जे देख्नेछौं त्यो परमेश्वरको सम्पूर्ण दर्शन नभए तापनि, यो परमेश्वरको पूर्णतः सत्य, स्पष्ट र वास्तविक दर्शन हुनेछ। हामीले "छर्लङ्ग" देख्नेछौं (१ कोर १३:१२) र "उहाँजस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं" (१ यूह ३:२)। हामीले परमेश्वरसँग अनुभव गर्ने अति खुल्ला, घनिष्ठ सङ्गतिको वर्णन यस तथ्यमा देखिन्छ कि त्यो स्वर्गीय शहरमा "परमेश्वर र थुमाको सिंहासन त्यहाँ हुनेछ, र उहाँका दासहरूले उहाँको आराधना गर्नेछन्। *तिनीहरूले उहाँको मुहार देख्नेछन्,* र उहाँको नाउँ तिनीहरूको निधारमा हुनेछ" (प्रका २२:३-४)।

हामीले तृष्णा वा चाहना गरेका सबै कुराहरूको सिद्धता परमेश्वर हुनुहुन्छ, अनि प्रत्येक सुन्दर र वाञ्छित कुराको योग उहाँहुनुहुन्छ भन्ने तथ्य हामीले बुझ्दा, हामी यो बुझ्दछौं कि आउनेवाला जीवनको सबैभन्दा ठूलो आनन्द यो हुनेछ कि हामीले "उहाँको मुहार" देख्नेछौं। परमेश्वरलाई मुखामुख देख्ने कामलाई *आनन्दप्रद दर्शन* (*beatific vision*) भनिएको छ, जसको अर्थ हुन्छ "त्यो दर्शन जसले हामीलाई धन्य वा आनन्दित बनाउँछ।" "*beatific*" दुई ल्याटिन शब्दहरू *beatus* अर्थात् "धन्य" र *facere* अर्थात् "बनाउनु"-बाट व्युत्पन्न भएको शब्द हो। परमेश्वरलाई हेर्नुले हामीलाई परिवर्तन गर्छ र हामीलाई उहाँजस्तै बनाउँदछ : "... हामी उहाँजस्तै हुनेछौं। किनकि *उहाँजस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौं*" (१ यूह ३:२; तु. २ कोर ३:१८)। परमेश्वरको यो दर्शन परमेश्वरबारे हामीले जानेका ज्ञानको उत्कर्ष हुनेछ अनि यसले हामीलाई सम्पूर्ण अनन्तको लागि प्रसन्नता र आनन्द दिनेछ : "तपाईंको उपस्थितिद्वारा तपाईंले आनन्दले मलाई गद्गद् पार्नुहुनेछ। तपाईंको दाहिने बाहुलीमा अनन्त आनन्द छ" (भज १६:११)।

### ख. मानसिक गुणहरू

**३. ज्ञान [सर्वज्ञता] (*Omniscience*)।** परमेश्वरको ज्ञानलाई निम्नानुसार परिभाषित गर्न सकिन्छ : *परमेश्वरले आफूलाई र सबै वास्तविक र सम्भाव्य थोकहरूलाई एउटै सरल र अनन्त कार्यमा सम्पूर्ण रूपले जान्नुहुन्छ।*

एलीहू भन्छन् कि परमेश्वर उहाँ हुनुहुन्छ "जो *ज्ञानमा सिद्ध* हुनुहुन्छ" (अयू ३७:१६), अनि यूहन्ना भन्छन् परमेश्वरले *"सब थोक जान्नुहुन्छ"* (१ यूह ३:२०)। सबै थोकहरू जान्ने गुणलाई सर्वज्ञता भनिन्छ, र परमेश्वरले सबै थोक जान्नुहुन्छ, यसकारण उहाँलाई सर्वज्ञ (अर्थात् "सबै जान्नुहुने") भनिन्छ।

माथि दिइएको परिभाषाले सर्वज्ञतालाई अझ विस्तृत रूपमा व्याख्या गर्छ। यसले सर्वप्रथम यो भन्छ कि परमेश्वरले स्वयम्लाई पूर्ण रूपले जान्नुहुन्छ। यो एउटा उदेकको तथ्य हो किनभने परमेश्वर स्वयम्को अस्तित्व असीम वा असीमित छ। अवश्य, जो असीम छ उनैले मात्र प्रत्येक विवरणसित आफैलाई पूर्णरूपले जान्न सक्दछन्। यस तथ्यतिर पावलले यस भनाइमा इङ्गित गरेका छन्, "... किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि

खोजी गर्नुहुन्छ। मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचारलाई बुझ्न सक्छ ? त्यसरी नै परमेश्व-रका विचार परमेश्वरका आत्माबाहेक कसैले बुझ्न सक्दैन" (१ कोर २:१०-११)।

यो धारणालाई यूहन्नाको यो वक्तव्यले पनि सूचित गरेको छ, "परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कति पनि अँध्यारो छैन" (१ यूह १:५)। यस सन्दर्भमा "ज्योति"-ले नैतिक शुद्धता र पूर्ण ज्ञान वा चेतनातिर सङ्केत दिँदछ। यदि परमेश्वरमा "कति पनि अँध्यारो" छैन तर उहाँ पूर्णतया "ज्योति" हुनुहुन्छ भने, परमेश्वर स्वयम् पूर्णतया धर्मी हुनुहुन्छ र पूर्णतया स्व-ज्ञानद्वारा भरिपूर्ण हुनुहुन्छ।

यो परिभाषाले यो पनि भन्छ कि "परमेश्वरले सबै *वास्तविक* थोकहरू" जान्नुहुन्छ। यसले भएका सबै कुराहरू र घटेका सबै घटनाहरू अर्थ्याउँछ। यो सृष्टिमा लागु हुन्छ, किनभने परमेश्वर नै एक हुनुहुन्छ जसको अघि, "कुनै कुरा छिपेको छैन। उहाँका नजरको सामुन्ने सबै कुरा स्पष्ट र खुल्ला छन्, उहाँलाई नै हामीले लेखा दिनुपर्छ" (हिब ४:१३; तु. २ इति १६:९; अयू २८:२४; मत्ती १०:२९-३०)। परमेश्वरले भविष्य पनि जान्नुहुन्छ किनभने यसो भन्ने उहाँ नै हुनुहुन्छ, "... म परमेश्वर हुँ र अरू कोही छैन। म परमेश्वर हुँ मजस्तै अरू कोही छैन। आदिदेखि अन्तसम्मको, र प्राचीन समयदेखि हुन आउनेसम्मको जानकारी म दिन्छु" (यशै ४६:९-१०; तु. ४२:८-९ र पुरानो करारका अगमवाणीहरूमा बारम्बार पाइने खण्डहरू)। उहाँले हाम्रो जीवनका सूक्ष्मविवरणहरू जान्नुहुन्छ, किनभने येशूले भन्नुहुन्छ, "... तिमीहरूले उहाँसँग माग्नभन्दा अघिबाटै तिमीहरूलाई कुन-कुन कुराको खाँचो छ, सो तिमीहरूका पिताले जान्नुहुन्छ" (मत्ती ६:८), र "तिमीहरूका शिरका केशहरू पनि सबै गन्ती भएका छन्" (मत्ती १०:३०)।

हाम्रो जीवनबारे परमेश्वरका ज्ञानको अचम्मलाग्दो विवरणमाथि दाऊद भजन १३९ मा चिन्तन गर्छन्। उहाँहाम्रो क्रियाकलाप र विचारहरू जान्नुहुन्छ : "हे परमप्रभु, तपाईंले मेरो पारख गर्नुभएको छ, अनि मलाई चिन्नुहुन्छ ! तपाईंले मेरो बसाइ र मेरो उठाइ जान्नुहुन्छ, टाढैबाट मेरो विचार बुझ्नुहुन्छ" (भज १३९:१-२)। हामीले बोल्ने शब्दहरू बोलिनुभन्दा अघि नै उहाँले जान्नुहुन्छ, "मेरो जिब्रोमा कुनै कुरा आउनअघि नै, हे परमप्रभु, तपाईंले त्यो सम्पूर्ण रूपले जान्नुहुन्छ" (भज १३९:४)। अनि हामी जन्मनुभन्दा पनि अघि नै उहाँले हाम्रो आयु जान्नुहुन्छ, "तपाईंका आँखाले मेरो नबनिएको शरीरलाई देखे। मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो। त्यसको एउटै कुरा पनि पूर्ण हुन अघि सब लेखिएका थिए" (भज १३९:१६)।

माथि विवेचित परमेश्वरका ज्ञानको परिभाषाले यो पनि विशेष रूपले उल्लेख गर्छ कि परमेश्वरले "सबै *सम्भाव्य* कुराहरू" जान्नुहुन्छ। यो यसकारण भएको हो कि धर्मशास्त्रमा यस्ता केही उदाहरणहरू छन् जहाँ परमेश्वरले घट्न सक्ने घटनाहरूबारे जानकारी दिनुहुन्छ तर ती घटनाहरू वास्तवमा घट्दैनन्। उदाहरणार्थ, शाऊलदेखि दाऊद भागिहिँड्दा दाऊदले पलस्तीहरूबाट कीलाह शहर उद्धार गरे अनि केही समयसम्म कीलाहमा बसे। उनलाई आक्रमण गर्नलाई शाऊल कीलाहमा आउलान्

कि र यदि शाऊल आए कीलाहका मानिसहरूले उनलाई शाऊलको हातमा सुम्पिदिनेथिए कि भनी दाऊदले परमेश्वरलाई सोध्ने निर्णय गरे। दाऊदले भने :

> के कीलाहका नगरवासीहरूले मलाई उनको हातमा सुम्पिदिनेछन् ? मैले सुनेझैं के शाऊल आउनेछन् ? परमप्रभु इस्राएलका परमेश्वर, बिन्ती छ, आफ्नो दासलाई बताइदिनुहोस्। परमप्रभुले जवाफ दिनुभयो, "अवश्य त्यो आउनेछ।" फेरि दाऊदले सोधे, "के कीलाहका नगरवासीहरूले मलाई र मेरा मानिसहरूलाई शाऊलको हातमा सम्पिदिनेछन् ?" परमप्रभुले जवाफ दिनुभयो, "अवश्य, तिनीहरूले त्यसै गर्नेछन्।" यसकारण दाऊदले आफ्ना प्रायः ६ सय मानिसहरूलाई लिएर झट्टै कीलाह छोड़े, र एक ठाउँदेखि अर्को ठाउँ घुम्न लागे। दाऊद कीलाहबाट भागेका समाचार जब शाऊलकहाँ पुग्यो तब उनी त्यहाँबाट अगि बढ़ेनन्। (१ शमू २३:११-१३)

यस्तै प्रकारले येशूले यो भन्न सक्नुहुन्थ्यो कि टुरोस र सीदोनले पश्चात्ताप *गरिसक्नेथिए* यदि ती अघिल्ला दिनहरूमा येशूका आफ्नै आश्चर्यकर्महरू त्उहाँ गरिएका भए : "धिक्कार तँलाई, ए खोराजीन ! धिक्कार तँलाई, ए बेथसेदा ! किनकि तिमीहरूमा गरिएका शक्तिशाली कामहरू टुरोस र सीदोनमा गरिएका भए तिनीहरूले उहिले नै भाङ्ग्रा लाएर र खरानी धसेर पश्चात्ताप गरिसक्नेथिए" (मत्ती ११:२१)। त्यसरी नै, उहाँभन्नुहुन्छ, "ए कफर्नहुम, के तँ आकाशसम्मै उचालिनेछस् र ? तँ पातालसम्म खसालिनेछस्। किनकि तँमा गरिएका शक्तिशाली कामहरू सदोममा गरिएका भएदेखि त्यो आजको दिनसम्म रहिरहनेथियो" (मत्ती ११:२३; तु. २ राज १३:१९, जहाँ एलीशा भन्छन् कि यदि राजा योआशले भुइँमा काँड़ले पाँच वा छपल्ट हिर्काएका भए के हुनेथियो)।

परमेश्वरले सबै सम्भाव्य कुराहरू जान्नुहुन्छ भन्ने तथ्य आफूबारे परमेश्वरको पूर्ण ज्ञानबाट पनि तार्किक अनुमानद्वारा निकाल्न सकिन्छ। यदि परमेश्वरले आफैलाई पूर्ण रूपले जान्नुहुन्छ भने उहाँले गर्न सक्नुहुने प्रत्येक काम उहाँले गर्न सक्नुहुन्छ, यी कामहरूमा सम्भाव्य सबै कुराहरू पनि समाविष्ट हुन्छन्। यो तथ्य वास्तवमै उदेकको छ। परमेश्वरले आश्चर्यजनक प्रकारले जटिल र नानाविधको विश्व बनाउनुभएको छ। तर अरू हजारौं-हजार किसिमका विविधताहरू वा विभिन्न प्रकारका थोकहरू छन् जसलाई परमेश्वरले बनाउन सक्नुहुन्थ्यो तर बनाउनुभएन। अन्य सम्भाव्य सृष्टिहरू कस्ता हुनेथिए अनि ती प्रत्येकमा के हुनेथिए भन्ने कुराको विस्तृत ज्ञान परमेश्वरको असीम ज्ञानमा समाविष्ट हुन्छ ! "यस्तो ज्ञान मेरो निम्ति साह्रै आश्चर्यपूर्ण छ, यो प्राप्त गर्न मेरो निम्ति अति गाह्रो छ" (भज १३९:६)। "जसरी आकाश पृथ्वीभन्दा अग्लो छ, त्यसरी नै मेरो चाल तिमीहरूको चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्" (यशै ५५:९)।

परमेश्वरको ज्ञानबारे हाम्रो परिभाषाले परमेश्वरले प्रत्येक कुरा एउटा "सरल कार्य"-मा जान्नुभएको बताउँछ। उहाँ पनि *सरल* शब्द "भागहरूमा विभक्त

नगरिएको" भन्ने अर्थमा प्रयोग गरिएको छ। यसको अर्थ यो हो कि परमेश्वर सधैं नै प्रत्येक कुराबारे पूर्ण रूपले अवगत हुनुहुन्छ। यदि उहाँले हामीलाई समुद्र-किनारको बालुवाका कणहरू वा आकाशका ताराहरूको संख्या बताउने इच्छा गर्नुहुन्छ भने, उहाँले तिनलाई कुनै विशाल कम्प्युटरजस्तै चाँड़ो गन्नुपर्थेन, उहाँले धेरै समयसम्म नसोच्नुभएको कारण नता उहाँले जोड़ दिएर ती संख्याहरू याद पर्थेन। यसको सट्टा, उहाँले सबै कुरा सदैव तत्कालै जान्नुहुन्छ। यी सबै तथ्यहरू र उहाँले जान्नुहुने अरू सबै कुराहरू उहाँको चेतनामा पूर्ण रूपले उपस्थित हुन्छन्। निष्कर्षहरू निकाल्नलाई उहाँले तर्कहरू गरिरहनुहुन्न वा उत्तर दिनुभन्दा अघि उहाँले चिन्तन गर्नुपर्दैन, किनभने उहाँले अन्त्य सुरुदेखि जान्नुहुन्छ अनि उहाँले कुनै कुरा कहिल्यै सिक्नुहुन्न र कहिल्यै बिर्सनुहुन्न (तु. भज ९०:४; २ पत्र ३:८; अनि परमेश्वरको सिद्ध ज्ञानबारे माथि उद्धृत पदहरू)। परमेश्वरको प्रत्येक ज्ञान पूर्ण रूपले सदैव उहाँको चेतनामा उपस्थित हुन्छ; यो उहाँको अर्धचेतनाको स्मरणमा कहिल्यै पनि अस्पष्ट भएर वा धमिलिएर जाँदैन। अन्त्यमा, यो परिभाषाले परमेश्वरको ज्ञानलाई एउटा सरल कार्य मात्र होइन तर "अनन्तको काम" भनी बताउँछ। यसको अर्थ यो हो कि परमेश्वरको ज्ञान कहिल्यै परिवर्तन हुँदैन वा बढ्दैन। उहाँले यदि कुनै नयाँ कुरा कुनै समय सिक्नु हो भने उहाँ अगावै सर्वशक्तिमान् हुनुहुनेथिएन। त्यसकारण, सनातनदेखि हुनजाने सबै कुराहरू र उहाँले गर्नुहुने सबै कामहरू परमेश्वरले जान्नुभएको छ।

परमेश्वरले हाम्रो पापहरू बिर्सिदिने प्रतिज्ञा गर्नुहुन्छ भन्नेबारे कसैले आपत्ति उठाउन सक्लान्। उदाहरणार्थ, उहाँ भन्नुहुन्छ, "म ... तेरा पापहरूलाई" सम्झिन्नँ (यशै ४३:२५)। तरै पनि यस्ता खण्डहरूलाई निश्चय नै यस अर्थमा बुझ्न सकिन्छ कि उहाँले हामीसँग जुन रीतिले सम्बन्ध राख्नुहुन्छ त्यसमा यी पापहरूको ज्ञानलाई फेरि कहिल्यै पनि कुनै पनि भूमिका निर्वाह गर्न दिनुहुनेछैन, हामीसँग उहाँको सम्बन्धमा उहाँले ती पापहरूलाई "बिर्सिदिनु" हुनेछ। परमेश्वरको सर्वज्ञताबारे बाइबलीय शिक्षाविरुद्ध अर्को आपत्ति यर्मिया ७:३१; १९:५ र ३१:३५ बाट लिइएको छ जहाँ मूर्तिपूजकहरूका देवता बाललाई चढ़ाइने बलिको आगोमा बाबुआमाहरूले आफ्नै छोराछोरीहरूलाई होम्ने घिनलाग्दा प्रथाहरूतिर परमेश्वरले औंल्याउनुभएको छ, अनि उहाँभन्नुहुन्छ, "यस्तो आज्ञा मैले दिएको थिइनँ, *नता त्यो कुरा मेरो मनमा उब्जेको थियो*" (यर्मि ७:३१)। के यसको अर्थ यो हो कि बाबुआमाहरूले आफ्ना छोराछोरीहरूलाई बलि दिनेथिए भन्ने सम्भावनाबारे परमेश्वरले यर्मियाको समयअघि कहिल्यै *सोच्नुभएको* थिएन? त्यसो निश्चय नै होइन, किनभने त्यही प्रथा एक शताब्दीअघि नै आहाज (२ राज १६:३) र होशिया (२ राज १७:१७) राजाहरूका शासनकालहरूमा देखापरेका थिए अनि आठ सय वर्षअघि मोशाको शासनकालमा परमेश्वर स्वयम्ले त्यो प्रथालाई निषेध गर्नुभएको थियो (लेवी १८:२१)। यर्मियाको पुस्तकका ती पदहरूलाई सम्भवतः एकदम अक्षरशः अनुवाद गरिनु सर्वोत्तम हुन्छ "नता यो कुरा मेरो *हृदय*मा पस्यो" (*के.जे.भी.*-मा यर्मि ७:३१, र *एन्.एस्.बी.*, मार्जिनमा अक्षरशः अनुवादमा हिब्रू शब्द *leb*-लाई प्रायः नै "हृदय" अनुवाद गरिएको छ), जसले यो अर्थ दिन्छ, "नता मैले यसको इच्छा गरें, चाहना गरें वा

यसबारे सकारात्मक रूपमा विचार गरें।"[५]

यस सम्बन्धमा उत्पन्न हुने अर्को कठिनाइचाहिँ भविष्यमा घटने सबै थोकबारे परमेश्वरको ज्ञान अनि हाम्रो क्रियाहरूमा हामीलाई प्राप्य स्वतन्त्रताको वास्तविकता र मात्राबीचको सम्बन्धबारे प्रश्न हो। यदि परमेश्वरले भविष्यमा हुने सबै कुराहरू जान्नुहुन्छ भने, हाम्रो चयनहरू कसरी पूर्णतः "स्वतन्त्र" हुनसक्छन्? वास्तवमा, यो कठिनाइले यति ठूलो र डरलाग्दो प्रकारले विशाल रूप लिएको छ कि कतिपय ईश्वरशास्त्रीहरू परमेश्वरले सम्पूर्ण भविष्य जान्नुहुन्न भन्ने निष्कर्ष पुगेका छन्। उनीहरूले यो भनेका छन् कि जान्न नसकिने (उनीहरूको मतमा) कुराहरू परमेश्वरले जान्नुहुन्न, जस्तै मानिसहरूका स्वतन्त्र क्रियाहरू जुन अझसम्म भएका छैनन् (यसलाई बुझाउन कहिलेकाहीँ प्रयोग गरिने वाक्यांश हो "स्वतन्त्र नैतिक कर्ताहरूका सम्भाव्य कर्महरू" (*contingent acts of free moral agents*) उहाँ "सम्भाव्य"-को अर्थ हुन्छ "सम्भव तर निश्चित होइन")। तर यस्तो दृष्टिकोण असन्तुष्टिजनक छ किनभने यसले समयको कुनै पनि बिन्दुमा मानव इतिहासको भविष्यबारे परमेश्वरको ज्ञानलाई तत्त्वतः अस्वीकार गर्छ, र त्यसैकारण भविष्यबारे परमेश्वरको ज्ञानसम्बन्धी माथि उद्धृत खण्डहरू र परमेश्वरले धेरैअघि नै र सविस्तार पूर्वघोषणा गर्नुभएको पुरानो करारका अन्य अगमवाणिक खण्डहरूसित उक्त कुराले मेल खाँदैन।[६]

त्यसो हो भने हामीले यो कठिनाइलाई कसरी समाधान गर्ने? परमेश्वरको प्रबन्धसम्बन्धी अध्याय १६ मा यो प्रश्नलाई अझ सविस्तार छलफल गरिने भए तापनि यहाँ अगस्टिनको सुझाउमा ध्यान दिन उपयोगी बन्ला, जसको भनाइअनुसार , परमेश्वरले हामीलाई "युक्तिसङ्गत आत्म-निर्णय" (*"reasonable self-determination*) दिनुभएको छ। उनको वक्तव्यमा *स्वतन्त्र* वा *स्वतन्त्रता* भन्ने शब्दहरू छैनन्, किनभने यी शब्दहरूलाई यस्तो कुनै रीतिले परिभाषित गर्नु असाधारण रूपले कठिन छ, जसले भविष्यका घटनाहरूबारे परमेश्वरको पूर्ण ज्ञानको सन्तोषजनक स्पष्टीकरण दिन सकोस्। तर हाम्रो निम्ति के महत्त्वपूर्ण छ, हाम्रो आफ्नै अनुभवमा के सत्य छ भनी हामी महसुस गर्छौं र हाम्रो चयन अनि निर्णयहरू "युक्तिसङ्गत" छन् भन्ने कुरालाई यो वक्तव्यले अवश्यै पुष्टि गर्छ। अर्थात्, हामीले के गर्नुपर्दछ सोबारे हामी सोच्छौं, हामी के गर्नेछौं सो हामी सचेत रूपले निर्णय गर्छौं र त्यसपछि हामीले रोजेका कार्बाहीको मार्ग पहिल्याउँछौं।

अगस्टिनको वक्तव्यले यो पनि भन्छ कि हामीसँग "आत्म-निर्णय" छ। यसको अर्थ केवल यो पुष्टि गर्नु हो कि के हुनेछ सो हाम्रो छनोटहरूले वास्तवमै निर्धारित गर्दछन्। यसको अर्थ यो होइन कि मानौं हामीले जे निर्णय गर्छौं वा जे गर्छौं त्यसलाई *बेवास्ता गरेर* घटनाहरू घटछन्, तर हामी जे निर्णय गर्छौं र जे काम गर्छौं *त्यसैका*

---

[५]उही वाक्यांश ("विचार हृदयमा प्रवेश गराएको हुनु")-को अर्थ हिब्रू पुरानो करारमा पाँचैपटकदेखिएका (यशै ६५:१७; यर ३:१६ [जहाँ यसले "को तथ्यपरक ज्ञान हुनु" मात्र बताउन सक्दैन]; ७:३१; १९:५; ३२:३५) "चाहना गर्नु, इच्छा गर्नु, तृष्णा गर्नु" नै भएको देखिन्छ; साथै प्रेरित ७:२३ को समतुल्य हिब्रू खण्ड *anebe epi ten kardian*-मा पनि।

[६]यस प्रश्नको अतिरिक्त छलफल हे. अ. १६ मा।

*कारण* घटनाहरू घटछन्। हामी कुन अर्थमा "स्वतन्त्र छौं" वा "वा छैनौं," सो परिभाषित गर्न यस वक्तव्यमा कुनै पनि प्रयास गरिएको छैन, तर त्यो वास्तवमा महत्त्वपूर्ण मुद्दा होइन। हाम्रा निम्ति यो महत्त्वपूर्ण छ कि हामी सोच्छौं, छनोट गर्छौं, र काम गर्छौं, र यी विचारहरू, छनोटहरू, र कामहरू वास्तविक हुन् र वास्तवमा यिनीहरूको अनन्त महत्त्व छ। यदि परमेश्वरले हाम्रो सबै विचारहरू, शब्दहरू, र कामहरू वास्तविकता बन्नुभन्दा अघि नै जान्नुहुन्छ भने, हाम्रो छनोटहरू पूर्ण रूपले स्वतन्त्र छैनन् भन्ने कुरामा केही सत्यता हुनैपर्दछ। तर यस प्रश्नको थप परिभाषा अध्याय १६ मा अझ पूर्ण रूपले छलफल नगरिएसम्म यस प्रश्नलाई थातीमै राखिएको उत्तम हो।

४. **बुद्धि** (*Wisdom*) । *परमेश्वरको बुद्धिको अर्थ यो हो कि परमेश्वरले जहिले पनि सर्वोत्तम लक्ष्यहरू र ती लक्ष्यहरूमा पुग्ने सर्वोत्तम साधन चुन्नुहुन्छ*। यो परिभाषा परमेश्वरले सबै कुराहरू जान्नुहुन्छ भन्ने धारणालाई उछिनेर जान्छ अनि यसले यो कुरा सुनिश्चित गर्छ कि उहाँले के गर्नुहुन्छ सोबारे परमेश्वरका निर्णयहरू जहिले पनि बुद्धिमानी निर्णयहरू हुन्छन्, अर्थात्, ती निर्णयहरूले जहिले पनि सर्वोत्तम परिणामहरू ल्याउँछन् (परमेश्वरको परम परिप्रेक्ष्यबाट), अनि तिनले ती परिणामहरू सम्भाव्य सर्वोत्तम साधनहरूको माध्यमबाट ल्याउनेछन्।

धर्मशास्त्रले सामान्यतः विभिन्न ठाउँहरूमा परमेश्वरको बुद्धि पुष्टि गर्छ। उहाँलाई "अद्वितीय सर्वज्ञानी परमेश्वर" भनिएको छ (रोम १६:२७)। अय्यूब भन्छन् परमेश्वर "ज्ञानी हुनुहुन्छ" (अयू ९:४), र "बुद्धि र पराक्रम परमेश्वरकै हुन्, उहाँसँगै सल्लाह र समझ छन्" (अयू १२:१३)। परमेश्वरको बुद्धि विशेष गरी सृष्टिमा देखिन्छ। भजनकार उद्गार गर्छन्, "हे परमप्रभु, तपाईंका कार्यहरू अनेक छन्, आफ्नो बद्धिमा तपाईंले ती सबै रच्नुभयो। तपाईंले सृष्टि गर्नुभएका यावत् थोकले पृथ्वी परिपूर्ण छ" (भज १०४:२४)। परमेश्वरले विश्व सृष्टि गर्नुहुँदा, उहाँलाई महिमा ल्याउनलाई यो पूर्ण रूपले उपयुक्त थियो, यसको दिनहुँका प्रक्रियाहरूमा र त्यस लक्ष्यमा जसको निम्ति यो सृष्टि गरिएको थियो। अहिले पनि हामीले भौतिक संसारमा पाप र श्रापका प्रभावहरू देख्छौं तर पनि हामी यस कुराबारे छक्क पर्नुपर्दछ कि परमेश्वरको सृष्टि कति सुसङ्गत र जटिल छ।

परमेश्वरको बुद्धि उहाँले बनाउनुभएका उद्धारको महान् योजनामा पनि देखिन्छ। बोलावट पाएकाहरूका निम्ति ख्रीष्ट "परमेश्वरको बुद्धि हुनुहुन्छ" (१ कोर १:२४, ३०), यद्धपि क्रूसको वचन यसलाई इन्कार गर्नेहरूका र आफैहरूलाई यस संसारमा बुद्धिमान्हरू ठान्नेहरूका निम्ति "मूर्खता" हुन्छ (१ कोर १:१८-२०)। तर यो परमेश्वरको बुद्धिमानी योजनाको एउटा प्रतिविम्ब भए पनि : "संसारले आफ्नै बुद्धिद्वारा परमेश्वरलाई चिन्न नसकेको हुनाले उहाँको बुद्धिअनुसार हामीले प्रचारेको सुसमाचारलाई मूर्खताद्वारा नै विश्वास गर्नेहरूलाई बचाउन परमेश्वरले उचित ठहराउनुभयो। ... तर बुद्धिमान्हरूलाई शर्ममा पार्नलाई परमेश्वरले संसारका मूर्ख कुराहरूलाई छान्नुभयो। ... र कुनै प्राणीले परमेश्वरको सामुन्ने अहङ्कार नगरोस्"

(१ कोर १:२१, २७, २९)।

पावल जान्दछन् कि जसलाई आज हामी भर्खरका युवाहरूले पनि बुझ्न सक्ने "साधारण" सुसमाचारीय सन्देश भनी सोच्दछौं, त्यसले परमेश्वरका उदेकको योजना प्रतिविम्बत गर्छ, जसले यसका बुद्धिको गहिराइमा मानिसले अहिलेसम्म कल्पना गर्न सकेको कुनै पनि कुरालाई उछिन्छ। परमेश्वरको उद्धारबारे लिखित एघाह्वटा अध्यायहरूको समाप्तिमा पावल स्वतःस्फूर्त प्रशंसामा उल्लसित बन्दछन्, "आहा ! परमेश्वरको वैभव र बुद्धि र ज्ञान कति गहिरो !" (रोम ११:३३)।

जब पावलले यहूदी र गैरयहूदी दुवैलाई सुसमाचार प्रचार गर्छन्, तिनीहरू ख्रीष्टको शरीरमा एउटै हुन्छन् (एफि ३:६), र "सबै कुरा सिर्जनुहुने परमेश्वरमा युग-युगदेखि लुप्त रहेको" त्यो अविश्वसनीय "रहस्य" (एफि ३:९) सबैका लागि खुलस्त हुन्छ, अर्थात् यस्ता नितान्त विभिन्न थरीका मानिसहरू ख्रीष्टमा एकबद्ध बन्दछन्। जातीय र सांस्कृतिक रूपले यति विभिन्न समूह ख्रीष्टको एउटै शरीरका सदस्यहरू बन्दा परमेश्वरको उद्देश्य पूर्ण हुन्छ, अर्थात् "यसरी मण्डलीद्वारा परमेश्वरका विभिन्न किसिमका ज्ञान स्वर्गीय स्थानहरूमा शासकहरू र अख्तियारवालहरूका माझमा प्रकट गरिओस्" (एफि ३:१०) भन्ने उद्देश्य।

आज यसको अर्थ यो हुन्छ कि मण्डलीभित्र ख्रीष्टमा विभिन्न जातीय र सांस्कृतिक पृष्ठभूमिहरूका मानिसहरू एक बन्दा परमेश्वरको बुद्धि स्वर्गदूत र भूतहरूलाई ("शासकहरू र अख्तियारवालहरू") पनि प्रदर्शित गरिन्छ। यदि ख्रीष्टियान मण्डली परमेश्वरको बुद्धिमानी योजनाप्रति विश्वसनीय रहन्छन् भने, सारा संसारभरिका सामाजिक बाधाहरू तोड्नमा यो सदैव अग्रपङ्क्तिमा रहनेछ, र त्यसरी विराट् अनेकतामा महान् एकता ल्याउने महान् योजनाको दृष्टिगोचर प्रकटीकरण हुनेछ, जसबाट सारा सृष्टिलाई उहाँको प्रशंसा गर्न लगाइनेछ।

परमेश्वरको बुद्धि हामी प्रत्येकको जीवनमा पनि देखाइन्छ। "हामी यो जान्दछौं कि उहाँलाई प्रेम गर्ने र उहाँको उद्देश्यअनुसार बोलाइएकाहरूका निम्ति परमेश्वर ले सबै कुराहरू मिलाएर भलाइ नै गर्नुहुन्छ" (रोम ८:२८, लेखकको आफ्नै अनुवाद)। पावल उहाँ यो पुष्टि गर्छन् कि हाम्रो जीवनमा आउने सबै कुराहरूमा परमेश्वरले बुद्धिमानीसित काम गर्नुहुन्छ, र यी सबै कुराहरूका माध्यमबाट हामीलाई ख्रीष्टको स्वरूपअनुरूपका बनाउनलाई उहाँले हामीलाई अघि बढाउनुहुन्छ (रोम ८:२९)। दिनहुँ यो जान्न हाम्रो निम्ति एउटा ठूलो आत्मविश्वास र शान्तिको स्रोत बन्नुपर्छ अनि परमेश्वरले यी सबै थोकहरूलाई हाम्रो जीवनको निम्ति निर्धारित उहाँको परम लक्ष्यतर्फ हामीलाई अगि बढाउनका लागि खटाउनुहुन्छ, अर्थात् हामी ख्रीष्टजस्तै होऔं र यसद्वारा उहाँलाई महिमा ल्याऔं। यस प्रकारको भरोसाले पावललाई उनको "शरीरमा एउटा काँडो"-लाई (२ कोर १२:७), त्यो कष्टदायी नै भए तापनि, यस्तो रूपमा स्वीकार गर्न सक्षम बनायो, जसलाई परमेश्वरले उहाँको बुद्धिअनुसार नहटाइदिनुहुने निर्णय गर्नुभयो (२ कोर १२:८-१०)।

हामीले हाम्रो जीवनको प्रत्येक दिन, हाम्रो निरुत्साहलाई परमेश्वरको असीम बुद्धिबाट आउने सान्त्वनाले कम बनाउन सक्छौं – यदि हामी उहाँका छोराछोरीहरू

हौं भने, हामी यो जान्न सक्छौं कि हामीलाई अझ बढी मात्रामा ख्रीष्टको अनुरूपतामा आउनलाई उहाँले आज पनि बुद्धिसित काम गरिरहनुभएको छ।

परमेश्वरको बुद्धि हाम्रो निम्ति आंशिक रूपमा निश्चय नै कथनीय वा बाँड्न सकिने छ। हामीलाई बुद्धि चाहिँदा हामीले उहाँसँग गुप्त रूपमा सो माग्न सक्छौं, किनभने आफ्नो वचनमा उहाँप्रतिज्ञा गर्नुहुन्छ, "तर यदि तिमीहरूमध्ये कसैलाई बुद्धिको अभाव छ भने उदार-चित्तसँग नझर्की दिनुहुने परमेश्वरलाई त्यसले मागोस्, र त्यसलाई त्यो दिइनेछ" (याक १:५)। यो बुद्धि, वा परमेश्वरलाई प्रसन्न बनाउने जीवन यापन गर्ने सीप मूलतः उहाँका वचन पठन र पालनबाट प्राप्त गरिन्छ, "परमप्रभुका कानुनहरू विश्वसनीय छन्, निर्बोधलाई बुद्धिमान् तुल्याउने" (भज १९:७; तु. व्यव ४:६-८)।

"परमप्रभुको भय बुद्धिको सुरु हो" (भज १११:१०; तु. ९:१०; तु. हितो १:७), किनभने यदि हामी परमेश्वरलाई अपमान गर्न र अप्रसन्न बनाउन भयभीत बन्छौं भने र यदि हामीले उहाँको पितृवत् अनुशासनको डर राख्छौं भने हामीमा त्यो अभिप्रेरणा हुन्छ जसले हामीलाई उहाँको चाललाई पहिल्याउन र उहाँका बुद्धिमानी आदेशहरूअनुसार बाँच्न लाउँछन्। यसबाहेक, परमेश्वरबाट प्राप्त हुने बुद्धिको प्रतिफल घमण्ड होइन तर नम्रता हुँदछ (हितो ११:२; याक ३:१३), अहङ्कार होइन तर कोमल र शान्तिमय आत्मा हुन्छ (याक ३:१४-१८)। परमेश्वरका मापदण्डहरू-अनुसार बुद्धिमान् मानिस निरन्तर परमप्रभुको भरमा र उहाँलाई उच्च बनाउने चाहना बोकेर हिँड्दछ।

तथापि हामीले यो पनि स्मरण गर्नुपर्दछ कि परमेश्वरको बुद्धि पूर्ण रूपले कथनीय वा बाँड्न सकिने छैन। हामी परमेश्वरका बुद्धिको पूर्ण साझेदार कहिल्यै पनि हुन सक्नेछैनौं (रोम ११:३३)। व्यावहारिक रूपमा, यसको अर्थ यो हुन्छ कि यस जीवनमा प्रायः नै यस्ता समयहरू हुनेछन् जब हामी यो बुझ्न सक्षम बन्नेछैनौं कि परमेश्वरले कुनै कुराहरू किन हुन दिनुभयो। त्यस बेला हामीले केवल उहाँलाई भरोसा गर्नुपर्छ र हाम्रो जीवनभरि उहाँका आज्ञा पालन गरिरहनुपर्छ : "यसकारण परमेश्वरको इच्छाबमोजिम दुःख भोग्नेहरूले भलाइ गरून् र तिनीहरूले आफ्ना आत्मा विश्वासयोग्य सृष्टिकर्ताकहाँ सुम्पून्" (१ पत्र ४:१९; तु. व्यव २९:२९; हितो ३:५-६)। परमेश्वर अपरिरित रूपले बुद्धिमान् हुनुहुन्छ, हामी छैनौं अनि उहाँले के गरिरहनुभएको छ सो हामीले नबुझ्दै पनि, यदि उहाँले जे गरिरहनुभएको छ त्यसमा उहाँको बुद्धिमा भरोसा गर्ने हाम्रो विश्वास छ भने त्यसले उहाँलाई प्रसन्न तुल्याउँछ।

**५. सत्यवादिता [र विश्वसनीयता] (*Truthfulness [and Faithfulness]*)।** *परमेश्वरको सत्यवादिताको अर्थ यो हो कि उहाँ साँचो परमेश्वर हुनुहुन्छ अनि उहाँका ज्ञान र सबै वचनहरू सत्य हुन् अनि सत्यताको परम मापदण्ड हुन्।*

*सत्यनिष्ठा* (*veracity*) [जसको अर्थ "सत्यवादिता" वा "विश्वस्तता" (*reliability*) हुन्छ] शब्दलाई कहिलेकाहीं परमेश्वरका सत्यवादिताको पर्यायवाचीस्वरूप प्रयोग गरिएको छ।

यस परिभाषाको पहिलो भागले यो बुझाउँछ कि धर्मशास्त्रमा प्रकट गरिनुभएको परमेश्वर साँचो वा वास्तविक परमेश्वर हुनुहुन्छ अनि अन्य सबै तथाकथित देवताहरू मूर्तिहरू हुन्। "तर परमप्रभु त साँचो परमेश्वर हुनुहुन्छ, उहाँ जीवित परमेश्वर, अनन्तको महाराज हुनुहुन्छ। ... यी देवताहरू, जसले आकाश र पृथ्वी बनाएनन्, तिनीहरू पृथ्वीबाट र आकाशमुनिबाट नष्ट हुनेछन्" (यर १०:१०-११)। येशूले उहाँका पितालाई भन्नुहुन्छ, "अब अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईंलाई, एकमात्र सत्य परमेश्वरलाई चिनून्। र तपाईंले पठाउनुभएको येशूलाई चिनून्" (यूह १७:३; तु. १ यूह ५:२०)।

हामीले यो प्रश्न गरौंला कि अन्य अस्तित्वहरू जो परमेश्वर होइनन्, तिनीहरूका विपरीत साँचो परमेश्वर हुनुले के बुझाउँछ? यसले यो बुझाउनैपर्दछ कि उहाँकै अस्तित्वमा वा स्वभावमा हुनुभएको परमेश्वर उहाँनै हुनुहुन्छ जो परमेश्वर कस्तो हुनुपर्छ भन्ने धारणाको एकदम अनुरूप हुनुहुन्छ : अर्थात्, एउटा यस्तो अस्तित्व जो शक्तिमा, बुद्धिमा, भलाइमा, काल र स्थानमाथिको प्रभुत्वमा असीमित रूपले सिद्ध हुनुहुन्छ, आदि। तर हामीले यो थप प्रश्न गरौंला कि परमेश्वरसम्बन्धी यो धारणा *कसको* हो? सत्य परमेश्वर हुनलाई कोही परमेश्वरसम्बन्धी कस्तो अवधारणा-अनुरूप हुनुपर्दछ?

यहाँ आइपुगेर हाम्रो विचारधारा किञ्चित् अन्योन्याश्रित वा दोषयुक्त [*circular*] बन्दछ, किनभने एउटा जीवलाई साँचो परमेश्वर बन्नका लागि सो जीव परमेश्वरसम्बन्धी *हाम्रो* अवधारणाअनुरूप हुनुपर्छ भनी हामीले भन्नु हुँदैन। हामी त केवल सृष्टि गरिएका जीवहरू हौं! साँचो परमेश्वर कस्तो हुनुपर्दछ सो हामीले परि भाषित गर्न सक्दैनौं! यसकारण, हामीले यो भन्नैपर्दछ कि साँचो परमेश्वर कस्तो हुनुपर्दछ भन्नेबारे सिद्ध अवधारणा *परमेश्वर स्वयम्*को मात्र हुन्छ। अनि उहाँस्वयम् नै साँचो परमेश्वर हुनुहुन्छ किनभने साँचो परमेश्वर कस्तो हुनुपर्दछ भन्नेबारे उहाँ स्वयम्कै अवधारणाअनुरूप उहाँको आफ्नै अस्तित्व र गुणमा उहाँसिद्ध हुनुहुन्छ। यसबाहेक, साँचो परमेश्वर कस्तो हुनुपर्दछ सोबारे उहाँको आफ्नै अवधारणाको प्रतिविम्ब उहाँले हाम्रो मनमा आरोपण गरिदिनुभएको छ, र यसले उहाँलाई परमेश्वर भनी चिन्न हामीलाई सक्षम बनाउँदछ।

हाम्रो परिभाषाले यो पनि पुष्टि गर्छ कि परमेश्वरको सम्पूर्ण *ज्ञान* सत्य छ र यो सत्यताको परम मापदण्ड हो। अय्यूबले हामीलाई भन्छन् कि परमेश्वर "ज्ञानमा सिद्ध हुनुहुन्छ" (अयू ३७:१६; माथि परमेश्वरको सर्वज्ञतासम्बन्धी छलफलअन्तर्गत उद्धृत पदहरू पनि हे.)। परमेश्वरले सबै कुराहरू जान्नुहुन्छ अनि उहाँको ज्ञान सिद्ध छ भन्नुको अर्थ उहाँसंसारसम्बन्धी उहाँको प्रत्यक्षज्ञानमा वा समझमा कहिल्यै पनि गलत हुनुहुन्न भनिएको हो : उहाँले जान्नुहुने र सोच्नुहुने सबै सत्य हुन् र वास्तविकताबारे साँचो बोध (बुझाइ) हो। वास्तवमा, परमेश्वरले सबै कुराहरू असीमित रूपले असल ढङ्गले जान्नुहुन्छ, यसर्थ हामी यो भन्न सक्छौं कि सत्य ज्ञानको मापदण्ड परमेश्वरको ज्ञानअनुरूपता हो। यस विश्वमा परमेश्वरले जुन कुराबारे जे पनि सोच्नुहुन्छ यदि हामीले पनि त्यही सोच्यौं भने, हामीले त्यसबारे सत्यतासित

सोचिरहेका छौं।

हाम्रो परिभाषाले यो पनि पुष्टि गर्छ कि परमेश्वरका वचनहरू *सत्य* छन् अनि *सत्यताको परम मापदण्ड* हुन्। यसको अर्थ यो हुन्छ कि परमेश्वर उहाँको वचनमा भर पर्न सकिने र विश्वसनीय हुनुहुन्छ। उहाँका प्रतिज्ञाहरूसम्बन्धी परमेश्वरले सधैं त्यही गर्नुहुन्छ जो उहाँले गर्छु भनी प्रतिज्ञा गर्नुहुन्छ, र उहाँका प्रतिज्ञाहरूबारे उहाँ कहिल्यै पनि अविश्वनीय हुनुहुनेछैन भनी हामी भर पर्न सक्छौं। त्यसकारण, उहाँ "विश्वसनीय परमेश्वर" हुनुहुन्छ (व्यव ३२:४)। वास्तवमा, परमेश्वरको यो विशेष सत्यवादितालाई कहिलेकाहीँ एक विशिष्ट गुणको रूपमा हेरिन्छ : परमेश्वरको विश्वनीयताको अर्थ यो हो कि जे गर्छु भनी परमेश्वरले भन्नुभएको छ उहाँले त्यो जहिले पनि गर्नुहुनेछ अनि उहाँले गर्नुभएको प्रतिज्ञा पूरा गर्नुहुनेछ (गन २३:१९; तु. २ शमू ७:२८; भज १४१:६; आदि)। उहाँमाथि भर पर्न सकिन्छ र उहाँले जे भन्नुभएको छ त्यसलाई भरोसा गर्नेहरूप्रति उहाँकहिल्यै पनि विश्वासघाती प्रमाणित हुनुहुनेछैन। साँचै नै हो, साँचो विश्वासको सारांश परमेश्वरको प्रतिज्ञामा विश्वास गर्नु हो अनि उहाँले जे-जस्तो प्रतिज्ञा गर्नुभएको छ त्यो गरिदिनुहुनेछ भनी उहाँमाथि भर पर्नु हो।

परमेश्वर उहाँका प्रतिज्ञाहरूप्रति विश्वसनीय हुनुहुन्छ भन्ने तथ्यको अतिरिक्त, हामीले यो पनि पुष्टि गर्नैपर्दछ कि उहाँर उहाँको सृष्टिबारे परमेश्वरका *वचनहरू* पूर्णतया यथार्थसित मिल्दछन्, अर्थात्, बोल्नुहुँदा परमेश्वरले जहिले पनि सत्य बोल्नुहुन्छ। उहाँ "नढाँट्ने परमेश्वर" हुनुहुन्छ (तीत १:२, लेखकको अनुवाद), यस्तो परमेश्वर जसले झुट बोल्नु असम्भव छ (हिब ६:१८), जुन परमेश्वरको प्रत्येक शब्द पूर्णतया "शुद्ध" छ (भज १२:६), एक यस्तो परमेश्वर जसको बारेमा यो भन्न सकिन्छ, "परमेश्वरको हरेक वचन दोषरहित छ" (हितो ३०:५)। परमेश्वरका वचनहरू यस अर्थमा मात्र सत्य छैनन् कि ती परमेश्वरबाहिरका सत्यताको कुनै मापदण्डअनुरूप हुन्छन्। बरु ती वचनहरू नै सत्यता हुन्; ती नै सत्यताका परम मापदण्ड र परिभाषाहरू हुन्। यसैकारण येशूले पितालाई यो भन्न सक्नुहुन्छ, "तपाईंको वचन *सत्य* हो" (यूह १७:१७)। परमेश्वरका ज्ञानको सत्यताबारे जे भनिएको थियो सो परमेश्वरका वचनहरूबारे पनि भन्न सकिन्छ किनभने ती उहाँको सिद्ध ज्ञानमा आधारित छन् अनि तिनले त्यो सिद्ध ज्ञानलाई एकदम ठीकसँग प्रतिविम्बित गर्न सक्छन् : परमेश्वरका वचनहरू यस अर्थमा "सत्यता" हुन् कि सत्यवादितालाई जोख्ने परम मापदण्ड ती नै हुन्; जे परमेश्वरका आफ्नै वचनहरू-अनुरूप छन् त्यो पनि सत्य हो, अनि जे उहाँका वचनहरूअनुरूप छैन त्यो सत्य होइन।

परमेश्वरको सत्यवादिता यस अर्थ पनि कथनीय वा बाँड्न सकिने हुन्छ कि परमेश्वर र उहाँको संसारबारे सत्य ज्ञान प्राप्त गर्नका लागि प्रयास गरेर हामीले आंशिक रूपमा यसको अनुकरण गर्न सक्छौं। वास्तवमा, जसै हामीले परमेश्वर र सृष्टिबारे सत्य विचारहरू सोच्न सुरु गर्छौं, जुन विचारहरू हामी धर्मशास्त्रबाट सिक्छौं र प्राकृतिक संसारलाई अवलोकन र व्याख्या गर्नमा हामीलाई मार्गदर्शन गर्न

हामीले धर्मशास्त्रलाई दिएका अनुमतिबाट सिक्छौं, हामी परमेश्वरकै अनुरूपका विचारहरू सोच्न सुरु गर्छौं! हामी भजनकारसँग उद्गार गर्न सक्छौं, "हे परमेश्वर, मेरो निम्ति तपाईंका विचारहरू कति बहुमूल्य छन्! तिनको सङ्ख्या कति महान् छ!" (भज १३९:१७)।

यो बोधले हामीलाई प्राकृतिक र सामाजिक विज्ञानहरू र मानविकी विषयहरूका सबै क्षेत्रहरूमा ज्ञानको खोजी गर्नमा प्रोत्साहित गर्नुपर्दछ। हाम्रो शोधको क्षेत्र जुनसुकै भए तापनि, हामीले वास्तविकताको प्रकृतिबारे अझ धेरै सत्यता पत्तो लगाउँदा, परमेश्वरले अगावै जान्नुभएको सत्यता हामी अझ धेरै पत्तो पाउनेछौं। यस अर्थमा, हामी यो कुरा पुष्टि गर्न सक्छौं कि "सबै सत्यता परमेश्वरको सत्यता हो"[७] अनि यो सत्यताको ज्ञान वा आविष्कारलाई जब पनि परमेश्वरलाई मनपर्दो तरिकामा प्रयोग गरिन्छ, हामी रमाहट गर्न सक्छौं। ज्ञानमा वृद्धि अझ धेरै मात्रामा परमेश्वरजस्तै बन्ने वा अझ्झ धेरै मात्रामा परमेश्वरको प्रतिरूपमय बन्ने प्रक्रियाको अंश हो। पावल हामीलाई भन्छन् कि हामीले "नयाँ स्वभाव" धारण गरेका छौं, जो, उनी भन्छन्, "आफ्नो सृष्टिकर्ताको रूपअनुसार *ज्ञानमा नयाँ* भइरहेको छ" (कल ३:१०)।

बोलिएका शब्दहरूको सत्यताबारे अति नै असावधान आजको समाजमा परमेश्वरका छोराछोरीहरूको रूपमा हामीले हाम्रा सृष्टिकर्ताको अनुकरण गर्नुपर्दछ र हाम्रो बोलीहरू सधैं नै सत्य हुन् भनी निश्चित हुनका लागि ठूलो सतर्कता कायम राख्नुपर्दछ। "*एउटाले अर्कालाई नढाँट,* किनकि पुरानो स्वभाव त्यसका चलनसमेत तिमीहरूले त्यागेका छौ, र नयाँ स्वभाव धारण गरेका छौं" (कल ३:९-१०)। पावल फेरि पनि शिक्षा दिन्छन्, "त्यसकारण झुट त्यागेर हरेकले आ-आफ्नो छिमेकीसँग *सत्य बोल*" (एफि ४:२५)। उनको आफ्नै सेवाकार्यमा, पावलले भन्छन् कि उनले परम सत्यता पालन गर्न प्रयत्न गरे, "हामीले शर्मका र लुकीछिपी गर्ने कामहरू त्यागेका छौं। हामी धूर्त काम गर्न वा परमेश्वरको वचनलाई हेरफेर गर्न इन्कार गर्छौं। तर सत्यको वचन खुलस्त गरी घोषणा गर्दै परमेश्वरको दृष्टिमा हामी हरेक मानिसको विवेकमा आफैलाई ग्रहणयोग्य तुल्याउँछौं" (२ कोर ४:२)। परमेश्वरका जनले आफ्ना मुखबाट "कुवाक्य" परै राख्दा (हितो ४:२४) र मानिसको मात्र होइन तर परमेश्वर स्वयम्को दृष्टिमा पनि स्वीकार्य शब्दहरू बोल्दा परमेश्वर तिनीहरूसँग प्रसन्न हुनुहुन्छ (भज १९:१४)।

यसबाहेक, सत्य र असत्यप्रति हाम्रो आफ्नै प्रतिक्रियामा हामीले परमेश्वरको सत्यवादिता अनुकरण गर्नुपर्छ। परमेश्वरले गर्नुभए झैं हामीले सत्यतालाई *प्रेम गर्नुपर्छ,* झुटलाई *घृणा गर्नुपर्छ*। आफ्ना छिमेकीको विरुद्ध झुटा गवाही नदिने आज्ञा (प्रस २०:१६) पालन गर्नका लागि, बाहय मात्र होइन तर हृदयको मनोवृत्तिमा पनि अनुपालनको आवश्यकता पर्नजान्छ। परमेश्वरलाई प्रसन्न बनाउने मानिसले, "हृदयबाट सत्य बोल्छ" (भज १५:२), अनि त्यो धर्मी मानिसजस्तै बन्ने प्रयत्न गर्छ जसले "झुटलाई घृणा" गर्छ (हितो १३:५)। जकरियाको माध्यमबाट परमेश्वरले उहाँका

[७] Arthur Holmes, *All Truth Is God 's Truth* (ग्र्यान्ड र्‍यापिड्स, १९७७)।

जनलाई आज्ञा दिनुहुन्छ, "'आफ्नो छिमेकीको विरुद्धमा खराब षड्यन्त्र नगर, र झुटा शपथ खान नरुचाओ। यी सबै कुरा म घृणा गर्छु, परमप्रभु भन्नुहुन्छ" (जक ८:१७)।

परमेश्वर स्वयम्ले सत्यतालाई प्रेम र झुटलाई घृणा गर्नुहुने हुनाले यी आज्ञाहरू दिइएका छन्, "परमप्रभु झुटा ओठलाई घिनाउनुहुन्छ, तर उहाँ सत्यवादी मानिससँग प्रसन्न हुनुहुन्छ" (हितो १२:२२; तु. यशै ५९:३-४)। असत्यता र झुट परमेश्वरबाट होइन तर शैतानबाट आउँछन्, शैतान असत्यतामा प्रसन्न हुन्छ, "जब त्यसले झुट बोल्दछ, त्यो आफ्नै स्वभावअनुसार बोल्दछ, किनभने त्यो झुटो हो र झुटको पिता हो" (यूह ८:४४)। स्वर्गीय शहरदेखि टाढ़ामा भएको "आगो र गन्धक दन्कने कुण्डमा" पाइने "डरपोकहरू, अविश्वासीहरू, घिनलाग्दा भएकाहरू" र "हत्याराहरू, व्यभिचारीहरू, जादुगरहरू, मूर्तिपूजकहरू"-सित "*झुटा बोल्नेहरू*" पाइन्छन् (प्रका २१:८)।

त्यसकारण, धर्मशास्त्रले हामीलाई यो शिक्षा दिन्छ कि झुटा बोल्नु यसबाट आउने ठूलो हानिको कारण मात्र गलत होइन (अनि झुटा बोल्दा हामीले प्रायः नै महुसस गरेका भन्दा धेरै ठूलो हानि आउँछ), तर यसभन्दा पनि अझ गहन र अझ गम्भीर हानिको कारण पनि गलत हो – झुट बोल्दा हामीले परमेश्वरलाई अनादर गर्छौं अनि उहाँको महिमामा कमी ल्याउँछौं, किनभने परमेश्वरको प्रतिरूपमा सृष्टि गरिएकाहरूको रूपमा, र हाम्रो जीवनमा परमेश्वरको महिमा प्रतिविम्बित गर्ने उद्देश्यले सृष्टि गरिएका मानिसहरूको रूपमा हामीले यस्तो व्यवहार गरिरहेका हुन्छौं जो परमेश्वर स्वयम्को स्वभावको विरुद्ध हुन्छ।

### ग. नैतिक गुणहरू

**६. भलाइ।** *परमेश्वरको भलाइको अर्थ यो हो कि परमेश्वर असलको परम मापदण्ड हुनुहुन्छ, अनि परमेश्वर जे हुनुहुन्छ अनि उहाँले जे-जसो गर्नुहुन्छ सो अनुमोदनयोग्य छ।*

परमेश्वरलाई साँचो परमेश्वर भनी परिभाषित गर्दा हामीले जुन परिस्थितिको सामना गर्नुपरेका थियो त्यस्तै परिस्थिति हामी यो परिभाषामा पाउँदछौं। यहाँ "असल" वा "भलो"-को अर्थ "अनुमोदनयोग्यको" भनी बुझ्न सकिन्छ, तर कोद्वारा अनुमोदन भन्ने प्रश्नको उत्तर हामीले दिएका छैनौं? एउटा अर्थमा हामी यो भन्न सक्छौं कि कुनै पनि कुरा जो साँचो रूपले असल छ सो हामीद्वारा अनुमोदनयोग्यको हुनुपर्दछ। तर अझ अन्तिम अर्थमा, के अनुमोदनयोग्यको छ, र के अनुमोदनयोग्यको छैन सो आफैले निर्णय गर्न हामी स्वतन्त्र छैनौं। अन्ततः, त्यसर्थ, परमेश्वरको अस्तित्व र क्रियाकलाप पूर्ण रूपले उहाँकै अनुमोदनको योग्य छ। उहाँ, त्यसकारण, असलको परम मापदण्ड हुनुहुन्छ। "एक परमेश्वरबाहेक कोही असल छैन" (लूक १८:१९) भन्नुहुँदा येशूले यही इङ्गित गर्नुहुन्छ। भजनसंग्रहले बारम्बार यो पुष्टि गर्दछ कि "परमप्रभु भलो हुनुहुन्छ" (भज १००:५) वा उद्गार व्यक्त गर्दछ, "परमप्रभुको प्रशंसा गर। परमप्रभुमा धन्यवाद चढ़ाओ, किनकि उहाँ भला हुनुहुन्छ" (भज १०६:१; १०७:१; आदि)। दाऊद हामीलाई प्रोत्साहन दिन्छन्, "परमप्रभुलाई पारख गरेर हेर, कि उहाँ कति भला हुनुहुन्छ!" (भज १०८:४)।

तर यदि परमेश्वर स्वयम् भला हुनुहुन्छ र तसर्थ भलाइको परममापदण्ड हुनुहुन्छ भने हामीसित "भलो"-को त्यो परिभाषा छ जसले नीतिशास्त्र र सौन्दर्यशास्त्रको अध्ययनमा हामीलाई ठूलो सहायता गर्नेछ। "भलो" के हो ? "भलो" त्यो हो जसलाई परमेश्वरले अनुमोदन गर्नुहुन्छ। तब हामीले यो प्रश्न गरौंला, परमेश्वरले जेलाई अनुमोदन गर्नुहुन्छ त्यो किन असल छ ? हामीले यो उत्तर दिनुपर्दछ, "किनभने उहाँले यसलाई अनुमोदन गर्नुहुन्छ।" भन्नुको तात्पर्य यो हो कि परमेश्वर स्वयम्को स्वभाव र त्यो स्वभावसित मिल्दो, उहाँले अनुमोदन गर्नुभएको, कुनै पनि कुराभन्दा अझ उच्चतम असलको मापदण्ड छैन। तरै भए तापनि, परमेश्वरले हामीलाई भलाइबारे उहाँको आफ्नै भावको केही प्रतिविम्ब दिनुभएको छ, ताकि हामीले जुन प्रकारले थोकहरूको मूल्याङ्कन गरोस् भनी हामीलाई सृष्टि गर्नुभयो, त्यसरी नै हामीले तिनको मूल्याङ्कन गर्दा परमेश्वरले अनुमोदन गर्नुहुने थोकहरूलाई नै हामीले पनि अनुमोदन गर्छौं अनि जुन कुराहरूमा उहाँ प्रसन्न हुनुहुन्छ त्यही कुराहरूमा हामी पनि प्रसन्न हुन्छौं।

हाम्रो परिभाषाले यो पनि बताउँदछ कि परमेश्वरले *गर्नुहुने* सबै थोकहरू अनुमोदनयोग्यका छन्। सृष्टिको विवरणमा हामी यसको प्रमाण देख्छौं, "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो र त्यो *साह्रै राम्रो* थियो" (उत १:३१)। भजनकारले परमेश्वरको भलाइ उहाँका क्रियाकलापको भलाइसित सम्बन्धित गर्दछन्, "तपाईं भलो हुनुहुन्छ अनि भलाइ गर्नुहुन्छ। मलाई तपाईंका विधिहरू सिकाउनुहोस्" (भज १०८:६८)। भजन १०४ सृष्टिमा उहाँको भलाइका निम्ति परमेश्वरलाई चढ़ाइएको प्रशंसाको एउटा सर्वोत्तम उदाहरण हो, जबकि भजन १०६ र १०७ जस्ता अन्य धेरैवटा भजनहरूले उहाँका जनहरूप्रति उहाँका सबै कामहरूमा परमेश्वरको भलाइका निम्ति धन्यवाद ज्ञापन गर्छन्। अनि पावलले हामीलाई व्यवहारमा यो पत्तो लाउन प्रोत्साहित गर्छन् कि हाम्रो जीवनको निम्ति परमेश्वरको इच्छा कसरी *"असल,* गहणयोग्य र सिद्ध" छ (रोम १२:२)।

धर्मशास्त्रले हामीलाई यो पनि भन्छ कि यस संसारमा परमेश्वर सबै भलाइको स्रोत हुनुहुन्छ। "हरेक असल दान र हरेक वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदलिरहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन" (याक १:१७, तु. भज १४५:९; प्रे १४:१७)। यसबाहेक, परमेश्वरले उहाँका छोराछोरीहरूका निम्ति असल काम मात्र गर्नुहुन्छ। हामी यो पढ्छौं, "सत्य मार्गमा हिंड्नेहरूलाई परमप्रभुले कुनै भलो थोकबाट वञ्चित राख्नुहुन्न" (भज ८४:११)। "उहाँलाई प्रेम गर्नेहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोम ८:२८) भन्ने सन्दर्भमै पावलले हामीलाई यो पनि भन्छन्, "जसले आफ्नै निज पुत्रलाई बाँकी राख्नुभएन, तर हामी सबैका निम्ति उहाँलाई दिनुभयो, के उहाँले हामीलाई सबै थोक पनि उहाँकै साथमा दिनुहुनेछैन र ?" (रोम ८:३२)। एउटा सांसारिक बाबुभन्दा पनि धेरै मात्रामा हाम्रा स्वर्गीय पिताले "उहाँसँग माग्नेहरूलाई कति बढ़ी मात्रामा दिनुहुनेछ" (मत्ती ७:११) अनि उहाँको अनुशासन पनि उहाँको प्रेमको प्रकटीकरण हो अनि हाम्रो भलाइका निम्ति हो (हिब १२:१०)। परमेश्वरको महान् भलाइको यो ज्ञानले हामीलाई

"सबै परिस्थितिमा धन्यवाद" दिन प्रोत्साहित गर्नुपर्दछ (१ थेस ५:१८)।

यस कथनीय वा बाँड्न सकिने गुणको अनुकरण गरेर हामीले पनि असल गर्नुपर्दछ (अर्थात्, परमेश्वरले जे अनुमोदन गर्नुहुन्छ हामीले त्यही गर्नुपर्दछ) र त्यसरी हाम्रा स्वर्गीय पिताको भलाइ अनुकरण गर्नुपर्दछ। पावल लेख्छन्, "यसकारण मौका पाएअनुसार हामी सबै मानिसको भलाइ गर्दैजाऔं, विशेष गरी तिनीहरूको, जो हाम्रो विश्वासका परिवारका हुन्" (गला ६:१०; तु. लूक ६:२७, ३३-३५; २ तिमो ३:१७)। यसबाहेक, परमेश्वर सबै भलाइका परम स्रोत हुनुहुन्छ भनी जब हामी जान्दछौं, तब हामीले यो जान्नेछौं कि परमेश्वर स्वयम् नै हामीले खोजेका परम भलाइ हुनुहुन्छ। हामी भजनकारसँगै भन्नेछौं, "स्वर्गमा तपाईंबाहेक मेरो अरू को छ र ? र पृथ्वीमा पनि मैले चाहना गर्ने तपाईंबाहेक अरू केही छैन। मेरो तन र मेरो मन दुवै विफल होलान्, तर परमेश्वर सदासर्वदाको निम्ति मेरो हृदयको शक्ति र मेरो भाग हुनुहुन्छ" (भज ७३:२५-२६; तु. १६:११; ४२:१-२)।

परमेश्वरको भलाइ उहाँको स्वभावका विभिन्न गुणहरूसित सम्बन्धित छन्, तीमध्ये हुन् प्रेम, करुणा, धैर्य र अनुग्रह। कहिलेकहीं यी गुणहरूलाई बेग्लै गुणहरू ठानिन्छन् र अलग-अलग अध्ययन गरिन्छन्। अरू बेला यी गुणहरूलाई परमेश्वरका भलाइको एउटा भागस्वरूप मानिन्छ र परमेश्वरको भलाइका विभिन्न पक्षहरूका रूपमा यिनको विवेचन गरिन्छ। यस अध्यायमा हामी प्रेमलाई एउटा छुट्टै गुणको रूपमा लिनेछौं किनभने धर्मशास्त्रमा प्रेम अत्यन्तै प्रमुख स्थानमा रहेको छ। धर्मशास्त्रमा अन्य तीन गुणहरू (करुणा, धैर्य अनि अनुग्रह) पनि प्रमुख भए तापनि, यिनलाई विशेष परिस्थितिहरूमा व्यक्तिहरूप्रति परमेश्वरको भलाइका पक्षहरूको रूपमा लिइनेछ। त्यसकारण, परमेश्वरको *करुणा विपत्तिमा परेकाहरूका निम्ति उहाँको भलाइ* हो, उहाँको *अनुग्रह दण्डको मात्र योग्य मानिसहरूका निम्ति उहाँको भलाइ* हो र उहाँको *धैर्य एउटा समयावधिभरि पाप गरिरहनेहरूका निम्ति उहाँको भलाइ* हो – करुण, धैर्य र अनुग्रहबारे तल खण्ड ग. ८ मा हे.)।

**७. प्रेम ।** *परमेश्वरको प्रेमको अर्थ यो हो कि उहाँले आफूलाई अरू मानिसहरूलाई अनन्तका निम्ति दिनुहुन्छ।*

यस परिभाषाले प्रेम अरूहरूको लाभका निम्ति आफूलाई दिनु हो भनी बुझ्दछ। परमेश्वरको यो गुणले यही देखाउँछ कि यो अरूहरूका निम्ति आशिष् वा भलाइ ल्याउने उद्देश्यले आफैलाई अर्पण गर्ने उहाँको स्वभावको एउटा पक्ष हो।

यूहन्ना हामीलाई भन्छन्, "परमेश्वर प्रेम हुनुहुन्छ" (१ यूह ४:८)। सृष्टि हुनुभन्दा पनि अघि त्रिएकत्वका सदस्यहरूमाझ परमेश्वरको यो गुण सक्रिय थियो भन्ने प्रमाण हामी देख्दछौं। येशूले उहाँका पिताबारे यसरी बताउनुहुन्छ, "... मेरो महिमा देखून्, जुन महिमा, *संसारको सृष्टि हुन अघिदेखि नै* मलाई *प्रेम गर्नुभएको* हुनाले तपाईंले मलाई दिनुभएको थियो" (यूह १७:२४), यहाँ उहाँ यही सङ्केत दिइरहनुभएको छ कि पिताबाट पुत्रलाई अनन्त-अनन्तकालको निम्ति प्रेम र सम्मान थियो। यो हालमा पनि भइरहेको छ, किनभने हामी पढ्दछौं, "पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबै थोक

उहाँको हातमा दिनुभएको छ" (यूह ३:३५)।

यो प्रेम पारस्पारिक पनि छ किनभने येशूले भन्नुहुन्छ, "तर म पितालाई प्रेम गर्छु र जस्तो पिताले मलाई आज्ञा गर्नुभएको छ सोहीबमोजिम गर्छु भनी संसारले जानोस्" (यूह १४:३१)। पिता र पुत्रमाझको प्रेमले पनि अनुमानतः पवित्र आत्मासँग उहाँहरूका सम्बन्धको चित्रण गर्दछ, यद्यपि यो स्पष्ट रूपले उल्लेखित छैन। पुत्रका लागि पिताको, पिताका लागि पुत्रको र पवित्र आत्माका लागि पिता र पुत्र दुवैको यो अनन्त प्रेमले स्वर्गलाई प्रेम र रमाहटको संसार बनाउँदछ किनभने त्रिएकत्वको हरेक व्यक्तिले अन्य दुईकहाँ प्रेम र रमाहट ल्याउने प्रयत्न गर्छन्।

त्रिएकत्वलाई चरितार्थ गर्ने यो आफूलाई अर्पण गर्ने कार्यले मानवजातिसित, विशेष गरी पापी मानिसहरूसित, परमेश्वरको सम्बन्धमा स्पष्ट अभिव्यक्ति पाउँदछ। "प्रेम यसैमा छ, कि हामीले परमेश्वरलाई प्रेम गरेनौं, तर उहाँले हामीलाई प्रेम गर्नुभयो, र हाम्रो पापको प्रायश्चित्त हुनका निम्ति आफ्ना पुत्र पठाउनुभयो" (१ यूह ४:१०)। पावल लेख्छन्, "तर परमेश्वरले हाम्रो निम्ति उहाँको प्रेम यसैमा देखाउनुभयो कि हामी पापी छँदै ख्रीष्ट हाम्रा निम्ति मर्नुभयो" (रोम ५:८)। यूहन्ना पनि लेख्छन्, "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूह ३:१६)। पावल पनि "परमेश्वरका पुत्र"-बारे बताउँछन् "जसले *मलाई प्रेम गर्नुभयो,* र मेरो निम्ति आफूलाई अर्पण गर्नुभयो" (गला २:२०), र यसरी हरेक पापीहरूप्रति ख्रीष्टको प्रेमको सोझो प्रयुक्ति देखाउँछन्। यो जानेर हामीलाई ठूलो रमाहट हुनुपर्दछ कि परमेश्वर पिता, पुत्र र पवित्र आत्माको उद्देश्य हामीकहाँ साँचो रमाहट र खुशी ल्याउनका लागि हामीलाई उहाँहरू स्वयम् दिनु हो। जसलाई उहाँले प्रेम गर्नुभएको छ, उनीहरूका लागि त्यसरी काम गर्नु परमेश्वरको स्वभाव हो, अनि उहाँले हाम्रा लागि निरन्तर त्यसरी नै अनन्तका लागि काम गरिरहनुहुनेछ।

सर्वप्रथम, परमेश्वरको प्रेमको साटो उहाँलाई प्रेम गरेर अनि दोस्रो, परमेश्वरले अरू मानिसहरूलाई जसरी प्रेम गर्नुहुन्छ, त्यसैको अनुकरण गरी अरूहरूलाई प्रेम गरेर हामी परमेश्वरको यो कथनीय वा बाँड्न सकिने गुण अनुकरण गर्दछौं। परमेश्वरप्रति हाम्रो सबै कर्तव्यहरूलाई निम्नलिखित पदमा सारांशित गर्न सकिन्छ, "तैंले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, र आफ्नो सारा प्राणले, र आफ्नो सारा समझले प्रेम गर्नू। ... तैंले आफ्नो छिमेकीलाई आफैलाई जस्तै प्रेम गर्नू" (मत्ती २२:३७-३८)। यदि हामीले परमेश्वरलाई प्रेम गर्‍यौं भने हामीले उहाँका आज्ञाहरू पालन गर्नेछौं (१ यूह ५:३) यसकारण, उहाँलाई प्रसन्न बनाउने कामहरू गर्नेछौं। हामीले संसारलाई होइन तर परमेश्वरलाई प्रेम गर्नेछौं (१ यहू २:१५), र हामी यी सबै गर्नेछौं किनभने पहिला उहाँले हामीलाई प्रेम गर्नुभयो (१ यूह ४:१९)।

सम्पूर्ण धर्मशास्त्रमा उदेकका तथ्यहरूमध्ये यो एउटा उदेकको तथ्य हो कि जसरी हामीलाई खुशी बनाउनलाई परमेश्वरको प्रेममा उहाँले स्वयम्लाई दिनु संलग्न हुन्छ, त्यसरी नै यसको सट्टामा हामीले आफैहरूलाई दिन सक्छौं र वास्तवमै परमेश्वरको हृदयमा रमाहट ल्याउन सक्छौं। यशैया परमेश्वरका जनलाई यो

प्रतिज्ञा गर्छन्, "जसरी दुलहा आफ्नी दुलहीको निम्ति रमाहट गर्छ, त्यसरी नै *तेरा परमेश्वरले तेरो निम्ति रमाहट गर्नुहुनेछ*" (यशै ६२:५), र सपन्याहले परमेश्वरका जनलाई भन्छन्, "परमप्रभु तेरा परमेश्वर तँसित हुनुहुन्छ। उहाँसित अत्यन्तै आनन्दित हुनुहुन्छ। उहाँले आफ्नो प्रेममा तँलाई शान्त पार्नुहुनेछ। गीत गाएर उहाँ तेरा बारेमा रमाउनुहुनेछ" (सप ३:१७-१८)।

अरू मानिसहरूप्रति हाम्रो प्रेममा पनि हामीले गरेका परमेश्वरको प्रेमको अनुकरण देखिन्छ। यूहन्नाले यो कुरा प्रस्ट पार्दछन्, "प्रिय हो, यदि परमेश्वरले हामीलाई यसरी प्रेम गर्नुभएको हो भने, हामीले पनि एउटाले अर्कालाई प्रेम गर्नुपर्छ" (१ यूह ४:११)। वास्तवमा, विश्वासीहरूको सङ्गतिमाझ अरूहरूका निम्ति हाम्रो प्रेम ख्रीष्टका प्रेमको यति प्रस्टै अनुकरण हो कि यसद्वारा संसारले हामी उहाँका हौं भनी हामीलाई चिन्दछ, "यदि तिमीहरूले एक-अर्कालाई प्रेम गऱ्यौ भने, यसैबाट सबैले जान्नेछन्, कि तिमीहरू मेरा चेला हौ।" (यूह १३:३५; तु. १५:१३; रोम १३:१०; १ कोर १३:४-७; हिब १०:२४)। हामीलाई एक-आपसमा प्रेम गर्न सक्षम बनाउनलाई परमेश्वर स्वयम्ले हामीलाई उहाँको प्रेम दिनुहुन्छ (यूह १७:२६; रोम ५:५)। यसबाहेक, हाम्रो शत्रुहरूप्रति हाम्रो प्रेमले परमेश्वरको प्रेमलाई विशेष गरी प्रतिविम्बित गर्दछ (मत्ती ५:४३-४८)।

**८. करुणा, अनुग्रह, धैर्य।** परमेश्वरको करुणा, अनुग्रह र धैर्यलाई तीन बेग्ला-बेग्लै गुणहरूको रूपमा, वा परमेश्वरको भलाइका विशेष पक्षहरूको रूपमा हेर्न सकिन्छ। उहाँ दिइएका परिभाषाहरूले यी गुणहरू मानिसहरूका विशेष वर्गको लाभका निम्ति प्रयोग भएको बेला परमेश्वरको भलाइका विशेष उदाहरणहरू हुन् भन्ने देखाउँदछन्।

परमेश्वरको *करुण*को अर्थ दुर्दशा र सङ्कष्टमा परेकाहरूप्रति उहाँको भलाइ हो।

परमेश्वरको *अनुग्रह*को अर्थ केवल दण्डको योग्यका मानिसहरूप्रति परमेश्वरको भलाइ हो।

परमेश्वरको *धैर्य*को अर्थ एउटा समयावधिदेखि पाप गर्ने मानिसहरूलाई दिइनुपर्ने दण्डलाई रोक्ने परमेश्वरको भलाइ हो।

परमेश्वरका स्वभावका यी तीन गुणहरू प्रायः एकैसाथ उल्लेख गरिन्छन्, विशेष गरी पुरानो करारमा। परमेश्वरले मोशालाई उहाँको नाउँ घोषणा गर्नुहुँदा उहाँले यो उद्घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ" (प्रस ३४:६)। भजन १०३:८ मा दाऊद भन्छन्, "परमप्रभु टिठालु र अनुग्रही, क्रोध गर्नमा ढिला, र अति करुणामय हुनुहुन्छ।"

परमेश्वरका यी गुणहरूलाई प्रायः नै एकैसाथ उल्लेख गरिएका हुनाले ती गुणहरूलाई छुट्ट्याउन कठिन प्रतीत हुन सक्छ। जहाँ मानिसहरू दुःख वा सङ्कष्टमा परेका हुन्छन् त्यहाँ तर पनि करुणाको गुणमा प्रायः नै जोड दिइएको छ। उदाहरणार्थ, दाऊद भन्छन्, "म त साह्रै सङ्कष्टमा परेको छु। हामीलाई परमप्रभुको हातमा पर्नु नै बेस होला, किनभने उहाँको करुणा महान् छ" (२ शमू २४:१४)। येशूले तिनीहरूको

दुर्दशा देखेर तिनीहरूलाई निको पारिदिऊन् भन्ने इच्छा गर्ने दुई अन्धा मानिसहरू चिच्याउँछन्, "हे दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्" (मत्ती ९:२७)। परमेश्वरले हामीलाई कष्टमा सान्त्वना दिनुहुन्छ भन्ने तथ्य बताउँदा पावल परमेश्वरलाई "करुणामय पिता र सान्त्वनाका परमेश्वर" भन्छन् (२ कोर १:३)।[८] अभावको बेला हामी परमेश्वरको सिंहासनछेउ जानुपर्दछ, ताकि हामीले करुणा र अनुग्रह दुवै प्राप्त गर्न सकौं (हिब ४:१६; तु. २:१७, याक ५:११)। अरू मानिसहरूप्रति हाम्रो आचरणमा हामीले परमेश्वरको करुणा अनुकरण गर्नुपर्दछ, "धन्य दयावन्तहरू, किनभने तिनीहरूले दया पाउनेछन्" (मत्ती ५:७, तु. २ कोर १:३-४)।

*अनुग्रह*को गुणको प्रसङ्गमा, धर्मशास्त्रले यस कुरामा जोड़ दिन्छ कि परमेश्वरको अनुग्रह, वा कृपादृष्टि होइन, दण्ड मात्र पाउने योग्यकाहरूप्रति उहाँको कृपादृष्टि, कहिल्यै बाध्यतावश होइन तर सधैं नै परमेश्वरको तर्फबाट सित्तैंमा दिइन्छ। परमेश्वरले भन्नुहुन्छ, "जसलाई म अनुग्रह गर्न चाहन्छु त्यसलाई म अनुग्रह गर्नेछु। जसलाई म कृपा देखाउन चाहन्छु, त्यसलाई म कृपा देखाउनेछु" (प्रस ३३:१९; रोम ९:१५)। तर पनि परमप्रभु उहाँका जनप्रति नियमित रूपले अनुग्रही हुनुहुन्छ, "मतिर फर्कनुहोस् र ममाथि *दया* गर्नुहोस्, *जसरी तपाईंको* नाउँसँग प्रेम गर्नेहरूलाई तपाईं दया गर्नुहुन्छ" (भज ११९:१३२)। वास्तवमा, पत्रुसले परमेश्वरलाई "सबै अनुग्रहका परमेश्वर" भन्न सक्छन् (१ पत्र ५:१०)।

परमेश्वरको भलाइको योग्य नभएकाहरूप्रति विशेष गरी देखाइएको परमेश्वरको भलाइरूपी अनुग्रह पावलका लेखनहरूमा बारम्बार देखिन्छ। उनी यस कुरामा जोड़ दिन्छन् कि अनुग्रहद्वारा प्राप्त मुक्ति मानव प्रयत्नद्वारा मुक्तिको विपरीत हो किनभने अनुग्रह सित्तैंमा दिइएको वरदान हो। "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्। तर परमेश्वरका अनुग्रहको वरदानले ख्रीष्ट येशूमा भएको उद्धारबाट तिनीहरू सित्तैंमा धर्मी ठहरिएका छन्" (रोम ३:२३-२४)। अनुग्रह अनि इनामयोग्य कामहरूद्वारा आर्जन गरिएको मुक्तिमाझका भिन्नता रोमी ११:६ मा पनि देखिन्छ, "तर अनुग्रहबाट हो भने यो कर्मको आधारमा होइन, नत्रता अनुग्रह अझ अनुग्रह नै रहनेथिएन।" त्यसकारण, अनुग्रह ती मानिसहरूलाई सित्तैंमा दिइएको वरदान हो जुन मानिसहरू त्यस वरदानको योग्य छैनन्।

पावलले यो पनि देख्छन् कि यदि अनुग्रह अनर्जित हुन्छ भने, यस्तो अनुग्रह प्राप्त गर्ने औजारको रूपमा एउटा मात्र मानवीय मनोवृत्ति हुन्छ, र त्यो हो विश्वास, "यो प्रतिज्ञा विश्वासमाथि निर्भर गर्छ, यस हेतुले कि प्रतिज्ञा अनुग्रहमाथि भर" परोस् (रोम ४:१६)। विश्वास एउटा यस्तो मानवीय मनोवृत्ति हो जो आफैमा भर पर्नुको विपरीत हुन्छ, किनभने यसलाई आवश्यक पर्दछ अर्को व्यक्तिमाथि भर वा निर्भरता। त्यसकारण, यो आत्म-निर्भरताविहीन हुन्छ र यसले मानव प्रयासको माध्यमबाट धार्मिकता हासिल गर्ने प्रयास गर्दैन। यदि हाम्रो आफ्नै गुणमा भर

[८]यो पदले ग्रीक शब्द *eleos*, अर्थात्, "दया"-को सट्टामा *oiktirmos*, अर्थात् "अनुकम्पा, दया" प्रयोग गर्छ तर अर्थमा यी शब्दहरू घनिष्ठ छन् अनि यी दुवै शब्दहरूले विपत्तिमा परेकाहरू मानिसहरूप्रति अनुकम्पा वा भलाइ बुझाउँछन्।

नपरी परमेश्वरको दया हामीकहाँ आउनु हो भने, हामीले हाम्रो आफ्नै होइन तर अर्काका गुणहरूमा निर्भर गर्दा यो आउनुपर्दछ, अनि ठीक त्यही बेला हामी विश्वास गर्दछौं।

नयाँ करारमा, विशेष गरी पावलका लेखनहरूमा, पापहरूको क्षमा मात्र होइन तर *सम्पूर्ण ख्रीष्टियान जीवन* पनि परमेश्वरको निरन्तर अनुग्रह प्रदानको प्रतिफल भएको देख्न सकिन्छ। पावल भन्न सक्छन्, "तर म जे छु, त्यो परमेश्वरको अनुग्रहले छु" (१ कोर १५:१०)। लूकाले एन्टिओखियालाई त्यो स्थानको रूपमा बताउँछन् जहाँ पावल र बारनाबासलाई "तिनीहरूले पूरा गरेका कामको निम्ति परमेश्वरको अनुग्रहमा तिनीहरूलाई अर्पण गरिएको थियो" (प्रे १४:२६), यसले यही सङ्केत दिइरहेको थियो कि त्यस मण्डलीबाट पावल र बारनाबासलाई पठाउँदा त्यस मण्डलीले उनीहरूका सेवाकार्यको सफलता परमेश्वरको निरन्तर अनुग्रहमा निर्भर भएको देख्यो। यसबाहेक, पावलका पत्रहरूमा उनका पाठकहरूलाई दिइएको "अनुग्रह"-को आशिष् उनका पत्रहरूमा अत्यन्त बारम्बार चलाइएको प्रेरितिक हे. उदा., रोम १:७; १६:२०; १ कोर १:३; १६:२३; २ कोर १:२; १३:१४; गला १:३; ६:१८)।

यस्तै प्रकारले, परमेश्वरको करुणासम्बन्धी माथि उद्धृत केही पदहरूमा परमेश्वरको *धैर्य* उल्लेखित थियो। पुरानो करारले परमेश्वर बारम्बार "रिसाउनुमा ढिलो" हुनुहुन्छ भनी बताउँदछ (प्रस ३४:६; गन १४:१८; भज ८६:१५; १०३:८; १४५:८; योना ४:२; नहे १:३, आदि)। नयाँ करारमा पावलले परमेश्वरको "कृपा र सहनशीलता र धैर्य"-बारे बताउँछन् (रोम २:४) अनि भन्छन् कि अरू मानिसहरूलाई उदाहरणस्वरूप येशू ख्रीष्टले पावल स्वयम्प्रति उहाँको "असीम धैर्य" देखाउनुभयो (१ तिमो १:१६; तु. रोम ९:२२; १ पत्र ३:२०)।

हामीले परमेश्वरको धैर्य अनुकरण गर्नुपर्छ र "रिसाउनमा धीमा" हुनुपर्छ (याक १:१९), र कष्ट भोग्नुपर्दा धैर्यवान् हुनुपर्छ, जसरी ख्रीष्ट हुनुहुन्थ्यो (१ पत्र २:२०)। हामीले जीवन "धैर्यसँग" यापन गर्नुपर्दछ (एफि ४:२), अनि गलाती ५:२२ मा "धैर्य"-लाई आत्माको फलमध्ये सूचीबद्ध गरिएको छ (हे. रोम ८:२५; १ कोर १३:४; कल १:११; ३:१२; २ तिमो ३:१०; ४:२; याक ५:७-८; प्रका २:२-३; आदि पनि)। हामीले हाम्रो जीवनमा अनुकरण गर्नुपर्ने परमेश्वरका अधिकांश गुणहरूसम्बन्धी जस्तै, हाम्रो जीवनमा उहाँद्वारा चुनिएको समयमा उहाँका प्रतिज्ञाहरू र उद्देश्यहरू पूरा गर्नलाई परमेश्वरमा हर पलको भरोसा गर्नुपर्ने माग धैर्यले गर्दछ। हाम्रो भलाइ र उहाँको महिमाको निम्ति प्रभुले उहाँका प्रतिज्ञाहरू चाँड़ै नै पूरा गर्नुहुनेछ भन्ने हाम्रो आत्मविश्वासले हामीलाई धैर्यवान् बन्न सक्षम बनाउँछ। "तिमीहरूले पनि धैर्य धारण गर। आफ्नो हृदयलाई स्थिर गराओ, किनकि प्रभुको आगमन नजिकै छ" (याक ५:८) भन्दा याकूबले यही सम्बन्ध स्थापित गर्छन्।

**९. पवित्रता।** *परमेश्वरको पवित्रताको अर्थ यो हो कि उहाँपापदेखि अलग पारिनुभएको छ र उहाँको आफ्नै सम्मान खोज्नलाई समर्पित हुनुहुन्छ।* यस परिभाषामा सम्बन्धात्मक गुण (... बाट अलग) र नैतिक गुण (यो अलगपन पाप वा

खराबीबाट हो, समर्पण-भावना परमेश्‍वर स्वयम्‌को सम्मान वा महिमाको भलाइका लागि हो) संलग्न छन्। खराबीबाट पृथक्करण र परमेश्‍वरको आफ्नै महिमाप्रति समर्पण-भावनासहितको पवित्रताको यो अवधारणा पुरानो करारका अनेकौं खण्डहरूमा पाइन्छ। उदाहरणार्थ, *पवित्र* शब्द पवित्र वासस्थानका भागहरू वर्णन गर्नलाई प्रयोग गरिएको छ। पवित्र वासस्थान स्वयम् एउटा यस्तो स्थान थियो जो संसारको खराबी र पापबाट अलग गरिएको स्थान थियो, अनि यसमा भएको पहिलो कोठालाई "पवित्रस्थान" भनिन्थ्यो। यसलाई परमेश्‍वरको सेवामा समर्पित गरिएको थियो। तर परमेश्‍वरले त्यहाँ एउटा पर्दा होस् भनी आज्ञा दिनुभयो, "त्यस पर्दाले तिमीहरूका निम्ति पवित्रस्थानलाई महा-पवित्रस्थानबाट अलग गर्नेछ" (प्रस २६:३३)। करारको सन्दुक राखिएको त्यो महा-पवित्रस्थान त्यो ठाउँ थियो जसलाई खराबी र पापबाट एकदमै अलगै राखिएको थियो अनि परमेश्‍वरको सेवाको निम्ति पूर्ण रूपले अर्पण गरिएको थियो।

परमेश्‍वर स्वयम्‌ले वास गर्नुहुने स्थानै पवित्र थियो, "परमप्रभुको डाँड़ामा को उक्लन सक्ला ? र उहाँको पवित्रस्थानमा को खड़ा हुन सक्छ ?" (भज २४:३)। शबाथको दिनको पवित्रतामा परमेश्‍वरको सेवामा अर्पणको तत्त्व देखिन्छ, "त्यसकारण परमप्रभुले शबाथ-दिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो" (प्रस २०:११; तु. उत २:३)। शबाथ-दिन पवित्र बनाइयो किनभने यसलाई संसारका साधारण कामकाजदेखि अलगै बनाइएको थियो र परमेश्‍वरको सेवाका लागि अर्पित गरिएको थियो। यसरी नै पवित्रस्थान र वेदीसाथै हारून र तिनका छोराहरूलाई "पवित्र" बनाइनुथियो (प्रस २९:४४), अर्थात्, साधारण कामहरू र संसारका खराबी र पापदेखि अलगै बनाइएको अनि परमेश्‍वरको सेवाको निम्ति समर्पित गरिएको (तु. प्रस ३०:२५-३३)।

परमेश्‍वर स्वयम् नै महा-पवित्र हुनुहुन्छ। उहाँलाई "इस्राएलका पवित्र परमेश्‍वर" भनिन्छ (भज ७१:२२; ७८:४१; ८९:१८; यशै १:४; ५:१९,२४; आदि)। परमेश्‍वरको सिंहासन वरिपरिका सराफहरू पुकार्छन्, "सर्वशक्तिमान् परमप्रभु, पवित्र, पवित्र, पवित्र हुनुहुन्छ, सारा पृथ्वी उहाँको महिमाले भरिपूर्ण छ" (यशै ६:३)। "परमप्रभु हाम्रा परमेश्‍वर पवित्र हुनुहुन्छ," भजनकारले उद्‌गार गर्छन् (भज ९९:९; तु. ९९:३, ५; २२:३)।

परमेश्‍वरको पवित्रताले उहाँका जनलाई अनुकरण गर्ने एउटा नमुना उपलब्ध गराउँछ। उहाँले तिनीहरूलाई आदेश दिनुहुन्छ, "तिमीहरू पवित्र हाओ, किनभने म, परमप्रभु तिमीहरूका परमेश्‍वर पवित्र छु" (लेवी १९:२; तु. ११:४४-४५; २०:२६; १ पत्र १:१६)। परमेश्‍वरले उहाँका जनलाई मिश्रदेशबाट बाहिर बोलाउनुहुँदा अनि तिनीहरूलाई उहाँ स्वयम्‌कहाँ ल्याउनुहुँदा र उहाँको वाणीको आज्ञा पालन गर्न भन्नुहुँदा, उहाँले भन्नुभयो, "तिमीहरू मेरो निम्ति पुजाहारीहरूको एक राज्य र एक *पवित्र जाति* हुनेछौ" (प्रस १९:४-६)। उहाँ, खराबी र पापबाट अलग हुने (जुन काम उहाँ एउटा असाधारण तरिकामा मिश्रको जीवनदेखि नै अलग हुनुथियो) र परमेश्‍वरप्रति अर्पण (उहाँको सेवा गर्ने र उहाँका विधिहरू पालन गर्ने काम) गर्ने

कामहरू एउटा “पवित्र राज्य”-को उदाहरणको रूपमा देखिएका छन्।

नयाँ करारका विश्वासीहरू पनि “पवित्र हुने प्रयत्न” गर्नुपर्छ, किनभने, “पवित्रताविना कुनै मानिसले परमप्रभुलाई देख्न सक्दैन” (हिब १२:१४) र यो जान्नुपर्दछ कि हामीलाई परमेश्वरको अनुशासन दिइएको छ, ताकि “हामी उहाँको पवित्रताको सहभागी हुन सकौं” (हिब १२:१०)। अविश्वासीहरूको निकटतम सम्बन्धबाट आउने प्रभुत्वशाली प्रभावदेखि अलग बस्नू भनी पावलले ख्रीष्टियानहरूलाई प्रोत्साहित गर्छन् (२ कोर ६:१४-१८) र त्यसपछि तिनीहरूलाई प्रात्साहित गर्छन्, “शरीर र आत्माको हरेक किसिमको अशुद्धताबाट हामी आफैलाई शुद्ध पारौं, र *परमेश्वरको भयमा पवित्रतालाई सिद्धतातर्फ बढाउँदैजाऔं”* (२ कोर ७:१; तु. रोम १२:१)। मण्डली “प्रभुमा एउटै पवित्र मन्दिर” बनेर बढोस् भन्ने उद्देश्य परमेश्वर स्वयम्को थियो (एफि २:२१) अनि मण्डलीको निम्ति ख्रीष्टको वर्तमान काम “उहाँले दाग ... नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्” (एफि ५:२६-२७)। व्यक्तिहरू मात्र होइन तर मण्डली स्वयम् पनि पवित्रतामा बढ्नुपर्दछ !

जकरिया त्यस दिनको अगमवाणी गर्छन् जब पृथ्वीमा भएको प्रत्येक थोक “परमप्रभुको निम्ति पवित्र” हुनेछ। उनी भन्छन्,

> त्यस दिन घोड़ाहरूका घण्टीहरूमा पनि ‘परमप्रभुको निम्ति पवित्र’ भनी खोपिएको हुनेछ, र परमप्रभुका भवनका भाँड़ाहरू वेदीको सामुन्ने भएका पवित्र कचौराहरूजस्तै हुनेछन्। यरूशलेममा र यहूदामा भएका हरेक भाँड़ा सर्वशक्तिमान् परमप्रभुको निम्ति पवित्र ठहरिनेछ” (जक १४:२०-२१)।

त्यस समय पृथ्वीमा प्रत्येक थोक खराबीबाट अलगै पारिनेछ, पापबाट शुद्ध बनाइनेछ र साँचो नैतिक शुद्धतामा परमेश्वरको सेवामा अर्पण गरिनेछ।

**१०. शान्ति (वा सुव्यवस्था)**। १ कोरिन्थी १४:३३ मा पावल भन्छन्, “ ... परमेश्वर गोलमालका परमेश्वर हुनुहुन्न, तर *शान्ति*का परमेश्वर हुनुहुन्छ।” “शान्ति” र “सुव्यवस्था” परम्परागत रूपमा परमेश्वरका गुणहरू भनी वर्गीकृत नगरिएका भए तापनि, पावलले उहाँ अर्को विशेषतातिर औंल्याउँछन् जसलाई हामी परमेश्वरको विशिष्ट गुण भनी सोच्न सक्छौं। पावल भन्छन् कि परमेश्वरका क्रियाकलापको विशेषता “शान्ति” हो, तर “कुव्यवस्था” (ग्रीक *akatastasia*, जसले “अव्यवस्था, गोलमाल, अशान्ति” बुझाउँछ) होइन्। परमेश्वर स्वयम् नै “शान्तिका परमेश्वर” हुनुहुन्छ (रोम १५:३३; १६:२०; फिलि ४:९; १ थेस ५:२३; हिब १३:२०; तु. एफि २:१४; २:१४; २ थेस ३:१६)। तर खराबीमा हिँड्नेहरूमा शान्ति हुँदैन, “‘दुष्टहरूलाई शान्ति हुँदैन” परमप्रभु भन्नुहुन्छ (यशै ४८:२२; ५७:२१; तु. ५९:८)।

तर, आफूले प्रेम गर्नुभएको मानिसहरूलाई हेर्नुहुँदा परमेश्वरले तिनीहरूलाई “दुःखमा परेकी, आँधीबेहरीले पछारिएकी (LXX, *akatastatos*, “अव्यवस्थामा, गोलमालमा”), र सान्त्वना नपाएकी शहर” (यशै ५४:११)-को रूपमा हेर्नुहुन्छ, र

तिनीहरूका जगहरू बहुमूल्य रत्नहरूले बसाल्नुहुने (यशै ५४:११-१२) र तिनीहरूलाई "शान्ति"-मा डोऱ्याउनुहुने प्रतिज्ञा गर्नुहुन्छ (यशै ५५:१२)। परमेश्वरको उद्धारका योजनाको घोषणामा परमेश्वरका जनलाई शान्तिको प्रतिज्ञा समाविष्ट छ (भज २९:११; ८५:८; ११९:१६५; हितो ३:१७; यशै ९:६-७; २६:३; ५७:१९; यूह १४:२७; रोम ८:६; २ थेस ३:१६; आदि)। वास्तवमा पावलले आत्माको "फल" भनी सूचीबद्ध गरेमा तालिकामा भएको तेस्रो तत्त्व "शान्ति" हो (गला ५:२२)।

यो शान्तिले निश्चय नै निष्क्रियता सङ्केत गर्दैन, किनभने प्रचण्ड वृद्धि र क्रियाकलापको समयमा नै लूकाले यो भन्न सके कि "त्यसरी सारा यहूदिया, गालील र सामरियाभरि मण्डलीमा शान्ति भयो र मण्डली सुदृढ भयो" (प्रे ९:३१)। यसबाहेक, परमेश्वर शान्तिका परमेश्वर हुनुभए तापनि, उहाँयस्ता पनि हुनुहुन्छ जो "नता उँघ्नुहुन्छ, न सुत्नुहुन्छ" (भज १२१:४)। उहाँ निरन्तर काम गरिरहनुहुने परमेश्वर हुनुहुन्छ (यूह ५:१७)। अनि स्वर्ग शान्तिको स्थान भए तापनि, यो परमेश्वरलाई निरन्तर प्रशंसा दिइने र उहाँको निरन्तर सेवा गरिने स्थान पनि हो।

त्यसकारण, परमेश्वरको शान्तिलाई निम्नानुसार परिभाषित गर्न सकिन्छ, परमेश्वरको शान्तिको अर्थ यो हुन्छ कि *परमेश्वरको अस्तित्व र उहाँका क्रिया-कलापमा उहाँ सबै गोलमाल र अव्यवस्थाबाट अलगै हुनुहुन्छ, तथापि उहाँ अनगन्ती सुव्यवस्थित, पूर्ण रूपले नियन्त्रित, एकसाथमा हुने कार्यहरूमा निरन्तर रूपले सक्रिय हुनुहुन्छ*।

यस परिभाषाले यो सङ्केत दिँदछ कि परमेश्वरको शान्ति निष्क्रियतासित सम्बन्धित हुँदैन, तर यो सम्बन्धित हुन्छ सुव्यवस्थित र नियन्त्रित कार्यकलापसित। यस प्रकारको असीम कार्यकलापमा लाग्नका लागि निश्चय नै परमेश्वरका असीम बुद्धि, ज्ञान र शक्तिको आवश्यकता पर्दछ।

जब हामी परमेश्वरको शान्तिलाई यस प्रकारले बुझ्छौं, परमेश्वरको यो गुणको अनुकरण गलाती ५:२२-२३ मा आत्माको फलको एउटा भागस्वरूप "शान्ति"-मा मात्र नभएर, आत्माको फलमा अन्तमा उल्लेखित तत्त्व, अर्थात् "संयम" (गला ५:२३)-मा पनि देख्छौं। परमेश्वरका जनको रूपमा हामी उहाँका मार्गमा हिँड्दा, अनुभवद्वारा हामी यो कुरा झन् बढी मात्रामा जान्न थाल्छौं कि परमेश्वरको राज्य वास्तवमा "पवित्र आत्मामा धार्मिकता, *शान्ति* र आनन्द हो" (रोम १४:१७), अनि परमेश्वरका बुद्धिको मार्गबारे हामी यो भन्न सक्छौं कि "त्यसका मार्गहरू आनन्ददायक हुन्छन्, र त्यसका सबै बाटाहरू शान्तिका हुन्छन्" (हितो ३:१७)।

**११. धार्मिकता, न्याय।** अङ्ग्रेजी भाषामा जस्तै नेपाली भाषामा पनि धार्मिकता (*righteousess*) र न्याय (*justice*) भिन्न-भिन्नै शब्दहरू हुन् तर हिब्रू पुरानो करार र ग्रीक नयाँ करारमा यी दुई शब्दहरूपछि केवल एउटै मात्र शब्द-समूह छ। (पुरानो करारमा यी शब्दहरू मूलतः ग्रीक शब्द-समूह *tsedek*-का रूपहरूबाट, र नयाँ करारमा शब्द-समूह *dikaios*-का तत्त्वहरूबाट अनुवाद गरिएका हुन्)। त्यसकारण, यी दुई शब्दहरूलाई परमेश्वरको एउटै गुण बताउने शब्दको रूपमा

एकसाथ मानिनेछ।

*परमेश्वरको धार्मिकताको अर्थ यो हो कि परमेश्वरले जहिले पनि जे सही छ त्यहीअनुसार काम गर्नुहुन्छ अनि जे सही छ त्यसको परम मापदण्ड उहाँस् वयम् हुनुहुन्छ।*

परमेश्वरबारे बताउँदै मोशा भन्छन्, " ··· उहाँका सबै चाल *न्यायोचित* छन्। एउटा विश्वसनीय परमेश्वर, जसले भुल गर्नुहुन्न, *न्यायी* र *सत्य* उहाँहुनुहुन्छ" (व्यव ३२:४)। अब्राहामले "सारा पृथ्वीका न्यायकर्ताले उचित न्याय गर्नुहुन्न र ?" (उत १८:२५) भन्दा उनी परमेश्वर स्वयम्का धार्मिकताको विशेषतालाई सफलतापूर्वक आग्रह गर्छन्। परमेश्वर पनि बोल्नुहुन्छ र के ठीक छ सो आदेश दिनुहुन्छ, "परमप्रभुका नियमहरू ठीक छन्, हृदयलाई आनन्द दिने" (भज १९:८)। अनि परमेश्वरले आफ्नैबारेमा भन्नुहुन्छ, "म, परमप्रभु सत्य बोल्दछु, म *ठीक-ठीक* कुरा घोषणा गर्दछु" (यशै ४५:१९)। परमेश्वरका धार्मिकताको फलस्वरूप, उहाँले मानिसहरूलाई तिनीहरू जुन कुराका योग्य छन् त्यहीअनुरूप व्यवहार गर्नु अनिवार्य छ। त्यसकारण, यो अनिवार्य छ कि परमेश्वरले पापलाई दण्ड दिऊन्, किनभने यो इनामयोग्यको छैन; यो गलत छ र यो दण्डयोग्यको छ।

परमेश्वरले पापलाई दण्ड नदिनुहुँदा, यदि पापलाई दण्ड दिइने अर्को साधन देखिँदैन भने, यसले उहाँ अधार्मिक हुनुहुन्छ भन्ने सङ्केत दिएको भान हुँदछ। यसैकारण, पापको दण्ड भोग्नका निम्ति परमेश्वरले ख्रीष्टलाई एउटा बलिदानस्वरूप पठाउनुहुँदा पावल भन्छन् कि "यो काम परमेश्वरले आफ्नो धार्मिकता देखाउनलाई गर्नुभयो, किनभने उहाँको परमेश्वरीय धैर्यमा अगाड़िका पापहरूलाई उहाँले वास्ता गर्नुभएको थिएन। परमेश्वर आफै धर्मी हुनुहुन्छ र येशूमा विश्वास राख्नेहरूलाई उहाँले धर्मी ठहराउनुहुन्छ भन्ने कुरा प्रमाण गर्नलाई उहाँले वर्तमान समयमा यो गर्नुभयो" (रोम ३:२५-२६)। हाम्रो पापहरूको दण्ड भोग्नलाई ख्रीष्ट मर्नुहुँदा यसले यो देखायो कि परमेश्वर साँचो रूपमा धार्मिक हुनुहुन्थ्यो किनभने उहाँले आफ्ना जनको पाप क्षमा गर्नुभए तापनि पापलाई उपयुक्त दण्ड दिनुभयो।

माथि दिइएको पापको परिभाषाको सन्दर्भमा हामी यो सोध्न सक्छौं कि कुन कुरा "ठीक" हो। अर्थात्, कुन घटना घटनुपर्छ र के हुनैपर्दछ ? यहाँ हामीले यो उत्तर दिनैपर्दछ कि *जुन थोक परमेश्वरको नैतिक गुणअनुरूपको छ त्यो ठीक* छ। तर परमेश्वरको नैतिक गुणअनुरूप जे छ त्यै किन ठीक हुन्छ ? के यो उहाँको नैतिक गुणअनुरूप भएको कारण ठीक हो ! यदि परमेश्वर वास्तवमै धार्मिकताको परम मापदण्ड हुनुहुन्छ भने परमेश्वरबाहेक अरू यस्तो कुनै मापदण्ड छैन जसद्वारा हामी धार्मिकता वा न्याय नाप्न सक्छौं। उहाँ स्वयम् नै परम मापदण्ड हुनुहुन्छ। (यो त्यो स्थितिजस्तै छ जब हामीले सत्यता र परमेश्वर सत्यताको परम मापदण्ड हुनुहुन्छ भन्ने तथ्य सामना गर्नुपरेको थियो)। जब-जब धर्मशास्त्रले परमेश्वर स्वयम् धर्मी हुनुहुन्छ वा हुनुहुन्न भन्ने प्रश्न सामना गर्छ, तब त्यस प्रश्नको अन्तिम उत्तर यही हुन्छ कि हामी परमेश्वरका रचनाहरू भएकाले परमेश्वर धार्मिक हुनुहुन्न वा न्यायी हुनुहुन्न भन्ने हाम्रो कुनै अधिकार छैन। सृष्टिकर्ताको

बारेमा सृष्टिले सो भन्न सक्दैन। परमेश्वरको धार्मिकतासम्बन्धी अति कठिन प्रश्नको उत्तर पावल यसो भन्दै दिन्छन्, "तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई "मलाई किन यस्तो बनाएको?" भन्छ र? के एउटै माटोको ढिकाबाट एउटा आदरको भाँड़ो, र अर्कोचाहिँ तुच्छ कामको लागि बनाउने माटोमाथि कुमालेको अधिकार छैन र?" (रोम ९:२० -२१)।

परमेश्वरले अय्यूबसँग गर्नुभएको व्यवहारमा उहाँ धर्मी हुनुहुन्थ्यो वा हुनुहुन्थेन भन्ने अय्यूबको प्रश्नको उत्तरमा परमेश्वरले अय्यूबलाई जवाफ दिनुहुन्छ, "सर्वशक्तिमान्‌सँग वाद-विवाद गर्नेले उहाँलाई सच्याउन सक्छ र ... ? र तँ आफू ठीक हुनलाई मलाई गलत सम्झन्छस्?" (अयू ४०:२, ८)। परमेश्वरका क्रियाकलाप किन ठीक थिए सो अय्यूबलाई *बुझ्न* सहायता गर्ने व्याख्याको रूपमा परमेश्वरले उनलाई उत्तर दिनुहुन्न, तर उहाँले उत्तर दिनुहुन्छ परमेश्वर स्वयम्‌को प्रताप र शक्तिको वक्तव्यको रूपमा! परमेश्वरले उहाँका क्रियाकलापको सहीपन अय्यूबलाई व्याख्या गर्नु आवश्यक छैन किनभने परमेश्वर सृष्टिकर्ता हुनुहुन्छ अनि अय्यूब सृष्टि। "के तेरो पाखुरा परमेश्वरको पाखुराजस्तै छ? के उहाँको सोरजस्तै तँ गर्जन सक्छस्?" (अयू ४०:९)। "तेरो जीवनकालमा के तैँले कहिल्यै बिहानीलाई आज्ञा गरेको छस्? अथवा प्रभातलाई त्यसको ठाउँ देखाएको छस्?" (अयू ३८:१२)। "र आफूलाई पानीको भलले ढाक्न सक्छस्? के तैँले बिजुलीलाई तिनीहरूको मार्गमा पठाउँछस्? के तिनीहरूले 'हामी उहाँ छौं' भनी तँलाई भन्छन् र?" (अयू ३८:३४-३५)। "के तैँले घोड़ालाई त्यसको बल दिन्छस्?" (अयू ३९:१९)। "के बाजलाई त्यसको पखेटा चलाउन र दक्षिण दिशातिर त्यसको पखेटा फैलाउन तेरो बुद्धिले सिकाएको हो?" (अयू ३९:२६)। अय्यूबले उत्तर दिन्छन्, "म जाबोले तपाईंलाई के जवाफ दिन सक्छु र? म मेरो हात मेरो मुखमा राख्दछु" (अयू ४०:४)।

तथापि, धार्मिकता र सर्वशक्तिमत्ता दुवै परमेश्वरमा छन् भनी हामीले बुझ्दा यो तथ्य धन्यवाद ज्ञापन र कृतज्ञताको कारण बन्नुपर्दछ। यदि उहाँ सिद्ध धार्मिकताका परमेश्वर हुनुहुन्थ्यो तर त्यो धार्मिकतालाई कार्यान्वित गर्ने शक्तिविहीन हुनुहुन्थ्यो भने, उहाँ उपासनायोग्य परमेश्वर हुनसक्नुहुन्थेन अनि यस विश्वमा अन्ततः न्यायको विजय हुनेछ भन्ने प्रत्याभूति हामीसित हुनेथिएन। तर यदि उहाँ असीमित शक्तिसम्पन्न परमेश्वर हुनुहुन्थ्यो, तर उहाँको स्वभाव धार्मिकताविहीन हुनुभएको हुँदो हो त विश्व कति सोच्नै नसकिने प्रकारको डरलाग्दो हुनेथियो! सबै अस्तित्वको केन्द्रमा अधार्मिकता हुनेथियो अनि यसलाई परिवर्तन गर्नलाई कसैले केही गर्नै सक्नेथिएन। अस्तित्व अर्थहीन बन्नेथियो अनि हामी घोर नैराश्यमा धकेलिनेथियौं। त्यसकारण, परमेश्वर जो हुनुहुन्छ त्यसको निम्ति हामीले उहाँलाई निरन्तर धन्यवाद दिनुपर्दछ, उहाँको प्रशंसा गर्नुपर्दछ किनभने *"उहाँका सबै चाल न्यायोचित छन्।* एउटा विश्वासयोग्य परमेश्वर जसले भुल गर्नुहुन्न, न्यायी र सत्य उहाँ हुनुहुन्छ" (व्यव ३२:४)।

**१२. डाह ।** धेरजस्ता भाषाहरूमा *डाह* (jealousy) शब्द प्रायः नै नकारात्मक अर्थमा

प्रयोग गरिने भए तापनि, कहिलेकाहीँ यसले सकारात्मक अर्थ बोक्दछ। उदाहरणार्थ, पावल कोरिन्थीहरूलाई भन्छन्, "ईश्वरीय डाहले म तिमीहरूप्रति डाही भएको छु" (२ कोर ११:२)। उहाँ यसको अर्थ "उत्साहपूर्वक सुरक्षात्मक वा सतर्क" हो। यसको अर्थ कसैको, आफ्नै वा अन्य व्यक्तिकै, सम्मान वा कल्याण खोज्ने कार्यमा गम्भीरतापूर्वक समर्पित भएको हुनु हो।

धर्मशास्त्रले परमेश्वर यस प्रकारले डाही हुनुभएको देखाउँदछ। उहाँले निरन्तर र उत्सुकतासित उहाँको आफ्नै सम्मान रक्षा गर्न खोज्नुहुन्छ। उहाँले "म परमप्रभु तिमीहरूका परमेश्वर *डाह गर्ने* परमेश्वर हुँ" (प्रस २०:५) भन्नुहुँदै आफ्ना जनलाई मूर्तिहरूअगि ननिहुरिनू वा तिनीहरूको पूजा नगर्नू भनी आज्ञा दिनुहुन्छ। उपासना झुटा देवताहरूलाई होइन, तर उहाँलाई दिइयोस् भनी उहाँले चाहना गर्नुहुन्छ। त्यसकारण, उहाँले निम्निलिखित कारण बताउनुहुँदै इस्राएलका मानिसहरूलाई कनान देशमा भएका अन्यजातिहरूका देवताहरूका वेदीहरू भत्काइदिनू भनी आज्ञा दिनुहुन्छ, "तिमीहरूले अन्य कुनै देवताको पूजा नगर्नू किनकि परमप्रभु, जसको नाउँ "डाही" हो, डाह गर्ने परमेश्वर नै हुनुहुन्छ" (प्रस ३४:१४; तु. व्यव ४:२४; ५:९)।

यसर्थ, परमेश्वरको डाहलाई निम्नलिखित प्रकारले परिभाषित गर्न सकिन्छ : *परमेश्वरको डाहको अर्थ यो हो कि परमेश्वरले निरन्तर उहाँको आफ्नै सम्मानको रक्षा गर्न खोज्नुहुन्छ*।

डाह परमेश्वरमा वाञ्छनीय गुण हो भनी सोच्नु मानिसहरूलाई कहिलेकाहीँ कठिनाइ हुन्छ। यसको कारण यो हो कि मानवजातिको रूपमा हाम्रो आफ्नै सम्मानको निम्ति डाह गर्नु एउटा प्रायः हम्मेसि गलत कुरो हो। हामी घमण्डी होइन, नम्र हुनुपर्दछ। तथापि हामीले यो बुझ्नैपर्दछ कि घमण्ड भुल हुनुको कारण एक धर्मसिद्धैन्तिक कारण हो : यो यही हो कि हामी त्यो सम्मानको योग्य छैनौं जो केवल परमेश्वरको हो (तु. १ कोर ४:७; प्रका ४:११)।

तथापि, आफ्नै सम्मान खोज्नु परमेश्वरका लागि भुल होइन, किनभने उहाँ यसको पूर्णतया योग्यका हुनुहुन्छ। परमेश्वरले स्वेच्छाले स्वीकार गर्नुहुन्छ कि सृष्टि र उद्धारका कामहरू उहाँको आफ्नै सम्मानका लागि गरिएका हुन्। उहाँका जनमा दण्ड आउन नदिनुहुने उहाँको निर्णयबारे बताउनुहुँदै परमेश्वर भन्नुहुन्छ, "मेरो आफ्नै खातिर, मेरो आफ्नै खातिर म त्यो गर्दछु। ... *मेरो महिमा म अरू कसैलाई दिनेछैनँ"* (यशै ४८:११)। उहाँको सृष्टिबाट सबै सम्मान र महिमा पाउन परमेश्वर योग्यका हुनुहुन्छ, अनि यो सम्मान खोज्नु उहाँका लागि सही कुरा हो भनी हामीले हाम्रो हृदयमा तय गऱ्यौं भने, त्यो हाम्रो निम्ति आत्मिक रूपले स्वास्थ्यकर हुन्छ। उहाँमात्र असीम रूपले प्रशंसा गरिइनु योग्यका हुनुहुन्छ। यो तथ्यलाई बुझ्न र यसमा प्रसन्न बन्नु साँचो उपासनाको रहस्य पत्तो लगाउनु हो।

**१३. क्रोध।** बाइबलले परमेश्वरको क्रोधबारे जति बारम्बार बताउँछ, सो थाहा पाउँदा हामी आश्चर्यचकित बन्न सक्छौं। तथापि यदि परमेश्वरले सबै सही र असल, अनि उहाँको नैतिक गुणअनुरूपका सबै थोकलाई प्रेम गर्नुहुन्छ भने, उहाँको

नैतिक गुणविरुद्ध भएका सबै थोकलाई उहाँले घृणा गर्नु कुनै आश्चर्यजनक कुरा हुनु हुँदैन। त्यसकारण पापको विरुद्ध भड्केको परमेश्वरको क्रोध उहाँका पवित्रता र न्यायसित घनिष्ठ रूपले सम्बन्धित हुन्छ। परमेश्वरको क्रोधलाई निम्नलिखित प्रकारले परिभाषित गर्न सकिन्छ : *परमेश्वरको क्रोधको अर्थ यो हो कि उहाँले सबै पापलाई तीव्र घृणा गर्नुहुन्छ।*

परमेश्वरको क्रोधका वर्णनहरू प्रायः नै धर्मशास्त्रका विवरणात्मक खण्डहरूमा पाइन्छन्, विशेष गरी परमेश्वरका जनले उहाँको विरुद्धमा महापाप गरेका बेला। परमेश्वरले इस्राएलका मानिसहरूको मूर्तिपूजा देख्नुहुन्छ र मोशालाई भन्नुहुन्छ, "मैले यी मानिसहरूलाई देखें। ... अब मलाई नरोक्, र मेरो *क्रोध* यिनीहरूमाथि दन्किओस्। म यिनीहरूलाई भस्म पार्नेछु" (प्रस ३२:९-१०)। पछिबाट मोशा ती मानिसहरूलाई भन्छन्, "उजाड़-स्थानमा तिमीहरूले कसरी परमप्रभु तिमीहरूका परमेश्वरलाई रीस उठायौ, यो कुराको सम्झना गर, ... होरेबमा पनि तिमीहरूले परमप्रभुलाई रीस उठायौ, र तिमीहरूलाई नाशै गर्नेसम्म परमप्रभु क्रुद्ध हुनुभएको थियो" (व्यव ९:७-८; तु. २९:२३; २ राज २२:१३)।

तर, धर्मशास्त्रमा परमेश्वरको क्रोधको धर्मसिद्धान्त पुरानो करारमा मात्र सीमित छैन, जस्तो कि कतिले भूलवश कल्पना गरेका छन्। हामी यूहन्ना ३:३६ मा पढ्दछौं, "जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञा पालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ।" पावल भन्छन्, "परमेश्वरको क्रोध ती मानिसहरूका सारा भक्तिहीनता र दुष्टताको विरुद्ध स्वर्गबाट प्रकट भएको छ" (रोम १:१८; तु. २:५, ८; ५:९; ९:२२; कल ३:६; १ थेस १:१०; २:१६; ५:९; हिब ३:११; प्रका ६:१६-१७; १९:१५)। नयाँ करारका अझ अनेकौं खण्डहरूले पनि पापको विरुद्ध परमेश्वरको क्रोधलाई सङ्केत गरेका छन्।

परमेश्वरका अन्य गुणहरूजस्तै, यो गुणको निम्ति हामीले परमेश्वरलाई धन्यवाद दिनुपर्दछ, उहाँको प्रशंसा गर्नुपर्दछ। यो कसरी गर्न सकिन्छ सो हामी तत्कालै बुझ्न नसकौंला, कारण क्रोध त्यस्तो नकरात्मक धारणा भएको देखिन्छ। यसलाई अलग्गै हेर्दा, यसले केवल डर र आतङ्क मात्र उत्पन्न गर्छ। तथापि यदि परमेश्वर पापलाई घृणा नगर्नुहुने परमेश्वर हुनुभएको भए, परमेश्वर कस्तो हुनुहुनेथियो भन्ने प्रश्न गर्नु हाम्रो निम्ति उपयोगी हुन्छ। उहाँ कि त पापसित प्रसन्न बन्नुहुने परमेश्वर हुनुहुनेथियो वा कमसेकम पापद्वारा विचलित बन्नुहुनेथिएन। यस्ता परमेश्वर हाम्रो उपासनायोग्य परमेश्वर हुनुहुनेथिएन किनभने पाप घृणित छ, अनि यो घृणा*योग्य* छ। पाप हुनु नै हुँदैन। खराबी र पापलाई घृणा गर्नु वास्तवमा एउटा सद्‌गुण हो (तु. हिब १:९; जक ८:१७, आदि), र महाखराबी, अन्याय र पापको विरुद्ध घृणा अनुभव गर्दा हामीले न्यायोचित रूपले परमेश्वरको यो गुणलाई अनुकरण गर्छौं।[९]

यसबाहेक, ख्रीष्टियानहरूका रूपमा हामी परमेश्वरको क्रोधसित डराउनुहुँदैन, किनभने यद्यपि "बाँकी मानिसजस्तै हामी स्वभावैले क्रोधका सन्तान थियौं" (एफि २:३)। अब हामीले येशूमा भरोसा गरेका छौं, "जसले आउन लागेको क्रोधबाट

[९]यस प्रसङ्गमा हाम्रा लागि, एउटा उक्तिले बताएझैं "पापलाई घृणा गर्नु तर पापीलाई प्रेम गर्नु"

हामीलाई छुटकारा दिनुहुन्छ" (१ थेस १:१०; तु. रोम ५:१०)। हामीले परमेश्वरको क्रोधबारे मनन गर्दा, यो सोचेर हामी चकित बन्नेछौं कि हामीले हाम्रो पापका निम्ति भोग्नुपर्ने परमेश्वरको क्रोध हाम्रा प्रभु येशू ख्रीष्टले भोग्नुभयो, ताकि हामी बचाइयौं (रोम ३:२५-२६)।[10]

यसबाहेक, हामीले परमेश्वरको क्रोधबारे विचार्दा, उहाँको धैर्यलाई पनि मनमा राख्नुपर्दछ। भजन १०३ मा धैर्य र क्रोध दुवै उल्लेखित छन् : "परमप्रभु ... क्रोध गर्नमा ढिला, र अति करुणामय हुनुहुन्छ। उहाँले सधैं दोष लगाइरहनुहुन्न, उहाँले सधैं क्रोध पनि लिइराख्नुहुन्न" (भज १०३:८-९)। वास्तवमा, परमेश्वरले खराबीमाथि खनाउनुपर्ने क्रोधलाई ढिलो गर्नुभएको कारण मानिसहरूलाई पश्चात्तापतर्फ अगुवाइ गर्नलाई हो (हे. रोम २:४)।

त्यसकारण, हामीले परमेश्वरको आउनेवाला क्रोधबारे सोच्दा, अझ धेरै मानिसहरू बचाइऊन् भन्ने खातिरले उहाँको क्रोधलाई थामिराख्ने परमेश्वरको धैर्यको निम्ति हामी धन्यवादी पनि बन्नुपर्दछ, "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ। तर प्रभुको दिन त चोरजस्तै गरी झट्टै आउनेछ, जसमा आकाशचाहिँ ठूलो आवाजसाथ बितिजानेछ ..." (२ पत्र ३:९-१०)। परमेश्वरको क्रोधले हामीलाई प्रचार गर्ने काममा अभिप्रेरित गर्नुपर्दछ अनि हामीलाई यस विषयमा पनि धन्यवादी बनाउनुपर्दछ कि परमेश्वरले अन्त्यमा सबै अधर्महरूलाई दण्ड दिनुहुनेछ अनि नयाँ आकाश र नयाँ पृथ्वीमा राज गर्नुहुनेछ, जहाँ अधार्मिकता हुनेछैन।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

### *आत्मिकता*

१. उहाँलाई नै प्रतिनिधित्व गर्नलाई बनाइएका किन नहुन्, कुँदिएका मूर्तिहरूसित परमेश्वर किन अत्यन्त अप्रसन्न हुनुहुन्छ ? त्यसो हो भने, हामीले उहाँलाई प्रार्थना गर्दा हामीले हाम्रो मनमा परमेश्वरलाई कसरी चित्रित गर्ने वा उहाँबारे कसरी सोच्ने ?
२. आज हाम्रो संस्कृति वा सोच्ने तरिकामा यस्तो के कुरा छ, जसले हामीलाई भौतिक संसार आत्मिक संसारभन्दा अझ साँचो छ, अझ स्थायी छ भनी सोच्न बाध्य बनाउँछ ? आत्मिक संसारको वास्तविकताबारे हाम्रो अन्तर्ज्ञानको दृष्टिकोण परिवर्तन गर्न हामी के गर्न सक्छौं ?

### *ज्ञान*

३. हामीले परमेश्वरबाट हाम्रो विचार र कर्महरू कहिले लुकाउने प्रयास गर्नुपर्दछ ? तपाईंले दिनुभएको यस प्रश्नको उत्तर तपाईंको जीवनका लागि कसरी एउटा आशिष् हो ?

४. तपाईंको जीवनका परिस्थितिहरूसम्बन्धी, के परमेश्वरले कहिल्यै भुल गर्नुहुनेछ, वा पूर्वयोजना गर्न चुक्नुहुन्छ, वा सबै सम्भाव्यताहरूलाई विचार गर्न सक्नुहुन्न ? यस प्रश्नको उत्तर तपाईंको जीवनका लागि कसरी एउटा आशिष् हो ?

५. यो वाक्य पढ्दै यस दिनको यस समयमा तपाईं जुन स्थलमा हुनुहुन्छ, त्यहाँ तपाईं हुनुहुनेछ भनी परमेश्वरले कहिले जान्नुभयो ? तपाईंले दिनुभएको यस उत्तरको तपाईंको जीवनमा कसरी एउटा आशिष् हो ?

### *बुद्धि*

६. परमेश्वरले आज तपाईंको जीवनमा बुद्धिमानी प्रकारले काम गरिरहनुभएको छ भनी के तपाईं साँच्चै विश्वास गर्नहुन्छ ? यस संसारमा ? समय-समयमा यो कुरा विश्वास गर्न तपाईंलाई कठिन पर्नजान्छ भने तपाईंको मनोवृत्ति परिवर्तन गर्न तपाईंले के गर्न सक्नुहुन्छ ?

### *सत्यवादिता*

७. बोलीवचनमा हुनपर्ने सत्यवादिताबारे हाम्रो समाजमा मानिसहरू, ख्रीष्टियानहरू पनि, किन साँच्चै असावधान छन् ? हामीले यो कुरा किन प्रायः नै बुझ्दैनौं कि झुटो बोल्नुबाट आउने सबैभन्दा ठूलो हानि यो हो कि यसद्वारा परमेश्वर स्वयम् नै अपमानित बन्नुहुन्छ ? निम्नलिखित क्षेत्रहरूमध्ये कुनै एउटामा बोलीवचनमा परमेश्वरको सत्यवादिता अझ पूर्ण रूपले झल्काउन के परमेश्वरको सहायता माग्न तपाईंलाई आवश्यक छ : कसैको निम्ति प्रार्थना गर्नेछु भन्ने तपाईंको प्रतिज्ञामा; तपाईं एउटा तोकिएको समयमा एउटा कुनै ठाउँमा हुनेछु भन्ने कुरामा; अझ रुचिकर कथा बनाउनलाई केही घटनाहरूलाई बढ़ाइ-चढ़ाइ गर्ने काममा; व्यापारिक प्रतिबद्धताहरूको प्रसङ्गमा तपाईंले भन्नुभएको कुरा याद गर्ने र त्यसपछि तिनलाई पूरा गर्नुमा ध्यान दिने काममा विश्वसनीय हुनुमा; अरू मानिसहरूले के भनेका छन् वा अन्य मानिसले के सोचिरहेको छ भनी तपाईं सोच्नुहुन्छ सोको प्रतिवेदन दिने काममा; विवादमा तपाईंको विरोधीको दृष्टिकोणलाई निष्पक्ष प्रकारले बताउने काममा ?

### *भलाइ*

८. हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो (याक १:१७) भन्ने तथ्यलाई मनमा राख्दै, परमेश्वरबाट आउने कतिवटा असल वरदानहरू पाँच मिनटभित्र एउटा कागजको टुक्रामा सूचीबद्ध गर्न सक्नुहुन्छ। यो गरि सक्नुभएपछि, तपाईंले आफैलाई यो सोध्नुहोस् कि यी वरदानहरूका निम्ति तपाईंमा परमेश्वरप्रति प्रायः कतिपटक धन्यवादी मनोवृत्ति हुन्छ ? यी आशिष्हरू परमेश्वरबाट आउँछन् भनी बिर्सने झुकाउ हामीमा किन हुन्छ भनी तपाईं सोच्नुहुन्छ ? यो कुरा बारम्बार स्मरण गर्नलाई हामी के गर्न सक्छौं ?

### *प्रेम*

९. के हाम्रो आफ्नै एक-अर्काप्रतिको सम्बन्धमा प्रेम "आत्म-त्यागी" छ भन्नु उपयुक्त छ ? तपाईंले आज विशेष गरी कुन तरिकाहरूले परमेश्वरको प्रेम अनुकरण गर्न सक्नुहुन्छ ?

१०. के कसैलाई प्रेम गर्ने निर्णय गर्नु र त्यो निर्णयअनुसार काम गर्नु सम्भव हुन्छ वा मानिसहरूमाझ प्रेम केवल हठात् संवेगात्मक अनुभूतिहरूमा आधारित हुन्छ ?

### *कृपा*

११. यदि तपाईंले परमेश्वरको करुणा अझ पूर्ण रूपले प्रतिविम्बित गर्नु हो भने, तपाईंले चिन्नुहुने मानिसहरूमध्ये आउँदो साता कसलाई विशेष वास्ता देखाउनुहुनेछ ?

### *पवित्रता*

१२. तपाईंको वर्तमान जीवनको ढाँचामा के यस्ता क्रियाकलाप वा सम्बन्धहरू छन् जसले पवित्रतामा तपाईंको वृद्धिलाई रोकिरहेका छन्, किनभने तिनले तपाईंलाई पापबाट अलग हुने र परमेश्वरको सम्मान खोज्ने काममा अर्पित बन्नमा कठिनाइ उत्पन्न गरेका छन् ?

### *शान्ति*

१३. तपाईंको आफ्नै जीवनमा परमेश्वरको शान्ति प्रतिविम्बित गर्नेबारे तपाईंले विचार गर्नुहुँदा, तपाईंले सर्वप्रथम तपाईंका आफ्नै संवेगात्मक, मानसिक र आत्मिक अवस्थाबारे सोच्नुहोस्। के तपाईंले यसो भन्न सक्नुहुन्छ कि सामान्यतः तपाईंमा यस अर्थमा परमेश्वरको शान्ति छ कि तपाईंको भित्रीय जीवन अस्तव्यस्तता र अव्यवस्थादेखि अलगै छ र सुव्यवस्थित र सुनियन्त्रित क्रियाकलापमा प्रायः नै र बारम्बार यसरी सक्रिय छ जसले परमेश्वरको महिमालाई बढ़ाउँदछ ? त्यसपछि "बाहच परिस्थितिहरू" भन्न सकिने तपाईंको जीवनका परिस्थितिहरू, अर्थात् तपाईंका पारिवारिक सम्बन्धहरू, छिमेकीहरूसँग तपाईंका सम्बन्धहरू, अध्ययन वा तपाईंको नौकरीमा र मण्डलीका क्रियाकलापमा तपाईंका सम्बन्धहरूसम्बन्धी ती नै प्रश्नहरू गर्नुहोस्। तपाईको जीवनलाई समग्रमा हेर्दा, तपाईंको जीवनको मोटामोटी चित्र कस्तो छ ? के यसले परमेश्वरको शान्ति प्रदर्शित गर्छ ? परमेश्वरको शान्ति अझ पूर्ण रूपले प्रतिविम्बित गर्नलाई तपाईंले के गर्न सक्नुहुन्छ ?

१४. के तपाईंले कहिलकाहीँ आफैलाई यो इच्छा गरिरहनुभएको पाउनुहुन्छ कि परमेश्वरका कुनै-कुनै विधिहरू अलिक बेग्लै भए पनि हुनेथियो ? त्यसो हो भने, के यस्तो इच्छाले परमेश्वरको नैतिक स्वभावका केही पक्षहरूप्रति अप्रसन्नता प्रतिविम्बित गर्छ ? यी क्षेत्रहरूमा परमेश्वरको गुण र उहाँका

विधिहरू सही छन् भनी आफैलाई अझ विश्वास दिलाउनका लागि धर्मशास्त्रका कुन खण्डहरू तपाईंले पढ्न सक्नुहुन्छ ?

***डाह***

१५. कुराकानीमा वा दूरदर्शनमा वा अरू सन्दर्भहरूमा परमेश्वरको अनादार भएको सुन्दा के तपाईंले परमेश्वर स्वयम्‌को सम्मानका लागि सहजज्ञान (*instinctively*)-ले नै परमेश्वरको डाह प्रतिविम्बित गर्नुहुन्छ ? परमेश्वरको सम्मानका निम्ति हाम्रो डाहलाई अझ तीव्र बनाउनलाई हामीले के गर्न सक्छौं ?

***क्रोध***

१६. के हामीले यो तथ्यलाई प्रेम गर्नैपर्दछ कि परमेश्वर क्रोधका परमेश्वर हुनुहुन्छ जसले पापलाई घृणा गर्नुहुन्छ ? यो क्रोध कुन तरिकाले अनुकरण गर्नु हाम्रो निम्ति ठीक हो, कुन तरिकाले अनुकरण गर्नु ठीक होइन ?

## विशेष शब्दावली

| | | |
|---|---|---|
| अस्तित्वका गुणहरू | डाह | धैर्य |
| परासुखदायक दर्शन ( ?) (*beatific vision*) | न्याय | शान्ति |
| | क्रम/व्यवस्था | क्रोध |
| कथनीय वा बाँड्न सकिने गुणहरू | ज्ञान | न्यायोचित आत्म-निर्णय |
| विश्वसनीयता | प्रेम | |
| दृढ़सङ्कल्प | असल | मानसिक गुणहरू |
| धार्मिकता | भलाइ/भलोपन | करुणा |
| आत्मिकता | अनुग्रह | नैतिक गुणहरू |
| परमेश्वर-दर्शन | पवित्रता | सत्यवादिता |
| सर्वशक्तिमत्ता | सत्यवादिता/निष्ठा | |
| दुःखातीत (*impassible*) | एउटै साधारण र अनन्तको काम | सत्यवादिता |
| अदृश्यता | | बुद्धि |

## पुस्तक सूची

विषय-वस्तुमा १२ र १३ अध्यायहरू निकटतम रूपले सम्बन्धित भएका हुनाले ती दुवैका पुस्तक सूची १३ अध्यायको अन्त्यमा छ।

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**प्रस्थान ३४:६-७** : *परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, "परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौं हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि*

*सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ।"*

टीका : यस खण्डको अन्तिम भागले परमेश्वरले "पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना"-लाई दिनुहुने कुरा बताउँछ। कतिले यो खण्डको अन्तिम भाग याद नगर्लान्, तर हामीले यो सम्झना गर्नैपर्दछ कि यो खण्ड पनि धर्मशास्त्र हो र यो हाम्रो आत्मिक उन्नतिको निम्ति लेखिएको हो। पापी व्यक्तिबाहेक पापले कसरी त्यस पापीको वरिपरिका मानिसहरू र भावी पुस्ताहरूलाई समेत हानि पुऱ्याउँछ र यस प्रकारले पापका प्रभावहरू कति भयानक हुन्छन् सो यस वक्तव्यले देखाउँछ। यसलाई हामी त्रासद रूपमा सामान्य जीवनमा पनि देख्छौं, रक्सी दुर्व्यसनीहरूका छोराछोरीहरू पनि प्रायः नै त्यस्तै दुर्व्यसनी बन्दछन् अनि दुर्व्यवहार गर्ने आमाबाबुका छोराछोरीहरू पनि प्रायः नै दुर्व्यवहार गर्नेहरू बन्दछन्।

तर ख्रीष्टद्वारा क्षमा गरिएका ख्रीष्टियानहरूले यी वाक्यांशहरू तिनीहरूमा लागु हुन्छन् भनी सोच्नु हुँदैन, किनभने तिनीहरू यसको ठीकअघि "दोषी" खण्डमा उल्लेखित मानिसहरूको बेग्लै वर्गमा पर्दछन्। तिनीहरू ती हजारौं-हजार मानिसहरूमध्येका हुन् जसलाई परमेश्वरले निरन्तर "कृपा" गर्नुहुन्छ र जसको निरन्तर रूपले "दुष्टता, विद्रोह र पाप" क्षमा गर्नुहुन्छ (प ७)। कोही ख्रीष्टमा आउँदा पापको साङ्लो छिनालिइन्छ। यहाँ पत्रुसका शब्दहरू स्मरण गर्नु महत्त्वपूर्ण हुन्छ, "तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएको व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी छुट्‌टाइएका होइनौ, तर ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्‌टाइएका हौ" (१ पत्र १:१८-१९)।

### भजन

"राजाको गर उपासना"

परमेश्वरको गुणको एउटा वा अर्को पक्षको भजन गाउनलाई प्रायः एउटा सिनहो पुस्तक नै प्रयोग गर्न सकिन्छ। तर पनि यो भजनमा परमेश्वरका धेरैवटा गुणहरू तालिकाबद्ध गरिएका छन् अनि यसले तिनलाई यस्तो प्रकारले सम्मिश्रित गरेको छ कि यो भजन घरीघरी गाउन योग्यको छ। १ पदले परमेश्वरका महिमा, शक्ति, प्रेम; २ पदले उहाँका बल, अनुग्रह, क्रोध, आदिबारे बताउँछ। ५ पदमा "अकथनीय"-ले "पूर्ण रूपले अभिव्यक्त गर्न नसकिने" बुझाउँछ। "सर्वोपरि महिमायुक्त राजाको आराधना गर" भन्ने सुझाउ दिँदै ख्रीष्टियानहरूले एक-अर्काका निम्ति गाउनलाई यो भजन एउटा प्रोत्साहनको रूपमा लेखिएको छ। तथापि यस्तो सुझाउको प्रक्रियामा यो भजनमा नै पनि धेरै उच्च प्रशंसा समाविष्ट छ।

सर्वोपरि महिमायुक्त राजाको गर उपासना,
कृतज्ञतासित उहाँको शक्ति र उहाँको प्रेमबारे गाऊ;
प्राचीनकालका हाम्रा ढाल र रक्षक,

वैभवमा विराजमान् गरिनुभएको अनि प्रशंसाको पटुकाले कसिनुभएको।
बताऊ उहाँको बलबारे, गाऊ उहाँको अनुग्रहबारे,
जसको पहिरन ज्योति हो, जसको चँदुवा आकाश हो।
गर्जने काला बादलहरूले बनाउँछन् उहाँका क्रोधका रथहरू,
अनि आँधीको पखेटामा छ उहाँको पथ कालो।
नबताइएका उदेकका थोकहरूको भण्डार भएको यो पृथ्वी,
सर्वशक्तिमान्, तपाईंको शक्तिको जग बसाएको हो उहिले नै;
जसलाई अपरिवर्तनीय विधिहरूद्वारा स्थापना गरेका छन् तुरुन्तै,
अनि यसको वरिपरि आवरणजस्तै ढालिएको छ समुद्र।
कुन जिब्रोले गर्न सक्छ आवृत्ति वास्ता तपाईंको प्रशस्तको,
वायुमा सास फेर्छ यसले; चम्किन्छ ज्योतिमा यो;
खोला भएर झर्छ तलतिर यो तराईमा;
अनि निचोड़िन्छ यो शीतबिन्दु र झरीमा।
दुर्बल छोराछोरीहरू माटाका र दुर्बलताजस्तै दुर्बल हामी,
भरोसा गर्छौं हामी तपाईंमा, नता पाउँछौं प्रतिज्ञा भङ्ग गर्नुहुने तपाईं;
कति कोमल अन्त्यैसम्म दरिलो तपाईंका कृपाहरू,
हाम्रा निर्माता, रक्षक, उद्धारकर्ता र मित्र !
मौलिनै नसकिने हे बल ! वर्णनातीत प्रेम !
स्वर्गमा तपाईंलाई प्रसन्न बनाउन स्वर्गदूतहरू गाउँछन्,
तिनीहरूका चालमा निर्बल नै भए तापनि अझ नम्रै सृष्ट
साँचो उपासनासित गाउनेछन् तपाईंको प्रशंसा।

*रचयिता* : Sir Robert Grant, 1833 (भजनसंग्रह १०४ मा आधारित)

वैकल्पिक भजन : “बस्नुभएको छ प्रभु महिमावरिपरि”

**अध्याय १३**

# परमेश्वरको स्वभाव : "कथनीय" वा "बाँड्न नसकिने गुणहरू" (भाग १)

# The Character of God : Communicable Attributes (Part 2)

## *इच्छाका गुणहरूमा र उहाँको श्रेष्ठतालाई सारांशित गर्ने गुणहरूमा परमेश्वर कसरी हामीजस्तै हुनुहुन्छ ?*

यस अघिको अध्यायमा हामीले परमेश्वरका ती गुणहरू छलफल गऱ्यौं जसले उहाँको *अस्तित्व* (आत्मिकता, अदृश्यता), उहाँका *मानसिक* गुणहरू (ज्ञान, बुद्धि र सत्यवादिता), र उहाँका *नैतिक* गुणहरू (भलाइ, प्रेम, कृपा, अनुग्रह, धैर्य, पवित्रता, शान्ति, धार्मिकता, डाह र क्रोध)-हरूको वर्णन गर्छन्। यस अध्यायमा हामी परमेश्वरको *उद्देश्य*का गुणहरू, अर्थात् निर्णयहरू लिने र तिनलाई कार्यान्वयन गर्नेसम्बन्धी गुणहरू (इच्छा, स्वतन्त्रता र सर्वशक्तिमत्ता) र उहाँका *संक्षिप्त* गुणहरू (सिद्धता, धन्यता, सौन्दर्य र महिमा) अध्ययन गर्नेछौं।

**घ. उद्देश्यका गुणहरू**

गुणहरूको यस संवर्गमा हामी सर्वप्रथम परमेश्वरको सामान्य इच्छा, त्यसपछि परमेश्वरको इच्छाको स्वतन्त्रता, र अन्त्यमा परमेश्वरको इच्छाको सर्वशक्तिमत्ता (वा असीम शक्ति) छलफल गर्नेछौं।

**१४. इच्छा ।** *परमेश्वरको इच्छा परमेश्वरको त्यो गुण हो जसद्वारा उहाँले उहाँ स्वयम्‌का र सबै सृष्टिका अस्तित्व र कार्यकलापका निम्ति आवश्यक पर्ने प्रत्येक कार्बाही अनुमोदन र निर्णय गर्नुहुन्छ।*

यो परिभाषाले यो सङ्केत दिँदछ कि परमेश्वर जे हुनुहुन्छ र उहाँले जे गर्नुहुन्छ सोसित परमेश्वरको इच्छा सम्बन्धित हुन्छ। यो के गर्ने र के नगर्ने भन्नेबारे परमेश्वरका रोजाइहरूसित सम्बन्धित हुन्छ।

**अ. परमेश्वरको सामान्य इच्छा :** जे पनि हुन्छन्, ती सबैका अन्तिम वा सर्वपरम कारण परमेश्वरको इच्छा हो भन्ने तथ्यतिर धर्मशास्त्रले बारम्बार सङ्केत गर्छ। पावलले परमेश्वरलाई "सबै कुरा *आफ्नो इच्छाको योजनाअनुसार* पूरा" गर्नुहुने अस्तित्व भनी इङ्गित गर्दछन् (एफि १:११)। यहाँ "सबै कुरा" (*ta panta*) भनी अनुवाद

भएको वाक्यांशलाई पावलले अस्तित्वमा भएको प्रत्येक कुरो वा सृष्टिमा भएको प्रत्येक कुरो बुझाउनलाई प्रायः नै प्रयोग गर्छन् (उदा. हे. एफि १:१०, २३; ३:९; ४:१०; कल १:१६ [दुईपटक], १७; रोम ११:३६; १ कोर ८:६ [दुईपटक]; १५:२७-२८ [दुईपटक]।[1] "पूरा गर्नुहुन्छ" (*energeo*) वर्तमानकालिक कृदन्त हो र यसले चलिरहेको काम सङ्केत गर्छ। यस वाक्यांशलाई अझ स्पष्ट रूपले यसरी अनुवाद गर्न सकिन्छ "जसले उहाँको इच्छाको योजनाअनुसार विश्वमा प्रत्येक थोक उत्पन्न गर्नुहुन्छ।"

अझ विशेष रूपले भन्नु हो भने, सबै कुरा परमेश्वरको इच्छाद्वारा सृष्टि गरिएको थियो, "किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, तिनको सृष्टि भयो" (प्रका ४:११)। मानिसको सरकार परमेश्वरको इच्छाबमोजिम उत्पन्न भएको हो भनी पुरानो करार र नयाँ करार दुवैले बताउँछन्; आकाशबाट आएको वाणीले नबूकदनेसरलाई भन्छ, "मानिसहरूका राज्यमाथि सर्वोच्चकै सर्वाधिकार छ र उहाँले इच्छा गर्नुभएको कसैलाई पनि ती राज्यहरू दिनुहुन्छ" (दान ४:३२), अनि पावल भन्छन्, "परमेश्वरबाट आएको अधिकारबाहेक अरू कुनै अधिकार हुँदैन। जुन प्रशासकहरू छन्, ती परमेश्वरबाटै नियुक्त भएका हुन्" (रोम १३:१)।

यरूशलेममा भएको मण्डलीले यो विश्वास गरे कि ख्रीष्टको मृत्युसित सम्बन्धित सबै घटनाहरू परमेश्वरको इच्छाअनुसारका थिए, किनभने तिनीहरूका प्रार्थनामा तिनीहरूले भने, "किनभने साँच्चै तपाईंले अभिषेक गर्नुभएका, तपाईंका पवित्र सेवक येशूको विरुद्धमा हेरोद र पन्तियस पिलातस दुवै जना, अन्यजाति र इस्राएलीहरूसँग यसै शहरमा भेला भएका थिए। *त्यही गर्नलाई जे तपाईंको बाहुलीबाट र तपाईंको योजनाअनुसार अघिबाटै ठहराइएको थियो"* (प्रे ४:२७-२८)। क्रूसीकरणका विभिन्न तहहरूमा संलग्न विभिन्न दलहरूबारे निर्दिष्ट उल्लेखले यो परिलक्षित गर्छ कि येशूको मृत्युसम्बन्धी तथ्य मात्र होइन तर यस घटनासित सम्बन्धित सबेहोर विवरण यो वाक्यमा सम्मिलित गरिएका छन् : परमेश्वरको बाहुली र इच्छाले ती सबै घटनाहरू होऊन् भनी अघिबाटै ठहराइएका थिए।

उदाहरणार्थ, जस्तो गरी १ पत्रुस ३:१७ मा देखिन्छ, परमेश्वरले यो इच्छा गर्नुहुन्छ कि ख्रीष्टियानहरूले दुःख पाऊन् : *"यदि परमेश्वरको इच्छा यस्तै छ भने,* खराबी गरेर दुःख भोग्नुभन्दा भलाइ गरेर दुःख भाग्नु नै असल हो।" त्यसपछि पत्रुसले दोस्रो अध्यायमा भन्छन्, "यसकारण *परमेश्वरको इच्छाबमोजिम* दुःख भोग्नेहरूले भलाइ गरून् र तिनीहरूले आफ्ना आत्मा विश्वासयोग्य सृष्टिकर्ताकहाँ सुम्पून्" (१ पत्र ४:१९)। "परमेश्वरको इच्छाअनुसार" भन्ने यो वाक्यांशले त्यो तरिकातिर सङ्केत गर्न सक्दैन जसअनुसार ख्रीष्टियानहरूले दुःख भोग्छन्, किनभने यस्तै बुझायो भने यसले यो वाक्यांशलाई तत्त्वतः यो भन्न बाध्य तुल्याउनेछ, *"उचित काम गर्दा कष्ट पाउनेहरूले उचित काम गरून्* र तिनीहरूका आत्मा ... सम्पून्।"

[1]यो वाक्यांशले जहिले पनि त्यो अर्थ बोक्दैन (तु. रोम ११:३२; १ को १२:६; २ कोर १२:१९), तर जहाँ पावलको विचार अंतरिक्षीय वा विश्वव्यापी छ (जस्तो कि यस वाक्यांशमा) त्यहाँ यसले सृष्टिमा भएका सबै कुराहरूतिर सङ्केत गरेको स्पष्ट प्रतीत हुँदैन।

यसले "परमेश्वरको इच्छाअनुसार" भन्ने वाक्यांशलाई अनावश्यक तुल्याइदिन्छ। यसको सट्टामा "परमेश्वरको इच्छाअनुसार" भन्ने वाक्यांशले यो तथ्यलाई नै सङ्केत गर्नुपर्छ कि यी ख्रीष्टियानहरूले, यसअघिको अध्यायमा (१ पत्र ३:१७) "परमेश्वरको इच्छा"-ले कष्टतिर सङ्केत गरेजस्तै कष्ट भोगिरहेका छन्।

हाम्रो जीवनका सबै घटनाहरू परमेश्वरको इच्छाधीन रहेका हुन्छन् भनी हेर्नू भनी याकूबले हामीलाई प्रोत्साहित गर्छन्। "आज वा भोलि हामी फलानो शहरमा जाऔँला, त्यहाँ एक वर्ष बिताऔँला र व्यापार गरेर नाफा गरौँला," भन्नेहरूलाई याकूब भन्छन्, "भोलि के हुने हो तिमीहरू जान्दैनौ। ... यसको सट्टामा त तिमीहरूले यसो भन्नुपर्ने, *'यदि परमेश्वरको इच्छा भयो भने* हामी बाँचौँला र यस्तो-उस्तो गरौँला'" (याक ४:१३-१५)। यति धेरै घटनाहरू, खराब घटनाहरूलगायतका यति धेरै घटनाहरूको श्रेय परमेश्वरको इच्छालाई दिँदा यसले प्रायः नै ख्रीष्टियानहरूका निम्ति भुल बुझाइ र कठिनाइ उत्पन्न गरिदिन्छ। यस विषय-वस्तुसित सम्बन्धित केही कठिनाइहरू यहाँ छलफल गरिनेछन् र अरू कठिनाइहरू परमेश्वरको प्रबन्धबारे १६ अध्यायमा छलफल गरिनेछन्।

**आ. परमेश्वरको इच्छाका पक्षहरूका भेद :** (१) अनिवार्य इच्छा र स्वतन्त्र इच्छा : विगतमा गरिएका कतिपय विभेदीकरणहरूले परमेश्वरको इच्छाका विभिन्न पक्षहरू बुझ्न हामीलाई सहायता गर्न सक्छ। जस्तो गरी हामीले इच्छा गर्न सक्छौँ वा कुनै कुरा उत्साहसित वा मन नपरी, खुशीसित वा पछुतोसित वा गुप्त रूपमा वा खुल्लमखुल्ला छनोट गर्न सक्छौँ, त्यसरी नै परमेश्वर उहाँको व्यक्तित्वको असीम महानतामा विभिन्न कुराहरू विभिन्न तरिकाहरूले इच्छा गर्न सक्षम हुनुहुन्छ।

परमेश्वरको इच्छाका पक्षहरूमा प्रयोग गरिएको एउटा उपयोगी विभेदीकरण हो परमेश्वरको *अनिवार्य इच्छा* र परमेश्वरको *स्वतन्त्र इच्छा*माझको विभेदीकरण। परमेश्वरको अनिवार्य इच्छामा ती सबै कुराहरू समाविष्ट हुन्छन् जुन कुराहरू उहाँले उहाँको स्वभावअनुसार इच्छा गर्नैपर्दछ। परमेश्वरले अनिवार्य रूपमा के इच्छा गर्नुहुन्छ ? उहाँले उहाँ स्वयम् इच्छा गर्नुहुन्छ। उहाँ जे हुनुहुन्छ र जो हुनुहुन्छ सो हुन उहाँले सदासर्वदा इच्छा गर्नुहुन्छ, वा चाहना गर्नुहुन्छ। उहाँ भन्नुहुन्छ, **"म हुँ जो म हुँ"** वा **"म जे हुनेछु म त्यही हुनेछु"** (प्रस ३:१४)। परमेश्वरले स्वयम्‌भन्दा भिन्नै बन्ने वा अस्तित्वविहीन बन्ने छनोट गर्न सक्नुहुन्न।

परमेश्वरको *स्वतन्त्र इच्छा*मा ती सबै कुराहरू समाहित छन् जो परमेश्वरले इच्छा गर्ने निर्णय लिनुभयो तर उहाँको स्वभावअनुसार इच्छा गर्ने कुनै आवश्यकता थिएन। यसमा हामीले विश्वलाई सृष्टि गर्ने र त्यो सृष्टिका सबै बेहोराहरूसित सम्बन्धित उहाँको निर्णयलाई पनि समाहित गर्नुपर्दछ। हामीले परमेश्वरको उद्धारका सबै कामहरूलाई पनि यसमा अन्तर्भुक्त गर्नुपर्दछ। परमेश्वरको आफ्नै स्वभावमा यस्तो कुनै कुरा थिएन जसले उहाँलाई विश्व सृष्टि गर्ने वा पापमय मानिसहरूलाई उद्धार गर्दै उहाँको निम्ति एउटा जाति बनाउने निर्णय गर्न उहाँलाई बाध्य तुल्यायो (परमेश्वरको स्वतन्त्रतासम्बन्धी माथिको छलफल हे.।) तर पनि,

परमेश्वरले सृष्टि र उद्धार गर्नुहुने निर्णय लिनु नै भयो र यी सबै उहाँको निम्ति पूर्णतया स्वतन्त्र छनोटहरू थिए। यद्यपि त्रिएकत्वका सदस्यहरूमाझ प्रेम र सङ्गति र महिमा सदासर्वदाको निम्ति असीम परिमाणमा भएका भए तापनि (हे. यूह १७:५,२५) परमेश्वरले विश्व सृष्टि गर्नुहुने र उहाँको आफ्नै महिमाको निम्ति हामीलाई उद्धार गर्नुहुने निर्णय लिनुभयो (तु. यशै ४३:७, ४८:९-११; रोम ११:३६; १ कोर ८:६; एफि १:१२; प्रका ४:११)। परमेश्वर स्वयम्को अस्तित्वमा सृष्टिको र उद्धारको अनिवार्य कारण खोज्ने प्रयास गर्नु भुल हुनेछ, किनभने यो काम गर्नु भनेको परमेश्वरबाट उहाँको पूर्ण स्वतन्त्रता लुट्नु हो। यसो गर्नु हामीविना परमेश्वर साँचो रूपले परमेश्वर बन्नुहुन्थेन भन्नु बराबर हो। सृष्टि र उद्धार गर्ने परमेश्वरको निर्णय पूर्णतः स्वतन्त्र निर्णयहरू थिए।

**(२) गुप्त इच्छा र प्रकटित इच्छा :** परमेश्वरको इच्छाका विभिन्न पक्षहरूमा प्रयुक्त गरिएको अर्को उपयोगी भिन्नता परमेश्वरको *गुप्त इच्छा* र उहाँको *प्रकटित इच्छा* माझको भिन्नता हो। हाम्रो आफ्नै अनुभवहरूमा पनि हामी यो जान्दछौं कि हामी कुनै कुराहरू गुप्त रूपले इच्छा गर्न सक्छौं र त्यसपछि मात्र यसलाई सार्वजनिक बनाउँछौं। कहिलेकाहीँ हामीले इच्छा गरेका कुराहरू पूरा हुनभन्दा अघि नै हामी ती कुराहरू अरूलाई बताउँछौं भने कहिलेकाहीँ हामीले इच्छा गरेका घटना नघटेसम्म हामीले त्यो अरूहरूलाई प्रकट गर्दैनौं।

परमेश्वरको इच्छाका अनेक पक्षहरूमाझका भिन्नता धर्मशास्त्रका कैयौं परिच्छेदहरूमा निश्चय नै प्रस्टै छन्। मोशाअनुसार, "प्रकट नभएका कुराहरू परमप्रभु हाम्रा परमेश्वरका हुन्। तर हामीले यस व्यवस्थाका सम्पूर्ण वचन पालन गर्नलाई प्रकट भएका कुराहरू हाम्रा र हाम्रा सन्तानका लागि सदाको निम्ति हुन्" (व्यव २९:२९)। परमेश्वरले प्रकट गरिदिनुभएका कुराहरू परमेश्वरको इच्छा पालन गराउने उद्देश्यका लागि दिइएका हुन्, ताकि "हामीले यस व्यवस्थाका सम्पूर्ण वचन *पालन*" गरौं। तर उहाँको योजनाका अरू अनेकौं पक्षहरू पनि थिए जसलाई उहाँले प्रकट गर्नुभएको थिएन, भविष्यका घटनाहरूका धेरै बेहोराहरू, तिनीहरूका जीवनमा हुने कठिनाइ वा आशिष् आदिका विशेष बेहोराहरू, आदि। यी कुराहरूसम्बन्धी, तिनीहरूले उहाँमा केवल भरोसा गर्नुथियो।

परमेश्वरको प्रकटित इच्छामा प्रायः नै हाम्रो नैतिक आचरणका निम्ति आज्ञाहरू वा "विधि"-हरू भएका हुनाले परमेश्वरको प्रकटित इच्छालाई कहिलेकाहीँ परमेश्वरका *विधिको इच्छा* वा आज्ञाको इच्छा पनि भनिन्छ। परमेश्वरको यो प्रकटित इच्छा *हामीले के गर्नैपर्दछ* वा परमेश्वरले हामीलाई के गर्नू भनी *आदेश दिनुहुन्छ* सोसम्बन्धी घोषित इच्छा हो।

अर्कोपट्टि, परमेश्वरको गुप्त इच्छामा प्रायः नै उहाँका लुकेका उर्दीहरू (hidden decrees) हुन्छन् जसद्वारा उहाँले विश्वलाई शासन गर्नुहुन्छ अनि जसद्वारा उहाँले भविष्यमा हुने सबै कुराहरू निर्णय गर्नुहुन्छ। उहाँले साधारणतया यी उर्दीहरू हामीलाई (भविष्यका अगमवाणीहरूमा बाहेक) प्रकट गर्नुहुन्न; यसर्थ यी उर्दीहरू

वास्तवमा परमेश्वरको "गुप्त" इच्छा हुन्। घटनाहरू वास्तवमा घटदा परमेश्वरले के उर्दी निकाल्नुभएको छ सो हामी जान्दछौं। परमेश्वरको यो गुप्त इच्छा संसारमा घटनाहरूलाई उहाँले दिनुहुने आदेशसित सम्बन्धित भएको हुनाले परमेश्वरको इच्छाको यस पक्षलाई कहिलेकाहीं परमेश्वरको *उर्दीको इच्छा* भनिन्छ।[२]

धर्मशास्त्रमा परमेश्वरको प्रकटित इच्छा उल्लेख गरिएका धेरै उदाहरणहरू छन्। प्रभुको प्रार्थनामा *"तपाईंको इच्छा* स्वर्गमा जस्तो छ, त्यस्तै यस पृथ्वीमा *पूरा होस्"* (मत्ती ६:१०) भन्ने अर्जी मानिसहरूले परमेश्वरको *प्रकटित* इच्छा, उहाँका आज्ञाहरू पृथ्वीमा त्यसरी नै पालन गरून्, जसरी तिनीहरूले स्वर्गमा पालन गर्छन् (अर्थात्, पूरै र समग्र रूपले) भन्ने प्रार्थना हो। परमेश्वरको गुप्त इच्छा (अर्थात् उहाँले योजना गर्नुभएका घटनाहरूका निम्ति उहाँका उर्दीहरू) वास्तवमै पूरा होऊन् भन्ने बिन्ती यो प्रार्थना हुन सक्दैन, किनभने परमेश्वरले गुप्तमा जे उर्दी निकाल्नुभएको छ त्यो निश्चय नै पूरा हुनेछ। परमेश्वरले जे होस् भनी अगावै उर्दी निकालिसक्नुभएको छ, त्यो पूरा गरिदिनुहोस् भनी परमेश्वरलाई प्रार्थना गर्नु भनेको केवल यस्तो प्रार्थना गर्नु हो : "जे हुनेवाला छ, त्यो भएको होस्।" त्यो वास्तवमा एउटा खोक्रो प्रार्थना हुनेछ, किनभने यसले केही नै मागिरहेको हुनेछैन। यसबाहेक, हामीले भविष्यसम्बन्धी परमेश्वरको गुप्त इच्छा नजानेका कारण परमेश्वरको गुप्त इच्छा पूरा गरियोस् भन्ने प्रार्थना गर्ने व्यक्तिले केका लागि प्रार्थना गरिरहेको छ सो जान्दैन। यो प्रार्थना बुझ्न सकिने विषयविनाको वा विनाप्रतिफलको प्रार्थना हुनेछ। यसको सट्टामा, *"तपाईंको इच्छा पूरा होस्"* भन्ने प्रार्थनालाई परमेश्वरको *प्रकटित* इच्छा पृथ्वीमा पूरा होस् भन्ने एउटा अर्जीको रूपमा बुझिनैपर्दछ।

यदि यो वाक्यांशलाई यस प्रकारले बुझियो भने, यसले हामीलाई धर्मशास्त्रमा भएको परमेश्वरका आज्ञाहरूमा आधारित प्रार्थना गर्ने एउटा नमुना उपलब्ध गराउँछ। यस अर्थमा येशूले हामीलाई प्रार्थनाका निवेदनहरूको अति विस्तृत क्षेत्रबारे मार्गदर्शन उपलब्ध गराउनुहुन्छ। मानिसहरूले परमेश्वरको व्यवस्था पालन गरून्, जीवनका लागि उहाँका सिद्धान्तहरू पालन गरून्, पापको पश्चात्ताप गरून् र ख्रीष्टलाई मुक्तिदाताको रूपमा भरोसा गरून् भन्ने उहाँका आज्ञाहरू पालन गरून् भन्ने प्रार्थना गर्नका लागि उहाँ हामी येशूद्वारा प्रोत्साहित गरिएका छौं। यी कुराहरूका निम्ति प्रार्थना गर्नुको अर्थ परमेश्वरको इच्छा जस्तो स्वर्गमा छ त्यस्तै पृथ्वीमा पनि पूरा होस् भनी प्रार्थना गर्नु हो।

केही समयपछि येशूले भन्नुहुन्छ, "मलाई 'प्रभु, प्रभु' भन्ने सबै स्वर्गको राज्यमा प्रवेश गर्नेछैनन्। स्वर्गमा हुनुहुने मेरा पिताको *इच्छा* पालन गर्ने मानिसले मात्र परमेश्वरको राज्यमा प्रवेश गर्नेछ" (मत्ती ७:२१)। फेरि पनि, यो सन्दर्भ परमेश्वरको गुप्त इच्छा वा उर्दीको इच्छाबारे हुन सक्दैन (किनभने सबै मानिसजातिले यो पालन गर्छ, नजानेर पनि), तर यो सन्दर्भ हो परमेश्वरको *प्रकटित* इच्छाबारे, अर्थात् ख्रीष्टका चेलाहरूले पालन गर्नुपर्ने परमेश्वरको नैतिक व्यवस्था (तु. मत्ती १२:५०; सम्भवत: १८:१४ पनि)। *"प्रभुको इच्छा के छ,* सो बुझ" (एफि ५:१७; तु. रोम २:१८)

[२]परमेश्वरका उर्दीहरूबारे छलफलहरू हे. अ. १६ मा।

भनी पावलले एफिसीवासीहरूलाई आदेश दिँदा, उनले फेरि पनि परमेश्वरको प्रकटित इच्छाबारे बताइरहेका छन्। अनि "उहाँको इच्छाबमोजिम जे मागे तापनि उहाँले हाम्रो कुरा सुन्नुहुन्छ" (१ यूह ५:१४) भन्दा यूहन्नाले हामीलाई त्यस्तै आदेश दिएका छन्।

१ तिमोथी २:४ र २ पत्रुस ३:९ लाई पनि यही वर्गमा राख्नु सम्भवतः सर्वोत्तम हुन्छ। पावल भन्छन् कि परमेश्वरले "सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने *इच्छा गर्नुहुन्छ*" (१ तिमो २:४)। पत्रुस भन्छन्, "आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिनीहरूप्रति धैर्यवान् हुनुहुन्छ" (२ पत्र ३:९)। परमेश्वरको इच्छा उहाँको गुप्त इच्छा, निश्चित रूपले हुने घटनासम्बन्धी उहाँको उर्दी हो भनी यी दुवै पदहरूमध्ये कुनै पनि पदमा बुझिँदैन। यसको कारण यही हो कि नयाँ करार यस विषयमा स्पष्ट छ कि अन्तिम न्याय हुनेछ र सबैलाई मुक्ति दिइनेछैन। यसर्थ यी सन्दर्भहरूले परमेश्वरको *प्रकटित इच्छा,* अर्थात् मानवजातिले आज्ञा पालन गर्नुपर्ने उहाँका आज्ञाहरू र उहाँको दृष्टिमा कुन कुरा प्रसन्न तुल्याउने छ सोबारे हाम्रा निम्ति उहाँको घोषणा बताइरहेका छन् भनी बुझ्नु सर्वोत्तम हुन्छ।

यसको विपरीत, कैयौं परिच्छेदहरूले परमेश्वरको गुप्त इच्छाको बारेमा बताउँछन्। याकूबले हामीलाई, *"यदि परमेश्वरको इच्छा भयो भने* हामी बाँचौंला र यस्तो-उस्तो गरौंला" (याक ४:१५) भन्दा उनले परमेश्वरको प्रकटित इच्छा वा नियमको इच्छाबारे बोलिरहेका हुन सक्दैनन् किनभने हाम्रो अनेकौं कार्यकलापसम्बन्धी हामी यो *जान्दछौं* कि हामीले योजना गरेका एउटा वा अर्को काम परमेश्वरको आदेशअनुसार गर्छौं। यसको सट्टामा, परमेश्वरको गुप्त इच्छामा राखिएको भरोसाले घमण्डलाई पराजित गर्छ र हाम्रो जीवनका घटनाहरूमाथि रहने परमेश्वरको सर्वसत्ताधारी नियन्त्रणमाथि विनम्र निर्भरता व्यक्त गर्छ।

अर्को उदाहरण उत्पत्ति ५०:२० मा पाइन्छ। योसेफले तिनका दाज्यूहरूलाई भन्छन्, "तिमीहरूले मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियौं, तर *परमेश्वरले त्यही कामद्वारा भलाइ गर्ने विचार गर्नुभयो,* ताकि जसरी आज भइरहेको छ त्यसरी नै धेरै मानिसहरू बाँचिरहून्" (उत ५०:२०)। उहाँ योसेफका दाज्यूहरूलाई परमेश्वरको *प्रकटित* इच्छा यो थियो कि तिनीहरूले तिनलाई प्रेम गर्नुपर्थ्यो, तिनको चोर्नु हुनेथिएन वा तिनलाई दासत्वमा बेच्नु हुनेथिएन वा तिनको हत्या गर्ने योजना बनाउनु हुनेथिएन। तर परमेश्वरको *गुप्त* इच्छा यो थियो कि योसेफका दाज्यूहरूको अवज्ञामा अझ ठूलो भलाइ गरिइनेथियो – मिश्रमा योसेफ दासत्वमा बेचिएपछि त्यस देशमा अख्तियार हासिल गरेपछि तिनी आफ्नो परिवारलाई बचाउन सक्षम बने।

पावलले कोरिन्थीहरूलाई "तर प्रभुको इच्छा भयो भने, म तिमीहरूकहाँ चाड़ै आउनेछु" (१ कोर ४:१९) भन्दा उनी परमेश्वरको प्रकटित इच्छाबारे बोलिरहेका छैनन् किनभने पावलले परमेश्वरको आज्ञा पालन गर्ने र उनको प्रेरितिक पदको

जिम्मेवारी पूरा गर्ने काममा कोरिन्थ आउने अघिबाटै सङ्कल्प गरिसकेका थिए। यसको सट्टामा उनी परमेश्वरको गुप्त इच्छाबारे, भविष्यबारे उहाँको लुकेको योजनाबारे, बताइरहेका थिए, जुन योजना पावललाई थाहा थिएन र जो पूरा हुनआउँदा मात्र ज्ञात हुनेछ (तु. प्रे २१:१४; रोम १:१०; १५:३२; एफि १:११; १ पत्र ३:१७, ४:१९)।[३]

कति मानिसहरूलाई सुसमाचारको सुसन्देश प्रकट गरिइने र अरूहरूबाट यसलाई लुकाइने कामहरू परमेश्वरको इच्छाअनुसार हुन्छन् भनिन्छ। येशूले भन्नुहुन्छ, "हे पिता, स्वर्ग र पृथ्वीका प्रभु, म तपाईंमा धन्यवाद चढाउँछु, किनकि तपाईंले यी कुरा बुद्धिमान् र समझदारबाट गुप्त राख्नुभयो, तर बालकहरूलाई ती प्रकट गर्नुभयो। हो, पिता, किनकि *तपाईंलाई यही असल लाग्यो"* (मत्ती ११:२५-२६)। यसले पनि परमेश्वरको गुप्त इच्छालाई इङ्गित गरेकै हुनुपर्दछ, किनभने उहाँको प्रकटित इच्छा यही हो कि सबैले मुक्ति पाऊन्। वास्तवमा दुई पदहरूपछि मात्र येशूले सबैलाई यो आज्ञा दिनुहुन्छ, "हे सबै थाकेका र बोझले दबिएका हो, मकहाँ आओ, म तिमीहरूलाई विश्राम दिनेछु" (मत्ती ११:२८)। पावल र पत्रुसले हामीलाई भन्छन् कि सबै मानिसहरूले मुक्ति पाऊन् भनी परमेश्वरले इच्छा गर्नुहुन्छ (हे. १ तिमो २:४; २ पत्र ३:९)। त्यसकारण, कति बचाइएका छैनन् र कतिबाट सुसमाचार लुकाइएको छ भन्ने तथ्यलाई परमेश्वरको गुप्त इच्छाअनुसारै भइरहेको छ भनी बुझिनुपर्दछ – हाम्रो निम्ति यो अज्ञात छ अनि यसको खोजीनिती गर्नु हाम्रा लागि अनुचित हो। रोमी ९:१८ मा उल्लेख गरिएको परमेश्वरको इच्छा ("यसकारण उहाँले इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, अनि उहाँले इच्छा गर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ") र प्रे ४:२८ ("त्यही गर्नलाई जे तपाईंको बाहुलीबाट र तपाईंको योजनाअनुसार अघिबाटै ठहराइएको थियो")-लाई परमेश्वरको गुप्त इच्छाका सन्दर्भहरूकै रूपमा बुझ्नुपर्दछ।

खराब घटनाहरू परमेश्वरको इच्छाअनुसार भएका हुन् भन्नेबारे कुरा गर्नुमा जोखिम हुन्छ, यद्यपि धर्मशास्त्रले तिनीहरूबारे यसरी नै बताएको हामी देख्छौं। एउटा जोखिम यो हुन्छ कि परमेश्वरले खराबीमा आनन्द मान्नुहुन्छ भनी (जो उहाँले गर्नुहुन्न) हामी सोच्नु थाल्न सक्छौं (हे., इज ३३:११), यद्यपि उहाँले यसलाई उहाँका असल उद्देश्यहरूका निम्ति उपयोग गर्न सक्नुहुन्छ (थप छलफलका निम्ति हे. अ. १६)। अर्को जोखिम यो हुन्छ कि हामीले पापका निम्ति हामी आफैहरूलाई नभएर परमेश्वरलाई दोष लाउनु थाल्न सक्छौं वा हाम्रो खराब कार्यकलापका निम्ति हामी उत्तरदायी छैनौं भनी सोच्नु थाल्न सक्छौं। तर परमेश्वरको सर्वसत्ताधारी इच्छाका वक्तव्यहरूसित खराबीका निम्ति मानिसको उत्तरदायित्वका वक्तव्यहरूलाई एउटै स्थानमा राख्नु धर्मशास्त्र हिचकिचाउँदैन। त्यही वाक्यमा पत्रुसले यो भन्न सके कि येशू "परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ"

[३]एफिसी १:९-१० मा पावल भन्छन्, "उहाँले आफ्नो इच्छाको रहस्य हामीलाई जान्न दिनुभएको छ, ताकि ... सबै थोकहरू ख्रीष्टको अधीनमा आऊन्।" उहाँ उनी हामीलाई भन्छन् कि परमेश्वरको गुप्त इच्छाको अंश परमेश्वरको प्रकटित इच्छा भएको छ, किनभने परमेश्वरले यसलाई प्रेरितहरूलाई प्रकट गरिदिनुभयो अनि त्यसपछि मण्डलीलाई।

पर्नुभयो, र साथै यो पनि कि "यिनै येशूलाई अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो" (प्रे २:२३)। परमेश्वरको लुकेको उर्दीको इच्छा र यसलाई पूरा गर्नलाई "अधर्मी मानिसहरू"-को आपराधिक दुष्टचाइँ दुवैलाई त्यही एउटै वक्तव्यमा पुष्टि गरिएका छन्। परमेश्वरको लुकेको इच्छाका गुप्त कामहरू हामी बुझौंला तर यसले हामी खराबीको उत्तरदायित्वबाट स्वतन्त्र बनाइएका छौं भन्ने, वा पापको निम्ति परमेश्वरलाई दोष दिइनुपर्छ भन्ने सङ्केत दिन्छ भनी हामीले कहिल्यै बुझ्नु हुँदैन। धर्मशास्त्रले त्यसरी कहिल्यै बोल्दैन, नता हामीले त्यसो गर्नुहुन्छ, यद्यपि यो कसरी हुन सक्छ सो हाम्रा लागि यस युगमा एउटा रहस्य नै रहला।[४]

**१५. स्वतन्त्रता।** *परमेश्वरको स्वतन्त्रता परमेश्वरको त्यो गुण हो जसद्वारा उहाँलाई जे गर्न मन लाग्छ त्यही गर्नुहुन्छ।* यो परिभाषाले यो सङ्केत गर्छ कि सृष्टिको कुनै पनि चीजले उहाँलाई उहाँको इच्छा पूरा गर्नदेखि रोक्न सक्दैन। परमेश्वरको यो इच्छा त्यसकारण उहाँको इच्छा र शक्तिसित निकटतम प्रकारले सम्बन्धित छ। तर पनि स्वतन्त्रताको यो पक्षले यो तथ्यमा आफ्नो ध्यान केन्द्रित गर्छ कि परमेश्वर उहाँदेखि बाहिरी कुनै पनि कुराद्वारा सीमित हुनुहुन्न अनि उहाँले जे चाहनुहुन्छ, त्यही गर्न उहाँ स्वतन्त्र हुनुहुन्छ। परमेश्वरले के गर्नुपर्ने हो सोबारे उहाँलाई कुनै पनि समय हुकुम दिने कुनै पनि व्यक्ति वा शक्ति छैन। उहाँ कुनै पनि अख्तियार वा बाहच प्रतिबन्धमुनि हुनुहुन्न।

परमेश्वरको स्वतन्त्रता भजन ११५ मा उल्लेखित छ, जहाँ उहाँको महान् शक्तिलाई मूर्तिहरूको कमजोरीसित तुलना गरिएको छ : "हाम्रा परमेश्वर स्वर्गमा हुनुहुन्छ, उहाँले जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ" (भजन ११५:३)। मानव शासकहरू परमेश्वरको विरुद्धमा उभिनु र प्रभावशाली रूपले उहाँको इच्छाको विरोध गर्न सक्षम छैनन् किनभने, "राजाको हृदय परमप्रभुको हातमा हुन्छ, खोलाको पानीझैं जता मन लाग्यो उतै उहाँले फर्काउनुहुन्छ" (हितो २१:१)। यस्तै प्रकारले नबूकदनेसरले तिनको पश्चात्तापमा यो सिक्छन् कि परमप्रभुबारे यसो भन्नु सत्य हो, "स्वर्गका शक्तिहरूलाई र पृथ्वीका मानिसहरूलाई *उहाँले चाहेअनुसार गर्नुहुन्छ*। कसैले पनि उहाँको हात रोक्न सक्दैन, वा 'तपाईंले के गर्नुभयो' भनी कसैले पनि सोध्न सक्दैन" (दान ४:३५)।

परमेश्वर स्वतन्त्र हुनुहुन्छ, यसकारण उहाँले केही गर्ने चाहना गर्नुभयो र उहाँको इच्छालाई सम्पूर्ण स्वतन्त्रता छ (उहाँले गर्नुहुने कामहरू उहाँको आफ्नै नैतिक गुणअनुरूप भएसम्म) भन्नेबाहेक सृष्टिमा परमेश्वरका कार्यहरूको अरू धेर अन्तिम उत्तर खोज्ने प्रयास हामीले कहिल्यै गर्नु हुँदैन। कहिलेकाहीं मानिसहरूले परमेश्वरले कुनै काम (जस्तै, संसारको सृष्टि वा हामीलाई मुक्ति प्रदान) गर्नुभएको कारण पत्तो लाउने प्रयास गर्छन्। यति नै भन्नु उत्तम हो कि परमेश्वरको सर्वथा स्वतन्त्र इच्छा (उहाँको गुणअनुरूप काम गर्नुहुँदै) नै उहाँले संसारलाई सिर्जना गर्नु र

[४]परमेश्वरको इच्छा र खराबीमाझको सम्बन्धबारे थप छलफलको निम्ति हे. अ. १६। *Still Sovereign*, सम्पा. Tom Schreiner र Bruce Ware (ग्यान्ड र्‍यापिड्स : बेकर, १९९५)-मा John Piper लिखित उत्कृष्ट निबन्ध "Are There Two Wills in God? Divine Election and God's Desire for All to Be Saved," पनि हे. *Still Sovereign*, सम्पा. Tom Schreiner र Bruce Ware-मा (ग्यान्ड र्‍यापिड्स : बेकर, १९९५)।

पापीहरूलाई मुक्ति दिन रोज्नुको अन्तिम कारण थियो।

**१६. सर्वशक्तिमत्ता (शक्ति, सर्वसत्ता)**। *परमेश्वरको सर्वशक्तिमत्ताको अर्थ यो हो कि परमेश्वर उहाँको पवित्र इच्छा पूरा गर्न सक्षम हुनुहुन्छ*। सर्वशक्तिमत्ताको समतुल्य अङ्ग्रेजी शब्द *omnipotence* दुईवटा ल्याटिन शब्दहरू *omni* (अर्थात्, "सर्व") र *potent* (अर्थात्, "शक्तिमान्")-बाट व्युत्पन्न भएको हो। परमेश्वरको स्वतन्त्रताले उहाँका निर्णयहरूमाथि कुनै बाहय नियन्त्रणहरू छैनन् भन्ने तथ्यतिर सङ्केत गऱ्यो भने, परमेश्वरको सर्वशक्तिमत्ताले उहाँले जे गर्ने निर्णय गर्नुहुन्छ त्यो गर्ने उहाँको आफ्नै शक्ति छ भन्ने सङ्केत गर्दछ।

यो शक्तिलाई धर्मशास्त्रमा प्रायः नै उल्लेख गरिएको छ। परमेश्वर "परमप्रभु, जो सामर्थी र प्रतापी हुनुहुन्छ, परमप्रभु, जो लड़ाइँमा पराक्रमी हुनुहुन्छ" (भज २४:८)। यो भाषणगत प्रश्न (*rhetorical question*) "परमप्रभुको निम्ति कुनै कुरो कठिन छ र?" (उत १८:१४; यर्मि ३२:२७)-ले निश्चय नै यो इङ्गित गर्छ (जुन सन्दर्भमा यो प्रश्न उठाइन्छ) कि परमप्रभुको निम्ति कुनै पनि कुरा अति कठिन छैन। वास्तवमा यर्मियाले परमेश्वरलाई भन्छन्, "तपाईंको लागि कुनै काम कठिन छैन" (यर्मि ३२:१७)।

पावल भन्छन परमेश्वर "हामीले मागेको वा चिताएको भन्दा ज्यादै प्रशस्त मात्रामा गर्न सक्नुहुन्छ" (एफि ३:२०), अनि परमेश्वरलाई "सर्वशक्तिमान्" भनिएको छ (२ कोर ६:१८; प्रका १:८)। यो शब्दले सबै शक्ति र अख्तियार भएको बुझाउँछ। यसबाहेक, गाब्रिएल स्वर्गदूतले मरियमलाई भन्छन्, "किनकि परमेश्वरको निम्ति कुनै कुरा असम्भव छैन" (लूक १:३७), अनि येशूले भन्नुहुन्छ, "परमेश्वरको लागि सबै कुरा सम्भव छ" (मत्ती १९:२६)।

यी खण्डहरूले यही सङ्केत गर्छन् कि परमेश्वरको शक्ति असीम छ, र उहाँले वास्तवमा जे गर्नुभएको छ त्योसम्म मात्र उहाँ सीमित हुनुहुन्न। वास्तवमा, परमेश्वरले यथार्थमा जे गर्नुहुन्छ त्योभन्दा अझ धेरै गर्न उहाँ सक्षम हुनुहुन्छ। उदाहरणार्थ, बप्तिस्मा दिने यूहन्नाले मत्ती ३:९ मा भन्छन्, "परमेश्वरले अब्राहामको लागि यी ढुङ्गाहरूबाट सन्तान उत्पन्न गर्न सक्नुहुन्छ।" परमेश्वर यस्ता व्यक्ति हुनुहुन्छ जसले "जे चाहनुहुन्छ त्यही गर्नुहुन्छ" (भज ११५:३); उहाँले इस्राएललाई नष्ट गर्नुभएर मोशाबाट एउटा ठूलो जाति खड़ा गर्न सक्नुहुन्थ्यो (तु. प्रस ३२:१०), तर उहाँले त्यसो गर्नुभएन।

तर यस्ता केही कुराहरू छन्, जुन परमेश्वरले गर्न सक्नुहुन्न। परमेश्वरले यस्तो कुनै इच्छा वा काम गर्न सक्नुहुन्न जसले उहाँको आफ्नै गुणलाई इन्कार गरोस्। यही कारण सर्वशक्तिमत्ताको परिभाषा "उहाँको सबै पवित्र इच्छा" पूरा गर्ने परमेश्वरको शक्तिको अर्थमा व्यक्त गरिन्छ। कुरा यो होइन कि परमेश्वरले पूर्ण रूपले सबै काम-कुराहरू गर्न सक्नुहुन्छ, तर कुरा यो हो कि परमेश्वर उहाँको स्वभावअनुकूलका सबै काम-कुराहरू गर्न सक्नुहुन्छ। उदाहरणार्थ, परमेश्वरले झुटो बोल्न सक्नुहुन्न। तीतस १:२ मा उहाँलाई (अक्षरशः) "झुट नबोल्नुहुने परमेश्वर" वा "कहिल्यै झुट

नबोल्नुहुने परमेश्वर" भनिएको छ। हिब्रूका लेखकले यो भन्छन् कि परमेश्वरको शपथ वा प्रतिज्ञामा "परमेश्वरको निम्ति ढाँट्नु असम्भव छ" (हिब ६:१८; लेखकको आफ्नै अनुवाद)। २ तिमोथी २:१३ ले ख्रीष्टको बारेमा भन्छ, "उहाँले आफैलाई इन्कार गर्न सक्नुहुन्न।" याकूबले अझ भन्छन्, "कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा लिनुहुन्न" (याक १:१३)। तसर्थ, परमेश्वरले झुटो बोल्न सक्नुहुन्न, पाप गर्न सक्नुहुन्न, आफैलाई इन्कार गर्न सक्नुहुन्न वा खराबीबाट परीक्षामा पारिइन सक्नुहुन्न। उहाँ विनाअस्तित्वका हुन सक्नुहुन्न, उहाँ परमेश्वर नहुन सक्नुहुन्न वा उहाँका गुणहरूसित नमिल्ने तरिकामा काम गर्न सक्नुहुन्न।

यसको अर्थ यो हो कि परमेश्वरले कुनै पनि काम गर्न सक्नुहुन्छ भन्नु पूर्णतः सही होइन। योजस्तै किसिमका वाक्यांशहरू प्रयोग गर्ने माथि उद्धृत धर्मशास्त्रका खण्डहरूलाई पनि तिनका सन्दर्भहरूमा यस अर्थमा बुझिनुपर्दछ कि परमेश्वरले गर्न चाहनुहुने कुनै पनि काम गर्न सक्नुहुन्छ वा कुनै पनि थोक गर्न सक्नुहुन्छ जो उहाँको स्वभावअनुरूप छ। परमेश्वरको शक्ति असीम भए तापनि उहाँले गर्नुहुने त्यो शक्ति प्रयोग उहाँका अन्य गुणहरूद्वारा विशेषित गरिएको हुन्छ (जस्तो गरी परमेश्वरका सबै गुणहरूले उहाँका सबै कामहरूलाई विशेषित गर्छन्)। यसकारण परमेश्वरको स्वभावबाट एउटा गुणलाई अलगै पारेर त्यसमा अनुपातहीन रूपमा जोड़ दिइएको खण्डमा उत्पन्न हुनजाने भुल बोध वा बुझाइको यो अर्को उदाहरण हो।

उहाँको सृष्टिमाथि परमेश्वरले प्रयोग गर्नुहुने शक्तिलाई परमेश्वरको *सर्वसत्ता* पनि भनिन्छ। परमेश्वरको सर्वसत्ता उहाँको सृष्टिमाथि ("सर्वोच्च" वा "राजा"-का रूपमा) उहाँले लागु गर्नुभएको नियमहरू हो। यस विषयलाई परमेश्वरको प्रबन्धबारे १६ अध्यायमा विस्तृत विवरणसहित छलफल गरिनेछ।

हामीले परमेश्वरको उद्देश्यका गुणहरूबारे विवेचन सिध्याउँदा, हामीले यो बुझ्न उपयुक्त ठहर्दछ कि उहाँले हामीलाई यस्तो प्रकारले बनाउनुभएको छ कि हामी हाम्रो जीवनमा ती गुणहरूमध्ये प्रत्येकको केही धमिलो प्रतिविम्ब देखाउँछौं। परमेश्वरले हामीलाई इच्छा भएका प्राणीहरूका रूपमा सृष्टि गर्नुभएको छ। हामी छनोट गर्छौं अनि हाम्रो जीवनका घटनाहरूसम्बन्धी हामी नै वास्तविक निर्णयहरू लिन्छौं। हाम्रो इच्छा परमेश्वरकै जस्तो सर्वथा स्वतन्त्र नभए तापनि, उहाँले सृष्टि गर्नुभएको विश्वमा हामीले गर्न पाउने क्रियाकलापभित्र परमेश्वरले हामीलाई *आनुपातिक स्वतन्त्रता* दिनुभएको छ।

वास्तवमा, हामीमा यो अन्तर्ज्ञात ज्ञान हुन्छ कि हामीमा हाम्रो इच्छाहरू चलाउने, र छनोटहरू गर्ने, र त्यो आनुपातिक स्वतन्त्रतापूर्वक गर्ने, हाम्रो क्षमता, हाम्रो अस्तित्वमा भएको परमेश्वर-प्रतिरूपका सर्वाधिक महत्त्वपूर्ण चिन्हहरू हुन्। हो, हाम्रो इच्छाहरू चलाउने र प्रतिबन्धहरूदेखि स्वतन्त्र बन्ने हाम्रो चाहनाहरू पापमय तरिकाहरूमा देखा पर्न सक्छन्। मानिसहरू घमण्डी बन्न सक्छन् र यस्तो स्वतन्त्रताको चाहना गर्न सक्छन् जसमा परमेश्वरको अख्तियारविरुद्ध विद्रोह र उहाँको इच्छा पालन गर्ने अस्वीकृति संलग्न हुन सक्छन्। तरै भए तापनि, जब हामी परमेश्वरलाई

प्रसन्न बनाउने छनोटहरू गर्नमा हाम्रो इच्छा र स्वतन्त्रता प्रयोग गर्दछौं, हामीले उहाँको स्वभाव प्रतिविम्बित गर्दछौं अनि उहाँलाई महिमित तुल्याउँदछौं। खराब सरकार वा अन्य परिस्थितिहरूद्वारा स्वतन्त्र छनोटहरू गर्ने योग्यताबाट मानवजाति वञ्चित गरिँइदा, तिनीहरूका परमेश्वर-स्वरूपको महत्त्वपूर्ण भाग दमित हुँदछ। यो चकित बनाउने कुरै होइन कि तिनीहरूको स्वतन्त्रता फेरि हासिल गर्नका लागि तिनीहरू कुनै पनि मोल तिर्नेछन्। संयुक्त राज्य अमेरिकाका क्रान्तिकारी Patric Henry-को "मलाई स्वाधीनता देऊ वा मलाई मृत्यु देऊ" भन्ने चीत्कारले परमेश्वरको स्वरूपमा सृष्टि गरिएको हरेक आत्माको गहराइमा एउटा प्रतिध्वनि पाउँदछ।

हामीसित निश्चय नै असीम बल वा सर्वशक्तिमत्ता छैन, त्यसरी नै हामीसित असीम स्वतन्त्रता वा परमेश्वरका अन्य कुनै गुणहरू असीम मात्रामा छैनन्। हामीमा सर्वशक्तिमत्ता नभए तापनि, परमेश्वरले हामीलाई परिणामहरू उत्पन्न गर्ने भौतिक र अन्य किसिमका शक्तिहरू दिनुभएको छ : मानसिक शक्ति, आत्मिक शक्ति, विश्वास दिलाउने शक्ति र प्रशासनका विभिन्न विभागहरूमा (परिवार, मण्डली, नागरिक सरकार आदि)। यी सबै क्षेत्रहरूमा परमेश्वरलाई प्रसन्न बनाउने तरिकामा र उहाँको इच्छाअनुसार प्रयोग गरिएको शक्ति फेरि पनि एउटा यस्तो काम हो जसले उहाँलाई महिमित तुल्याउँछ किनभने यो कामले उहाँकै गुण प्रतिविम्बित गर्छ।

### ङ. "सार" गुणहरू

**१७. सिद्धता।** *परमेश्वरको सिद्धताको अर्थ यो हो कि परमेश्वर सबै उत्कृष्ट गुणहरूका सम्पूर्ण मालिक हुनुहुन्छ अनि उहाँका वाञ्छनीय कुनै गुणहरूका कुनै पनि भागको उहाँमा कमी छैन।*

यसलाई एउटा बेग्लै गुणको रूपमा सूचीकृत गर्नुपर्ने हो वा यसलाई अरू गुणहरूको वर्णनमा संलग्न गर्नुपर्ने हो, सो निर्णय गर्नु कठिन छ। कुनै-कुनै खण्डहरूले परमेश्वर "सिद्ध" वा "पूर्ण" हुनुहुन्छ भन्छन्। येशूले हामीलाई भन्नुहुन्छ, *"जस्तो तिमीहरूका स्वर्गमा हुनुहुने पिता सिद्ध हुनुहुन्छ,* तिमीहरू पनि त्यस्तै सिद्ध हुनुपर्दछ" (मत्ती ५:४८)। अनि दाऊद परमेश्वरबारे भन्छन्, "उहाँको मार्गचाहिँ *सिद्ध* छ" (भज १८:३०; तु. व्यव ३२:४)। यसकारण उहाँको उत्कृष्टताको सन्दर्भमा परमेश्वरमा कुनै कमी छैन भनी प्रस्टै रूपमा व्यक्त गर्नलाई, केही धर्मशास्त्रीय पूर्वोदाहरणहरू छन्: उहाँमा उहाँका सबै गुणहरू छन् अनि यी गुणहरूमध्ये उहाँ कुनैमा पनि कम हुनुहुन्न। यसबाहेक, उत्कृष्टताको यस्तो कुनै गुण छैन जो परमेश्वरमा नभएको होस् र उहाँमा भएको वाञ्छनीय होस्; उहाँ हरेक प्रकारले "पूर्ण" वा "सिद्ध" हुनुहुन्छ।

यो गुण "सारांश" गुण भनी वर्गीकृत गरिएका गुणहरूमध्ये पहिलो हो किनभने सूचीकृत गरिएका अरू संवर्ग/कोटिहरूमा यो ठीकसँग मिल्दैन। परमेश्वरका सबै गुणहरूले अन्य सबै गुणहरूलाई केही अर्थमा रूपान्तरित गरे तापनि, यस संवर्गमा

मिल्नजाने गुणहरू सबै गुणहरूमा अझै सोझै लागु हुने देखिन्छन् वा ती गुणहरूले प्रस्टै व्यक्त गर्न योग्यका सबै गुणहरूका केही पक्ष वर्णन गरेका प्रतीत हुँदछ।

**१८. धन्यता ।** "धन्य" हुनु भनेको अति पूर्ण र समृद्ध अर्थमा खुशी हुनु भनेको हो। धर्मशास्त्रले प्रायः नै ती मानिसहरूको धन्यताबारे बताउँछ जो परमेश्वरको मार्गमा हिँड्छन्। तर पनि पावलले १ तिमोथीमा परमेश्वरलाई *"धन्य* र सर्वोच्च" (१ तिमो ६:१५) अनि *"परमधन्य* परमेश्वरको महिमित सुसमाचार"-बारे बताउँदछन् (१ तिमो १:११)। यी दुवै पदहरूमा प्रयोग गरिएको ग्रीक शब्द *eulogetos* (यसलाई प्रायः नै "धन्य" भनी अनुवाद गरिन्छ ) होइन, तर *makarios* (यसको अर्थ हुन्छ "खुशी") हो।

त्यसकारण परमेश्वरको धन्यतालाई यसरी परिभाषित गर्न सकिन्छ : *परमेश्वरको धन्यताको अर्थ यो हो कि परमेश्वर आफैमा र उहाँको गुण प्रतिविम्बित गर्ने सबै थोकहरूमा पूर्ण रूपले प्रसन्न हुनुहुन्छ*। यस परिभाषामा परमेश्वरको खुशी वा धन्यताको धारणा सोझै उहाँको व्यक्तित्वसित जोड़िएको छ – रमाहट वा प्रसन्नतायोग्यका सबै थोकहरूको केन्द्रबिन्दुको रूपमा। यस परिभाषाले यो बुझाउँछ कि परमेश्वर पूर्ण रूपले खुशी हुनुहुन्छ; उहाँ आफैमा आनन्दको पूर्णता छ।

यस परिभाषाले यो तथ्य प्रतिविम्बित गर्छ कि परमेश्वरले सृष्टिको त्यो प्रत्येक थोकमा आनन्द लिनुहुन्छ, जसले उहाँको उत्कृष्टता प्रतिविम्ब दिँदछ। उहाँले सृष्टिमा उहाँको काम समाप्त गर्नुभएपछि, उहाँले बनाउनुभएको प्रत्येक थोकलाई हेर्नुभयो अनि त्यो "साह्रै राम्रो" भएको देख्नुभयो (उत १:३१)। यसले उहाँको सृष्टिमा परमेश्वरको आनन्द र उहाँको अनुमोदन बुझाउँछ। त्यसपछि हामी यशैयामा परमेश्वरले उहाँका जनका निम्ति भविष्यमा रमाहट गर्नुहुने कुराबारे पढ्दछौं : "जसरी दुलहा आफ्नी दुलहीको निम्ति रमाहट गर्छ, त्यसरी नै तेरा परमेश्वरले तेरो निम्ति रमाहट गर्नहुनेछ" (यशै ६२:५; तु. हितो ८:३०-३१; सप ३:१७)।

पहिला त हामीलाई यो अनौठो वा केही मात्रामा निराशाजनक पनि प्रतीत होला कि परमेश्वरले उहाँको सृष्टिमा वा हामीमै पनि रमाहट गर्नुहुँदा, यो रमाहट वास्तवमा उहाँका आफ्नै उत्कृष्ट गुणहरूको प्रतिविम्ब हो जसमा उहाँले रमाहट गरिरहनुभएको हुन्छ। तर जब हामी यो स्मरण गर्छौं कि चाहनायोग्यको वा उत्कृष्ट हरेक थोकको योगफल परमेश्वरमा नै असीम मात्रा पाइन्छ, तब हामी बुझ्दछौं कि यस्तोबाहेक अन्य केही हुन सक्नेथिएन; विश्वमा जे उत्कृष्ट छ, जे चाहनायोग्य छ, ती अन्ततः उहाँबाट नै आएका हुनपर्दछ, किनभने सबै थोकका सृष्टिकर्ता उहाँ नै हुनुहुन्छ अनि उहाँ नै सबै भलाइका स्रोत हुनुहुन्छ। "हरेक असल दान र हरेक सिद्ध वरदान स्वर्गबाट हो, यो वरदान ज्योतिका पिताबाट आउँछ। बदलिरहने छायाजस्तो उहाँमा कुनै हेरफेर हुँदैन" (याक १:१७)।

त्यसकारण, पावलले कोरिन्थीहरूलाई भनेजस्तै, हामीले पनि आफैहरूलाई भन्नुपर्दछ, "तिमीहरूसित के छ, जो तिमीहरूले पाएका होइनौ ? अनि तिमीहरूले त्यो पाएका होइनौ भने त्योचाहिँ वरदान होइनजस्तै गरी किन तिमीहरू घमण्डले फुल्दछौ" (१

कोर ४:७)। "किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्" (रोम ११:३६)।

परमेश्वरलाई प्रसन्न बनाउने सबै थोकहरूमा हामीले आनन्द र खुशी पाउँदा हामी परमेश्वरको धन्यता अनुकरण गर्छौं। वास्तवमा, भिन्न-भिन्नै व्यक्तिहरूका रूपमा परमेश्वरले हामीलाई जुन विशेष योग्यताहरू, प्राथमिकताहरू, र अरू विशिष्टतासित सृष्टि गर्नुभएको छ, तिनका निम्ति हामी धन्यवादी बन्दा र तिनमा प्रसन्न बन्दा हामीले उहाँको धन्यताका गुणहरू पनि अनुकरण गर्छौं। यसबाहेक, उहाँको सृष्टिले उहाँको उत्कृष्ट गुणका विभिन्न पक्षहरू प्रतिबिम्बित गर्दा यसमा रमाहट गरेर हामीले परमेश्वरको धन्यता अनुकरण गर्छौं। अनि सबै असल गुणहरूका स्रोतमा, अर्थात् परमेश्वरमै आनन्द मान्दा, हामीले हाम्रो महानतम धन्यता, हाम्रो खुशी पाउँदछौं।

**१९. सौन्दर्य।** *परमेश्वरको सौन्दर्य परमेश्वरको त्यो गुण हो जसद्वारा उहाँ चाहनायोग्य सबै थोकहरूको योगफल हुनुहुन्छ।* परमेश्वरको यो गुण यसअघिका धेरै गुणहरूमा अन्तर्निहित रहिआएको छ अनि यो विशेष गरी परमेश्वरको सिद्धतासित सम्बन्धित छ। तर, परमेश्वरको सिद्धतालाई यसरी परिभाषित गरिएको थियो जसले यो बताएको थियो कि परमेश्वरमा यस्तो कुनै थोकको *अभाव छैन* जो उहाँको निम्ति चाहनायोग्य होस् भनी देखाउन सकियोस्। परमेश्वरमा चाहनायोग्यका सबै गुणहरू छन् भनी देखाउनलाई यो गुण, अर्थात् सौन्दर्यलाई सकारात्मक तरिकामा परिभाषित गरिएको छ : "सिद्धता"-को अर्थ हो परमेश्वरमा चाहना गर्नयोग्यको कुनै पनि थोकको कमी छैन; "सौन्दर्य"-को अर्थ हो परमेश्वरमा चाहना गर्नयोग्यका सबै थोकहरू छन्। ती एउटै सत्यतालाई पुष्टि गर्ने दुई विभिन्न तरिका हुन्।

तथापि, चाहना गर्नयोग्यका सबै थोकहरू परमेश्वरमा छन् भन्ने तथ्यको यो सकारात्मक पक्षलाई पुष्टि गर्नुमा एउटा "मूल्य" छ। यस "मूल्य"-ले हामीलाई यो कुरा स्मरण गराउँछ कि हाम्रो सबै असल र धार्मिक चाहनाहरूको, वास्तवमा, हामीमा वा अरूहरूमा हुनैपर्ने ती सबै चाहनाहरूको, अन्तिम परिपूर्ति परमेश्वरबाहेक अरू कसैमा प्राप्य हुँदैन।

दाऊदले भजन २७:४ मा परमप्रभुको सौन्दर्यबारे बताउँछन्, "एउटै कुरा म परमप्रभुसँग माग्दछु, मैले खोजेको यही हो, कि जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ, र उहाँको मन्दिरमा उहाँलाई खोज्न पाऊँ।" यस्तै धारणा अर्को भजनमा व्यक्त गरिएको छ, "स्वर्गमा तपाईंबाहेक मेरो को छ र ? र पृथ्वीमा पनि मैले चाहना गर्ने तपाईंबाहेक अरू केही छैन" (भज ७३:२५)। दुवै उदाहरणहरूमा, भजनकार यो मानिलिन्छन् कि परमेश्वरप्रति उनको चाहना, जो चाहना गर्नयोग्यका सबै थोकहरूको योगफल हो, उनका अरू सबै चाहनाभन्दा सर्वोपरि छ। उक्त चाहनाले परमेश्वरको नजीक हुने र उहाँको उपस्थिति सदासर्वदा उपभोग गर्ने उत्कण्ठामा पराकाष्ठा पाउँदछ। त्यसकारण, स्वर्गीय शहरको सबैभन्दा महान् आशिष् यो हुनेछ, "तिनीहरूले उहाँको मुहार

देख्नेछन्" (प्रका २२:४)।

स्वर्गबारे N.R. Cousin-को उपयुक्त दृष्टिकोण थियो किनभने "समयको बालुवा भासिँदैछ" नामक तिनको भजनको अन्तिम लहरमा तिनी लेख्छिन् :

> दुलहीले तिनको वस्त्र हेर्दिनन्,
> तर हेर्छिन् तिनका दुलहाको मुहार।
> म महिमालाई निर्निमेष हेर्दिनँ;
> तर हेर्छु मेरा राजाको अनुग्रहलाई;
> उहाँले दिनुहुने मुकुटमा होइन,
> तर छेड़िएको उहाँको हातलाई;
> हुन थुमा सबै महिमा
> इम्मानुएलका देशको।

हामीले हाम्रो आफ्नै जीवनमा परमेश्वरको महिमा प्रतिविम्बित गर्दा हामी उहाँलाई प्रसन्न बनाउने आचरण प्रदर्शन गर्छौं। त्यसकारण, पत्रुसले जुन मण्डलीलाई पत्र लेखे त्यस मण्डलीका पत्नीहरूलाई तिनीहरूको "शृङ्गार" (अर्थात् तिनीहरूको सौन्दर्यको स्रोत)-बारे लेख्छन् कि "तिमीहरूका भित्री हृदयलाई भलो र शान्त आत्माको अविनाशी रत्नले सजाओ, जो परमेश्वरको दृष्टिमा मूल्यवान् छ" (१ पत्र ३:४)। त्यसरी नै पावल कमाराहरूलाई यो शिक्षा दिन्छन् कि तिनीहरूका आचरणले "हाम्रा मुक्तिदाता परमेश्वरका धार्मिक-सिद्धान्तको *शोभा बढ़ाऊन्"* (तीत २:१०)।

हाम्रो जीवनको सौन्दर्य ख्रीष्टको निम्ति यति महत्त्वपूर्ण छ कि अब उहाँको उद्देश्य सम्पूर्ण मण्डलीलाई पवित्र बनाउनु हो, "उहाँले दाग वा चाउरी नभएको, अथवा यस्ता कुनै कुरा नभएको तेजस्वी मण्डली आफैकहाँ प्रस्तुत गर्न सकून्, र त्योचाहिँ पवित्र र निष्खोट होस्" (एफि ५:२७)। त्यसकारण, हामीले उहाँको गुणलाई जुनै पनि प्रकारले प्रदर्शन गरे पनि, त्यसले व्यक्तिगत वा सामूहिक रूपले परमेश्वरको सौन्दर्य नै प्रदर्शन गर्छ। हामीले उहाँको गुणबारे मनन गर्दा, उहाँले हामीमा आनन्द मान्नुहुन्छ अनि उहाँको दृष्टिमा हामीलाई सुन्दर पाउनुहुन्छ।

तर प्रभुमा हाम्रा दाज्यु-भाइ र दिदी-बहिनीहरूका जीवनमा परमेश्वरको उत्कृष्टता प्रकट भएको देख्दा हामी पनि परमेश्वरको उत्कृष्टतामा प्रसन्न हुन्छौं। त्यसकारण एक-अर्काको सङ्गतिमा हामीले रमाहट गर्ने र आनन्द मनाउनु उचित हो, अनि बढ़्दो मात्रामा हाम्रो जीवन पनि ख्रीष्टको जीवनजस्तै बन्दैजाँदा यो रमाहट गहिरिँदैजान्छ। परमेश्वरको गुण प्रकट भएको परमेश्वरका जनसँग हामी सङ्गतिको लालस गर्छौं, त्यो उचित हो, किनभने हामीले परमेश्वरका जनको परमेश्वरभक्तिमा रमाहट गर्दा, उहाँको जनका जीवनहरूमा उहाँको गुण साकार बनेको देखेर, हामी अन्ततः परमेश्वरमै रमाहट गरिरहेका हुन्छौं।

**२०. महिमा।** एउटा अर्थमा *महिमा* शब्दको साधारण अर्थ "आदर" वा "उत्कृष्ट प्रतिष्ठा" हो। यशैया ४३:७ मा परमेश्वरले उहाँका छोराछोरीहरूबारे, "जसलाई मैले

मेरो *महिमा*को निम्ति सृष्टि गरेको छु" वा रोमी ३:२३ मा सबैले "पाप गरेका छन्, र परमेश्वरको *महिमा*सम्म पुग्नबाट चुकेका छन्" भन्नुहुँदा उहाँ "महिमा" शब्दको अर्थ यही नै छ। यूहन्ना १७:५ मा येशूले पितालाई यसो भन्नुहुन्छ, "संसारको सृष्टि हुनअघि तपाईंको सम्मुख मेरो जुन *महिमा* थियो" अनि हिब्रू १:३ मा पुत्र "परमेश्वरको *महिमा*को चमक हुनुहुन्छ" (लेखकको आफ्नै अनुवाद) भनी लेखिएको छ। उहाँ पनि महिमा शब्दको अर्थ यही छ। यस अर्थमा, परमेश्वरको महिमा एकदम सही अर्थमा उहाँको अस्तित्वको गुण होइन; तर यसको सट्टामा यो शब्दले विश्वमा भएका सबै थोकहरूले (हिब्रू १:३ र यूह १७:५ मा भनिएको त्रिएकत्वका सबै सदस्यहरूमाझ बाँडिएको महिमालगायत) उहाँलाई दिनैपर्ने सर्वोच्च महिमाको वर्णन गर्छ। तर यस खण्डमा *महिमा* शब्दलाई हामी जुन अर्थमा हेर्नेछौं त्यो अर्थ यो होइन।

अर्को अर्थमा, परमेश्वरको "महिमा"-को अर्थ परमेश्वरको उपस्थितिलाई घेर्ने चम्किलो ज्योति हो। परमेश्वर आत्मा हुनुहुन्छ, ऊर्जा वा पदार्थ हुनुहुन्न, त्यसैकारण यो दृष्टिगोचर ज्योति परमेश्वरको अस्तित्वको भाग होइन, हामीले बनाएको थोक हो। हामीले यसलाई निम्नलिखित प्रकारले परिभाषित गर्न सक्छौं, *परमेश्वरको महिमा सिर्जना गरिएको दीप्ति हो जसले परमेश्वर स्वयम्‌को प्रकटीकरणलाई घेर्छ।*

परमेश्वरको यो "गुण" (अर्थात्, उहाँलाई घेर्ने प्रभा) उहाँको गुण होइन, किनभने यो गुण उहाँका अन्य गुणहरूजस्तै छैन, कारण उहाँ हामीले परमेश्वरकै गुणबारे कुरा नगरेर परमेश्वरले आफैलाई प्रकट गर्नुहुँदा उहाँलाई घेर्ने त्यो सिर्जना गरिएको ज्योति वा प्रभाबारे कुरा गरिरहेका छौं। त्यसकारण, *यस अर्थमा* परमेश्वरको महिमा वास्तवमा परमेश्वर स्वयम्‌मा भएको उहाँको गुण होइन। तथापि, परमेश्वरको महिमा यस्तो थोक हो जो उहाँकै मात्र हो अनि उहाँको आफ्नै उत्कृष्टताको यथोचित बाहय अभिव्यक्ति हो। त्यसकारण उहाँ यस गुणलाई परमेश्वरका गुणहरू लगत्तैपछि विवेचन गर्न उचित देखिन्छ।

धर्मशास्त्रले बारम्बार परमेश्वरको महिमाबारे बताउँछ। दाऊदले प्रश्न गर्छन्, "महिमाका यी महाराजाचाहिँ को हुनुहुन्छ ? सर्वशक्तिमान् परमप्रभु, *उहाँ नै महिमाका महाराजा हुनुहुन्छ* !" (भज २४:१०)। हामी भजन १०४:१-२ मा पढ्दछौं, "हे परमप्रभु मेरा परमेश्वर, तपाईं अति महान् हुनुहुन्छ ! तपाईं वैभव र ऐश्वर्यमा विभूषित हुनुहुन्छ। उहाँले प्रकाशलाई पोशाकझैं पहिरिनुभएको छ ...।" परमेश्वरको यो महिमा पुरानो करारमा घरीघरी उल्लेख गरिएको छ।

येशूको जन्मबारे गोठालाहरूलाई गरिएको घोषणाको प्रसङ्गमा यस महिमालाई नयाँ करारमा फेरि उल्लेख गरिएको छ : "प्रभुका एउटा स्वर्गदूत तिनीहरूकहाँ देखा परे, र *प्रभुको तेज तिनीहरूका वरिपरि चम्क्यो,* अनि तिनीहरू साह्रै डराए" (लूक २:९)। उहाँ "तेज" शब्दलाई "महिमा"-को पर्यायवाचीको रूपमा प्रयोग गरिएको छ। येशूको रूप-परिवर्तनमा पनि परमेश्वरको महिमा प्रस्टै थियो (तु. मत्ती १७:२) अनि अझै अप्रकटित त्यो भावी स्वर्गीय शहरमा हामी यो पाउँछौं, "त्यो शहर उज्यालो गराउन सूर्य र चन्द्रमाको खाँचो छैन, किनभने *परमेश्वरको महिमा नै त्यसको उज्यालो हो*। त्यहाँको बत्तीचाहिँ थुमा आफै हुनुहुन्छ" (प्रका २१:२३)।

यो अति उपयुक्त हो कि परमेश्वरको स्वप्रकटन त्यस्तो वैभव र चमकसित आउनुपर्दछ किनभने उहाँको यो महिमा परमेश्वरका स्वभावको उत्कृष्टताको दृष्टिगोचर प्रकटीकरण हो। परमेश्वरका अस्तित्वको यो महानता, उहाँका सबै गुणहरूको सिद्धता कुनै यस्तो थोक हो जसलाई हामी कहिल्यै पनि बुझ्न सक्नेछैनौं, तर जसको अघि हामी भय र उपसनामा मात्र उभिन सक्छौं। त्यसकारण, यो वास्तवमै उचित छ कि परमेश्वरको दृष्टिगोचर प्रकटीकरण यस्तो होस् कि हामीले यसलाई पूर्ण रूपले हेरिरहन नसकौं; यो यति तेज होस् कि हामीले यसलाई केवल आंशिक रूपमा हेर्दा यसले हामीमा ठूलो आनन्द र गहिरो भय उत्पन्न गराओस्।

उदेकको कुरा छ, परमेश्वरले हामीलाई उहाँको महिमा प्रतिविम्बित गर्नका लागि बनाउनुभयो। पावल हामीलाई भन्छन् कि अहिलेको हाम्रो ख्रीष्टियान जीवनमा पनि हामी सबै, "एउटा महिमादेखि अर्को महिमातिर उक्लँदै उहाँको रूपमा बदलिँदैजान्छौं" (२ कोर ३:१८; तु. मत्ती ५:१६; फिलि २:१५)। अहिले हामीले आफूलाई दृष्टिगोचर ज्योतिले घेरेको नपाए तापनि, परमेश्वरलाई गहिरो रूपले प्रेम गर्ने मानिसका जीवनको ढाँचामा त्यो तेज, वैभव वा सौन्दर्य हुन्छ अनि यस्ता व्यक्तिका वरिपरि हुने मानिसहरूलाई यो प्राय: नै प्रत्यक्ष हुँदछ। भावी जीवनमा यस्तो तेज अझ तीव्र गरिइनेछ, ताकि जब हामी ख्रीष्टसँग राज गर्छौं, हामीले पनि त्यो शासनको उपयुक्त र परमेश्वरका प्रतिरूप धारक र प्रभु येशू ख्रीष्टका दासहरूको रूपमा हाम्रो स्तरअनुसारको रूप-रङ्ग प्राप्त गर्नेछौं भन्ने प्रतीत हुँदछ (तु. हितो ४:१८; दान १२:३; मत्ती १३:४३; १ कोर १५:४३)।[५]

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

### इच्छा, स्वतन्त्रता

१. छोराछोरीहरू वयस्क बन्दैजाँदा, तिनीहरूका आफ्ना जीवनमा व्यक्तिगत इच्छाको बढ्दो अभ्यास र आमाबाबुको नियन्त्रणबाट स्वतन्त्रता देखाउने उचित र अनुचित तरिकाहरू के-के हुन्? हाम्रो सृष्टि परमेश्वरको प्रतिरूपमा भएको हो भन्ने कुराको प्रमाणस्वरूप के यी तरिकाहरू आशा गरिनुपर्छ?

### शक्ति

२. यदि परमेश्वरको शक्ति उहाँले जे चाहनुहुन्छ त्यही गर्न सक्नुहुने उहाँको क्षमता हो भने, के हाम्रा लागि शक्ति परमेश्वरको इच्छा पालन गर्ने र संसारमा उहाँलाई प्रसन्न बनाउने परिणामहरू उत्पन्न गर्ने हाम्रो क्षमता हो? हाम्रो जीवनमा यो शक्तिमा बृद्धि ल्याउने विभिन्न तरिकाहरू बताउनुहोस्।

### सिद्धता

३. परमेश्वरको सिद्धताको गुणले हामीलाई कसरी यो सम्झना गराउँछ कि हाम्रो आफ्नै जीवनमा परमेश्वरको केही स्वभाव मात्र प्रतिविम्बित हुँदा हामी कहिल्यै सन्तुष्ट बन्न सक्नेछैनौं? स्वर्गमा बस्नुहुने हाम्रा पिता सिद्ध हुनुभए जस्तै, "सिद्ध" हुनुले तपाईंको आफ्नै जीवनको सन्दर्भमा जे बुझाउँछ

[५]महिमाबारे विवचन हे. अ.४२, मा।

के त्यसका केही पक्षहरू वर्णन गर्न सक्नुहुन्छ ?

**धन्यता**

४. परमेश्वरले तपाईंलाई जसरी सृष्टि गर्नुभयो, अर्थात्, उहाँले तपाईंलाई जसरी शारीरिक, संवेगात्मक (*emotional*), मानसिक र सम्बन्धात्मक विशेषताहरू दिनुभयो, के तीसित तपाईं खुशी हुनुहुन्छ ? उहाँले तपाईंलाई दिनुभएको लिङ्गसित (पुरुष वा स्त्री) ? उहाँले दिनुभएको आत्मिक वरदानहरूसित ? हाम्रै व्यक्तित्वहरू, शारीरिक विशेषताहरू, योग्यताहरू, पद-स्तरहरू, आदिसित हामी खुशी हुनु कसरी ठीक हो ? यी कुराहरूबारे कुन तरिकामा प्रसन्न वा खुशी हुनु ठीक होइन ? के हामी कहिल्यै पूर्ण रूपले "धन्यको" वा खुशी बन्न सक्छौं ? त्यस्तो कहिले हुनेछ अनि किन ?

५. तपाईंले ख्रीष्टियान र गैर-ख्रीष्टियान, दुवै वर्गका मानिसहरूमा प्रशंसा गर्नुहुने गुणहरूबारे सोच्नुहोस्। यीमध्ये कुन गुणहरू प्रशंसा गर्न ठीक हो, कुन होइन ? तपाईंले यो कसरी निर्णय गर्न सक्नुहुन्छ ? परमेश्वर स्वयम्मा हामी कसरी अझ घरीघरी र अझ पूर्ण रूपले आनन्द मनाउन सक्छौं।

**सौन्दर्य**

६. यदि हामीले हाम्रो समाजले वा हामी आफैहरूले बनाएका सौन्दर्यको परिभाषालाई अस्वीकार गर्‍यौं भने अनि परमेश्वरको गुण नै त्यो थोक हो जो वास्तवमा सुन्दर छ भनी निर्णय गर्‍यौं भने, सौन्दर्यबारे हाम्रो यो बोध सौन्दर्यैबारे हाम्रो पहिलो बोधभन्दा कसरी भिन्नै हुनेछ ? हामीले पहिला जुन थोकहरूलाई सुन्दर भनी ठानेका थियौं ती थोकहरूमा सौन्दर्यबारे हाम्रो यो नौलो बोधलाई उचित रूपले प्रयुक्त गर्न हामी अझै पनि सक्षम नै हुनेछौं ? किन हुनेछौं, किन छैनौं ?

७. दाऊदको जीवनमा अरू सबै इच्छाहरूभन्दा यो इच्छा किन सर्वोपरि थियो भनी के तपाईं बुझ्नसक्नुहुन्छ – "जीवनभरि म परमप्रभुको भवनमा रहन पाऊँ, र उहाँको सुन्दरतालाई हेरिरहन पाऊँ, र उहाँको मन्दिरमा उहाँलाई खोज्न सकूँ" (भज २७:४) ?

**महिमा**

८. बेथलेहेमको नजीक गाठालाहरूले तिनीहरूका वरिपरि परमेश्वरको महिमा चम्किरहेको अनुभव गर्दा तिनीहरू "साह्रै डराए" (लूक २:९)। हामीले भविष्यमा स्वर्गीय शहरमा सदासर्वदाको निम्ति वास गर्दा पनि हामी परमप्रभुको महिमाको ज्योतिद्वारा निरन्तर घेरिनेछौं (प्रका २१:२३)। के हामीले त्यस बेला पनि गोठालाहरूले अनुभव गरेको त्यही डर निरन्तर अनुभव गर्नेछौं ? किन अनुभव गर्नेछौं वा किन छैनौं ? के तपाईं यस महिमाको उपस्थितिमा जिउन चाहनुहुन्छ ? के हामीले यस जीवनमा त्यसको केही अंश अनुभव गर्न सक्छौं ?

## विशेष शब्दावली

| | |
|---|---|
| उद्देश्यका गुणहरू | धन्यता |
| सौन्दर्य | स्वतन्त्रता |
| स्वतन्त्र इच्छा | न्यायोचित आत्म-निर्णय |
| महिमा | प्रकटित इच्छा |
| अनिवार्य इच्छा | गुप्त इच्छा |
| सर्वशक्तिमत्ता | सर्वसत्ता *(sovereignty)* |
| सिद्धता *(perfection)* | शक्ति |
| "सार गुणहरू" | इच्छा |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

परमेश्वरका गुणहरूलाई वर्गीकृत गर्ने सुव्यवस्थित ईश्वरशास्त्रको बेग्ला-बेग्लै तरिकाहरू भएका हुनाले तल तालिकाबद्ध गरिएका केही खण्डहरूले परमेश्वरका कथनीय/बाँड्न सकिने गुणहरूबारे मात्र विवेचन गर्छन् अनि केही खण्डहरूले परमेश्वरका सबै गुणहरूबारे विवेचन गर्छन्।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूमा भएका खण्डहरू

१. एङ्ग्लिकन (एपिस्कोपलियन)

| | |
|---|---|
| १८८२-९२ | लिट्टन, ५८-६७ |

२. अर्मेनी (वेसलियन वा मेथडिस्ट)

| | |
|---|---|
| १८४७ | फिनी, ४९-६५, १३५-८०, ५२४-४४ |
| १८७५-७६ | पोप, १:२४८-५५, २८७-३२५ |
| १८ ९२-९४ | मिली, १:१५९-२२ |
| १९४० | विली, १:२४१-३९३ |
| १९६० | पर्किसर, १२७-४४ |
| १९८७-९० | ओडेन, १:१५-१३०, |

३. ब्याप्टिस्ट

| | |
|---|---|
| १७६७ | गील, १:३७-१८७, ३५९-६५ |
| १८८७ | बोइस, ५४-११५ |
| १९०७ | स्ट्रङ्ग, २४३-३०३ |
| १९१७ | म्यूलिन्स्, २१४-५० |
| १९७६-८३ | हेनरी, २:२५१-२४६; ५:९-१६४, २१४-३७५; ६:३५-९, २५१-४१७ |

| | |
|---|---|
| १९८३-८५ | एरिक्सन, २६३-३२० |
| १९८७-९४ | लुइस/डिमारेस्ट, १:१७५-२४८ |

४. डिस्पेन्सेशनल

| | |
|---|---|
| १९४७ | शेफर, १:१७९-२२४, २६०-७१ |
| १९४९ | थीसेन, ७५-८८ |
| १९८६ | राइरी, ३५-५० |

५. लुथरन

| | |
|---|---|
| १९१७-२४ | पाइपर, १:४०५-६६ |
| १९३४ | म्यूएलर, १६०-७५ |

६. रिफर्मड (वा प्रेज्बिटरियन)

| | |
|---|---|
| १५५९ | क्याल्भिन, १:९६-१२० (१.१०-१२) |
| १८६१ | हीपी, ५७-१०४ |
| १८७१-७३ | होज, १:३६६-४४१ |
| १८७८ | डेबनी, ३८-५४, १४४-७४ |
| १८८७-१९२१ | वारफिल्ड, *BTS*, ५०५-२२; *SSW*, १:६९-८१, *ST*, १०९-१४ |
| १८८९ | शेड, १:१५१-९४, ३३४-९२; ३:८९-२४८ |
| १९०९ | बाभिन्क, *DG*, १७५-२५१ (परमेश्वरका गुणहरूबारे यो असाधारण रूपले मूल्यवान् विवेचन हो) |
| १९३८ | बर्खोफ, ४१-८१ |
| १९६२ | बसवेल, १:२९-७१ |

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)

| | |
|---|---|
| १९८८-९२ | विलयम्स्, १:४७-८२ |

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परागत

| | |
|---|---|
| १९५५ | ओट् २४-३८ |

२. रोमन क्याथलिक : भेटिकन द्वितीयोत्तर

| | |
|---|---|
| १९८० | मक्ब्रायन, १:२३८-३४१ |

## अन्य पुस्तक/लेखहरू

Bray, Gerald L. *The Doctrine of God.* Downers Grove, Ill.: InterVarsity Press, 1993.
Bromiley, G. W. "God." *ISBE*, 2:493-503.
Charnock, Stephen. *The Existance and Attributes of God.* Repr. ed. Evansville, Ind.: Sovereign Grace Book Club, n.d., pp. 181-802 (first published 1655-

1680).
Kaiser, Christophere B. *The Doctrine of God.* Westchester, Ill: Good News, 1982.
Lewis, Gordon R. "God, Attributes of." In *EDT*, pp. 451-59.
______. "Impassiblity of God." In *EDT*, pp 553-54.
Packer, J. I. "God." In *NDT*, pp. 274-77.
______. *Knowing God.* London: Inter-Varsity Press, 1973, pp. 80-254.
Piper, John. *Desiring God.* Portland, Ore.: Multnomah. 1986.
______. *The Pleasures of God.* Portland, Ore.: Multnomah. 1991.
Saucy, R. L. "God, The Doctrine of. " In *EDT*, pp. 459-64.
Tozer, A. W. *The Knowledge of the Holy.* New York: Harper and Row, 1961.
Van Til, Cornelius. *In Defence of the Faith*, vol. 5: An Introduction to Systematic Theology. Phillipsburg, N.J.: Presbyterian and Reformed, 1976, pp. 200-252.
Wenham, John W. *The Goodness of God.* London: Inter-Varsity Press, 1974.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

भजन ७३:२५-२६: *स्वर्गमा तपाईंबाहेक मेरो अरू को छ र ? र पृथ्वीमा पनि मैले चाहना गर्ने तपाईंबाहेक अरू केही छैन। मेरो तन र मन दुवै विफल होलान्, तर परमेश्वर सदासर्वदाको निम्ति मेरो हृदयको शक्ति र मेरो भाग हुनुहुन्छ।*

## भजन

"तिमीलाई मार्गदर्शन गर्न यदि तिमीले परमेश्वरलाई पर्खन्छौ भने"

यो भजन अहिलेसम्म लेखिएका भजनहरूमध्ये एउटा अति सुन्दर भजन हो, जसले उहाँको सर्वसत्ताको निम्ति उहाँमा भरोसा व्यक्त गर्छ।

तिमीलाई मार्गदर्शन गर्न यदि तिमीले परमेश्वरलाई पर्खन्छौ भने
र तिम्रा सबै चालमा उहाँमा आशा राख्छौ भने,
उहाँले दिनुहुनेछ बल, जेले पनि तिमीलाई किन नजकड़ाओस,
र बोक्नुहुनेछ तिमीलाई खराब दिनहरूमा:
जसले परमेश्वरको अपरिवर्तनशील प्रेममा गर्छ भरोसा
निर्माण गर्छ त्यसले हल्लाउनै नसकिने चट्टानमाथि।

के दिन सक्छ र यी उत्सक चिन्ताहरूले,
कहिल्यै नरोकिने यी विलाप र सुस्केराहरूले तिमीलाई,
प्रत्येक अन्ध्यारो पल बितेर जाँदा
यदि क्रन्दन गर्छौ भने यसले के सहायता गर्न सक्छ ?
तर हाम्रो क्रूस र विपत्तिहरूले थिचिदिन्छन्
हाम्रो तीक्तताका लागि जोड़सित।

होओ तिमी स्थिर र उहाँको इच्छाका निम्ति पर्ख
हँसिलो आशामा र सन्तुष्ट हृदय लिएर
तिम्रा पिताले उहाँको इच्छामा
र सम्पूर्ण प्रेममा पठाइदिनुभएको जे पनि ग्रहण गर;
हाम्रो आन्तरिक अभावहरू जानिएका छन्,
उहाँमा जसले हामीलाई उहाँका जन बनाउन चुन्नुभयो।

सर्वोच्चका लागि सबै एउटै हुन्;
थाहा छ सहजै छ हाम्रा परमेश्वरको निम्ति
उठाउन तिमीलाई लड़ेकै तिमी भए तापनि;
बनाउन धनी मानिसलाई लड़ेको र निर्धन;
उहाँद्वारा नै साँचो आश्चर्यहरू हुन्छन् अझै पनि
जो उठाउनुहुन्छ र जसले सबै कुरा बनाउँछन् निकम्मा।

भजन गाऊ, प्रार्थना गर, उहाँको मार्गमा नढल्पली लाग,
विश्वसनीय भई पूरा गर तिम्रो आफ्नै भूमिका पनि,
र भरोसा गर उहाँको वचनमा, नभए तापनि तिमी यसको योग्य,
तर पनि पाउनेछौ तिमीले यसलाई सत्य तिम्रो निम्ति;
कहिल्यै त्याग्नुभएको छैन परमेश्वरले त्यो आत्मालाई,
साँचो रूपले उहाँलाई भरोसा गर्ने त्यो आत्मालाई।

*रचयिता :* George Neumark, 1641

वैकल्पिक भजनहरू : “परमेश्वर रहस्यमय तरिकामा चल्नुहुन्छ” (अध्याय १६ को अन्त्यमा छापिएको छ); “पहिराऊ उहाँलाई धेरै मुकुटहरू”

अध्याय १४

# परमेश्वर तीन व्यक्तिहरूमा : त्रिएकत्व

# God in Three Persons: The Trinity

### *परमेश्वर तीन व्यक्तिहरू भएर पनि कसरी एउटै परमेश्वर हुन सक्नुहुन्छ ?*

अगाड़िका अध्यायहरूले परमेश्वरका अनेक गुणहरूबारे विवेचन गरे। तर हामीले ती गुणहरू मात्र बुझ्यौं भने, हामीले परमेश्वरलाई ठीकसित बुझ्नेछैनौं, किनभने हामीले यो कहिल्यै बुझ्नेछैनौं कि परमेश्वर उहाँको अस्तित्वमा नै सदैव एकभन्दा अधिक व्यक्तिको रूपमा विद्यमान रहिआउनुभएको छ। वास्तवमा, परमेश्वर तीन व्यक्तिहरूको रूपमा अस्तित्वमान् रहनुहुन्छ, यद्यपि उहाँ एउटै परमेश्वर हुनुहुन्छ।

परमेश्वरका गुणहरूको अध्ययनसम्बन्धी त्रिएकत्वको धर्मसिद्धान्तलाई स्मरण गर्नु अति महत्त्वपूर्ण हुन्छ। हामीले परमेश्वरलाई अनन्त, सर्वव्यापी, सर्वशक्तिमान् आदिका रूपमा सोच्दा, यी गुणहरू भएका व्यक्ति पिता परमेश्वर मात्र हुनुहुन्छ भनी सोच्ने झुकाउ हामीमा हुन सक्छ। तर त्रिएकत्वसम्बन्धी बाइबलीय शिक्षाले हामीलाई यो बताउँछ कि परमेश्वरका ती सबै गुणहरू त्रिएकत्वका सबै व्यक्तिहरूमा पनि छन्, किनभने त्रिएकत्वका हरेक व्यक्ति पूर्ण रूपमा परमेश्वर हुनुहुन्छ। यसकारण, पुत्र परमेश्वर, पवित्र आत्मा परमेश्वर पनि अनन्त, सर्वव्यापी, सर्वशक्तिमान्, असीम रूपले बुद्धिमान्, असीम रूपले प्रमिलो, सर्वज्ञ, आदि-आदि हुनुहुन्छ।

त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त ख्रीष्टियान धर्मको एउटा अति महत्त्वपूर्ण धर्मसिद्धान्त हो। हामीले परमेश्वर खोजी गर्ने कारणहरूको मुटुमा स्थित प्रश्न – परमेश्वर आफैमा कस्तो हुनुहुन्छ ? – बारे त्रिएकत्वसम्बन्धी बाइबलका शिक्षाहरूको अध्ययनले हामीलाई गहन अन्तर्दृष्टि दिन्छ। उहाँ हामी यो सिक्दछौं कि परमेश्वर स्वयम्मा, उहाँको अस्तित्वमा नै, परमेश्वर पिता, पुत्र र पवित्र आत्माका रूपमा विद्यमान रहनुहुन्छ, तथापि उहाँ एउटै परमेश्वर हुनुहुन्छ।

### व्याख्या र धर्मशास्त्रीय आधार

त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्तलाई हामी निम्नलिखित प्रकारले परिभाषित गर्न सक्छौं, *परमेश्वर सदा-सर्वदा तीन व्यक्तिका रूपमा अस्तित्ववान् हुनुहुन्छ – पिता,*

*पुत्र र पवित्र आत्मा; अनि हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर नै हुनुहुन्छ र परमेश्वर एउटै हुनुहुन्छ।*

## क. त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त (The Doctrine of the Trinity) धर्मशास्त्रमा क्रमिक रूपमा (Progressively) प्रकट गरिएको छ

**१. पुरानो करारमा आंशिक** (partial) **प्रकटीकरण।** *त्रिएकत्व* शब्द बाइबलमा कहिल्यै पनि पाइँदैन, यद्यपि यस शब्दले प्रतिनिधित्व गरेको अवधारणा बाइबलका धेरै ठाउँहरूमा सिकाइएको छ। त्रिएकत्वको अर्थ "त्रि-एकता" वा "तीनमा-एकत्व" हो। परमेश्वर तीन व्यक्तिहरू हुनुहुन्छ तथापि उहाँ एउटै परमेश्वर हुनुहुन्छ भन्ने धर्मशास्त्रको शिक्षालाई सारांशित गर्नलाई यो शब्द प्रयोग गरिन्छ।

कहिलेकाहीं मानिसहरूले सोच्दछन् कि त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त नयाँ करारमा मात्र पाइन्छ, परानो करारमा पाइँदैन। यदि परमेश्वर अनन्तकालदेखि तीन व्यक्तिहरूका रूपमा विद्यमान रहिआउनुभएको छ भने, पुरानो करारमा यसबारे कुनै सङ्केत नपाइनु आश्चर्यजनक हुनेछ। पुरानो करारामा त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त स्पष्ट रूपले नपाइए तापनि, यसका अनेक खण्डहरूले परमेश्वर एकभन्दा धेरै व्यक्तिहरूका रूपमा अस्तित्वमान् हुनुहुन्छ भन्ने सुझाउ दिन्छन् वा सङ्केत पनि गर्छन्।

उदाहरणार्थ, उत्पत्ति १:२६ अनुसार परमेश्वरले भन्नुभयो, "मानिसलाई आफ्नै (हाम्रै) स्वरूपमा, *हाम्रै* प्रतिरूपमा *बनाऔं*।" बहुवचन क्रिया ("बनाऔं") र बहुवचन सर्वनाम ("हाम्रो)-को अर्थ के हो? कतिले उक्त क्रिया र बहुवचन "राजसत्ता" व्यक्त गर्दा प्रयोग गरिने बहुवचनहरू हुन्, राजाले प्रयोग गर्ने बोलीको रूप, उदाहरणार्थ, "हामी तिम्रो निवेदन पूरा गरिदिन प्रसन्न छौं।"[1] तर पुरानो करारको हिब्रू भाषामा कुनै राजाले यस्तो "राजसत्ताको बहुवचन" प्रयोग गर्दै आफ्नैबारेमा बहुवचनात्मक क्रिया वा बहुवचनात्मक सर्वनामहरू प्रयोग गरेका कुनै उदाहरण छैन; यसकारण राजाहरूले यसरी बोल्थे भन्ने कुरा समर्थन गर्ने कुनै प्रमाण छैन।[2] अर्को सुझाउ यो छ कि परमेश्वर उहाँ स्वर्गदूतहरूसँग बोलिरहनुभएको छ। तर मानिसको सिर्जनामा स्वर्गदूतहरूले भाग लिएनन्, नता मानिसहरू स्वर्गदूतहरूका स्वरूप र प्रतिरूपमा सृष्टि गरिइएका थिए, यसर्थ यो सुझाउ पत्यारलाग्दो छैन। सर्वोत्तम व्याख्या यो हुन्छ कि उत्पत्तिको पहिलो अध्यायमा नै परमेश्वर स्वयम्मा

---

[1]अलेकजेन्डर महान् (१५२ ख्री.पू.) र राजा दिमेत्रियस (झण्डै १४५ ख्री.पू. दुवैले आफैहरूलाई यसरी नै सम्बोधन गर्छन्, उदाहरणार्थ, सेप्टुअजिन्ट मूलपाठको १ मकाबी १०:१९ र ११:३१ मा, तर यी हिब्रूमा होइन, ग्रीक भाषामा लेखिएका छन्, अनि यी उत्पत्ति १ को धेरैपछि लेखिएका हुन्। नजिकमा, नेपाल महाराजा (अब सत्ताच्यूत)-ले पनि आफूलाई बहुवचनमा नै सम्बोधन गरेका सबैलाई थाहै छ।

[2]E.Kautzsch, सम्पा. Gesenius Hebrew Grammar, दोस्रो संस्क., (अक्सफोर्ड : क्लेरेन्डन प्रेस, १९१०) खण्ड १२४जी, नोट २, राजसत्ताको बहुवचन सुझाइएको सन्दर्भमा, "उत्पत्ति १:२६, ११:७, यशैया ६:८ मा परमेश्वरद्वारा बहुवचन प्रयोग भएको तथ्यलाई यस प्रकारले भूल प्रयोग गरिएको छ।" तिनीहरूले उत्पत्ति १:२६ लाई स्व-विवेचनको बहुवचनको रूपमा बुझ्दछन्। बेबिलोनी तालमुड, तार्गुमीम र मिद्राशिममा भएको यहूदीय व्याख्याबारे पछिबाट गरिएको मेरो आफ्नै व्यापक अनुन्धानमा

अनेक व्यक्तिहरू हुनुभएको सङ्केत हामी पाउँदछौं।[३] कति जना व्यक्तिहरू थिए सो हामीलाई बताइएको छैन, अनि त्रिएकत्वसम्बन्धी पूर्ण धर्मसिद्धान्तमा पुग्ने हामीसित केही छैन, तर एकभन्दा धेरै व्यक्तिहरू संलग्न थिए भन्ने तथ्य इङ्गित गरिएको छ। यही कुरा उत्पत्ति ३:२२ बारे ("मानिस हामीजस्तै असल र खराबको ज्ञान जान्ने भएको छ") र उत्पत्ति ११:७ बारे ("आओ, तल ओर्लेर गई तिनीहरूको भाषा खलबल पारिदिऔं") र यशैया ६:८ बारे भन्न सकिन्छ ("म कसलाई पठाऊँ, र हाम्रा निम्ति को जाने ?) (पछिल्लो खण्डको एउटै वाक्यमा एकवचन र बहुवचनको सम्मिश्रणमा ध्यान दिनुहोस्)।

यसबाहेक, यस्ता खण्डहरू पनि छन् जसमा एउटा व्यक्तिलाई "परमेश्वर" वा "परमप्रभु" भनिएको छ अनि उहाँलाई परमेश्वर नै हुनुहुन्छ भनिएको अर्को व्यक्तिभन्दा अलग देखाइएको छ। भजन ४५:६-७ मा भजनकार भन्छन्, "हे परमेश्वर, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ, ... तपाईं धार्मिकतालाई प्रेम गर्नुहुन्छ, र अधर्मलाई घृणा गर्नुहुन्छ। यसकारण परमेश्वर, तपाईंका परमेश्वरले तपाईंलाई आफ्ना साथीहरूभन्दा बढ्ता गरेर हर्षको तेलले अभिषेक गर्नुभएको छ।" उहाँ यो भजनले संसारका साँचो राजालाई वर्णन गर्नुभन्दा पनि अझ माथि उक्लेर ती राजालाई "परमेश्वर" भन्छ (प. ६), जसको सिंहासन "सदासर्वदा" रहिरहन्छ। भजनकार भन्छन्, "परमेश्वर, तपाईंका परमेश्वरले तपाईंलाई आफ्ना साथीहरूभन्दा बढ्ता गरेर" (प. ७)। यसर्थ, दुई भिन्न-भिन्नै व्यक्तिहरूलाई उहाँ "परमेश्वर" (हिब्रू *Elohim*) भनिएको छ। नयाँ करारमा हिब्रूका लेखकले यस लेखांशलाई उद्धृत गरी यसलाई ख्रीष्टको निम्ति प्रयोग गर्छन्, "हे परमेश्वर, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ" (हिब १:८)।[४]

त्यसरी नै भजन ११०:१ मा दाऊद भन्छन्, "परमप्रभु मेरा परमप्रभुलाई भन्नुहुन्छ,

---

मैले यो पाएँ कि पछिका ती रब्बीय व्याख्याताहरू यस खण्डको व्याख्यामा कुनै सन्तोषजनक सहमतिमा पुग्न सफल भएका थिएनन्, यद्यपि "राजसत्ताको बहुवचन" अनि "परमेश्वर स्वर्गदूतहरू-सँग बोल्नुभएको" भन्ने व्याख्या नै सामान्यतः सङ्केत गरिएको छ।

[३]"मण्डलीका पिताहरू अनि प्रारम्भिक ईश्वरशास्त्रीहरूद्वारा प्रायः सर्वसम्मतिले बहुवचन 'हामी'-लाई त्रिएकत्वको सङ्केतक मानिलिएका थिए" [Keill and Delitzsch, *Old Testament Commentaries* (ग्र्यान्ड र्‍यापिड्स् : एसोसिएटेड पब्लिशर्स् अ्यान्ड अथर्ज्, मिति छैन], १:४८, अरू मान्यताहरूविरुद्ध आपत्ति र यो पुष्टीकरणसित कि उत. १:२६ मा त्यो "सत्यता" निहित छ जो "त्रिएकत्ववादी दृष्टिकोणको आधारमा हुन्छ")।

[४]भजन ४५:६ को RSV अनुवाद "तपाईंको परमेश्वरीय सिंहासन सदासर्वदाको निम्ति रहन्छ," तर यो अत्यन्तै असम्भाव्य अनुवाद हो किनभने यसले "सिंहासन" बुझाउने हिब्रू संज्ञालाई शब्दविन्यासको स्थितिमा (construct state) बुझ्न आवश्यक बनाउँछ, जो संज्ञाको सार्वनामिक प्रत्यय भएको बेला, जस्तो कि यसको छ, अत्यन्त अस्वाभाविक हो। *आर.एस्.भी.* अनुवाद एक ईश्वरशास्त्रीय मान्यताको (कि पुरानो करारका भजनकारले पूर्णतः परमेश्वरीय मसीही राजाको बारेमा भविष्यवाणी गर्न सकेनन्) कारणले मात्र स्वीकार गरिन्छ, तर भाषाका वा व्याकरणका आधारहरूमा होइन। प्राचीन अनुवादहरूजस्तै र हिब १:८ जस्तै KJV, NIV, र NASB-ले यो पदलाई यसको सरल, सोझो अर्थमा लिन्छन्। Derelk Kidner, *Psalms 1-72*, TOTC (लन्डनः इन्टरभर्सिटि प्रेस, १९७३), पृ. १७२, ले भन्छ यो पद "एउटा मानवीय सन्तुष्टिभन्दा बढी माग गर्नका लागि पुरानो करारले यसका किनारहरू उछिनेको एउटा उदाहरण" हो, अनि "यो विरोधाभास अवतारसित मिल्दो छ, तर अन्य कुनै पनि सन्दर्भमा रहस्यपूर्ण बनाउने प्रकारको छ।"

फारोजस्ता कतिपय प्राचीन राजाहरूलाई कहिलेकाहीं "देवहरू" भनी सम्बोधन गरिन्थ्यो, तर यो प्रथा मूर्तिपूजकहरूको मूर्तिपूजासित सम्बन्धित झुटको अंश थियो, यसकारण यो र भजन ४५ मा

"तिमी मेरो दाहिने हातपट्टि बस, जबसम्म म तिम्रा शत्रुहरूलाई तिम्रा खुट्टाका पाउदान तुल्याउँदिनँ।" येशूले ठीक बुझ्नुहुन्छ कि दाऊदले दुई भिन्नभिन्नै व्यक्तिहरूलाई "प्रभु" भनी सङ्केत गरिरहेका छन् (मत्ती २२:४१-४६), तर यदि दाऊदको परमप्रभु परमेश्वर स्वयम् हुनुहुन्न भने, को हुनुहुन्छ ? अनि कोही पूर्ण रूपले परमेश्वर हुनुहुन्न भने, परमेश्वरलाई कसले "मेरो दाहिने हातपट्टि बस" भन्न सक्नुहुन्थ्यो ? नयाँ करारको परिप्रेक्ष्यबाट हामी यस पदलाई भावानुवाद गर्न सक्छौं, "पिता परमेश्वरले पुत्र परमेश्वरलाई भन्नुभयो, 'मेरो दाहिने हातपट्टि बस'।" तर त्रिएकत्वबारे नयाँ करारको शिक्षाविना पनि यो स्पष्ट देखिन्छ कि एउटै परमेश्वरमा धेरै व्यक्तिहरू हुनुभएको तथ्यबारे दाऊद अवगत थिए। येशूले निश्चय नै यो बुझ्नुभयो, तर उहाँले फरिसीहरूलाई यस खण्डको अर्थ सोध्नुहुँदा "कसैले पनि जवाफमा एक वचन बोल्न सकेन। त्यस दिनदेखि कसैलाई उहाँसँग प्रश्न सोध्ने आँट भएन" (मत्ती २२:४६)। जबसम्म एउटै परमेश्वरमा व्यक्तिहरूको अनेकत्व स्वीकार गर्न तिनीहरू इच्छुक हुँदैनन्, तबसम्म धर्मशास्त्रको अहिलेसम्मका यहूदी व्याख्याताहरूकहाँ भजन ११०:१ को (वा उत १:२६, वा भर्खरै छलफल गरिएका खण्डहरूको) सन्तोषजनक उत्तर कहिल्यै हुनेछैन।

यशैया ६३:१० ले भन्छ कि परमेश्वरको जाति "बागी भए, र उहाँका पवित्र आत्मालाई दुःखित तुल्याए"; यसले स्पष्टतः यो सुझाउ दिन्छ, पवित्र आत्मा परमेश्वर स्वयम्भन्दा भिन्नै व्यक्ति हुनुहुन्छ (यो "उहाँको पवित्र आत्मा" हो), र यो पवित्र आत्मालाई "दुःखित" तुल्याउन सकिन्छ। यसरी यसले एउटा भिन्नै व्यक्तिको विशेषतासाचक संवेगात्मक गुणहरू बुझाउँछ। (यशै ६१:१ ले पनि "परमप्रभु" र "परमप्रभुका आत्मा"-मा भिन्नता भएको देखाउँछ, यद्यपि त्यो पदमा (६१:१) परमप्रभुका आत्माका व्यक्तिगत गुणहरू हुने बताइएको छैन)।

यस्तै प्रमाण मलाकीमा परमप्रभुले यसो भन्नुहुँदा पाइन्छ, "'तब एक्कासि ती प्रभु, जसलाई तिमीहरू खोज्दछौ, आफ्नो मन्दिरमा आउनेछन्, अर्थात् करारका ती समाचारवाहक आउनेछन्, जसलाई तिमीहरू औधी चाह गर्दछौ, सर्वशक्तिमान् परमप्रभु भन्नुहुन्छ। तर उहाँको आउने दिनमा को उभिन सक्छ र ? उहाँ देखा पर्नुहुँदा को खड़ा हुन सक्छ ?" (मला ३:१-२)। उहाँ पनि बोल्नुहुने (सर्वशक्तिमान् परमप्रभु)-ले आफैलाई ती व्यक्तिबाट भिन्नै व्यक्ति हुनुभएको कुरा बताउनुहुन्छ जसलाई तिनीहरूले औधी चाहन्थे। यसले दुई बेग्ला-बेग्लै व्यक्तिहरू हुनुभएको तथ्य बताउँछ, जसमध्ये दुवैलाई "परमप्रभु" भन्न सकिन्छ।

होशे १:७ मा परमप्रभु बोलिरहनुभएको छ, अनि उहाँले यहूदाको घरानाबारे भन्नुहुन्छ, "तर परमप्रभु तिनीहरूका परमेश्वरद्वारा नै म तिनीहरूको उद्धार गर्नेछु।" उहाँ फेरि यो सङ्केत गरिएको छ कि एकभन्दा धेरै व्यक्तिलाई "परमप्रभु" (*Yahweh*) र "परमेश्वर" (*Elohim*) भन्न सकिन्छ।

अल्मलिनु हुँदैन, भजन ४५ चाहिँ धर्मशास्त्रको खण्ड भएको कारण सत्य हो। RSV-को मार्जिनमा हिब्रू १:८ लाई "परमेश्वर सदासर्वदाको लागि तेरो सिंहासन हो" भनी गरिएको अनुवाद व्याकरणगत रूपमा सम्भाव्य भए तापनि यो अनुवाद पुरानो करार र नयाँ करारको विचारसित पूर्ण रूपले मिल्दैन। सबै थोक सिर्जना गर्नुहुने र विश्वमा सबै थोकलाई शासन गर्नुहुने परमेश्वर अन्य कसैका लागि केवल

यशैया ४८:१६ मा वक्ता (स्पष्ट छ, परमप्रभुको दास)-ले भन्छन्, "अनि अब परमप्रभु परमेश्वरले मलाई उहाँका आत्मासित पठाउनुभएको छ।"[५] उहाँ परमप्रभुका आत्मा, परमप्रभुको दासजस्तै, परमप्रभु परमेश्वरद्वारा एउटा विशेष मिशनमा पठाइनुभएको छ। पठाइएका दुई पात्रहरूबीचको ("म" र "उहाँका आत्मा") समानता उहाँहरू दुईलाई बेग्लाबेग्लै व्यक्तिहरू देख्नुसरह हुनेछ। यसले "परमेश्वरले मलाई उहाँको शक्तिसित (अर्थात्, म र उहाँको शक्तिलाई) पठाउनुभएको छ" मात्र भन्नुभन्दा धेरै नै अर्थ्याएको देखिन्छ।[६] वास्तवमा, सम्पूर्ण नयाँ करारको दृष्टिकोणबाट हेर्दा (जसले मसीह येशूलाई यशैयामा पूर्ववाणी गरिनुभएको साँचो दास भनी पहिचान गर्छ) यशैया ४८:१६ मा त्रिएकत्ववादी (*Trinitarian*) सङ्केतहरू छन्, "अब परमप्रभुले मलाई उहाँका आत्मासित पठाउनुभएको छ" भन्ने वाक्य यदि परमेश्वरका पुत्र येशूद्वारा बोलिएको हो भने, यसले त्रिएकत्वका सबै तीन व्यक्तिहरूतिर सङ्केत गर्दछ।

यसबाहेक, "परमप्रभुका स्वर्गदूत"-सम्बन्धी पुरानो करारका अनेकौं खण्डहरूले परमेश्वरमा तीन व्यक्तिहरू हुनुभएको सङ्केत दिन्छन्। "स्वर्गदूत" (हिब्रू *malak*) भनी अनुवाद गरिएको शब्दले केवल "सन्देशवाहक" बुझाउँछ। यदि परमप्रभुका यी स्वर्गदूत परमप्रभुका "सन्देशवाहक" हुन् भने उनी परमप्रभुभन्दा भिन्नै हुन्। तर पनि कुनै-कुनै स्थानहरूमा परमप्रभुको दूतलाई "परमेश्वर" वा "परमप्रभु" भनिएको छ (हे. उत १६:१३; प्रस ३:२-६; २३:२०-२२ [पद २१ को "तिनैमा मेरो नाउँ छ"-मा ध्यान दिनुहोस्]; गन २२:३५ सित ३८ पढ्नुहोस्; न्याय २:१-२; ६:११ सित पद १४ पढ्नुहोस्)। पुरानो करारमा अन्यत्र, "परमप्रभुका स्वर्गदूत"-ले केवल सृष्टि गरिएको स्वर्गदूतलाई बुझाउँछ, तर कमसेकम यी मूलपाठहरूमा परमप्रभुका विशेष दूत (वा "सन्देशवाहक") भिन्नै व्यक्ति हुनुभएको देखिन्छ, जो पूर्ण रूपले परमेश्वरीय हुनुहुन्छ।

एकभन्दा अधिक व्यक्तिको स्पष्ट व्यक्तित्व देखाउन सक्ने पुरानो करारका सर्वाधिक विवादग्रस्त मूलपाठहरूमध्ये एउटा हो हितोपदेश ८:२२-३१। यद्यपि यस अध्यायको प्रारम्भिक भागलाई साहित्यिक प्रभावका निम्ति "बुद्धि"-मा व्यक्तित्व आरोपण गरिएको मात्रै हो भनी बुझ्न सकिन्छ; यो भागले बुद्धिले साधारण मानिसहरूलाई आह्वान दिइरहेको र तिनीहरूलाई सिक्ने निमन्त्रणा दिइरहेको देखाउँछ (पह. २२-३१)। तर यस विषयमा यो तर्क गर्न सकिन्छ कि यसले बुद्धिको विषयमा यस्ता कुराहरू बताउँदछ जो केवल व्यक्तित्व आरोपणभन्दा धेरै उताका कुराहरू हुन्। परमेश्वरले पृथ्वी सृष्टि गर्नुहुँदाको समयबारे बोल्दै बुद्धिले भन्छ, "म एक कारीगरझैं उहाँको छेउमा थिएँ। म दिनहुँ हर्षले विभोर हुन्थें, उहाँको उपस्थितिमा निरन्तर आनन्दित भइरहन्थें" (हितो ८:३०-३१)। सृष्टि भइरहेको समयमा परमेश्वरको

---

"सिंहासन" मात्र हुनुहुँदैन। यो विचारै पनि परमेश्वरको निम्ति अपमानजनक छ, र यसलाई सम्भवतः समुचित अनुवाद मान्नु हुँदैन।

[५]RSV बाइबलले यशैया ४८:१६ लाई हिब्रू शब्दहरूको अक्षरशः अर्थ र हिब्रू मूलपाठका शब्द क्रमलाई सही प्रकारले अनुवाद गरेको छ।

[६]NIV अनुवाद "उहाँको आत्मासँग" हिब्रू मूलपाठमा पाइँदैन र यसले परमप्रभुले "मलाई" र "उहाँका आत्मा"-लाई पठाइरहनुभएको समानान्तर विचारलाई अस्पष्ट बनाइदिन्छ। NIV-मा पाइने *सित* शब्द

छेउमा बसेर "कारीगर"-को रूपमा काम गर्नुले मात्रै पनि एउटा अर्कै मानिसको अवधारणा इङ्गित गर्छ, र तलका वाक्यांशहरू अझ विश्वासलाग्दा देखिएलान्, कारण वास्तविक मानिसहरू मात्र "दिनहुँ हर्षले विभोर" हुन सक्छन् र संसारमा र माहट गर्न र मानवजातिमा प्रसन्न बन्न सक्छन्।[७] तर यदि उहाँ "बुद्धि"-ले वास्तवमा मानिस बन्नुभन्दा अधिको परमेश्वरका पुत्रतिर इङ्गित गर्छ भनी हामी निर्णय गर्छौं भने, कठिनाइ उत्पन्न हुन्छ। पद २२-२५ ले यी व्यक्तिको सृष्टिबारे बताएको देखिन्छ जसलाई "बुद्धि" भनिन्छ :

परमेश्वरले सृष्टिको प्रारम्भमा नै मलाई सृजनुभयो,
उहाँका आदिका सबै कामहरूभन्दा पहिले नै।
अनन्तदेखि नै मेरो नियुक्ति भएको थियो,
सबैभन्दा पहिले, संसार सुरु हुनुभन्दा पनि पहिले नै।
महासागर नहुँदै मेरो जन्म भएको थियो,
पानीले भरिएका खोलानालाहरू हुनुभन्दा अघि नै।
पर्वतहरू आ-आफ्नो स्थानमा स्थापित हुनुभन्दा पहिले नै,
पहाड़हरूभन्दा अघि नै मेरो जन्म भएको थियो।

के यसले देखाउँदैन कि यो "बुद्धि" सृष्टि गरिएको थियो ?

वास्तवमा, यसले त्यस्तो देखाउँदैन। सामान्यतया "सृष्टि गर्नु" (*bara*) बुझाउने हिब्रू शब्द २२ पदमा प्रयोग गरिएको छैन, *qanah* शब्द प्रयोग गरिएको छ, जो पुरानो करारमा चौरासीपटक प्रयोग भएको छ र यसले प्रायः नै "प्राप्त गर्नु, हासिल गर्नु" भन्ने बुझाउँछ। *एन्.ए.एस्.बी.* यहाँ सबैभन्दा स्पष्ट छ – "परमेश्वरले मलाई उहाँको मार्गको आरम्भमा अधिकारमा लिनुभयो" (त्यस्तै *के.जे.भी.*-मा पनि)। त्यसपछि आउने पदहरूमा यो शब्दको यस्तो अर्थमा ध्यान दिनुहोस् : गन ३९:१; प्रस २१:२; हितो ४:५, ७; २३:२३; उप २:७; यशै १:३ ["मालिक/स्वामी"])। यसको युक्तियुक्त अर्थ यही हुन्छ र, यदि बुद्धिलाई एउटा वास्तविक मानिसको रूपमा बुझियो भने, यसले केवल यही बुझाउँछ कि सृष्टिको काम सुरु हुँदा पिता परमेश्वरले पुत्र परमेश्वरको शक्तिशाली सृजनात्मक कामलाई निर्देश दिन र प्रयोग गर्न सुरु गर्नुभयो।[८] सृष्टिको कार्यमा पिताले पुत्रलाई उहाँसँग काम गर्न बोलाउनुभयो। पद २४ र २५ को वाक्यांश "जन्म भएको थियो" बेग्लै वाक्यांश हो तर यसले एउटै अर्थ बोक्न सक्छ – विश्वको सृजनामा पिता परमेश्वरले पुत्र परमेश्वरको शक्तिशाली सृजनात्मक कामलाई निर्देश दिन र काममा लाउन सुरु गर्नुभयो।

---

अनुवादकले गरेका हिब्रू संयोजक *u*[x] को व्याख्या हो, जसले सामान्यतः केवल "अनि" बुझाउँछ। "सित" (*'im*) बुझाउने सामान्य हिब्रू शब्द मूलपाठमा छैन।

[७]यी तर्कहरूको प्रत्युत्तरमा, यो तर्क गर्न सकिन्छ कि हितो ८:१-१२ र ९:१-६ मा बुद्धिमा, र हितो ९:१३-१८ मा मूर्खतामा, त्यसरी नै विस्तृत विवरणसहित व्यक्तित्व आरोपण गरिएको छ, र कुनै पनि व्याख्याताले ती वास्तविक व्यक्तिहरू हुन् भन्ने बुझ्दैनन् पनि। यो तर्क मलाई विश्वासलाग्दो लाग्छ, तर मैले त्यसपछि आउने अनुच्छेद गाभेको छु कारण हितो ८:२२-३१ ले परमेश्वर पुत्रतिर सङ्केत गर्छ भन्ने व्याख्याताहरूको लामो इतिहास छ।

[८]यस पदको अनुवादलाई घेर्ने अन्यौल सेप्टुअजिन्टको असाधारण अनुवादको कारण हुनआएको हो भन्ने

२. **नयाँ करारमा त्रिएकत्वको अझ पूर्ण प्रकटीकरण ।** नयाँ करार खोलिँदा, हामी पृथ्वीमा परमेश्वरका पुत्र आउनुभएको इतिहासमा प्रवेश गर्छौं। यो आशा गरिएको कुरा हो कि यो महान् घटना परमेश्वरको त्रिएकत्ववादी स्वभावबारे अझ स्पष्ट शिक्षाहरूसितै घटने थियो अनि वास्तवमा हामी यस्तै भएको पाउँछौं। यसलाई विस्तृततापूर्वक हेर्नुभन्दा अघि, हामी यस्ता अनेकौं खण्डहरू सूचीबद्ध गर्न सक्छौं जसमा त्रिएकत्वका तीनै व्यक्तिहरूका नाउँ एकैसाथ लिइएका छन्।

येशूको बप्तिस्मा हुँदा "स्वर्ग उघ्रियो, र उहाँले परमेश्वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो। तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु" (मत्ती ३:१६-१७)। यहाँ एउटै समयमा तीन व्यक्तिहरूले तीन विभिन्न कामहरू गरिरहेका छन्। पिता परमेश्वर स्वर्गबाट बोलिरहनुभएको छ; पुत्र परमेश्वरको बप्तिस्मा भइरहेको छ; पवित्र आत्मा येशूमाथि बस्नलाई र उहाँको सेवकार्यको निम्ति उहाँलाई शक्ति प्रदान गर्नलाई स्वर्गबाट ओर्लिरहनुभएको छ।

येशूको पार्थिव सेवकार्यको अन्त्यमा उहाँले आफ्ना चेलाहरूलाई भन्नुहुन्छ कि उनीहरू जानुपर्छ "र सबै ... जातिहरूलाई चेला" बनाउनुपर्छ अनि "पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा" दिनुपर्छ (मत्ती २८:१९)। मानवीय संस्थाहरूमा सर्वाधिक परिचित परिवार हो; यही संस्थाबाट लिइएका दुई नामहरू, "पिता" र "पुत्र"-ले अति सशक्त प्रकारले "पिता" र "पुत्र" भिन्न-भिन्नै व्यक्तिहरू हुन् भनी सङ्केत दिँदछ। "पवित्र आत्मा"-लाई त्यही अभिव्यक्तिमा र अन्य दुई व्यक्तिहरूकै स्तरमा राखिँदा, पवित्र आत्मा पनि एक व्यक्तिकै रूपमा तथा पिता र पुत्रकै स्तरमा हेरिनुभएको छ भन्ने निष्कर्षलाई उपेक्षा गर्नु अति नै कठिन हुन्छ।

नयाँ करारका लेखकहरूले परमेश्वर पिता बुझाउनलाई सामान्यतया "पिता" (ग्रीक *theos*) नाउँ र पुत्र परमेश्वर बुझाउनलाई "प्रभु" (ग्रीक *kyrios*) नाउँलाई प्रयोग गर्छन् भन्ने जब हामी थाहा गर्छौं, यो स्पष्ट हुन्छ कि १ कोरिन्थी १२:४-६ मा अर्को त्रिएकत्ववादी अभिव्यक्ति छ, "वरदानहरू विभिन्न किसिमका छन्, तर *पवित्र आत्मा* एउटै हुनुहुन्छ। सेवाहरू धेरै थरीका हुन्छन्, तर *प्रभु* एउटै हुनुहुन्छ। कामहरू धेरै किसिमका छन्, तर उनै *परमेश्वर*ले हरेकलाई ती काम गर्ने प्रेरणा दिनुहुन्छ।"

यसरी नै २ कोरिन्थीको अन्तिम पदको अभिव्यक्ति त्रिएकत्ववादी छ, "प्रभु येशू ख्रीष्टको अनुग्रह, परमेश्वरको प्रेम र पवित्र आत्माको सङ्गति तिमीहरू सबैसँग रहून्" (२ कोर १३:१४)। एफिसी ४:४-६ मा पनि तीन व्यक्तिहरू छुट्टै रूपमा उल्लेखित देख्छौं, "शरीर एउटै छ, र पवित्र आत्मा एउटै हुनुहुन्छ – जसरी तिमीहरू बोलाइँदा एउटै आशामा बोलाइएका थियौ, जुन आशा तिमीहरूको बोलावटसँग गाभिएको छ – एउटै प्रभु, एउटै विश्वास र एउटै बप्तिस्मा, हामी सबैका एउटै परमेश्वर र पिता, जो सबैमाथि, सबैका मध्य र सबैमा हुनुहुन्छ।"

देखिन्छ; यो अनुवादले यस पदमा यो हिब्रू शब्दलाई अनुवाद गर्नलाई प्रायः नै प्रयोग गरिने *ktaomai* ("हासिल गर्नु, स्वामित्व लिनु) शब्दको सट्टामा *ktizo* ("सृष्टि गर्नु") प्रयोग गरेको छ। हिब्रू पुरानो करारमा *Qanah* ८४ पटक प्रयोग भएको पाइन्छ अनि सत्तरीभन्दा धेरैपटक *ktaomai*–द्वारा अनुवाद गरिएको छ तर *ktizo* शब्द प्रयोग गरेर तीनपटक मात्र अनुवाद गरिएको छ (उत १४:१९; हितो ८:२२; यर्मि ३९(३२):१५, जसमध्ये सबै नै संदिग्ध

१ पत्रुसको प्रारम्भिक वाक्यमा त्रिएकत्वमा भएका सबै तीन व्यक्तिहरू सँगै उल्लेखित छन्, "येशू ख्रीष्टको आज्ञापालन र उहाँका रगतको छिट्काइको निम्ति पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर पिताद्वारा उहाँको पूर्वज्ञानअनुसार ..." (१ पत्र २)। यहूदा २०-२१ मा हामी पढ्छौं, "तर प्रियहरू हो, तिमीहरूचाहिँ तिमीहरूको अति पवित्र विश्वासमा दृढ हुँदैजाओ र पवित्र आत्मामा प्रार्थना गर। आफैलाई परमेश्वरको प्रेममा राख र अनन्त जीवनको निम्ति हाम्रा प्रभु येशूको कृपाको प्रतीक्षा गर।"

तर, KJV १ यूहन्ना ५:७ को अनुवाद यस सम्बन्धमा प्रयोग गरिनु हुँदैन। यसमा यस्तो पाइन्छ, "किनभने, स्वर्गमा अभिलेख राख्नुहुने तीन जना हुनुहुन्छ, पिता, वचन, र पवित्र आत्मा : उहाँहरू तीन जना एकै हुनुहुन्छ।"

यो अनुवादसित सम्बन्धित समस्या यो छ कि यो भर पर्न नसकिने अति थोरै ग्रीक पाण्डुलिपिहरूमा आधारित छ, जसमध्ये सबैभन्दा पुरानो भनेको चौधौँ शताब्दी ख्रीष्टाब्दतिरको छ। कुनै पनि आधुनिक अनुवादले यो KJV अनुवाद संलग्न गर्दैन, तर सबैले यसलाई छोड़िदिन्छन्, जस्तो कि सबै प्रमुख परम्पराका विशाल बहुसंख्यक ग्रीक पाण्डुलिपिले छोड्दछन्, साथै चौथो र पाँचौं शताब्दी ख्रीष्टाब्दका अनेकौं अति भरपर्दा पाण्डुलिपिहरूले पनि छोड्दछन्, र इरेनियस (मृ. प्रायः २०२ ख्री.), अलेक्जेन्ड्रियाका क्लेमेन्ट (मृ. प्रायः २०२ ख्री.), तर्तुलियन (मृ. २२० ख्री.-पछि), अनि त्रिएकत्वका महान् पक्षधर एथनेसियस् (मृ. ३७३ ख्री.) आदिका उद्धरणहरूले पनि छोड्दछन्।

## ख. तीन वक्तव्यहरूले बाइबलको शिक्षाको सारांश दिन्छन्

एउटा अर्थमा त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त एउटा यस्तो रहस्य हो जसलाई हामी पूर्ण रूपले कहिल्यै पनि बुझ्नसक्ने छैनौं। तरै पनि, धर्मशास्त्रको शिक्षालाई निम्नानुसार तीनवटा वक्तव्यहरूमा सारांशित गरेर यसको केही सत्यता हामी बुझ्न सक्छौं :

१. परमेश्वर तीन व्यक्तिहरू हुनुहुन्छ।
२. हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ।
३. परमेश्वर एउटै हुनुहुन्छ।

निम्निलिखित अनुच्छेदले (Section) उक्त प्रत्येक वक्तव्यलाई अझ विस्तृत रूपले विवेचन गर्नेछ।

**१. परमेश्वर तीन व्यक्तिहरू हुनुहुन्छ।** परमेश्वर तीन व्यक्तिहरू हुनुहुन्छ भन्ने तथ्यको अर्थ यो हो कि पिता पुत्र हुनुहुन्न; उहाँहरू बेग्ला-बेग्लै व्यक्तिहरू हुनुहुन्छ। यसको अर्थ यो पनि हुन्छ कि पिता पवित्र आत्मा हुनुहुन्न, तर उहाँहरू बेग्ला-बेग्लै व्यक्तिहरू हुनुहुन्छ। यसको अर्थ यो पनि हुन्छ कि पिता पवित्र आत्मा हुनुहुन्न। यी भिन्नताहरू नयाँ करारका अतिरिक्त खण्डहरूबाहेक यस पुस्तकका अघिल्ला

अनुच्छेदहरूमा उद्धृत अनेकौं खण्डहरूमा देखिन्छन्।

यूहन्ना १:१-२ ले हामीलाई भन्छ, "आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वर हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँआदिमा परमेश्वरसँग हुनुहुन्थ्यो।" "वचन" (जसलाई ९-१८ पदहरूमा ख्रीष्ट भनी हेरिएको छ) परमेश्वर-"सँग" हुनुहुन्छ भन्ने तथ्यले उहाँ पिताभन्दा भिन्नै हुनुभएको बुझाउँछ। यूहन्ना १७:२४ मा आफ्नो "महिमा"-बारे बताउनुहुँदै येशू पिता परमेश्वरसँग बोल्नुहुन्छ, "मेरो महिमा देखून्, जुन महिमा, संसारको सृष्टि हुन अघिदेखि नै मलाई प्रेम गर्नुभएको हुनाले तपाईंले मलाई दिनुभएको थियो।" त्यसकारण, उहाँले संसारको सृष्टिभन्दा पनि अघि तीन व्यक्तिहरूबीच रहेको भिन्नता, अनि उहाँहरूबीच महिमाको सहभागिता, र पिता र पुत्रमाझ प्रेमको सम्बन्ध देखाउनुहुन्छ।

हामीलाई भनिएको छ कि परमेश्वरको अघि येशू अझै पनि हाम्रा प्रधानपूजाहारी हुनुहुन्छ र उहाँले हाम्रा निम्ति मध्यस्थकर्ताको काम गर्नुहुन्छ, "तर कुनै मानिसले पाप गऱ्यो भने पनि पितासँग हाम्रो पक्षमा बोलिदिनुहुने एक जना हुनुहुन्छ, अर्थात् धार्मिक येशू ख्रीष्ट" (१ यूह २:१)। ख्रीष्ट नै हुनुहुन्छ जसले "उहाँद्वारा परमेश्वरको नजीक आउनेहरूलाई ... सदैव उद्धार गर्नसक्नुहुन्छ। किनभने तिनीहरूका निम्ति मध्यस्थताको प्रार्थना चढ़ाउन उहाँ सदैव जीवित रहनुहुन्छ" (हिब ७:२५)। यद्यपि पिताको अघि हाम्रा निम्ति मध्यस्थता गर्नलाई ख्रीष्ट पिताभन्दा बेग्लै व्यक्ति हुनु आवश्यक छ।

यसबाहेक, पिता पवित्र आत्मा हुनुहुन्न अनि पुत्र पवित्र आत्मा हुनुहुन्न। उहाँहरू भिन्न-भिन्नै हुनुहुन्छ भनी अनेकौं पदहरूमा देखाइएको छ। येशू भन्नुहुन्छ, "तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ" (यूह १४:२६)। पवित्र आत्माले पनि हाम्रो निम्ति प्रार्थना वा "मध्यस्थता" गर्नुहुन्छ (रोम ८:२७), यसले पवित्र आत्मा र पिता परमेश्वर, जसका समक्ष मध्यस्थता गरिएको छ, भिन्न-भिन्नै व्यक्तिहरू हुनुहुन्छ भन्ने तथ्यतिर सङ्केत गर्छ।

अन्त्यमा, पुत्र पवित्र आत्मा हुनुहुन्न भन्ने तथ्य यसअघि उल्लेखित विभिन्न त्रिएकत्ववादी लेखांशहरूमा पनि सङ्केत गरिएको छ, जस्तै महान् नियुक्ति (महान् आदेश [Great Commission]) (मत्ती २८:१९) र ख्रीष्ट स्वर्ग फिर्नुभयो र त्यसपछि मण्डलीमा पवित्र आत्मा पठाइदिनुभयो भनी बताउने खण्डहरूमा। येशूले भन्नुभयो, "म जानमा नै तिमीहरूको हित छ। किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन। तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु" (यूह १६:७)।

कति व्यक्तिहरूले पवित्र आत्मा संसारमा कार्यरत परमेश्वरको "शक्ति" वा "ताकत" मात्र नहुनुभएर वास्तवमा एउटा बेग्लै व्यक्ति पो हुनुहुन्छ कि भन्ने प्रश्न उठाएका छन्। तर नयाँ करारको प्रमाण पूर्ण रूपले स्पष्ट र सबल छ।[९] सर्वप्रथम यसअघि उल्लेखित यस्ता पदहरू छन् जसमा पवित्र आत्मालाई पिता र पुत्रको

अनुवादहरू हुन्। अकिला, साइमाकुस र थियोडोसियनद्वारा अनूदित पुरानो करारको अन्य सबै ग्रीक अनुवादहरूमा

समकक्ष सम्बन्धमा राखिएको छ (मत्ती २८:१९; १ कोर १२:४-६; २ कोर १३:१४; एफि ४:४-६; १ पत्र १:२); पिता र पुत्र दुवै नै व्यक्तिहरू हुनुभएका कारण, यो समकक्ष अभिव्यक्तिले सशक्त रूपमा साचित गर्छ कि पवित्र आत्मा एक व्यक्ति पनि हुनुहुन्छ। त्यसपछि, ठाउँ-ठाउँमा पवित्र आत्मालाई पुरुषवाचक सर्वनाम "उहाँ" (ग्रीक *ekeinos*) भनिएको छ (यूह १४:२६; १५:२६; १६:१३-१४)। ग्रीक भाषाको व्याकरणअनुसार यस्तो प्रयोग अकल्पनीय हुन्छ, किनभने "पवित्र आत्मा" (ग्रीक *pneuma*) नपुंसक लिङ्ग हो, पुरुषवाचक होइन र यसलाई सामान्यतः नपुंसक सर्वनाम *ekeino*-सित सङ्केत गरिन्छ। यसबाहेक, सल्लाहकार वा सान्त्वनादाता (ग्रीक *parakletos*) शब्द अर्को व्यक्ति वा अर्को व्यक्तिहरूलाई सहायता गर्ने वा सान्त्वना दिने वा सल्लाह दिने व्यक्तिलाई बुझाउँदा प्रयोग गरिने शब्द हो तर यसलाई यूहन्नाको सुसमाचारमा पवित्र आत्माको स्थानमा प्रयोग गरिएको छ (यूह १४:१५, २६; १५:२६; १६:७)।

अरू व्यक्तिगत क्रियाकलापको श्रेय पवित्र आत्मालाई दिइएको छ, जस्तै शिक्षण (यूह १४:२६), गवाही बन्ने (यूह १५:२६; रोम ८:१६), अरू मानिसहरूको पक्षमा मध्यस्थता वा प्रार्थना गर्ने (रोम ८:२६-२७), परमेश्वरका गहराइहरू खोज्ने (१ कोर २:१०), परमेश्वरका विचारहरूको खोजी (१ कोर २:११), कुनै मानिसहरूलाई एक किसिमका अनि अरू मानिसहरूलाई अर्को किसिमका वरदानहरू बाँड्न इच्छुक (१ कोर १२:११), कुनै निर्दिष्ट कामहरू निषेध गर्नु वा गर्नु नदिनु (प्रे १६:६-७), वक्तव्य दिनु (प्रे ८:२९; १३:२; अनि धेरैपल्ट पुरानो करार र नयाँ करार दुवैमा), र कुनै बुद्धिमान् कार्यबाहीको मूल्याङ्कन गर्ने वा त्यसलाई अनुमोदन गर्ने (प्रे १५:२८), र ख्रीष्टियानहरूको जीवनमा पापद्वारा दुःखित हुने काम (एफि ४:३०)।

अन्त्यमा, यदि पवित्र आत्मालाई एक विशिष्ट व्यक्ति नमानेर, परमेश्वरको शक्तिको रूपमा मात्रै बुझियो भने, बाइबलका अनेकौं खण्डहरूको केही अर्थ नै लाग्नेछैन, किनभने उहाँहरूमा पवित्र आत्मा र उहाँको शक्ति वा परमेश्वरको शक्ति दुवै उल्लेख गरिएको छ। उदाहरणार्थ, लूका ४:१४, "येशू पवित्र आत्माको शक्तिमा गालीलमा फर्कनुभयो"-को अर्थ "येशू परमेश्वरको शक्तिको शक्तिमा गालीलमा फर्कनुभयो" हुनुपर्दथियो। प्रेरित १०:३८ मा "परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो"-को अर्थ "परमेश्वरले येशूलाई परमेश्वरको शक्तिले र शक्तिसित अभिषेक गर्नुभयो" हुनेथियो (हे. रोम १५:१३; १ कोर २:४ पनि)।

बाइबलका धेरै खण्डहरूले पवित्र आत्मालाई त्रिएकत्वका अरू सदस्यहरूदेखि पृथक देखाए तापनि, अन्योलमा हाल्ने एउटा पदचाहिँ २ कोर ३:१७ हो, "अब, प्रभु आत्मा हुनुहुन्छ, अनि जहाँ प्रभुका आत्मा हुनुहुन्छ, त्यहाँ स्वतन्त्रता हुन्छ" (२ कोर ३:१७)। व्याख्याताहरूले प्रायः नै यो अनुमान गरेका छन् कि यहाँ "प्रभु"-ले ख्रीष्टलाई नै बुझाएको हुनुपर्दछ किनभने ख्रीष्ट बुझाउनलाई पावलले प्रायः नै "प्रभु" शब्द प्रयोग गर्छन्। तर उहाँ यो शब्द सम्भवतः यसरी प्रयोग गरिएको छैन, किनभने

हितो ८:२२ मा *ktaomai* अनुवाद भएको छ।

"अब आत्मा प्रभु हुनुहुन्छ" भन्दै "पवित्र आत्मा"-लाई कर्ता बनाएर यस पदलाई अनुवाद गर्नु उत्तम हुन्छ भन्नका लागि व्याकरण र सन्दर्भबाट असल तर्क तयार गर्न सकिन्छ।[१०] यस मुद्दामा, पावलले यो भनिरहेका हुनेथिए कि पवित्र आत्मा "याहवे" (वा "जेहोभा"), पुरानो करारका परमप्रभु पनि हुनुहुन्छ (पद ७ मा सुरु हुने यस सन्दर्भको पुरानो करारगत स्पष्ट पृष्ठभूमिमा ध्यान दिनोस्)। ईश्वरशास्त्रीय दृष्टिकोणले यो पूर्णतः स्वीकार्य ठहर्दछ किनभने वास्तवमा यो भन्न सकिने थियो कि जसरी पिता परमेश्वर "परमप्रभु" हुनुहुन्छ र जसरी पुत्र परमेश्वर "प्रभु" हुनुहुन्छ (परमेश्वरको एउटा नाउँको रूपमा पुरानो करारको पूर्ण अर्थमा "परमप्रभु"), त्यसरी नै पुरानो करारमा जो "प्रभु" भनिनुहुन्थ्यो उहाँ पवित्र आत्मा हुनुहुन्छ – अनि नयाँ करारको युगमा पवित्र आत्माले नै हामीकहाँ प्रभुको उपस्थिति विशेष गरी प्रकट गरिदिनुहुन्छ।[११]

२. **हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ।** सबै तीन व्यक्तिहरू भिन्न-भिन्नै हुनुहुन्छ भन्ने तथ्यबाहेक धर्मशास्त्रको मनग्गे साक्षी यो हो कि हरेक व्यक्ति पूर्ण रूपमा परमेश्वर पनि हुनुहुन्छ।

सर्वप्रथम, *पिता परमेश्वर स्पष्ट रूपले परमेश्वर हुनुहुन्छ*। यो तथ्य बाइबलको पहिलो पदबाट स्पष्ट हुन्छ; उहाँ परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। सम्पूर्ण पुरानो र नयाँ करारभरि उक्त तथ्य प्रस्ट छ, जहाँ पिता परमेश्वरलाई सबै थोकहरूका सर्वोच्च प्रभु भनी स्पष्ट रूपले हेरिएको छ अनि जहाँ येशूले स्वर्गमा हुनुहुने उहाँका पितालाई प्रार्थना गर्नुहुन्छ।

दोस्रो, पुत्र पूर्ण रूपमा परमेश्वर हुनुहुन्छ। यस बुँदाबारे २६ अध्यायमा "ख्रीष्टको व्यक्तित्व" शीर्षकअन्तर्गत विस्तृत रूपमा छलफल गरिने भए तापनि हामी उहाँ अनेकौं स्पष्ट खण्डहरूमा ध्यान दिन सक्छौं। यूहन्ना १:१-४ ले ख्रीष्टको परमेश्वरत्वलाई स्पष्ट रूपले पुष्टि गर्दछ,

> आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो। सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँबिना बनिएन। उहाँमा

[९]पवित्र आत्माको विशिष्ट व्यक्तित्वसम्बन्धी यसपछिको अनुच्छेदले Louis Berkof, *Systematic Theology*-को उत्कृष्ट सामग्रीलाई निकट रूपले अनुसरण गर्दछ।

[१०]व्याकरणगत रूपमा "आत्मा" (*to pneuma*) र "प्रभु" (*ho kyrios*) दुवै कर्ताकारक हुन् जो यस्तो कारक हो जसलाई "हुनु" क्रियासहितको वाक्यमा उद्देश्य र विधेय संज्ञा दुवैद्वारा लिइएको हुन्छ। अनि अङ्ग्रेजी भाषामा जस्तै ग्रीक भाषामा शब्दको शृङ्खलाले उद्देश्य सङ्केत गर्दैन। अङ्ग्रेजीमा "प्रभु" *(Lord)*-को अगाड़ि आएको निश्चित उपपद (*ho*, "the") सम्भवतः यसभन्दा अगाड़ि प्रयोग भइसकेको त्यही शब्द सङ्केत गर्नका लागि प्रयोग गरिएको छ (*anaphoric*), (अर्थात्, यसले १६ पदमा अगाड़ि उल्लेखित "Lord"-तिर सङ्केत गर्छ र भन्छ कि आत्मा "the Lord" (प्रभु) हुनुहुन्छ जो यसभन्दा अगाड़िको वाक्यमा उल्लेखित गरिइनुभएको थियो)। (हे. Murray Harris, "2 Corinthians," *EBC* 10:338-39-मा।)

[११]यसको अर्को सम्भावित व्याख्या यो भन्न मिल्छ कि यसो भन्नुचाहिँ नयाँ करारको युगमा ख्रीष्ट र पवित्र आत्माका कामहरू यत्ति घनिष्ठ रूपले सम्बन्धित छन् कि उहाँहरू उद्देश्यमा एउटै हुनुहुन्छ भन्न सकिन्छ भन्नु हो। यसो हो भने, यो पदको अर्थ झण्डै यस्तो हुनेछ, "यस युगमा प्रभु येशूलाई पवित्र आत्माको क्रियाकलापको माध्यमबाट देखिन्छ र जानिन्छ, किनभने पवित्र आत्माको काम ख्रीष्टलाई महिमान्वित गर्नु हो।" तर यो व्याख्या थोरै विश्वासोत्पादक छ, किनभने पावलले कुनै कामको परिचय यस्तो अस्पष्ट

जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो।

उहाँ ख्रीष्टलाई "वचन" भनी इङ्गित गरिएको छ, अनि यूहन्नाले भन्छन् कि उहाँ "परमेश्वरसँग" हुनुहुन्थ्यो र उहाँ "परमेश्वर हुनुहुन्थ्यो"। ग्रीक बाइबलको मूलपाठले उत्पत्ति १:१ का आरम्भिक वचनहरू प्रतिध्वनित गर्छ ("आदिमा ...") र हामीलाई यो स्मरण गराउँछ कि यूहन्नाले कुनै यस्तो कुराबारे बताइरहेका थिए जो संसार बनाइनुभन्दा अघि नै सत्य थियो। पुत्र परमेश्वर सदैव पूर्ण रूपमा परमेश्वर हुनुहुन्थ्यो।

अङ्ग्रेजी बाइबलले "the Word was God," (अर्थात्, "वचन परमेश्वर हुनुहुन्थ्यो") भनी गरेको अनुवादलाई जेहोभाज् विटनेसेज्हरूले चुनौती दिएका छन्। र तिनीहरू यसलाई "the Word was a god," (अर्थात् "वचन एक देव हुनुहुन्थ्यो") भनी अनुवाद गर्दै तिनीहरू यो सङ्केत गर्छन् कि वचन एउटा स्वर्गीय अस्तित्व मात्र हुनुहुन्थ्यो, पूर्ण रूपले परमेश्वरीय हुनुहुन्नथ्यो। तिनीहरू आफ्नो अनुवादलाई ठीक हो भन्छन् – ग्रीक शब्द *theos* (अर्थात्, God) अगाड़ि निर्दिष्ट उपपद (ग्रीक *ho*, the) आएको पाइँदैन। यसकारण, तिनीहरू भन्छन्, *theos*-लाई "a god" अनुवाद गरिनुपर्छ। तर मान्यताप्राप्त कुनै पनि ग्रीक विद्वान्ले कुनै पनि ठाउँमा तिनीहरूको व्याख्यालाई पालन गरेका छैनन्; किनभने यो तथ्य सार्वजनिक छ कि वाक्यले ग्रीक व्याकरणको नियमित नियमलाई पहिल्याउँछ र निश्चित उपपद (definite article 'the')-को अनुपस्थितिले यो औँल्याउँछ कि God यस वाक्यको विधेय *(predicate)* हो, उद्देश्य होइन।[१२] (जेहोभाज् विटनेसेज्को एउटा हालैको प्रकाशनले ग्रीक व्याकरणको उक्त प्रासङ्गिक नियमलाई स्वीकार गर्छ, तर अझै पनि तिनीहरूले यूहन्ना १:१ बारे

---

प्रकारले दिनेथिए होला भन्ने सम्भावना कमै देखिन्छ, वा उनले ख्रीष्टको काम र पवित्र आत्माको काम एउटै हो भन्न चाहने नै थिएनन् होला।

[१२]यो नियम - जसलाई "कलवेल्स नियम" (Colwell's rule) भनिन्छ) मानक परिचयात्मक ग्रीक व्याकरणको छैटौं अध्यायमा नै छलफल गरिएको हुन्छ। हे. John Whenham, *The Elements of New Testament Greek* (क्याम्ब्रिज : क्याम्ब्रिज यूनिभर्सिटि प्रेस, १९६५), पृ. ३५;र *BDF, 273* पनि। यो नियम केवल यति छ कि "हुनु" योजक क्रिया (जस्तै, ग्रीक *eimi*) भएका वाक्यहरूमा, निश्चित विधेय नामले, यो क्रियाको अगाड़ि आएको अवस्थामा, प्रायः नै निश्चित उपपद त्याग्दछ, तर यदि वाक्यको उद्देश्य निश्चित छ भने, त्यसले निश्चित उपपद राख्दछ। यसकारण यदि यूहन्नाले "वचन परमेश्वर हुनुहुन्थ्यो" भन्न चाहेका थिए भने, उनले त्यो ठीक त्यसरी नै भन्ने थिए, जसरी यूहन्ना १:१ मा भनिएको छ। (एउटा हालैको व्याकरणिक अध्ययनले कलवेलको नियमलाई पुष्टि मात्र नगरेर सबल पारेको छ : हे. Lane C. McGaughy, *Toward a Descriptive Analysis of EINAI as the Linking Verb in the New Testament* [SBLDS मिसोला, मोन्ट.: SBL, 1972] विशेष गरी पृह. ४९-५३, ७३-७७; र *JBL* 95 [1967]: 147-49 मा E.V.N. Goetchius-द्वारा यस पुस्तकको महत्त्वपूर्ण समीक्षा।

निश्चय नै, यदि यूहन्नाले "वचन एक देव हुनुहुन्थ्यो" (अनिश्चित विधेय, "एक देव") भन्न चाहेका थिए भने, यो वाक्यांश यसरी नै लेखिनेथियो किनभने प्रथम कुरा त, त्यहाँ निकाल्नुपर्ने निश्चित उपपद हुनेथिएन। तर यदि कुरो त्यस्तो हुँदो हो त, पूर्ण रूपले परमेश्वरीय अस्तित्व नभएको स्वर्गीय अस्तित्वबारे बताउनलाई यूहन्नाले जुन सन्दर्भमा *theos* शब्द प्रयोग गरिरहेका थिए, त्यस सन्दर्भमा केही सूत्रहरू हुनुपर्थ्यो। यसकारण प्रश्न यस्तो बन्छ, यस सन्दर्भमा यूहन्नाले कुन किसिमका परमेश्वरबारे बताइरहेका छन्? के उनले स्वर्ग र पृथ्वी सृष्टि गर्नुहुने एउटै साँचो परमेश्वरबारे बताइरहेका छन्? यसो हो भने, *theos* निश्चित थियो र यो विधेय थियो भन्ने देखाउनका लागि निश्चित उपपद हटाइए। वा के उनले अरू कुनै किसिमको स्वर्गीय अस्तित्वको ("एक देव") बारेमा बताइरहेका छन् जो एक साँचो परमेश्वर हुनुहुन्न? यस्तो हो भने, *theos* अनिश्चित थियो र वास्तवमा यसमा निश्चित उपपद कहिल्यै थिएन।

सन्दर्भले यो प्रश्नमा स्पष्ट निर्णय दिन्छ। १, २, १२, १३ अदि पदहरूमा "परमेश्वर" बुझाउन गरिएको *theos*- को अर्को प्रयोगले, अनि उत. १:१ का आरम्भिक वचनहरू ("आदिमा")-बाट यो स्पष्ट

तिनीहरूको दृष्टिकोणलाई उसरी नै कायम राख्छन्)।[१३]

जेहोभाज् विटनेसेज्का दृष्टिकोणको विसङ्गति तिनीहरूद्वारा अनूदित यो अध्यायको बाँकी भागमा अझै देख्न सकिन्छ। अरू विभिन्न व्याकरणगत कारणहरूले गर्दा *theos* शब्द यस अध्यायका अरू स्थानहरूमा पनि निश्‍चित उपपदविनै छन्, जस्तै पद ६ ("परमेश्‍वरबाट पठाइएका एक जना मानिस थिए"), पद १२ "परमेश्‍वरका सन्तान हुने अधिकार दिनुभयो"), पद १३ ("तर परमेश्‍वरबाट"), अनि पद १८ ("परमेश्‍वरलाई कसैले कहिल्यै देखेको छैन")। यदि जेहोभाज् विटनेसेज्हरू निश्‍चित उपपदको अनुपस्थितिबारे आफ्नो दृष्टिकोणमा एकनास रहेका भए, तिनीहरूले यी सबैलाई "एक देव" वाक्यांश लगाएर अनुवाद गर्नुपर्नेथियो, तर तिनीहरूले यसो नगरेर सबै पदहरूमा "परमेश्‍वर" भनी अनुवाद गरेका छन्।

यूहन्ना २०:२८ यसको सन्दर्भमा ख्रीष्टको परमेश्‍वरत्वको एउटा बलियो प्रमाण हो। अरू चेलाहरूले येशू मृतकबाट बिउँताइनुभएको भनी दिएका प्रतिवेदनहरूमा थोमाले शङ्का गरेका थिए। येशूका हत्केलाहरूमा काँटीका दागहरू नदेखेसम्म र उहाँको कोखामा हात नराखेसम्म विश्‍वास गर्दिनँ भनी तिनले भनेका थिए (यूह २०:२५)। त्यसपछि, थोमा चेलाहरूसँग हुनुहुँदा येशू तिनीहरूकहाँ देखापर्नुभयो। उहाँले थोमालाई भन्नुभयो, "तिम्रो औँला यहाँ राख, र मेरा हातहरू हेर। तिम्रो हात बढ़ाएर मेरो कोखामा हाल। शङ्का नगर, तर विश्‍वासी होऊ" (यूह २०:२७)। हामी पढ़्छौं कि यसको प्रत्युत्तरमा थोमाले भने, "मेरा प्रभु, र मेरा परमेश्‍वर !" (यूह २०:२८)। उहाँ थोमाले येशूलाई "मेरा परमेश्‍वर" भन्छन्। उहाँको विवरणले यो देखाउँछ

---

हुन्छ कि यूहन्नाले आकाश र पृथ्वी सृष्टि गर्नुहुने एउटै साँचो परमेश्‍वरबारे बताइरहेका थिए। त्यसको अर्थ यही हुन्छ कि २ पदको *theos*-ले उनै परमेश्‍वरतिर इङ्गित गरेको बुझ्नुपर्छ।

[१३]यो तर्क त्रिएकत्वलाई सविस्तार र केही व्यापकै रूपमा गरिएको आलोचनामा पाइन्छ – *Should You Believe in the Trinity?* (लेखकको नाउँ दिइएको छैन; ब्रुकलिन, एन्. वाई. : वाचटावर बाइबल ऎयान्ड ट्र्याक्ट सोसाइटी, १९८९)। यस समूहले उक्त पुस्तिकालाई तिनीहरूको दृष्टिकोणसम्बन्धी एउटा महत्त्वपूर्ण वक्तव्य ठान्छन् भन्ने स्पष्ट हुन्छ, किनभने पृष्ठ २ ले भन्छ, "अङ्ग्रेजीमा पहिलो संस्करण : ५,०००,०० प्रति।" निश्‍चित उपपद *the* नभएको कारण यूहन्ना १:१ "परमेश्‍वर"-को सट्टामा "एक देव" भनी अनुवाद गरिनुपर्दछ भन्ने पारम्पारिक तर्क यस पुस्तिकाले राख्दछ (पृ. २७)। तर त्यसपछि यूहन्ना १:१ को निम्ति कलवेलको नियम उपयुक्त छ भनी मानिलिन्छ (पृ. २८) र त्यहाँ यो स्वीकार गर्दछ कि हामीले "वचन परमेश्‍वर हुनुहुन्थ्यो" (निश्‍चित) भनी अनुवाद गर्नुपर्छ वा "वचन एक देव हुनुहुन्थ्यो" (अनिश्‍चित) भनी अनुवाद गर्नुपर्छ त्यो उपपदको अनुपस्थितिले होइन, सन्दर्भले निर्धारित गर्छ। त्यसपछि, यस पुस्तिकाले यस प्रकारले तर्क गर्दैलान्छ – "... यस प्रकारको वाक्यविन्यासमा सन्दर्भवश आवश्यकता पर्नगयो भने अनुवादकहरूले नाउँको अगि अनिश्‍चित उपपद राख्न सक्छन्। सन्दर्भ हेर्दा के यूहन्ना १:१ लाई अनिश्‍चित उपपद आवश्यक छ? छ, किनभने सम्पूर्ण बाइबलको गवाही यही छ कि येशू सर्वशक्तिमान् परमेश्‍वर हुनुहुन्न" (पृ.२८)।

हामीले यो तर्कको कमजोरी होसियारीपूर्वक हेर्नुपर्दछ : सन्दर्भ निर्णायक छ भनी तिनीहरू स्वीकार गर्छन् तर यूहन्ना १:१ को सन्दर्भबाट तिनीहरूले प्रमाणको एउटा छेस्को पनि उद्धृत गर्दैनन्। यसको सट्टामा, "सम्पूर्ण बाइबल"-बारे तिनीहरूको जुन निष्कर्ष छ त्यसलाई मात्र तिनीहरूले फेरि पनि पुष्टि गर्छन्। यदि यो सन्दर्भ निर्णायक छ भनी तिनीहरू सहमत हुन्छन्, तर तिनीहरूको दृष्टिकाणलाई समर्थन गर्ने कुनै थोक यस सन्दर्भमा पाउन सक्दैनन् भने, तिनीहरूले आफ्नो तर्क हराइसकेका छन्। त्यसकारण, तिनीहरूले कलवेलको नियम मानिलिएपछि, तिनीहरूले यूहन्ना १:१ बारे आफ्ना दृष्टिकोणलाई नै तिनीहरू मानिरहन्छन्, तर कुनै समर्थक प्रमाणविना। विनाप्रमाण कुनै दृष्टिकोणलाई समर्थन गर्नु अविवेकी काम मात्र हो।

सम्पूर्ण रूपमा, यो पुस्तिकाले सर्वसाधारण मानिसहरूलाई यो एउटा विद्वतापूर्ण लेख भएको भ्रम उत्पन्न गर्नेछ, कारण यसले दर्जनौं ईश्‍वरशास्त्रीय र विद्वतापूर्ण सन्दर्भहरू उद्धृत गर्छ (जहिले पनि पर्याप्त प्रलेखीय प्रमाणविना)। तर अनेकौं उद्धरणहरू विनासन्दर्भ लिइएका छन् र तिनलाई यस्ता कुराहरू बताउन बाध्य बनाइएका छन् कि जो तिनका लेखकहरूले कहिल्यै पनि भन्न चाहेका थिएनन्;

कि यूहन्नाले उनको सुसमाचार लेख्दा थोमाले भनेका कुरा पुष्टि गर्छन् अनि येशू स्वयम्ले थोमाले भनेका कुरा पुष्टि गर्नुहुन्छ, र थोमाको बारेमा सुन्ने सबै मानिसहरूलाई येशू थोमाले भनेकै कुराहरूमा विश्वास गर्ने प्रोत्साहन दिनुहुन्छ अनि यूहन्ना पनि त्यसै गर्छन्। येशूले थोमालाई तत्कालै उत्तर दिनुहुन्छ, "तिमीले मलाई देखेका कारणले ममाथि विश्वास गरेका हौ ? धन्य हुन् तिनीहरू, जसले मलाई देखेका छैनन्, र पनि विश्वास गर्छन्" (यूह २०:२९)। जहाँसम्म यूहन्नाको प्रश्न छ, यो घटना उनको निम्ति सुसमाचारको नाटकीय पराकाष्ठा हो किनभने उनले यसको तुरुन्तैपछि उनका पाठकहरूलाई भन्छन्, यसपछिकै पदमा कि यसैकारण उनले यो लेखेका हुन्,

> येशूले अरू धेरै चिन्हहरू चेलाहरूका सामुन्ने गर्नुभयो, जुनचाहिँ यस पुस्तकमा लेखिएका छैनन्। तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस्" (यूह २०:३०-३१)।

येशूले ती मानिसहरूका बारेमा बताउनुहुन्छ जसले उहाँलाई देख्नेछैनन् तरै पनि विश्वास गर्नेछन्। यूहन्नाले उनका पाठकहरूलाई तुरुन्तै यो भन्छन् कि थोमाले जुन प्रकारले आफ्नो विश्वास स्वीकार गरे त्यस्तै प्रकारले तिनीहरूले पनि थोमाको देखासिकी गरून् भन्ने खातिरले उनले सुसमाचार लेखे। अर्थात्, सम्पूर्ण सुसमाचार मानिसहरूले थोमाको देखासिकी गर्नमा विश्वास दिलाउनलाई लेखिएको हो, जुन थोमाले येशूलाई इमानदारीपूर्वक "मेरा प्रभु, र मेरा परमेश्वर" भने। सुसमाचार लेख्ने उनको उद्देश्य यूहन्नाले यही तोकेका हुनाले, यस वाक्यले थप शक्ति धारण गर्छ।[१४]

येशू पूर्ण रूपले परमेश्वरीय हुनुहुन्छ भनी बताउने अन्य अध्यायहरू हिब्रू १:३ हो, जहाँ लेखक ख्रीष्ट परमेश्वरको स्वभाव वा अस्तित्वको (ग्रीक *hypostasis*) "वास्तविक प्रतिरूप" (प. ३; ग्रीक *charakter*) हुनुहुन्छ भन्छन् यसको अर्थ यो हुन्छ कि पुत्र परमेश्वरले सबै प्रकारले पिता परमेश्वरको अस्तित्व वा स्वभाव दुरुस्त प्रतिरूप प्रस्तुत गर्नुहुन्छ – पिता परमेश्वरका जुन गुणहरू वा शक्ति छन् ती पुत्र परमेश्वरमा पनि छन्। लेखकले ८ पदमा पुत्रलाई परमेश्वर भन्छन् ("तर पुत्रको विषयमा चाहिँ उहाँ भन्नुहुन्छ, "हे परमेश्वर, तपाईंको सिंहासन सदासर्वदाको निम्ति रहिरहन्छ"),

---

अनि अन्य उद्धरणहरू यस्ता उदारवादी वा प्रोटेस्टेन्ट विद्वान्हरूबाट लिइएका छन्, जुन विद्वान्हरूले आफैले त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त र बाइबलको सत्यतामा सन्देह गरिरहेका छन्।

[१४]जेहेवाज् विट्नेसेज्को पुस्तिका *Should You Believe in the Trinity?*-ले यूहन्ना २०:२८ का दुईवटा व्याख्याहरू दिन्छ : (१) "थोमाका लागि येशू एक देव"-तुल्य हुनुहुन्थ्यो, विशेष गरी उहाँका घोषणाहरूलाई उत्प्रेरित गर्ने आश्चर्यकर्ममय स्थितिहरूमा" (पृ. २९)। तर यो व्याख्या विश्वासलाग्दो छैन, कारण थोमाले येशूलाई "तपाईं एक देवजस्तै हुनुहुन्छ" भनेनन्, तर उहाँलाई "मेरा परमेश्वर" भने। ग्रीक मूलपाठमा उहाँ निश्चित उपपद छ (यसलाई "एक देव" भनी अनुवाद गर्न सकिँदैन) अनि यो सुस्पष्ट छ : *ho theos mou* भनेको "मेरा एक देवता" होइन तर "मेरा परमेश्वर" हो। (२) प्रस्तुत गरिएको व्याख्या यस्तो छ, "थोमाले उदेकको एउटा भावुक उद्गार मात्र व्यक्त गरेका थिए, जो येशूलाई सम्बोधन गरिएको थियो तर परमेश्वरतिर लक्षित थियो" (ऐजन)। यस वाक्यको दोस्रो भाग, "येशूसित बोलिएको थियो तर परमेश्वरतिर लक्षित थियो" बुझ्नै नसकिने छ : यसले यसो भनेको देखिन्छ, "येशूसित बोलिएको थियो तर येशूसित नबोलिएको थियो" जो अन्तर्विरोधात्मक मात्र नभएर, असम्भव पनि छ : यदि थोमा येशूसित बोलिरहेका भए उनले उनका शब्दहरू येशूतिरै लक्षित पनि गरिरहेका छन्। थोमाले येशूलाई वास्तवमा "परमेश्वर" भनिरहेका छैनन्, तर

अनि उनले यसो भन्दा, "हे परमप्रभु, तपाईंले आदिमा पृथ्वीको जग बसाल्नुभयो, र आकाशमण्डल तपाईंको बाहुलीको काम हो" (हिब्रू १:१०, भज १०२:२५ उद्धृत गर्दै) उनले आकाश र पृथ्वीको सृष्टि उहाँको काम भएको ठहराए। तीतस २:१३ ले "हाम्रा महान् परमेश्वर र मुक्तिदाता"-लाई औंल्याउँछ; २ पत्रुस १:१ ले "हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्टको धार्मिकता"-बारे बताउँछ।[15] यहूदी मानिसहरूबारे रोमी ९:५ ले भन्छ, "पूर्वजहरू यिनीहरूका नै हुन्, र ख्रीष्ट पनि शरीरअनुसार तिनीहरूकै वंशका हुनुहुन्छ, सर्वोच्च परमेश्वर, जसको युगानुयुग स्तुति होस् ! आमिन।[16]

पुरानो करारमा यशैया ९:६ ले यो पूर्ववाणी गर्दछ,

> "किनभने हाम्रा निम्ति एउटा बालकको जन्म भएको छ।
> हाम्रा निम्ति एउटा छोरो दिइएको छ। ...
> शासन उहाँको काँधमा हुनेछ। ...
> उहाँ अचम्मका सल्लाहकार,
> शक्तिशाली परमेश्वर ... कहलाइनुहुनेछ।"

---

उद्गारका केही अनैच्छिक शब्दहरू शपथ खाइरहेका थिए वा उच्चारण गरिरहेका थिए भन्ने दाबी रहेको वाक्यको प्रथम भाग कुनै मूल्यविनाको छ, किनभने सो पदले यो स्पष्ट पार्छ कि थोमाले शून्यतासित बोलिरहेका थिएनन् तर येशूसँग सोझै बोलिरहेका थिए : "थोमाले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्वर" (यूह २०:२८)। यसको तुरुन्तैपछि येशू र यूहन्नाले उनको लेखमा थोमालाई सराहना गर्छन् – निश्चय नै शपथ खाएका निम्ति होइन तर येशूलाई उनका प्रभु र परमेश्वर भनी विश्वास गरेका कारण।

[15] *आर्.एस्.भी.*-.मा तीत २:१३ र २ पत्र १:१ का मार्जिनमा पाठान्तरहरू (*readings*) छन् जसमा येशूलाई "परमेश्वर"-भन्दा बेग्लै व्यक्ति भनिएको छ, र यसकारण परमेश्वर भनिएको छैन – "हाम्रा महान् परमेश्वर र मुक्तिदाता येशू ख्रीष्ट" (तीत २:१३, मार्जि.) र "हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्ट" (२ पत्र १:१, मार्जि.)। यी वैकल्पिक अनुवादहरू व्याकरणगत रूपमा सम्भव छन्, तर असम्भावनीय छन्। दुवै पदहरूको ग्रीक संरचना एउटै प्रकारका छन् जसमा एउटा निश्चित उपपदले ग्रीकको *अनि* बुझाउने शब्द (*kai*)-द्वारा जोड़िएका दुईवटा संज्ञाहरूलाई नियन्त्रित गर्दछ। यस प्रकारको वाक्यविन्यास भएका सबै वाक्यहरूमा दुईवटा संज्ञाहरूलाई कुनै प्रकारले एकीकृत भएका रूपमा हेरिन्छ, अनि तिनीहरू प्रायः एउटै व्यक्ति वा वस्तुका दुई अलग-अलग नाउँहरू हुन्छन्। विशेष गरी २ पत्र १:१ महत्त्वपूर्ण छ, किनभने पत्रुसले "हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्ट"-बारे बताउनलाई यस पुस्तकका अन्य तीन स्थानहरूमा ठीक यस्तै वाक्यविन्यास प्रयोग गरेका छन् (१ पत्र १:११; २:२०; ३:१८)। यी तीन पदहरूमा, ग्रीकमा शब्द-रचना प्रत्येक प्रकारले ठीक त्यही नै छ; केवल *परमेश्वर* (*theos*) शब्दको सट्टामा *प्रभु* (*kyrios*) लेखिएको छ। यदि यी अन्य तीन उदाहरणहरूमध्ये सबैलाई "हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्ट" भनी अनुवाद गरिए भने, जस्तो कि सबै प्रमुख अनुवादहरूमा गरिएका छन्, अनुवादमा सामञ्जस्यको कारण २ पत्र १:१ लाई उहाँ "हाम्रा परमेश्वर र मुक्तिदाता येशू ख्रीष्ट" भनी अनुवाद गर्न आवश्यक हुनजान्छ भन्ने देखिन्छ, यहाँ येशूलाई फेरि पनि परमेश्वर भनी सङ्केत गरिन्छ। तीतस २:१३ मा पावलले ख्रीष्टको दोस्रो आगमनको आशाबारे लेखिरहेका छन्, जसबारे नयाँ करारका लेखकहरूले एकनिष्ठतापूर्वक यस्तो अर्थमा बताउँछन् जसले उहाँको महिमासित हुने येशू ख्रीष्टको प्रकटीकरणमा जोड़ दिन्छ, यस्तो अर्थमा होइन जसले पिताको महिमामा जोड़ दिन्छ।

[16] *एन्.आई.भी.*-को मार्जिनमा भएको लेखोट *आर्.एस्.भी.*-को प्रमुख मूलपाठको लेखोटजस्तै छ, "अनि तिनीहरूको जातिको, तिनीहरूको शरीरअनुसारको, ख्रीष्ट हुनुहुन्छ। परमेश्वर जो सबैमाथि हुनुहुन्छ सदासर्वदालाई धन्यका हुन्। आमिन्" (रोम ९:५, *आर्.एस्.भी.*)। तर यो अनुवाद व्याकरणिक र प्रासङ्गिक आधारहरूमा एकदमै सही होइन, र पावलले ख्रीष्टलाई "परमेश्वर" भनी सम्बोधन गर्नेथिएनन् भन्ने तर्कद्वारा यसलाई न्यायोचित ठहराइएको छ। *एन्.आई.भी.*-ले ख्रीष्टलाई "सर्वोच्च" भनी अनुवाद गर्छ र यो श्रेयस्कर ठहर्दछ किनभने (१) आफूले भर्खरै कुरा गरिरहेका व्यक्तिको विषयमा आशिष् घोषणा गर्नु पावलको सामान्य स्वभाव हो; र यहाँ उनले कुरा गरिरहेका व्यक्ति ख्रीष्ट हुनुहुन्छ; (२) ग्रीक कृदन्त *on*, "हुनु," जसले वाक्यांशलाई अक्षरशः यसो भनाउँछ, "जो, सबैमाथि परमेश्वर हुनुभएकाले, सदासर्वदाको निम्ति धन्यका हुनुहुन्छ"; तर यदि पावलले नयाँ वाक्य लेख्न सुरु गरेका भए, जस्तो कि *आर्.एस्.भी.*-मा छ, यो कृदन्त अनावश्यक बन्नेथियो; (३) पावलले अन्यत्र परमेश्वरलाई धन्यको मान्दै नयाँ वाक्य सुरु गर्दा, ग्रीक वाक्यमा "धन्य" शब्द पहिला आउँछ (२ कोर १:३; एफि १:३ हे.; तु. १ पत्र १:३ मा पत्रुसको वाक्य-रचना हे.। तर यहाँ यस वक्तव्यले त्यो वाक्य-रचना पहिल्याउँदैन र *आर्.एस्.भी.*-को अनुवादलाई हुन नसक्ने बनाउँदछ। हे.

यो अगमवाणी येशूमा लागु गरिँदा, यसले उहाँलाई "शक्तिशाली परमेश्वर" भनी सङ्केत गर्छ। यशैया ४०:३ मा मसीहका आगमनको अगमवाणीमा "परमप्रभु" र "परमेश्वर" उपाधिहरूको यस्तै प्रयोगमा ध्यान दिनुहोस् –"उजाड़-स्थानमा एक जना कराउनेको आवाज, 'परमप्रभुको मार्ग तयार पार, उहाँका पथ सोझा बनाओ'" मत्ती ३:३ मा ख्रीष्टको आगमनको तयारीमा बप्तिस्मा दिने यूहन्नाद्वारा उद्धृत गरिएको।

तल २६ अध्यायमा अन्य धेरै खण्डहरू छलफल गरिनेछन्, जो नयाँ करारले ख्रीष्टलाई पूर्ण रूपले परमेश्वर भनी प्रस्टै सङ्केत गर्छ भनी देखाउन पर्याप्त हुनुपर्छ। पावलले कलस्सी २:९ मा भनेजस्तै, "ख्रीष्टमा परमेश्वरत्वको सारा परिपूर्णता शरीरमा वास गर्छ।"

यसबाहेक, *पवित्र आत्मा पनि पूर्ण रूपमा परमेश्वर हुनुहुन्छ*। पिता परमेश्वर र पुत्र परमेश्वर पूर्ण रूपले परमेश्वर हुनुहुन्छ भनी हामीले एकपटक बुझेपछि मत्ती २८:१९ जस्ता पदहरूमा भएका त्रिएकत्ववादी अभिव्यक्तिहरूले ("पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ" () पवित्र आत्मासम्बन्धी धर्मसिद्धान्तका लागि महत्त्व धारण गर्छन् किनभने यी अभिव्यक्तिहरूले यो देखाउँछन् कि पवित्र आत्मा पिता र पुत्रको समानतामा नै वर्गीकृत गरिनुभएको छ। "पिता र पुत्र र प्रधान दूत मिखाएलको नाउँमा बप्तिस्मा देओ"-जस्तै केही भन्नु येशूका लागि कति अशोचनीय हुनेथियो होला भनी यदि हामीले बुझ्यौं भने पवित्र आत्मा पिता र पुत्र समान हुनुहुन्छ भन्ने तथ्यलाई देख्न सकिन्छ। येशूले यसो गर्नुभएको भए, त्यसले सृष्टि गरिएको प्राणीलाई त्यो स्तर दिनेथियो जो प्रधान स्वर्गदूतको निम्ति पनि पूर्ण रूपले अनुपयुक्त हुनेथियो। सबै युगका विश्वासीहरूलाई परमेश्वर स्वयम्को नाउँमा मात्र बप्तिस्मा दिन सकिन्छ।[१७] (माथि उल्लेख गरिएका त्रिएकत्ववादी अन्य खण्डहरूमा पनि ध्यान दिनुहोस् – १ कोर १२:४-६; २ कोर १३:१४; एफि ४:४-६; १ पत्र १:२; यूह २०:२१)।

प्रेरित ५:३-४ मा पत्रुसले हननियालाई प्रश्न गर्छन्, "ए हननिया, पवित्र आत्मासँग झुट बोल्ने ... कुरा शैतानले कसरी तिम्रो मनमा भरिदियो ? ... तिमीले मानिसहरूलाई त होइन, तर परमेश्वरलाई नै ढाँटेका छौ।" पत्रुसको वचनअनुसार पवित्र आत्मालाई ढाँट्नु भनेको परमेश्वरलाई ढाँट्नु हो। पावल १ कोरिन्थी ३:१६ मा भन्छन्, "के तिमीहरूलाई थाहा छैन, तिमीहरू परमेश्वरका मन्दिर हौ ?" परमेश्वरको मन्दिर त्यो स्थान हो जहाँ उहाँ स्वयम् वास बस्नुहुन्छ; यस कुरालाई पावलले यो

Donald Guthrie, *New Testament Theology* (लिसेस्टर: इन्टर-भर्सिटि प्रेस, १९८१), पृह. ३३९-४०। येशूलाई "परमेश्वर" भनी सम्बोधन गर्ने नयाँ करारका सबै मूलपाठको निर्णायक छलफलको निम्ति हे., Murray Harris, *Jesus as God* (ग्र्यान्ड र्‍यापिड्स: बेकर, १९९२)।

[१७] १ तिमोथी ५:२१ लाई यस दाबीको विपरीत उदाहरण भनी हेर्नु हुँदैन, किनभने त्यहाँ पावलले तिमोथीलाई स्वर्गीय साक्षीहरूका झुण्डको, परमेश्वरीय र स्वर्गदूतीय दुवै, उपस्थितिमा चेताउनी मात्र दिइरहेका छन्। यी साक्षीहरूले तिमोथीको आचरणलाई ध्यानपूर्वक हेरिरहेका छन् भनी पावल जान्दछन्। यो स्थिति हिब्रू १२:२२-२४ मा परमेश्वर र ख्रीष्ट र स्वर्गका दूतहरू अनि "सिद्ध पारिएका धार्मिक मानिसहरूका आत्माहरू"-को उल्लेखजस्तै छ, जुन पदहरूमा ठूलो स्वर्गीय भीड़को उल्लेख गरिएको छ। यसकारण १ तिमोथी ५:२१ लाई माथि उल्लेखित त्रिएकत्ववादी खण्डहरूभन्दा महत्त्वपूर्ण रूपले भिन्नै छ भनी हेर्नुपर्दछ, किनभने ती खण्डहरूले अद्वितीय ढङ्गले परमेश्वरीय क्रियाकलापबारे बताउँछन्, जस्तै हरेक ख्रीष्टियानलाई

तथ्यद्वारा बुझाउँछन् कि "परमेश्वरका आत्मा" यसमा वास गर्नुहुन्छ, तसर्थ उनले परमेश्वरका आत्मा र परमेश्वरलाई एकै ठानेका प्रतीत हुन्छ।

दाऊदले भजन १३९:७-८ मा प्रश्न गर्छन्, "तपाईंका आत्माबाट म कहाँ अलग्ग जान सक्छु? अथवा तपाईंको उपस्थितिबाट म कहाँ भाग्न सक्छु? म आकाशमा गएँ भने, तपाईं त्यहाँ हुनुहुन्छ!" यो खण्डले पवित्र आत्मामा सर्वव्यापिताको स्वभाव भएको बताउँदछ, जो परमेश्वरले सृष्टि गर्नुभएको अन्य कुनै पनि प्राणीहरूबारे यो साँचो हुँदैन। यस्तो प्रतीत हुन्छ कि दाऊदले परमेश्वरका आत्मा र परमेश्वरलाई एउटै ठानिरहेका छन्। परमेश्वरका आत्माबाट निक्लेर जानु भनेको उहाँको उपस्थितिबाट निक्लेर जानु भनेको हो, तर परमेश्वरका आत्माबाट भागेर जाने दाऊदको कुनै ठाउँ नै छैन भने दाऊदले यो जान्दछन् कि उनी जहाँ गए पनि उनले यो भन्नैपर्दछ, "तपाईं त्यहाँ हुनुहुन्छ।"

१ कोरिन्थी २:१०-११ मा पावल परमेश्वरीय सर्वज्ञताको गुण पवित्र आत्मामाथि आरोपित गर्छन् : "किनकि पवित्र आत्माले प्रत्येक कुरा खोज्नुहुन्छ, परमेश्वरका गहिरा-गहिरा कुराहरू पनि खोजी गर्नुहुन्छ। मानिसभित्र रहेको आफ्नै आत्माबाहेक कसले मानिसका विचार बुझ्न सक्छ? त्यसरी नै परमेश्वरका विचार [ग्रीकमा, अक्षरशः 'परमेश्वरका कुराहरू'] परमेश्वरका आत्माबाहेक कसैले बुझ्न सक्दैन।"

यसबाहेक, नयाँ गरी जन्मेको हरेक व्यक्तिलाई नयाँ जन्म दिने कार्य पवित्र आत्माको हो। येशूले भन्नुभयो, "कोही पानी र आत्माद्वारा जन्मेन भने परमेश्वरको राज्यमा पस्न सक्दैन। शरीरबाट जन्मेको शरीर हो, र पवित्र आत्माबाट जन्मेको आत्मा हो। मैले तिमीलाई नयाँ गरी जन्मनुपर्छ भन्दा अचम्म नमान" (यूह ३:५-७)। मानिसहरू ख्रीष्टियान बन्दा तिनीहरूलाई आत्मिक जीवन दिने काम यस्तो काम हो जो केवल परमेश्वरले मात्र गर्न सक्नुहुन्छ (तु. १ यूह ३:९ "परमेश्वरबाट जन्मेको")। त्यसकारण यस खण्डले पवित्र आत्मा पूर्ण रूपले परमेश्वर हुनुहुन्छ भन्ने अर्को सङ्केत दिन्छ।

यहाँसम्म हामीसित दुईवटा निष्कर्षहरू छन्, र यी दुवैबारे धर्मशास्त्रभरि नै प्रशस्त शिक्षा दिइएको छ :

१. परमेश्वर तीन व्यक्तिहरू हुनुहुन्छ।
२. हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ।

यदि बाइबलले यी दुईवटा तथ्यहरू मात्र सिकाएको भए तिनलाई मिलाउनमा कुनै तर्कशास्त्रीय समस्या हुनेथिएन, किनभने स्पष्ट समाधान यो हुनेथियो कि तीन परमेश्वरहरू हुनुहुन्छ। पिता पूर्ण रूपले परमेश्वर हुनुहुन्छ, पुत्र पूर्ण रूपले परमेश्वर हुनुहुन्छ र पवित्र आत्मा पूर्ण रूपले परमेश्वर हुनुहुन्छ। हामीसित यस्तो प्रणाली हुनेथियो जसमा तीनवटा समान परमेश्वरीय अस्तित्वहरू हुनेथिए। यस प्रकारको विश्वासलाई बहुदेववाद (polytheism) भनिनेथियो वा, अझ विशेष रूपले भन्नु हो भने, "त्रिदेववाद" (tritheism) भनिनेथियो, वा तीन परमेश्वरमा विश्वास। तर त्यो बाइबलको शिक्षाभन्दा टाढा छ।

३. **परमेश्वर एउटै हुनुहुन्छ।** परमेश्वर एउटा र एउटा मात्रै हुनुहुन्छ भन्नेबारे धर्मशास्त्र प्रचुर मात्रामा स्पष्ट छ। त्रिएकत्वका तीन भिन्न-भिन्नै व्यक्तिहरू उद्देश्यमा र उहाँहरूले सोच्नुहुने विषयमा मात्र एक हुनुहुन्न, तर उहाँहरू अस्तित्त्वमा, र उहाँहरूको आधारभूत स्वभावमा पनि एउटै हुनुहुन्छ। अर्थात्, परमेश्वर केवल एउटै हुनुहुन्छ। तीन परमेश्वरहरू हुनुहुन्न। केवल एउटै परमेश्वर हुनुहुन्छ।

पुरानो करारको सर्वाधिक परिचित परिच्छेदहरूमध्ये व्यवस्था ६:४-५ एउटा हो, "हे इस्राएल, सुन, परमप्रभु हाम्रा परमेश्वर एउटै परमप्रभु हुनुहुन्छ। तिमीहरूले परमप्रभु आफ्ना परमेश्वरलाई आफ्नो सारा हृदयले, आफ्नो सारा प्राणले र आफ्नो सारा शक्तिले प्रेम गर।"

मोशा गाउँछन्,

> "हे परमप्रभु, देवताहरूमा तपाईंझैं को छ र ?
> पवित्रतामा अति महान्, महिमामा भययोग्य
> र उदेकका कर्म गर्नुहुने
> तपाईंझैं को छ र ?" (प्रस १५:११)

उत्तर स्पष्ट छ, "कोही छैन"। परमेश्वर अद्वितीय हुनुहुन्छ, र उहाँजस्ता कोही छैन अनि उहाँजस्ता कोही हुन सक्नेछैन। वास्तवमा, सलोमनले यो प्रार्थना गर्छन्, "पृथ्वीका सबै मानिसहरूले जानून् कि परमप्रभु नै परमेश्वर हुनुहुन्छ, र उहाँबाहेक अरू कोही पनि ईश्वर छैन" (१ राज ८:६०)।

परमेश्वर बोल्नुहुँदा, उहाँले यो बारम्बार स्पष्ट गर्नुहुन्छ कि उहाँ मात्र साँचो परमेश्वर हुनुहुन्छ; उपासना गर्नुपर्ने परमेश्वर एकै जना मात्र होइन, तीन जना हुनुहुन्छ भन्ने धारणा यी अति सशक्त वक्तव्यहरूको सन्दर्भमा विचारै गर्न नसकिने कुरा हुन्छ। परमेश्वर मात्र साँचो परमेश्वर हुनुहुन्छ अनि उहाँजस्ता कोही पनि हुनुहुन्न। जब उहाँ बोल्नुहुन्छ, उहाँ मात्रै बोलिरहनुभएको हुन्छ – उहाँ उपासना गर्नुपर्ने तीन परमेश्वरहरूमध्ये एक परमेश्वरको रूपमा बोलिरहनुभएको हुँदैन। उहाँ भन्नुहुन्छ,

> "म परमप्रभु हुँ अनि मबाहेक अरू कोही छैन।
> मबाहेक अरू कोही परमेश्वर छैन।
> तैँले मलाई स्वीकार नगरेको भए तापनि म तँलाई बलियो पार्नेछु,
> ताकि सूर्योदयदेखि लिएर सूर्यास्तसम्म मानिसहरूले जानून्
> कि मबाहेक अरू कोही छैन।
> म परमप्रभु हुँ र मबाहेक अरू कोही छैन" (यशै ४५:५-६)।

यसरी नै, पृथ्वीको हरेकलाई उहाँले उहाँकहाँ फर्किआउन बोलाउनुहुन्छ,

> "मबाहेक अरू कोही परमेश्वर छैन।
> धर्मी परमेश्वर र उद्धारक,
> मबाहेक अरू कोही छैन।
> "मतिर फर्क, र उद्धार पाओ,

हे पृथ्वीका सबै पल्लो छेउका हो,
किनकि म परमेश्वर हुँ
र अरू कोही छैन।" (यशै ४५:२१-२२; तु. ४४:६-८)

नयाँ कराररले पनि परमेश्वर एउटै हुनुहुन्छ भनी पुष्टि गर्छ। पावल लेख्छन्, "किनकि *परमेश्वर एउटै हुनुहुन्छ*, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ – मानिस, ख्रीष्ट येशू" (१ तिमो २:५)। पावलले यो पुष्टि गर्छन् कि "परमेश्वर एउटै हुनुहुन्छ" (रोम ३:३०), अनि "एउटै परमेश्वर हुनुहुन्छ, जसबाट सबै थोक हुन आए, अनि जसकै निम्ति हामी जिउँदछौं" (१ कोर ८:६)।[18] अन्त्यमा यहूदा यो स्वीकार गर्छन् कि भूतहरूले पनि परमेश्वर एउटै हुनुहुन्छ भनी मानिलिन्छन्, यद्यपि तिनीहरूले त्यो तथ्यलाई बौद्धिक रूपले जनाएको सहमति तिनीहरूलाई उद्धार दिनलाई पर्याप्त छैन, "तिमीहरू विश्वास गर्छौ कि परमेश्वर एउटै हुनुहुन्छ। त्यो असल हो। भूतात्माहरू पनि विश्वास गर्छन् र थर्थर् काम्छन्" (याक २:१९)। तर याकूबले यो स्पष्ट पुष्टि गर्छन् कि "परमेश्वर एउटै हुनुहुन्छ" भनी विश्वास गर्नु "असल हो"।

४. **सरलीकृत समाधानहरूले बाइबलका शिक्षाको एउटा त्यान्द्रो पनि अस्वीकार गर्नुपर्दछ।** अब हामीसित तीनवटा वक्तव्यहरू छन्, जसमध्ये सबै बाइबलमा सिकाइएका छन् :

१. परमेश्वर तीन व्यक्तिहरू हुनुहुन्छ।
२. हरेक व्यक्ति पूर्णतया परमेश्वर हुनुहुन्छ।
३. परमेश्वर एउटै हुनुहुन्छ।

मण्डलीको इतिहासभरि नै यी वक्तव्यहरूमध्ये एउटा वा अर्कोलाई अस्वीकार गरेर त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्तसम्बन्धी समस्याको साधारण समाधानमा आइपुग्ने प्रयत्नहरू गरिएका छन्। यदि कसैले *पहिलो वक्तव्यलाई अस्वीकार गर्छ* भने, हामीसित केवल यो तथ्य मात्र रहन्छ कि धर्मशास्त्रमा नाम दिइएका व्यक्तिहरूमध्ये (पिता, पुत्र र पवित्र आत्मा) हरेक व्यक्ति परमेश्वर हुनुहुन्छ, अनि परमेश्वर एउटै हुनुहुन्छ। यदि हामीले यी व्यक्तिहरू पूर्ण रूपले भिन्नै व्यक्तिहरू हुनुहुन्छ भन्नुपर्दैन भने, एउटा सहज समाधान उहाँ छ – यी केवल एउटै व्यक्तिका विभिन्न नाउँहरू हुन्, जसले विभिन्न समयहरूमा विभिन्न प्रकारले काम गर्नुहुन्छ। कहिलेकाहीं यी

---

वरदान वितरण (१ कोर १२:४-६) वा त्यो नाउँ हुनुपर्ने जुन नाउँमा सबै विश्वासीहरूलाई बप्तिस्मा दिइनुपर्दछ (मत्ती २८:१९)।

[18]१ कोरन्थी ८:६ ले परमेश्वर पुत्र र परमेश्वर पवित्र आत्मा पनि "परमेश्वर" नै हुनुहुन्छ भनी अस्वीकार गर्दैन, तर यहाँ पावलले यो भन्छन् कि परमेश्वर पिता "एउटै परमेश्वर" भनी चिन्हित गरिनुभएको छ। अन्यत्र, जस्तो कि हामीले देखेका छौं, अन्य खण्डहरूमा उनले परमेश्वर पिता र परमेश्वर पवित्र आत्मालाई पनि "परमेश्वर" भनी कुरा गर्न सक्छन्। यसबाहेक, उनले यही पदमा थप यो भन्छन्, "हाम्रा निम्ति एउटै प्रभु, येशू ख्रीष्ट हुनुहुन्छ, जसद्वारा सबै कुरा हुन आए, र जसद्वारा हामी जिउँदछौं।"

उहाँ उनले *प्रभु* शब्दलाई परमेश्वरको नाउँ बुझाउने "यहवे"-को पूर्णतया पुरानो करारीय अर्थमा प्रयोग गरिरहेका छन् र भनिरहेका छन् कि उहाँनै ती व्यक्ति हुनुहुन्छ जसको माध्यमबाट सबै थोक सृष्टि गरिए, त्यसरी उनले ख्रीष्टको पनि पूर्ण परमेश्वरीयत्व पुष्टि गरिरहेका छन्, तर एउटा बेग्लै नाउँले। तसर्थ यस

व्यक्तिले आफैलाई पिता, कहिलेकाहीँ पुत्र र कहिलेकाहीँ आत्मा भन्नुहुन्छ।[१९] हामीलाई यो बुझ्न कठिन हुँदैन, किनभने हाम्रो आफ्नै अनुभवमा हामी देख्छौं कि त्यही एउटै व्यक्तिले एउटा समयमा वकीलको रूपमा (उदाहरणार्थ), अर्को समयमा तिनका आफ्नै छोराछोरीहरूका निम्ति पिताको रूपमा, र तिनका मातापिताका सम्बन्धमा एउटा छोराको रूपमा कार्य गर्न सक्छन्। त्यही व्यक्ति वकील, बाबु र छोरो हो। तर यस्तो समाधानले यो तथ्यलाई अस्वीकार गर्नेछ कि ती तीन व्यक्तिहरू भिन्न-भिन्नै व्यक्तिहरू हुन्, पिता परमेश्वरले पुत्र परमेश्वरलाई संसारमा पठाउनुहुन्छ, अनि पुत्रले पितालाई प्रार्थना गर्नुहुन्छ, र पवित्र आत्माले हाम्रा निम्ति पिताका समक्ष मध्यस्थता गर्नुहुन्छ।

अर्को साधारण समाधान *दोस्रो वक्तव्यलाई अस्वीकार गरेर* पाउन सकिन्छ, अर्थात् धर्मशास्त्रमा नाउँ दिइएका केही व्यक्तिहरू वास्तवमै पूर्ण रूपले परमेश्वर हुनुहुन्छ भनी अस्वीकार गरेर। यदि हामीले परमेश्वर तीन व्यक्तिहरू हुनुहुन्छ अनि परमेश्वर एउटै हुनुहुन्छ भनी विश्वास मात्र गर्‍यौं भने, यी एउटै परमेश्वरमा भएका केही व्यक्तिहरू पूर्ण रूपले परमेश्वर हुनुहुन्न तर परमेश्वरका अधीनस्थ वा सृष्टि गरिनुभएका अङ्गहरू मात्र हुनुहुन्छ भन्ने परीक्षामा हामी पर्न सकौंला। यस समाधानलाई, उदाहरणार्थ, ती व्यक्तिहरूद्वारा मानिलिइएला जसले पुत्र (वा पवित्र आत्मा)-को पूर्ण परमेश्वरत्वलाई अस्वीकार गर्छन्।[२०] तर हामीले माथि हेरे जस्तै, यस समाधानले बाइबलीय शिक्षाका सम्पूर्ण संवर्गहरू (categories)-लाई अस्वीकार गर्नुपर्ने हुन्छ।

अन्त्यमा, जस्तो कि हामीले माथि हेर्‍यौं, *परमेश्वर एउटा हुनुहुन्छ भन्ने कुरालाई अस्वीकार गरेर* एउटा साधारण समाधान प्राप्त हुनेथियो। तर यसको परिणाम तीन जना परमेश्वरहरूमा विश्वास हुनेथियो, जो स्पष्टतः बाइबलको विरुद्धमा छ।

जस्तो कि हामी तल हेर्नेछौं, तेस्रो भुल उस्तो सामान्य रही नआएको भए तापनि, प्रथम दुई त्रुटिहरू मण्डली-इतिहासको कुनै न कुनै समयमा देखा परेकै छन् अनि केही समूहहरूमा ती अझै पनि डटेर जमिबसेकै छन्।

**५. सबै उपमाहरूमा कमीहरू छन्।** यदि हामी यी साधारण समाधानहरूमध्ये कुनैलाई पनि ग्रहण गर्न सक्दैनौं भने, हामीले धर्मशास्त्रका ती तीन सत्यताहरूलाई कसरी संयुक्त रूपमा राख्न सक्छौं र त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्तलाई कसरी कायम राख्न सक्छौं? यस धर्मसिद्धान्तलाई व्याख्या गर्ने प्रयत्नमा कहिलेकाहीं मानिसहरूले प्रकृति वा मानव अनुभवबाट लिइएका विभिन्न उपमाहरू प्रयोग गरेका छन्। यद्यपि यी उपमाहरू बुझाइको प्राथमिक स्तरमा उपयोगी भए तापनि, गहिरिएर मनन गर्दा ती सबै अपर्याप्त वा भ्रामक प्रमाणित हुन्छन्। उदाहरणार्थ, परमेश्वर तीनपाते घाँसजस्तै हुनुहुन्छ, जसका तीन भाग छन्, तथापि यो एउटै तीनपाते घाँस नै हुन्छ भन्दा कुरा मिल्दैन, किनभने प्रत्येक पात तीनपाते घाँसको

पदले परमेश्वरको एकत्व र परमेश्वरमा हुनुभएका व्यक्तिहरूको विविधताको पनि पुष्टि गर्दछ।

[१९]यस दृष्टिकोणको प्राविधिक नाउँ प्रकारविषयकवाद (*modalism*) हो; यो प्राचीन मण्डलीमा रद्द गरिएको एउटा अपसिद्धान्त/अपधर्म (*heresy*) हो। अनुगामी विवेचन हेर्नुहोस्।

[२०]यस दृष्टिकोणको प्राविधिक नाम *Arianism* हो, जो प्राचीन मण्डलीमा रद्द गरिएको अर्को

एउटा भाग मात्र हो, र कुनै एउटा पात सम्पूर्ण तीनपाते घाँस हो भन्न सकिँदैन। तर त्रिएकत्वमा हुनुहुने हरेक व्यक्ति परमेश्वरको भिन्नै भाग मात्र हुनुहुन्न, तर हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ। यसबाहेक, तीनपाते घाँस अवैयक्तिक हुन्छ अनि त्रिएकत्वको हरेक व्यक्तिमा भएको जस्तै पृथक् र जटिल व्यक्तित्व त्यसको हुँदैन।

अरू कतिले तीन भागहरू भएका रूखको उपमा (सादृश्य) प्रयोग गरेका छन् : जरा, काण्ड र हाँगाहरू सबै मिलेर एउटा रूख बन्दछ। तर त्यस्तै समस्या उत्पन्न हुन्छ, किनभने यी सबै रूखका भागहरू मात्र हुन्, र यीमध्ये कुनै पनि भागलाई पूर्ण रूख हो भन्न सकिँदैन। यसबाहेक, यस उपमामा ती भागहरूका विभिन्न गुणहरू छन्; यसको विपरीत, त्रिएकत्वका व्यक्तिहरूका गुणहरू विभिन्न छैनन्; त्रिएकत्वका सबै व्यक्तिहरूमा समान मात्रामा परमेश्वरका गुणहरू हुन्छन्। प्रत्येक भागमा व्यक्तित्वको अभाव एउटा अभाव पनि हो।

पानीका तीन रूपहरूको (वाफ, पानी र हिउँ) उपमा पनि अपर्याप्त छ किनभने (क) पानीको कुनै पनि मात्रा एउटै समयमा कहिल्यै पनि यी तीनैवटामध्ये सबै होइन,[२१] (ख) तिनीहरूका विभिन्न गुणहरू वा स्वभावहरू हुन्छन्, (ग) यस उपमामा यस्तो कुनै कुरा छैन जो परमेश्वर एउटै हुनुहुन्छ भन्ने तथ्यसित मिल्नजान्छ ("एउटै पानी" वा "विश्वमा भएका सबै पानीहरू" भन्ने कुनै पनि कुरा हुँदैन), अनि (घ) बुद्धिमान/ज्ञानी (*intelligent*) व्यक्तित्व तत्त्व अनुपस्थित छ।

अन्य उपमाहरू मानव अनुभवबाट लिइएका छन्। यसो भन्न सकिएला कि त्रिएकत्व त्यो मानिसजस्तै हो जो कृषक, तिनको नगरका नगराध्यक्ष र तिनको मण्डलीका एल्डर हुन्। तिनी विभिन्न समयमा विभिन्न भूमिकाहरूमा काम गर्छन्, तर तिनी एउटै मानिस हुन्। तर, यो उपमा अति नै अपूर्ण छ किनभने विभिन्न समयहरूमा यी तीनवटा विभिन्न कामहरू गर्ने मानिस एउटै मात्र छ र यस उपमाले त्रिएकत्वका सदस्यहरूमाझ हुने व्यक्तिगत अन्तर्क्रियाबारे केही बताउन वा गर्न सक्दैन। (वास्तवमा, यस उपमाले तल छलफल गरिएको 'मोडलिज्म्' (modalism) भनिने अपसिद्धान्त/अपधर्म (heresy)-को शिक्षा मात्र दिन्छ)।

एउटै मानिसमा भएका बुद्धि, संवेगहरू र इच्छाको मिलन मानव जीवनबाट लिइएको अर्को उपमा हो। यी सबै एउटा व्यक्तित्वका भागहरू भए तापनि यीमध्ये कुनै एउटाले मात्र सम्पूर्ण व्यक्ति बनिँदैन। अनि ती भागहरू गुणमा समान छैनन् तर तिनीहरूका भिन्नभिन्नै योग्यताहरू छन्।

यसकारण त्रिएकत्वको शिक्षा दिनलाई हामीले कुन उपमा प्रयोग गर्ने ? हामीलाई परमेश्वरको गुणका विभिन्न पक्षहरू सिकाउनलाई बाइबलले प्रकृति र जीवनबाट धेरैवटा उपमाहरू प्रयोग गरे तापनि (परमेश्वर विश्वसनीयतामा चट्टानजस्तै अनि वास्ता गर्नुमा गोठालाजस्तै हुनुहुन्छ) यो रोचक छ कि त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त

---

अपसिद्धान्त/अपधर्म हो। अनुगामी विवेचन हेर्नुहोस्।

[२१]एक प्रकारको वायुमण्डलीय स्थिति हुन्छ (जसलाई रसायानशास्त्रीहरूले "त्रिबिन्दु" ("*triple point*") भन्छन्), जसमा वाफ, पानी र हिउँ एउटै समयमा एकसाथ रहन सक्छन्, तर त्यस्तो अवस्थामा पनि वाफको रूपमा रहेको पानी हिउँ वा तरल हुँदैन, तरलको रूपमा रहेको पानी वाफ वा हिउँ हुँदैन, आदि।

सिकाउनलाई धर्मशास्त्रले कहींकतै पनि कुनै उपमाहरू प्रयोग गर्दैन। हामी उपमाको सबैभन्दा नजीक आउन सक्ने "पिता" र "पुत्र" उपाधिहरूको (*titles*) प्रयोगमा नै हो, जुन उपाधिहरूले पूर्ण रूपले भिन्न-भिन्नै व्यक्तिहरू र मानव परिवारमा ती व्यक्तिहरूमाझ भएको घनिष्ठ सम्बन्धबारे बताउँछन्। तर निश्चय नै मानवीय स्तरमा, उहाँहरू दुवै पूर्ण रूपले भिन्न-भिन्नै व्यक्तिहरू हुनुहुन्छ, तीन पृथक् व्यक्तिहरूले गठित एउटै अस्तित्व होइन। निष्कर्षमा यही भन्नु उत्तम हुन्छ कि कुनै पनि उपमाले त्रिएकत्वबारे पर्याप्त रूपले शिक्षा दिँदैन, अनि सबै उपमाहरू गम्भीर रूपले भ्रामक छन्।

**६. परमेश्वर अनन्त र अनिवार्यतः त्रिएकत्वको रूपमा अस्तित्वमा रहनुहुन्छ।** विश्वको सृष्टि हुँदा, परमेश्वर पिताले ती शक्तिशाली वचनहरू बोल्नुभयो जसले सृष्टिलाई अस्तित्वमा ल्याए; पुत्र परमेश्वर नै ती कारक तत्त्व हुनुहुन्थ्यो जसले यी वचनहरूलाई कार्यान्वित गर्नुभयो (यूह १:३; १ कोर ८:६; कल १:१६; हिब्रू १:२), अनि परमेश्वरका आत्मा "पानीमाथि परिभ्रमण" गर्नुहुँदै सक्रिय हुनुहुन्थ्यो (उत १:२)। हामीले आशा गरेझैं जस्तै छ – यदि त्रिएकत्वका सबै सदस्यहरू समान र पूर्ण रूपले परमेश्वरीय हुनुहुन्छ भने उहाँ सबै तीनै जना सदासर्वदाका लागि अस्तित्वमान् रहनुभएको छ अनि परमेश्वर त्रिएकत्वका रूपमा सदासर्वदाको निम्ति अस्तित्वमान् रहनुभएको छ (तु. यूह १७:५, २४)। यसबाहेक, परमेश्वर जे हुनुहुन्छ, सोबाहेक उहाँ अन्य कोही हुन सक्नुहुन्न किनभने उहाँ अपरिवर्तनशील हुनुहुन्छ (हे. माथि अ. ११)। त्यसकारण परमेश्वर अनिवार्यतः त्रिएकत्वको रूपमा अस्तित्वमान् रहनुहुन्छ भन्ने निष्कर्ष निकाल्नु सही ठहर्दछ, उहाँ जे हुनुहुन्छ सोबाहेक अन्य कोही हुन सक्नुहुन्न।

### ग. बाइबलका शिक्षालाई सारांशित गर्ने ती तीन वक्तव्यहरूमध्ये कुनै एउटालाई अस्वीकार गर्दा भुलहरू उत्पन्न भएका छन्

तलका तीनवटा वक्तव्यहरू हामीले पुष्टि गर्न बाइबलले कसरी अनिवार्य बनाउँछ सो हामीले यस अघिको खण्डमा हेर्‍यौं :

१. परमेश्वर तीन व्यक्तिहरू हुनुहुन्छ।
२. हरेक व्यक्ति पूर्ण परमेश्वर हुनुहुन्छ।
३. परमेश्वर एउटै हुनुहुन्छ।

पिता, पुत्र र पवित्र आत्मामाझको भिन्नताबारे र उहाँहरू एक-अर्कासँग कसरी सम्बन्धित हुनुहुन्छ भन्नेबारे अगाड़ि विवेचन गर्नुभन्दा अघि, मण्डलीको इतिहासमा त्रिएकत्वसम्बन्धी गरिएका केही धर्मसैद्धान्तिक भुलहरू हामीले स्मरण गर्नु आवश्यक हुन्छ। यस धर्मसिद्धान्तबारे कुनै पनि थप विचार गर्दा हामी आफै जोगिनुपर्ने केही भुलहरूबारे हामी यस ऐतिहासिक सर्वेक्षणमा हेर्नेछौं। वास्तवमा, त्रिएकत्वीय भुलहरू तीन आधारभूत वक्तव्यहरूमध्ये एउटा वा अर्कोलाई अस्वीकार गरिएको कारणले

उत्पन्न भएका छन्।[२२]

**१. प्रकारविषयकवाद वा मडचालिज्म् (modalism)-ले यो दाबी गर्छ कि एउटै व्यक्ति हुनुहुन्छ जो हामीकहाँ तीन विभिन्न रूपहरू (वा "प्रकारहरू")** [Forms of "Modes"]**-मा देखापर्नुहुन्छ।** परमेश्वर वास्तवमा तीन पूर्ण रूपले पृथक् व्यक्तिहरू हुनुहुन्न, तर एउटै व्यक्ति हुनुहुन्छ जो विभिन्न समयहरूमा मानिसहरूकहाँ विभिन्न "प्रकारहरू"-मा देखापर्नुहुन्छ भन्ने शिक्षा मानिसहरूले विभिन्न समयहरूमा दिएका छन्। उदाहरणार्थ, पुरानो करारमा परमेश्वर "पिता"-को रूपमा देखापर्नुभयो। सुसमाचारका पुस्तकहरूभरि उही परमेश्वरीय व्यक्ति "पुत्र"-को रूपमा देखापर्नुभयो, जस्तो कि येशूको मानव जीवन र सेवाकार्यमा देखिन्छ। पेन्तिकोसपछि, उही व्यक्तिले आफूलाई मण्डलीमा सक्रिय रहनुभएका "आत्मा"-को रूपमा प्रकट गर्नुभयो।

यस शिक्षालाई अन्य दुईवटा नाउँहरूद्वारा पनि इङ्गित गरिन्छ। कहिलेकाहीँ यसलाई सेबिलियसवाद (Sabellianism) भनिन्छ। ख्रीष्टाब्द तेस्रो शताब्दीको प्रारम्भिक कालमा रोममा बस्ने सेबिलियस (Sabellius) नामक गुरुको नाउँबाट यो वादको नामकरण भएको हो। प्रकारविषयकवादको अर्को शब्द प्रकारविषयकवादी एकव्यक्तिवाद (modalistic monarchianism) हो, किनभने यो शिक्षाले परमेश्वरले आफैलाई विभिन्न "प्रकारहरू"-मा प्रकट गर्नुभयो मात्र भन्दैन तर यसले यो पनि भन्दछ कि विश्वमा एउटै मात्र सर्वोच्च शासक (राजा) हुनुहुन्छ अनि उहाँ परमेश्वर स्वयम् हुनुहुन्छ, जो एउटै मात्र व्यक्ति हुनुहुन्छ।

एउटै मात्र परमेश्वर हुनुहुन्छ भन्ने तथ्यमा जोड़ दिने चाहनाको कारण मडचालिज्म्ले यसको आकर्षण हासिल गर्छ। यसले एउटै परमेश्वरबारे बताउने खण्डहरूबाट मात्र नभएर, यूहन्ना १०:३० ("पिता र म एक हौं") र यूहन्ना १४:९ ("जसले मलाई देखेको छ, त्यसले पितालाई देखेको छ")-जस्ता खण्डहरूबाट पनि यसले समर्थन दाबी गर्न सक्छ। तर अन्तिम खण्डको अर्थ येशूले पिता परमेश्वरको गुण पूर्ण रूपले प्रकट गर्नुहुन्छ भन्ने मात्र बुझाउन सक्छ, अनि यस अघिको खण्डले (यूह १०:३०) – जसको सन्दर्भमा यशूले पुष्टि गर्नुभयो कि पिताले उहाँलाई गर्न दिनुभएका सबै कामहरू उहाँले पूरा गर्नुहुनेछ र पिताले उहाँलाई दिनुभएका सबै मानिसहरूलाई उहाँले बचाउनुहुनेछ – येशू र पिता उद्देश्यमा एउटै हुनुहुन्छ भन्ने बुझाउँछ भन्ने देखिन्छ।

मडचालिज्म्को साङ्घातिक कमजोरी यो तथ्य हो कि यसले त्रिएकत्वभित्रको व्यक्तिगत सम्बन्धहरूलाई अस्वीकार गर्नैपर्दछ, जुन सम्बन्धहरू धर्मशास्त्रका अनेकौं स्थानहरूमा देखापर्दछ (वा यसले यी सबै तथ्यहरू भ्रम मात्र थिए, सत्य थिएनन् भनी पुष्टि गर्नैपर्दछ)। यसैले, येशूको बप्तिस्मामा भएका तीनवटा बेग्लाबेग्लै अस्तित्वहरूलाई यसले अस्वीकार गर्नैपर्दछ, जब पिता स्वर्गबाट बोल्नुहुन्छ अनि ढुकुरजस्तै येशूमाथि पवित्र आत्मा ओर्लिआउनुहुन्छ। अनि यसले यो भन्नैपर्दछ कि

[२२]यस खण्डमा छलफल गरिएको त्रिएकत्ववादी अपधर्महरूका इतिहास र अर्थहरूबारे उत्कृष्ट छलफल Harold O. J. Brown, *Heresies: The Image of Christ in the Mirror of Heresy and Orthodoxy from the Apostles to the Present* (गार्डन सिटी, एन्.वाई.: डबलडे, १९८४), पृह. ९५-१५७)-मा पाइन्छ।

येशूले पितालाई प्रार्थना गरिरहनुभएको ती उदाहरणहरू भ्रम वा झुट हुन्। पिता परमेश्‍वरअगि हाम्रो निम्ति पुत्र वा पवित्र आत्माले मध्यस्थता गरिरहनुभएको अवधारणा हराउँछ। अन्त्यमा, मडचालिज्म्ले प्रायश्‍चित्तसम्बन्धी धर्मसिद्धान्तको मर्म – अर्थात्, परमेश्‍वरले प्रतिस्थापनात्मक बलिदान (substitutionary sacrifice)-को रूपमा पुत्रलाई पठाउनुभयो भन्ने धारणा, अनि हाम्रो स्थानमा पुत्रले परमेश्‍वरको क्रोध भोग्नुभएको र त्रिएकत्वका हितको प्रतिनिधित्व गर्ने पिताले ख्रीष्टको दुःखभोग देख्नुभएको र उहाँ सन्तुष्ट हुनुभएको (यशै ५३:११) धारणा – अन्ततः गुमाउँछ।

यसबाहेक, मडचालिज्म्ले परमेश्‍वरको स्वतन्त्रतालाई अस्वीकार गर्छ, किनभने यदि परमेश्‍वर एउटै मात्र व्यक्ति हुनुहुन्छ भने, उहाँको सृष्टिमा भएका अरू व्यक्तिहरूविना उहाँमा प्रेम र सम्पर्क गर्ने क्षमता हुँदैन। त्यसकारण परमेश्‍वरको निम्ति संसार सृष्टि गर्नु आवश्यक थियो, र परमेश्‍वर तदोपरान्त सृष्टिदेखि स्वतन्त्र बन्नुहुनेथिएन (हे. परमेश्‍वरको स्वतन्त्रताबारे यस अघिको अध्याय १२)।

प्रोटेस्टेन्टवाद (सामान्यतः परिभाषित)-भित्र रहेको एउटा वर्तमान सम्प्रदाय, युनाइटेड पेन्टिकोस्टल चर्च धर्मसैद्धान्तिक दृष्टिकोणमा प्रकारविषयकवादी वा (*modalistic*) छ।[२३]

## २. एरियनवाद (*Arianism*)-ले पुत्र र पवित्र आत्माको पूर्ण परमेश्‍वरत्व अस्वीकार गर्छ।

**क. एरियन** (*Arian*) **विवाद :** *एरियनवाद* शब्द अलेकजेन्ड्रियाका बिशप एरियस (*Arius*)-को नाउँबाट लिइएको शब्द हो जसको मतलाई निसियाको परिषद्मा रद्द गरिएको थियो, अनि जसको मृत्यु ख्रीष्टाब्द ३३६ मा भएको थियो। एरियसले यो शिक्षा दिए कि पुत्र परमेश्‍वर एक समय पिता परमेश्‍वरले सृष्टि गर्नुभएको थियो अनि त्यस समयभन्दा अघि पुत्र हुनुहुन्नथियो, नता पवित्र आत्मा नै हुनुहुन्थ्यो; पिता मात्र हुनुहुन्थ्यो। यसरी, सबै सृष्टिभन्दा अघि अस्तित्वमा हुनुहुने पुत्र स्वर्गीय सत्ता अनि जो बाँकी सबै सृष्टिभन्दा धेरै महान् हुनुभए तापनि उहाँ आफ्ना सबै गुणहरूमा पिताका बराबरी हुनुहुन्न। गुणमा उहाँ “पिताजस्तै” वा “पिताकै तुल्य” हुनुहुन्छ भनी पनि मान्न सकिन्छ, तर उहाँ “समान गुण”-का हुनुहुन्छ भन्न सकिँदैन।

एरियनवादीहरूले ख्रीष्टलाई परमेश्‍वरका “प्रजनित एक मात्र पुत्र” (यूह १:१४; ३:१६, १८; १ यूह ४:९) भन्ने मूलपाठहरूमा साह्रै निर्भर गरे। तिनीहरूले यो तर्क गरे कि यदि ख्रीष्ट पिता परमेश्‍वरद्वारा उत्पन्न गरिइनुभएको थियो भने यसको अर्थ यो हुनैपर्दछ कि पुत्र पिता परमेश्‍वरद्वारा अस्तित्वमा ल्याइनुभएको थियो (किनभने मानव अनुभवमा “प्रजनित” (उत्पन्न गरिइनुभएको) वाक्यांशले माताको गर्भमा

[२३]ख्री. १९१६ मा एसेम्ब्लिज् अब् गडले यसका सेवकहरूका निम्ति त्रिएकत्ववादी विश्‍वासको सार अनिवार्य बनाउँदा, युनाइटेड पेन्टिकोस्टल चर्च गठन गर्नेहरूमध्ये केही अगुवाहरूलाई एसेम्ब्लिज् अब् गडबाट निस्कन बाध्य पारिएको थियो। यूनाइटेड पेन्टिकोस्टल चर्चलाई कहिलेकाहीं “येशू मात्र” भन्ने नारासित चिन्हित गरिन्छ अनि यस मण्डलीले पिता, पुत्र र पवित्र आत्माको नाउँमा होइन तर येशूको नाउँमा मात्र मानिसहरूको बप्तिस्मा हुनुपर्दछ भनी जोड़ दिन्छ। परमेश्‍वरमा तीन भिन्न-भिन्नै व्यक्तिहरू हुनुहुन्छ भन्ने तथ्यलाई यसले अस्वीकर गरेको कारण यस सम्प्रदायलाई इभ्यान्जेलिकल भन्नुहुँदैन अनि यसलाई साँच्चै ख्रीष्टियान नै मान्नुपर्ने हो कि त भन्ने कुरा पनि शङ्कास्पद नै छ।

बालक गर्भधारण हुनुमा पिताको भूमिका सङ्केत गर्छ)। ख्रीष्टलाई “उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ” भन्ने कलस्सी १:१५ मा एरियनवादी दृष्टिकोणको अतिरिक्त समर्थन पाइएको थियो। के “ज्येष्ठ”-ले पुत्र कुनै समयमा पिताद्वारा अस्तित्वमा ल्याइनुभएको थियो इङ्गित गर्दैन ?[२४] र यदि यो तथ्य पुत्रको बारेमा सत्य हो भने यही तथ्य पवित्र आत्माको बारेमा पनि अनिवार्यतः साँचो हुनैपर्दछ।

तर यी मूलपाठहरूले हामीलाई एरियनवादी दृष्टिकोणलाई विश्वास गर्न अनिवार्य पार्दैन। ख्रीष्टलाई “उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ” भन्ने कलस्सी १:१५ लाई यस अर्थमा बुझ्नु वेश हुन्छ कि ख्रीष्टसित ज्येष्ठका सबै अधिकार र विशेषाधिकारहरू छन्, अर्थात् बाइबलीय परम्परा र प्रथाअनुसार परिवारमा आफ्नो पुस्तामा ज्येष्ठको नेतृत्व र अख्तियारको अधिकार। (हिब १२:१६ मा ध्यान दिनुहोस् जहाँ एसावले तिनको “ज्येष्ठको पद” वा “जन्मसिद्ध अधिकार” बेचे भनिएको छ। ग्रीक शब्द *prototokia* कलस्सी १:१५ मा लेखिएको “जन्मसिद्ध अधिकार”-को निम्ति प्रयोग हुने ग्रीक शब्द *prototokos*-को सहार्थी शब्द हो)। अतः कलस्सी १:१५ को अर्थ यो हो कि ख्रीष्टसँग “ज्येष्ठ छोरा”-सित हुने विशेषाधिकारहरू, अर्थात् अख्तियार र शासनका विशेषाधिकारहरू छन्, तर सम्पूर्ण सृष्टिको सन्दर्भमा। *एन्.आई.भी.*-ले यसलाई लाभदायक प्रकारले अनुवाद गर्छ, “सारा सृष्टिमाथिका ज्येष्ठ।”

जहाँसम्म ख्रीष्ट परमेश्वरको “प्रजनित एक मात्र पुत्र” भन्ने मूलपाठको प्रश्न छ, त्यसको बारेमा यो भन्न सकिन्छ कि ख्रीष्ट सम्पूर्ण र पूर्णतः परमेश्वर हुनुहुन्थ्यो भनी देखाउने अन्य धेरै मूलपाठहरूको प्रभाव सुरुको मण्डलीले यति सशक्त रूपले अनुभव गऱ्यो कि यसले यो निष्कर्ष निकाल्यो कि “प्रजनित एक मात्र पुत्र”-को जे अर्थ भए तापनि, यसको अर्थ “सृष्टि गरिनुभएको” भन्ने थिएन। त्यसकारण निसियाका

---

[२४]हितोपदेश ८:२२ एरियनहरूद्वारा पनि प्रयोग गरिएको थियो, जसले सेप्टुअजिन्टले उक्त पदलाई भ्रामक प्रकारले “परमप्रभुले मलाई सृष्टि गर्नुभयो” (ग्रीकमा *ktizo*) भनी अनुवाद गऱ्यो भन्ने तथ्यबाट समर्थन प्राप्त गऱ्यो जबकि सही अनुवाद “परमप्रभुले मलाई प्राप्त गर्नुभयो वा मेरा स्वामी परमप्रभु हुनुहुन्थ्यो” (ग्रीकमा *ktaomai*) हुनुपर्थ्यो। यस पदबारे छलफल माथि २६५-६७ पृष्ठहरूमा हेर्नुहोस्।

जेहोभाज् विटनेसेज्ले पनि, जो आधुनिक एरियनहरू हुन्, प्रकाश ३:१४ तिर औंल्याउन्, जहाँ येशूले आफूलाई “परमेश्वरका सृष्टिको आदि” भन्नुहुन्छ। जेहोभाज् विटनेसेज्ले यसको अर्थ यसरी लगाउँछन् – “परमेश्वरको अदृश्य सृष्टिका आदिको रूपमा येशू परमेश्वरद्वारा सृष्टि गरिनुभएको थियो” (लेखकको नाउँ छैन, *Should You Believe in the Trinity?* [ब्रुकलीन, एन्.वाई.: वाच टावर बाइबल ऱ्यान्ड ट्र्याक्ट सोसाइटी, १९८९], पृ. १४)। तर यो पदको अर्थ यो होइन कि सृष्टि गरिएका प्रथम प्राणी येशू हुनुहुन्थ्यो, किनभने “आरम्भ” बुझाउने त्यही शब्द (ग्रीकमा *arche*) उहाँ “अल्फा र ओमेगा, पहिलो र पछिल्लो, आदि र अन्त्य” हुनुहुन्छ (प्रका २२:१३) भनी येशूले भन्नुहुँदा प्रयोग गरिएको छ। उहाँ “आदि” शब्द “अल्फा” र “पहिलो”-को पर्यायवाची शब्द हो। त्यसरी नै पिता परमेश्वरले आफ्नोबारेमा भन्नुहुन्छ, “अल्फा र ओमेगा म नै हुँ” (प्रका १:८)। यी दुवै वाक्यहरूमा “अल्फा” वा “आदि”-को अर्थ कुनै पनि थोक अस्तित्वमा हुनुभन्दा अघि हुनुहुने व्यक्ति हो। यो शब्दले यो इङ्गित गर्दैन कि पुत्र सृष्टि गरिइनुभएको थियो वा एउटा यस्तो समय थियो जब अस्तित्वमा हुनलाई उहाँले हुन सुरु गर्नुभयो किनकि पिता र पुत्र दुवै सदैव “अल्फा र ओमेगा” र “आदि र अन्त्य” रहिआउनुभएको छ, कारण उहाँहरू सदासर्वदा अस्तित्वमा रहिआउनुभएको छ। (यहूदी इतिहासकार जोसेफस परमेश्वरलाई “सबै थोकहरूका” “आदि” हुनुहुन्छ भन्नलाई त्यही शब्द प्रयोग गर्छन् तर उनले निश्चय नै यो सोच्दैनन् कि परमेश्वर स्वयम् सृष्टि गरिनुभएको थियो – हे. *Against Apion* 2.190)।

*एन्.आई.भी.*-ले र ने.बा.सो. अनुवादले पनि यस पदलाई भिन्नै प्रकारले अनुवाद गर्छ : “परमेश्वरका सृष्टिको शासक”। यो *arche*-को स्वीकार्य वैकल्पिक अर्थ हो, लूका १२:११; तीतस ३:१ मा हे. त्यही अर्थ।

विश्वासको सारले ख्रीष्टाब्द ३२५ मा ख्रीष्ट "प्रजनित हुनुहुन्छ, निर्मित होइन" भन्ने कुरालाई पुष्टि गर्‍यो :

> हामी सर्वशक्तिमान् पिता परमेश्वरमा विश्वास गर्छौं, जो देखिने र नदेखिने सबै थोकका निर्माता हुनुहुन्छ। अनि प्रभु येशू ख्रीष्ट, परमेश्वरका पुत्र, पिताबाट प्रजनित हुनुभएको, एकमात्र प्रजनित पुत्रमा; अर्थात्, पिताका तत्त्वको, परमेश्वरका परमेश्वर, ज्योतिका ज्योति, साँचो परमेश्वरका साँचो परमेश्वर, प्रजनित, निर्मित होइन, पितासँग एउटै तत्त्व (*homoousion*)-का हुनुभएर... ।[२५]

यही वाक्यांश ख्रीष्टाब्द ३८१ मा बसेको कन्सटचान्टिनोपलको परिषद्‌मा पुष्टि गरिएको थियो। यसबाहेक, "प्रजनन" अनन्तकालीन काम थियो भनी देखाउनलाई "पिताबाट प्रजनित" भन्ने वाक्यांशपछि "सबै युगहरूअघि" वाक्यांश थपियो। यो हुन कहिल्यै पनि सुरु भएन तर पिता र पुत्रको सम्बन्धबारे यो कुरा सदासर्वदा सत्य रहिआएको छ। तर त्यो "सुरुआत"-को प्रकृति एकदमै स्पष्टतासित कहिल्यै पनि परिभाषित गरिएको छैन; यसबारे यो मात्र भनिएको छ कि यो पिता अनि पुत्रको सम्बन्धसित सम्बन्धित विषय हो र केही अर्थमा त्यस सम्बन्धमा सदासर्वदा पिताको प्रमुखता रहेको छ।

एरियसको शिक्षाको थप भर्त्सना गर्दै निसियाको विश्वासका सारले जोड़ दियो कि ख्रीष्ट "पिताका जस्तै तत्त्वको" हुनुहुन्छ। एरियससँग भएको विवाद दुई शब्दहरू लिएर भएको थियो जुन शब्दहरू ख्रीष्टियान धर्मसिद्धान्तको इतिहासमा प्रसिद्ध भएका छन्। ती शब्दहरू हुन् – *homoousios* ("उस्तै स्वभावको") र *homoiousios* (मिल्दोजुल्दो स्वभावको)।[२६] भिन्नता दुईवटा ग्रीक उपसर्ग (*prefixex*)-हरू, *homo* अर्थात् "एकै," "उस्तै," र *homio* अर्थात् "मिल्दोजुल्दो"-का बेग्लाबेग्लै अर्थमा निर्भर छ। ख्रीष्ट अलौकिक स्वर्गीय अस्तित्व हुनुहुन्थ्यो अनि बाँकी सबै विश्व सृष्टि हुनभन्दा अघि उहाँ पिताद्वारा सृष्टि गरिइनुभएको थियो, र उहाँ स्वभावमा पितासँग "मिल्दोजुल्दो"-समेत हुनुहुन्थ्यो भन्नमा एरियस खुसी थिए। तसर्थ, *homoiousios* (मिल्दोजुल्दो स्वभावको) शब्दसित एरियस सहमत थिए। तर ख्रीष्टाब्द ३२५ मा बसेको निसियाको परिषद् र ख्रीष्टाब्द ३८१ मा बसेको कन्सटचान्टिनोपलको परिषद्‌ले यो शब्द पर्याप्त थिएन भनी पूर्ण रूपले मानिलियो, किनभने यदि ख्रीष्ट ठीक पिताकै स्वभावका हुनुहुन्न भने, उहाँ पूर्ण रूपले परमेश्वर हुनुहुन्न। यसकारण दुवै परिषद्‌हरूले रूढ़िवादी ख्रीष्टियानहरूले येशू *homoousios* ("उस्तै स्वभावको"), अर्थात् पिता परमेश्वरका जस्तै स्वभावका हुनुहुन्छ भनी स्वीकार गर्नुपर्छ भनी जोड़ दिए। यी दुई शब्दहरूबीचको भिन्नता केवल एउटा वर्ण थियो, जो ग्रीक अक्षर *आइओट* थियो, अनि केवल एउटै अक्षर लिएर उठेको धर्मसैद्धान्तिक विवादलाई

[२५]यो निसियाको विश्वासका सारको मूल रूप हो, तर यसमा पछि ३८१ मा कन्सटचान्टिनोपलको परिषद्‌मा केही परिवर्तन गरियो र त्यहाँ यसले त्यो रूप लियो जसलाई आज मण्डलीहरूले सामान्यतः "निसियाको विश्वासको सार" भन्दछन्। यो मूलपाठ Philip Schaff-को *Creeds of Christendom,* तीन भाग (ऱ्यान्ड ऱ्यापिड्स् : बेकर, १९३१ संस्करणको १९८३ पुनर्मुद्रण), १:२८–२९ बाट लिइएको।

[२६]*homoousios*-को पुरानो अनुवादले कहिलेकाहीँ *consubstantial* शब्द प्रयोग गर्दछ, यो साधाणतः

चौथो शताब्दी ख्रीष्टाब्दको अति धेरै ध्यानाकर्षण गर्न दिएकोमा कतिले मण्डलीको आलोचना गरेका छन्। "के एउटा शब्दको एउटा अक्षरबारे तर्क गर्नुभन्दा बढ़ी मूर्खतापूर्ण अरू केही होला र?" भनी कतिले विस्मय प्रकट गरेका छन्। तर दुई शब्दहरूबीचको भिन्नता गम्भीर थियो, अनि *आइओट* हुनु र नहुनुले वास्तवमै त्रिएकत्वको साँचो धर्मसिद्धान्तसहितको बाइबलसम्मत ख्रीष्टियान मत र ख्रीष्टको पूर्ण परमेश्वरत्व स्वीकार नगर्ने र त्यसकारण अत्रिएकत्ववादी (nontrinitarian) र अन्ततः सम्पूर्ण ख्रीष्टियान विश्वासका लागि विध्वंसक अपधर्मबीचको भिन्नता देखाउँथ्यो।

**ख. गौणतावाद** (Subordinationism) : पुत्र पिताकै स्वभावको हुनुहुन्थ्यो भन्ने तथ्य पुष्टीकरण गर्दा प्रारम्भिक मण्डलीले एउटा सम्बन्धित झुटो धर्मसिद्धान्त, गौणतावाद (Subordinationism)-लाई, पनि बहिष्कृत गऱ्यो। एरियनवादले पुत्र सृष्टि गरिनुभएको थियो र परमेश्वरीय हुनुहुन्थ्यो भन्ने अड़ान लियो भने, गौणतावादले पुत्र अनन्तकालीन (अर्थात्, सृष्टि गरिनुभएको होइन) र परमेश्वरीय हुनुहुन्थ्यो, तथापि उहाँ अस्तित्व वा गुणहरूमा पिताकै बराबरका हुनुहुन्नथ्यो – पुत्र अस्तित्वमा परमेश्वर पिताभन्दा निम्न वा "गौण" हुनुहुन्थ्यो।[२७] प्रारम्भिक मण्डलीका पिता अरिजेनले (प्रायः १८५-२४५ ख्री.) पुत्र अस्तित्वमा पिताभन्दा तल्लो दर्जाका हुनुहुन्थ्यो, अनि पुत्रले उहाँको अस्तित्व सदासर्वदा पिताबाट लिनुहुन्छ भन्ने दृष्टिकोण राख्दै एक प्रकारको गौणतावादलाई समर्थन गरे। अरिजेनले परमेश्वरीय व्यक्तिहरूको भिन्नतालाई रक्षा गर्ने प्रयास गरिरहेका थिए अनि उनले मण्डलीमा त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त स्पष्ट रूपले सूत्रबद्ध गरिनुभन्दा अघि लेखिरहेका थिए। बाँकी मण्डलीले उनलाई पछ्याएन तर निसियाको परिषद्मा उनको शिक्षालाई स्पष्ट रूपले अस्वीकार गरिदियो।

मण्डलीका धेरै अगुवाहरूले त्रिएकत्वसम्बन्धी सही धर्मसिद्धान्तको क्रमिक सूत्रीकरणमा देन दिए, तथापि सर्वाधिक प्रभावकारी व्यक्ति Athanasius थिए। ख्रीष्टाब्द ३२५ मा परिषद्को औपचारिक सदस्यको रूपमा नभएर, अलेजेन्ड्रियाका बिशपका सचिवको रूपमा निसियामा आउँदा उनी २९ वर्ष मात्र पुगेका थिए। तर पनि उनको तीक्ष्ण बुद्धि र लेखन क्षमताले परिषद्को परिणाममा महत्त्वपूर्ण प्रभाव पार्न उनलाई सक्षम बनायो र ख्रीष्टाब्द ३२८ मा उनी स्वयम् नै अलेकजेन्ड्रियाका बिशप बने। एरियनवादीहरू निसियामा रद्द गरिएका भए तापनि, तिनीहरूले आफ्नो दृष्टिकोणहरूबारे शिक्षा दिनु बन्द गर्न अस्वीकार गरे र चौथो शताब्दीको अधिकांश बाँकी भागभरि त्यो विवाद लम्बाउनलाई तिनीहरूले मण्डलीभरि नै आफ्नो निकै शक्तिशाली राजनीतिक शक्ति प्रयोग गरे। एथनेसियस एरियनवादीहरूका आक्रमणको

प्रयोग नहुने अङ्ग्रेजी शब्दको अर्थ केवल "अभिन्नतत्त्व वा एउटै तत्त्व वा स्वभावको" हो।

[२७] धर्मपुत्र ग्रहणवादको अपधर्मले पुत्र अस्तित्वमा पिताभन्दा निम्न दर्जाका हुनुहुन्छ भन्ने दृष्टिकोण लिन्छ। यसलाई भूमिका वा कार्यहरूमा पुत्र पिताभन्दा सदासर्वदा गौण दर्जाका हुनुहुन्छ भन्ने रुढ़िवादी धर्मसिद्धान्तबाट स्पष्ट रूपले पृथक् बनाउनुपर्दछ। यो सत्यताविना हामीले त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त गुमाउनेछौं, किनभने हामीले पिता र पुत्रमाझ अनन्तकालीन व्यक्तिगत भिन्नता पाउनेछैनौं, र उहाँहरू सदासर्वदा पिता र पुत्र हुनुहुने छैन (पिता, पुत्र र पवित्र आत्मामाझका भिन्नताहरूसम्बन्धी अनुगामी खण्ड **घ** हे.)

केन्द्रबिन्दु बने, र उनले आफ्नो सम्पूर्ण जीवनलाई एरियनवादी अपधर्मको विरुद्धमा लेख्ने र शिक्षा दिने काममा अर्पण गरे। "उनले झेल्नपुरेको पाँचवटा निर्वासनहरूभित्र उनलाई सत्र वर्ष पलायन र गुप्तवासको शिकार बनाइयो" तर, उनको अथक प्रयासहरूद्वारा, "एथनेसियसले मण्डलीलाई प्रायः एक्लै मूर्तिपूजक बुद्धिवाद (intellectualism)-बाट बचाए।[२८] उनको नाउँ धारण गरेको "एथनेसियस विश्वासको सार" एथनेसियसबाटै प्रादुर्भाव भएको हो भनी आज मानिँदैन, तर यो त्रिएकत्ववादसम्बन्धी धर्मसिद्धान्तको अति स्पष्ट पुष्टीकरण हो जुन धर्मसिद्धान्त प्रायः ४०० ख्री.-देखि यता मण्डलीमा बढ्दो रूपमा प्रयोग हुन थाल्यो र आज पनि प्रोटेस्टेन्ट र क्याथलिक मण्डलीहरूमा यो प्रयोग गरिन्छ)। (हे. परिशिष्ट १)

**ग. धर्मपुत्र ग्रहणवाद** (Adoptionism) : हामीले एरियनवादको विवादलाई पन्छ्याउनुभन्दा अघि यसैसित सम्बन्धित एउटा झुटो शिक्षा उल्लेख गर्नैपर्छ। "धर्मपुत्र ग्रहणवाद" (Adoptionism) यो दृष्टिकोण हो जसअनुसार उहाँको बप्तिस्मासम्म येशू एउटा साधारण मानिसको रूपमा जिउनुभयो, तर त्यसपछि परमेश्वरले येशूलाई "धर्मपुत्र"-को रूपमा ग्रहण गर्नुभयो र उहाँमा अलौकिक शक्तिहरू प्रदान गरिदिनुभयो। मानिसको रूपमा जन्मनुभन्दा अघि ख्रीष्ट अस्तित्वमा हुनुहुन्थ्यो भनी धर्मपुत्र ग्रहणवादीहरूले विश्वास गर्थेनन्; त्यसकारण तिनीहरूले ख्रीष्ट अनन्तकालीन हुनुहुन्छ भनी विश्वास गर्थेनन्, नता तिनीहरूले उहाँलाई परमेश्वरले सृष्टि गर्नुभएको र उहाँद्वारा उच्च पारिनुभएको एक अलौकिक अस्तित्व भनी मान्थे, जस्तो कि एरियनवादीहरूले मान्दथे। परमेश्वरका "पुत्र"-को रूपमा येशूलाई "धर्मपुत्र ग्रहण" गरिएपछि पनि धर्मपुत्र ग्रहणवादीहरूले येशूलाई स्वभावमा परमेश्वरीय भनी मानेनन्, तर केवल एक उच्च पारिनुभएको मानिस मान्थे जसलाई परमेश्वरले अद्वितीय रूपले उहाँको "पुत्र" भन्नुभयो।

एरियनवादले जसरी एउटा आन्दोलनको बल प्राप्त गऱ्यो त्यस्तो बल धर्मपुत्र ग्रहणवादले पाएन, तर आरम्भिक मण्डलीमा समय समयमा धर्मपुत्र ग्रहणवादी दृष्टिकोण राख्ने मानिसहरू भइरहे तापनि तिनीहरूका दृष्टिकोणहरूलाई रूढिवादी भनी कहिल्यै पनि स्वीकार गरिएन। येशू एक महान् पुरुष हुनुहुन्थ्यो अनि वास्तवमा परमेश्वरीय हुनुहुन्नथ्यो तर परमेश्वरद्वारा विशेष रूपले शक्तिप्रदत्त हुनुहुन्थ्यो भनी सोच्ने आधुनिक मानिसहरू पनि धर्मपुत्र ग्रहणवादी वर्गमा पर्छन्। हामीले यहाँ यसलाई एरियनवादको सन्दर्भमा राखेका छौं, किनभने यसले पनि पुत्रको परमेश्वरत्वलाई (अनि, त्यसरी नै, पवित्र आत्माको परमेश्वरत्वलाई पनि) अस्वीकार गर्छ।

एरियनवादको विवादलाई ख्री. ३८१ मा बसेको कन्सटयान्टिनोपलको परिषद्मा समाप्त गरियो। यस परिषद्ले निसियाका वक्तव्यहरूलाई फेरि पनि पुष्टि गऱ्यो र पवित्र आत्माको परमेश्वरत्वबारे एउटा वक्तव्य थप्यो, जो निसियापछिको कालखण्डमा आक्षेपको शिकार भएको थियो। "र पवित्र आत्मा" भन्ने वाक्यांशपछि कन्सटयान्टिनोपल

[२८] S. J. Mikolaski, "Athanasius," *NIDCC*, 81.

परिषद्ले थप्यो, "प्रभु र जीवनदाता; जो पिताबाट आउनुहुन्छ; जो पिता र पुत्रसँगै उपासना गरिनुहुन्छ र महिमान्वित पारिनुहुन्छ; जो अगमवक्तहरूद्वारा बोल्नुभयो।" कन्सटचान्टिनोपल परिषद्ले थपेको खण्ड अन्तर्भुक्त गरिएको विश्वासको सारको संस्करणलाई आज "निसियाको विश्वासको सार" भनिन्छ (निसियाको विश्वासको सारको मूलपाठ हे. परिशिष्ट १ मा)।

**घ. "अनि पुत्रबाट" धारा** (*The Filioque Clause*) : निसियाको विश्वासका सारको सम्बन्धमा, मण्डली-इतिहासको एउटा दुर्भाग्यपूर्ण अध्याय, अर्थात् निसियाको विश्वासको सारमा "अनि पुत्रबाट" धारा (*The Filioque Clause*)-अन्तर्भुक्त गरिएको घटना, छोटकरीमा बताइनैपर्दछ। यो धारा अन्तर्भुक्त गरिएपछि यसले अन्ततः पाश्चात्य (रोमन क्याथलिक) ख्रीष्टियानत्व र पूर्वीय ख्रीष्टियानत्व (आज अर्थडक्स ख्रीष्टियानत्वका विभिन्न शाखाहरू मिलेर बनेको, जस्तै ग्रीक अर्थडक्स चर्च, रसियन अर्थडक्स चर्च आदि)-लाई ख्री. १०५४ मा फुटाइदियो।

*Filioque* ल्याटिन शब्द हो जसको अर्थ हुन्छ "अनि पुत्रबाट।" यो वाक्यांश ख्री. ३२५ को निसियाको विश्वासका सारको पहिलो संस्करणमा वा ख्री. ३८१ को दोस्रो संस्करणमा अन्तर्भुक्त गरिएको थिएन। ती संस्करणहरूमा पवित्र आत्मा "पिताबाट अग्रसर हुनुहुन्छ" मात्र भनिएको थियो। तर ख्री. ५८९ मा टोलेडोमा (जहाँ वर्तमान स्पेन छ) बसेको एउटा क्षेत्रीय मण्डली परिषद्मा "अनि पुत्रबाट" वाक्यांश थपियो, यसकारण अब यस विश्वासको सारले भन्यो कि पवित्र आत्मा "पिता र पुत्र (*filioque* )-बाट आउनुहुन्छ"। यूहन्ना १५:२६ र १६:७ को सन्दर्भमा, जहाँ येशूले संसारमा पवित्र आत्मा पठाउनेछु भन्नुभयो, यदि यस्तो वक्तव्यले पवित्र आत्मा पिता र पुत्रबाट कुनै निश्चित समयमा (विशेष गरी पेन्तिकोसमा) उत्पन्न हुनुभएको भनी सङ्केत गर्थ्यो भने यस्तो वक्तव्यप्रति कुनै आपत्ति हुनेथिएन भन्ने देखिन्छ। तर यो वक्तव्य त्रिएकत्वको स्वभावसम्बन्धी थियो अनि यो वाक्यांशले पवित्र आत्मा र पुत्रमाझको अनन्तकालीन सम्बन्धबारे बोलेको हो भनी बुझिएको थियो, जो एउटा यस्तो विषय हो जसबारे धर्मशास्त्रले कहिल्यै प्रस्ट रूपमा छलफल गर्दैन।[२९] यो अतिरिक्त वाक्यांश भएको निसियाको विश्वासको सार बिस्तारै व्यापक प्रयोगमा आयो र ख्री. १०१७ मा यसले औपचारिक अनुमोदन प्राप्त गऱ्यो। यो सम्पूर्ण विवादलाई मण्डलीय राजनीति र शक्ति हात पार्ने संघर्षद्वारा जटिल बनाइयो अनि स्पष्टतः यो गौण धर्मसैद्धान्तिक बुँदा ख्री. १०५४ मा पूर्वीय र पाश्चात्य ख्रीष्टियानत्वबीच आएको फुटको प्रमुख धर्मसैद्धान्तिक मुद्दा बन्यो। (तर, यसको प्रमुख राजनीतिक प्रश्न भने पोपको अख्तियारसित पूर्वीय मण्डलीको सम्बन्ध थियो)। त्यो धर्मसैद्धान्तिक विवाद र ख्रीष्टियानत्वका दुई शाखाहरूमाझको फुट आजसम्म पनि साम्य भएको छैन।

के यस प्रश्नबारे कुनै सही दृष्टिकोण छ? प्रमाणको ओजन (यो हलुङ्गै भए

[२९] *आउनुहुने* शब्दले पवित्र आत्माको सृष्टितिर सङ्केत गरेको बुझिँदैनथ्यो, वा पिता वा पुत्रबाट उहाँको अस्तित्व व्युत्पन्न भएको हो भन्ने तथ्यतिर इङ्गित गरेको हो भनी बुझिँदैनथ्यो, तर पवित्र आत्माले पिता र पुत्रसँग कसरी सदासर्वदा सम्बन्ध राख्नुहुन्छ भन्ने तथ्यतिर सङ्केत गरेको बुझिन्थ्यो।

तापनि)-ले पाश्चात्य मण्डलीलाई नै ठीक ठहराएको प्रतीत हुन्छ। यूहन्ना १५:२६ ले सत्यका आत्मा "पिताबाट आउनुहुन्छ" भन्छ तर पनि यस पदले यो अस्वीकार गर्दैन कि सत्यका आत्मा पुत्रबाट पनि आउनुहुन्छ (जस्तो गरी यूहन्ना १४:२६ ले पिताले पवित्र आत्मालाई पठाइदिनुहुनेछ भन्छ, तर यूहन्ना १६:७ ले पुत्रले पवित्र आत्मालाई पठाइदिनुहुन्छ भन्छ)। वास्तवमा, यूहन्ना १५:२६ को त्यही वाक्यमा येशूले पवित्र आत्माको बारेमा भन्नुहुन्छ कि उहाँ नै ती व्यक्ति हुनुहुन्छ "जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु।" अनि यदि पुत्रले पितासँगै पवित्र आत्मालाई संसारमा पठाउनुहुन्छ भने, सादृश्य (analogy)-को आधारमा, यसो भन्नु उपयुक्त देखिन्छ कि यसले उहाँहरूका सम्बन्धहरूको अनन्तकालीन व्यवस्था-क्रम प्रतिबिम्बित गर्छ। यो यस्तो कुरो होइन जसमाथि हामीले बाइबलको कुनै विशेष पदको आधारमा स्पष्ट जोड़ दिन सक्छौं, तर पिता, पुत्र र पवित्र आत्मामाझको त्यो *अनन्त* सम्बन्धबारे हाम्रो अधिकांश बुझाइ उहाँहरू *कालमा (in time)* सृष्टिसित जुन प्रकारले सम्बद्ध हुनुहुन्छ भनी धर्मशास्त्रले हामीलाई बताउँछ, सादृश्यको आधारमा, त्यसैबाट आउँछ। यसबाहेक, पूर्वीय प्रतिपादन (formulation)-मा पुत्र र पवित्र आत्मामाझमा एउटा अस्वाभाविक दूरी छ भन्ने सुझाउ दिने जोखिम रहन्छ, जसले व्यक्तिगत उपासनामै पनि प्रभुको रूपमा ख्रीष्टलाई युक्तिसङ्गत ढङ्गले बुझ्नसकिने प्रकारले गरिने संलग्न आराधनालाई उपेक्षा गर्दै बढ़ी रहस्यवादी र पवित्र आत्माद्वारा उत्प्रेरित अनुभवमाथि दिइने जोड़को पछि लगातार लागिपर्ने सम्भावनातिर डोऱ्याउन सक्नेछ। जे होस्, त्यो विवाद अन्ततः धर्मसिद्धान्तको एउटा यस्तो अस्पष्ट बुँदा (तत्त्वतः सृष्टिअघि पुत्र र पवित्र आत्मामाझको सम्बन्ध)-बारे थियो कि यसको कारणले मण्डलीमा कुनै विभाजन हुनुको कुनै औचित्य थिएन।

**ङ. त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्तको महत्त्व** : त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्तबारे मण्डली किन यति चिन्तित थियो ? पुत्र र पवित्र आत्माको पूर्ण परमेश्वरत्वमा दृढ़ रहनु के साँच्चै अत्यावश्यक छ ? हो, आवश्यक छ, किनभने यो शिक्षामा ख्रीष्टियान विश्वासको मर्मैसित सम्बन्धित आशयहरू छन्। सर्वप्रथम, यसले गर्दा पश्चात्ताप जोखिममा पर्छ। यदि येशू केवल सृष्टि गरिनुभएको अस्तित्व हुनुहुन्छ भने, अनि पूर्ण रूपले परमेश्वर हुनुहुन्न भने, यो बुझ्नु कठिन हुन्छ कि उहाँले, जो एक सृष्टि गरिनुभएको प्राणी मात्र हुनुहुन्छ, हाम्रो सबै पापहरूका निम्ति कसरी परमेश्वरको पूर्ण क्रोध भोग्न सक्नुभयो ? एउटा प्राणीले, त्यो जत्तिकै महान् किन नहोस्, के हामीलाई वास्तवमै बचाउन सक्छ र ? दोस्रो, हामीले पुत्रको पूर्ण परमेश्वरत्व अस्वीकार गऱ्यौं भने, विश्वासद्वारा मात्र धर्मीकरण सङ्कटमा पर्नजान्छ (यो आजभोलि जेहोभाज् विट्नेजेस्को शिक्षामा देखिन्छ, जसले विश्वासद्वारा मात्र हुने धर्मीकरणमा विश्वास गर्दैनन्।) यदि येशू पूर्ण रूपले परमेश्वर हुनुहुन्न भने, उहाँले हामीलाई पूर्ण रूपले उद्धार गर्नुहुन्छ भनी हामीले उहाँमा वास्तवमा भरोसा गर्न सक्छौं के भन्ने हाम्रो शङ्का सही हुनजान्छ। हाम्रो उद्धारको निम्ति के हामीले कुनै मनुष्यलाई पूर्ण रूपले भरोसा गर्न सक्छौं ? तेस्रो, यदि येशू असीम परमेश्वर हुनुहुन्न भने, के हामीले

उहाँलाई प्रार्थना गर्नु वा उहाँको उपासना गर्नुपर्छ? अनन्तकालीन, सर्वशक्तिमान् परमेश्वरबाहेक परमेश्वरका जनका सबै प्रार्थनाहरू कसले सुन्नसक्नुहुन्छ र उत्तर दिनसक्नुहुन्छ? परमेश्वर स्वयम्बाहेक उपासनाका योग्य अरू को हुनुहुन्छ र? वास्तवमा, यदि येशू एउटा प्राणी हुनुहुन्छ भने, उहाँजत्तिकै महान् हुनुभए तापनि, उहाँको उपासना गर्नु भनेको मूर्तिपूजा गर्नु हुनेछ – तथापि नयाँ करारले हामीलाई उहाँको उपासना गर्ने आज्ञा दिन्छ (फिलि २:९-११; प्रका ५:१२-१४)। चौथो, यदि ख्रीष्ट सृष्टि गरिइनुभएको थियो तर पनि हाम्रो उद्धार गर्नुहुने उहाँ नै हुनुहुन्थ्यो भनी कसैले हामीलाई शिक्षा दिन्छ भने, यस शिक्षाले मुक्तिका लागि परमेश्वर स्वयम्लाई नभएर एउटा प्राणीलाई श्रेय दिनथाल्छ। यसले गलत रीतिले सृष्टिकर्तालाई भन्दा प्राणीलाई उच्च बनाउँदछ – एउटा यस्तो काम जो धर्मशास्त्रले हामीलाई कहिल्यै गर्ने अनुमति दिँदैन। पाँचौं, परमेश्वरका स्वतन्त्रता र व्यक्तिगत स्वभाव जोखिममा छन्: यदि त्रिएकत्व छैन भने, सृष्टिअघि परमेश्वरको अस्तित्वभित्र अन्तर्वैयक्तिक सम्बन्धहरू थिएनन्, अनि व्यक्तिगत सम्बन्धहरूविना, यो बुझ्न कठिन हुन्छ कि परमेश्वर यथार्थ अर्थमा कसरी व्यक्तिगत परमेश्वर हुनुहुन्छ वा एउटा सृष्टिसित सम्बन्धित हुने आवश्यकता नपर्ने कसरी हुन सक्नुहुन्छ? छैटौं, विश्वको एकत्व जोखिममा छ: यदि परमेश्वर स्वयम्मा सिद्ध अनेकत्व र सिद्ध एकत्व छैन भने, विश्वका विभिन्न तत्त्वहरूमाझ कुनै चरम एकता हुन सक्छ भनी सोच्ने हाम्रो कुनै आधार नै हुँदैन। स्पष्ट छ, त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्तमा ख्रीष्टियान धर्मको मर्म जोखिममा परेको हुन्छ। Herman Bavinck भन्छन् कि "एथनेसियसले उनका कुनै पनि समकालीनहरूभन्दा अझ धेरै मात्रामा यो बुझे कि ख्रीष्टियान धर्म ख्रीष्टको र त्रिएकत्वको परमेश्वरत्व (deity)-लाई स्वीकार गर्नुसितै जीवित रहन्छ वा मर्छ।"[३०] उनी थप्छन्, "त्रिएकत्व स्वीकार गर्नुमा ख्रीष्टियान धर्मको मुटु धड्किन्छ; प्रत्येक त्रुटि यो धर्मसिद्धान्तबारे गलत दृष्टिकोणबाट उत्पन्न हुन्छ, वा अझ गहन मनन गर्दा, यो धर्मसिद्धान्तबारे गलत दृष्टिकोणमा त्यस त्रुटिको उत्पत्ति पहिल्याउन सकिन्छ।"[३१]

**३. त्रिईश्वरवाद (Tritheism)-ले एउटै परमेश्वर छ भन्ने कुरा अस्वीकार गर्छ।** त्रिएकत्वबारे बाइबलीय शिक्षामा सहज समाधान ल्याउने प्रयत्नको एउटा अन्तिम सम्भाव्य उपाय परमेश्वर एउटै हुनुहुन्छ भनी अस्वीकार गर्नु हुनेछ। यसको परिणाम यो भन्नु हुनेछ कि परमेश्वर तीन व्यक्ति हुनुहुन्छ अनि हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ। यसकारण, तीन परमेश्वरहरू हुनुहुन्छ। प्राविधिक रूपमा यस दृष्टिकोणलाई "त्रिईश्वरवाद" (Tritheism) भनिन्छ।

मण्डलीको इतिहासमा थोरै मानिसहरूले यो दृष्टिकोणलाई अपनाएका छन्। विभिन्न देवहरूलाई मान्ने धेरै प्राचीन मूर्तिपूजक धर्महरूसित यस दृष्टिकोणका समानताहरू छन्। यस दृष्टिकोणको फलस्वरूप विश्वासीहरूका मनमा अन्योल उत्पन्न हुन्छ। एक साँचो परमेश्वरको उपासना, उहाँप्रति निष्ठा वा भक्ति हुनेछैन।

[३०] *Bavinck, The Doctrine of God*, पृ. २८१।

[३१] ऐजन, पृ. २८५।

हामीले कुन परमेश्वरप्रति हाम्रो चरम निष्ठा अर्पण गर्नुपर्ने हो भन्ने प्रश्नले हामी अलमल्ल पर्नेछौं। अनि, अझ गहिरो स्तरमा, यस दृष्टिकोणले विश्वमा भएको परम एकताको कुनै पनि भावलाई नष्ट गरिदिनेछ। परमेश्वरको अस्तित्वमै पनि एकत्व होइन तर अनेकत्व हुनेछ।

कुनै पनि आधुनिक समुदायहरूले त्रिईश्वरवादको समर्थन नगरे तापनि, सायद धेरै इभ्यान्जेलिकल्हरूले पिता, पुत्र र पवित्र आत्माका स्पष्ट व्यक्तित्वलाई मान्यता दिँदै, तर एक अविभाजित अस्तित्वका रूपमा परमेश्वरको एकत्वबारे विरलै अवगत हुँदै, विनाआशय नै त्रिईश्वरवादतर्फ झुकाउ देखाउँछन्।

## घ. पिता, पुत्र र पवित्र आत्माबीचका भिन्नताहरू के-के हुन् ?

त्रिएकत्वसम्बन्धी त्रुटिहरूको यो सर्वेक्षण पूरा गरेपछि पिता, पुत्र र पवित्र आत्मामाझ भएका भिन्नताहरूबारे अरू केही भन्न सकिन्छ कि भन्ने प्रश्न हामी गर्न सक्छौं। यदि हामीले त्रिएकत्वको हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ भन्छौं भने, अनि हरेक व्यक्ति परमेश्वरका गुणहरूमा पूर्ण रूपले सहभागी बन्न सक्छन् भन्न सक्छौं भने, के ती तीन व्यक्तिहरूमाझ कुनै भिन्नता छ त ? उदाहरणार्थ, हामी यो भन्न सक्दैनौं कि पिता पुत्रभन्दा अझ शक्तिशाली र बुद्धिमान् हुनुहुन्छ वा पिता र पुत्र पवित्र आत्माभन्दा अझ बुद्धिमान् हुनुहुन्छ वा पिता पुत्र र पवित्र आत्माभन्दा अघि नै अस्तित्वमा हुनुहुन्थ्यो, किनभने त्यस्तो कुनै कुरा भन्नु त्रिएकत्वका तीनै सदस्यहरूको पूर्ण परमेश्वरत्वलाई इन्कार गर्नु हुनेछ। तर यी व्यक्तिहरूमाझका भिन्नताहरू के-के हुन् ?

**१. संसारको सम्बन्धमा त्रिएकत्वका व्यक्तिहरूका विभिन्न मूलभूत कामहरू छन् ।** परमेश्वरले संसारसित, यसको सृष्टि र उद्धारमा, कुन तरिकाले सम्बन्ध राख्नुहुन्छ भन्ने प्रश्नबारे धर्मशास्त्रले छलफल गर्दा, त्रिएकत्वका व्यक्तिहरूका विभिन्न कार्यभार वा मूलभूत कामहरू छन् भनी मानिएको छ। कहिलेकाहीँ यसलाई "त्रिएकत्वको अर्थनीति" (Economy of Trinity) भनिएको छ, र यसो भन्दा यहाँ अर्थनीतिलाई पुरानो अर्थमा अर्थात्, "क्रियाकलापहरूलाई व्यवस्थित गर्ने" अर्थमा प्रयोग गरिएको छ। (यस अर्थमा, मानिसहरूले "घरपरिवारको अर्थनीति" वा "घरेलु अर्थनीति"-बारे कुरा गर्थे। यसको अर्थ घरपरिवारको आर्थिक मामिलाहरू मात्र नभएर घर परिवारभित्रका सबै "क्रियाकलापलाई व्यवस्थित गर्नु" हुन्थ्यो)। "त्रिएकत्वको अर्थनीति"-ले तीन व्यक्तिहरूले संसारसित (यसलाई हामी दोस्रो खण्डमा हेर्नेछौं) र एक-अर्कासँग अनन्तकालीन सम्बन्ध राख्नुहुँदा गर्नुहुने विभिन्न कार्यहरू बुझाउँछ।

यी विभिन्न कार्यहरू हामी सृष्टिको काममा देख्छौं। विश्वलाई अस्तित्वमा ल्याउनलाई परमेश्वर पिताले सृजनात्मक वचनहरू बोल्नुभयो। तर यी सृजनात्मक आज्ञप्तिहरू वा अध्यादेशहरू वा उर्दी [decree]) पूरा गर्नुहुने परमेश्वर पुत्र, अर्थात् परमेश्वरका अनन्तकालीन वचन हुनुहुन्थ्यो। "सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन" (यूह १:३)। यसबाहेक, "किनकि उहाँमा नै सबै

थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमा भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारा र उहाँकै निम्ति सृजिएका हुन्" (कल १:१६; यी पनि हे. भज ३३:६, ९; १ कोर ८:६; हिब्र १:२)। परमेश्वरको सृष्टिमा उहाँको तात्कालिक उपस्थितिलाई स्पष्टतः सम्पोषित र प्रकट गर्दै (तु. भज ३३:६, जहाँ "सास"-लाई सायद "आत्मा" भनी अनुवाद गरिनुपर्छ; हे. भज १३९:७ पनि), पानीमाथि "परिभ्रमण गर्दैरहनु"-मा (उत १:२), पवित्र आत्मा पनि एउटा बेग्लै तरिकाले सक्रिय हुनुहुन्थ्यो।

उद्धारको काममा पनि विभिन्न कार्यभारहरू छन्। परमेश्वर पिताले उद्धारको योजना बनाउनुभयो र संसारमा पुत्रलाई पठाउनुभयो (यूह ३:१६; गला ४:४; एफि १:९-१०)। पुत्रले पिताको आज्ञा पालन गर्नुभयो र हाम्रो निम्ति उद्धार हासिल गर्नुभयो (यूह ६:३८; हिब १०:५-७; आदि)। न परमेश्वर पिता, नता परमेश्वर पवित्र आत्मा आउनुभएर हाम्रो पापहरूका निम्ति मर्नुभयो। त्यो काम विशेष रूपले पुत्रको थियो। त्यसपछि येशू स्वर्गमा उक्लिजानुभएपछि हाम्रो निम्ति उद्धार कार्यान्वयन गर्नलाई पिता र पुत्रद्वारा पवित्र आत्मा पठाइनुभयो। येशूले "पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ" (यूह १४:२६) भन्ने कुरा गर्नुभयो। तर उहाँ आफैले पनि पवित्र आत्मा पठाइदिनुहुने कुरा उहाँ गर्नुहुन्छ, किनभने उहाँ भन्नुहुन्छ "तर म गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु" (यूह १६:७), अनि उहाँले यस्तो समयबारे पनि बताउनुहुन्छ "जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा" (यूह १५:२६)।

हाम्रो पुनर्जीवन (regeneration) गर्ने वा हामीलाई नयाँ आत्मिक जीवन दिने (यूह ३:५-८), हामीलाई पवित्र गर्ने (रोम ८:१३; १५:१६; १ पत्र १:२), सेवाको निम्ति हाम्रो सशक्तीकरण गर्ने काम (प्रे १:८; १ कोर १२:७-११) विशेष गरी पवित्र आत्माको हो। सामान्यतः, पिता परमेश्वरद्वारा योजनाबद्ध गरिएको र पुत्रद्वारा सुरु गरिएको कार्यलाई पूरा गर्ने काम पवित्र आत्माको हो भन्ने प्रतीत हुँदछ (पवित्र आत्माको कामबारे हे. अ. ३०)।

यसकारण हामी यो भन्न सक्छौं कि सृष्टि र उद्धारको काममा पिताको भूमिका योजना बनाउने, निर्देशन दिने र पुत्र र पवित्र आत्मालाई पठाउने रहिआएको छ। यो छक्कपर्दो कुरा होइन, किनभने मानव परिवारमा पिता र पुत्रले जसरी आपस्तमा सम्बन्ध राख्छन्, त्यसरी नै पिता र पवित्र आत्माले आपस्तमा सम्बन्ध राख्नुहुन्छ; पिताले पुत्रलाई निर्देशन दिनुहुन्छ अनि पुत्रमाथि उहाँको अख्तियार छ अनि पुत्रले आज्ञा पालन गर्नुहुन्छ अनि पिताका निर्देशनहरूप्रति प्रतिक्रियाशील हुनुहुन्छ। पवित्र आत्मा पिता र पुत्र दुवैका उर्दीहरूप्रति आज्ञाकारी हुनुहुन्छ।

यसकारण, त्रिएकत्वका व्यक्तिहरू उहाँहरूका सबै गुणहरूमा समान हुनुहुन्छ, तथापि सृष्टिसित उहाँहरूको सम्बन्धमा भिन्न-भिन्नै हुनुहुन्छ। परमेश्वरत्वमा पुत्र र पवित्र आत्मा परमेश्वर पिताकै बराबरका हुनुहुन्छ, तर पुत्र र पवित्र आत्मा उहाँहरूका भूमिकाहरूमा परमेश्वर पिताको अधीनस्थ हुनुहुन्छ।

यसबाहेक, भूमिकाहरूमा भएका यी भिन्नताहरू अस्थायी होइनन्, तर अनन्तसम्म

रहनेछन्; पावलले हामीलाई भन्छन् कि अन्तिम न्याय भएपछि, जब "अन्तिम शत्रु," अर्थात्, मृत्युलाई नाश गरिएपछि र सबै थोकहरू ख्रीष्टको अधीनमा राखिएपछि पनि "... स्वयम् पुत्र उहाँको अधीनमा हुनुहुनेछ, जसले सब थोक उहाँको अधीनतामा राख्नुहुन्छ, ताकि परमेश्वर नै सबै थोकका सर्वेसर्वा होऊन्" (१ कोर १५:२८)।

२. **त्रिएकत्वका व्यक्तिहरू पिता, पुत्र र पवित्र आत्माका रूपमा सदासर्वदा अस्तित्वमा हुनुहुन्थ्यो।** तर सृष्टिसित सम्बद्ध हुँदा त्रिएकत्वका व्यक्तिहरूले किन यी विभिन्न भूमिकाहरू लिनुहुन्छ? के यो सांयोगिक (accidental) थियो वा इच्छाधीन (arbitrary)? के हाम्रो पापहरूका निम्ति मर्नलाई परमेश्वर पुत्रको सट्टामा परमेश्वर पिता आउन सक्नुहुन्थ्यो? हाम्रो पापहरूका निम्ति के पवित्र आत्माले परमेश्वर पितालाई पठाउन सक्नुहुन्थ्यो र त्यसपछि हामीलाई उद्धार दिनलाई परमेश्वर पुत्रलाई पठाउन सक्नुहुन्थ्यो?

अँहँ, यी कुराहरू भएका हुनसक्थे भन्ने दखिँदैन, किनकि आदेश दिने, निर्देशन दिने र पठाउने काम पिताका दर्जाको निम्ति मात्र उपयुक्त छ, जुन पिताको उदाहरण पछ्याएर सबै मानव पितृत्वको ढाँचा बनाइएको छ (एफि ३:१४-१५)। अनि आज्ञापालन गर्ने भूमिका, पिताले पठाउनुभएअनुसार जाने काम र हामीकहाँ परमेश्वरलाई प्रकट गरिदिने काम पुत्रको भूमिकाका निम्ति उपयुक्त छ, जुन पुत्रलाई परमेश्वरको वचन पनि भनिन्छ (तु. यूह १:१-५, १४, १८; १७:४; फिलि २:५-११)। यी भूमिकाहरूलाई उल्टाउन सकिन्नथ्यो किनकि पिता पिता नरहन सक्नुहुन्नथियो अनि पुत्र पुत्र नरहन सक्नुहुन्नथियो। त्यो सम्बन्धको उपमाद्वारा हामी यो निष्कर्ष निकाल्न सक्छौं कि संसारको सृष्टि हुनुभन्दा अघि नै पिता र पुत्रसँग पवित्र आत्माको जुन सम्बन्ध थियो त्यही सम्बन्धअनुरूपको भूमिका पवित्र आत्माको थियो।

दोस्रो, पुत्र संसारमा आउनुभन्दा अघि, अनि संसार नै सृष्टि गरिनुभन्दा पनि अघि सदासर्वदा नै पिता पिता नै रहिआउनुभएको छ, पुत्र पुत्र नै रहिआउनुभएको छ, अनि पवित्र आत्मा पवित्र आत्मा नै रहिआउनुभएको छ। यी सम्बन्धहरू अनन्तकालीन हुन्, समयमा मात्र भएका सम्बन्धहरू होइनन्। हामीले यो निष्कर्ष सर्वप्रथम परमेश्वरको अपरिवर्तनशीलताबाट निकाल्न सक्छौं (हे. अ. ११) – यदि परमेश्वर अहिले पिता, पुत्र र पवित्र आत्माका रूपमा अस्तित्ववान् हुनुहुन्छ भने, उहाँ जहिले पनि पिता, पुत्र र पवित्र आत्माकै रूपमा सदैव अस्तित्ववान् रहनुभएको छ। संसारको सृष्टि गरिनुभन्दा पनि पहिल्यै त्रिएकत्वका सदस्यहरूमाझ भएका सम्बन्धहरूबारे बताउने धर्मशास्त्रका अन्य पदहरूबाट पनि हामी ती सम्बन्धहरू सदासर्वदाका हुन् भन्ने निष्कर्ष निकाल्न सक्छौं। उदाहरणार्थ, संसारको सृष्टिभन्दा पहिले नै परमेश्वरले गर्नुभएको छनोटबारे धर्मशास्त्रले बताउने सिलसिलामा (हे. अ. ३२), यसले भन्दछ कि पिताले हामीलाई "पुत्रमा" छनोट गर्नुभएको हो: "हाम्रा प्रभु येशू ख्रीष्टका परमेश्वर र पिताको प्रशंसा होस् ... उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई "उहाँमा" चुन्नुभयो"

(एफि १:३-४)। चुन्ने प्रारम्भिक कामको श्रेय परमेश्वर पितालाई दिइएको छ, जसले हामी अस्तित्वमा हुनुभन्दा पनि अघि नै हामीलाई ख्रीष्टसँग एकत्वमा रहेका वा "ख्रीष्टमा रहेका" भनी ठान्नुहुन्छ। त्यसरी नै, परमेश्वर पिताबारे भनिन्छ, "जस-जसलाई उहाँले पहिलेबाटै चिन्नुभएको छ, उहाँले तिनीहरूलाई आफ्ना पुत्रको रूप समान बनाउनलाई ... अघिबाटै नियुक्त गर्नुभयो" (रोम ८:२९)। त्रिएकत्वका अन्य दुई सदस्यहरूका निश्चित कार्यभारहरूभन्दा पृथक् "परमेश्वर पिता ... को पूर्वज्ञान"-बारे पनि हामी पढ्दछौं (१ पत्र १:२ NASB; तु. १:२०)।[३२] पिताले "आफ्ना एकमात्र पुत्र दिनुभयो" (यूह ३:१६) अनि "पुत्रलाई संसारमा पठाउनुभयो" (यूह ३:१७) भन्ने तथ्यले पनि यो बुझाउँछ कि ख्रीष्ट संसारमा आउनुभन्दा पहिला नै पिता-पुत्रको सम्बन्ध थियो। पुत्र पिताले उहाँलाई संसारमा पठाउनुभएपछि मात्र पुत्र हुनुभएन। यसको सट्टामा, परमेश्वरको महान् प्रेम यस तथ्यमा प्रदर्शन गरिन्छ कि ती व्यक्तिले, जो सदैव पिता हुनुहुन्थ्यो, ती व्यक्तिलाई दिनुभयो जो सदैव उहाँका एकमात्र पुत्र हुनुहुन्थ्यो – "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो" (यूह ३:१६)। "तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो" (गला ४:४)।

धर्मशास्त्रले सृष्टिको बारेमा बताउँदा, पिताले पुत्रको माध्यमद्वारा सृष्टि गर्नुभएको कुरा बताउँछ, जसले यो सङ्केत गर्छ कि सृष्टिको आरम्भभन्दा अघि त्यो सम्बन्ध थियो (हे. यूह १:३; १ कोर ८:६; हिब १:२; हितो ८:२२-३१ पनि)। तर पितामार्फत पुत्र वा पवित्र आत्मा सृष्टि गरिएको धर्मशास्त्रले कहीँकतै बताउँदैन। यी खण्डहरूले फेरि पनि यो इङ्गित गर्छ कि सृष्टिअघि पिता (प्रवर्त्तकको रूपमा/originator) र पुत्र (सक्रिय कर्ताको रूपमा/active agent)-माझ सम्बन्ध थियो, अनि यस सम्बन्धले त्रिएकत्वका विभिन्न सदस्यहरूलाई उहाँहरूले वास्तवमा निर्वाह गर्नुभएको भूमिकाहरू निर्वाह गर्न उपयुक्त पारिदियो।

त्यसकारण पिता, पुत्र र पवित्र आत्माले विभिन्न कार्यभारहरू पूरा गरेका जुन काम हामी देख्छौं त्यो ती तीन व्यक्तिहरूमाझ अनन्त रहेको, अनि सधैं रहिआएको र सदासर्वदा रहिरहने सम्बन्ध पूरा गर्ने काम मात्र हो। परमेश्वर जहिले पनि तीन भिन्न-भिन्नै व्यक्तिहरू, पिता, पुत्र र पवित्र आत्माको रूपमा अस्तित्वमा रहिआउनुभएको छ। यी भिन्नताहरू परमेश्वर स्वयम्को स्वभावको निम्ति अत्यावश्यक छ। ती भिन्नताहरू यीबाहेक अरू हुन सक्थेनन्।

अन्त्यमा, यो भन्न सकिन्छ कि पिता, पुत्र र पवित्र आत्मामाझ परमेश्वरत्व, गुणहरू वा आधारभूत स्वभावमा कुनै पनि भिन्नता छैन। हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ अनि उहाँहरूमा परमेश्वरका सबै गुणहरू छन्। *त्रिएकत्वका सदस्यहरूबीच जुन भिन्नताहरू छन् ती उहाँहरू एक-अर्कासँग र सृष्टिसित सम्बन्धित*

[३२]कार्यकलापमा त्यस्तो पृथकता सङ्केत गर्नसक्ने अर्को खण्ड यूहन्ना १७:५ हो, जब येशूले पितालाई भन्नुहुन्छ, "संसारको सृष्टि हुनुअघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले आफ्नो उपस्थितिमा मलाई महिमित पार्नुहोस्" (यहू १७:५), उहाँयो इङ्गित गर्नुहुन्छ कि पिताले चाहनुभएको कसैलाई पनि महिमा दिनु पिताको अधिकार हो अनि यो महिमा पिताद्वारा पुत्रलाई दिइएको थियो किनभने पिताले संसारको उत्पत्तिभन्दा अघिदेखि नै पुत्रलाई प्रेम गर्नुहुन्थ्यो।

*हुनुभएको तरिकाहरूमा मात्र* छन्। ती सम्बन्धहरूमा उहाँहरूले हरेक व्यक्तिको निम्ति उपयुक्त भूमिकाहरू निर्वाह गर्नुहुन्छ। त्रिएकत्वबारे यो सत्यतालाई कहिलेकाहीँ यस वाक्यांशमा सारांशित गरिएको छ :

"तत्त्वशास्त्रीय (ontological) समानता तर अर्थनैतिक अधीनस्थता"। यहाँ *तत्त्वशास्त्रीय*को अर्थ "अस्तित्व" हो।[३३] यसलाई अझ सरल प्रकारले यसरी व्यक्त गर्न सकिन्छ, "अस्तित्वमा समान तर भूमिकामा गौण।" त्रिएकत्वको साँचो धर्मसिद्धान्तको निम्ति यस वाक्यांशका दुवै भागहरू आवश्यक छन् – यदि सत्तामूलक समानता छैन भने, त्रिएकत्वका सबै व्यक्तिहरू पूर्ण रूपले परमेश्वर हुनुहुन्न। यदि अर्थनैतिक अधीनस्थता[३४] छैन भने, तीन व्यक्तिहरूले एक-अर्कासित सम्बन्ध राख्ने तरिकामा कुनै अन्तर्निहित भिन्नता हुँदैन, फलस्वरूप पिता, पुत्र र पवित्र आत्माका रूपमा सदासर्वदाको निम्ति अस्तित्ववान् हुनुहुने तीन भिन्न-भिन्नै व्यक्तिहरू हुनै सक्दैनन्। उदाहरणार्थ, यदि पुत्र भूमिकामा पिताभन्दा गौण हुनुहुन्न भने, पिता सदासर्वदाको निम्ति "पिता" र पुत्र सदासर्वदाको निम्ति "पुत्र" हुनुहुन्न। यसको अर्थ त्रिएकत्व सदासर्वदा अस्तित्ववान् हुनुहुन्थेन भन्ने हुँदछ।

यसैकारण, अस्तित्वमा अनन्तकालीन समानता तर भूमिकामा गौणताको धारणा, सर्वप्रथम निसियाको विश्वासका सारमा यसलाई पुष्टि गरिएपछि, त्रिएकत्वसम्बन्धी मण्डलीको धर्मसिद्धान्तका निम्ति अत्यावश्यक रहिआएको छ। निसियाको विश्वासका सारले भन्यो "सबै युगहरूभन्दा पहिला पुत्र पिताद्वारा उत्पन्न हुनुभएको थियो" अनि पवित्र आत्मा पिता र पुत्रबाट उत्पन्न हुनुहुन्छ।" आश्चर्यजनक कुरा यही छ कि हालका इभ्यान्जेलिकल रचनाहरूले त्रिएकत्वका सदस्यहरूबीच भमिकामा अनन्तकालीन गौणतालाई इन्कार गरेका छन्,[३५] तर यो स्पष्टतः त्रिएकत्वसम्बन्धी मण्डलीको धर्मसिद्धान्तको एउटा अङ्ग रहिआएको छ (क्याथलिक,

---

[३३]माथि खण्ड घ. १ हे., जहाँ अर्थनीतिको व्याख्या गर्दा यसले विभिन्न क्रियाकलाप वा भूमिकाहरू सङ्केत गर्छ भनिएको थियो।

[३४]आर्थिक अधीनस्थतालाई होसियारीपूर्वक "गौणतावाद"-को भूलबाट अलग गर्नुपर्दछ, जसले पुत्र वा पवित्र आत्मा अस्तित्वमा पिताभन्दा गौण हुनुहुन्छ भनी विश्वास गर्छ (हे. यस अघिको खण्ड ग.)।

[३५]उदाहरणार्थ, "Subordinationism" *EDT*-मा Richard र Catherine Kroeger-को विचार पढ्नुहोस्। उनीहरू गौणतावादलाई त्यो धर्मसिद्धान्त भन्छन् जसले "त्रिएकत्वभित्र अस्तित्व, स्तर, वा भूमिकामा पुत्र र पवित्र आत्माको दर्जा सानो छ भन्दछ। बहुसंख्यक मण्डली परिषद्हरूद्वारा रद्द गरिएको यो धर्मसिद्धान्त, मण्डलीको इतिहासभरि नै एउटा वा अर्को रूपमा रहेकै छ। (अ. ५३ मा यस कुरामाथि मैले नै जोड़ दिएको छु)। Kroeger द्वयले "भूमिकाको … निम्नता"-बारे लेख्दा तिनीहरू स्पष्टतः यो भन्न चाहन्छन् कि भूमिकामा अनन्तकालीन अधीनताको कुनै पनि पुष्टीकरण गौणतावादको अपधर्ममा पर्दछ। यदि तिनीहरूले यसै भनिरहेका छन् भने, तिनीहरूले निसियाको विश्वासको सारदेखि यताका सबै कट्टरवादी ख्रीष्टशास्त्र (*Christology*)-लाई रद्द गरिरहेका छन् र त्यसद्वारा त्यस शिक्षालाई रद्द गरि रहेका हुन्छन् जसले "विश्वव्यापी मण्डली"-बारे शिक्षा दिँदैआइरहेको छ भनी Charles Hodge भन्छन्।

त्यसरी नै, Millard Erickson-ले आफ्नो पुस्तक *Christian Theology* (ग्र्यान्ड र्‍यापिड्स, १९८३-८५) पृह. ३३८ र ६९८-मा यति मात्र पुष्टि गर्न मान्छन् कि पृथ्वीमा सेवाकार्यको अवधिभरि मात्र ख्रीष्टको कार्यभारमा अस्थायी गौणता थियो, तर कहींकतै पनि यो पुष्टि गर्दैनन् कि भूमिकामा पिताप्रति पुत्रको वा पवित्र आत्माको पिता र पुत्रप्रति अनन्त गौणता थियो। (त्यसरी नै, हे. तिनको *Concise Dictionary of Christian Theology* पृ.१६१ पनि)।

Robert Letham, "The Man-Woman Debate: Theological Comment, *WTJ* 54:1 (Spring 1990) पृह. ६५-७८-मा हालैका इभ्यान्जेलिकल् रचनाहरूमा आएको यस प्रवृत्तिलाई गौण भूमिकाले अपरिहार्यतः थोरै महत्त्व वा निम्नतरको व्यक्तिता बुझाउँछ भन्ने इभ्यान्जेलिकल नारीवादी (feminist) दाबीको परिणाम हो भनी हेर्दछन्। निश्चय नै, यदि त्रिएकत्वका सदस्यहरूमाझ यो साँचो होइन भने, पति र

प्रोटेस्टेन्ट र अर्थडक्स अभिव्यक्तिहरूमा), कसेकम निसिया (ख्री. ३२५)-देखियता। यसर्थ, Charles Hodges भन्छन्,

> निसियाको धर्मसिद्धान्तले यो समाविष्ट गर्छ, (१) पिताप्रति पुत्रको र पिता र पुत्रप्रतिको पवित्र आत्माको गौणता। तर यो गौणताले हीनता बुझाउँदैन ...। यो अभिप्रेत गौणता सत्ता (subsistence) र कार्यको विधिसित मात्र सम्बन्धित हुन्छ। ...
> विश्वासका सारहरू त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्तसित सम्बन्धित धर्मशास्त्रका तथ्यहरूलाई सुक्रममा व्यवस्थित गरिने कार्य मात्र हुन्। ती विश्वासका सारहरूले पिता, पुत्र र पवित्र आत्माको विशिष्ट व्यक्तित्व ... र उहाँहरूका सिद्ध समानतालाई र अस्तित्व र कार्य विधिको प्रसङ्गमा पिताप्रति पुत्रको अनि पिता र पुत्रप्रति पवित्र आत्माको गौणता पुष्टि गर्छन्। यी ती धर्मशास्त्रीय तथ्यहरू हुन् जसमा सम्बन्धित विश्वासका सारहरूले केही थप्दैनन्; *अनि यही अर्थमा तिनलाई विश्वव्यापी मण्डलीले स्वीकार गरेको* छ।[३६]

यसरी नै, A.H. Strong भन्छन्,

> सत्त्व (essence) र प्रतिष्ठामा पिता, पुत्र र पवित्र आत्मा समान भए तापनि, व्यक्तित्व, पदभार र काम विषय लिएर उहाँहरू आपस्तमा क्रमबद्ध हुनुहुन्छ। ...
> पिताभन्दा पुत्रको गौणता, वा अर्थात्, व्यक्तित्व, पदभार र कामको क्रम जसले पितालाई औपचारिक रूपमा पहिलो, पुत्रलाई दोस्रो र पवित्र आत्मालाई तेस्रो बन्नुहुने अनुमति दिन्छ; यो क्रमव्यवस्था समानताको पूर्णतः अनुकूल छ। प्राथमिकता अनिवार्यतः श्रेष्ठता हुँदैन। ... पिताभन्दा ख्रीष्टको अनन्त गौणतालाई हामी निस्सङ्कोच मान्यता दिँदछौं, तर हामी यो पनि दृष्टिकोण लिन्छौं कि यो अधीनस्थता अनुक्रम, पदभार र कामसम्बन्धित अधीनस्थता हो, सत्त्वको अधीनस्थता होइन।[३७]

**३. तीन व्यक्ति र परमेश्वरको अस्तित्वमा के सम्बन्ध छ ?** यस अघिको विवेचनपछि समाधान नपाइएको प्रश्न यो हो – यस छलफलमा "व्यक्ति" र "अस्तित्व"-को भिन्नता के छ? परमेश्वर एक अविभाजित अस्तित्व हुनुहुन्छ, तथापि यी एउटै व्यक्तिमा तीन व्यक्तिहरू हुनुहुन्छ हामी कसरी भन्न सक्छौं?

सर्वप्रथम, हरेक व्यक्ति पूर्णतया र सम्पूर्ण रूपले परमेश्वर हुनुहुन्छ, अर्थात् हरेक व्यक्ति स्वयम्मा परमेश्वरको अस्तित्वको भरिपूर्णता छ। पुत्र केही भागमा मात्र परमेश्वर हुनुहुन्न वा एकतिहाइ मात्र परमेश्वर हुनुहुन्न, तर पूर्णतया र सम्पूर्णतामा परमेश्वर हुनुहुन्छ अनि पिता र पवित्र आत्मा पनि त्यस्तै हुनुहुन्छ। तसर्थ, त्रिएकत्वबारे चित्र १४:१ को जस्तै गरी सोच्नु सही हुँदैन, कारण त्यस चित्रमा हरेक


पत्नीमाझ पनि यो अनिवार्यतः साँचो हुँदैन।

[३६] *Systematic Theology* (तीन भाग; ग्र्यान्ड र्‍यापिड्स: ईर्डम्यान्स्, १९७० [पुनर्मुद्रण; प्रथम प्रकाशन १८७१-७३], १:४६०-६२ (छड्के अक्षर मेरा)।

[३७] *Systematic Theology* (भ्याली फोर्ज, पेन्सिलभेनिया, जडसन, १९७०), पृ. ३४२।

व्यक्तिले परमेश्वरको अस्तित्वको एकतिहाइ भागको मात्र प्रतिनिधित्व गरिरहेको छ।

यसको सट्टामा, हामीले यो भन्नुपर्दछ कि पिता परमेश्वर स्वयम्‌को सम्पूर्ण अस्तित्वका स्वामी हुनुहुन्छ। यस्तै प्रकारले पुत्र परमेश्वर स्वयम्‌को *सम्पूर्ण अस्तित्व*का स्वामी हुनुहुन्छ अनि पवित्र आत्मा परमेश्वर स्वयम्‌को *सम्पूर्ण अस्तित्व*का स्वामी हुनुहुन्छ। हामीले पिता, पुत्र र पवित्र आत्माबारे एकैसाथ कुरा गर्दा, हामीले पिता, पुत्र वा पवित्र आत्माभन्दा ठूला व्यक्तिबारे कुरा गरिरहेका हुन्नौं। पिता परमेश्वरको *सम्पूर्ण* अस्तित्व हुनुहुन्छ। पुत्र पनि परमेश्वरको *सम्पूर्ण* अस्तित्व हुनुहुन्छ अनि पवित्र आत्मा परमेश्वरको *सम्पूर्ण* अस्तित्व हुनुहुन्छ।




परमेश्वरको अस्तित्व त्रिएकत्वका तीन बराबर भागहरूमा विभाजित छैन
*रेखाचित्र १४.१*


निम्नलिखित वाक्यहरूमा एथनेसियस विश्वासको सारले पुष्टि गरेको कुरा यही हो :

> अनि क्याथलिक विश्वास यो हो – हामी त्रिएकत्वमा हुनुहुने एउटै परमेश्वर र एकत्वमा हुनुहुने त्रिएकत्वलाई उपासना गर्दछौं; व्यक्तिहरूलाई ध्वस्त पारेर होइन, नता तत्त्व [सत्त्व]-लाई विभाजन गरेर। किनभने पितामा व्यक्ति एउटा हुनुहुन्छ; पुत्रमा अर्को व्यक्ति, अनि पवित्रआत्मामा अर्को व्यक्ति हुनुहुन्छ। तर पिताको, पुत्रको र पवित्र आत्माको परमेश्वरत्व एउटै हो; महिमा समान हो र प्रताप सह-अनन्तकालीन। पिता यस्ता हुनुहुन्छ, पुत्र त्यस्ता हुनुहुन्छ, अनि पवित्र आत्मा त्यस्ता हुनुहुन्छ। ... किनकि जसरी हामी ख्रीष्टियान सत्यताद्वारा हरेक व्यक्ति स्वयम् परमेश्वर र प्रभु हुनुहुन्छ भनी स्वीकार गर्नलाई बाध्य बनाइएका छौं, त्यसरी नै हामीलाई क्याथलिक धर्मद्वारा तीन जना परमेश्वर वा तीन जना प्रभुहरू हुनुहुन्छ भन्नु निषेध गरिएको छ।

तर यदि हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ र उहाँमा परमेश्वरको पूर्ण अस्तित्व छ भने, हामीले पनि यो सोच्नु हुँदैन कि ती व्यक्तिगत भिन्नताहरू परमेश्वरको अस्तित्वमा थपिएका अतिरिक्त गुणहरू हुन्, जस्तो कि चित्र १४:२ को ढाँचाले देखाउँछ (हे. पृ. ३३६)

बरु, त्रिएकत्वका प्रत्येक व्यक्तिमा परमेश्वरका सबै गुणहरू हुन्छन्, अनि कुनै एक व्यक्तिमा यस्ता कुनै गुणहरू हुँदैनन् जो अरू व्यक्तिहरूमा नरहेका हुन्।


यसको विपरीत, हामीले यो भन्नैपर्दछ कि व्यक्तिहरू वास्तविक हुनुहुन्छ र उहाँहरू परमेश्वरको एउटा सत्त्वलाई हेर्ने भिन्नै तरिकाहरू मात्र हुनुहुन्न (यसो हुनुचाहिँ माथि विवेचित प्रकारविषयकवाद [modalism] वा सेबिलियसवाद




त्रिएकत्वमा भएका व्यक्तिगत भिन्नताहरू परमेश्वरको वास्तविक अस्तित्वमा
थपिएको कुनै थोक होइन
*रेखाचित्र १४.२*

[Sabellianism] हुनेछ)। यसकारण चित्र १४:३ उपयुक्त हुनेछैन।

बरु, हामीले त्रिएकत्वबारे यस तरिकाले सोच्नुपर्दछ, कि तीन व्यक्तिहरूको वास्तविकता कायम रहोस् र हरेक व्यक्ति अन्य व्यक्तिहरूसँग "म" (प्रथम पुरुष), "तिमी वा तपाईं" (दोस्रो पुरुष) र "ऊ वा उनी" (तेस्रो पुरुष)-को सम्बन्धमा रहनुभएको देखिऊन्।




त्रिएकत्वका व्यक्तिहरू परमेश्वरको एउटा सत्त्वलाई हेर्ने
भिन्नै तरिकाहरू मात्र हुनुहुन्न
*रेखाचित्र १४:३*

यसो गर्ने एउटै सम्भाव्य उपाय यसो भन्नु हुन्छ भन्ने देखिन्छ – तीन व्यक्तिहरूमाझ भएको भिन्नता "अस्तित्व"-मा भएको भिन्नता होइन तर "सम्बन्ध"-मा भएको भिन्नता हो। यो हाम्रो मानव अनुभवभन्दा धेरै टाढ़ाको विषय हो, जहाँ हरेक भिन्नै मानव "व्यक्ति" भिन्नै अस्तित्व पनि हुन्छ। कुनै रीतिले परमेश्वरको अस्तित्व हाम्रो अस्तित्वभन्दा यति महान् छ कि उहाँको एउटा अविभाजित अस्तित्वभित्र अन्तर्वैयक्तिक सम्बन्धहरू खोलिन सक्छन्, त्यस प्रकारले त्यहाँ तीन विशिष्ट व्यक्तिहरू हुन सक्छन्।


त्यसो हो भने, पिता, पुत्र र पवित्र आत्मामाझ के भिन्नता छ? गुणहरूमा कुनै भिन्नता पटक्कै छैन। उहाँहरू बीचको एउटै भिन्नता उहाँहरूले आपस्तसित र सृष्टिसित सम्बन्धित हुनुहुने तरिकामा छ। *पिताका रूपमा* पुत्र र पवित्र आत्मासँग उहाँले र ाख्नुहुने सम्बन्धमा नै पिताको अद्वितीय गुण निहित छ। *पुत्रको रूपमा* पुत्रले जसरी सम्बन्ध राख्नुहुन्छ, त्यसैमा उहाँको अद्वितीय गुण निहित छ। पवित्र आत्माको रूपमा पवित्र आत्माले जसरी सम्बन्ध राख्नुहुन्छ, त्यसैमा उहाँको अद्वितीय गुण निहित छ।[३८]

माथि दिइएका तीन रेखाचित्रहरूले जोगिनुपर्ने त्रुटिमय विचारको प्रतिनिधित्व

[३८] केही सुव्यवस्थित ईश्वरशास्त्रहरूले यी विभिन्न सम्बन्धहरूलाई नाउँहरू दिन्छन् – पिताको नाउँ "पितृत्व" (वा "पुस्ता"), पुत्रको नाउँ "प्रजनित" (वा "पुत्रत्व"), र पवित्र आत्माको नाउँ "प्रसरण" (वा spiration तर ती नाउँहरूले "पिताको रूपमा सम्बन्ध राख्ने काम" अनि "पुत्रको रूपमा

गर्छन् भने, तल दिइएको रेखाचित्र एउटै अविभाजित परमेश्वरमा तीन व्यक्तिहरूका अस्तित्वबारे विचार गर्नका लागि उपयोगी हुन सक्ला।

यस रेखाचित्रमा "पि"-को वृत्तले र "पि"-देखि दाहिनेतर्फ जाने सम्पूर्ण वृत्तले पनि पिताको प्रतिनिधित्व गरेको छ। "पु"-को वृत्त र "पु"-देखि दाहिनेतर्फ जाने सम्पूर्ण वृत्तले पनि पुत्रको प्रतिनिधित्व गरेको छ। "पआ"-को वृत्त र "पआ"-देखि दाहिनेतर्फ जाने सम्पूर्ण वृत्तले पनि पवित्र आत्माको प्रतिनिधित्व गरेको छ। यसरी, तीन भिन्न-भिन्नै व्यक्तिहरू हुनुहुन्छ, तर हरेक व्यक्ति पूर्ण र सम्पूर्ण रूपले परमेश्वर हुनुहुन्छ। यी चित्रणहरू निश्चय नै सिद्ध छैनन्, किनकि यिनले परमेश्वरका असीमता, वा व्यक्तित्व, वा उहाँका गुणहरूमध्ये कुनै पनि प्रतिनिधित्व गर्न सक्दैनन्। वृत्तलाई बुझ्नका लागि यसलाई भिन्न-भिन्नै तरिकामा हेर्नुपर्छ। वृत्तभित्र थोप्लाले कोरिएका रेखाहरूले व्यक्तिगत सम्बन्धतिर इङ्गित गरेका बुझ्नुपर्छ, परमेश्वरको एउटै अस्तित्वमा कुनै विभाजनतिर होइन। यसरी, वृत्त स्वयम्ले परमेश्वरको अस्तित्व प्रतिनिधित्व गर्छ, जबकि वृत्तभित्र थोप्लाले कोरिएका रेखाहरूले अस्तित्वमा भिन्नता बेग्लो एक रूपको व्यक्तिगत अस्तित्वको प्रतिनिधित्व गर्छन्। तथापि यो रेखाचित्रले केही भुल बुझाइको विरुद्धमा सचेत रहन सहायता गर्नसक्छ।




व्यक्तिहरू तीन भिन्न-भिन्नैहुनुहुन्छ, अनि हरेक व्यक्तिको अस्तित्व
परमेश्वरको समग्र अस्तित्वको बराबर हुन्छ
*रेखाचित्र १४.४*

हाम्रो आफ्नै मानव व्यक्तित्वहरूले अर्को झिनो उपमा उपलब्ध गराउँछन् जसले त्रिएकत्वबारे विचार गर्नमा हामीलाई केही सहायता दिन सक्छ। एउटा मानिसले ऊबाहिर भएका विभिन्न थोकहरूबारे सोच्न सक्छ, र उसले यसो गर्दा विचार गर्ने व्यक्ति (कर्ता) ऊ नै हो। उसले आफ्नैबारे पनि सोच्न सक्छ। यसो गर्दा जसको बारेमा विचार गरिँदैछ त्यो ऊ नै हुन्छ। यसो हुँदा, ऊ कर्ता र कर्म दुवै हो। यसबाहेक, उसले आफैबारे आफ्ना विचारहरूलाई तेस्रो थोक मान्दै तीमाथि मनन गर्न सक्छ, न कर्ता नता कर्म बनेर, तर ती *विचारहरू*माथि जो उसले एक कर्ताको रूपमा आफू स्वयम्लाई कर्म मानेर राख्छ। यस्तो हुँदा, कर्ता, कर्म, र विचारहरू तीन भिन्न-भिन्नै कुराहरू हुन्छन्। तथापि प्रत्येक थोकमा उसको सम्पूर्ण अस्तित्व रहेको हुन्छ। यो सम्पूर्ण मानिस कर्ता, सम्पूर्ण मानिस कर्म पनि हो अनि ती विचारहरू (यद्यपि एक दुर्बल अर्थमा) एउटा व्यक्तिको रूपमा ऊ समग्र मानिसबारे

सम्बन्ध राख्ने काम" र "पवित्र आत्माको रूपमा सम्बन्ध राख्ने काम"-भन्दा अरू केही बुझाउँदैन।

हुन्।[३९]

तर यदि मानव व्यक्तित्व खुलस्त हुँदैजाँदा यसले यस्तो जटिलता उत्पन्न हुनदिन्छ भने, परमेश्वरको व्यक्तित्व खुलस्त हुँदैजाँदा योभन्दा पनि अझ ठूलो जटिलता उत्पन्न हुने स्वीकार गरिनैपर्दछ। परमेश्वरको एउटै सत्त्वभित्र उहाँको व्यक्तित्व खुलस्त हुँदा तीन व्यक्तिहरूको विशिष्ट अस्तित्व हुन्छ भन्ने कुरा मान्नैपर्दछ; तर पनि हरेक व्यक्तिमा अझै पनि परमेश्वर स्वयम्‌मा भएको सम्पूर्ण अस्तित्व हुन्छ। व्यक्ति-व्यक्ति माझको भिन्नता सम्बन्ध-विषयक हुनुपर्दछ, अस्तित्व-विषयक होइन, तथापि हरेक व्यक्ति वास्तवमै अस्तित्ववान् हुनैपर्दछ। अस्तित्वको यो त्रिवैयक्तिक रूप हामीले बुझ्न सक्नेभन्दा माथिको कुरा हो। यो यस्तो अस्तित्व हो जो हामीले अनुभव गरेका कुनै पनि थोकभन्दा अति नै भिन्नै छ, र विश्वमा भएको अन्य कुनै पनि थोकभन्दा पनि अति नै भिन्नै किसिमको छ।

एउटै परमेश्वरमा तीन व्यक्तिहरूको अस्तित्व रहेको तथ्य हाम्रो समझ बाहिरको कुरा हो, यसैकारण यी भिन्नताहरूबारे बताउनलाई ख्रीष्टियान ईश्वरशास्त्रले *व्यक्ति* शब्द प्रयोग गर्न थालेको छ, त्रिएकत्वलाई इङ्गित गर्दा व्यक्ति शब्दले के बुझाउँछ सो हामी पूर्ण रूपले बुझ्दछौं भनेर होइन, तर केही भन्दै नभन्नुभन्दा हामी बरु केही भनौं भनेर।

**४. के हामीले त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त बुझ्न सक्छौं?** विगतमा गरिएका त्रुटिहरूद्वारा हामी चेतिएका हुनुपर्दछ। ती सबै त्रुटिहरू त्रिएकत्वसम्बन्धी सिद्धान्तलाई सरल बनाउने र यसबाट सबै रहस्य हटाउँदै यसलाई अझ पूर्ण रूपले बुझ्न सक्ने बनाउने प्रयत्नहरूबाट उत्पन्न भए। हामी कहिल्यै यसो गर्न सक्दैनौं। तथापि, यो भन्नु सही होइन कि हामी त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्त बुझ्नै सक्दैनौं। परमेश्वर तीन व्यक्ति हुनुहुन्छ, हरेक व्यक्ति पूर्ण रूपले परमेश्वर हुनुहुन्छ अनि एउटै परमेश्वर हुनुहुन्छ भनी हामी निश्चय नै बुझ्न सक्छौं। बाइबलले यी कुराहरू सिकाएको हुनाले यी सत्य हुन् भनी हामी जान्न सक्दछौं। यसबाहेक, त्रिएकत्वका व्यक्तिहरूले एक-आपसमा कुन तरिकामा सम्बन्ध राख्नुहुन्छ भन्ने प्रश्नबारे हामी केही कुरा जान्न सक्छौं (माथिको खण्ड हे.)। तर बाइबलका ती पृथक् शिक्षाहरूबीच कसरी तालमेल ल्याउनुपर्ने हो सो हामी पूर्ण रूपले बुझ्दैनौं। कसरी तीन भिन्न-भिन्नै व्यक्तिहरू हुन सक्नुहुन्छ, अनि हरेक व्यक्ति स्वयम्‌मा परमेश्वरकै सम्पूर्ण अस्तित्व कसरी हुन सक्नुहुन्छ, र पनि परमेश्वर एउटै अविभाजित अस्तित्व कसरी हुन सक्नुहुन्छ भनी हामी विस्मित् बन्दछौं। यो बुझ्न हामी सक्षम छैनौं। वास्तवमा, परमेश्वरको अस्तित्व हामीले कहिल्यै बुझ्न सक्नेभन्दा कता हो कता महान् छ भनी खुलस्त रूपमा स्वीकार गर्नु हाम्रो निम्ति आत्मिक रूपले स्वाथ्यकर हुन्छ। यसले

[३९] हामीले माथि भन्यौं कि कुनै पनि उपमाले सिद्ध ढङ्गले त्रिएकत्वबारे शिक्षा दिँदैन, र यही शिक्षामा पनि अनेकौं कमीहरू छन् – यो मानिस एउटै व्यक्तिको रूपमा रहन्छ; ऊ तीन व्यक्तिहरू होइन। अनि उसका "विचारहरू" एक व्यक्तिको रूपमा उसको सम्पूर्ण अस्तित्वबराबर हुँदैन। तर यो उपमा मानव व्यक्तित्वकै जटिलताका केही अंशतिर सङ्केत गर्न, अनि परमेश्वरीय व्यक्तित्वको जटिलता योभन्दा कता हो कता विशाल छ भन्ने तथ्यतिर सङ्केत गर्न उपयोगी छ।

हामीलाई परमेश्वरसामु विनम्र तुल्याउँछ अनि कुनै द्विविधाविना उहाँको उपासना गर्नतिर आकर्षित गर्दछ।

तर यो पनि भनिनुपर्दछ कि धर्मशास्त्रले हामीलाई विरोधाभासहरूमा विश्वास गर्न लगाउँदैन। विरोधाभास यस्तो हुन सक्छ – "परमेश्वर एउटा हुनुहुन्छ अनि परमेश्वरएउटा हुनुहुन्न" वा "परमेश्वर तीन व्यक्ति हुनुहुन्छ अनि परमेश्वर तीन व्यक्ति हुनुहुन्न"; वा यो पनि हुन सक्छ (जो यसअघिको वक्तव्यजस्तै छ) – "परमेश्वर तीन व्यक्ति हुनुहुन्छ अनि परमेश्वर एक व्यक्ति हुनुहुन्छ"। तर "परमेश्वर तीन व्यक्ति हुनुहुन्छ अनि परमेश्वर एउटै हुनुहुन्छ" भन्नु विरोधाभास होइन। यो यस्तो तथ्य हो जो हामी बुझ्दैनौं र त्यसकारण यो एउटा रहस्य वा विरोधोक्ति हो तर धर्मशास्त्रले हामीलाई स्पष्ट रूपले यस रहस्यका विभिन्न पक्षहरू नसिकाएसम्म यसले हामीलाई विचलित बनाउनु हुँदैन। किनकि जबसम्म हामी सर्वशक्तिमान् परमेश्वरत्व नभएर ससीम प्राणीहरू रहन्छौं तबसम्म सदैव (अनन्तकालको निम्ति) यस्ता कुराहरू हुनेछन् जसलाई हामी पूर्ण रूपले बुझ्नेछैनौं। Berkhof बुद्धिमानी ढङ्गले भन्छन् –

> त्रिएकत्व एउटा रहस्य हो ... मानिसले यसलाई बुझ्न सक्दैन र यसलाई बोधगम्य बनाउन सक्दैन। यसका केही सम्बन्धहरू र प्रकटीकरणका तरिकाहरूमा यो बोधगम्य हुन्छ, तर यसको आधारभूत स्वभावमा यो अबोधगम्य छ। ... वास्तविक कठिनाइ परमेश्वरका व्यक्तिहरूको परमेश्वरीय सत्त्वसँग र एक-अर्कासँग हुने सम्बन्धमा रहेको छ; यो यस्तो कठिनाइ हो जसलाई मण्डलीले हटाउन सक्दैन, तर शब्दावलीको समुचित परिभाषाद्वारा यसको समुचित अनुपातसम्म घटाउने प्रयास मात्र गर्न सक्छ। मण्डलीले त्रिएकत्वको रहस्यलाई कहिल्यै पनि व्याख्या गर्ने प्रयास गरेको छैन तर त्रिएकत्वसम्बन्धी धर्मसिद्धान्तलाई यसरी सूत्रबद्ध गर्ने प्रयास गऱ्यो कि यसलाई जोखिममा पार्ने भुलहरूदेखि यसलाई बचायो।[४०]

उनी यो पनि भन्छन्, "विशेष गरी परमेश्वरीय सत्त्वसँग तीन व्यक्तिहरूको सम्बन्धबारे हामीले मनन गर्दा मात्र सबै उपमाहरू असफल बन्छन् र हामी यो तथ्यबारे गहन प्रकारले सचेत बन्दछौं कि त्रिएकत्व हाम्रो समझ बाहिरको रहस्य हो। यो परमेश्वरको अबोधगम्य महिमा हो।"[४१]

## ङ. प्रयोग

परमेश्वर स्वयम्मा नै एकत्व र विविधता दुवै हुनुभएको हुनाले मानिस स्वयम्ले पनि स्थापना गरेका सम्बन्धहरूमा एकत्व र विविधता प्रतिविम्बित हुनु कुनै आश्चर्यको कुरो होइन। यसलाई हामी सर्वप्रथम विवाहमा देख्छौं। परमेश्वरले मानिसलाई उहाँको आफ्नै स्वरूपमा सृष्टि गर्नुहुँदा उहाँले एकला व्यक्तिहरू मात्र सृष्टि गर्नुभएन।

[४०]Berkhof, *Systematic Theology*, पृ. ८९।
[४१]Ibid., पृ. ८८।

तर हामीलाई धर्मशास्त्रले भन्छ, “नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो” (उत १:२७)। विवाहको मिलनमा हामी परमेश्वरको जस्तै त्रिएकको एकत्व होइन तर कमसेकम दुई जना व्यक्तिहरूको अपूर्व एकत्व, जुन व्यक्तिहरू भिन्न-भिन्नै व्यक्तिहरू रहे तापनि शरीर, मन र आत्मामा एउटै बन्दछन् (तु. १ कोर ६:१६-२०; एफि ५:३१)। वास्तवमा, विवाहमा नर र नारीको सम्बन्धमा हामी त्रिएकत्वका पिता र पुत्रको सम्बन्धको चित्र पनि देख्छौं। पावल भन्छन्, “तर तिमीहरूले यो बुझ भन्ने म चाहन्छु, कि हरेक मानिसको शिर ख्रीष्ट हुनुहुन्छ, स्त्रीको शिर तिनको पति हो, अनि ख्रीष्टको शिर परमेश्वर हुनुहुन्छ” (१ कोर ११:३)। जसरी त्रिएकत्वमा पुत्रमाथि पिताको अख्तियार हुन्छ त्यसरी नै विवाहित जीवनमा पत्नीमाथि पतिको अख्तियार हुन्छ। पतिको भूमिका त्रिएकत्वमा हुनुहुने परमेश्वर पिताको समान्तर छ अनि पत्नीको भूमिका परमेश्वर पुत्रको समान्तर छ। यसबाहेक, जसरी पिता र पुत्र परमेश्वरत्व, महत्त्व र व्यक्तितामा समान हुनुहुन्छ त्यसरी नै पति र पत्नी मानवता, महत्त्व र व्यक्तितामा समान हुन्छन्। धर्मशास्त्रमा यो कुरा प्रस्टै उल्लेख नगरिएको भए तापनि विवाहको बन्धनबाट बाबु र आमाबाट आउने छोराछोरीहरूको वरदान, जुन बाबु र आमाको अधीनमा हुन्छ, त्रिएकत्वमा भएका पिता र पुत्रसँग पवित्र आत्माको सम्बन्धजस्तै छ।

तर मानव परिवार मात्र त्यो तरिका होइन जसअनुसार परमेश्वरले यो तोकिदिनुभएको छ कि उहाँको श्रेष्ठताबाट केही प्रतिविम्बित गर्न संसारमा विविधता र एकत्व हुनेछ। मण्डलीमा “धेरै अङ्गहरू” हुन्छन्, तर “शरीरचाहिँ एउटै हुन्छ” (१ कोर १२:१२)। मानव शरीरका अङ्गहरूमाझ भएको ठूलो विविधताबारे पावलले मनन गर्छन् (१ कोर १२:१४-२६) र मण्डली त्यस्तै छ भन्छन् – हाम्रो मण्डलीमा विभिन्न वरदानहरू र हितहरू भएका विभिन्न सदस्यहरू छन् र हामी एक-अर्कामाथि निर्भर गर्छौं, एक-अर्कालाई सहायता गर्छौं, र त्यसरी ठूलो विविधतासाथै एकता पनि देखाउँछौं। जब हामी मण्डलीको जीवनमा विभिन्न मानिसहरूले धेरैवटा विभिन्न कामहरू गरिरहेका देख्छौं, हामीले परमेश्वरलाई धन्यवाद दिनैपर्दछ कि यसले हामीलाई त्रिएकत्वको एकत्व र विविधताको केही अंश प्रतिविम्बित गर्दै उहाँको महिमा गर्न दिन्छ।

हामीले यसमा पनि ध्यान दिनुपर्छ कि विश्वको इतिहासमा परमेश्वरको उद्देश्य प्रायः नै अनेकतामा एकता प्रदर्शन गर्ने र त्यसरी उहाँको महिमा प्रदर्शन गर्ने रहिआएको छ। हामी यो कुरा मण्डलीमा भएका वरदानहरूका विभिन्नतामा मात्र होइन (१ कोर १२:१२-२६), तर यहूदी र गैरयहूदीहरूमाझको एकत्वमा पनि देख्छौं जसो हुँदा सबै जातिहरू, ती जतिकै विभिन्न भए तापनि, ख्रीष्टमा एक बनेका छन् (एफि २:१६; ३:८-१०; प्रका ७:९ पनि हे.)। पावल चकित यसकारण छन् कि उद्धारको इतिहासको निम्ति परमेश्वरको योजना एउटा महान् सिम्फनी (symphony)-जस्तै छ, यसकारण उहाँको बुद्धि हामी भेट्टाउन सक्दैनौं (रोम ११:३३-३६)। ख्रीष्ट र मण्डलीमाझको रहस्यमय सम्बन्धमा, जसमा हामीलाई ख्रीष्टकी दुलही भनिएको छ (एफि ५:३१-३२), हामी यस्तो एकत्व देख्छौं जसलाई हामी कहिल्यै पनि कल्पना गर्न

पनि सक्नेथिएनौं, अर्थात् परमेश्‍वरका पुत्रसँगकै एकत्व। तर यी सबै हुँदाहुँदै पनि हामीले हाम्रो निजी चिन्हारी कहिल्यै पनि गुमाउँदैनौं, हामी अलग्गै व्यक्तिहरू नै रहन्छौं र अद्वितीय व्यक्तिहरूका रूपमा सधैं उहाँको उपासना र सेवा गर्न सक्षम बन्छौं।

कालान्तरमा समग्र विश्‍वले प्रत्येक विविध भागहरूसित परमेश्‍वर पिता, परमेश्‍वर पुत्र र परमेश्‍वर पवित्र आत्माको उपासनामा देन दिँदै, उद्देश्यको एकत्वमा भाग लिनेछ किनकि एक दिन "स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्‍वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ" (फिलि २:१०-११)।

मानवको रूपमा हामी सामान्य दिनचर्याको स्तरमा यस्ता धेरै कार्यकलाप पूरा गर्छौं (उदाहरणार्थ, श्रमिक बलमा, सामाजिक सङ्गठनहरूमा, साङ्गीतिक कार्यक्रम-हरूमा, खेलकुदका दलहरूमा), जुन कार्यकलापमा धेरै विभिन्न व्यक्तिहरूले एउटै उद्देश्य वा क्रियाका लागि देन दिन्छन्। यी कार्यकलापमा हामीलाई एकत्व र विविधता दुवै दिनुहुने परमेश्‍वरको बुद्धिको प्रतिविम्ब देख्दा, उहाँको त्रिएकत्वीय अस्तित्वमा हामी परमेश्‍वरको महिमाको झिनो प्रतिविम्ब देख्न सक्छौं। हामीले त्रिएकत्वको रहस्य कहिल्यै पनि पूरा बुझ्न सक्नेछैनौं, तापनि उहाँ जे हुनुहुन्छ, त्यसैका लागि हामी उहाँलाई हाम्रो प्रशंसाका गीतहरूमा, वचनहरूमा र गतिविधि-हरूमा उपासना गर्न सक्छौं कारण तिनले उहाँको श्रेष्ठ स्वभावको केही भाग प्रतिविम्बित गर्दछन्।

### व्यक्तिगत प्रयोगका लागि प्रश्‍नहरू

१. एउटा परिवारभित्र मानिसहरूले विश्‍वसनीयता, प्रेम र सामञ्जस्य देखाउँदा परमेश्‍वर किन प्रसन्न बन्नुहुन्छ? ती कुन तरिकाहरू हुन् जसद्वारा तपाईंको परिवारका सदस्यहरूले त्रिएकत्वका सदस्यहरूमा पाइने विविधता प्रतिविम्बित गर्छन्? तपाईंको परिवारले त्रिएकत्वबीच पाइने एकता कसरी प्रतिविम्बित गर्छ? तपाईंको पारिवारिक सम्बन्धहरूले त्रिएकत्वको एकता अझ पूर्ण रूपले प्रतिविम्बित गर्न सक्ने केही तरिकाहरू के-के हुन्? त्रिएकत्वका व्यक्तिहरूमा भएका विविधताले बाबुआमालाई आफ्ना छोराछोरीहरूलाई एक-अर्काभन्दा अनि तिनीहरूका बाबुआमाभन्दा बेग्लै अभिरुचिहरू विकसित गर्ने अनुमति दिन र यो कामले परिवारको एकतालाई हानि पुऱ्याउनेछ भन्ने नसोची कसरी उत्साहित गर्ला?

२. के तपाईंले यो कहिल्यै सोच्नुभएको छ कि यदि तपाईंको मण्डलीले नयाँ वा विभिन्न किसिमका सेवाकार्यहरू विकास गर्न दिइयो भने, के यसले मण्डलीको एकतामा बाधा पुऱ्याउनेछ? वा के तपाईंले यो सोच्नुभएको छ कि मानिसहरूलाई सेवाकार्यका लागि पहिल्यै प्रयोग गरिएका वरदानहरूको सट्टामा अरू वरदानहरू प्रयोग गर्ने प्रोत्साहन दिने कार्य मण्डलीमा विभाजक बन्नेछ? ती प्रश्‍नहरूका उत्तर दिनलाई त्रिएकत्वमा भएका एकता र विविधताको तथ्यले तपाईंलाई कसरी सहायता गर्न सक्ला?

३. तपाईंको विचारमा परमेश्वरको त्रिएकत्वीय स्वभाव एउटै जातीय पृष्ठभूमिका सदस्यहरू हुने मण्डलीमा पूर्ण रूपले प्रतिनिधित्व गरिएको हुन्छ, वा धेरैवटा विभिन्न जातीय पृष्ठभूमिका सदस्यहरू हुने मण्डलीमा प्रतिनिधित्व गरिएको हुन्छ (हे. एफि ३:१-१०) ?

४. हाम्रो परिवारहरूभित्रका सम्बन्धहरूबाहेक, हामी सबै, उदाहरणार्थ, सरकारमा, रोजगारमा, स्वयम्सेवी संस्थाहरूमा, शैक्षिक संस्थाहरूमा, खेलकुदमा मानवीय अख्तियारसित अन्य सम्बन्धहरूमा बाँच्छौं। कहिलेकाहीं अरू मानिसहरूमाथि हाम्रो अख्तियार हुन्छ, अरू बेला हामी अरू मानिसहरूको अख्तियारमुनि हुन्छौं। चाहे परिवारभित्र होस् वा उक्त क्षेत्रहरूमध्येको एउटा क्षेत्रमा, तपाईंको अख्तियार प्रयोग वा तपाईंमाथि गरिने अख्तियार प्रयोगप्रति तपाईंको प्रतिक्रिया अझै धेरै मात्रामा त्रिएकत्वभित्रका सम्बन्धहरूको ढाँचाजस्तै जुन तरिकाले बन्ला, त्ये हाम्रो परिवारहरूभित्रका सम्बन्धहरूबाहेक, हामी सबै, उदाहरणार्थ, सरकारमा, रोजगारमा, स्वयम्सेवी संस्थाहरूमा, शैक्षिक संस्थाहरूमा, खेलकुदमा मानवीय अख्तियारसित अन्य सम्बन्धहरूमा बाँच्छौं। कहिलेकाहीं अरू मानिसहरूमाथि हाम्रो अख्तियार हुन्छ, अरू बेला हामी अरू मानिसहरूको अख्तियारमुनि हुन्छौं। परिवारभित्र होस् वा उक्त क्षेत्रहरूमध्येको एउटा क्षेत्रमा, तपाईंको अख्तियार प्रयोग वा तपाईंमाथिको अख्तियारप्रति तपाईंको प्रतिक्रिया अझै धेरै मात्रामा त्रिएकत्वभित्रका सम्बन्धहरूको ढाँचाजस्तै कुन तरिकाले बन्ला, त्यस (तरिका)-को एउटा उदाहरण दिनुहोस्।

५. विश्वमा भएका एकता र विविधताका सबै मिश्रणहरूको आधारभूत जग परमेश्वरको त्रिएकत्व हो भनी यदि हामीले हेर्‍यौं भने, एकता र विविधता दुवै देखाउने सृष्टिका अन्य केही भागहरू के-के हुन् (उदाहरणार्थ, पृथ्वीका पर्यावरणसम्बन्धी प्रणालीहरूको एक-अर्कामाथि रहने निर्भरता वा मौरीको चाकामा मौरीको मोहक क्रियाकलाप, वा मानव शरीरका विभिन्न अङ्गहरूको सुङ्गत क्रिया) ? के तपाईं यो सोच्नुहुन्छ कि परमेश्वरले हामीलाई यस्तो बनाउनुभएको छ कि एकता र विविधताका प्रदर्शनीमा हामी स्वत: प्रसन्न बनौं, जस्तो कि एउटा सङ्गीत रचनामा, जसले एकै समयमा विभिन्न खण्डहरूको विशाल एकता तरै पनि विशाल विविधता प्रकट गर्दछ, वा कुनै खेलाड़ीदलले कुनै योजनाबद्ध रणनीतिलाई दक्षतापूर्वक गरेको प्रस्तुतीकरणमा ?

६. परमेश्वरको अस्तित्वमा त्रिएकत्वका सदस्यहरूका विशिष्ट व्यक्तित्वहरू परिरक्षित भएका हामी पाउँछौं। ख्रीष्टियान जीवनमा बढ्दै जाँदा (वा मण्डलीमा एक-अर्कासँग अझ एक बन्दै जाँदा) ख्रीष्टसँग अझ प्रगाढ रूपमा एक बनेपछि हामी हाम्रो निजी व्यक्तित्वहरू मास्नतिर लागौंला भनी यदि हामी कुनै बेला डराउन थाल्छौं भने, यो तथ्यले हामीलाई

कसरी आश्वासन दिन सक्ला ? के स्वर्गमा तपाईं अरू सबै मानिसहरूजस्तै बन्नुहुनेछ, वा के तपाईंको व्यक्तित्व स्पष्ट रूपले तपाईंकै हुनेछ ? यस सम्बन्धमा प्राच्य धर्महरू (उदाहरणार्थ, बौद्ध धर्म) ख्रीष्टियान धर्मभन्दा कसरी भिन्न छन् ?

## विशेष शब्दावली

धर्मपुत्र ग्रहणवाद adoptionism    प्रकारविषयकवाद modalism
एरियनवाद Arianism
अभिव्यञ्जनप्रकारवादी एकव्यक्तिवाद modalistic monarchianism
आर्थिक अधीनता econimic subordination
प्रजनित एकमात्र only begotten
पुत्रका अनन्तकालीन जन्म eternal begetting of the Son
सत्तामूलक समानता ontological equality
पुत्रको अनन्त पुस्ता eternal generation of the Son
सेबेलवाद Sabellianism    "अनि पुत्रबाट" Filioque
गौणतावाद Subordinationism    एकैजस्तो स्वभावको homiousios
त्रिएकत्व Trinity. एकै स्वभावको *homoousio*. त्रिईश्वरवाद tritheism.

## पुस्तक-सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे. । सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूमा भएका खण्डहरू

१. एङ्गलिकन (एपिसकपलियन)
१८८२-९२ लिट्टन, ९१-१०८
१९३० थोमस, २०-३१, ९०-९९
२. अर्मेनी (वेसलियन वा मेथडिस्ट)
१८७५-७६ पोप, १:२५३-८७, २:१०१-५
१८९२-९४ मिली, १:२२३-७५
१९४० विली, १:३९४-४३९
१९६० पुर्किसर, १४३-४४, १९९-२०३
१९८३ कार्टर, १:१२७-२९, ३७५-४१४
१९८३- कटरेल, ३:११७-७४
१९८७-९० ओडेन, १:१८१-२२४
३. ब्याप्टिस्ट
१७६७ जिल, १:१८७-२४५

१८८७ बोइस, १२५-६६
१९०७ स्ट्रङ्ग, ३०४-५४
१९१७ म्यूलिन्स, २०३-१३
१९७६-८३ हेनरी, ५:१६५-२१३
१९८३-८५ एरिक्सन, ३२१-४२
१९८७-९४ लुइस/डिमारेस्ट, १:२५१-८८

४. डिस्पेन्सेशनल्
१९४७ शेफर, १:२७२-३४७, ५:७-३८; ६:७-४६
१९४९ थिसेन, ८९-९९
१९८६ राइरी, ५१-५९

५. लुथरन
१९१७-२४ पाइपर, १:३८१-४०४
१९३४ म्यूएलर, १४७-६०

६. रिफर्मड (वा प्रेज्बिटरियन)
१५५९ क्याल्भिन, १:१२०-५९ (१.१३)
१८६१ हेपी, १०५-३२
१८७१-७३ होज, १:४४२-५३४
१८७८ डेबनी, १७४-२११
१८८७-१९२१ वारफील्ड, *BTS*, 22-156; *SSW*, 1:88-932; *BD*,133-74
१८८९ शेड, १:२४९-३३२
१९३७-६६ मरे, *CW*, 4:58-81
१९३८ बर्खोफ, ८२-९९
१९६२ बुसवेल, १:१०३-२९

७. रिन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)
१९८८-९२ विल्यम्स्, १:८३-९४

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परागत
१९५५ ओट् ५०-७५

२. रोमन क्याथलिक : भेटिकन द्वितीयोत्तर
१९८० म्याक्ब्राएन, १:३४३-६६

## अन्य पुस्तक/लेखहरू

Augustine. *On the Trinity*. NPNF, first Series, 3:1-228. (This is considered the most thorough development of the orthodox doctrine of the Trinity in the history of the church.)

Bavinck, Herman. *The Doctrine of God.* Trans. by William Hendriksen (Edinburgh and Carlisle, Pa.: Banner of Truth, 1977 [reprint of 1951 edition], pp. 255-334. (This is one of the most thorough modern discussions of the Trinity.)
Beisner, Calvin. *God in Three Persons.* Wheaton, Ill.: Tyndale Press, 1984.
Bickersteth, Edward H. *The Trinity.* Grand Rapids: Kregel, 1957 reprint.
Bloesch, Donald G. *The Battle for the Trinity: The Debate Over Inclusive God-Language.* Ann Arbor, Mich.: Servant, 1985.
Bowman, Robert M., Jr. *Why You Should Believe in the Trinity: An Answer to Jehovah's Witnesses.* Grand Rapids: Baker, 1989.
Bray G. L. "Trinity." In *NDT,* pp. 691-94.
———. "Tritheism." In *NDT,* p. 694.
Brown, Harold O. J. *Heresies: The Image of Christ in the Mirror of Heresey and Orthodoxy From the Apostles to the Present.* Garden City, N.Y.: Doubleday, 1984, pp. 95-157.
Davis, Stephen T. *Logic and the Nature of God.* Grand Rapids: Eerdmans, 1983, pp. 132-44.
Gruenler, Royce Gordon. *The Trinity in the Gospel of John.* Grand Rapids: Baker, 1986.
Harris, Murray. *Jesus as God.* Grand Rapids: Baker, 1992.
Kaiser, Christopher B. *The Doctrine of God: Historical Survey.* Westchester, Ill.: Crossway, 1982, pp. 23-71.
McGrath, Alister E. *Understanding the Trinity.* Grand Rapids: Zondervan, 1988.
Mikolaski, S. J. "The Triune God." In *Fundamentals of the Faith.* Ed. by C. F. H. Henry. Grand Rapids: Zondervan, 1969, pp. 59-76.
Packer, J. I. "God." *NDT,* 274 -77.
———. *Knowing God.* Downers Grove, Ill.: InterVarsity Press, 1973, pp. 57-63.
Wright, D. F. "Augustine." In *NDT,* pp. 58-61.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**मत्ती ३:१६-१७**: *अनि येशू बप्तिस्मा लिएर तुरुन्तै पानीबाट माथि निस्कनुभयो, अनि स्वर्ग उघ्रियो, र उहाँले परमेश्‍वरका आत्मालाई ढुकुरझैं ओर्लिरहनुभएको र आफूमाथि आइरहनुभएको देख्नुभयो। तब स्वर्गबाट यो वाणी आयो, 'यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु।*

### भजन

"पवित्र, पवित्र, पवित्र"

पवित्र, पवित्र, पवित्र, सर्वशक्तिमान् प्रभु परमेश्‍वर !
  गीतहरू हाम्रा उठी पुग्नेछन् तपाईंकहाँ बिहान सखारै,
पवित्र, पवित्र, पवित्र करुणामय र शक्तिशाली !
  परमेश्‍वर तीन व्यक्तिमा, धन्य त्रिएकत्व !

पवित्र, पवित्र, पवित्र ! सबै सन्तहरू तपाईंका आराधना गर्छन्,
ऐनाजस्तै समुद्रमा उतार्दै तिनीहरूका मुकुटहरू;
करुबिमहरू र सराफिमहरू तपाईंका अघि घुँडा टेक्दै,
जो हुनुहुन्थ्यो, हुनुहुन्छ अनि सदासर्वदा हुनुहुनेछ।
पवित्र, पवित्र, पवित्र ! लुकाए पनि अन्धकारले तपाईंलाई,
नदेखे तापनि तपाईंलाई पापीका आँखाले,
हुनुहुन्छ तपाईं मात्र पवित्र; छैन कोही पनि तपाईंबाहेक
शक्ति, प्रेम र शुद्धतामा सिद्ध तपाईंजस्तै।
पवित्र, पवित्र, पवित्र ! सर्वशक्तिमान् प्रभु परमेश्वर,
गर्नेछन् प्रशंसा तपाईंको सबै कामहरूले पृथ्वी र आकाश र समुद्रमा;
पवित्र, पवित्र, पवित्र ! कृपामय र शक्तिशाली !
तीन व्यक्तिमा एक परमेश्वर, धन्य त्रिएकत्व !

*रचयिता* : Reginald Hebrr, 1826

अध्याय १५

# सृष्टि
# Creation

## *परमेश्वरले किन, कसरी, र कहिले विश्व सृष्टि गनुभयो ?*

### व्याख्या र धर्मशास्त्रीय आधार[1]

परमेश्वरले कसरी संसार सृष्टि गर्नुभयो ? के उहाँले प्रत्येक वनस्पति र पशुलाई सोझै सृष्टि गर्नुभयो वा उहाँले जीवित प्राणीहरूको विकासलाई अति साधारणबाट अति जटिल स्थितिसम्म मार्गदर्शन गरेर कुनै किसिमको विकासवादी प्रक्रिया प्रयोग गर्नुभयो ? अनि परमेश्वरले सृष्टि गर्ने कार्य कति चाँड़ो पूरा गर्नुभयो ? के सृष्टि चौबीस-घण्टे छ दिनभित्र पूरा गरिएको थियो, वा के उहाँले हजारौं वा लाखौं वर्ष उपयोग गर्नुभयो ? पृथ्वी कति पुरानो हो, अनि मानवजाति कति पुरानो हो ?

हामीले सृष्टिसम्बन्धी धर्मसिद्धान्तबारे विवेचन गर्दा यी प्रश्नहरू हाम्रोसमक्ष उपस्थित हुँदछन्। यस पुस्तकमा अगाड़ि लेखिएका अधिकांश लेखहरूको विपरीत, यस अध्यायले ती विभिन्न प्रश्नहरूबारे विवेचन गर्छ जुन प्रश्नहरूबारे इभ्यान्जेलिकल् ख्रीष्टियानहरूले बेग्लाबेग्लै दृष्टिकोणहरू राख्दछन्, जसमध्ये कति त अत्यन्त दृढ़ पनि हुन्छन्।

यो अध्यायलाई धर्मशास्त्रमा सर्वाधिक स्पष्ट रूपले सिकाइएको, र प्रायः सबै इभ्यान्जेलिकल्हरू सहमत बन्ने सृष्टिका पक्षहरू (शून्यबाट गरिएको सृष्टि, आदम र हव्वाको विशेष सृष्टि, र विश्वको उत्तमता)-देखि सुरु गरेर सृष्टिका अन्य पक्षहरूतिर बढ़ाउँदै सङ्गठित गरिएको छ, जुन पक्षहरूबारे इभ्यान्जेलिकल्हरूमा मतभिन्नताहरू रहिआएका छन् (के सृष्टिको अधिकांश भागलाई अस्तित्वमा ल्याउनलाई परमेश्वरले विकासवादको प्रक्रियालाई प्रयोग गर्नुभयो ? अनि पृथ्वी र मानवजाति कति पुराना हुन् ? भन्ने विवादहरू।)

सृष्टिसम्बन्धी धर्मसिद्धान्तलाई हामीले यस प्रकारले परिभाषित गर्न सक्छौं : *परमेश्वरले सम्पूर्ण विश्वलाई शून्यबाट सृष्टि गर्नुभयो; सुरुमा यो अति नै राम्रो थियो; अनि उहाँले स्वयम्लाई महिमित तुल्याउनलाई यसको सृष्टि गर्नुभयो।*

[1]यस अध्यायका केही पक्षहरूबारे विशेष ज्ञान भएका मेरा धैरै मित्रहरूले गरेका अनेकौं उपयोगी टिप्पणीहरूका निम्ति म उनीहरूप्रति आभारी छु, विशेष गरी Steve Figard, Doug Brandt र Terry Mortenson-प्रति।

## क. परमेश्वरले शून्यबाट विश्वको सृष्टि गर्नुभयो

**१. शून्यबाट सृष्टिको पक्षमा बाइबलीय प्रमाण ।** परमेश्वरले शून्यबाट विश्व सृष्टि गर्नुभयो भनी विश्वास गर्नू भनी बाइबलले हामीलाई स्पष्ट आदेश दिन्छ। (कहिलेकाहीं ल्याटिन वाक्यांश *ex nihilo* ("शून्यबाट") प्रयोग गरिन्छ; त्यस बेला भनिन्छ कि बाइबलले सृष्टि *ex nihilo* ("शून्यबाट") भएको हो भनी सिकाउँछ।) यसको अर्थ यो हुन्छ कि परमेश्वरले विश्व सृष्टि गर्न थाल्नुभन्दा अघि परमेश्वर बाहेक अरू कुनै थोक अस्तित्वमा थिएन।[२]

यो उत्पत्ति १:१ को आशय हो, जसले भन्छ, "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो।" "आकाश र पृथ्वी" वाक्यांशले सम्पूर्ण विश्व गाभ्दछ। भजन ३३ ले पनि भन्छ, "परमेश्वरको वचनले आकाशहरू निर्माण भए, र उहाँकै मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू। ... किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो, उहाँले आज्ञा गर्नुभयो, र त्यो स्थिर रहयो" (भज ३३:६, ९)। नयाँ करारमा हामी यूहन्नाको सुसमाचारको आरम्भमा एउटा सार्वजनीन वक्तव्य पाउँछौं, "सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन" (यूह १:३)। "सबै" थोक वाक्यांशको अर्थ सम्पूर्ण विश्व हो भनी लिनु नै सर्वोत्तम हो (तु. प्रे १७:२४; हिब्रू ११:३)। कलस्सी १ मा विश्वका देखिने र नदेखिने सबै भागहरूलाई विशेष रूपले तोक्दा पावल नितान्त स्पष्ट छन्, "किनकि उहाँमा नै सबै थोक सृष्टि भएका थिए। स्वर्गमा र पृथ्वीमाथि भएका दृश्य र अदृश्य थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्" (१ कल १:९)। त्यसरी नै स्वर्गमा चौबीस जना एल्डरहरूको गीतले यस सत्यतालाई पुष्टि गर्छ :

> "हे हाम्रा प्रभु र परमेश्वर ,
> तपाईं महिमा, आदर, र शक्ति
> ग्रहण गर्ने योग्यको हुनुहुन्छ,
> किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो,
> र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए,
> र तिनको सृष्टि भयो।" (प्रका ४:११)

अन्तिम वाक्यांशमा परमेश्वरको इच्छा नै थोकहरू "अस्तित्वमान् हुने" र "सृष्टि गरिनुका" कारण भएको बताइएको छ।

परमेश्वरले आकाश र पृथ्वी दुवै सृष्टि गर्नुभयो अनि तिनमा भएका सबै थोकहरू सृष्टि गर्नुभयो भनी नयाँ करारमा अनेकौं अरू समयहरूमा पुष्टि गरिएको छ। उदाहरणार्थ, प्रेरित ४:२४ ले परमेश्वरको बारेमा "हे प्रभु, जसले स्वर्ग, पृथ्वी, समुद्र र तिनमा भएका यावत् थोक बनाउनुभयो" भनी बताउँछ। परमेश्वरलाई

[२] हामीले विश्व "शून्यबाट" सृष्टि गरिएको थियो भन्दा, एउटा सम्भाव्य भ्रान्तिदेखि हामी होसियार हुनुपर्दछ। *शून्य* शब्दले कुनै किसिमको अस्तित्व इङ्गित गर्दैन, जस्तो कि कतिपय दार्शनिकहरूले अर्थ्याएका छन्। बरु, हामी यसको अर्थ यो बुझ्छौं कि परमेश्वरले विश्व सृष्टि गर्नुहुँदा, उहाँले पहिलदेखि नै अस्तित्वमा भएका पदार्थहरू प्रयोग गर्नुभएन।

चिन्हित गर्ने सर्वप्रथम तरिका यो भन्नु हो कि सबै थोकहरू बनाउनुहुने उहाँ नै हुनुहुन्छ। बारनाबास र पावल आफूहरू "स्वर्ग, पृथ्वी र समुद्र र तिनमा भएका यावत् थोक" (प्रे १४:१५) बनाउनुहुने जीवित परमेश्वरका सन्देशवाहकहरू हुन् भनी लिस्त्राका विधर्मी श्रोतालाई बुझाउँछन्। यसरी नै एथेन्समा विधर्मी ग्रीक दार्शनिकसित बोल्दै पावल साँचो परमेश्वरको पहिचान "संसार र त्यसमा भएका यावत् थोक" बनाउनुहुने परमेश्वर भनी गरिदिन्छन् र भन्छन् कि परमेश्वरले "सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ" (प्रे १७:२४-२५; तु. यशै ४५:१८; प्रका १०:६)।

हिब्रू ११:३ ले भन्छ, "विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो।" यस अनुवादले (साथै *NIV*-ले) ग्रीक मूलपाठलाई सर्वाधिक सही प्रकारले प्रतिविम्बित गर्छ।[३] यस मूलपाठले शून्यबाट भएको सृष्टिसम्बन्धी धर्मसिद्धान्तकै शिक्षा नदिए तापनि, यसको शिक्षा प्राय: यस्तै नै छ, किनकि यसले यो भन्छ कि परमेश्वरले देखिने कुनै कुराबाट विश्व सृष्टि गर्नुभएन। नदेखिने कुनै कुराबाट विश्व सृष्टि भएको हुन सक्छ भन्ने किञ्चित् अनौठो विचार लेखकको सोचमा सायद थिएन। पहिल्यैदेखि नै अस्तित्वमान् पदार्थबाट सृष्टिको धारणालाई उनी खण्डन गरिरहेका छन्, अनि त्यस उद्देश्यका लागि यो पद पूर्णत: स्पष्ट छ।

रोमी ४:१७ ले पनि यो इङ्गित गर्छ कि परमेश्वरले शून्यबाट सृष्टि गर्नुभयो, यद्यपि यसले ठीक यही नै भन्दैन। ग्रीक मूलपाठले अक्षरश: परमेश्वर ती व्यक्ति हुनुहुन्छ भन्छ जसले "अस्तित्वमा नभएका थोक अस्तित्वमा छन् भन्नुहुन्छ"। *RSV*-को "अस्तित्वमा नभएका थोकहरू अस्तित्वमा बोलाउनुहुन्छ" भन्ने अनुवाद (त्यसरी नै *NASB*-को मार्जिनमा दिइएको) असामान्य छ, तर व्याकरणगत रूपले सम्भव छ,[४] अनि यसले शून्यबाट सृष्टिको प्रस्ट पुष्टि गर्दछ। ग्रीक शब्द *hos*-लाई यसको सामान्य अर्थ "जस्तै"-को रूपमा लिएर उक्त पद्यांशलाई अनुवाद गर्यौं भने पनि उक्त पदले यो भन्छ कि परमेश्वरले "अस्तित्वमा नभएका थोकहरू अस्तित्वमा भएका जस्तै भन्नुहुन्छ" (*NASB*, मार्जिनमा)। तर यदि नभएका थोकहरूसित ती वास्तवमा भएकै जस्तो गरी परमेश्वर बोल्नुहुन्छ वा तिनलाई बोलाउनुहुन्छ भने, त्यहाँ के परोक्ष सङ्केत गरिएको हुन्छ? यदि अस्तित्वमा नभएका थोकहरूसित उहाँ बोल्नुहुन्छ वा ती अस्तित्वमा भएझैं गरी तिनलाई डाक्नुहुन्छ भने त्यसको अर्थ यही हुन्छ कि तिनीहरू चाँड़ै अस्तित्वमा आउनेछन्, अप्रतिरोध्य ढङ्गले अस्तित्वमा हुन बोलाइएका भएर।

[३] *RSV* अनुवाद ("ताकि जो दृष्टिगत छ त्यो ती थोकहरूबाट बनाइएको थियो जो नदेखिने किसिमका छन्")-ले परमेश्वरले कुनै किसिमको अदृश्य पदार्थबाट विश्व बनाउनुभयो भन्ने पुष्टि गर्छ, तर ग्रीक मूलपाठको शब्दक्रम (*me ek phainomenon*)-ले देखाउँछ कि "न"-ले "देखिने थोकहरूबाट" भन्ने वाक्यांशलाई खण्डन गर्छ। *RSV* अनुवादमा "न"-ले कृदन्त "दृष्टिगत"-लाई खण्डन गरेको देखिन्छ, तर त्यसो गर्नका लागि यो यसभन्दा ठीक अघिल्तिर रहेको हुनुपर्छ। विवेचन हे. Philip Hughes, *A Commentary on the Epistle to the Hebrews* (ग्र्यान्ड र्‍यापिड्स: ईर्डम्यान्स्, १९७७), पृह. ४४३-५२।

[४] हे. C.E.B. Cranfield, *A Critical and Exegetical Commentary on the Epistle to the Romans*, ICC, vol. 1 (एडिनबर्ग: टी. अ्यान्ड टी. क्लार्क, १९७५), पृ. २४४: ग्रीक शब्द *hos*-ले प्रतिफल अभिव्यक्त गरिरहेको अर्थमा।

परमेश्वरले शून्यबाट सम्पूर्ण विश्वलाई सृष्टि गर्नुभएको कारण विश्वमा यस्तो कुनै थोक छैन जो अनन्तकालीन होस्। हामीले देख्ने सबै थोकहरू – पहाड़हरू, सागरहरू, ताराहरू, पृथ्वी स्वयम् नै – परमेश्वरले तिनलाई सृष्टि गर्नुभएपछि मात्र अस्तित्वमा आए। यस्तो समय थियो जब तिनीहरू अस्तित्वमा थिएनन्,

> पहाड़हरू उत्पन्न हुनुभन्दा अघि,
> अथवा तपाईंले पृथ्वी र संसार
> सृजनुभन्दा अघि,
> अनादि (अनन्त)-देखि अनन्तसम्म तपाईं नै
> परमेश्वर हुनुहुन्छ।" (भज ९०:२)

यस पदले हामीलाई यो स्मरण गराउँछ कि परमेश्वरले सारा विश्वमा राज गर्नुहुन्छ अनि उहाँको ठाउँमा वा उहाँसँग-सँगै विश्वमा भएको कुनै पनि कुरा पुज्नु हुँदैन। तर यदि हामीले शून्यबाट भएको सृष्टिलाई इन्कार गर्‍यौं भने, हामीले यो भन्नेपर्दछ कि कुनै पदार्थ जहिले पनि अस्तित्ववान् छ अनि यो परमेश्वरजस्तै अनन्तकालीन छ। यो धारणाले परमेश्वरको स्वतन्त्रता, उहाँको सर्वसत्तालाई, अनि गरिनुपर्ने आराधना उहाँको मात्र हो भन्ने तथ्यलाई चुनौती दिनेथियो। यदि पदार्थ परमेश्वरविना नै अस्तित्ववान् थियो भने, यसमाथि शासन गर्न र यसलाई उहाँको महिमाको निम्ति प्रयोग गर्ने उहाँको कुन अन्तर्निहित अधिकार हुनेथियो? यदि विश्वका केही भागहरू उहाँद्वारा सृष्टि नगरिएका भए, विश्वको प्रत्येक पक्षले अन्ततः परमेश्वरका उद्देश्यहरू पूरा गर्नेछ भन्ने हामीसित के आत्मविश्वास हुनेथियो?

परमेश्वरले शून्यबाट विश्वको सृष्टि गर्नुभयो भन्ने तथ्यको सकारात्मक पक्ष यो हो कि यसको अर्थ र उद्देश्य छ। परमेश्वरले, उहाँको विवेकअनुसार, केही कामको निम्ति यसको सृजना गर्नुभयो। हामीले त्यो उद्देश्यलाई बुझ्ने प्रयत्न गर्नुपर्दछ अनि सृष्टिलाई यस्तो तरिकामा प्रयोग गर्नुपर्दछ कि यो तरिका त्यो उद्देश्यअनुरूपको होस्; अर्थात् परमेश्वर स्वयम्लाई यसले महिमा ल्याओस्।[५] यसबाहेक, सृष्टिले जब-जब हामीलाई आनन्द दिन्छ (तु. १ तिमो ६:१७), त्यस बेला हामीले परमेश्वरलाई धन्यवाद दिनुपर्दछ जसले यी सबै बनाउनुभयो।

**२. आत्मिक विश्वको सृष्टि।** सम्पूर्ण विश्वको यो सृष्टिले अस्तित्वको एक अदृश्य, आत्मिक राज्यको सृष्टिलाई समाविष्ट गर्छ : परमेश्वरले स्वर्गदूतहरू र अन्य किसिमका स्वर्गीय प्राणीहरू साथै मानिस र पशुहरू पनि सृष्टि गर्नुभयो। उहाँले स्वर्गलाई पनि एउटा यस्तो स्थानको रूपमा सष्टि गर्नुभयो जहाँ उहाँको उपस्थिति विशेष रूपले प्रत्यक्ष छ। परमेश्वरले पृथ्वी मात्र होइन तर "स्वर्ग र त्यसमा भएका कुराहरू" (प्रका १०:६; तु. प्रे ४:२४) पनि बनाउनुभएको हो भनी बताउने माथिका पदहरूमा आत्मिक राज्यको सृष्टि निश्चय नै इङ्गित गरिएको छ; यो तथ्य अन्य धेरै पदहरूमा पनि प्रस्टै पुष्टि गरिएको छ। एज्राको प्रार्थनाले स्पष्ट रूपले भन्छ,

[५]सृष्टिसम्बन्धी परमेश्वरको उद्देश्यबारे तलको खण्ड ग हे.।

"तपाईं मात्र परमप्रभु हुनुहुन्छ। तपाईंले नै स्वर्ग, सर्वोच्च आकाश, र त्यसका सबै तारामण्डल, पृथ्वी र त्यसमा भएका सबै थोक, र समुद्रहरू र तिनमा भएका सबै थोकहरू बनाउनुभयो। तपाईंले नै तिनीहरू सबैलाई जीवन दिनुहुन्छ, र स्वर्गका सारा समुदायले तपाईंलाई पुज्दछन्" (नहे ९:६)। यस पदको "स्वर्गका सारा समुदाय"-ले स्वर्गदूतहरू र अरू स्वर्गीय प्राणीहरू बुझाएको प्रतीत हुन्छ किनकि एज्रा भन्छन् कि तिनीहरू परमेश्वरलाई उपासना गर्ने क्रियाकलापमा संलग्न हुन्छन् (त्यही शब्द [वाक्यांश "स्वर्गका सारा"] *समुदाय* बुझाउन भज १०३:२१ मा प्रयोग गरिएको स्वर्गका सबै "सेना" र १४८:२ मा प्रयोग गरिएको सारा स्वर्गीय "सेना" स्वर्गदूतहरू इङ्गित गर्नलाई प्रयोग गरिएको छ जसले परमेश्वरको उपासना गर्छन्)।[६]

पावलले नयाँ करारमा विशेष रूपले उल्लेख गर्दै भन्छन् कि ख्रीष्टमा नै "सबै थोक सृष्टि भएका थिए। स्वर्ग र पृथ्वीमाथि भएका दृश्य *र अदृश्य* थोकहरू, चाहे सिंहासनहरू, चाहे प्रभुत्वहरू, चाहे प्रधानताहरू, चाहे अधिकारहरू, सबै थोक उहाँद्वारै र उहाँकै निम्ति सृजिएका हुन्" (कल १:१६; तु. भज १४८:२-५)। उहाँ अदृश्य स्वर्गीय प्राणीहरूको सृष्टि पनि स्पष्ट रूपमा पुष्टि गरिएको छ।

**३. आदम र हव्वाको प्रत्यक्ष सृष्टि ।** बाइबलले यो पनि सिकाउँछ कि परमेश्वरले आदम र हव्वालाई एउटा विशेष र व्यक्तिगत रूपमा सृष्टि गर्नुभयो। "तब परमप्रभु परमेश्वरले भूमिको माटोबाट मानिस बनाउनुभयो, र तिनको नाकमा जीवनको सास फुकिदिनुभयो, र मानिस जीवित प्राणी भयो" (उत २:७)। त्यसपछि परमेश्वरले आदमको शरीरबाट हव्वाको सृष्टि गर्नुभयो, "यसैकारण परमप्रभु परमेश्वरले मानिसलाई मस्त निद्रामा पार्नुभयो, र तिनी निदाएको बेलामा तिनका करङहरूमध्येको एउटा निकालेर त्यसको ठाउँमा मासु भरिदिनुभयो। जुन करङ परमप्रभु परमेश्वरले मानिसबाट निकाल्नुभएको थियो, त्यसबाट एउटी स्त्री बनाएर मानिसकहाँ ल्याउनुभयो" (उत २:२१-२२)। जे घटना घटेको थियो त्यसबारे परमेश्वरले आदमलाई केही जान्न दिनुभयो भन्ने स्पष्ट छ किनभने आदमले भने,

> "यो त मेरै हाड़को हाड़
> र मासुको मासु हो।
> तिनलाई स्त्री भनिने छ।
> किनभने तिनी पुरुषबाट निकालिएकी थिइन्" (उत २:२३)।

सृष्टिपछि आएको हुनसक्थ्यो भन्ने विकासवादी प्रगति (जसले, कतिको विचारअनुसार,) सायद अझै जटिलतर जीवको विकासतिर डोऱ्यायो होला)-को सीमासम्बन्धी ख्रीष्टियानहरूमा मतभिन्नता पाइन्छ, जस्तो कि हामी तल हेर्नेछौं।

---

[६]अनूदित वाक्यांश "स्वर्गका सारा समुदाय" (हिब्रू *tsaba*) कहिलेकाहीँ ग्रह र तारालाई प्रयोग गरिन्छ (व्यव ४:१९; यशै ३४:४; ४०:२६), तर BDB, पृ. ८३९ (१.ग)-मा उद्धृत कुनै पनि उदाहरणहरूले ताराहरूले परमेश्वरको उपासना गरिरहेका कुरा बताउँदैनन्, अनि अधिकांश उदाहरणहरूले स्वर्गीय थोकहरूलाई "स्वर्गका समुदायहरू" भनी बताउँछन् जसलाई विधर्मीहरूले भुलवश पूजा गर्छन् (व्यव १७:३; २ राज १७:१६; २१:३; यर्मि ८:२; आदि)।

उद्भिद् र प्राणी-संसारको प्रसङ्गमा त्यस प्रश्नबारे कतिपय ख्रीष्टियानहरूमाझ वास्तविक मतभेदहरू पाइए तापनि, यी मूलपाठहरू यति स्पष्ट छन् कि धर्मशास्त्रको पूर्ण सत्यतामा विश्वास गर्दा-गर्दै मानवजाति दीर्घकालीन विकासवादी प्रक्रियाको प्रतिफल हो भनी विश्वास गर्नु कसैका लागि अति नै कठिन हुन्छ। यसको कारण यो हो कि परमप्रभुले "भूमिको माटोबाट मानिस बनाउनुभयो" (उत २:७) भनी धर्मशास्त्रले भन्दा यो बुझ्न सम्भव देखिन्न कि परमेश्वरले त्यो कार्य दसौं लाख वर्ष लाग्ने प्रक्रियाको माध्यमबाट गर्नुभयो र उहाँले जटिलताको मात्रा बढ्दो हजारौं जीवहरूको जताभावी विकास प्रयोग गर्नुभयो।[७] विकासवादी दृष्टिकोणसित सामञ्जस्यमा आउन झन् असम्भव तथ्य यो हो कि यस विवरणले हव्वाको कुनै पनि आमा नभएको स्पष्ट चित्रण गर्छ; आदम निदाएको बेला उनी आदमको करङबाट प्रत्यक्ष रूपमा सृष्टि गरि इन् (उत २:२१)। तर विशुद्ध विकासवादी दृष्टिकोणमा यो सम्भव हुन्थेन, किनभने सर्वप्रथम नारी "मानवजाति" पनि कुनै केवल मानव प्राणीबाट जन्मेकी हुनेथिइन् जुन प्राणी केवल पशु नै थियो। आदमबाट हव्वाको यो विशिष्ट सृष्टिको ऐतिहासिकतालाई पावलको निम्नोद्धृत वक्तव्यमा नयाँ करारले पुनःपुष्टि गर्छ, "किनकि स्त्रीबाट पुरुष बनिएको होइन, तर स्त्रीचाहिँ पुरुषबाट बनिएकी हो। स्त्रीको निम्ति पुरुष सृष्टि भएको होइन, तर स्त्री पुरुषको निम्ति हो" (१ कोर ११:८-९)।

आदम र हव्वाको विशेष सृष्टिले यो देखाउँछ कि हामी हाम्रो भौतिक शरीरमा धेरै कुराहरूमा पशुहरूजस्तै भए तापनि हामी पशुहरूभन्दा अति नै भिन्न छौं। हामी "परमेश्वरको प्रतिरूपमा" सृष्टि गरिएका छौं, परमेश्वरको सृष्टिको चरमबिन्दु, अन्य कुनै पनि प्राणीभन्दा अझ धेरै मात्रामा परमेश्वरजस्तै, बाँकी सबै सृष्टिमाथि शासन गर्नलाई नियुक्त गरिएका। सृष्टिबारे उत्पत्तिमा प्रस्तुत विवरणको लघुताले पनि विश्वका अरू थोकहरूको तुलनामा मानिसको महत्त्वमाथि उदेकको जोड़ दिन्छ। यसले, अतः, विश्वको विशालताको पृष्ठभूमिमा मानिसलाई अर्थहीन भनी हेर्ने आधुनिक प्रवृत्तिलाई रोक्दछ। Derek Kidner टिप्पणी गर्छन् कि धर्मशास्त्र डटेर बस्दछ :

> सृष्टिका विस्मयकारी कार्यहरूलाई बाइबलको सम्पूर्ण विस्तारभरि बिस्तारै खोलिने नाटकका *कटन*-रेजरको रूपमा मात्र प्रस्तुत गर्दै मानव इतिहासको अर्थलाई शून्य बनाउने प्रत्येक प्रवृत्तिको विरुद्ध ...। आमुख एउटा पानामा समाप्त हुन्छ; यसपछि आउने हजारौं छन्।

यसको तुलनामा, उनी टिप्पणी गर्छन् कि विश्वको आधुनिक वैज्ञानिक विवर णले, यद्यपि त्यो सत्य नै भए तापनि,

> हामीलाई यस्ता तथ्याङ्कहरूले थिचिदिन्छन् जसले हाम्रो प्रस्ट महत्त्वलाई

[७]उत्पत्ति २:७ को स्पष्ट वक्तव्य हुँदाहुँदै पनि Derek Kidner-ले (जसले यस पुस्तकमा प्रतिपादन गरिएको धर्मशास्त्रको सत्यतासित मिल्दो सत्यताको दृष्टिकोणमा विश्वास गर्छन्) आदमभन्दा अघि प्राणीहरूका वंशको एउटा लामो विकासवादी प्रगति भयो र यसबाट बनेको मानिसमा परमेश्वरले अन्त्यमा "मानव सास फुकिदिनुभयो" भन्ने सम्भावनालाई समर्थन गर्छन् (*Genesis: An Introduction and Commenrtary,* TOTC [लन्डन र शिकागो: इन्टरभर्सिटी प्रेस, १९६७, पृ.२८०)। तर त्यसपछि तिनले हव्वाको विशेष सृष्टि पुष्टि गर्छन्) पृ. २९)।

> विलुप्तिने बिन्दुमा घटाइदिन्छन्। आमुख होइन, तर मानव कथा स्वयम् नै, अब हजार पानामा एउटै पाना, अनि सम्पूर्ण ऐहिक ठेली सूचीपत्रबद्ध नबनाइएका करोडौं पानाहरूमा हराएको छ।[८]

हामीले जुन मानव महत्त्व पाऔं भनी परमेश्वरले अभिप्राय राख्नुहुन्छ, त्यसबारे धर्मशास्त्रले हामीलाई दृष्टिकोण प्रदान गर्छ। (यस तथ्यबारे तल २१ अध्यायमा सविस्तार छलफल गरिनेछ)।

४. **समयको सृष्टि।** परमेश्वरको सृष्टिको अर्को पक्ष हो समयको (एउटापछि आउने पलहरूको सिलसिला) सृजना। अध्याय ११ मा परमेश्वरको अनन्तताका गुणको प्रसङ्गमा यो धारणा छलफल गरिएको थियो[९]; र उहाँ यसलाई सारांशित गर्न मात्र हामीलाई आवश्यक छ। जब हामीले संसारको सृष्टिभन्दा "अघि" परमेश्वरको अस्तित्वबारे कुरा गर्छौं, हामीले परमेश्वरलाई समाप्त नहुने समयको फैलावटमा अस्तित्वमान् हुनुभएको सोच्नु हुँदैन। बरु, परमेश्वरका अनन्तताको अर्थ यो हो कि उहाँको अस्तित्व भिन्नै किसिमको छ; समयको प्रवाहविनाको एउटा अस्तित्व, एउटा यस्तो प्रकारको अस्तित्व जसको विषयमा हामीलाई कल्पना गर्नु पनि गाह्रो हुन्छ। (हे. अयू ३६:२६; भज ९०:२, ४; यूह ८:५८; २ पत्र ३:८; प्रका १:८)। परमेश्वरले समय सृजना गर्नुभयो भन्ने तथ्यले समयमाथि उहाँको प्रभुत्व छ भन्ने र यसलाई हामीले उहाँको महिमाको निम्ति प्रयोग गर्नु हाम्रो कर्तव्य हो भन्ने हामीलाई स्मरण गराउँछ।

५. **सृष्टिमा पुत्र र पवित्र आत्माका काम।** परमेश्वर पिता सृष्टिको कामलाई आरम्भ गराउनुहुने आधारभूत अभिकर्ता (एजेन्ट) हुनुहुन्थ्यो। तर पुत्र र पवित्र आत्मा पनि सक्रिय हुनुहुन्थ्यो। पुत्रलाई प्रायः नै ती व्यक्ति भनी वर्णन गरिन्छ जस-"द्वारा" सृष्टि हुनआयो। "सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन" (यूह १:३)। पावल भन्छन्, "हाम्रा निम्ति एउटै प्रभु, येशू ख्रीष्ट हुनुहुन्छ, जसद्वारा सबै कुरा हुन आए, र जसद्वारा हामी जिउँदछौं" (१ कोर ८:६), अनि "उहाँमा नै सबै थोक सृष्टि भएका थिए" (कल १:१६)। हामी यो पनि पढ्छौं कि पुत्र नै ती व्यक्ति हुनुहुन्छ जसद्वारा परमेश्वरले "समस्त सृष्टि रच्नु पनि भयो" (हिब १:२)। यी खण्डहरूले पिताका योजना र निर्देशनहरू पूरा गर्ने सक्रिय अभिकर्ताका रूपमा पुत्रको सुसङ्गत चित्र दिन्छ।

पवित्र आत्मा पनि सृष्टिमा कार्यरत हुनुहुन्थ्यो। उहाँलाई सामान्यतया परमेश्वरको सृष्टिमा काम पूरा गरिरहनुहुने, भरिरहनुहुने र जीवन दिइरहनुहुनेका रूपमा चित्रण गरिएको छ। उत्पत्ति १:२, "परमेश्वरका आत्मा पानीमाथि परिभ्रमण गर्दैरहनुहुन्थ्यो" भन्ने वचनले पवित्र आत्माको परिरक्षण, भरणपोषण र शासन गर्ने कामलाई सङ्केत गर्छ। अय्यूब भन्छन्, "किनभने परमेश्वरका आत्माले मलाई सृजनुभयो, र

[८] Kidner, *Genesis*, पृ. ५७
[९] हे. अ. ११

सर्वशक्तिमान्‌को सासले मलाई जीवन दिन्छ" (अयू ३३:४)। पुरानो करारका धेरैवटा खण्डहरूमा यो कुरा याद गर्नु महत्त्वपूर्ण छ कि त्यही हिब्रू शब्द *ruach*-को अर्थ, विभिन्न सन्दर्भहरूमा "आत्मा" वा "सास" वा "बतास" पनि हुन सक्छ। तर धेरै सन्दर्भहरूमा चाहिँ अर्थमा त्यति धेरै भिन्नता हुँदैन, किनभने यदि कसैले केही वाक्यांशहरूलाई "परमेश्वरको सास" वा "परमेश्वरको बतास" भनी अनुवाद गर्ने निर्णय लिन्छ भने पनि, त्यो सृष्टिमा पवित्र आत्माको कार्यलाई बुझाउने आलङ्कारिक तरिका भएकै प्रतीत हुन्छ। यसकारण भजनकारले पृथ्वी र समुद्रमा भएका विभिन्न प्राणीहरूबारे बताउँदा भन्छन्, "तपाईंले आफ्ना आत्मा पठाउनुहुँदा, तिनीहरूको सृष्टि हुन्छ" (भज १०४:३०; पवित्र आत्माको कामबारे पनि हे., अयू २६:१३; यशै ४०:१३; १ कोर २:१०)। तर पनि सृष्टिमा पवित्र आत्माको विशेष कामबारे धर्मशास्त्रको साक्षी धेरै कम छ। धर्मशास्त्रका लेखकहरूलाई प्रेरणा दिने कार्यको सम्बन्धमा र परमेश्वरका जनको उद्धारात्मक कामको सम्बन्धमा पवित्र आत्माको काम धेरै नै प्रमुखतामा ल्याइन्छ।[10]

## ख. सृष्टि परमेश्वरभन्दा बेग्लै छ तथापि यो सदैव परमेश्वरमा आश्रित छ


परमेश्वर र सृष्टिमाझको सम्बन्ध-विषयक धर्मशास्त्र बाइबलको शिक्षा संसारका धर्महरूमध्ये विशिष्ट छ। बाइबलले यो शिक्षा दिन्छ कि परमेश्वर उहाँको सृष्टिदेखि भिन्नै हुनुहुन्छ। उहाँ यसको अङ्ग हुनुहुन्न किनभने यसलाई उहाँले बनाउनुभएको छ र उहाँले यसमाथि शासन गर्नुहुन्छ। परमेश्वर सृष्टिभन्दा अति नै महान् हुनुहुन्छ भनी बताउनलाई प्राय: नै प्रयोग गरिने शब्द *लोकातीत* वा *इन्द्रियातीत* (*transcendent*) हो। साधारण रूपमा भन्नुपर्दा, यसले यही बताउँछ कि परमेश्वर सृष्टिभन्दा यस अर्थमा अति "माथि" हुनुहुन्छ कि उहाँ सृष्टिभन्दा महान् हुनुहुन्छ अनि उहाँ यसबाट स्वतन्त्र हुनुहुन्छ।

परमेश्वर सृष्टिमा अति नै संलग्न हुनुहुन्छ, किनभने सृष्टि यसको अस्तित्व र कार्यको निम्ति उहाँमाथि निरन्तर रूपले आश्रित छ। सृष्टिमा परमेश्वरको संलग्नता बताउनलाई प्रयोग गरिने प्राविधिक शब्द *अन्तर्निहित* (*immanent*) हो, जसको अर्थ हो सृष्टिमा "रहिरहनुभएको"। बाइबलका परमेश्वर उहाँको सृष्टिमा रुचि नलिनुहुने र सृष्टिदेखि अलग हुनुभएको अमूर्त ईश्वर हुनुहुन्न। बाइबल सृष्टिसित अनि विशेष गरी यसमा भएका मानिसहरूसँग परमेश्वरको संलग्नताको वृत्तान्त हो। पशु र वनस्पतिहरू परमेश्वरमा भर पर्छन् भनी अय्यूबले पुष्टि गर्छन्, "जीवितहरू सबैका प्राण, सबै मानिस जातिका आत्मा परमेश्वरकै हातमा छ" (अयू १२:१०)। नयाँ करारमा पावलले यो पुष्टि गर्छन् कि परमेश्वरले "नै सबैलाई जीवन, सास र सबै चीज दिनुहुन्छ" अनि "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं, र उहाँमा हाम्रो अस्तित्व छ" (प्रे १७:२५,२८)। निश्चय नै ख्रीष्टमा नै "सबै कुरा बाँधिएर रहेका छन्" (कल १:१७) अनि उहाँले "सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ" (हिब १:३)। पावलले "हामी सबैका एउटै परमेश्वर र पिता, जो

[10]पवित्र आत्माको कामबारे हे. अ. ३०।

सबैमाथि, सबैका मध्यमा र सबैमा हुनुहुन्छ" (एफि ४:६) भन्दा परमेश्वरको *लोकातीतत्व* र *अन्तर्निहितता* दुवै एउटै पदमा पुष्टि गरिएका छन्।


सृष्टि परमेश्वरभन्दा बेग्लै छ तथापि यो परमेश्वरमा आश्रित छ, परमेश्वर सृष्टिदेखि धेरै नै माथि हुनुहुन्छ तर पनि उहाँ सदैव यसमा संलग्न हुनुहुन्छ (संक्षिप्तमा, परमेश्वर लोकातीत र *अन्तर्निहित* दुवै हुनुहुन्छ) भन्ने तथ्य रेखाचित्र १५.१ देखाइएझैं प्रतिनिधित्व गर्न सकिन्छ।




सृष्टि परमेश्वरभन्दा बेग्लै छ तथापि यो सदैव परमेश्वरमा आश्रित छ (परमेश्वर लोकातीतसाथै अन्तर्निहित हुनुहुन्छ)
*रेखाचित्र १५.१*

यो स्पष्ट रूपले *भौतिकवाद*भन्दा बेग्लै छ, जो आज अविश्वासीहरूको सर्वाधिक लोकप्रिय दर्शन हो; यसले परमेश्वरको अस्तित्वलाई पूर्ण रूपले अस्वीकार गर्छ। भौतिकवादले भौतिक विश्वबाहेक केही छैन भन्छ। यसलाई तलको रेखाचित्र १५.२ द्वारा प्रतिनिधित्व गर्न सकिन्छ।

अझ धेरै पैसा र अझ धेरै सम्पत्तिहरू जोड्नमा आफ्नो जीवनका समग्र प्रयत्नलाई केन्द्रित गर्ने ख्रीष्टियानहरू उनीहरूका क्रियाकलापमा "व्यावहारिक" भौतिकवादीहरू (materialists) बन्दछन्, कारण तिनीहरूले परमेश्वरमा विश्वास गर्दै नगरेका भए आज तिनीहरूका जीवन उत्ति भिन्नै हुनेथिएन।





भौतिकवाद
*रेखाचित्र १५.२*

उहाँको सृष्टिसित परमेश्वरको सम्बन्ध धर्मशास्त्रीय विवरण सर्वेश्वरवादभन्दा पनि भिन्नै छ। ग्रीक शब्द *pan*-को अर्थ "सर्व" अर्थात् "सबै" वा "प्रत्येक" हो अनि *सर्वेश्वरवाद* (pantheism)-को धारणाको अर्थ प्रत्येक थोकहरू, सम्पूर्ण विश्व, परमेश्वर हो वा परमेश्वरको भाग हो। यसलाई रेखाचित्र १५:३ मा जस्तै प्रतिनिधित्व

गर्न सकिन्छ।


सर्वेश्वरवादले परमेश्वरको स्वभावका विभिन्न सारभूत पक्षहरूलाई अस्वीकार गर्छ। यदि सम्पूर्ण विश्व परमेश्वर हुनुहुन्छ भने, परमेश्वरको विशिष्ट व्यक्तित्व छैन। परमेश्वर अब अपरिवर्तनशील हुनुहुन्न, किनभने विश्व परिवर्तन हुँदा, परमेश्वर पनि परिवर्तन हुनुहुन्छ। यसबाहेक, परमेश्वर अब पवित्र हुनुहुन्न, किनभने यस विश्वमा भएको खराबी पनि परमेश्वरको एउटा भाग हो। अर्को कठिनाइ यो छ कि प्रायःजस्ता सर्वेश्वरवादी प्रणालीहरूले (जस्तै धेरै पूर्वीय धर्महरू) अन्ततः वैयक्तिक मानवका व्यक्तित्वहरूलाई अस्वीकार गरिदिन्छन्, किनभने हरेक थोक परमेश्वर भएको हुनाले, एउटा व्यक्तिको उद्देश्य विश्वमै विलुप्तिनु हो अनि योसित अझ धेरै मात्रामा एक हुनु हो, र त्यसरी तिनको निजी विशिष्टता गुमाउनु हो। यदि विश्वलाई छोड़ेर परमेश्वर स्वयम्को भिन्नै चिन्हारी (वा अस्तित्व नै) छैन भने, हामीले पनि चिन्हारी पाउने संघर्ष गर्नु हुँदैन। यसकारण, सर्वेश्वरवादले परमेश्वरको व्यक्तिगत चिन्हारी मात्र नष्ट गर्दैन तर अन्ततः मानवजातिको चिन्हारी पनि नष्ट गरिदिन्छ।




सर्वेश्वरवाद
*रेखाचित्र १५.३*

सृष्टिलाई परमेश्वरबाट हुने "निस्सरण" (emanation)-को रूपमा (अर्थात्, कुनै यस्तो चीज जुन परमेश्वरबाट बाहिर निस्किआउँछ तर जुन परमेश्वरकै भाग हो र अझै पनि उहाँबाट भिन्नै हुँदैन) हेर्ने कुनै पनि दर्शनशास्त्र, परमेश्वरको स्वभावका पक्षहरूलाई अस्वीकार गर्ने प्रायःजस्ता वा सबै तरिकाहरूमा, सर्वेश्वरवादसरह हुँदछ।

बाइबलीय विवरणले द्वैत्ववाद (*dualism*)-लाई पनि रद्द गर्छ। यो धारणाअनुसार, परमेश्वर र भौतिक विश्व सदा-सर्वदादेखि सँग-सँगै अस्तित्वमा रहिआएका छन्। त्यसकारण, विश्वमा सर्वोच्च दुई शक्तिहरू छन् – परमेश्वर र पदार्थ। रेखाचित्र १५.४ मा जस्तै गरी यसलाई प्रतिनिधित्व गर्न सकिन्छ।





द्वैत्ववाद
*रेखाचित्र १५.४*

द्वैत्ववादको समस्या यो हो कि यसले परमेश्वर र भौतिक विश्वका खराब पक्षहरूमाझ एक अनन्तकालीन संघर्ष छ भनी सङ्केत गर्छ। के विश्वमा भएको खराबीलाई परमेश्वरले अन्ततः जित्नुहुनेछ ? हामी यस विषय निश्चित बन्न सक्दैनौं, किनभने परमेश्वर र खराबी दुवै स्पष्टतः सदाकाल एकैसाथ अस्तित्वमान् छन्। यस दर्शनशास्त्रले सृष्टिमाथि परमेश्वरको परम प्रभुत्वलाई, साथै सृष्टि परमेश्वरका इच्छाको कारण अस्तित्वमा आयो, अनि यसलाई उहाँकै उद्देश्यहरूका निम्ति मात्र प्रयोग गर्नुपर्दछ अनि यसले उहाँको महिमा गर्नुपर्दछ भन्ने धारणालाई अस्वीकार गर्छ। यस दृष्टिकोणले यो पनि अस्वीकार गर्छ कि सम्पूर्ण विश्व स्वाभाविक रूपले असल सृष्टि गरिएको थियो (उत १:३१), अनि परमेश्वरले यसलाई असल होस् भनी बनाउनुभयो र उहाँले आफ्ना उद्देश्यहरूका निम्ति यसमा शासन गर्नुहुन्छ भन्ने सृष्टिबारे साँचो बाइबलीय विवरणको विपरीत यसले भौतिक सत्यता आफैमा किञ्चित् खराब छ भनी हेर्न मानिसहरूलाई प्रोत्साहित गर्छ।

आधुनिक संस्कृतिमा द्वैत्ववादको एउटा उदाहरण धारावाहिक चलचित्र *स्टार वार्स* हो जसले विश्वव्यापी "शक्ति"-को अस्तित्व मानिलिँदछ, जुन शक्तिका असल र खराब दुवै पक्षहरू छन्। त्यहाँ एक पवित्र र लोकातीत परमेश्वरको धारणा छैन जसले सबैमाथि शासन गर्नुहुन्छ अनि जसले सबैलाई निश्चय नै विजय गर्नुहुन्छ। आज गैरख्रीष्टियानहरू विश्वको आत्मिक पक्षबारे अवगत बन्न लाग्दा, अलौकिक वा आत्मिक संसारमा असल र खराब पक्षहरू छन् भन्ने कुरालाई मात्र मान्दै तिनीहरू प्रायः नै द्वैत्ववादीहरू बन्दछन्। अधिकांश "न्यू एज" धर्म द्वैत्ववादी छ। मानिसहरूलाई यो सोच्नलाई बाध्य बनाउन शैतान निश्चय नै प्रसन्न छ कि विश्वमा एउटा खराब शक्ति छ जुन सम्भवतः परमेश्वर स्वयम् बराबरकै छ।

सृष्टिबारे ख्रीष्टियान दृष्टिकोण पनि *देववाद*को दृष्टिकोणभन्दा बेग्लै छ। देववाद यस्तो दृष्टिकोण हो, जसअनुसार, अब परमेश्वर सृष्टिमा प्रत्यक्ष रूपमा संलग्न हुनुहुन्न। यस दृष्टिकोणलाई रेखाचित्र १५.५ मा जस्तै गरी प्रतिनिधित्व गर्न सकिन्छ।



देववाद
*रेखाचित्र १५.५*

साधारणतया देववादले यो विश्वास राख्छ कि परमेश्वरले विश्व सृष्टि गर्नुभयो अनि उहाँ विश्वभन्दा अति नै महान् हुनुहुन्छ (परमेश्वर "लोकातीत" हुनुहुन्छ)। परमेश्वरका नैतिक मापदण्डहरू छन् अनि न्यायको दिनमा उहाँले मानिसहरूलाई जवाफदेही तुल्याउनुहुनेछ भनी कतिपय देववादीहरू पनि सहमत हुन्छन्। तर तिनीहरूले संसारमा परमेश्वरको वर्तमान संलग्नतालाई अस्वीकार गर्छन्; त्यसरी

तिनीहरूले सृष्टि गरिएको व्यवस्थामा उहाँको अन्तर्निहिततालाई कुनै स्थान नै दिँदैनन्। यसको सट्टा, परमेश्वरलाई परमेश्वरीय घड़ीसाजको रूपमा हेरिन्छ जसले आरम्भमा सृष्टिको "घड़ी"-लाई चाबी लगाइदिनुभयो तर आफै चलोस् भनी यसलाई छोड़िदिनुभयो।

देववादले परमेश्वरको लोकातीततत्वलाई एक प्रकारले पुष्टि गरे तापनि, यसले बाइबलको प्रायःजस्तो सम्पूर्ण इतिहासलाई नै अस्वीकार गर्छ, जो संसारमा परमेश्वरको सक्रिय संलग्नताको इतिहास हो। धेरै "मनतातो" वा नामधारी ख्रीष्टियानहरू आज वास्तवमा व्यावहारिक देववादीहरू हुन्, किनभने तिनीहरूले साँचो प्रार्थना, उपासना, परमेश्वरको भय, वा उत्पन्न हुने आवश्यकताहरूका निम्ति पलपलको भरोसाविहीन जीवनहरू जिउँछन्।

### ग. परमेश्वरले उहाँको महिमा देखाउनलाई विश्व सृष्टि गर्नुभयो

यो कुरा स्पष्ट छ कि परमेश्वरले उहाँका जनलाई उहाँको आफ्नै महिमाको निम्ति सृष्टि गर्नुभयो किनभने उहाँले उहाँका छोराछोरीहरूबारे यो भन्नुहुन्छ, "जसलाई मैले मेरो महिमाको निम्ति सृष्टि गरेको छु, जसको आकार मैले नै रचेँ र बनाएँ" (यशै ४३:७)। तर परमेश्वरले मानवजातिलाई मात्र यो उद्देश्यका निम्ति बनाउनुभएन। सम्पूर्ण सृष्टिकै आशय परमेश्वरको महिमा देखाउनलाई थियो। ताराहरू, चन्द्रमा र आकाशजस्ता जड़ सृष्टिले परमेश्वरको महानताको साक्षी दिन्छन्। "आकाशले परमेश्वरका महिमाको वर्णन गर्छ। र तारा-मण्डलले उहाँका हातको सीपको घोषणा गर्छ" (भज १९:१-२)। प्रकाश ४ मा भएको स्वर्गीय गीतले परमेश्वरले सृष्टि गर्नुभएका सबै थोकहरूलाई यो तथ्यसित सम्बन्धित बनाउँदछ कि परमेश्वर ती थोकहरूबाट महिमा प्राप्त गर्न योग्यको हुनुहुन्छ :

> "हे हाम्रा प्रभु र परमेश्वर,
> तपाईं महिमा, आदर, र शक्ति ग्रहण गर्ने योग्यको हुनुहुन्छ,
> किनभने सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो,
> र तपाईंको इच्छाबमोजिम ती अस्तित्वमा आए,
> र तिनको सृष्टि भयो।" (प्रका ४:११)

सृष्टिले परमेश्वरबारे के देखाउँछ? मूलतः यसले देखाउँछ उहाँको महान् शक्ति र बुद्धि जुन कुनै पनि प्राणीद्वारा कल्पना गर्न सकिनेभन्दा कता हो कता महान् छ।[११] "तर परमेश्वरले नै पृथ्वीलाई आफ्नो सामर्थ्यले बनाउनुभयो। उहाँले आफ्नो बुद्धिले संसार स्थापित गर्नुभयो, र आफ्नो समझशक्तिले उहाँले आकाशलाई फैलाउनुभयो" (यर्मि १०:१२)। अज्ञानी मानिसहरू र तिनीहरूले बनाउने बेकामका मूर्तिहरूका तुलनामा यर्मिया भन्छन्, "उहाँ, जो याकूबका भाग हुनुहुन्छ, यीजस्ता हुनुहुन्न, किनकि उहाँ नै सबै थोकहरूलाई बनाउनुहुने हुनुहुन्छ ... सर्वशक्तिमान्

[११]यदि हामीले सृष्टिलाई सही प्रकारले व्याख्या गर्नु हो भने धर्मशास्त्रको आवश्यकता पर्छ भन्ने तथ्यबारे छलफलका लागि हे. अ. ७।

परमप्रभु उहाँको नाउँ हो" (यर्मि १०:१६)। घाम वा ताराहरूलाई हेरिएको एकै झलकले हामीलाई परमेश्‍वरको अनन्त शक्ति विषय विश्‍वास दिलाउँछ; अनि रूखको एउटा पातलाई गरिएको क्षणिक निरीक्षणले, वा मानिसका हातको, वा कुनै पनि जीवित कोशिकाको उदेकपनले हामीलाई परमेश्‍वरको महान् बुद्धि विषय विश्‍वास दिलाउँछ। कसले यो सबै बनाउन सक्नुहुन्थ्यो ? कसले यसलाई शून्यबाट बनाउन सक्नुहुन्थ्यो ? कसले यसलाई अनन्त वर्षहरूसम्म दिनहुँ पोषण गर्न सक्नुहुन्थ्यो ? त्यस्तो असीम शक्ति, त्यस्तो जटिल सीप हाम्रो समझदेखि पूर्ण रूपले बाहिरको कुरा हो। हामीले यसमाथि मनन गर्दा, हामी परमेश्‍वरलाई महिमा दिन्छौं।

परमेश्‍वरले उहाँको महिमा देखाउनलाई विश्‍वको सृष्टि गर्नुभयो भनी हामीले पुष्टि गर्दा, हामीले यो स्पष्ट अनुभव गर्नु महत्त्वपूर्ण छ कि उहाँलाई यो सृष्टि गर्न आवश्‍यक थिएन। त्रिएकत्वभित्र अनन्तकालको निम्ति परमेश्‍वरको जति महिमा थियो त्योभन्दा धेरै महिमा उहाँलाई चाहिन्थ्यो वा सृष्टि गरिएको विश्‍वबाट उहाँले पाउनुहुने महिमाविना उहाँ कुनै रीतिले अपूर्ण हुनुहुन्थ्यो भनी हामीले सोच्नु हुँदैन। यसो गर्नु भनेको परमेश्‍वरको स्वतन्त्रतालाई अस्वीकार गर्नु हुनेछ अनि पूर्ण रूपले परमेश्‍वर बन्नलाई परमेश्‍वरलाई विश्‍वको आवश्‍यकता थियो भनी इङ्गित गर्नु हुनेछ।[12] यसको सट्टामा, हामीले यो पुष्टि गर्नैपर्दछ कि विश्‍वको सृष्टि परमेश्‍वरको नितान्त स्वतन्त्र काम थियो। यो आवश्‍यक काम थिएन तर यो यस्तो काम थियो जो गर्न परमेश्‍वरले चुन्नुभयो। "सबै कुरा तपाईंले नै सृष्टि गर्नुभएको हो, र तपाईंकै इच्छाबमोजिम ती अस्तित्वमा आए, र तिनको सृष्टि भयो" (प्रका ४:११)। उहाँको श्रेष्ठता प्रदर्शन गर्नलाई परमेश्‍वरले विश्‍व सृष्टि गर्ने चाहना गर्नुभयो। सृष्टिले उहाँको महान् बुद्धि र शक्ति देखाउँछ अनि अन्ततः यसले उहाँका अन्य सबै गुणहरूलाई पनि देखाउँछ।[13] यस्तो प्रतीत हुन्छ कि परमेश्‍वरले विश्‍व सृष्टि गर्नुभयो अनि उहाँको सृष्टिमा आनन्द लिनुभयो, किनभने सृष्टिले परमेश्‍वरको गुणका विभिन्न पक्षहरू देखाउँछ, र त्यही सीमासम्म परमेश्‍वरले त्यसमा प्रसन्नता लिनुहुन्छ।

यसले यो व्याख्या गर्छ कि हामी आफैहरूले पनि सबै किसिमका सृजनात्मक क्रियाकलापमा स्वाभाविक आनन्द किन अनुभव गर्छौं। कलात्मक वा साङ्गीतिक वा साहित्यिक सीपहरू भएका मानिसहरूले थोकहरू सिर्जना गर्नु अनि आफ्ना सृजनात्मक कामहरू हेर्न, सुन्न र मनन गर्नमा आनन्द प्राप्त गर्छन्। परमेश्‍वरले हामीलाई यस्तो प्रकारले बनाउनुभएको छ कि हामीले प्राणीले सुहाउँदो रूपमा उहाँका सृजनात्मक काम अनुकरण गर्नमा आनन्द प्राप्त गरौं। अनि मानवजातिको उदेकका पक्षहरूमध्ये एउटा – जो सम्पूर्ण सृष्टिदेखि भिन्नै छ – हो नयाँ थोकहरू बनाउने हाम्रो क्षमता। यसले पनि यो बताउँछ कि हामी अरू किसिमका "सृजनात्मक" गतिविधिमा किन आनन्द मान्छौं – धेरै मानिसहरूले खाना पकाउन वा घर सजाउन वा काठको वा अरू सामानहरूका काम गर्न वा वैज्ञानिक आविष्कारहरू गर्न वा औद्योगिक उत्पादनमा हुने समस्याहरूका नौलो समाधानहरूको युक्ति निकाल्न आनन्द मान्छन्।

[12] परमेश्‍वरको स्वतन्त्रता विषयबारे छलफल हे. अ. ११ मा ।

[13] सम्पूर्ण सृष्टिले परमेश्‍वरका विभिन्न गुणहरू खुलस्त गर्ने तरिकाहरूबारे हे. अ. ११ दिइएको छलफल।

बालबालिकाहरूले पनि चित्रहरूमा रङ्ग भर्न वा खेलाउने घरहरू बनाउन आनन्द मान्छन्। यी सबै क्रियाकलापमा हामी सानो मात्रामा परमेश्वरको सृजनात्मक क्रियालाई प्रतिविम्बित गर्छौं।

### घ. परमेश्वरले सृष्टि गर्नुभएको विश्व "साह्रै असल" थियो

यो बुँदा पहिलेकै बुँदाबाट आउँछ। परमेश्वरले यदि उहाँको महिमा देखाउनलाई विश्व सृष्टि गर्नुभयो भने हामी यो आशा गर्छौं कि त्यो विश्वले त्यो उद्देश्य पूरा गरोस् जुन उद्देश्यको निम्ति परमेश्वरले यसलाई सृष्टि गर्नुभयो। वास्तवमा परमेश्वरले जब उहाँका सृष्टिको काम समाप्त गर्नुभयो, तब उहाँले यसमा निश्चय नै आनन्द उठाउनुभयो। सृष्टिको प्रत्येक चरणको समाप्तिमा परमेश्वरले यो देख्नुभयो कि उहाँले जे गर्नुभएको थियो सो "असल" थियो (उत १:४, १०, १२, १८, २१, २५)। अनि सृष्टिको काम समाप्त भएको छैटौं दिनमा, "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो" (उत १:३१)। आफूले बनाउनुभएको सृष्टिमा परमेश्वर खुशी हुनुभयो, ठीक त्यसरी नै जसरी उहाँले उद्देश्य राख्नुभएको थियो।

आज संसारमा पाप भए तापनि भौतिक संसार अझै पनि परमेश्वरको नजरमा असल छ अनि यसलाई हामीले पनि "असल" छ भनी हेर्नुपर्दछ। यो ज्ञानले हामीलाई झुटो वैराग्यवादबाट मुक्त गर्छ, जसले भौतिक सृष्टिको प्रयोग र यसको आनन्दोपभोगलाई गलत भनी हेर्छ। पावल भन्छन् कि जसले "विवाह निषेध" गर्छन् र "विश्वास गर्नेहरू र सत्य जान्नेहरूले धन्यवादसाथ ग्रहण गर्नुपर्ने परमेश्वरले सृजनुभएको भोजनहरूबाट अलग्ग बस्ने आदेश" दिन्छन् तिनीहरूले "भूतप्रेतका सिद्धान्ततिर मन लाइरहेका छन्" (१ तिमो ४:१-३)। यहाँ प्रेरितले त्यस्तो दृढ नीति लिइरहेका छन् किनभने उनी यो बुझ्दछन् कि "परमेश्वरले सृजनुभएको हरेक कुरा असल छ, र धन्यवादसाथ ग्रहण गरे कुनै थोक पनि इन्कार गरिनुपर्दैन। किनभने त्यो परमेश्वरको वचन र प्रार्थनाले चोखो तुल्याइन्छ" (१ तिमो ४:४-५)। हामीले यस भौतिक सृष्टिमा आनन्द उठाउने भोजन र अन्य थोकहरूलाई पवित्र पार्ने वा "चोखो तुल्याउने" भनी पावलले उल्लेख गरेका "परमेश्वरको वचन सम्भवतः उत्पत्ति १:३१ मा परमेश्वरले "त्यो साह्रै राम्रो थियो" भनी बोल्नुभएको आशिषतिर गरिएको सङ्केत हो।

सृष्टि गरिएको व्यवस्थालाई पापमय वा स्वार्थी तरिकाहरूमा प्रयोग गर्न सकिन्छ र यसले परमेश्वरप्रति हाम्रो स्नेह उहाँबाट हटाइदिन सक्छ; तथापि परमेश्वरको सृष्टि दुरुपयोग हुने जोखिमले हामीलाई हाम्रो आफ्नै आनन्द र उहाँका राज्यको भलाइका निम्ति यसको सकारात्मक, धन्यवादी, आनन्दमय उपयोग गर्नदेखि वञ्चित् गर्नु हुँदैन। धनी बन्ने अभिलाषा र "रुपियाँपैसाको मोह" (१ तिमो ६:९-१०)-को विरुद्धमा पावलले चेताउनी दिएपछि लगत्तै उनी यो पुष्टि गर्छन् कि "हरेक थोक प्रशस्तसँग उपभोग गर्न दिनुहुने" (१ तिमो ६:१७) परमेश्वर नै हुनुहुन्छ। यो तथ्यले उपयुक्त औद्योगिक र प्राविधिक विकास (पर्यावरणको वास्तासितै) गर्न, साथै

परमेश्वरले सृष्टि गर्नुभएको भरपूर पृथ्वीका उत्पादहरूको आनन्दमय र धन्यवादी प्रयोगलाई, हामी आफैले गर्ने र उनीहरूले गर्ने जोससँग हामीले हाम्रो धन-सम्पत्ति बाँड्नुपर्छ, प्रोत्साहित गर्न ख्रीष्टियानहरूलाई आज्ञा-पत्रै दिन्छ। ती उत्पादनहरू हामी आफैहरूले र हामीले हाम्रो धन-सम्पत्ति बाँड्नु पर्ने (१ तिमो ६:१८ मा ध्यान दिनुहोस्) मानिसहरूले आनन्द र धन्यवादसित उपभोग गर्नुपर्छ। तथापि यी सबै कुराहरूमा हामीले यो याद गर्नुपर्दछ कि भौतिक धन-सम्पत्तिहरू अस्थायी मात्र हुन्, अनन्त जाने होइनन्। हामीले हाम्रो आशाहरू परमेश्वरमा (हे. भज ६२:१०; १ तिमो ६:१७) र हल्लाउन नसकिने राज्य-प्राप्तिमा राख्नुपर्दछ (कल ३:१-४; हिब १२:२८; १ पत्र १:४)।

### ञ. धर्मशास्त्र र आधुनिक विज्ञानका निष्कर्षहरूबीचको सम्बन्ध

इतिहासका विभिन्न कालखण्डहरूमा, ख्रीष्टियानहरूले आफूहरूलाई समकालीन विज्ञानका निष्कर्षहरूसित असहमत भइरहेका पाएका छन्। विशाल बहुसंख्यक मुद्दाहरूमा, इमानदार ख्रीष्टियानहरू विश्वास र बाइबलमा राखिने दृढ भरोसाले वैज्ञानिकहरूलाई परमेश्वरको विश्वबारे नवीन तथ्यहरू आविष्कार गर्नेतिर अग्रसर गराएको छ, अनि यी आविष्कारहरूले सम्पूर्ण उत्तरवर्ती इतिहासका वैज्ञानिक मत परिवर्तन गरिदिएका छन्। आइजक न्यूटन, ग्यालिलो ग्यालिलिइ, जोहनस् केपलर, ब्लेइस पास्कल, रबर्ट बायल, माइकल फराडे, जेम्स क्लर्क म्याक्सवेल, र अन्य धेरै यसका उदाहरणहरू हुन्।[१४]

यसको विपरीत, यस्ता समयहरू पनि थिए जब स्वीकृत वैज्ञानिक मत र बाइबलका वचनसम्बन्धी मानिसहरूको बुझाइबीच द्वन्द्व थियो। उदाहरणार्थ, इटलीका खगोलशास्त्री ग्यालिलियोले (१५६४-१६४२) पृथ्वी विश्वको केन्द्र होइन तर पृथ्वी र अरू ग्रहहरू घामका वरिपरि घुम्छन् (त्यसर्थ, पोल्यान्डका खगोलशास्त्री कपर्निकसको [१४७२-१५४३] सिद्धान्तलाई पछ्याउँदै) भनी शिक्षा दिन थाल्दा तिनको आलोचना भयो अनि कालान्तरमा तिनका लेखहरू रोमन क्याथलिक चर्चद्वारा रद्द गरिए। यसको कारण यो थियो कि धेरै मानिसहरूले यो सोचे कि बाइबलले घाम पृथ्वीवरिपरि घुम्छ भनी सिकाएको थियो। वास्तवमा, बाइबलले त्यो कदापि सिकाउँदैन, तर कपर्निकसको खगोल-विज्ञान नै थियो जसले मानिसहरूलाई यो हेर्न धर्मशास्त्र फेरि पल्टाउन बाध्य बनायो कि धर्मशास्त्रले जे सिकाएको थियो भनी तिनीहरूले सोचेका थिए सो यसले वास्तवमै सिकाएको थियो वा थिएन। घाम उदाएका र अस्ताएका वर्णनहरूले (श्रेष्ठगीत १:५; आदि) मानव निरीक्षकको परिप्रेक्ष्यबाट घटनाहरू जस्ता देखिन्छन्, केवल त्यो मात्र चित्रण गर्छन्, र त्यो परिप्रेक्ष्यबाट तिनीहरूले सही वर्णनहरू दिन्छन्। तर तिनीहरूले पृथ्वी र घामको सापेक्षिक गतिलाई सङ्केत गर्दैनन् अनि मानव निरीक्षकको दृष्टिकोणमा घाम किन "अस्ताउँछ" त्यसबारे बाइबलले कतै व्याख्या गर्दैन। पृथ्वी वा घाम वा कुनै पनि ग्रहआदि विश्व वा

[१४]यी वैज्ञानिकहरूमध्ये अनेकौंका जीवन र कार्यको संक्षिप्त सर्वेक्षणका लागि हे. August J. Kling, "Men of Science/Men of Faith," *HIS*, May 1976, पृह. २६-३१।

सौर-मण्डलको केन्द्र हो वा होइन भनी बाइबलले केही पनि बताउँदैन – त्यस प्रश्नबारे धर्मशास्त्रले छलफल गर्दैन। तथापि आफ्ना शिक्षाहरूलाई त्याग्न अनि आफ्नो जीवनका अन्तिम केही वर्ष गृहबन्दी भएर बिताउन बाध्य बनाइएका ग्यालिलियोको जीवनको उदाहरणले हामीलाई यो स्मरण गराउनुपर्छ कि प्राकृतिक संसारलाई सतर्कतापूर्वक गरिएको पर्यवेक्षणले हामीलाई फेरि धर्मशास्त्र पल्टाई दोहोराएर जाँच गर्न लगाउन सक्छ कि जुन शिक्षा धर्मशास्त्रले दिन्छ भनी हामी सोच्दछौं, यसले वास्तवमै त्यही शिक्षा दिन्छ के ? कहिलेकाहीं, धर्मशास्त्रको मूलपाठलाई अझ ध्यान दिएर जाँच गर्दा हामीले हाम्रो पहिलाका व्याख्याहरू भूल भएका पाउन सक्छौं।

उदाहरणार्थ, पहिलाका पुस्ताहरूले पृथ्वीको आयुबारे जे सोचे, ख्रीष्टियानहरूलाई त्यसको पुनर्मूल्याङ्कन गर्न वैज्ञानिक अनुसन्धानले सहायता गरेको छ, फलस्वरूप आज कुनै पनि इभ्यान्जेलिकल विद्वान्ले संसार ख्री.पू. ४००४ मा सृष्टि गरिएको थियो भनी विश्वास गर्दैनन्। तथापि आयरल्यान्डका आर्कविशप JamesUssher (१५८१-१६५६)-का लेखहरूको कारण सृष्टिको मिति त्यही नै थियो भनी एक समय व्यापक रूपमा विश्वास गरिएको थियो। तिनी तिनताकका एक धुरन्धर विद्वान् थिए, जसले आदम कहिले सृष्टि गरिएका थिए भनी पत्तो लाउनलाई बाइबलमा भएका वंशावलीहरूका मितिहरू सतर्कतापूर्वक गणना गरेका थिए। आज यो व्यापक रूपमा स्वीकार गरिएको छ कि पृथ्वीको वा मानवजातिको सृष्टिको सही मिति बाइबलले बताउँदैन (तल हेर्नुहोस्)।

अर्कोतिर, प्राणीहरूको विकाससम्बन्धी आजका वैज्ञानिकहरूको प्रमुख मतसित सहमत हुन ख्रीष्टियान समुदायका धेरै मानिसहरूले दृढतापूर्वक अस्वीकार गरेका छन्। यस विषयमा हजारौं ख्रीष्टियानहरूले बारम्बार धर्मशास्त्रलाई निफन्दै जाँच गरेका छन् अनि धेरैले यो निष्कर्ष निकालेका छन् कि जीवित प्राणीहरू जुन प्रक्रियाद्वारा अस्तित्वमा आए सोबारे धर्मशास्त्र मौन छैन। यसबाहेक, सृष्टि गरिएको विश्वसम्बन्धी तथ्यहरूका सतर्क जाँचले प्राणीहरूको विकासको सिद्धान्तसम्बन्धी व्यापक असहमति (ख्रीष्टियान र गैरख्रीष्टियान दुवै थरीका वैज्ञानिकहरूबाट) उत्पन्न गरेको छ।[१५] यसर्थ बाइबलीय र वैज्ञानिक दुवै धरातलहरूमा, प्राणीहरूको विकासको सिद्धान्तलाई ख्रीष्टियानहरूद्वारा चुनौती दिइएको छ।

हामीले यो पनि याद गर्नुपर्दछ कि विश्वको सृष्टिसम्बन्धी प्रश्न अन्य वैज्ञानिक प्रश्नहरूसरह हुँदैनन् किनभने सृष्टि यस्तो चीज होइन जसलाई वैज्ञानिक प्रयोगशालामा दोहोऱ्याउन सकियोस्, नता यसको कुनै मानव पर्यवेक्षकहरू नै थिए। त्यसकारण, सृष्टि र पृथ्वीको आदिकालीन इतिहासबारे वैज्ञानिकहरूका घोषणाहरू धेरैमा केही हदसम्म ज्ञान र अनुभवमा आधारित अड्कलबाजीहरू मात्र हुन्। यी घटनाहरूको एकमात्र पर्यवेक्षक (परमेश्वर स्वयम्)-ले हामीलाई तीबारे बाइबलका भरपर्दा शब्दहरूमा बताउनुभएको छ भन्ने हामीमा दृढधारणा छ भने हामीले बाइबलीय

[१५]विकासवादको विरुद्धमा बढ्दो वैज्ञानिक प्रमाणहरूको विश्लेषणका निम्ति, हे. विशेष गरी Michael Denton र Phillip E. Johnson-का पुस्तकहरू, जो यस अध्यायको पुस्तक सन्दर्भमा उद्धृत छन् अनि यीबारे तल छलफल गरिएको छ।

विवरणलाई सतर्कतापूर्वक ध्यान दिनुपर्दछ।

यसपछिको खण्डमा, हामीले केही सिद्धान्तहरू तालिकाबद्ध गरेका छौं, जसद्वारा सृष्टि र आधुनिक विज्ञानले पत्तो लगाएका तथ्यहरूमाझको सम्बन्धलाई हेर्न सक्छौं।

**१. सबै तथ्यहरू सही प्रकारले बुझिएपछि, धर्मशास्त्र र प्राकृतिक विज्ञानमा "निर्णायक द्वन्द्व हुनेछैन"।** "निर्णायक द्वन्द्व हुनेछैन" वाक्यांश Francis Schaeffer-ले लेखेका अति उपयोगी पुस्तक *No Final Conflict*-बाट लिइएको हो।[१६] विश्वको सृष्टिसम्बन्धी प्रश्नबारे उनी विभिन्न क्षेत्रहरू सूचीबद्ध गर्छन् जहाँ, उनको मतअनुसार, धर्मशास्त्रको पूर्ण सत्यतामा विश्वास गर्ने ख्रीष्टियानहरूमाझ असहमति हुने ठाउँ छ :

१. सम्भावना छ कि परमेश्वरले "पूर्ण विकसित" विश्व सृष्टि गर्नुभयो।
२. उत्पत्ति १:१ र १:२ वा १:२ र १:३ माझ अन्तरालको सम्भावना छ।
३. उत्पत्ति १ मा लामो दिनको सम्भावना छ।
४. जलप्रलयले भूवैज्ञानिक तथ्याङ्कहरूलाई प्रभावित पारेको हुने सम्भावना छ।
५. उत्पत्ति १ मा "जात-जातका"-को अर्थ धेरै विस्तृत हुन सक्छ।
६. पतनअघि पशु-प्राणीहरूका मृत्युको सम्भावना।
७. जहाँ हिब्रू शब्द *bara* प्रयोग भएको छैन त्यहाँ पहिलादेखि नै अस्तित्वमा भएका थोकहरूको सिलसिला चलेको हुन सक्छ।[१७]

माथिका कुनै पनि दृष्टिकोणहरू उनकै हुन् भनी उनले भनिरहेका छैनन् भनी Schaeffer स्पष्ट गर्छन्; उनी यो मात्र भन्छन् कि ती सिद्धान्ततः सम्भव छन्। उनको प्रमुख बुँदा यो हो कि प्राकृतिक संसारबारे हाम्रो बुझाइमा र धर्मशास्त्रबारे हाम्रो बुझाइमा हाम्रो ज्ञान पूर्ण छैन। तर वैज्ञानिक र बाइबलीय अध्ययन हामी यो आत्मविश्वाससित थाल्न सक्छौं कि सबै तथ्यहरू सही प्रकारले बुझिएपछि, अनि हामीले धर्मशास्त्रलाई ठीक प्रकारले बुझेपछि, हाम्रो निष्कर्षहरूबीच आपसी द्वन्द्व हुनेछैन, त्यहाँ "निर्णायक द्वन्द्व हुनेछैन"। यसको कारण यो हो कि धर्मशास्त्रमा बोल्नुहुने परमेश्वरले सबै तथ्याङ्कहरू जान्नुहुन्छ अनि उहाँ यसरी बोल्नुभएको छैन जसले विश्वको कुनै सत्यतालाई खण्डन गरोस्।

यो अति नै उपयोगी दृष्टिकोण हो जुनसित ख्रीष्टियानहरूले सृष्टिको र आधुनिक विज्ञानको कुनै पनि अध्ययन आरम्भ गर्नुपर्दछ। सृष्टि गरिएको संसारको कुनै पनि तथ्यबारे वैज्ञानिक ढङ्गले खोजी गर्न हामी डराउनुहुँदैन तर यो काम यति उत्सुकतापूर्वक अनि पूर्ण इमानदारीसित, आत्मविश्वाससित गर्नुपर्दछ कि तथ्यहरू सही प्रकारले बुझिएपछि ती धर्मशास्त्रमा निहित परमेश्वरका त्रुटिविहीन वचनअनुरूपका हुनेछन्। यस्तै प्रकारले हामीले धर्मशास्त्रको अध्ययन उत्सुकतापूर्वक र त्यो आत्मविश्वाससित थाल्नुपर्दछ कि सही प्रकारले धर्मशास्त्र बुझियो भने, धर्मशास्त्रले कहिल्यै पनि प्राकृतिक संसारमा भएका तथ्यहरूको खण्डन गर्दैन।[१८]

[१६]डाउनर्स ग्रोभ, इलि : इन्टरभर्सिटी प्रेस, १९७५।

कसैले यो आपत्ति उठाउन सक्ला कि यो सम्पूर्ण छलफल अनुपयुक्त छ किनभने बाइबल हामीलाई धर्म र नैतिक कुराहरू सिकाउनलाई दिइएको छ, "विज्ञान" पढ़ाउनु यसको उद्देश्य होइन। तर जस्तो कि हामीले माथि ५ अध्यायमा हेरे झैं, धर्मशास्त्र स्वयम्ले आफैमाथि यस्ता विषयहरूमा प्रतिबन्धहरू लगाउँदैन जसबारे यसले कुरा गर्न सक्छ। यद्यपि बाइबल निश्चय नै औपचारिक अर्थमा विज्ञानको "पाठ्यपुस्तक" होइन, तर पनि प्राकृतिक संसारबारे – यसको उद्भव, यसका उद्देश्यहरू, यसको अन्तिम नियति – यसमा धेरैवटा सकारात्मक वक्तव्यहरू छन् अनि संसार दिनहुँ कसरी चल्छ, सोसम्बन्धी यसमा धेरैवटा वक्तव्यहरू छन्। धर्मशास्त्रका सबै वचनहरू बोल्नुहुने परमेश्वर नै (साथै मानव लेखकहरू) हुनुहुन्छ भन्ने धारणालाई यदि हामीले गम्भीरतापूर्वक लियौं भने, हामीले यी वक्तव्यहरूलाई गम्भीरतापूर्वक लिनुपर्दछ अनि तिनीहरूलाई विश्वास पनि गर्नुपर्दछ। वास्तवमा, धर्मशास्त्रले यो भन्छ कि कतिपय "वैज्ञानिक" तथ्यहरूबारे हाम्रो बुझाइ हाम्रो विश्वासको मामिला हो! हिब्रू ११:३ ले हामीलाई भन्छ, "विश्वासद्वारा हामी बुझ्दछौं कि सारा विश्व परमेश्वरको वचनद्वारा सृष्टि भयो, र जो दृश्य छ त्यो अदृश्य कुराबाट बन्यो।"

**२. सृष्टिसम्बन्धी केही सिद्धान्तहरू धर्मशास्त्रका शिक्षाहरूसित स्पष्टतः असङ्गत देखिन्छन्।** यस खण्डमा हामी विश्वको उत्पत्तिबारे तीन किसिमका व्याख्याहरू जाँच गर्नेछौं जो धर्मशास्त्रसित स्पष्टतः असङ्गत देखिन्छन्।

**अ. धर्मनिरपेक्ष सिद्धान्तहरू** : पूर्णताको खातिर, हामी उहाँ केवल संक्षिप्तमा यो उल्लेख गर्छौं कि विश्वको उत्पत्तिसम्बन्धी कुनै पनि विशुद्ध धर्मनिरपेक्ष सिद्धान्त धर्मशास्त्रमा विश्वास गर्ने मानिसहरूका निम्ति अस्वीकार्य हुन्छ। "धर्मनिरपेक्ष सिद्धान्त" विश्वबारे कुनै पनि सिद्धान्त हो जसले बुद्धिमान (intelligent) ढाँचाद्वारा सृष्टिको रचनाका निम्ति अनन्तकालीन-व्यक्तिगत परमेश्वर उत्तरदायी हुनुहुन्छ भनी हेर्दैन। त्यसकारण, "बिग ब्याङ्ग" सिद्धान्त (धर्मनिरपेक्ष अर्थमा जसमा परमेश्वरलाई परै राखिएको छ) वा पदार्थ सदैव अस्तित्वमा रहेको छ भन्ने धारणा लिने कुनै पनि सिद्धान्तहरू धर्मशास्त्रको यो शिक्षासित असङ्गत हुनेछन् कि परमेश्वरले शून्यबाट विश्व सृष्टि गर्नुभयो अनि उहाँले उहाँको आफ्नै महिमाका निम्ति त्यो गर्नुभयो। (डार्विनवादलाई पूर्ण रूपले भौतिकवादी अर्थमा लिइँदा, जस्तो कि यसलाई प्रायः नै लिइन्छ, यो वाद पनि यही वर्गमा पर्छ।)[१९]

**आ. ईश्वरवादी विकास (Theistic Evolution)** : Charles Darwin-को पुस्तक *Origin of Species by Means of Natural Selection* (१८५९) प्रकाशित भएदेखियता कतिपय खीष्टियानहरूले प्रस्ताव राखेका छन् कि उनले प्रस्ताव गरेका प्रक्रियाद्वारा

[१७]ऐजन, पृह. २५-३३।
[१८]धर्मशास्त्र र प्राकृतिक प्रकाशमाझको सम्बन्धबारे हे. अ.४ मा छलफल।

नै जीवित जीवहरू उत्पन्न भए, तर परमेश्वरले त्यस प्रक्रियालाई मार्गदर्शन गर्नुभयो फलस्वरूप परिणाम ठीक उहाँले चाहनुभएको जस्तै भयो। यो दृष्टिकोणलाई *ईश्वरवादी विकास* भनिन्छ किनभने यसले परमेश्वरमा राखिने विश्वासलाई समर्थन गर्छ (यो ईश्वरवादी हो) साथै विकासवादलाई। ईश्वरवादी विकासवादमा विश्वास गर्ने धेरैले यो सुझाउ राख्छन् कि परमेश्वरले कुनै निर्णायक समयमा त्यो प्रक्रियामा हस्तक्षेप गर्नुभयो, प्रायशः (१) आरम्भमा पदार्थको सृष्टिमा, (२) अति सामान्यतम प्रकारका जीवको (*life form*) सृष्टिमा, र (३) मानिसको सृष्टिमा। तर, ईश्वरवादी विकासवादीहरूले यो विश्वास गर्छन् कि सृष्टिमा परमेश्वरको सम्भाव्य हस्तक्षेप बाहेकका अन्य स्थितिहरूमा विकास अहिले प्रकृति-वैज्ञानिकहरूद्वारा आविष्कार गरिएको तरिकामा नै अगाड़ि बढ़चो अनि पृथ्वीमा भएका प्राणीहरूका अन्य सबै रूपहरू विकसित हुनु दिनलाई परमेश्वरले यही प्रक्रिया प्रयोग गर्ने निर्णय गर्नुभयो।

तिनीहरूले यो विश्वास गर्छन् कि जीवित प्राणीहरूका जताभावी उत्परिवर्तनहरूले (random mutations) "अनुकूली श्रेष्ठता" (adaptive advantage) [उत्परिवर्तन जसले तिनीहरूलाई तिनको पर्यावरणमा जीवित रहन उत्तम रूपले सक्षम बनायो] भएका प्राणीहरू बाँचे, नहुनेहरू मरे भन्ने तथ्यको कारण अझ उच्चतर् जीवनका रूपहरूको विकास भयो। तिनीहरूले विश्वास गर्छन् कि जीवित प्राणीहरूका जताभावी उत्परिवर्तनहरूले (random mutations) "अनुकूली श्रेष्ठता" [adaptive advantage] (अर्थात्, तिनीहरूलाई तिनको पर्यावरणमा बाँचिरहन सुसक्षम बनाउने उत्परिवर्तन) हुनेहरू बाँचे जबकि अरूहरू मरे भन्ने तथ्यद्वारा उच्चतर जीवहरूतिर डोऱ्याए।

ईश्वरवादी विकासवादीहरू विकासक्रम कसरी भयो भन्नेबारे तिनीहरूका दृष्टिकोणहरू परिवर्तन गर्न साँच्चै तत्पर छन्, कारण तिनीहरूको दृष्टिकोणअनुसार, यो कसरी भयो भन्नेबारे बाइबलले विशेष रूपले बताउँदैन। यसकारण साधारण वैज्ञानिक अनुसन्धानको माध्यमबाट यसको आविष्कार गर्ने काम हामीमा नै निर्भर गर्छ। तिनीहरूले यो तर्क गर्छन् कि विकास कसरी हुनआयो भन्नेबारे हामी जति धेरै मात्रामा सिक्दछौं, विभिन्न जीवहरू विकसित गर्नका लागि परमेश्वरले प्रयोग गर्नुभएको प्रक्रियाबारे हामी उति नै धेरै मात्रामा सिकिरहेका हुन्छौं।

ईश्वरवादी विकासवादका विरुद्ध आपत्तिहरू निम्नलिखित हुन् :

१. परमेश्वरको सृष्टि उद्देश्यपूर्ण छ भन्ने धर्मशास्त्रको स्पष्ट शिक्षा र विकासवादको सिद्धान्तले माग गरेको जताभाविता (*randomness*)-मा परस्पर-विरोधिता पाइन्छ। परमेश्वरले "पृथ्वीले जात-जातका जीवित प्राणीहरू, अर्थात् जात-जातका पालिने पशुहरू, घस्रने जन्तुहरू र जात-जातका वन-पशुहरू उत्पन्न गरोस्" (उत १:२४) भनी धर्मशास्त्रले भन्दा, यसले परमेश्वरले गर्नुहुने प्रत्येक काम उहाँले जानेर नै अनि उद्देश्यसहित गर्नुभएको तथ्य चित्रित गर्छ। तर यो तथ्य उत्परिवर्तनहरूलाई पूर्णतः *जताभावी* बढ्न दिनुको विपरीत हुन्छ, जुन वृद्धिमा, विकासको सिद्धान्तअनुसार, एउटा नयाँ प्रजाति उत्पन्न हुनसक्नुभन्दा अघि आउनुपर्ने दसौं लाख उत्परिवर्तनहरूको कुनै उद्देश्यै हुँदैन।

सृष्टिबारे बाइबलीय दृष्टिकोण र ईश्वरवादी विकासवादमाझको आधारभूत

भिन्नता यसमा छ – सबै विकासका आयोजनमा परिवर्तन ल्याउने र नयाँ प्रजातिको विकासपछाड़ि रहेको प्रेरक बल *जताभाविता* (randomness) हो। जीवहरूका जताभावी उत्परिवर्तनहरूविना आजको वैज्ञानिक अर्थमा प्राणीको विकास सम्भव हुनै सक्दैन। जताभावी उत्परिवर्तन नै त्यो आधारभूत बल हो जसले साधारणतम्देखि जटिलतम् जीवन रूपहरू अन्ततः विकास गराउँछ। तर धर्मशास्त्रअनुसार, नयाँ जीवहरूको विकासमा प्रेरक बल परमेश्वरको बुद्धिमान् योजना हो। परमेश्वरले "समुद्रका विशाल जल-जन्तुहरू, पानीहरूमा भरिएका चलहल गर्ने किसिम-किसिमका सबै जीवित प्राणीहरू र जात-जातका पखेटा भएका सबै पक्षीहरू" सृष्टि गर्नुभयो (उत १:२१)। "परमेश्वरले पृथ्वीका जात-जातका वन-पशुहरू, जात-जातका पालिने पशुहरू र जमीनमा घस्रने जात-जातका जन्तुहरू बनाउनुभयो। र परमेश्वरले हेर्नुभयो, त्यो असल थियो" (उत १:२५)। यी वक्तव्यहरू परमेश्वरले जताभावी हुने लाखौं उत्परिवर्तनहरूको सृष्टि, निर्देशन वा निरीक्षण गर्नुभएको धारणासित नमिलेका प्रतीत हुन्छन् अनि तीमध्ये कुनै पनि उहाँले चाहनुभएअनुसार "असल" नभएका, वा उहाँले पृथ्वीमा जुन प्रकारका उद्‌भिद वा पशुहरू होऊन् भन्ने आशय राख्नुभएको थियो, तीअनुरूप नभएका प्रतीत हुँदछ। परमेश्वरको सृष्टि विषय बाइबलको इमानदार विवरणको सट्टामा, ईश्वरवादी विकासको दृष्टिकोणले घटनाहरू लगभग यसरी घटेका हुनुपर्दछ भनी बुझ्नुपर्छ :

> अनि परमेश्वरले भन्नुभयो, "पृथ्वीले जात-जातका प्राणीहरू उत्पन्न गरोस्।" अनि यसपछि ३८ करोड़, ११ लाख, ९२ हजार ८ सय ७१ पटकका प्रयासहरूपछि, परमेश्वरले अन्तमा चल्न सक्ने मुसा बनाउनुभयो।

यो उदेकको व्याख्या देखिएला, तर पृथ्वीमा विभिन्न प्रकारका करोड़ौं उद्‌भिद र प्राणीहरूमध्ये प्रत्येकको निम्ति ईश्वरवादी विकासवादीहरूले ठीक उक्त किसिमको मान्यता राख्नुपर्दछ : ती सबै लाखौं वर्षमा जताभावी उत्परिवर्तनको प्रक्रियाद्वारा, कहिलेकाहींका उत्परिवर्तनहरू ती प्राणीहरूका निम्ति लाभदायक ठहरिँदा, क्रमिक रूपमा जटिलतर बन्दैगएर उत्पन्न भए।

एक ईश्वरवादी विकासवादीले यो आपत्ति गर्ला कि परमेश्वरले त्यस प्रक्रियामा हस्तक्षेप गर्नुभयो अनि उहाँले चाहनुभएजस्तै गरी यसलाई धेरै तहहरूमा मार्गदर्शन गर्नुभयो। एकपटक यस तर्कलाई मान्यता दिइएपछि यो मान्नैपर्दछ कि त्यस प्रक्रियामा बुद्धिमान् योजना थियो – त्यसो हुनेबित्तिकै विकासवाद भन्ने कुनै कुरै रहँदैन किनभने अब त्यहाँ जताभावी उत्परिवर्तन (परमेश्वरीय हस्तक्षेप भएका तहहरूमा) भन्ने कुरा पनि रहँदैन। कुनै पनि धर्मनिरपेक्ष विकासवादीले एउटा बुद्धिमान्, उद्देश्यपूर्ण सृष्टिकर्ताद्वारा यस प्रकारको कुनै हस्तक्षेप भयो भनी स्वीकार गर्नेछैन। तर परमेश्वरद्वारा भएको केही हदसम्मको सक्रिय र उद्देश्यपूर्ण योजनालाई एउटा ख्रीष्टियानले स्वीकार गर्नेबित्तिक्कै जताभाविता वा जताभावी उत्परिवर्तनबाट आविर्भाव हुने विकासको कुनै आवश्यकता नै रहँदैन। यसरी हामी पनि यो तथ्य स्वीकार गर्न सक्छौं कि परमेश्वरले असफल भएका हजारौं प्रयासहरूविना प्रत्येक

विशिष्ट प्राणी तत्कालै सृष्टि गर्नुभयो।

२. परमेश्वरको सृजनात्मक वचनले तत्कालै प्रतिक्रिया ल्यायो भनी धर्मशास्त्रले चित्रण गर्छ। धर्मशास्त्रले परमेश्वरको सृजनात्मक वचनबारे बताउँदा, यसले उहाँको वचनको शक्ति र उहाँको उद्देश्य पूरा गर्ने यसको क्षमतामा जोड़ दिन्छ।

> परमप्रभुको वचनले आकाशहरू निर्माण भए, उहाँकै
> मुखको सासले त्यहाँका ग्रह-नक्षत्रहरू।
>
> … … …
>
> किनकि उहाँका मुखको वचनले सारा सृष्टि रचियो,
> उहाँले आज्ञा गर्नुभयो, र त्यो स्थिर रहयो। (भज ३३:६, ९)

परमेश्वर बोल्नुभयो र प्राणीहरूमा दशौँ लाख वर्षपछि र दशौँ लाख जताभावी उत्परिवर्तनहरूपछि उहाँले आज्ञा गर्नुभएको प्रतिफललाई उहाँको शक्तिले जन्म दियो भन्ने धारणासित उक्त प्रकारको वक्तव्यले मेल नखाएको देखिन्छ। यसको सट्टामा, परमेश्वरले, "भूमिले वनस्पति उमारोस्," भन्नुभएपछि दोस्रो वाक्यले हामीलाई यो बताउँछ, "तब त्यस्तै भइहाल्यो" (उत १:११)।

३. परमेश्वरले वनस्पति र पशुहरूलाई *"आफ्नो-आफ्नो किसिम"-का* प्रजातिहरू उत्पन्न गराउन लाउनुभयो भनी धर्मशास्त्रले हामीलाई बताउँदा, यसले यो सुझाउ राख्छ कि परमेश्वरले धेरै प्रकारका वनस्पति र पशुहरू सृष्टि गर्नुभयो अनि तिनीहरूमध्ये केही भिन्नता भए तापनि (मानवजातिमा धेरैवटा विभिन्न आकार, जातिहरू, र भिन्न-भिन्नै व्यक्तिगत गुणहरू भएका कुरामा ध्यान दिनोस् !), तथापि आनुवंशिक उत्परिवर्तन (*genetic mutation*)-को माध्यमबाट आउन सक्ने परिवर्तनका किसिमको सीमा साँघुरो हुनेथियो।[२०]

४. अहिले अस्तित्वमा आउने हरेक प्राणीको सृजना वा गठनमा परमेश्वरको वर्तमान सक्रिय भूमिकालाई अनि ईश्वरवादी विकासवादीले प्रस्तावित गरेको विकासवादको "खबरदार, न छोऊ !" भन्ने प्रकारको भुललाई मिलापमा ल्याउन कठिन छ। दाऊदले स्वीकार गर्न सक्छन्, "किनकि तपाईंले नै मेरा भित्रका अङ्ग-प्रत्यङ्ग बनाउनुभयो, तपाईंले मलाई मेरी आमाको गर्भमा रच्नुभयो" (भज १३९:१३)।

---

[१९]डार्विनवादी विकासवादबारे छलफलसम्बन्धी तल हे.।

[२०]हिब्रू शब्द *min* ("किसिम") जैविक संवर्ग "प्रजाति"-को ठीक अनुरूप छ भनी हामीले कुनै जोड़ दिने आवश्यकता छैन, किनभने त्यो विभिन्न प्राणीहरूलाई वर्गीकृत गर्ने आधुनिक साधन मात्र हो। तर यो हिब्रू शब्दले निश्चित रूपले विभिन्न प्रकारका प्राणीहरूको साँघुरो विशेष विवरण इङ्गित गरेको देखिन्छ। उदाहरणार्थ, आफ्ना-आफ्ना बच्चाहरूलाई जन्म दिने अनि तिनीहरूका "जात-जात"-अनुसार छुट्ट्याइने अनेकौँ अति विशेष प्रकारका पशुप्राणी सङ्केत गर्न यो प्रयोग गरिन्छ। धर्मशास्त्रले "जात-जात"-का "चील … काग … बकुल्ला … सलह"-बारे बताउँछ (लेवी ११, १४, १५, १६, १९, २२)। आफ्नै "जात-जात"-अनुसार अस्तित्वमा रहेका अन्य प्राणीहरू हुन् – फटेँग्रा, गोहोरो, चील, समुद्री चरो, क्रौञ्च (लेवी ११:२२, २९; व्यव १४:१३, १४, १५, १८) आदि। यी धेरै विशेष किसिमका पशुहरू हुन्, अनि परमेश्वरले तिनको सृष्टि गर्नुभयो, ताकि तिनले आफ्नै "जाति"-लाई जन्म दिऊन्। यस्तो देखिन्छ कि यस किसिमका प्रत्येक जातका पशुहरूमाझमा तिनीहरूजस्तै तर केही परिवर्तित रूपका थरी-थरीकाहरू प्रजातिहरू जन्मनेथिए (ठूला वा साना थरीका बाजहरू, विभिन्न रङ्गका र विभिन्न आकारका मुखहरू भएका प्रजातिहरू हुनेथिए) तर तिनीहरूमा ठूलो परिवर्तन भएर ती पूर्णतः नयाँ प्रजातिका चराहरू बन्ने थिएनन् (Fair and Davis, *A Case for Creation*, पृ. १२९, सोच्दछन् कि "जाति"-ले आज परिवार वा क्रमसित मेल खान सक्छ, अन्यथा बीसौं

अनि परमेश्वरले मोशालाई भन्नुभयो, “मानिसको मुख कसले बनायो ? मानिसलाई लाटो वा बहिरो कि देख्ने वा अन्धो कसले बनाउँछ ? के म परमप्रभुले नै होइन र ?” (प्रस ४:११)। परमेश्वरले घाँसलाई उम्रिने बनाउनुहुन्छ (भज १०४:१४; मत्ती ६:३०) र चरा-चुरुङ्गी (मत्ती ६:२६) र वनका अरू प्राणीहरूलाई खुवाउनुहुन्छ (भज १०४:२१, २७-३०)। यदि परमेश्वर हरेक प्राणीको वृद्धि र विकासको प्रत्येक पाइलामा अहिले पनि यति बिघ्नै गरी संलग्न हुनुहुन्छ भने, के यसो भन्नु धर्मशास्त्रसम्मतै ठहरिन्छ कि यी जीवनका रूपहरू परमेश्वरको परोक्ष, उद्देश्यपूर्ण सृष्टिको सट्टामा, मूलतः जताभावीका उत्परिवर्तनद्वारा निर्देशित विकासको प्रक्रियाद्वारा उत्पन्न गरिएका थिए, अनि ती सृष्टि गरिएपछि मात्र तिनलाई हर पल निर्देश दिनलाई परमेश्वर सक्रिय हुनुभयो ?

५. आदमको विशेष सृष्टि र तिनीबाट हव्वाको सृष्टि ईश्वरवादी विकासवादबाट स्वतन्त्र बन्ने बलियो कारण हो। उत्पत्ति १-२ मा पाइने वक्तव्यहरूका कारण आदम र हव्वाको विशेष सृष्टिको पक्षमा तर्क गर्ने ईश्वरवादी विकासवादीहरू विकासको सिद्धान्तबाट त्यो मोड़मा अलग भएका छन् जो मानवजातिको निम्ति सर्वाधिक सरोकारको बुँदा हो। तर, यदि धर्मशास्त्रको आधारमा, हामीले आदम र हव्वाका सृष्टिको पलमा परमेश्वरको विशेष हस्तक्षेप थियो भनी जोड़ दिन्छौं भने, यस्तै प्रकारले, जीवित जीवहरूको सृष्टिमा परमेश्वरको हस्तक्षेप थियो भन्नु हामीलाई कुन कुराले दिँदैन ?

हामीले यो बुझ्नुपर्दछ कि धर्मशास्त्रमा आदम र हव्वाको विशेष सृष्टि जसरी अभिलिखित गरिएको छ त्यसले उनीहरूलाई प्रायः पशुहरूजस्तै प्राणीहरूभन्दा नितान्त बेग्लै देखाउँछ, प्रायः पशुहरूजस्तै ती प्राणीहरू जो मुस्किलैले मानव प्राणीहरू थिए जो विकासवादीहरूअनुसार, प्रथम मानवहरू थिए, जो यस्ता पुर्खाहरूका सन्तान थिए जो अति-विकसित अमानव बाँदरझैं प्राणीहरू थिए। धर्मशास्त्रले चित्रण गर्छ कि प्रथम नर र नारी, अर्थात् आदम र हव्वामा, तिनीहरू सृष्टि भएकैदेखि, अति विकसित भाषिक, नैतिक र आत्मिक योग्यताहरू थिए। तिनीहरू एक-अर्कासँग कुराकानी गर्न सक्छन्। तिनीहरू परमेश्वरसँग पनि बोल्न सक्छन्। तिनीहरू विकासको सिद्धान्तका अमानव बाँदरजस्ता प्राणीहरूबाट जन्मेका झण्डै पशुझैं मानिसहरूभन्दा बेग्लै छन्।

कसैले यो आपत्ति उठाउन सक्लान् कि उत्पत्ति १-२ ले आदम र हव्वालाई वास्तविक व्यक्तिहरूको रूपमा चित्रण गर्ने अभिप्राय राख्दैन तर (क) उत्पत्तिमा भएको ऐतिहासिक वृत्तान्त कुनै अवरोधविना अब्राहामसम्बन्धी प्रत्यक्षतः ऐतिहासिक वृत्तान्तसम्म जारी रहन्छ (उत १२)। यस तथ्यले यो देखाउँछ कि त्यो सम्पूर्ण खण्ड ऐतिहासिक होस् भन्ने लेखकको अभिप्राय थियो,[२१] अनि (ख) रोमी ५:१२-२१ र १ कोरिन्थी १५:२१-२२, ४५-४९ मा पावलले

शताब्दीसित एकदम तुल्य मेल नखान सक्छ।

[२१]उत्पत्ति २:४ मा उत्पत्तिका क्रमागत खण्डहरूको परिचय दिन प्रयोग गरिएको वाक्यांश “...को वृत्तान्त” (आकाश र पृथ्वीको); ५:१ (आदमको विवरण); ६:९ (नोआको वृत्तान्त); १०:१ (नोआका छोराहरू ... को वृत्तान्त); ११:१० (शेमको वृत्तान्त); ११:२७ (अब्राहामका पिता तेरहको वृत्तान्त); २५:१२

"एउटा मानिस" आदमको अस्तित्व पुष्टि गर्छन् जसको माध्यमबाट संसारमा पाप आयो अनि मुक्ति आर्जन गर्ने ख्रीष्टको प्रातिनिधिक कार्यबारे आफ्नो छलफल आदम मानवजातिका प्रतिनिधि थिए भन्ने अघिल्लो ऐतिहासिक ढाँचामा उनी आधारित गर्छन्। यसबाहेक, नयाँ करारले अन्यत्र आदम र हव्वा ऐतिहासिक व्यक्तिहरू हुन् भनी स्पष्टतया मानिलिँदछ (तु. लूक ३:३८; प्रे १७:२६; १ कोर ११:८-९; २ कोर ११:३; १ तिमो २:१३-१४)। नयाँ करारले पनि आदम र हव्वाका छोराहरू कयन (हिब ११:४; १ यूह ३:१२; यहू ११) र हाबिल (मत्ती २३:३५; लूक ११:५१; हिब ११:४; १२:२४)-को ऐतिहासिकता भनी मान्छन्।

६. विकासवादी सिद्धान्तसम्बन्धी धेरैवटा वैज्ञानिक समस्याहरू छन् (निम्नलिखित खण्ड हे.)। विकासवादी सिद्धान्तको वैधताबारे विज्ञानका विभिन्न विधाहरूमा गैरख्रीष्टियानहरूद्वारा पनि बढ्दो संख्यामा उठाइरहिएका प्रश्नहरूले यो सङ्केत दिन्छन् कि "वैज्ञानिक तथ्यहरू"-ले कुनै विकल्प नराखिदिएका कारण विकासवादमा विश्वास गर्न बाध्य बनाइएको दाबी गर्ने कुनै पनि व्यक्तिले अर्कोपट्टिका सबै प्रमाणहरूबारे विचार गरेकै छैन। वैज्ञानिक तथ्याङ्कहरूले कुनै पनि व्यक्तिलाई विकासवादी सिद्धान्त मान्न बाध्य बनाउँदैन, अनि यदि धर्मशास्त्रका अभिलेखले पनि विश्वास दिलाउने प्रकारले यसको विरुद्धमा विश्वासोत्पादक रूपले तर्क गर्छ भने, एक ख्रीष्टियानका लागि यो सिद्धान्त ग्रहण गर्न तर्कसङ्गत भएको देखिँदैन।

भूवैज्ञानिक Young-का शब्दहरूमा निष्कर्ष व्यक्त गर्नु उपयुक्त देखिन्छ, "ईश्वर वादी विकासवादका केही प्रस्तावकहरूले व्यक्त गरेका दृष्टिकोण एकनासले ख्रीष्टियान दृष्टिकोण होइन। यो साँचो रूपले बाइबलीय दृष्टिकोण होइन किनभने यो केही मात्रामा ती सिद्धान्तहरूमा आधारित छ जो बाहिरबाट ख्रीष्टियान धर्ममा ल्याइएका थिए।"[२२] Berkhof-अनुसार, "ईश्वरवादी विकासवाद वास्तवमा शर्मको बालक हो जसले यसको पाइलामा मुख बाइरहेको खाड्लबारे सहायताको निम्ति समय-समयको अन्तरालमा परमेश्वरलाई बोलाउँछ। यो न सृष्टिको बाइबलीय सिद्धान्त हो, नता विकासको समनुरूप सिद्धान्त हो।"[२३]

**ग. डार्विनवादी विकासको सिद्धान्तमाथि टिप्पणीहरू :** *विकास* (*evolution*) शब्दलाई विभिन्न प्रकारले प्रयोग गर्न सकिन्छ। कहिलेकाहीँ यसलाई "लघु-विकास" (*micro-evolution*) बुझाउन प्रयोग गरिन्छ। "विकास" भनेको एउटा प्रजातिमा हुने स-साना विकासहरू हुन्। फलस्वरूप, हामी झिँगा वा मच्छरहरू मार्ने रसायनप्रति

(इश्माएलको वृत्तान्त); २५:१९ (इसहाकको वृत्तान्त) ३६:१ (एसावको वृत्तान्त); र ३७:२ (याकूबको वृत्तान्त)-मा ध्यान दिनुहोस्। अङ्ग्रेजी र नेपाली संस्करणहरूमा हिब्रूका अनुवादहरू भिन्न-भिन्नै हुन सक्छन् तर हिब्रू लेखाइ भने एउटै छ जसले भन्छ, " यी ... का पुस्ताहरू हुन्।" यो साहित्यिक युक्तिद्वारा लेखकले उनको ऐतिहासिक वृत्तान्तका विभिन्न खण्डहरूको परिचय दिँदै ती सबै खण्डहरूलाई बाँधेर एउटै एकीकृत समष्टि बनाएका छन्, र यो आद्योपान्त एकै प्रकारको इतिहास-लेखन हो भन्ने सङ्केत दिएका छन्। यदि लेखकले अब्राहाम, इसहाक र याकूबलाई ऐतिहासिक व्यक्तिहरू हुन् भनी हामीले बुझून् भन्ने आशय राख्छन् भने उनी यो पनि आशय राख्छन् कि हामीले आदम र हव्वा पनि ऐतिहासिक व्यक्तिहरू हुन् भनी बुझौं।

[२२]Davis A. Young, *Creation and the Flood: An Alternative to Flood Geology and Theistic Evolution* (ग्र्यान्ड र्‍यापिड्स: बेकर, १९७७), पृ. ३८। यस पुस्तकमा यङ्गले आजको अग्रज ईश्वरवादी विकासवादका प्रस्तावकहरूमध्ये रिचर्ड एच्. ब्यूब्का दृष्टिकोणहरूसम्बन्धी छलफल समाविष्ट गर्छन्। (पृह. ३३-३५)।

प्रतिरोधक बनेका, मानिसहरू अझ अग्ला बन्दै गएका वा गुलाफहरूका विभिन्न रङ्गहरू र प्रजातिहरू विकास गरिएका देख्छौं। आज पनि यस प्रकारका असंख्य "लघु-विकासहरू" प्रस्टै छन्, अनि तिनीहरू छन् भनी कसैले पनि अस्वीकार गर्दैनन्।[२४] तर सृष्टि र विकासका सिद्धान्तहरूबारे छलफल गर्दा विकास शब्दलाई यस अर्थमा प्रायः नै लिइँदैन।

*विकास* शब्दलाई बढी सामान्य रूपमा "बृहत्-विकास" (*macro-evolution*)-तिर सङ्केत गर्न प्रयोग गरिन्छ, अर्थात्, "विकासवादको सामान्य सिद्धान्त" (*general theory of evolution*) वा "जड़ पदार्थले प्रथम जीवित पदार्थलाई जन्म दियो, जसले सबै लुप्त वा विद्यमान जीव उत्पन्न गर्नका लागि कालान्तरमा प्रजनन गऱ्यो र वा विविध रूप लियो"[२५] यस अध्यायमा हामीले *विकास* शब्द प्रयोग गर्दा, यसलाई बृहत्-विकास वा विकासको सामान्य सिद्धान्त बुझाउन प्रयोग गरिएको छ।

### (१) विकासलाई आजका चुनौतीहरू :

Darwin-ले आफ्नो पुस्तक *Origin of Species by Means of Natural Selection* सर्वप्रथम ख्रीष्टाब्द १८५९ मा प्रकाशित गरेपछि ख्रीष्टियानहरू र गैर-ख्रीष्टियानहरू दुवैद्वारा तिनको सिद्धान्तलाई चुनौती दिइएको छ। आजको नव-डार्विनवादको सिद्धान्त आधारभूत रूपले डार्विनको मौलिक दृष्टिकोणजस्तै नै छ। तर १०० वर्षभन्दा धेरै समयमा भएका अनुसन्धानहरूले यसमा परिष्करण र परिवर्तनहरू ल्याएका छन्। आधुनिक डार्विनवादी विकासको सिद्धान्तमा, प्राणीको विकासगत इतिहास त्यस बेला सुरु भयो जब पृथ्वीमा स्थित रसायनहरूको मिश्रणले अति साधारण, सम्भवतः एउटै कोशिका भएको, प्राणी उत्पन्न गऱ्यो। यस जीवित कोशिकाले आफैलाई पुनरुत्पादन गऱ्यो अनि कालान्तरमा नयाँ गरी जन्माइएका कोशिकाहरूमा कुनै किसिमका उत्परिवर्तनहरू भए वा त्यस कोशिकामा केही भिन्नताहरू थिए। यी उत्परिवर्तनहरूले अझै जटिल जीवहरूको विकासतिर डोऱ्यायो। प्रतिकूल पर्यावरणको अर्थ तिनीहरूमध्ये धेरै नाश हुनु थियो, तर तिनीहरूका पर्यावरणमा उत्तम रूपले उपयुक्त भएका प्राणीहरू बाँचे अनि संख्यामा बढ़्दैगए। यसकारण, प्रकृतिले "प्राकृतिक छनोट" ("*natural selection*")-को प्रक्रिया प्रयोगमा

[२३]Berkhof, *Sysematic Theology*, पृह. १३९-४०।

[२४]Phillip E. Johnson, *Darwin on Trial* (डाउनर्स् ग्रोभ, इलि. : इन्टरभर्सिटी प्रेस, १९९१), यो औल्याउँछन् कि विकासवादको प्रमाण भनी बारम्बार दाबी गरिएका केही अध्ययनहरू वास्तवमा कुनै आनुवंशिक परिवर्तन नभएका अस्थायी जीवसंख्या भिन्नताहरू (*population differences*) मात्र हुन्। उदाहरणार्थ, उनी केट्लवेलको यस अवलोकनको उल्लेख गर्छन् जसमा पुतलीहरू "औद्योगिक अतिकृष्णता"(*industrial melanism*), अर्थात्, औद्योगिक कारणले कालो रङ्गको वृद्धि भएको कारण, सेतादेखि काला रङ्गका भए अनि रूखका पातहरू हल्का रङ्गका हुँदा कालादेखि फेरि सेता रङ्गमा परिवर्तन भए, त्यसपछि प्रदूषणको कारण ध्वाँसे भए अनि प्रदूषण समाप्त भएपछि फेरि हल्का रङ्गका बने। तर (रङ्ग परिवर्तनको) प्रत्येक तहमा कम वा धेरै काला वा सेता दुवै रङ्गका पुतलीहरू थिए (पातको रङ्गसित नमिल्ने पुतली अझ सहजै देखिन्थे र शिकारी प्राणीहरूद्वारा खाइन्थे)। ती पुतलीहरूमा विकासात्मक कुनै पनि परिवर्तन पटक्कै देखिएन किनभने जसरी काला र सेता दुवै थरीका घोड़ाहरू घोड़ाहरू नै रहन्छन् त्यसरी नै सेता र काला दुवै थरीका पुतलीहरू औद्योगिक पुतलीहरू नै रहे। वास्तवमा, विभिन्न प्रकारका परिस्थितिहरूमा ती पुतलीहरू, विकासमा परिवर्तन हुनु वा लुप्तिनुको सट्टामा, आफ्नो आनुवंशिक चिन्हारी बचाइराख्नलाई सक्रिय रहे (हे. पृह. २६-२८, १६०-६१)।

ल्यायो, जसमा पर्यावरणमा सर्वाधिक योग्यतम विभिन्न जीवहरू बाँचे। अझ धेरै-धेरै संख्यामा हुँदैगएका उत्परिवर्तनहरू कालान्तरमा अझ धेरै किसिमका प्राणीहरूमा विकसित भए, जसले गर्दा पृथ्वीमा उत्परिवर्तन र प्राकृतिक छनोटको प्रक्रियाद्वारा अति साधारण जीवबाट सबै जटिल प्राणीहरू विकसित भए।

समकालीन डार्विनवादी सिद्धान्तको सर्वाधिक हालको, र सायद सर्वाधिक विध्वंश-कारी समालोचना Phillip E. Johnson-बाट आउँछ। उनी कानुनका एक प्राध्यापक हुन् जसको विशेषज्ञता तर्कको तर्कसङ्गति विश्लेषण गर्नु हो। निम्नलिखित कुराहरू देखाउनलाई उनले आफ्नो पुस्तक *Darwin on Trial*-मा,[२६] हालका विकासवादी सिद्धान्तवादीहरूका विचारलाई विस्तृत रूपमा उद्धृत गर्छन् :

१. विभिन्न प्रकारका पशु र वनस्पतिहरू उत्पन्न गर्ने एक सय वर्षभन्दा लामो समयको प्रयोगपछि, उत्पन्न गर्न सकिने विभिन्नता (जताभावी होइन, साभिप्राय गराइएको प्रजनन भए तापनि), हरेक प्रकारको जीवित वस्तुमा भएको सीमित आनुवंशिकी भिन्नताको कारण, अत्यन्त सीमित हुन्छ – अरू जातसित छ्यासमिस नगरी एउटै जातका जन्माइएका कुकुरहरू कुकुरहरू नै रहन्छन्, झिँगाहरू झिँगा नै रहन्छन्, आदि। एकदमै चयनसित प्रजनन गरिएका पशुहरूलाई वन्य अवस्थामा फर्किन दिँदा, "सर्वाधिक विशेष प्रकारले प्रजनन गरिएका नस्ल चाँडै नै मर्छन् र बाँच्नेहरू फेरि मूल वन्य प्रकारकै बन्न पुग्छन्। उनी निष्कर्ष निकाल्छन् कि नौला जीवहरूका उत्तरजीवितताको (*survival*)-को कारण भनी डार्विनवादीहरूले दाबी गरेका "प्राकृतिक चयन" वास्तवमा त्यो संरक्षणात्मक शक्ति हो जसले एउटा प्रजातिको आनुवंशिक स्वास्थ्य परिरक्षण गर्ने काम गर्छ, त्यस प्रजातिका गुणहरू परिवर्तन गर्ने काम होइन।[२७]

२. आजको विकासवादी वाद-विवादमा "सुयोग्यतमको उत्तरजीविता" (*Survival of the fittest* वा "प्राकृतिक चयन")-को अर्थ सर्वव्यापी प्रकारले यो हो भनी सोचिन्छ कि ती पशुहरू बाँच्नेछन् जसमा भएका भिन्नै गुणहरूले तिनलाई बाँच्नका निम्ति तुलनात्मक रूपले अनुकूल अवस्था दिन्छन्, र अरूहरू मर्छन्। तर वास्तविकतामा, कुनै पनि गुण हितकारी वा अहितकारी हुन्छ भनी तर्क गर्न सकिन्छ।[२८] यसर्थ, कुनै अमुक प्राणीहरूलाई कुन गुणहरूले बाँच्नमा लाभ पुऱ्याएको छ भनी डार्विनवादीहरू कसरी जान्दछन्? – कुन थरीका प्राणीहरू बाँच्छन् भनी अवलोकन गरेर। तर यसको अर्थ यो हो कि प्राकृतिक चयन प्रायः नै फेदमा हुन्छ, प्रकृतिमा के हुन्छ सो देख्ने सशक्त नौलो अन्तर्दृष्टि होइन तर केवल पुनरुक्ति हुन्छ (अर्थात्, एउटै धारणालाई अर्थहीन रूपमा दोहोराइने कार्य), किनभने सारमा यसको

[२५]Wayne Frair/ Percival Davis, *A Case for Creation* (नरक्रस, जीए, सी.आर्.एस्. बुक्स, १९८३), पृ. २५।

[२६]डाउनर्स ग्रोभ, इलि. इन्टरभर्सिटि प्रेस, १९९१।

[२७]Johnson, पृह. १५-२० (पृ. १८ बाट उद्धरण)। Johnson टिप्पणी गर्छन् कि केही मामिलाहरूमा नयाँ "प्रजातिहरू" प्रजनन गरिएका छन्, एउटै जीवसंख्याको एउटा भागले अर्को भागसँग अन्तर्प्रजनन गर्न असक्षम भएको अर्थमा। यस्तो फल कुहाउने झिँगा र एक किसिमको ठेम्मर वनस्पतिबारे यस्तो भएको छ (पृह. १९)। उही प्रजातिका अन्य झिँगाहरूसित प्रजनन गर्न नसक्ने ती झिँगाहरू तर पनि त्यही थरीका झिँगाहरू नै रहन्छन्, भिन्नै किसिमको प्राणी बन्दैनन्। त्यही झिँगा अर्कै किसिमको झिँगा बन्ने क्षमता त्यो झिँगाको आनुवंशिक कुण्डमा परिवर्तनशीलताको विस्तारद्वारा स्वाभाविक रूपले सीमित गरिएको हुन्छ।

[२८]Johnson यो टिप्पणी गर्छन् (पृह. २९-३०) कि अनेकौं आनुवंशिक परिवर्तनहरू एकैचोटि आउन

अर्थ यही हुन्छ कि "सुयोग्यतम" प्राणी त्यो हो जसका सर्वाधिक सन्तानहरू छन्। यस अर्थमा, प्राकृतिक चयनको अर्थ हुन्छ – जुन प्राणीको सर्वाधिक सन्तान हुन्छन् त्यसको सर्वाधिक सन्तान हुन्छन्।[२९] तर यसले कुनै मानिलिइएका उत्परिवर्तनहरूले धेरै पुस्ताहरूपछि भिन्नै र अझ योग्य सन्तान जन्माउँछन् भन्नेबारे केही पनि प्रमाण गर्दैन।

३. आँखा वा चरोका परखेटाहरू (वा अन्य सयौं अङ्गहरू)-जस्ता जटिल अङ्गहरू उत्पन्न गर्नलाई आवश्यक पर्ने विराट र जटिल उत्परिवर्तनहरू हजारौं पुस्ताहरूका कालावधिहरूमा स-साना उत्परिवर्तनहरूका रूपमा जम्मा हुँदै देखा परेका होइनन्, किनभने सम्पूर्ण अङ्गहरूले काम नगरेसम्म ती अङ्गका विभिन्न भागहरू निकम्मा हुन्छन् (यसर्थ तिनीहरूले "लाभ" दिँदैनन्)। तर एउटै पुस्तामा यस प्रकारका जताभावीका उत्परिवर्तनहरू एकै साथ हुने गणितीय सम्भावना शून्य हुन्छ। डार्विनवादीहरूले यो भएको कारणले नै यो भएको हुनुपर्छ भन्नुबाहेक अरू केही भन्नै सक्दैनन्।[३०]

एउटा जटिल जैव प्रणालीका सबै अङ्गहरूलाई एउटै समयमा एकैसाथ जड़ान गर्नुपर्ने आवश्यकताको एक रोचक उदाहरण Robert Kofahl र Kelly Segraves उनीहरूको पुस्तक *The Creation Explanation: A Scientific Alternative to Evolution*-मा देखाएका छन्।[३१] उनीहरूले "बमबाडिएर बीटल" (अर्थात्, बम हान्ने कीरो)-को वर्णन गरेका छन्। यसले आफ्नो पुच्छरमा भएका घुमाउन सकिने दुईवटा नलीहरूबाट तातो रसायन छोड़ेर यसको शत्रुलाई भगाउँछ। यो कीरोले छोड़ेका रसायनहरूलाई प्रयोगशालामा मिसाउँदा स्वतः पड़किन्छ। तर स्पष्ट छ कि यो कीरोसित त्यो विस्फोटन रोक्ने एउटा यस्तो रसायन छ जसको केही तरल यसको "दहन-कक्ष"-मा नछर्किएसम्म यसले विस्फोटक प्रतिक्रियालाई रोकेर राख्दछ। "दहन-कक्ष"-मा प्रतिक्रियाउत्प्रेरण गराउन (catalize) एउटा एन्जाइम थपिन्छ। त्यसपछि विस्फोटन हुन्छ र शत्रु भगाउनका लागि यसले २१२ डिग्री फारेनहाइट तातो रसायनले त्यसका शत्रुहरूलाई प्रहार गर्छ। कुनै विकासवादी सिद्धान्तले यो उदेकको कार्यविधिको व्याख्या दिन सक्छ कि भनी Robert Kofahl र Kelly Segraves-ले सही प्रश्न गर्छन् :

> यस प्राणीको विकासबारे बुद्धिसङ्गत विकासवादी व्याख्याले निर्माणको प्रक्रियाका लाखौं परिकल्पनात्मक मध्यवर्ती चरणहरूमध्ये प्रत्येकको कुनै

---

सक्छन्, जसले गर्दा नकारात्मक आनुवंशिक परिवर्तनहरू सकारात्मक आनुवंशिक परिवर्तनहरूसितै आउँछन् भन्ने धारणा व्यक्त गरेर पनि डार्विनवादीहरूले स्पष्टतः प्रतिकूल गुणहरूको कारण व्याख्या गरेका छन्। यसको आधारमा सुयोग्यतम बाँच्छ भन्ने दाबीलाई खण्डन गर्न कुनै पनि प्राणीमा अहिले भइरहेको स्वभाव उद्धृत गर्न सकिएन, किनभने यो वास्तवमा जो बाँचेका छन् तिनीहरू बाँचेका छन् भन्ने दाबी बन्नजान्छ। तर सुयोग्यतमको उत्तरजीवितता नै त्यो साधन रहिआएको छ जसले वर्तमानको विविध जीवहरूतिर अग्रसर गराएको छ भनी हामी साँच्चै कसरी जान्दछौं ?

[२९]सबै विकासवादीहरूले यस प्रकारले तर्क गर्छन् भनी Johnson भन्दैनन्, तर यस्तो तर्क गर्ने धेरै व्यक्तिहरूलाई उनी उद्धृत गर्छन् (पृह. २०-२३)।

[३०]Johnson, पृह. ३२-४४।

[३१]Robert E. Kofahl र Kelly L. Segraves, *The Creation Explanation: A Scientific Alternative to Evolution* (व्हीटन, इलि.: Harold Shaw, १९७५)। यो पुस्तक बुद्धिमान् योजनाद्वारा भएको सृष्टिको पक्षमा वैज्ञानिक

> न कुनै किसिमको अनुकूली लाभ थियो भनी देखाउनैपर्छ भन्ने तथ्यमा ध्यान दिनुहोस्। तर के एकचौथाइ, डेढ, वा दुई-तिहाई समापनका चरणहरूले के कुनै लाभ दिएका थिए ? जे भए तापनि, राइफलका सबै भागहरूले काम नगरे राइफल बेकामको हुन्छ। ... यस प्रतिरक्षात्मक प्रक्रियाले कीरोलाई कुनै सुरक्षा दिनुभन्दा अघि रसायनहरूका उपयुक्त विस्फोटक मिश्रणसितै यसका सबै अङ्गहरूलगायत त्यस रसायनलाई प्रयोग गर्ने सहज प्रवृत्ति त्यस कीरोमा जड़ान गरिनुपर्दछ। आंशिक रूपमा विकसित भएका अङ्गहरू विनाकामका हुनेछन्। त्यसकारण, विकासवादी सिद्धान्तका सिद्धान्तहरूअनुसार, त्यस प्रणालीलाई आंशिक रूपले विकसित भएको चरणदेखि अन्तिम रूपले पूरा भएको चरणमा विकसित हुनका लागि चयनात्मक चाप हुन्थेन। ... यदि एउटा सिद्धान्तले कुनै पनि विज्ञानका तथ्याङ्कहरूलाई व्याख्या गर्न सक्दैन भने, त्यो सिद्धान्त कि संशोधित हुनुपर्दछ वा त्यसको ठाउँमा त्यस्तो सिद्धान्त ल्याउनुपर्छ जो तथ्याङ्कहरूसित मिलेको हुन्छ।[३२]

यस मुद्दामा, चाखलाग्दो प्रश्न, निश्चय नै यो हो – यस कीरोमा विस्फोटन रोक्ने रसायनविना त्यो विस्फोटक रसायनको मिश्रण विकसित भएको भए के हुनेथियो ?

४. जीवाश्म अभिलेख (*fossil record*) १८५९ ख्री.-मा डार्विनको सबैभन्दा ठूलो समस्या बनेको थियो अनि त्यही समयदेखि यो अझै ठूलो समस्या रहिआएको छ। डार्विनको समयमा, प्राचीन कालमा धेरै किसिमका भिन्न-भिन्नै प्राणी र वनस्पतिहरू थिए भनी देखाउने सयौं जीवाश्महरू उपलब्ध थिए।

तर उनले "मध्यवर्ती प्रकारहरू"-का कुनै जीवाश्म पाउन सकेननु; यी "मध्यवर्ती (*intermediate*) प्रकारहरू"-का जीवाश्महरूले भिन्नै किसिमका प्राणीहरू र उद्भिद्हरूबीचको अन्तराल भर्ने थिए – यस्ता जीवाश्महरू जसले, उदाहरणार्थ, एउटा प्राणीका केही स्वभावहरू र त्यसपछिको विकासात्मक प्रकारका केही स्वभावहरू देखाएका हुनेथिए। वास्तवमा, प्राचीनकालका धेरैवटा जीवाश्महरू आजका प्राणीहरूजस्तै थिए; यसले यही देखाउँछ कि अनगन्ती प्राणीहरू तत्त्वतः परिवर्तन नभई लाखौं वर्ष (उनको कालानुक्रमिक अनुमानहरूअनुसार) डटेका छन्। जीवाश्म अभिलेखमा "सङ्क्रमणकालीन *(transitional)* प्रकारहरू"-को अनुपस्थितिले उनको सिद्धान्तलाई कमजोर बनाएको डार्विनले बुझे। तर पर्याप्त जीवाश्महरू आविष्कार नभइसक्नु यसको कारण थियो भनी उनले सोचे र, अरू आविष्कारहरूले धेरै सङ्क्रमणकालीन प्रकारहरूका प्राणीहरू निकाल्नेछन् भनी उनी विश्वस्त थिए। तर, त्यसपछिका १३० वर्षीय दीर्घ सघन पुरातत्त्वीय गतिविधिले आवश्यक परेको एउटै सङ्क्रमणकालीन प्रकारको विश्वसनीय उदाहरण जुटाउन सकेको छैन।[३३]

---

प्रमाणको मोहक संग्रहको हो।

[३२]Kofahl र Segraves, *The Creation Explanation*, पृह. २-३। उनीहरू अरू धेरै उस्तै उदाहरणहरू दिन्छन्।

[३३]अहिलेसम्म आविष्कार गरिएका सायद १० करोड़ जीवाश्महरूमध्येबाट लिइएका दुईवटा जीवाश्महरूका उदाहरणहरूबारे Johnsonजनसन पृह. ७३-८५ मा छलफल गर्छन्। ती दुई जीवाश्महरू हुन् आर्किअप्टे-

जीवाश्म अभिलेखका यस्ता दुईवटा लक्षणहरू छन् जसले पुस्ताहरू बित्दैजाँदा हुने क्रमशः परिवर्तनको धारणासित मेल खाँदैन भन्ने हवार्ड विश्वविद्यालयका प्रसिद्ध विकासवादी Stephen Jay Gould-को कथन Johnson उद्धृत गर्छन् :

> १. गतिहीनता (*stasis*)। प्रायःजस्ता प्रजातिहरूले तिनीहरू पृथ्वीमा दिशात्मक परिवर्तन भएको देखाउँदैनन्। तिनीहरू जीवाश्म अभिलेखमा लगभग उस्तै देखिन्छन् जस्ता पृथ्वीबाट विलुप्तिँदा देखिन्थे; रूपाकारात्मक *(morphological)* परिवर्तन प्रायः नै सीमित र विनादिशाको हुन्छ।
>
> २. आकस्मिक आविर्भाव (*sudden appearance*)। कुनै पनि स्थानीय क्षेत्रमा, एउटा प्रजाति, यसका पूर्वजहरूको नढल्पलिने रूपान्तरण-हरूद्वारा उत्पन्न हुँदैन, यो हठात् तथा "पूर्ण गठित" रूपमा देखापर्दछ।[३४]

डार्विनेली विकासवादको समस्या यति कठिन छ कि आज धेरै विकासवादी वैज्ञानिकहरूले यो प्रस्ताव राख्छन् कि विकास हठात् फड्को मार्दै नौला प्राणीहरूको रूपमा देखापऱ्यो, फलस्वरूप, उदाहरणार्थ, थाहा लागेका बत्तीस वर्गका स्तनपायी प्राणीहरू यूरोपको इतिहासमा अचानक देखापरे।[३५]

तर सैकड़ौं वा हजारौं आनुवंशिक परिवर्तनहरू कसरी अकस्मात् आउन सके? यो भएको हुनुपर्छ, किनभने यो भयो भन्नेबाहेक यसको अरू कुनै पनि व्याख्या दिइएको छैन। (एक थरीको प्राणीदेखि अर्को थरीको प्राणीमा भएको तथाकथित परिवर्तन देखाउने आजको कुनै पनि जीवविज्ञानको पाठ्य-पुस्तकमा खाली छोड़िएका हरफहरूलाई सरसरी हेर्दा १३० वर्षको अनुसन्धानपछि पनि ती रिक्त स्थानहरू अझै पनि त्यस्तै रहेका देखिन्छन्)। यो समस्याको महत्त्व एक गैर-ख्रीष्टियान लेखक Michael Denton-द्वारा तिनको पुस्तक *Evolution: A Theory in Crisis*-मा सशक्त ढङ्गले देखाइएको छ।[३६] यस पृथ्वीमा आजको रूपमा प्राणीको आविर्भावबारे Denton आफैले कुनै वैकल्पिक व्याख्या प्रस्ताव गर्दैनन्, तर उनी यो टिप्पणी गर्छन् कि Darwin-को समयदेखि :

> प्रकृतिमा निरन्तरताको अवधारणा, अर्थात् सबै जीवहरूको कार्यात्मक

रिक्स [*Archaeopteryx*] (यस्तो चरो जसका केही विशेषताहरू सरीसृपसित मिल्दा थिए), र मानवपूर्वका मानवसम (*hominid*) सोचिएका केही बाँदरझैं प्राणीका उदाहरणहरू। आर्किअप्टेरिक्स आज पनि चरैजस्तो छ, सरीसृपजस्तो छैन। अनि मानवपूर्वको ठानिएका जीवाश्महरूका लक्षणका अध्ययनहरूमा धेरै मात्रामा व्यक्तिनिष्ठ अनुमानहरू संलग्न छन्, फलस्वरूप ती जाँच गर्ने विशेषज्ञहरूमाझ दह्रा मतभिन्नताहरू रहेका पाउँदछौं।

जीवाश्म अभिलेखहरूमा रहने अन्तरालबारे उपयोगी छलफल Fare and Davis, *A Case for Creation,* पृह. ५५-६५ मा पाइन्छ। उनीहरूले यो टिप्पणी गर्छन् कि डार्विनको समयदेखि यता जीवाश्महरूको निरन्तर आविष्कार र वर्गीकरणको परिणाम यो भएको छ कि "समग्रमा, वृद्धि भएको सङ्कलनसितै अन्तरालहरूमा जोड़ दिइएका छन्। ती अन्तरालहरू वास्तविक हुन् कि होइनन् भन्नेबारे धेरै प्रश्न भएका देखिँदैनन्, अनि ती भरिइनेछन् भन्ने सम्भावना घट्दो छ (पृ. ५७)।

[३४]Johnson-ले पृ. ५० मा Eldredge-को पुस्तक *Time Frames*-को परिशिष्टको रूपमा प्रकाशित Gould र Niles Eldredge-को एउटा लेख "Punctuated Equilibria, An Alternative to Phyletic Gradualism," (Johnson, पृह. १६७) उद्धृत गरिरहेका स्पष्ट हुन्छ।

[३५]यस दृष्टिकोणलाई "विराम लगाइएको सन्तुलन" भनिन्छ; यसको अर्थ हो कहिलेकाहीँ नयाँ जीव अचानक आभिर्भाव हुँदा भौतिक संसारको सामान्य सन्तुलन अवरुद्ध हुन्थ्यो (विराम लाग्थ्यो)।

[३६]Bethesda, Md.: Adler र Adler, १९८६।

> सातत्य *(functional continuum)*-ले सबै प्रजातिहरूलाई जोड्दै अन्ततः आदिम कोशिकातिर डोऱ्याउनेछ भन्ने धारणा, अनि जीवनका सबै अनुकूली ढाँचाहरू अन्धो जताभावीको प्रक्रियाबाट उत्पन्न भएका हुन् भन्ने विश्वास Denton-को बृहत्-विकास सिद्धान्तका दुईवटा आधारभूत स्वयंसिद्धिहरू *(axioms)* हुन्। तर यी दुईमध्ये कुनै स्वयंसिद्धिलाई १८५९ ख्री.-देखि यता एउटै पनि आनुभविक *(empirical)* अविष्कार वा वैज्ञानिक प्रगतिद्वारा अभिपुष्टि गरिएको छैन।[३७]

५. जीवित जीवहरूका आणविक *(molecular)* संरचनाहरूले निश्चय नै सम्बन्धहरू देखाउँछन्, तर डार्विनवादीहरूले यति मात्र मानिलिन्छन् कि त्यो सम्बन्धले सामूहिक पुर्ख्यौली सूचित गर्दछ, जो एउटा यस्तो दाबी हो जो निश्चय नै प्रमाणित भएको छैन। यसबाहेक, विभिन्न प्राणीहरूबीच उदेकका आणविक भिन्नताहरू छन्, अनि ती भिन्नताहरू कसरी हुनआए भन्नेबारे कुनै व्याख्या दिइएको छैन।[३८]

कुनै पनि तहमा (आणविक तहभन्दा माथिका तहहरूलगायतमा) ढाँचाहरूको समरूपतालाई विकासको निम्ति तर्कको रूपमा अवश्य नै प्रयोग गरिएको छ। विकासवादीहरूको अनुमान यो हो कि दुई प्रकारका प्राणीहरूमा भएका ढाँचाहरूको समरूपताले यो इङ्गित गर्छ कि “निम्न” तहका प्रजातिहरू “उच्च” तहमा विकसित भए, तर त्ये मान्यताको प्रमाण कहिल्यै दिइएको छैन। यसलाई Gleason Archer-ले राम्ररी बुझाउँछन्, मानिलिऔं, कुनै व्यक्तिले विज्ञान र उद्योगको अजायब-घरमा परिभ्रमण गर्दा मानवजाति कसरी पहिलेका बाँदरजस्ता प्राणीहरूबाट क्रमागत रूपमा मानिसजस्तै देखिने प्राणीहरूमा र अन्त्यमा आधुनिक मानिसमा परिवर्तन भएको प्रदर्शन देख्नेछ। तर उनी सही टिप्पणी गर्छन् :

> विकासले माग गरेझैं, कुनै पनि किसिमको आन्तरिक बलद्वारा कुनै पनि “निम्न” प्रजाति “उच्च” प्रजातिमा बिस्तारै परिवर्तन भएको प्रमाण एउटा आधारभूत ढाँचाको अविच्छन्नताले उपलब्ध गराउँदैन। यदि त्यो व्यक्ति अजायबघरको विज्ञान र उद्योगको अर्को भागमा गए तिनले ख्रीष्टाब्द १९०० देखि सुरु भएर आजको दशकसम्मकै गाड़ीहरूका विभिन्न रूपहरूका पूर्ण शृङ्खलाहरू देख्नेथिए। सुरुको मोडल-टी फोर्ड गाड़ीको आदिप्ररूप (prototype)-देखि यो गाड़ी कसरी १९७० को दशकको ठूलो र विलासी एल्.टी.डी. गाड़ी बन्यो सो पत्तो लाउनेथिए।[३९]

फोर्ड गाड़ीहरूका विभिन्न मोडलहरूमा पाइने समरूपताको एउटा अझ राम्रो व्याख्या निश्चय नै यो तथ्य हो कि एक बुद्धिमान् ढाँचाकारले (वा तिनीहरूका समूहले) अझ जटिल गाड़ीहरूमा त्यस्तै संरचनाहरू प्रयोग गरे – यदि गाड़ी

[३७]Denton, पृ. ३४५। एक लब्धप्रतिष्ठित अङ्ग्रेज जीववैज्ञानिक (जो स्वयम् विकासवादी हुन्) G. A. Kerkut, *Implications of Evolution* , द्वारा पहिले गरिएको विकासको विश्लेषण (न्यू योर्क: पर्गामन, १९६०)। विकासवादको सिद्धान्तमा भएका अनगन्ती बाँकी कठिनाइहरू देखाउने यो एउटा अति प्राविधिक अध्ययन हो।

[३८]Johnson, पृह. ८६-९९।

[३९]Gleason L. Archer, *Encyclopedia of Bible Difficulties*,पृह. ५७।

घुमाउने स्टिअरिङ्गको यंत्रावलीले एउटा मोडलमा असल प्रकारले काम गर्छ भने अर्को मोडलको गाड़ीको स्टिअरिङ्गका यंत्रावली आविष्कार गर्ने कुनै आवश्यकता नै हुँदैन। यस्तै प्रकारले सबै प्राणीहरूका ढाँचाहरूमा भएका समरूपताहरू बुद्धिमान्, प्रवीण कारीगर, अर्थात् सृष्टिकर्ता स्वयम्‌को कामको प्रमाण हो भनी मानिलिन सकिन्छ।

६. विकासवादी सिद्धान्तको सबैभन्दा ठूलो कठिनाइ कुनै पनि जीवन सर्वप्रथम कसरी आरम्भ हुन सक्थ्यो भन्ने रहस्य बुझाउन नै हो। स्वतन्त्र जीवन जिउन सक्षम सबैभन्दा साधारण प्राणी प्रोकरयोट जीवाणु कोशिका (*prokaryote bacterial cell*)-को स्वतः उत्पत्ति पनि यस पृथ्वीमा भएको अजैव पदार्थहरूबाट जताभावी रसायनहरूको मिश्रणद्वारा भएको हुन सक्थेन : यसको निम्ति बुद्धिमान ढाँचा र कारीगरी आवश्यकता पर्छ; यो यति जटिल छ कि संसारमा भएको कुनै पनि उन्नत वैज्ञानिक प्रयोगशालाले यो  काम गर्न सकेको छैन। जन्सनले अहिले प्रसिद्ध भएको रूपक *(metaphor)* उद्धृत गर्छन् – "जीवित जीव जैवपूर्वको *(pre-biotic)* झोलबाट संयोगवश आविर्भाव भयो भन्नु र पत्रुखानाबाट मच्चिएर जाने हुन्डरीले त्यहाँ भएका सामानहरूबाट बोइङ्ग ७४७ बनाउन सक्ला भन्नु एउटै हो। संयोगवश हुने जड़ान प्राकृतिवादी तरिकामा भनिएको "आश्चर्यकर्म" मात्र हो।[४०]

सहज बुद्धि (*common-sense*)-को स्तरमा, एउटा सहज दृष्टान्तले यो देखाउनेछ। यदि मैले मेरो डिजिटल घड़ी कसैलाई दिएर, मैले यो घड़ी उत्तरी मिनिसोटाको फलाम खानीमा पाएको हुँ यो घड़ी जताभावीका गतिहरू र पर्यावरणका शक्तिहरू (साथै सायद, मेघगर्जनका केही झटकाहरूबाट प्राप्त केही शक्ति)-को माध्यमबाट आफै-आफ बनियो भन्ने मेरो विश्वास छ भनी मैले बताएँ भने मलाई तत्कालै पागल भनी रद्द गरिनेछ। तर पनि कुनै पनि रूखको पातको एउटा जीवित कोशिका, वा मानव शरीरमा भएको कुनै पनि एउटा जीवित कोशिका मेरो डिजिटल घड़ीभन्दा हजारौं-हजार गुणाभन्दा पनि धेरै जटिल छ। एउटा जीवित कोशिकालाई आफैआफ उत्पन्न हुन ४.५ अरब वर्ष दिइए तापनि यो उत्पन्न हुने सम्भावना जत्तिकै गरे पनि शून्यै हुन्छ।

वास्तवमा, यसरी स्वैच्छिकताले जन्मने सम्भावनाको गणना गर्ने केही प्रयासहरू भएका छन्। Kofahl र Sergrave-ले एउटा सांख्यिकीय (*statistical*) नमुना दिन्छन् जसमा तिनीहरूले अति उदार अनुमानसित सुरु गर्छन् – कि पृथ्वीको प्रत्येक वर्ग फिट कुनै प्रकारले ९५ पाउन्ड प्रोटिनका अणुले ढाकिएको थियो जो कुनै बाधाविना मिसिनसक्थ्यो, अनि एक खरब वर्षसम्म हरेक वर्ष ती पुराना प्रोटिनका अणुहरूका सट्टामा ताजा अणुहरू दिइन्थ्यो। त्यसपछि तिनीहरूले यो सम्भावना अनुमान गर्छन् कि पृथ्वीको इतिहासमा एक खरब वर्षमा एउटा किण्वक *(enzyme)* अणु विकसित भयो। यसको सम्भावना $१.२X१०^{११}$ अर्थात्, ८० अरबमा मात्रै एउटा मौका। तर, तिनीहरू टिप्पणी गर्छन् कि यी उदार अनुमानहरूसित अनि एक

[४०]Johnson, पृ. १०४, Fred Hoyle-लाई उद्धृत गर्दैछन्। वास्तवमा, ७४७ संयोगवश बन्ने सम्भावना धेरै छ भनी कसैले तर्क गर्न सक्छ, किनभने बुद्धिमान् मानव ढाँचाकारले यो बनाउन सकेका छन्, तर तिनीहरूले एउटै पनि जीवित कोशिका बनाउन सकेका छैनन्।

अरब वर्षको प्रत्येक वर्ष ताजा प्रोटिनसित आरम्भ गरिए तापनि – जत्तिकै गरे तापनि एउटा असम्भव काम – त्यसले समस्या पटक्कै समाधान हुनेथिएन :

> दुईवटा सक्रिय अणुहरू पाउने सम्भावना प्रायः $१०^{२२}$ हुन्छ, अनि ती एकनासका हुने सम्भावना $१०^{७०}$ हुन्छ। के जीवन केवल एउटै किण्वक अणुद्वारा सुरु हुन सक्छ? यसबाहेक, एउटा अणु एकपटक बनेपछि त्यसले हजारौं माइल र लाखौं वर्ष तरेर जताभावी रूपमा बनेको RNA वा DNA अणुलाई भेट्ने के सम्भावना छ जसमा त्यो निर्दिष्ट एमिनो एसिड क्रमको गुप्त सङ्केत हुन्छ, जसले गर्दा यो अणुको प्रतिलिपि उत्पन्न हुन सकोस्? सम्भावना पट्टकै छैन।[४१]

Kofahl र Sergrave-ले एक विकासवादी वैज्ञानिकद्वारा गरिएको अध्ययनको प्रतिवेदन दिन्छन् जसले जताभावी प्रक्रियाहरूद्वारा एउटा मात्र होइन तर सम्भवतः सबैभन्दा सानो जीवित किण्वक अणु बनिने सम्भावना गणना गर्नलाई एउटा नमुना प्रणालीबद्ध गर्छन्। उनी $१०^{३४०,०००,०००}$ मा एउटा सम्भावना छ भन्ने निष्कर्षमा आउँछन्, अर्थात् १० को संख्यापछि ३.४ करोड़ शून्यहरू !

तर Kofahl र Sergrave टिप्पणी गर्छन्, "तर पनि डाक्टर मोरोविज् र उनका सङ्गी विकासवादी वैज्ञानिकहरूले त्यस्तो भयो भनी विश्वास गर्छन् ![४२]

यदि कसैले मलाई हवाइजहाज चढ्नलाई प्राणको बाजी लाउनु अनि यस हवाइजहाजको कम्पनीले प्रत्येक $१०^{३४०,०००,०००}$, वा हरेक ८० अरब उड़ानहरूमा एउटै मात्र उड़ान सफलतापूर्वक पूरा गऱ्यो भन्यो भने म त्यो हवाइजहाजमा निश्चय नै चढ्नेथिइनँ, वा सद्धे कोही पनि पुरुष वा स्त्री चढ्नेथिएन। तर पनि यो त्रासद कुरा हो कि विकास एउटा स्थापित तथ्य हो भनी आजका अनेकौं विज्ञानका पाठ्यपुस्तकहरूले कायम गरेका सार्वजनिक मतले धेरै मानिसहरूलाई यो विश्वास दिलाएको छ कि विकास एउटा स्थापित "तथ्य" हो, अनि तिनीहरूले बाइबलको समग्र सत्यतालाई आजका जिम्मेवार, विचारशील व्यक्तिहरूका लागि बौद्धिक रूपले स्वीकारयोग्य दृष्टिकोण मान्नु हुँदैन। "विकासवादले बाइबललाई भुल प्रमाणित गर्छ" भन्ने मिथक आज पनि डटेकै छ अनि यसले ख्रीष्टियान धर्म एउटा वैध विकल्प हो भनी विचार गर्नदेखि धेरै मानिसहरूलाई प्रतिबन्धित गरेको छ।

तर कुनै दिन वैज्ञानिकहरूद्वारा प्रयोगशालामा वास्तवमै जीवन "सृष्टि गरियो" भने के होला? यसको अर्थ के हो सो बुझ्न यहाँ महत्त्वपूर्ण छ। सर्वप्रथम, सृष्टि शब्दको विशुद्ध अर्थमा यो "सृष्टि" हुनेछैन, किनभने प्रयोगशालाका सबै प्रयोगहरू पहिलेदेखि नै भएका कुनै किसिमको पदार्थ लिएर नै सुरु हुँदछ। यो प्रयोगले पदार्थको

[४१] Kofahl र Segraves, *The Creation Explanation*, पृह. ९९-१००।

[४२] ऐजन, पृ. १०१, Harold J. Morowitz, *Energy Flow in Biology* (न्यू योर्कः एकाडेमिक प्रेस, १९६८), पृ.९९ उद्धृत गर्दै। विकासको गणतीय असम्भाव्यताको उत्कृष्ट अध्ययन P.S. Moorehead/M.K.Kaplan, सम्पा. *Methematical Challenges to the Neo-Darwinian Interpretation of Evolution* (फिलडेल्फियाः Wistar Institute Symposium Monograph, no. 5, 1967). Scientific Research (नोभेम्बर १९८७)-मा लेख Heresy in the Halls of Biology: Mathematicians Question Darwinism," पृह. ५९-६६ र I. L. Cohen, *Darwin Was Wrong – A Study in Probabilities* (ग्रीनभेल, एन्.वाई.: न्यूरिसर्च पब्लिकेशन्स्, १९८४)।

नै उद्भवबारे व्याख्या दिँदैन, नता यो त्यस प्रकारको सृष्टि हुनेछ जुन प्रकारले परमेश्वरले सृष्टि गर्नुभयो भनी बाइबलले बताउँछ। दोस्रो, "जीवन सृष्टि गर्ने" समकालीन प्रयासहरू वास्तवमा जड़ पदार्थहरूबाट स्वतन्त्र रूपले जीवित जीवमा, चाहे एउटै मात्र कोशिका भएको किन नहोस्, विकास हुने बृहत् प्रक्रियामा अति साना कदमहरू मात्र हुन्। प्रोटिन अणुको वा एमिनो अम्लको संरचना एउटै जीवित कोशिकाका जटिलताको हाराहारीमा कुनै पनि हालतले आउन सक्दैन। तर अति महत्त्वपूर्ण कुरो यो हो कि प्राप्य सर्वाधिक महगा र जटिल प्रयोगशाला उपकरणसित अनेकौं दशकहरूमा संसारका सर्वाधिक ज्ञानी वैज्ञानिकहरूको सामूहिक कामले वास्तवमै एउटा जीवित जीव उत्पन्न गर्‍यो भने यसले के देखाउनेथियो ? के यसले परमेश्वरले जीवन सृष्टि गर्नुभएन भनी "प्रमाण गर्ने" थियो ? कुरा यसको ठीक विपरीत छ, यसले यो देखाउनेथियो कि जीवन संयोगवश उत्पन्न हुँदैन; जीवन एक बुद्धिमान् रचनाकारद्वारा इच्छा गरेर नै सृष्टि गरिनुपर्दछ। कमसेकम, सैद्धान्तिक तहमा, यो असम्भव छैन कि परमेश्वरको प्रतिरूपमा सृष्टि गरिएका मानवहरूले परमेश्वरद्वारा दिइएको तिनीहरूका ज्ञानद्वारा कुनै दिन जड़ पदार्थहरूबाट प्राणीको सृष्टि गर्लान् (यद्यपि त्यस कामको जटिलताले आजको कुनै पनि प्रविधिलाई पल्लै छेउ राखेर उछिन्छ)। तर त्यसले त्यो मात्र देखाउनेछ कि परमेश्वरले हामीलाई "परमेश्वरजस्तै हुनु" बनाउनुभयो – जीवनका अन्य धेरैवटा क्षेत्रहरूमा जस्तै जीवविज्ञानको क्षेत्रमा हामीले सानो मात्रामा परमेश्वरको क्रिया अनुकरण गर्न सक्छौं। यस दिशातिरका यस प्रकारको सबै वैज्ञानिक अनुसन्धान परमेश्वरप्रति श्रद्धासित अनि उहाँले हामीलाई अनुदानमा दिनुभएको वैज्ञानिक योग्यताको निम्ति कृतज्ञतासित गरिनुपर्दछ।

विकासवादको विरुद्धमा ल्याइएका आपत्तिहरूका सञ्चित बलद्वारा धेरै गैरविश्वासी वैज्ञानिकहरू यति बिघ्नै प्रभावित भएका छन् कि तिनीहरूले प्राणीहरूको प्रस्तावित विकासात्मक विकासको एउटा वा अर्को भागको पक्षमा खुलस्त रूपले नवीन दृष्टिकोणहरूको समर्थन गरेका छन्। DNA अणुहरूको संरचना आविष्कार गर्नमा सहायता पुर्‍याउने तथा नोबेल पुरस्कार प्राप्त गर्ने Fransis Crick-ले ख्रीष्टाब्द १९७३ मा यो प्रस्ताव राखे कि यहाँ (संसारमा) जीवन एउटा अन्तरिक्ष यानद्वारा सुदूर ग्रहबाट पठाइएको हुन सक्छ। यस सिद्धान्तलाई क्रिकले "*Directed Panspermia*" भन्छन्।[४३] यस लेखकलाई यो व्यङ्ग्यात्मक प्रतीत हुन्छ कि महाविद्वान् वैज्ञानिकहरूले यस प्रकारको अति काल्पनिक सिद्धान्तलाई, यसको पक्षमा एउटै पनि प्रमाणविना, समर्थन गर्छन्। यसो गर्दा तिनीहरूले संसारको इतिहासमा कहिल्यै पनि गलत साबित नभएको, लाखौं मानिसहरूका जीवन परिवर्तन गरिदिएको, प्रत्येक पुस्ताका सर्वाधिक बुद्धिमान् विद्वान्हरूमध्ये धेरैद्वारा विश्वास गरिएको अनि संसारका अन्य पुस्तकहरूभन्दा भलाइको निम्ति सबैभन्दा धेरै शक्ति भएको पुस्तकद्वारा दिइएको व्याख्यालाई अस्वीकार गर्छन्। नत्र त्यति तर्कसङ्गतिहीन देखिने विश्वासहरूमा ती

[४३] *Time*, सेप्टेम्बर १०, १९७३, पृ. ५३, *Icarus 19* (१९७३) : ३४१-४६ मा F.H.C. Crik र L.E. Orgel-को लेख "Directed Panspermia"-को सारांश दिँदै।

बुद्धिमान् मानिसहरूले आफैहरूलाई किन अर्पण गर्छन् जो ? यस्तो देखिन्छ कि तिनीहरूले धर्मशास्त्रका व्यक्तिगत परमेश्वरबाहेक अन्य कुनै पनि कुराहरूलाई विश्वास गर्नेछन्, जुन परमेश्वरले हाम्रो घमण्डलाई त्याग्ने, उहाँको सामुन्ने हामीले आफैहरूलाई नम्र तुल्याउने, उहाँका नैतिक मापदण्डहरू पालन गर्नमा भएको हाम्रो असफलताको निम्ति क्षमा माग्ने अनि बाँकी जीवनभरि उहाँका नैतिक आज्ञाहरूप्रति हामी आफैहरूलाई समर्पण गर्ने आदेश हामीलाई दिनुहुन्छ। यसो गर्न अस्वीकार गर्नु अविवेकी काम हो। तर जस्तो गरी हामी पापसम्बन्धी अध्यायमा हेर्नेछौं, सबै पापहरूको जड़ अविवेक हो।

गत बीस वा तीस वर्षको अवधिमा विकासवादी सिद्धान्तको विरुद्धमा चुनौतीहरू प्रकाशित भएका छन् अनि यसमा कुनै शङ्का छैन कि अरू धेरै नै विरोधहरू आउनेछन्। हामी यो मात्र आशा गर्न सक्छौं कि वैज्ञानिकहरूको समुदायले विकासवादी सिद्धान्तको अविश्वसनीयतालाई चाड़ै नै सार्वजनिक रूपले स्वीकार गर्नेछ र पाठशाला र महाविद्यालयका विद्यार्थीहरूका निम्ति लेखिएका पाठ्य-पुस्तकहरूले यो खुलस्त रूपमा स्वीकार गर्नेछन् कि विकासवादी सिद्धान्त पृथ्वीमा प्राणीका उद्भवको व्याख्या हुँदैहोइन।

**(२) आधुनिक विचारधारामा विकासवादी सिद्धान्तका विध्वंसक प्रभावहरू** :

आधुनिक विचारधारामा विकासवादको अविश्वसनीय विध्वंसक प्रभावलाई बुझ्नु महत्त्वपूर्ण छ। यदि वास्तवमा जीवन परमेश्वरद्वारा सृष्टि गरिएको थिएन भने, अनि विशेष गरी मानवजाति परमेश्वरद्वारा सृष्टि गरिएको होइन भने वा उहाँप्रति उत्तरदायी छैन भने, अनि मानवजाति विश्वमा भएका जताभावीका घटनाको परिणाम मात्र हो भने, मानव जीवनको के महत्त्व हुन्छ र ? हामी फगत पदार्थ, समय र संयोगको उत्पादन मात्र हौं, र हाम्रो कुनै अनन्तकालीन मूल्य छ भनी सोच्नु, वा विशाल विश्वको अगि साँच्चै हाम्रो मूल्य छ भनी सोच्नु, आफैलाई धोखा दिनु मात्र हो। यस धारणाबारे इमानदार भएर चिन्तन गर्दा, यसले मानिसहरूलाई नैराश्यको गम्भीर अनुभूतितर्फ लाने नै छ।

यसबाहेक, यदि परमेश्वरलाई एकापट्टि राखेर सबै जीवनको व्याख्या गर्न सकिन्छ भने, अनि हामीलाई सृष्टि गर्नुहुने परमेश्वर यदि हुनुहुन्न (वा हामीले कुनै निश्चयविना उहाँबारे केही जान्दैनौं) भने, हामीलाई नैतिक रूपमा जिम्मेवार ठहराउने कुनै सर्वोच्च न्यायाधीश हुनुहुन्न। त्यसर्थ मानव जीवनमा सर्वोच्च नैतिक सत्यताहरू हुँदैनन्, मानिसहरूका नैतिक धारणाहरू केवल वैयक्तिक छनोटहरू मात्र हुन्, सायद तिनीहरूका निम्ति असल तर अरू मानिसहरूमाथि थोप्नु नहुने। वास्तवमा, यस्तो मुद्दामा निषिद्ध एउटै मात्र कुरा यो भन्नु हुन्छ कि कतिपय कुराहरू ठीक हुन् र कतिपय भुल हुन् भनी हामी जान्दछौं।

क्रमविकासवादको सिद्धान्तको अर्को अशुभ प्रतिफल छ यो हो : सर्वश्रेष्ठको उत्तरजीविताका प्रक्रियाका माध्यमद्वारा अवश्यम्भावी प्राकृतिक छनोटले यदि पृथ्वीका प्राणीहरूमा सुधारहरू ल्याई नै रहन्छ भने हामीले दुर्बललाई वा आफूलई

रक्षा गर्न नसक्नेहरूलाई वास्ता गरेर यस प्रक्रियामा किन बाधा ल्याउने ? के हामीले तिनीहरूलाई प्रजनन नगरी मर्न दिनुपर्दैन र ताकि हामी अझ उच्च मानवताको रूपमा वा "उत्कृष्ट जाति"-मा नै परिणत होऔं ? वास्तवमा मार्क्स, नित्से र हिट्लरले यी आधारहरूमा युद्धलाई न्यायोचित ठहराए।[४४]

यसबाहेक, मानवजाति अझ उत्तम प्रजातिमा निरन्तर रूपले विकसित भइरहेको छ भने, अघिल्ला पुस्ताहरूका बुद्धि (विशेष गरी पहिलेका धार्मिक विश्वासहरू) आधुनिक विचारजस्तै मूल्यवान् हुन सक्ने सम्भावना छैन। यसको अतिरिक्त, धर्मशास्त्रको विश्वसनीयताबारे मानिसहरूका मतहरूमा डार्विनको विकासवादको प्रभाव अति नै नकरात्मक छ।

मानिसहरू पशुहरूका अझ उच्च प्रजातिहरू मात्र हुन् भनी हेर्ने समकालीन समाजशास्त्रीय र मनोवैज्ञानिक सिद्धान्तहरू विकासवादी विचारधाराको अर्को परिणाम हो। (उदाहरणार्थ, भोजन वा छालाका कोटहरू वा चिकित्सा-वैज्ञानिक अनुसन्धानहरूका निम्ति) सबै पशुवधको विरोध गर्नेहरू अतिवादी "पशु अधिकार" आन्दोलनहरू स्वाभाविक रूपले विकासवादी विचारबाटै उत्पन्न हुन्छन्।

**घ. उत्पत्ति १:१ र १:२ बीच "अन्तराल" (Gap)-को सिद्धान्त** : उत्पत्ति १:१ ("आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो") र उत्पत्ति १:२ ("पृथ्वी आकारविनाको र शून्य थियो। अथाह समुद्रमाथि अन्धकार थियो")-बीच लाखौं वर्षको अन्तराल छ भनी कोही इभ्यान्जेलिकलहरूले प्रस्ताव गरेका छन्। यो सिद्धान्तअनुसार, परमेश्वरले यसभन्दा अघिको सृष्टि रचना गर्नुभयो तर परमेश्वरको विरुद्धमा अन्ततः विरोध भएको थियो (सम्भवतः शैतानकै विरोधसित सम्बन्धित), र परमेश्वरले पृथ्वीलाई दण्ड दिनुभयो, फलस्वरूप यो "आकारविनाको र शून्य बन्यो" (उत १:२ को प्रस्तावित वैकल्पिक तर शङ्काजनक अनुवाद)।[४५] उत्पत्ति १:३-२:३ मा हामी जे पढ्दछौं त्यो वास्तवमा २४ घन्टे छ दिनमा गरिएको दोस्रो सृष्टि हो, जो हालैमा भएको हो (सायद १०,०००-२०,००० वर्षअघि)। पृथ्वीमा पाइएका प्राचीन जीवाश्महरू, जसमध्ये अधिकांशलाई लाखौं वर्ष पुरानो मानिन्छ, *पहिलो* सृष्टि (४.५ करोड़ वर्षपूर्व)-का हुन्, जो उत्पत्ति १:१ मा मात्र उल्लेखित छ।

[४४]हे. *NIDCC*, पृ. २८३।

[४५]*The New Scofield Reference Bible* (अक्सफोर्डः अक्सफोर्ड यूनिभर्सिटि प्रेस, १९६७)-मा उत्पत्ति १:२ र यशैया ४५:१८ बारे टिप्पणीहरू दिइएका छन्। ती टिप्पणीहरूमा "अन्तराल"-लाई उत्पत्ति १:१-२ को सम्भाव्य व्याख्याको रूपमा दिइएको छ। प्रायःजस्ता सबै बाइबल शिक्षाहरूमा यस्तै नै शिक्षा दिइन्छ। यस सिद्धान्तको विस्तृत समर्थन Arthur C. Custance, *Without Form and Void: A Study of the Meaning of Genesis 1:2* (ब्रोकभाइल, ओनटारियोः डोवरवे पेपर्स, १९७०)-मा दिइएको छ। विस्तृत समीक्षा Westen W. Fields, *Unformed and Unfilled* (नटली, एन्.जे.: प्रेज्बिटरियन ऱ्यान्ड रिफर्मड्, १९७६)। "अन्तराल"-को सिद्धान्तमा प्रयोग गरिएका शाब्दिक र व्याकरणगत तर्कहरू Oswald T. Allis, *God Spake by Moses* (फिलडेल्फियाः प्रेज्बिटरियन ऱ्यान्ड रिफर्मड्, १९५१)-मा दिइएका छन्, पृह. १५३-५९)।

मैले यो दृष्टिकोणलाई गैर-ख्रीष्टियान दृष्टिकोणहरू र "धर्मशास्त्रका शिक्षाहरूसित स्पष्ट रूपले नमिल्दो" देखिने सिद्धान्तको रूपमा आस्तिकवादात्मक विकासवादलाई किन सँग-सँगै वर्गीकरण गरेको छु भनी कतिपय पाठकहरूले विस्मित् बन्लान्। मैले उहाँ यो टिप्पणी गर्नैपर्दछ कि मैले यसकारण मात्र यसो गरेको हुँ कि यस अड़ानका निम्ति तर्कहरू बाइबलीय मूलपाठका अति नै असम्भाव्य व्याख्याहरूमा आधारित भएका मलाई लाग्दछ अनि म यो इङ्गित गर्न चाहन्न कि "अन्तराल"-को सिद्धान्तमा विश्वास

यस सिद्धान्तको पक्षमा आधारभूत बाइबलीय तर्क यो छ कि उत्पत्ति १:२ मा "आकारविनाको र शून्य" र "अन्धकार" शब्दहरूले यस्तो पृथ्वीको चित्रण गर्छ जसले परमेश्वरद्वारा दिइएको दण्डका प्रभावहरू भोगेको छ; पुरानो करारमा अन्यत्र अन्धकार प्रायः नै परमेश्वरको दण्डको चिन्ह हो, अनि यशैया ३४:११ र यर्मिया ३४:२३ जस्ता पदहरूमा हिब्रू शब्दहरू *tohu* (आकारविनाको) र *bohu* (शून्य, खाली)-ले मरुभूमिजस्ता स्थानहरूलाई बुझाउँछ, जुन स्थानहरूले परमेश्वरको दण्डका उजाड़ परिणामहरू भोगेका छन्।

तर उत्पत्ति १:२ ले पृथ्वीलाई परमेश्वरको दण्डपछि उजाड़ भएको चित्रण गर्छ भनी हामीलाई विश्वास दिलाउन यी तर्कहरू पर्याप्त मात्रामा सशक्त छैनन्। यदि परमेश्वरले पहिले पृथ्वी बनाउनुहुन्छ (प. १) र त्यसपछि प्रकाश सृष्टि गर्नुहुन्छ भने (प. ३), २ पदमा पृथ्वीमा अन्धकार भएको कुरा लेखिएको हुनुपर्थ्यो – यसले यो सङ्केत दिन्छ कि सृष्टि भइरहेको छ, कुनै खराबीको उपस्थिति छैन। यसबाहेक, प्रत्येक दिन एउटा "साँझ" छ, अनि सृष्टिका सात दिनहरूको अवधिमा "अन्धकार" छ (पृह. ५, ८, १३, १८-१९ आदि), त्यहाँ दुष्ट वा परमेश्वरको अस्वीकृति छैन (तु. भज १०४:२०)। जहाँसम्म "आकारविनाको र शून्य" भन्ने वाक्यांशको प्रश्न छ, यसको अर्थ यो हो कि पृथ्वी अझैसम्म बसोबास गर्ने योग्यको छैन। परमेश्वरको प्रारम्भिक काम अझसम्म पूरा भएको छैन। परमेश्वरले मरुभूमिलाई श्राप दिनुहुँदा, त्यो निश्चय नै बसोबास गर्न योग्यको हुँदैन, तर एउटा मुद्दाको (मरुभूमिलाई परमेश्वरको श्राप) त्यो अयोग्यताको कारणलाई हामीले अर्को मुद्दामा, अर्थात् सृष्टिमा, आरोपित गर्नु हुँदैन, जो (अर्थात्, सृष्टि) बसोबास गर्न अयोग्य हुनुको कारण यति मात्र हो कि परमेश्वरको काम भइरहेको छ; मानिसको निम्ति तयारी अझ पूरा भएको छैन।[46] एउटा ठाउँमा एउटा शब्दलाई घेर्ने परिस्थितिहरूलाई अर्को ठाउँमा त्यस शब्दको प्रयोगमा उपयोग गर्नु उपयुक्त हुँदैन जहाँ त्यस शब्दको अर्थलाई र दोस्रो सन्दर्भमा यसको प्रयोगलाई पहिलेकै परिस्थितिहरू आवश्यक हुँदैनन्।)

उत्पत्ति १:२ ले यस दृष्टिकोणलाई समर्थन गर्दैन भन्ने तथ्यबाहेक अन्य केही तर्कहरू पनि छन् जो अन्तराल सिद्धान्तविरुद्ध सशक्त छन् :

१. अझ अगाड़िको सृष्टिबारे स्पष्ट रूपले बताउने कुनै पनि पद धर्मशास्त्रमा छैन। यसकारण यस सिद्धान्तलाई स्पष्ट रूपले समर्थन गर्ने धर्मशास्त्रको एउटै पद

---

गर्नेहरू अविश्वासीहरू हुन् वा तिनीहरू बाइबलले हामीलाई विज्ञानबारे शिक्षा दिन सक्दैन भनी विचार गर्ने धेरै आस्तिकवादात्मक विकासवादीजस्तै छन्। यसको विपरीत, धर्मशास्त्रले जुन विषयमा कुरा गर्छ त्यसको पूर्ण सत्यतामा अन्तराल सिद्धान्तका समर्थकहरू एकसमानले विश्वासीहरू रहिआएका छन्।

[46]दोस्रो शब्द, *bohu*, अर्थात् "शून्य," धर्मशास्त्रमा उहाँबाहेक दुईपटक मात्र देखापर्छ (यशै ३४:११; यर्मि ४:३२)। यी दुवैले परमेश्वरको दण्ड भोगेका उजाड़-स्थानहरू चित्रण गर्छन्। तर पहिलो शब्द *tohu*, जसले "आकारहीन, अस्तव्यस्त, अवास्तविक, शुन्यता" पनि बुझाउन सक्छ (*BDB*, पृ. १०६२), अन्य उन्नाईसपटक देखा पर्छ, कहिलेकाहीँ यसले दण्डको कारण उजाड़ बनेको भूमि बुझाउँछ (यशै ३४:११; यर्मि ४:२३, यी दुवै शब्दहरूमा *bohu* छ) र कहिलेकाहीँ शून्य ठाउँलाई मात्र बुझाउँछ, जसमा खराबी वा दण्डको भाव इङ्गित गरिएको हुँदैन (अयू २६:७ "खाली ठाउँ"-बारे जसमाथि परमेश्वरले उत्तर दिशालाई फैलाउनुहुन्छ, जो "शून्यता"-को समानान्तर छ जसमा पृथ्वीलाई झुण्डिएको छ; व्यव २:१०; अयू १२:२४; भज १०७:४०)। "वास गर्न अयोग्य" भन्ने अर्थ विशेष गरी यशै ४५:१८ मा उपयुक्त छ, जसले पृथ्वीको सृष्टिबारे बताउँछ, "उहाँले यो खाली *tohu* हुनलाई सृष्टि गर्नुभएन तर उहाँले त्यो आबाद गर्नलाई बनाउनुभयो।" (परमेश्वरले पृथ्वीलाई खाली बनाउनलाई होइन तर "आबाद गर्नलाई बनाउनुभयो" (यशै ४५:१८) भन्ने तथ्यले परमेश्वरले

पनि छैन।

२. उत्पत्ति १:३१ मा, जब परमेश्वरले उहाँको सृष्टिको काम समाप्त गर्नुभयो, हामी यो पढ्छौं "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो।" तर अन्तरालको सिद्धान्तअनुसार, विरोध, संघर्ष र भयानक परमेश्वरीय इन्साफका प्रतिफलहरूले भरिपूर्ण संसारलाई परमेश्वरले हेरिरहनुभएको हुनेथियो। उहाँले सबै दियाबलीय प्राणीहरू, उहाँको विरुद्धमा विद्रोह गर्ने शैतानको फौजलाई पनि हेरिरहनुभएको हुनेथियो र पनि हरेक कुरालाई उहाँले "साह्रै असल" भन्नुहुनेथियो। यो विश्वास गर्न साह्रै कठिन हुन्छ कि पृथ्वीमा यति धेरै खराबी थियो, अनि विद्रोह र दण्डका यति धेरै प्रमाणहरू थिए, र पनि परमेश्वरले सृष्टि "साह्रै असल" भन्न सक्नुभयो।

यसबाहेक, उत्पत्ति १ मा लेखिएका सबै कुराहरूको स्पष्ट सारांशमा उत्पत्ति २:१ ले भन्छ, "यसरी आकाश र पृथ्वी र तिनमा भएका सबै कुरा बनाइसिद्धिए।" यहाँ बताइएको कुरा पृथ्वीमा मात्र परमेश्वरको काम होइन, तर उहाँले आकाशमा बनाउनुभएका सबै कुराहरू पनि हुन् जो पूरा गरिए भनी उत्पत्ति १ को वृत्तान्तमा भनिएको छ। यो वृत्तान्तअनुसार, आकाश र पृथ्वीका ठूला भागहरूका सृष्टि सृष्टिका ६ दिनहरूभन्दा धेरैअघि समाप्त गरिएका थिए भन्न मिल्दैन।

परमेश्वरको सृष्टिका कामको पछिल्लो वर्णन दश आज्ञामा पाइन्छ। यहाँ हामी पढ्छौं, *"किनकि ६ दिनमा परमप्रभुले आकाश, पृथ्वी,* समुद्र *र तिनमा भएका सबै थोक* बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथ-दिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो" (प्रस २०:११)। यहाँ आकाश र पृथ्वी दुवैका र "तिनमा भएका सबै थोक"-को सृष्टिको श्रेय परमेश्वरका ६ दिनको सृष्टिका कामलाई दिइएको छ। हामीले दिनलाई २४ घण्टा भएका दिन वा अझ लामो समय भनी मानिलिए तापनि वा नलिए तापनि, यी दुवै दृष्टिकोणअनुसार, सम्पूर्ण आकाश र पृथ्वी र तिनमा भएका सबै थोकको रचना ६ दिनभित्र भएको हो भनिएको छ। अन्तराल सिद्धान्तका प्रस्तावकहरूले यो भन्नैपर्दछ कि पृथ्वीमा धेरै थोकहरू छन् (जस्तै, मृत पशुहरूका जीवाश्म अवशेषहरू, साथै पृथ्वी स्वयम् नै), आकाशमा धेरै थोकहरू छन् (जस्तै, ताराहरू) यस्ता धेरै थोकहरू छन् जसलाई परमेश्वरले प्रस्थान २०:११ मा तोकिएका ६ दिनमा बनाउनुभएन। यो दृष्टिकोण त्यो पदमा पुष्टि गरिएको कुराको ठीक विपरीत देखिन्छ।

यसबाहेक, विद्रोही स्वर्गदूतहरूमाथि परमेश्वरको दण्डबारे वा विभिन्न समयहरूमा पृथ्वीमाथि उहाँको दण्डबारे धर्मशास्त्रका केही परिच्छेदहरूले निश्चय नै बताए तापनि (हे. यशै २४:१; यर्मि ४:२३-२६; २ पत्र २:४) धर्मशास्त्रका कुनै पनि खण्डहरूले उत्पत्ति १:२-३१ मा भएको वृत्तान्तअघि यो दण्ड दिइयो भनी बताउँदैनन्।

४. यो सिद्धान्तले यो मानिलिनैपर्दछ कि आजका पशुहरूजस्तै देखिने लाखौं वर्षअघिका पशुहरूका जीवाश्महरूले यो सङ्केत दिन्छन् कि परमेश्वरले प्रथमपल्ट गर्नुभएको पशु र वनस्पतिहरूको सृष्टि असफल बन्यो। यी पशु र वनस्पतिहरूले

---

पूरा गर्नुभएको काम बताउँछ र यो अस्वीकार गर्दैन कि सृष्टिको प्रारम्भिक चरणमा पृथ्वी "आकारविनाको

परमेश्वरको मूल योजना पूरा गरेनन्; यसकारण उहाँले तिनीहरूलाई नष्ट गरिदिनुभयो तर दोस्रो सृष्टिमा उहाँले अरू प्राणी र वनस्पतिहरू सृष्टि गर्नुभयो जुन पहिलाकै जस्ता थिए। यसबाहेक, आदम र हव्वा प्रथम नर र नारी भएका कारण, यस सिद्धान्तले यो अनुमान गर्नैपर्दछ कि यसभन्दा अघि परमेश्वरको अर्को सृष्टि थियो जो लाखौं वर्षसम्म रह्यो, तर यसमा परमेश्वरको सृजनात्मक कामको सर्वोच्च पक्षको, अर्थात् मानिस स्वयम्को, कमी थियो। तर मूल वनस्पति र प्राणी संसारसित उहाँका उद्देश्यहरू पूरा गर्नमा परमेश्वरको असफलता र उहाँको सृष्टिलाई मानिसको सृष्टिले सर्वोत्कृष्ट बनाउनमा परमेश्वरको असफलता उहाँले गर्नुहुने जुनसुकै काममा पनि उहाँको उद्देश्य पूरा गर्नुहुने परमेश्वरको बाइबलीय चित्रसित असङ्गतिमा छन्। यसकारण, यो अन्तराल सिद्धान्त आजका इभ्यानजेलिकल ख्रीष्टियानहरूका निम्ति स्वीकार्य विकल्प देखिँदैन।

**३. पृथ्वीको आयु : केही प्रारम्भिक विचारहरू।** यस अध्यायमा यहाँसम्म भएका छलफलहरूले जुन निष्कर्षहरूलाई समर्थन गरेका छन् तिनले इभ्यानजेलिकल ख्रीष्टियानहरूमाझ व्यापक सहमति पाउनेछन् भनी हामी आशा गर्छौं। तर अब अन्त्यमा हामी त्यो अलमल्याउने प्रश्नमा आउँछौं जसबारे बाइबलमा विश्वास गर्ने ख्रीष्टियानहरूमा धेरै वर्षदेखि मतभेद छ, कहिलेकाहीँ धेरै गम्भीर रूपमा। प्रश्न केवल यति हो – पृथ्वी कति पुरानो हो ?

यसभन्दा अघि लेखिएका सबै कुराहरूपछि यस प्रश्नको छलफल गरिनु उपयुक्त हुन्छ, किनभने माथि छलफल गरिएका धर्मसिद्धान्तहरूभन्दा यो प्रश्न वास्तवमा अति नै थोरै महत्त्वको छ। यस अघिका सामग्रीहरू निम्नलिखित प्रकारले सारांशित गर्न सकिन्छ : (१) परमेश्वरले विश्वलाई शून्यबाट सृष्टि गर्नुभयो। (२) सृष्टि परमेश्वरभन्दा बेग्लै हो, तथापि यो जहिले पनि परमेश्वरमा निर्भरित छ; (३) परमेश्वरले उहाँको महिमा देखाउनलाई विश्व सृष्टि गर्नुभयो; (४) परमेश्वरले सृष्टि गर्नुभएको विश्व साह्रै राम्रो थियो; (५) धर्मशास्त्र र विज्ञानमाझ अन्तिम निर्णायक संघर्ष हुनेछैन; (६) परमेश्वरलाई सृष्टिकर्ताका रूपमा अस्वीकार गर्ने सांसारिक सिद्धान्तहरू, जसमा डार्विनवादी सिद्धान्त पनि पर्छ, बाइबलमा राखिने विश्वाससित स्पष्ट रूपले नमिल्दा छन्।

पृथ्वीको आयुबारे प्रश्न पनि यसपछिका अध्यायहरूमा छलफल गरिने विषयहरूभन्दा कम महत्त्वको छ, अर्थात् (७) स्वर्गदूतहरूका संसारको सृष्टि र (८) परमेश्वरको प्रतिरूपमा मानिसको सृष्टि (१९, २१, र २२ अध्यायहरू)। यी कुराहरू मनमा राख्नु अति नै आवश्यक छ, किनभने ख्रीष्टियानहरूले सृष्टिबारे बाइबलको समग्र शिक्षाको अझ महत्त्वपूर्ण र अझ स्पष्ट पक्षहरूमा ध्यान दिन छोड़ेर पृथ्वीको आयुबारे तर्क गर्दै अति धेरै समय बिताउन थाल्ने जोखिम हुन्छ।

पृथ्वीको आयुसम्बन्धी छनोट गर्नुपर्ने दुईवटा विकल्पहरू छन्, आधुनिक विज्ञानले सर्वसम्मतिमा मानेको ४,५००,०००,००० वर्ष "पुरानो पृथ्वी" अनि १०,०००-

र शून्य" थियो।)

२०,००० वर्षको “जवान पृथ्वी”-को दृष्टिकोण, जसले यो भौतिक विज्ञानको मिति निर्धारण गर्ने पद्धति गलत छ भन्छ। यी दुईवटा दृष्टिकोणहरूमाझको भिन्नता विराट् छ : ४,४९९,९८०,००० वर्ष !

यी दुवै दृष्टिकोणहरूको पक्षमा विशेष तर्कहरूबारे विचार गर्नुभन्दा अघि हामी बाइबलमा पाइने वंशावलीहरूसम्बन्धी केही प्रारम्भिक प्रश्नहरू, मानवजातिको आयुसम्बन्धी वर्तमान आकलन (*estimates*)-हरू, डाइनोसरसहरूका उमेरसम्बन्धी मतभिन्नताहरू, अनि उत्पत्ति १ मा सृष्टिका ६ दिनको लमाइबारे हामी जाँच गर्नेछौं।

**अ. बाइबलका वशांवलीहरूमा अन्तरालहरू छन्** : हामीले धर्मशास्त्रमा भएका नाउँहरूको सूची ती व्यक्तिहरूका आयुहरूसितै पढ्दा यस्तो लाग्छ कि हामीले आदमदेखि ख्रीष्टसम्म उद्धारको इतिहासमा भएका सबै मानिसहरूका आयुहरू जोड्न सक्छौं र त्यसद्वारा पृथ्वीको सृष्टिको मिति तोक्न सक्छौं। यसो गर्दा सृष्टिको मिति निश्चय नै हालैको हो भन्ने देखिनेछ (जस्तो कि आर्चविशप Ussher-ले दिएका मिति ४००४ ख्री.पू.)। तर धर्मशास्त्रमा भएका नाउँहरूका समानान्तर तालिकाहरूलाई ध्यान दिएर जाँच गर्दा यो देखिन्छ, धर्मशास्त्रले नै हामीलाई यस तथ्यको सङ्केत दिन्छ कि वंशावलीहरूले ती नाउँहरू मात्र तालिकाबद्ध गर्छन् जुन नाउँहरू बाइबल लेख्नेहरूले उनीहरूका उद्देश्यका निम्ति अभिलिखित गर्न महत्त्वपूर्ण भएका सोचे। वास्तवमा, केही वंशावली-तालिकाहरूमा ती नाउँहरू छन् जो धर्मशास्त्रमा नै भएका अन्य वंशावलीहरूमा समाविष्ट गरिएका छैनन्।

उदाहरणार्थ, मत्ती १:८-९ ले हामीलाई यो भन्छ आसा “यहोशापातका पिता, यहोशापात यहोरामका पिता, यहोराम उज्जियाहका पिता, उज्जियाह योतामका पिता, योताम आहाजका पिता” थिए। तर १ इतिहास ३:१०-१२ (जसले उज्जियाहको वैकल्पिक नाउँ अहज्याह लेख्छ)-बाट हामी यो जान्दछौं कि मत्तीले तीन पुस्ताहरू उल्लेख गरेका छैनन् – योआश, अमस्याह र अजर्याह। यसकारण, यी मूलपाठहरू निम्नलिखित तालिकामा तुलना गर्न सकिन्छ :

**वंशावलीहरूमा अन्तरालका उदाहरणहरू**

| *१ इतिहास ३:१०-१२* | *मत्ती १:८-१९* |
|---|---|
| आसा | आसा |
| यहोशापात | यहोशापात |
| यहोराम | योहराम |
| अहज्याह (उज्जियाह) | उज्जियाह |
| योआश | |
| अमस्या | |
| अजर्याह | |
| योताम | योताम |

| | |
|---|---|
| आहाज | आहाज |
| हिजकिया | हिजकिया |

त्यसकारण, मत्तीले उज्जियाह "योतामका पिता" थिए भन्दा यसको अर्थ यो हुन सक्छ कि तिनी कसैका पिता थिए जसद्वारा योतामको जन्म भएको थियो। मत्तीले उनकै उद्देश्यहरूका निम्ति जोड़ दिनलाई यी नाउँहरू छनोट गरेका छन्।[४७] मत्ती १:२० मा पनि यस्तै घटना प्रस्टै छ जहाँ परमप्रभुका दूत योसेफसँग बोल्छन् र तिनलाई, "योसेफ, दाऊदका छोरा" भन्छन्। योसेफ सोझै दाऊदका छोरा होइनन् (किनकि दाऊद प्रायः १००० ख्री.पू.-का व्यक्ति थिए), तर योसेफ दाऊदका वंशज थिए र त्यसकारण तिनलाई दाऊदका "छोरा" भनिएको छ)।

अर्को उदाहरण १ इतिहास २६:२४ मा आफ्नो जीवनको अन्तिमकालमा दाऊदले नियुक्त गरेका अफिसरहरूको तालिकामा पाइन्छ। हामी यो पढ्छौं कि "मोशाका छोरा गेर्शोमका सन्तान शूबाएल भण्डारहरूका अधिकृत थिए" (१ इति २६:२४)। हामी प्रस्थान २:२२ बाट यो जान्दछौं कि गेर्शोम प्रस्थानअघि झण्डै १४८० ख्री.पू.-मा (वा प्रस्थानको अझ पछिल्लो मितिमा, प्रायः १३३० ख्री.पू.-मा) मोशाबाट जन्मेका छोरा थिए। तर १ इतिहासमा उल्लेखित अधिकृतहरू प्रायः ख्री.पू. ९७० मा दाऊदले सोलोमनलाई इस्राएलका राजा बनाउँदा नियुक्त गरिएका थिए (हे. १ इति २३:१)। यसको अर्थ यो हुन्छ कि १ इतिहास २६:२४ मा शूबाएल "गेर्शोमका छोरा" थिए भनी मानिएको छ, जो ५१० (वा कम्तीमा ३६० वर्ष) वर्षअघि जन्मेका थिए। "...का छोरा" भनिने यस ओहदामा दश वा धेरै वशंहरू उल्लेखित छैनन्।[४८]

यो निष्कर्ष निकाल्न न्यायोचित देखिन्छ कि धर्मशास्त्रमा भएका वंशावलीहरूमा केही अन्तरालहरू छन् अनि परमेश्वरले उहाँका उद्देश्यहरूका निम्ति महत्त्वपूर्ण नाउँहरू मात्र अभिलिखित गराउनुभयो। उत्पत्तिका वृत्तान्तहरूमा कतिवटा अन्तरालहरू छन् अनि कतिवटा पुस्ताहरू अनुल्लिखित छन् सो हामी जान्दैनौं। अब्राहाम लगभग ख्री.पू. २००० का थिए भन्न सकिन्छ, किनभने अब्राहामको जीवनवृत्तान्तहरूमा (उत्पत्ति १२ देखिउता) तालिकाबद्ध गरिएका राजा र स्थानहरू पुरातात्त्विक तथ्याङ्कहरूसित मिल्नजान्छन्। ती राजा र स्थानहरूका मिति निकै विश्वसनीय प्रकारले तोक्न सकिन्छ,[४९] तर अब्राहामअघिका मिति निर्धारण शङ्कास्पद हुन्छ। जलप्रलयअघिका मानिसहरूका आयुहरू असाधारण रूपले लामा थिए भनी बताइएको हुनाले त्यो वृत्तान्तभित्र केही हजार वर्षहरू बितेर गए भनी सोच्नु

[४७]Francis Shaefer, *No Final Conflict*, पृह. ३७-३४ मा वंशावलीहरूका अन्तरालहरूबारे अझ पूर्ण विवेचन हे.।

[४८]*एन्.आई.भी.*-ले यस पदलाई "गर्शोमका वंशज" भनी अनुवाद गर्छ तर यो अनुवाद व्याख्या मात्र हो किनभने हिब्रू मूलपाठमा *ben*, अर्थात् "छोरा" शब्द मात्र छ। गेर्शोम ५०० वर्षभन्दा धेरै बाँचेका कुरोबारे आपत्ति उठाउनु हुँदैन किनकि यस प्रकारको लामो आयु जलप्रलयपछि पाइन्न (उत्प ६:३ लाई ध्यान दिनोस्, वास्तवमा अब्राहामलाई उनी प्रायः १०० वर्ष पुग्दा आश्चर्यकर्मद्वारा एउटा छोरा दिइएको थियो (तु. रोम ४:१९ ,हिब ११:१२); अनि मोशाले दाऊद र सोलोमनभन्दा धेरै वर्षअघि मानिसको आयु ७० वा ८० वर्षको हो भनी गन्ती गरे : "हाम्रो आयु त सत्तरी वर्ष मात्र हो, बलले भ्यायो भने, असी पुग्ला" (भज ९०:१०)।

[४९]हे. *IBD*-मा, विशेष गरी पृह. २६८-७० मा "Chronology of the Old Testament"।

अनुचित हुँदैन। यसले हामीलाई मानिस पृथ्वीमा सर्वप्रथम देखा परेको मितिबारे हाम्रो सोचाइमा केही लचिलोपन दिन्छ। (तर, वृत्तान्तमा अविच्छिन्नताको भावमा यो सोच्नु साँच्चै अर्कै, र अनुपयुक्त कुरा देखिन्छ कि *लाखौं* वर्षहरू हटाइएका छन् तर प्रमुख व्यक्तिहरूका नाउँ र जीवनी स्मरण गरिएका छन् र यति लामो समयावधिभरि एउटा पुस्तादेखि अर्को पुस्तालाई हस्तान्तरण गरिएका छन्।)

**आ. मानवजातिको आयु :** मानिस पृथ्वीमा सर्वप्रथम २५ लाख वर्षअघि देखा पऱ्यो भनी आजका वैज्ञानिक आकलनहरूले भन्छन् तर यो कुन किसिमको "मानिस" थियो सो चिन्न महत्त्वपूर्ण छ। निम्नलिखित तालिका आजको वैज्ञानिक मतको एउटा प्रारम्भिक मार्गदर्शक हो :[४०]

| | |
|---|---|
| *होमो हेवलस्* [*homo habilis*] (सीपसम्पन्न मानिस) ढुङ्गाका औजार | २-३.५ लाख वर्ष ख्री.पू. |
| *होमो इरेक्टस्* [*homo erectus*] विभिन्न किसिमका ढुङ्गाका औजारहरू, ख्री.पू. ५ लाख ख्री.पू.देखि आगो प्रयोग गऱ्यो ठूला पशुहरूको शिकार गऱ्यो | १.५ लाख वर्ष ख्री.पू. |
| *होमो सेपिएन्स्* [*homo sapiens*] ("बुद्धिमान् मानिस" वा "सोच्ने मानिस") तिनीहरूका लाश गाड्थे (उदाहरण, "निन्दर्थल म्यान" [*Nintherthal man*]) | ४०,०००-१,५०,००० ख्री.पू. (वा सम्भवत: ३००,००० ख्री.पू.) |
| *होमो सेपियन्स् सेपियन्स्* [*homo sapiens sapiens*] ("बुद्धिमान्, बुद्धिमान् मानिस)" | ९०,००० ख्री.पू. |
| (उदाहरण, "क्रो-म्यागनोन म्यान" [*Cro-Magnon man*]) ओड़ारका चित्रकलाहरू | १८,०००-३५,००० ख्री.पू. |
| (उदा., नवप्रस्तर मानिस [*Neolithic man*]) गाईबस्तु पालन, कृषि, धातुकर्म | १९,००० ख्री.पू. |

[४०]यो तालिका Frair र Davis-को *A Case for Creation,* पृह. १२२-२६, र *World Book Encyclopedia* (शिकागो: वर्ल्ड बुक, १९७४, १५:६६६-७४ मा भएको Karl W. Butzer-को "Prehistoric People"-बाट लिइएको थियो।

ख्रीष्टियानहरूले तरुण पृथ्वी वा पुरानो पृथ्वीमा विश्वास गरे तापनि तिनीहरू यस कुरासित सहमत बन्छन् कि क्रो-म्यागनोन मानिसद्वारा बनाइएका चित्रकलाहरूका समयदेखि नै मानिसहरू निश्चय नै धरतीमा थिए; ती चित्रकलाहरू ख्री.पू. १०,००० अघिका हुन्। तर क्रो-म्यागनोन मानिस कुन समयमा थियो सोबारे विभिन्न मितिहरू दिइएका छन् किनभने साइबेरियामा पाइएको क्रो-म्यागनोन मानिसको चिहानघारीको मिति निर्धारण त्यहाँ प्राप्त प्रमाणअनुसार लगभग ख्री.पू. २०,०००-३०,००० वर्ष तोकिएको छ भने कार्बोन-१४ मिति निर्धारण पद्धतिले केवल ख्री.पू. ९,००० वा ११,००० वर्षपूर्वको मिति दिन्छ।[५१] क्रो-म्यागनोन मानिसद्वारा बनाइएका चित्रकलाहरूभन्दा पूर्वको समयबारे असहमति छ। के निनदर्थल मानिस साँचै नै मानिस थियो वा मानिसजस्तै प्राणी मात्र थियो?[५२] प्रारम्भिक मानिसजस्तै प्राणी कतिसम्म मानवीय थियो? (शिम्प्यान्जीहरूजस्ता उच्च स्तरका पशुहरूले औजारहरू प्रयोग गर्न सक्छन्, अनि लाश गाड्ने काम अनिवार्यतः अद्वितीय मानव विशेषता होइन)। यसबाहेक, अगाड़िका अवधिहरूका मिति तोक्न प्रयोग गरिएका पद्धतिहरूले दिएका मितिहरू अति नै अनुमानित मितिहरू छन् जो एक-अर्कासित प्रायः नै असहमत हुन्छन्।[५३]

यसर्थ, मानिस पृथ्वीमा सर्वप्रथम कति अघि देखापर्‍यो? यदि क्रो-म्यागनोनका ओड़ार चित्रकलाहरूका मिति-निर्धारण सही प्रकारले भएका छन् भने, निश्चय नै १०,००० ख्री.पू.-तिर देखापरिसकेको थियो। तर त्यसअघि भन्नु कठिन छ।

**इ. के मानिसको पतन हुनभन्दाअघि पशुहरू मरे?** तरुण पृथ्वीको सिद्धान्तलाई समर्थन गर्नेहरूलाई मानिसको पतनअघि पशुहरू मरे कि मरेनन् भनी प्रश्न गर्नु आवश्यक छैन, किनभने पशुहरूसाथै मानिस छैटौं दिनमा सृष्टि गरिएका थिए अनि आदम र हव्वाले पाप गर्नभन्दा अघि सायद धेरै समय बितेको थिएन। यसले पतनका श्रापको एउटा भागको रूपमा प्राणी-संसारमा पनि मृत्यु ल्याएको हुन सक्छ (उत ३:१७-१९; रोम ८:२०-२३)।

तर पुरानो पृथ्वीका समर्थकहरूका लागि यो प्रश्न महत्त्वपूर्ण छ। पृथ्वीमा स्पष्टतः लाखौं प्राचीनकालीन जीवाश्महरू छन्। के ती आदम र हव्वाको सृष्टि हुनभन्दा अघि दीर्घ काल बाँचेर मरेका पशुहरूका हुन सक्थे? के परमेश्वरले सृष्टिको क्षणदेखि नै मृत्युको अधीनमा भएका पशु-जगत् सृष्टि गर्नुभएको हुन सक्थ्यो? यो धेरै सम्भव छ। आदम र हव्वाले वनस्पति खानु अनिवार्य थियो भने, वनस्पति-जगत्मा निश्चय नै मृत्यु थियो; अनि यदि परमेश्वरले पशुहरूले प्रजनन गर्ने अनि सदासर्वदा बाँच्ने एउटा मूल सृष्टि गर्नुभएको थियो भने, पृथ्वी कुनै

---

[५१]Kofahl र Segraves, *The Creation Explanation*, पृह. २०७।

[५२]मानवका विभिन्न पूवर्जहरूबारे प्रस्तावित दुईवटा उपयोगी विवेचनहरू Frair र Davis, *A Case for Creation*, पृह. १२२-२६ मा, र Davis A. Young, *Creation and the Flood*, पृह. १४६-५५ मा पाइन्छन्। Frair र Davis-ले सोच्छन् कि Neanderthal Man "पूर्ण रूपले मानिस" तर "जातिगत रूपले विशिष्ट" थियो (पृह. १२५)।

[५३]Phililp Johnson टिप्पणी गर्छन् कि अनेकौं आणविक जीववैज्ञानिकहरूबाट समर्थन प्राप्त हालैको सिद्धान्त यो हो कि सबै मानिसहरू २,००,००० भन्दा केही कम वर्षअघि अफ्रिकामा बस्ने "Mitochondrial Eve"-बाट जन्मेका हुन् (Darwin on Trial, पृह. ८३, १७७-७८)।

राहतको आशाविना नअटाउने किसिमले चाँड़ै नै खचाखच बन्नेथियो। उत्पत्ति २:१७ मा आदमलाई दिइएको चेताउनी यो मात्र थियो कि तिनले नखानू भनिएको फल खाए *तिनी* मर्नेथिए, पशुहरू पनि मर्न थाल्ने थिए भनिएको थिएन। जब पावल भन्छन्, "एउटा मानिसद्वारा संसारमा पाप आयो, र पापबाट मृत्यु" (रोम ५:१२), निम्नलिखित वाक्यांशले यो स्पष्ट गर्छ कि पावलले वनस्पति र पशुहरूका होइन तर मानवजातिको मृत्युबारे कुरा गरिरहेका छन्, किनकि उनी तत्कालै भन्छन्, "यसरी सबै मानिसले पाप गरेका हुनाले सबै मानिसमा मृत्यु फैलियो" (रोम ५:१२ख)।

धर्मशास्त्रमा भएको जानकारीबाट अहिले हामी जान्न सक्दैनौं कि परमेश्वरले वृद्ध हुने र मृत्युको मुखमा पर्ने प्राणीहरू सुरुदेखि नै सृष्टि गर्नुभयो वा भएन, तर यो एउटा वास्तविक सम्भावना रहन्छ।

**ई. डाइनोसरहरूबारे नि ?** आजको वैज्ञानिक मतले यो दृष्टिकोण लिन्छ कि डाइनो-सरहरू प्रायः ६ करोड़ ५० लाख वर्षअघि, अर्थात् मानिसहरू पृथ्वीमा देखा पर्नुभन्दा लाखौं वर्षअघि पृथ्वीबाट लोप भए। तर सृष्टि २४ घण्टे ६ दिनमा पूरा गरियो अनि "तरुण पृथ्वी"-मा विश्वास गर्नेहरूले भन्छन् कि डाइनोसरहरू पनि तिनै प्राणीहरू-मध्येका हुन् जो परमेश्वरले मानिसलाई सृष्टि गर्नुभएको दिन (छैटौं दिन) बनाउनुभयो। त्यसकारण तिनीहरू यो भन्छन् कि डाइनोसरहरू र मानवजाति पृथ्वीमा एउटै समयमा बाँचेका थिए औ (सम्भवतः जलप्रलयपछि) कालान्तरमा लोप भए। डाइनोसरहरूका यस्ता प्राचीन मितिहरू तोक्ने पद्धतिसित तरुण पृथ्वीमा विश्वास गर्नेहरू निश्चय नै असहमत बन्नेछन्।

पुरानो पृथ्वीको दृष्टिकोणमा विश्वास गर्नेहरूमध्येका कतिले यो भन्न चाहन्छन् कि डाइनोसरहरू ती प्राणीहरूमध्येका थिए जसका नाउँ आदमले उत्पत्ति २:१९-२० मा राखेका थिए, अनि डाइनोसरहरू कालान्तरमा नाश भए (सायद जलप्रलयमा)। तिनीहरूले यो स्वीकार गर्लान् कि डाइनोसरहरू योभन्दा पनि अघि अस्तित्वमा थिए तर आदम र हव्वाको समय नबितेसम्म ती लोप भएनन्। अरूहरू भन्छन् कि सृष्टिको छैटौं दिन लाखौं वर्ष लामो थियो, आदमको सृष्टि गरिएको र तिनले पशुहरूका नाउँ राखिदिएका समयसम्म डाइनोसरहरू लोप भइसकेका थिए। यस अवस्थामा, आदमले डाइनोसरहरूका नाउँ राखेनन् (आदमले यसो गरे भनी बाइबलले भन्दैन) तर तिनले नाउँ राखून् भनी परमेश्वरले सबै पशुहरू तिनीकहाँ ल्याउनुभएको समयमा बाँचिरहेका सबै प्राणीहरूका नाउँ तिनले राखिदिए (उत २:१९-२०; हे. *एन्.आई.भी.*)। यो दृष्टिकोणले निश्चय यो मान्नैपर्दछ कि पाप हुनभन्दा अघि नै प्राणी-संसारमा मृत्यु थियो (हे. अघिल्लो खण्ड)।

**उ. के सृष्टिका ६ दिनहरू २४ घण्टे दिनहरू थिए ?** "तरुण पृथ्वी" र "पुरानो पृथ्वी"-का समर्थकहरू माझका धेरैजस्ता विवाद उत्पत्ति १ का "दिनहरू"-का लमाइको व्याख्यामा आधारित छन्। पुरानो पृथ्वीका समर्थकहरूको प्रस्तावअनुसार, उत्पत्ति १ का ६ "दिनहरू"-ले २४ घण्टे समयावधिहरू सङ्केत गर्दैनन्, तर यसको

सट्टामा लाखौं वर्षका लामा समयावधिहरू सङ्केत गर्छन्, जुन अवधिमा परमेश्‍वरले उत्पत्ति १ मा वर्णित सृजनात्मक कार्यहरू गर्नुभयो। यो प्रस्तावले अन्य इभ्यान्जेलिकल्हरूसँग उग्र विवाद उत्पन्न गरिदिएको छ। यो विवाद कुनै पनि निर्णायक प्रकारले निष्कर्षमा आउने छाँट देखिँदैन।

६ दिनलाई एउटा लामो समयावधिको रूपमा हेर्नुपर्ने प्रस्तावको पक्षमा यो तथ्य छ कि हिब्रू शब्द *yom* (अर्थात् "दिन")-लाई कहिलेकाहीँ २४ घण्टे वास्तविक दिन बुझाउन होइन, तर अझ लामो समयावधि बुझाउन प्रयोग गरिन्छ। उत्पत्ति २:४ मा यो शब्द प्रयोग हुँदा हामी यो कुरा देख्छौं। उदाहरणार्थ, "परमप्रभु परमेश्‍वरले आकाश र पृथ्वी सृष्टि गर्नुभएको *दिन*"। यो वाक्यांशले सृष्टिका ६ दिनको सम्पूर्ण सृजनात्मक काम बुझाउँछ। एउटा समयावधि बुझाउन प्रयोग गरिएको *दिन* शब्दका अन्य उदाहरणहरू यी हुन् अय्यूब २०:२८ ("परमेश्‍वरको क्रोधको दिनमा"); भजन २०:१ ("सङ्कष्टको दिनमा परमप्रभुले तपाईंलाई उत्तर दिऊन्"); हितोपदेश ११:४ ("क्रोधको *दिन*मा धन-सम्पत्ति केही मोलको हुँदैन"); २१:३१ ("युद्धका *दिन*को लागि घोड़ा तयार पारिन्छ"); २४:१० ("सङ्कष्टको दिनमा लरखराइस् भने, तेरो बल कति कम रहेछ"); २५:१ ("कटनीको बेला [*yom*]); हितोपदेश ७:१४ ("समय राम्रो हुँदा खुशी होऊ, तर नराम्रो हुँदा विचार गर कि परमेश्‍वरले दुवै बनाउनुभएका हो"); "परमप्रभुको *दिन*" इङ्गित गर्ने धेरैवटा खण्डहरू (जस्तै, यशै २:१२; १३:६; ९; योए १:१५; २:१; सप १:१४); र इन्साफ र आशिष्‌को दिन पूर्वानुमान गर्ने पुरानो करारका धेरैवटा खण्डहरू। पुरानो करारमा प्रायः नै यही अर्थमा *दिन* शब्दको प्रयोग भएको पदसाङ्लोले देखाउनेछ।

यी "दिनहरू"-मा लामो समयावधिको पक्षमा अतिरिक्त तर्क यो तथ्य हो कि छैटौं दिनमा यति धेरै घटनाहरू संलग्न छन् कि यो दिन २४ घन्टाभन्दा लामो भएको हुनुपर्छ। सृष्टिको छैटौं दिनले (उत १:२४-३१) पशुहरू र नर र नारी ("नर र नारी नै गरी उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो," उत १:२७)-को सृष्टि समाविष्ट गर्छ। परमेश्‍वरले आदम र हव्वालाई आशिष् दिनुभएको दिन र तिनीहरूलाई यसो भन्नुभएको दिन पनि छैटौं नै थियो, "फल्दै-फुल्दै, वृद्धि हुँदै, पृथ्वीमा भरिँदै र त्यसलाई आफ्नो वशमा पार्दैजाओ। समुद्रका माछाहरू, आकाशका पक्षीहरू तथा पृथ्वीका सबै जीवित प्राणीहरूमाथि अधिकार गर" (उत १:२८)। तर त्यसको अर्थ यो हो कि छैटौं दिनमा परमेश्‍वरद्वारा आदमको सृष्टि, परमेश्‍वरले आदमलाई अदनको बगैंचामा यसको खन-जोत र स्याहार गर्नलाई राख्नुभएको र असल र खराबको ज्ञान दिने रूखबारे निर्देशन दिनुभएको (उत २:१५-१७), सबै पशुहरूका नाउँ राखिदिओस् भनी तिनीहरूलाई मानिसकहाँ ल्याउनुभएको (उत २:१८-२०), आदमको निम्ति सुहाउँदो सहयोगी नपाउनुभएको (उत २:२०), र त्यसपछि आदमलाई मस्त निद्रामा पार्नुभएको, अनि आदमका करङ्गबाट हव्वाको सृष्टि गर्नुभएको आदि कामहरू (उत २:२१-२५) समाविष्ट छन्। मानिसको सीमित प्रकृति र परमेश्‍वरद्वारा सृष्टि गरिएका पशुहरूको विश्‍वासै गर्न नसकिने ठूलो संख्याले नै यो देखिन्छ कि त्यति धेरै घटनाहरूका लागि एक दिनको भागभन्दा अझ लामो नै समय आवश्यक

पर्नगएको थियो – कमसेकम आरम्भिक पाठकका लागि यस खण्डको "साधारण" अर्थ यही नै हुन्छ, यो एउटा यस्तो विचार हो जो त्यस विवादमा महत्त्वपूर्ण छ जसले प्रारम्भिक पाठकहरूद्वारा गरिएका साधारण पठनले तिनीहरूलाई कस्तो निष्कर्ष निकाल्नतिर डोऱ्याए भन्ने विषयमा प्रायः नै यो जोड़ दिन्छ।[५४] यदि सान्दर्भिक विचारहरूले छैटौं दिनलाई एउटा साधारण २४ घण्टे दिनभन्दा निकै लामो देखाउँछन् भने, के सन्दर्भ आफैले नै यस तथ्यलाई समर्थन गर्दैन कि एक *दिन*को अर्थ केवल अनिश्चित लमाइको "एउटा समयावधि" हो ?

यस तथ्यसित सम्बन्धित अझै एउटा विचार छ। यस तथ्यमा ध्यान दिइनैपर्दछ कि सातौं दिन यस वाक्यांशसित समाप्त हुँदैन, "अनि साँझ पऱ्यो र बिहान भयो – सातौं दिन।" मूलपाठले यति मात्र भन्छ कि परमेश्वरले "सातौं दिनमा आफूले गर्नुभएका सबै कामबाट ... विश्राम लिनुभयो" र "सातौं दिनलाई आशिष् दिनुभयो र त्यसलाई पवित्र तुल्याउनुभयो" (उत २:२-३)। यसले प्रस्ताव गरेको सम्भावना, यदि त्यो यसको तात्पर्य होइन भने, यो हो कि सातौं दिन अझै पनि चलिरहेको छ। यो कहिल्यै पनि समाप्त भएन तर यो यस्तो "दिन" पनि हो जो वास्तवमा एउटा लामो समयावधि हो (तु. यूह ५:१७; हिब ४:४, ९-१०)।

कतिले आपत्ति उठाएका छन् कि जब पनि *दिन* शब्दले पुरानो करारमा २४ घण्टे दिन नबुझाएर अर्कै समयावधि बुझाउँछ भने, सन्दर्भले अर्कै समयावधिलाई बुझाएको हो भनी स्पष्टै गरिदिन्छ। तर उत्पत्ति १ मा भएको सन्दर्भले यो स्पष्ट नगरेको कारण हामीले यो अनुमान गर्नुपर्दछ कि यस सन्दर्भले २४ घण्टे सामान्य दिनहरू नै बुझाएको हो। तर यसको उत्तर हामी यसरी दिन सक्छौं कि एक दिनले जहिले पनि २४ घण्टे दिन बुझाउँछ, सन्दर्भले पनि यो स्पष्ट गरिदिन्छ। नत्र, त्यस सन्दर्भमा एक दिनको अर्थ २४ घण्टे दिन हो भनी हामी जान्न सक्ने थिएनौं। यसकारण, यो पत्यारलाग्दो आपत्ति होइन। यसले त्यसैलाई पुष्टि मात्र गर्छ, जसमा हरेक व्यक्ति सहमत बन्छ, अर्थात्, एउटा शब्दका विभिन्न सम्भाव्य अर्थहरू हुँदा त्यस शब्दले कुन अर्थ लिनेछ भनी निर्धारण गर्न सन्दर्भले हामीलाई सक्षम बनाउँछ।

अर्को आपत्ति यो हो – यदि २४ घण्टे दिनभन्दा लामो समयावधि बुझाउने अभिप्राय राखिएको थियो भने बाइबलले अन्य शब्दहरू प्रयोग गर्न सक्थ्यो। तर, यदि प्रारम्भिक पाठकहरूले *दिन* शब्दले एउटा लामो समयावधि बुझाएको हो भनी जानेका भए (जस्तो कि तिनीहरूले स्पष्टतः जानेकै थिए), अर्को कुनै शब्द प्रयोग गर्ने आवश्यकता नै थिएन किनकि *yom* शब्दले राम्ररी नै अभिप्रेत अर्थ बुझाएको थियो। यसबाहेक, कामका छवटा आनुक्रमिक समयावधिहरू र विश्रामको एउटा अवधि, जसले मानिसहरू बाँच्ने हप्ताका सात दिनको एउटा ढाँचा निर्धारित गर्‍यो, वर्णन गर्नुपर्दा प्रयोग गर्नलाई यो अति नै उपयुक्त शब्द थियो।

यसले हामीलाई सुरुको प्रश्नमा फर्काउँछ, अर्थात् उत्पत्ति १ को सन्दर्भमा *दिन*

[५४]चौबीस घण्टे दिनका समर्थकहरूले यस्ता परिदृश्यहरू दिन सक्छन् जसद्वारा आदमले पशुहरूका प्रातिनिधिक किसिमहरूका मात्र नाम राखे वा तिनीहरूका क्रियाकलापहरू वा योग्यताहरूलाई पर्यवेक्षण नगरी हतारमा तिनका नाउँ राखिदिए। तर पुरानो करारमा नाउँहरू राखिदिने कामका महत्त्वको परिप्रेक्ष्यमा हेर्दा, यी दुवै सुझाउहरू अनि अल्प सम्भाव्य व्याख्याहरू हुन्।

शब्दको अर्थ के हो ? त्यही वृत्तान्तमा (उत २:४) केही पदहरूपछि त्यो शब्दले अझ लामो समयावधिलाई बुझाउँछ भन्ने तथ्यले हामीलाई यस्ता कट्टरवादी वक्तव्यहरू दिने कामबारे सतर्क गराउनैपर्दछ कि प्रारम्भिक पाठकहरूले यो निश्चय नै जानेका हुनपर्छ कि लेखकले २४ घण्टे दिनहरू बताइरहेका थिए। वास्तवमा यस वृत्तान्तका प्रारम्भिक पाठकहरूका मनमा दुवै अर्थहरू सामान्यतः जानिएका अर्थहरू थिए।[५५]

यो बुझ्न आवश्यक छ कि सृष्टिका ६ "दिनहरू" लामा समयावधिहरू थिए भनी विश्वास गर्नेहरूले यो भनिरहेका छैनन् कि सन्दर्भले यिनलाई केवल समयका अवधिहरू मात्र थिए भनी बुझियोस् भनी *माग गर्छ*। तिनीहरू केवल यो मात्र भनिरहेका छन् कि सन्दर्भले हामीलाई *दिन*को अर्थ यो हो वा अर्कै हो भनी स्पष्ट रूपले तोकिदिँदैन, र पृथ्वीको आयुबारे धेरैवटा विभिन्न विधाहरूबाट निष्कर्ष निकालिइएका र एउटै किसिमका उत्तरहरू दिने पत्यारिला वैज्ञानिक तथ्याङ्कहरूले पृथ्वी अरबौं वर्ष पुरानो हो भनी हामीलाई मान्न बाध्य बनाउँछ भने एउटा लामो समयावधिको रूपमा *दिन*को सम्भाव्य व्याख्या नै स्वीकार गर्नुपर्ने सम्भाव्य सर्वोत्तम व्याख्या हुन सक्छ। यसरी, स्थिति प्रायः त्यस्तै छ जो पृथ्वी यसको धुरीमा र घामको वरिपरि घुम्छ भनी सर्वप्रथम अड़ान लिनेहरूले सामना गरे। तिनीहरूले यो भन्दैनन् कि घाम "उदाइरहेको" वा "अस्ताइरहेको" बताउने खण्डहरूले, तिनका सन्दर्भहरूमा, हामीले सूर्य-केन्द्रित सौर-मण्डलमा विश्वास गर्नुपर्छ भनी अनिवार्य पार्दैन, तर यही बताउँछ कि केवल प्रेक्षकहरूको दृष्टिकोणबाट बोलिएको रूपमा हेर्दै, मूलपाठलाई बुझ्ने *सम्भाव्य* तरिका यही नै हो। विज्ञानबाट लिइएको पर्यवेक्षणीय प्रमाणले हामीलाई यही जानकारी दिन्छ कि ती मूलपाठहरूलाई व्याख्या गर्ने सही तरिका वास्तवमा यही नै हो।

यस प्रश्नको अर्कोपट्टि उत्पत्ति १ को "दिन"-लाई २४ घण्टे दिन भनी बुझ्नुपर्ने पक्षका तर्कहरू छन्।

१. यो महत्त्वपूर्ण छ कि उत्पत्ति १ मा भएको प्रत्येक दिन "साँझ पऱ्यो र बिहान भयो – दोस्रो दिन" (उत १:५)-जस्ता अभिव्यक्तिसित समाप्त हुन्छ। "साँझ पऱ्यो र बिहान भयो" भन्ने वाक्यांश ८, १३, १९, २३, र ३१ पदहरूमा दोहोऱ्याइएको छ। यसले अक्षरशः २४ घण्टे दिनहरू बताउने घटनाहरूको सिलसिला इङ्गित गरेको र पाठकहरूले पनि यसलाई त्यसरी नै बुझ्नुपर्छ भन्ने सुझाउ दिएको देखिन्छ।

सन्दर्भबाट उठेको यो एउटा सबल तर्क हो, अनि धेरैले यसलाई पत्यारलाग्दो पाएका छन्। तर पनि यी "दिनहरू" लामो समयावधि थियो भनी विश्वास गर्नेहरूले यस्तो उत्तर दिन सक्छन् (क) साँझ र दिनले पनि एउटा सारा दिन बनाउँदैन, तर एउटा दिनको अन्त्य र अर्को दिनको सुरुवात मात्र बुझाउँछ र त्यसर्थ यो अभिव्यक्ति पहिलो सृजनात्मक दिनको अन्त्य (अर्थात्, एउटा लामो समयावधि)

---

[५५]उत्पत्ति र प्रस्थान पुस्तकहरू मोशाले लेखे, अनि आरम्भिक पाठकहरू प्रायः ख्री.पू. १४४० तिर उजाड़-स्थानमा भौंतारिरहेका इस्राएलका मानिसहरू थिए भन्ने अनुमान मैले उहाँ गरिरहेको छु।

भयो, अनि अर्को सृजनात्मक “दिन” आएको थियो भनी लेखकले हामीलाई बताउने तरिकाको एउटा भाग मात्र भएको हुनसक्छ,[५६] र साथै (ख) पृथ्वीमा घामको किरणको कारण प्रथम तीन सृजनात्मक “दिनहरू”-का साँझ र बिहानहरू भएका हुन सक्दैनन्, किनभने घाम चौथो दिनमा मात्र सिर्जना गरिएको थियो (उत १:१४-१९); यसकारण, सन्दर्भले नै यो देखाउँछ कि यस अध्यायमा भएका “साँझ र बिहान”-ले आज हामीले जानेका दिनहरूका साधारण साँझ र बिहान बुझाउँदैन। यसर्थ “साँझ र बिहान”-को तर्कले, यद्यपि यसले २४ घण्टे दिनको धारणामा केही बल देला, तर तर्कलाई निर्णायक रूपले यसको पक्षमा पार्दैन।

२. सृष्टिको तेस्रो दिन धेरै लामो दिन हुन सक्दैन, किनभने घाम चौथो दिनसम्म सृष्टि गरिँदैन, अनि वनस्पतिहरू विनाप्रकाश धेरै लामो बाँच्न सक्दैनन्। यसको उत्तरमा यो भन्न सकिन्छ कि परमेश्वरले पहिलो दिन सृष्टि गर्नुभएको प्रकाशले वनस्पतिहरूलाई लाखौं-लाख वर्षसम्मका लागि ऊर्जा प्रदान गऱ्यो। तर त्यसो भन्नु परमेश्वरले एउटा यस्तो प्रकाश सृष्टि गर्नुभयो जो चमक र शक्तिमा प्रायः घामको किरणजस्तै भए तापनि त्यो घामको किरणैचाहिँ थिएन भन्ने सुझाउ राख्नु हो – जो एउटा असाधारण सुझाउ हो।

३. यो निष्कर्षबाट बाँच्न कठिन छ कि दश आज्ञामा *दिन* शब्दको प्रयोग २४ घण्टे दिन बुझाउनलाई गरिएको छ :

> शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। छ *दिन*सम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू, तर सातौंचाहिँ *दिन* परमप्रभु तिमीहरूका परमेश्वरको निम्ति शबाथ-दिन हो। ... किनकि छ *दिन*मा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो। त्यसकारण परमप्रभुले शबाथ-दिनलाई आशिष् दिनुभयो, र त्यसलाई पवित्र गर्नुभयो।” (प्रस २०:८-११)

त्यस मूलपाठमा शबाथ-“दिन” निश्चय नै २४ घण्टे दिन हो। परमप्रभुले आकाश र पृथ्वी “छ दिन”-मा बनाउनुभयो भनी पद ११ ले एउटै वाक्यमा भन्छ, यस पदमा “दिन”-लाई त्यही अर्थमा प्रयोग गरिएको छ भनी के हामीले भन्न पर्दैन र ? फेरि यही पनि एउटा वजनदार तर्क हो, अनि यसले “दिन” भन्नाले २४ घण्टे दिन हो भन्ने दृष्टिकोणलाई, निचोड़मा, अतिरिक्त पत्यारलाग्दो बनाइदिन्छ। तर फेरि पनि यो आफैमा पूर्ण निर्णायक छैन, किनकि कसैले यो भन्न सक्छ कि पाठकहरू (उत १-२ लाई सतर्कतापूर्वक पढ़ेर) उत्पत्तिमा बताइएका दिनहरू अनिर्दिष्ट समयावधिहरू हुन् भन्ने औ शबाथ-दिनको आज्ञाले परमेश्वरका जनलाई यो मात्र भन्यो कि उहाँले सृष्टिमा पालन गर्नुभएको छ-जोड़ा-एक दिनको ढाँचा (कामको छवटा समयावधिहरू र विश्रामको एउटा समयावधि)-जस्तै तिनीहरूले पनि

[५६]वास्तवमा, “साँझ पऱ्यो र बिहान भयो” भन्ने अभिव्यक्ति हिब्रू पुरानो करारमा उहाँबाहेक अन्यत्र कतै प्रयोग गरिएको छैन, यसर्थ, यो अभिव्यक्ति एउटा सामान्य दिनलाई बुझाउन प्रयोग गरिने प्रचलित अभिव्यक्ति हो भन्न सकिँदैन।

तिनीहरूका जीवनमा छ-जोड़ा-एक दिनको ढाँचा पालन गर्नु आवश्यक थियो (६ दिन काम र १ दिन विश्राम; साथै ६ वर्ष काम गरेर विश्रामको एउटा शबाथ वर्ष पनि, प्रस २३:१०-११ मा जस्तै) भन्ने तथ्यबारे अवगत थिए।

वास्तवमा, दश आज्ञा लगत्तैपछिको अर्को वाक्यमा "दिन"-को अर्थ "एउटा समयावधि" हो : "आफ्ना बाबु र आमालाई आदर गर, कि जुन देश तिमीहरूलाई परमप्रभु आफ्ना परमेश्‍वरले दिनुहुन्छ, त्यहीँ तिमीहरूको आयु (*एन्.आई.भी.*-मा *दिन*) लामो होस्" (प्रस २०:१२)। निश्‍चय नै उहाँ गरिएको प्रतिज्ञा "लामो" साँच्चैका दिनहरू (*एन्.आई.भी.*) होइन (जस्तै, २५ वा २६ घण्टे दिनहरू !), तर पृथ्वीमा मानिसको जीवन लम्मिएको होस् भन्ने हो।[५७]

४. दिन भन्नाले २४ घण्टे दिन हो भनी तर्क गर्नेहरूले यो प्रश्‍न पनि गर्छन् कि हिब्रू बाइबलमा अन्यत्र कहीँ बहुवचनमा भएका "दिनहरू"-ले, विशेष गरी योसित कुनै संख्या दिइएको छ भने (जस्तै "छ दिनहरू"), कहिल्यै कुनै २४ घण्टे दिनहरूबाहेक अन्य केही बुझाउँछ ? यो तर्क तर अकाटच छैन, किनभने (क) समयावधि बुझाउन बहुवचन "दिनहरू"-को उदाहरण प्रस्थान २०:१२ मा पाइन्छ; यसबारे यसअघिको अनुच्छेदमा छलफल गरिएको छ अनि (ख) यदि यस शब्दले "एउटा समयावधि"-को अर्थ एकवचनमा स्पष्ट रूपले लिन्छ भने (यसले यस्तै नै गर्छ, जस्तो कि सबैले स्वीकार गर्छन्), यस्ता छवटा समयका "अवधिहरू"-को कुरा पाठकहरूले बुझ्नसक्ने हुनेछ, यद्यपि पुरानो करारमा अन्यत्र कहीँ यस्तो अर्थको उदाहरण नभएको किन नहोस्। त्यस्तो अभिव्यक्ति अन्यत्र कहीँ देखा पर्दैन भन्ने तथ्यले यसलाई अन्यत्र प्रयोग गर्ने अवसर नै थिएन भन्नेबाहेक अरू केही नबताउला।

५. येशूले, "तर सृष्टिको आरम्भदेखि 'परमेश्‍वरले तिनीहरूलाई नर र नारी गरी बनाउनुभयो" (मर्क १०:६) भन्नुहुँदा उहाँले यो इङ्गित गर्नुहुन्छ कि आदम र हव्वा सृष्टि आरम्भ भएको करोड़ौं वर्षपछि होइन, तर सृष्टिको थालनीमै सृष्टि गरिएका थिए। यो तर्कको पनि केही बल छ। तर पुरानो पृथ्वीका समर्थकहरूले यसको उत्तर यसरी दिन सक्छन् कि येशूले सम्पूर्ण उत्पत्ति १-२ लाई "सृष्टिको आरम्भ" भनी औँल्याइरहनुभएको छ र येशूको यो काम मोशाले दिएका व्यवस्थामा भएका तर्कहरूको विरुद्धमा छ जुन व्यवस्थामा फरिसीहरू भर परिरहेका थिए (प. ४)।

"दिन"-ले २४ घण्टे दिनको पक्षमा पाँचवटामध्ये प्रत्येक तर्कको मैले उत्तर दिएको छु, तर यी उत्तरहरूले यिनका समर्थकहरूलाई विश्‍वास नदिलाउलान्। तिनीहरूले यस "समयावधि" धारणाबारे यसरी उत्तर देलान् : (१) निश्‍चय नै यो सत्य हुन सक्छ कि पुरानो करारका धेरैवटा ठाउँहरूमा *दिन*ले एउटा "समयावधि" बुझाउला तर यसले यो देखाउँदैन कि उत्पत्ति १ मा *दिन*को अर्थ "समयावधि" नै थियो। (२) विशेष गरी यदि आदमले विभिन्न पशुहरूका प्रमुख प्रातिनिधिक

[५७]हिब्रू मूलपाठले "तिमीहरूका दिनहरू *धेरै* (हिब्रू *rab*) हुन्," जो सामान्य हिब्रू अभिव्यक्ति हो (उत २१:३४; ३७:३४; प्रस २:२३; गन्ती ९:१९ आदि), तर हिब्रू मूलपाठले "तिमीहरूका दिनहरू लामा (हिब्रू *arak*, "लामो होस्," १ राज ८:८; भज १२९:३; यशै ५४:२ ["तेरा डोरीहरू लामो पार्"] इज ३१:५ शारीरिक लमाइको रूपमा पनि प्रयोग गरिएको छ)।

प्रकारहरू र “सबै वन-पशुहरूका” नाउँहरू मात्र राखे (उत २:२०) भने सृष्टिको छैटौं दिन २४ घण्टाभन्दा धेरै लामो दिन भएको हुनैपर्छ भन्ने कुरा छैन। (३) सृष्टिका प्रथम ३ दिनलाई चिन्हित गराउने घाम थिएन, तापनि पृथ्वी यसको धुरीमा एउटा निर्धारित गतिमा घुमिरहेको थियो, अनि परमेश्वरले पहिलो दिनमा सृष्टि गर्नुभएको “उज्यालो” र “अँध्यारो” थियो (उत १:३-४), अनि उहाँले उज्यालोलाई “दिन” अनि अँध्यारोलाई “रात” भन्नुभयो (उत १:५)। यसकारण उत्पत्ति १:३-५ अनुसार, परमेश्वरले सृष्टिको पहिलो दिनदेखि नै दिन र रातमाझ एउटा हेरफेर ल्याउनुभयो।

उत्पत्ति १ का दिनहरूको लमाइबारे हामी के निष्कर्ष निकाल्ने? यस विषय हामीसित अहिले भएको जानकारीको आधारमा निर्णय गर्न अहिले ठ्याम्मै सहज देखिँदैन। यो केवल “बाइबलमा विश्वास गर्ने” वा “बाइबलमा विश्वास नगर्ने” भन्ने प्रश्न मात्र होइन, नता यो “आधुनिक विज्ञानको सामु आत्मसमर्पण गर्ने?” वा “आधुनिक विज्ञानको स्पष्ट निष्कर्षलाई रद्द गर्ने?” भन्ने प्रश्न हो। धर्मशास्त्रको पूर्ण विश्वसनीयतामा विश्वास गर्नेहरूका निम्ति (जस्तै, यी लेखक) र पृथ्वीको आयु-बारे वैज्ञानिकहरूले प्रस्ताव गरेका असाधारण प्रकारको लामो समयबारे केही शङ्का राख्नेहरू (जस्तै, यी लेखक)-का निम्ति पनि यो प्रश्नको समाधान सहज भएको प्रतीत हुँदैन। वर्तमानमा, परमेश्वरको सिर्जनात्मक वचनको शक्ति अनि जुन द्रुततासित यसले प्रतिफल ल्याएको देखिन्छ, त्यसलाई विचार गर्दा, “साँझ र बिहान” अनि दिन गणनाको तथ्यले अझै पनि २४ घण्टे दिन भएको इङ्गित गर्दछ, अनि मानिसको सृष्टिलाई हजारौं वा लाखौं नै वर्षका निम्ति अबेर गर्नुमा परमेश्वरको कुनै उद्देश्य रहेको हुन सक्ने नदेखिने तथ्य, २४ घण्टे दृष्टिकोणको पक्षमा रहेका सबल विचारहरू हुन् भन्ने मलाई लाग्दछ। तर यहाँ पनि यो दृष्टिकोणको विपक्षमा असल तर्कहरू छन् – सदासर्वदा जिउनुहुने, जसको निम्ति “एक दिन हजार वर्षझैं र हजार वर्ष एक दिनझैं” हुन्छ (२ पत्र ३:८), समय लिएर आफ्ना सबै योजनाहरू तहबद्ध रूपमा पूरा गर्ने काममा आनन्द मान्नुहुनेका निम्ति मानिसको आगमनको निम्ति विश्व (universe)-लाई तयार गर्नलाई १५ अरब वर्ष अनि पृथ्वीलाई तयार गर्नलाई ४.५ अरब वर्ष खर्च गर्नु सही समयावधि हो भन्ने मलाई लाग्दछ। विश्वको अविश्वसनीय प्राचीनताको प्रमाणले परमेश्वरका अनन्तताको अझ अविश्वसनीय प्रकृतिको जीवन्त सम्झना गराउने काम गर्छ, जस्तो गरी विश्वको अविश्वसनीय आकारले हामीलाई परमेश्वरको अझ महान् सर्वव्यापिता र सर्वशक्तिमत्तामा दङ्ग पर्ने बनाउँछ।

त्यसकारण उत्पत्ति १ का दिनहरूको लमाइबारे यो सम्भावनाको ढोका खुल्लै राख्नुपर्दछ कि यस प्रश्नसम्बन्धी स्पष्ट निर्णयमा आउनलाई परमेश्वरले हामीलाई पर्याप्त जानकारी नदिन रोज्नुभएको छ, अनि उहाँप्रतिको विश्वसनीयताको वास्तविक जाँचचाहिँ त्यो मात्रा हुन सक्छ – जहाँसम्म हामी ती मानिसहरूप्रति उदारतापूर्वक व्यवहार गर्न सक्छौं जसले असल विवेकमा अनि परमेश्वरको वचनमा पूर्ण विश्वास-सितै यस विषयबारे भिन्नै दृष्टिकोण राख्छन्।

**४. आज बाइबलमा विश्वास गर्ने ख्रीष्टियानहरूका निम्ति "पुरानो पृथ्वी" र "तरुण पृथ्वी" दुवै सिद्धान्तहरू वैध विकल्पहरू हुन् ।** पृथ्वीको आयुसम्बन्धी विभिन्न प्रारम्भिक विचारहरू छलफल गरेपछि हामी अन्त्यमा पुरानो पृथ्वी र तरुण पृथ्वीसम्बन्धी निश्चित तर्कहरूमा आइपुग्दछौं।

**अ. सृष्टिका "पुरानो पृथ्वी" सिद्धान्तहरू :** यो प्रथम वर्गमा हामी ती दुईवटा दृष्टिकोणहरू तालिकाबद्ध गर्छौं जो ४.५ अरब वर्ष आयु भएको पुरानो पृथ्वी र प्रायः १५ अरब वर्ष पुरानो विश्वमा विश्वास गर्नेहरूले राख्दछन्।

**(१) दिन-युग (Day-Age) दृष्टिकोण :**

पृथ्वी लाखौं वर्ष पुरानो हो भनी विश्वास गर्ने धेरै मानिसहरूले यो दृष्टिकोण लिन्छन् कि उत्पत्ति १ का दिनहरू समयका अति नै लामा "युग"-हरू हुन्।[५८] उत्पत्ति १ का लामा दिनहरूको पक्षमा दिइएका तर्कहरू उहाँ लागु हुनेछन्, अनि हामीले माथि तर्क गरेझैं, हिब्रू मूलपाठका शब्दहरूले दिनहरू लामा समयावधिहरू हुन् भनी स्वीकार गर्दछन्। यस दृष्टिकोणको प्रस्ट लाभ यही हो कि पृथ्वी ४.५ अरब वर्ष पुरानो हो भन्ने आजको वैज्ञानिक अनुमान सही हो भने यस तथ्यले बाइबल यस अनुमानसित कसरी मिल्नजान्छ सो व्याख्या गर्छ। पुरानो पृथ्वीको दृष्टिकोण मान्ने इभ्यान्जेलिकलहरूमाझ यो दृष्टिकोण सामान्य छ। यस दृष्टिकोणलाई कहिलेकाहीँ "सामञ्जस्यवादी" (*concordist*) दृष्टिकोण भनिन्छ किनभने यसले मिति निर्धारणबारे बाइबल र वैज्ञानिक निष्कर्षहरूमाझ "सामञ्जस्य" वा सहमति खोज्दछ।

पृथ्वीको आयुबारे वैज्ञानिक प्रमाणको कारण धेरै मानिसहरू यस दृष्टिकोणप्रति आकर्षित भएका छन्। पेशेवार भूविज्ञानीसाथै इभ्यानजेलिकल ख्रीष्टियान Davis A. Young-को *Christianity and the Age of the Earth*[५९]-मा पृथ्वीको आयुसम्बन्धी प्राचीन ग्रीसदेखि लिएर बीसौं शताब्दीसम्मका धर्मशास्त्री र वैज्ञानिकहरूका दृष्टिकोणहरूको अति नै उपयोगी सर्वेक्षण पाइन्छ। स्पष्टतः, अत्यधिक प्रमाणका भारको कारण उन्नाइसौं र बीसौं शताब्दीका धेरै ख्रीष्टियान भूविज्ञानीहरूले पृथ्वी लगभग ४.५ अरब वर्ष पुरानो हो भनी निष्कर्ष निकालेका छन्। "तरुण पृथ्वी"-का केही प्रस्तावकहरूले (तलको छलफल हे.) जलप्रलयको समय पृथ्वीमा आएका परिवर्तनहरूको कारण रेडियोमेट्रिक मिति निर्धारण प्रविधिहरू एकदम ठीक हुन्छन् भनी दाबी गरेका भए तापनि, उनी टिप्पणी गर्छन् कि जूनका पत्थरहरू र हालै पृथ्वीमा झरेका पुच्छ्रे-ताराहरूका (जो नोआको जलप्रलयद्वारा प्रभावित भएका हुन सक्थेनन्)-को रेडियोमेट्रिक प्रविधिद्वारा गरिएको मिति निर्धारण पृथ्वीमा भएका अन्य विभिन्न सामग्रीहरूका रेडियोमेट्रिक प्रमाणहरूसित मिल्नजान्छन्, अनि यी परीक्षणहरूका

[५८]यस दृष्टिकोणको अर्को भेदअनुसार, ती ६ दिनहरू २४ घण्टे दिनहरू थिए, तर प्रत्येक दिनको माझमा लाखौं वर्षहरू थिए। यो अवश्यै सम्भव छ, तर यस दृष्टिकोणमा निहित कठिनाइ यही हो कि वैज्ञानिक कालानुक्रमको कारण दिनुका लागि, मूलपाठमा यसलाई समर्थन गर्ने कुनै स्पष्ट प्रमाणविना, यसले सबै दिनका बीचमा "अन्तराल" भित्राएको देखिन्छ। यो दृष्टिकोणको पक्षमा Robert C. Newman र Herman J. Eckelmann, Jr.-ले *Genesis One and the Origin of the Earth* (डाउनर्स ग्रोभ, इली.: इन्टरभर्सीटि प्रेस, १९७७)-मा सफाइ दिएका छन्।

[५९]ग्र्यान्ड र्‍यापिड्सः जोनडर्भ्यान, १९८२, पृह. १३-६७।

परिणामहरू "लगभग ४.५-४.७ अरब वर्षतिर औँल्याउनमा असाधारण ढङ्गले एकनास छन्।"[६०]

रोडियोमेट्रिक मिति निर्धारण पद्धतिबाहेक पुरानो पृथ्वीको पक्षमा यङ्गका अति सशक्त तर्कहरूमा निम्नलिखित तर्कहरू संलग्न छन् – तरल म्याग्मा चिसिनलाई लाग्ने समय (दक्षिणी क्यालिफोर्नियामा एउटा ठूलो शैल-समूह (formation)-लाई लगभग १० लाख वर्ष लागेको), स-साना जीवाश्महरू भएका धेरैवटा रूपान्तरित चट्टानहरू (metamorphic rocks) बन्नलाई आवश्यक पर्ने समय र चाप (तीमध्ये कति चट्टानहरू पृथ्वीको भुइँदेखि बाह्रदेखि अठार किलोमिटर गहराइको चापमुनि रहेपछि मात्र बन्न सक्थे ( र पछि पृथ्वीको सतहमा ल्याइए भन्ने देखिन्छ – (तर "तरुण पृथ्वी"-को दृष्टिकोण राखिए, यो कहिले भएको हुनसक्छ?), महाद्वीपीय विस्थापन [Continental Drift] (अफ्रिका र दक्षिण अमेरिकाका तटहरू छेउका जीवाश्ममय चट्टाने क्षेत्रहरू सुरुमा स्पष्टतः जोड़िएका थिए, पछि महाद्वीपीय विस्थापनको कारण ती क्षेत्रहरू छुट्टिए, जसका लागि आजको प्रतिवर्ष २ सेन्टिमीटरको हिसाबले २०,००० वर्षभन्दा कम समय लागेन),[६१] अनि प्रवालभित्तिहरू [*coral reefs*] (यीमध्ये कतिवटाले आजको रूपमा आइपुग्नका लागि लाख-लाख वर्ष क्रमशः थुप्रिन परेको हुनसक्छ)।[६२] Robert C. Newman र Herman J. Eckelmann, Jr.-ले *Genesis One and the Origin and the Origin of the Earth*-मा विशेष गरी खगोल-विज्ञानबाट अन्य तर्कहरूलाई सारांशित गरेका छन्।[६३] यी तर्कहरूले पुरानो पृथ्वीकै समर्थन गर्छन्, अनि पुरानो पृथ्वीलाई समर्थन गर्नेहरूका निम्ति दिन-युग सिद्धान्त आकर्षक दृष्टिकोण हो।

दिन-युग दृष्टिकोण निश्चय नै सम्भव छ, तर यसमा कठिनाइहरू पनि धेरै नै छन् : (१) उत्पत्ति १ मा भएका घटनाहरूका क्रम जीवन विकासको वर्तमान

---

[६०] *Christianity and the Age of the Earth,* पृ. ६३; हे. विस्तृत विवरण पृह. ९३-११६-मा, र *Creation and the Flood,* पृह. १८५-९३।

[६१] यी उदाहरणहरूका निम्ति हे. *Creation and the Flood*, पृह. १७१-२१०। महाद्वीपीय विचलनको गणना : एक वर्षमा २ सेन्टिमिटर २०,००० वर्षमा ४०,००० सेन्टिमीटर (लगभग ४३७ गज वा १/४ माइल)। आज दक्षिण अमेरिका र अफ्रिका माझ भएको दूरीबारे यो गणनाले पूरा केही बताउँदैन।

[६२] *Christianity and the Age of the Earth,* पृह. ८४-८६। मूगाभित्तिहरू बाढ़ीको विराट चापले होइन तर समुद्रका स-साना प्राणीहरू (*Coral polyps*)-ले बनिन्छन्। यिनीहरू एक-अर्कासित टाँसिन्छन्। समुद्रको पानीबाट क्यालसियम कार्बोनेट हटाएर रङ्गीचन्ही चूनाका आकारहरू बनाएर ती तिनीहरूका शरीरका तल्ला भागमा थुपार्छन्। तिनीहरू मर्दा तिनीहरूका ती चूनाका आकारहरूका कङ्काल मात्र रहन्छन्। यसरी हजारौं-लाखौं वर्षपछि विशाल मूगाभित्तिहरूको निर्माण हुन्छ। तर यस्तो निर्माण १८ डिग्री सेलेसियस तातो पानीमा र ती जीवहरूका शैवालमा प्रकाश-संश्लेषण हुन सक्ने गहराइमा मात्र हुन सक्छ। कोरल पलीपहरूका कङ्कालका निम्ति प्रकाश-संश्लेषण आवश्यक छ (Robert D. Barnes, "Coral," *World Book Encyclopedia* [शिकागोः वर्ल्ड बुक्स], १९८३:८२८) पढ्नुहोस्।

[६३] डाउनर्स ग्रोभ, इली.: इन्टरभर्सिटि प्रेस, १९७७, पृह. १५-३४, ८९-१०३ । तिनीहरूले यो देखाउँछन् कि प्रकाशलाई पृथ्वी आइपुग्नलाई लाग्ने समयको अवधि अति पुरानो पृथ्वीको एउटै मात्र खगोलीय प्रमाण होइन। ताराहरूको स्थान परिवर्तन मापनले यो देखाउँछ कि विश्व स्पष्टैतया गत १५ अर्ब वर्षदेखि फैलिरहेको छ। विश्वमा भएको विकरणले पनि पृथ्वीको यस्तै आयु भएको बताउँछ। कुनै निर्दिष्ट ताराहरूबाट आएका प्रकाश यी ताराहरूका अनुमानित उमेरसित मिल्छ। तरुण पृथ्वीका प्रस्तावकहरूले (तल हे.) यो भन्लान् कि आदम र हव्वाले ताराहरू देख्न सकून् भनी परमेश्वरले प्रकाश सृष्टि गर्नुभयो। तर यो बुझाउन झन् अति गाह्रो छ कि विश्व १५ अर्ब वर्ष पुरानो हो भन्ने तथ्यसित साह्रै मिल्नजाने यी अन्य प्रमाणहरू परमेश्वरले किन सृष्टि गरिदिनुभयो।

वैज्ञानिक व्याख्यासित दुरुस्त मिल्दैन, जसले रूखहरू (तेस्रो दिन)-भन्दा अघि समुद्रका प्राणीहरू (पाँचौं दिन), पक्षीहरूभन्दा अघि कीटपतङ्ग र जमीनका अरू प्राणीहरू (छैटौं दिन) र माछाहरू पनि (पाँचौं दिन) सृष्टि भए भनी तोक्छ।[६४] यस दृष्टिकोणको निम्ति सबैभन्दा ठूलो कठिनाइ यो हो कि यसले वनस्पति र रूखहरू सृष्टि भएको लाखौं-लाख वर्ष*पछि* घाम, चन्द्रमा र ताराहरूको सृष्टि (चौथो दिन) भएको हो भनी तोक्छ। वर्तमान वैज्ञानिक मतानुसार त्यो एकदमै निरर्थक छ, जसअनुसार, पृथ्वी वा पृथ्वीमा भएका कुनै पनि जीवित प्राणीहरूभन्दा धेरैअघि नै ताराहरू सृष्टि भएका मान्दछ। जुन प्रकारले अहिले पृथ्वी परिचालन हुन्छ त्यसको प्रसङ्गमा यसको अर्थ ठयाम्मै लाग्दैन, किनभने वनस्पतिहरू घामको किरणविना उम्रिँदैनन्, अनि यस्ता धेरै वनस्पतिहरू छन् (तेस्रो दिन) जसको परागण (*pollination*) चराचुरुङ्गी वा उड्ने कीटपतङ्गविना हुँदैन (पाँचौं दिन), औ यस्ता धेरै चराहरू छन् (पाँचौं दिन), जो घस्रिहिँड्ने कीटपतङ्ग खाएर जिउँछन् (छैटौं दिन)। यसबाहेक, पृथ्वीको जल विनाघाम लाखौं वर्षसम्म कसरी बरफ नबनी नजमी रहन्थ्यो ?

यसको उत्तरमा, सामञ्जस्यवादी (*concordist*) दृष्टिकोणमा राख्नेहरू भन्छन् कि घाम, जून र ताराहरू पहिलो दिन (उज्यालोको सृष्टि) वा पहिलो दिनभन्दा अघि नै सृष्टि गरिएका थिए जब "आदिमा परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभयो" (उत १:१), अनि घाम, जून र ताराहरू पहिलो दिनमा मात्र *देख्ने बनाइए* वा *प्रकट गरिए* (उत १:१४-१९)। तर यो तर्क उति पत्यारलाग्दो छैन किनभने सृष्टिका अन्य सबै पाँच दिनहरूले अगावै सृष्टि गरिएका थोकहरू *प्रकट गर्ने काम* गर्दैनन्, तर वास्तवमै प्रथमपटक *गरिएको सृष्टि*बारे बताउँछन्। यसबाहेक, सृजनात्मक वक्तव्यहरू सृष्टिका ती अन्य पाँच दिनहरूका जस्तै नै छन्, "अनि परमेश्वरले भन्नुभयो, 'अन्तरिक्षमा दिन र रात छुट्ट्याउनलाई ज्योतिहरू होऊन्। ... पृथ्वीलाई प्रकाश दिनलाई ..." (उत १:१४-१५)। पृथ्वी र अन्य थोकहरूलाई प्रकट गर्नलाई होइन तर सृष्टि गर्नलाई पद ३, ६, ११, २० र २४ मा प्रयोग गरिएको भाषा यही नै हो। यसबाहेक, घाम, जून र ताराहरूको सृष्टि (प्रकट गर्नलाई होइन) दोस्रो पदमा प्रस्टै गरिएको छ : "अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभयो – ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्योति रातमाथि प्रभुत्व गर्न, उहाँले ताराहरू पनि बनाउनुभयो" (उत १:१६)। यहाँ प्रयोग गरिएको "बनाउनुभयो" (हिब्रू *asah*) शब्द त्यही शब्द हो जो परमेश्वरले तारामण्डल, पृथ्वीका जन्तुहरू र मानिस बनाउनुभयो भन्दा प्रयोग गरिएको थियो (उत १:७, २५, २६)। कुनै पनि परिस्थितिमा पहिले नै बनाइएको थोकलाई प्रकट गर्नलाई उहाँ यो शब्द कहीँकतै प्रयोग गरिएको छैन। पद ३१ को सारांशमा प्रयोग गरिएको हिब्रू शब्द पनि यही नै हो : "आफूले बनाउनुभएको हरेक कुरा परमेश्वरले हेर्नुभयो। र त्यो साह्रै राम्रो थियो।" उत्पत्तिको पुस्तकभरि नै यो शब्दको बारम्बार गरिएको प्रयोगले यही देखाउँछ कि उत्पत्ति १:१६ ले घाम, जून र ताराहरू प्रकट गरेको मात्र हो भन्ने कुरा एकदमै असम्भव छ।

[६४] यी क्रमहरूबारे आजका वैज्ञानिक परिकल्पनाहरू (hypotheses) निश्चय नै गलत छन्।

यस आपत्तिको उत्तरमा दिन-युगको दृष्टिकोणमा संशोधन गर्न सम्भव देखिन्छ। उत्पत्ति १:१६ मा भएको क्रियापदलाई पूर्णकालिक क्रियापद (perfect verb)-को रूपमा लिन सकिन्छ; यसले परमेश्वरले पहिले नै गरिसक्नुभएको कामलाई बुझाउँछ : अनि परमेश्वरले दुई विशाल ज्योतिहरू बनाउनुभएको थियो ठूलो ज्योति दिनमाथि प्रभुत्व गर्न, र सानो ज्याति रातमाथि प्रभुत्व गर्न, उहाँले ताराहरू पनि बनाउनुभएको थियो।[६५] व्याकरणगत हिसाबले यो सम्भव छ (उदाहरणार्थ, *एन्. आई. भी.* बाइबलले इङ्गित गर्छ कि परमेश्वरले घाम, जून र ताराहरू पहिले नै बनाउनुभएको थियो (प १ मा आकाश र पृथ्वीको सृष्टि वा पद ३ मा उज्यालोको सृष्टि) तर उहाँले ती थोकहरूलाई चौथो दिनमा पृथ्वीको छेउमा केवल राखिदिनुभयो वा चौथो दिनमा थोकहरूलाई पृथ्वीबाट देख्न सकिने तुल्याइदिनुभयो (पह. १४-१५, १७-१८)। यसलाई यसरी लिँदा, *बनाउनुभयो* (*asah*) शब्दलाई "सृष्टि गर्नुभयो" भन्ने अर्थमा लिन सकिन्छ र माथि उल्लेख गरिएको पद १६ मा यो शब्दको अर्थ "प्रकट गरियो" भन्ने जुन दृष्टिकोण छ त्यसले उत्पन्न गरेको कठिनाइलाई हटाइदिन्छ। यो वैकल्पिक दृष्टिकोण दिन-युगको सिद्धान्तले पनि अपनाउन सक्ने सम्भावना वास्तवमै छ। यदि पुरानो पृथ्वी दृष्टिकोणलाई स्वीकार गर्नु हो भने वास्तवमा यो दृष्टिकोण यस पुस्तकका लेखकलाई पनि अति चित्त बुझाउने प्रकारको छ। वनस्पतिलाई चाहिएको ज्योति र पानीलाई चाहिएको न्यानोपन प्रथम दिनदेखि नै उपलब्ध थियो – यो ज्योति घाम र ताराहरूको थियो वा परमेश्वरको महिमाको ज्योति (जसले नयाँ यरूशलेममा घामको स्थान लिनेछ, प्रका २१:२३) थियो भन्नेबारे हामी भलै अनिश्चित किन नहोऊँ।[६६]

यद्यपि परमेश्वरको क्रमागत कामको साङ्गोपाङ्ग रूपरेखा दिइएको भए तापनि दिन-युगको दृष्टिकोणले भन्न सकिने कुरा यो हो – चौथो दिन क्रमागत रूपमा छैन। सृष्टिका ६ दिनमा भएका सिर्जनात्मक कामको प्रगतिक्रममा यति प्रमुखतामा रहेका घटनाहरूको क्रमलाई हामीले एकपटक परिवर्तन गर्न थाल्यौं भने परमेश्वरले सबै थोक सृष्टि गर्नुभयो भनी बाइबलले हामीलाई बताउनबाहेक अन्य कुनै कुरा बताउन आवश्यक छ भन्ने कुरा शङ्काजनक हुन्छ। तर यसो गऱ्यौं भने पृथ्वीको आयुबारे सम्पूर्ण खोजी अनावश्यक हुन्छ (दिनहरूको अनुक्रममा निरन्तरताभङ्गबारे अरू छलफल दोस्रो खण्डमा दिइएको छ)।

**(२) साहित्यिक ढाँचा-दृष्टिकोण (Literary Framework View) :** उत्पत्ति १ मा भएका दिनहरूलाई व्याख्या गर्ने अर्को तरिका प्रयोग गरिएको छ त्यसले इभ्यानजेलिकल ख्रीष्टियानहरूमध्ये महत्त्वपूर्ण स्थान ओगटेको छ। उत्पत्ति १ ले हामीलाई पृथ्वीको

[६५]दोस्रो क्रियापद *direct object marker*-द्वारा इङ्गित गरिएको छ तर यो हिब्रू मूलपाठमा व्यक्त गरिएको छैन; वाक्यमा पहिलो क्रियापदले जुन रूप लिएको छ यसले त्यही रूप लिन्छ।

[६६]यस दृष्टिकोणका लागि चराचुरूङ्गीविनाको परागगमनको प्रश्न कठिन छ, यद्यपि यो ध्यानमा राख्नैपर्दछ कि आज पनि धेरैवटा वनस्पतिहरूले स्वयम्ले वा बतासले नै परागगमन गर्छन्। मानिसको पतन हुनुभन्दाअघि वा सृष्टिको काम पूरा नहुञ्जेल उड्ने कीटपतङ्गहरूद्वारा परागगमन आवश्यक थियो वा थिएन सोबारे हामी निश्चित बन्न सक्दैनौं। यस्तै प्रकारले, कुनै चराहरू घस्रिहिँड्ने कीराहरू खाएर नै बाँच्नुपर्ने आवश्यकता एक कठिनाइ हो, तर पतनपछि ती चराहरूले सम्भवतः वनस्पति र बीऊहरू नै खाए।

आयुबारे कुनै जानकारी नदिएको कारण, पृथ्वी अति नै पुरानो हो भन्ने वर्तमान वैज्ञानिक दृष्टिकोणसित उक्त दृष्टिकोण मिल्नजान्छ। यो दृष्टिकोणले यो तर्क गर्छ :– उत्पत्ति १ का ६ दिनहरूको आशय घटनाहरूको कालानुक्रमिक अनुक्रम सङ्केत गर्नु होइन, तर ती हुन् एउटा साहित्यिक "ढाँचा" (Literary Framework), जो लेखकले हामीलाई परमेश्‍वरको सृजनात्मक क्रियाकलापबारे शिक्षा दिनका लागि प्रयोग गर्छन्। यो "ढाँचा"-को रचना यसरी दक्षतापूर्वक गरिएको छ कि प्रथम तीन दिन र दोस्रो तीन दिनहरू समनुरूप छन्।[६७]

| **बनिएका दिनहरू** | **थोकहरू राखिएका दिनहरू** |
|---|---|
| दिन १ : उज्यालो र अँध्यारो छुट्ट्याइयो | दिन ४ : घाम, जून र ताराहरू |
| दिन २ : आकाश र पानी छुट्ट्याइयो | (आकाशमा प्रकाशहरू) |
| दिन ३ : सुक्खा भूमि र समुद्रहरू छुट्ट्याइए, | दिन ५ : माछा र पक्षीहरू |
| वनस्पति र रूखहरू | दिन ६ : पशुहरू र मानिस |

यसरी एउटा समान्तर निर्माण देखिन्छ। दिन १ मा परमेश्‍वरले उज्यालो र अँध्यारोलाई छुट्ट्याउनुहुन्छ, दिन ४ मा उहाँले घाम, जून र ताराहरूलाई उज्यालो र अँध्यारोमा राख्नुहुन्छ। दिन २ मा उहाँले पानी र आकाशलाई छुट्ट्याउनुहुन्छ, दिन ५ मा माछाहरूलाई पानीमा राख्नुहुन्छ र पक्षीहरूलाई आकाशमा राख्नुहुन्छ। उहाँले दिन ३ मा ओबानो भूमि र समुद्रहरूलाई छुट्ट्याउनुहुन्छ औ वनस्पतिहरू उमार्नुहुन्छ, र दिन ६ मा पशुहरू र मानिसलाई ओबानो भूमिमा राख्नुहुन्छ र भोजनको निम्ति तिनीहरूलाई वनस्पतिहरू दिनुहुन्छ।

"ढाँचा" (*Framework*) दृष्टिकोणअनुसार, लेखकले हामीलाई दिनहरूको अनुक्रम वा थोकहरू सृष्टि गरिएका क्रमबारे जानकारी दिन चाहन्थे वा सृष्टि गर्न कति लामो समय लाग्यो भनी बताउने उद्देश्य राखेका थिए भन्ने भावले उत्पत्तिको पुस्तक पढ़िनु हुँदैन। ६ "दिनहरू"-को विन्यास एक साहित्यिक युक्ति हो जो परमेश्‍वरले सबै थोक सृष्टि गर्नुभयो भनी हामीलाई सिकाउनका लागि लेखक प्रयोग गर्दछन्। ६ "दिनहरू" २४ घण्टे दिनहरू होइनन्, नता लामा समयावधिहरू हुन्। ६ "दिनहरू"-ले हामीलाई सृष्टिका छवटा विभिन्न "चित्रहरू" दिन्छन्। यी चित्रहरूले हामीलाई यो बताउँछन् कि परमेश्‍वरले सृष्टिका सबै पक्षहरू बनाउनुभयो, उहाँका सिर्जनात्मक क्रियाकलापको शिखर मानिस थियो। सम्पूर्ण सृष्टिमाथि परमेश्‍वर स्वयम् नै हुनुहुन्छ जसले सातौं दिनमा विश्राम गर्नुभयो र जसले त्यसकारण मानिसलाई पनि शबाथ-

---

[६७]निम्नलिखित तालिका *The NIV Study Bible*, सम्पा. Kenneth Barker आदिहरू (ग्र्यान्ड र्‍यापिड्स् : जोन्डर्भ्यान, १९८५), पृ.सं. ६ (उत्पत्ति १:११ को टिप्पणी)-बाट लिइएको हो। "ढाँचा" दृष्टिकोण (framework view)-को एक सशक्त पक्षपोषण Henri Blocher, *In the Beginning: The Opening Chapters of Genesis*, अनुवादक David G. Preston (लीसेस्टरः इन्टर-भर्सिटि प्रेस, १९८४), पृ.सं. ४९-५९ मा पाइन्छ। Blocher-ले अन्य अनेकौं इभ्यानजेलिकल विद्वान्हरूको उल्लेख गर्छन् जसले यस दृष्टिकोणलाई समर्थन गर्छन्, जुन दृष्टिकोणलाई उनी "साहित्यिक व्याख्या" (*literary interpretation*) भन्छन् : N. H. Ridderbos, Bernard Ramm, Meredith G. Kline, D.F. Payne, J.A. Thompson आदि। यस "ढाँचा" दृष्टिकोणलाई Millard Erickson-को पुस्तक *Christian Theology-मा* "सचित्र दिन" दृष्टिकोण ("pictorial day" view) भनिएको छ, पृ.सं. ३८१।

दिनमा उहाँको उपासना गर्ने बोलावट दिनुहुन्छ।[६८]

यस दृष्टिकोणको हालैका एक समर्थकको भनाइमा "उहाँ कालानुक्रमको स्थान छैन।"[६९] यस परिकल्पनाका आकर्षणहरू यी हुन् : (१) माथिको तालिकामा देखाइएको जस्तै जोड़ी दिनहरूबीच भएको प्रस्टै अनुरूपता, (२) पृथ्वीको आयुबारे र जीवित प्राणीहरूका आयुबारे आधुनिक विज्ञानसित कुनै पनि प्रकारको संघर्षदेखि यो तर्कको कारण (कालानुक्रमै नभएको कारण), (३) उत्पत्ति १ र २ को अनुक्रमगत संघर्षदेखि यो तर्कने तरीकाको कारण; उत्पत्ति २ मा मानिस वनस्पति (उत २:८) र पशुहरू (उत २:१९)-भन्दा पहिला सृष्टि गरिएको देखिन्छ, जुन क्रम उत्पत्ति १ को भन्दा बेग्लै छ, र (४) उत्पत्ति २:५ ले सृष्टिका दिनहरू अक्षरशः २४ घण्टे "दिनहरू" थिएनन् भनी देखाउँछ, कारण यसले भन्छ कि त्यस बेलासम्म पृथ्वीमा वृष्टिपात भएको थिएन, र यो यस्तो तथ्य थियो जसले छ दिनमा भएको सृष्टिमा कुनै अर्थ लाग्दैन, कारण पौधाहरू वृष्टिविना पनि तीन/चार दिनसम्म निश्चय नै जीवित रहन सक्छन्।

ढाँचा सिद्धान्तको विरुद्धमा अनेक आपत्तिहरू उठाउन सकिन्छ।

१. सर्वप्रथम, सृष्टिका दिनहरूबीच प्रस्तावित अनुरूपता यसका समर्थकहरूले सोचेका जतिकै सही छैन। "अन्तरिक्षमा ... ज्योतिहरू" (उत १:१४)-का रूपमा सृष्टि गरिएका घाम, जून र ताराहरू दिन १ मा सृष्टि गरिएको कुनै अन्तरिक्षमा राखिएन, तर दोस्रो दिनमा सृष्टि गरिएको अन्तरिक्ष (हिब्रू *raqia*)-मा राखिए। वास्तवमा, भाषामा पाइने अनुरूपता पूर्ण रूपले प्रस्ट छ : यो अन्तरिक्ष दिन १ मा एकपटक पनि उल्लेख गरिएको छैन तर दिन २ मा पाँचपटक उल्लेख गरिएको छ (उत १:६-८) र दिन ४ मा तीनपटक उल्लेख गरिएको छ (उत १:१४-१९)। दिन ४ को पनि दिन १ सित धेरैवटा एकरूपताहरू छन् (दिन र रात, उज्यालो र अँध्यारोका सम्बन्धहरूमा), तर दोस्रो समूहका तीन दिनहरूले प्रथम तीन दिनमा सृष्टि गरिएका रिक्त स्थानहरू भर्नलाई सृष्टि गरिएका कुराहरू देखाउँछन् भनी हामीले भन्यौं भने, कमसेकम दिन ४ दिन २ सित उति नै मात्रामा परस्परव्यापी छ जति दिन १ सित।

यसको अतिरिक्त, दिन २ र ५ बीचको समरूप ठीक त्यस्तै छैन किनभने दिन ५ मा बनाइएका माछा र पक्षीहरूका निम्ति खाली स्थानको तयारी दिन २ मा नभएर एक प्रकारले दिन ३ मा गरिएको छ। परमेश्वरले दिन ३ मा मात्र आकाशमुनि भएको पानी जम्मा गर्नुभएर त्यसलाई "समुद्र" भन्नुहुन्छ (उत १:१०), र दिन ५ मा माछाहरूलाई "समुद्रमा भरिँदैजाओ" भन्ने आज्ञा दिइन्छ (उत १:२२)। पदहरू २६ र २८ मा माछाहरूलाई फेरि पनि "समुद्रका माछाहरू" भनिएको छ, र यसरी माछाहरू बसोबास गर्ने ठाउँ विशेष गरी दिन ३ मा गठन गरिएको तथ्यमा बारम्बार जोड़ दिएको छ। तसर्थ, दिन ५ मा बनाइएका माछाहरू दिन २ मा बनाइएको अन्तरिक्षमुनिको विस्तृत पानीका माछाहरू नभएर दिन ३ मा तिनीहरूका

[६८]यो ढाँचा दृष्टिकोणलाई Ronald Youngblood-ले उनको पुस्तक *How It All Began* (भेन्च्युरा, क्यालिफोर्निया : रिगल, १९८०) पृ.सं. २५-३३ मा पक्षसमर्थन गरेका छन्।

[६९]Henri Blocher, *In the Beginning,* पृ.सं. ५२।

निम्ति तयार गरिएको स्थानकै माछाहरू थिए भन्ने देखिन्छन्। दिन २ र दिन ५ मा समानान्तर निर्धारण गर्ने कामले अझ थप कठिनाइहरूको सामना गर्छ यसकारण कि दिन ५ मा "क्षेत्रमाथिको" पानीमा बसोबास गर्नलाई कुनै पनि थोक बनाइएको छैन, अनि यो दिन सृष्टि गरिएका उड्ने प्राणीहरू (हिब्रू भाषामा उड्ने प्राणीहरूका निम्ति प्रयोग गरिने शब्दले उड्ने कीटपतङ्गहरू पनि बुझाउँछ) दिन २ मा सृष्टि गरिएको आकाशमा मात्र नउड़ेर दिन ३ मा सृष्टि गरिएको "पृथ्वी" र "ओबानो भूमि"-मा बस्छन् र संख्यामा बढ्छन्। (दिन ५ मा परमेश्वरको आज्ञालाई ध्यान दिनुहोस्: "पक्षीहरूको पनि पृथ्वीमा वृद्धि हुँदैजाओस्"(उत १:२२)। अन्त्यमा, दिन ३ र ६ बीचको समानान्तर सुनिश्चित छैन, किनकि दिन ३ मा भेला गरिएको समुद्र भर्नलाई दिन ६ मा कुनै चीज पनि सृष्टि गरिएन। सन्दिग्ध अनुरूपताका यी सबै बुँदाहरू र स्थानहरू र तिनलाई भर्न बनाइएका प्राणीहरू र वस्तुहरूबीचको परस्पर व्यापिताको कारण, तथाकथित "ढाँचा," सुरु-सुरुमा छरितो देखिए तापनि, मूलपाठलाई जति गहिरिएर अध्ययन गरिन्छ, उति नै थोरै पत्यारिलो देखिँदैजान्छ।

२. उत्पत्ति १ लाई बुझ्ने सबै प्रस्तावहरूले पृथ्वीको आयुबारे वैज्ञानिक व्याख्याहरू उपलब्ध गराउने प्रयत्न गर्छन्, यसकारण यो तर्क ढाँचा सिद्धान्तको पक्षमा कुनै विलक्षण तर्क होइन। तर पनि, यस सिद्धान्तको आकर्षणको एउटा पक्ष यही तथ्य हो कि यसले इभ्यानजेलिकलहरूलाई उत्पत्ति १ सित वैज्ञानिक निष्कर्षहरूको सामञ्जस्य स्थापित गर्ने भारदेखि मुक्त बनाउँछ। तथापि, यस सिद्धान्तको एक समर्थकका शब्दमा भन्नुपर्दा, "लाभ छ, अनि राहत यति विशाल छ, कि यो परीक्षा नै बन्न सक्ला।" उनी बुद्धिमानीपूर्वक थप्छन्, "सिद्धान्तको सुविधाको आधारमा होइन, तर बाइबलले त्यस दिशातिर डोऱ्याए मात्र हामीले कुनै सिद्धान्तलाई अपनाउनुपर्छ।"[७०]

३. ढाँचा सिद्धान्त नअपनाउनेहरूले उत्पत्ति १ र २ बीच अनुक्रममा कुनै संघर्ष देखेका छैनन् किनकि यो सामान्य तौरमा बुझिएकै हुन्छ कि उत्पत्ति २ ले सुरुको सृष्टिमा पशुहरू र वनस्पतिको सृष्टि कुन अनुक्रममा भयो सोको वर्णन गर्दैन तर उत्पत्ति २ मा आदम र हव्वाको सृष्टिको निश्चित वर्णनको निम्ति उत्पत्ति १ का केही ब्योहोराहरू महत्त्वपूर्ण छन् भनी तिनलाई फेरि दोहोऱ्याउँछ मात्रै। उक्त संघर्षको उपस्थितिबाट तर्कनको लागि *एन्.आई.भी.*-ले उत्पत्ति २:८ र २:१९ का पदहरूलाई यसरी अनुवाद गर्छ "अब परमेश्वरले पूर्वतिर अदनमा एउटा बगैंचा *लगाउनुभएको थियो*" (उत २:८) र "परमप्रभुले सबै वन-पशुहरू र आकाशका सबै पक्षीहरूलाई भूमिबाट *बनाउनुभएको थियो*" (उत २:१९)।

४. उत्पत्ति २:५ ले वास्तवमा यो भन्दैन कि बोटबिरुवा पृथ्वीमा थिएनन् किनभने पृथ्वी यति सुक्खा थियो कि तिनलाई पोषण गर्न सक्थेन। यदि हामीले यो तर्क स्वीकार गऱ्यौं भने, हामीले यो पनि भन्नैपर्दछ कि पृथ्वीमा वनस्पति थिएन किनभने "भूमि खनजोत गर्न कुनै मानिस पनि थिएन" (उत २:५), किनकि योचाहिँ पृथ्वीमा वृष्टि नभएको अवस्थाबारे टिप्पणीको दोस्रो खण्ड हो। यसको अतिरिक्त, बोटबिरुवालाई पोषण गर्न नसक्ने गरी पृथ्वी अति नै सुक्खा थियो भन्ने कुराको

[७०]ऐजन, पृ. ५०।

विपरीत कुरा बाँकी वाक्यले बताउँछ : "तर पृथ्वीबाट खोलाहरू निस्की उठेर समस्त भूमिलाई भिजाउने गर्थे"(उत २:६)। परमेश्वरले मानिसलाई जुन समयसीमाभित्र सृष्टि गर्नुभयो त्यसको एउटा सामान्य व्याख्याको रूपमा मात्र उत्पत्ति २.५ मा भएको वक्तव्यलाई बुझ्नुपर्दछ। उत्पत्ति २:४-६ ले हामीलाई यो भन्दै भूमिका तयार गर्छ, "भूमिमा एउटै पनि वनस्पति थिएन, र भूमिमा कुनै घाँसपात पनि उम्रेको थिएन र भूमि खनजोत गर्नलाई कुनै मानिस पनि थिएन। तर भूमिबाट कुइरो उठ्यो र सारा भूमिलाई सिञ्चित तुल्यायो।" पानीको कमी र भूमि खनजोत गर्नलाई कोही मानिस थिएन भन्ने कथनले बोटबिरुवा नहुनुको *भौतिक कारण* दिँदैन तर यति मात्र बुझाउँछ कि परमेश्वरको सृष्टिको काम पूरा भएको थिएन। यो परिचयले हामीलाई सृष्टिका प्रथम ६ दिनतिर जो एउटा सामान्य परिवेश थियो अर्थात् "परमप्रभु परमेश्वरले आकाश र पृथ्वी सृष्टि गर्नुभएको दिन" (उत २:४)-तिर फेरि पुऱ्याउँछ। त्यसपछि त्यो परिवेशमा यसले हामीलाई हठात् अध्याय २ को मुख्य बुँदा, अर्थात् मानिसको सृष्टिको, परिचय दिन्छ। उहाँ हिब्रू बाइबलले ७ पदको थालनीमा "तब" शब्द समाविष्ट गर्दैन तर केवल यसरी थाल्छ,"अनि परमप्रभु परमेश्वरले मानिस बनाउनुभयो।" (उत २:७, *के.जी.भी.*)।[७१]

५. अन्त्यमा, ढाँचा दृष्टिकोणविरुद्ध सशक्त तर्क, अनि तुलनात्मक संख्यामा थोरै इभ्यानजेलिकलहरूले यसलाई अपनाउनुको कारण यो हो कि सम्पूर्ण उत्पत्ति १ ले बलियो गरी साहित्यिक ढाँचातिर सङ्केत मात्र गर्दैन तर घटनाहरूको कालानुक्रमिक अनुक्रमतिर पनि सङ्केत दिन्छ। यो वृत्तान्त सृष्टिको कम जटिल पक्ष (उज्यालो, अँध्यारो, पानी, आकाश र ओबानो भूमि)-बाट अझ जटिल पक्ष (माछा र पक्षीहरू, पशुहरू र मानिस)-तिर अग्रसर हुँदा हामी एउटा क्रमिक गठन अनि कालानुक्रमिक प्रकारले बुझ्न सकिने घटनाहरूको व्यवस्थित अनुक्रम देख्छौं। मानिसले जिउने सामान्य सप्ताहका दिनहरूको संख्यासित (दिन १, दिन २, दिन ३, दिन ४, दिन ५, दिन ६, दिन ७, दिन ७ लाई विश्रामको दिनको रूपमा) मिल्ने अङ्कहरूको अनुक्रम (१-२-३-४-५-६) राखिदिँदा, वृत्तान्तमा भएको कालानुक्रमिक अनुक्रमको तात्पर्य बुझ्नमा प्रायः नै चुक्न सकिँदैन। दिनहरूको अनुक्रम साहित्यिक ढाँचाको अनुक्रमभन्दा धेरै स्पष्ट रूपले अभिप्रेत भएको देखिन्छ। साहित्यिक ढाँचालाई मूलपाठमा कहीँ पनि स्पष्ट पारिएको छैन, र यो साहित्यिक ढाँचामा धेरै बेहोराहरू ठीकसित मिल्दैनन्। Derek Kidner भन्छन् :

> दिनहरू यति गौरवसित बित्दैजान्छन् कि तिनीहरूको व्यवस्थित अनुक्रमको अभिप्राय हुँदैन भन्ने कुरा उठ्दैन; यसले एउटा साधारण पाठकमा पार्ने प्राथमिक छापहरूमध्ये एउटालाई नगण्य ठान्ने खण्डबारे एउटा दृष्टिकोण अपनाउनु पनि अति जटिल देखिन्छ। यो एउटा वृत्तान्त हो, वक्तव्य मात्र होइन।[७२]

[७१]उत्पत्ति २:५ बारे थप छलफलको निम्ति हे. Mredith J. Kline-को पुस्तक "Because It Had Not Rained," *WTJ 20* (1957-58): 146-57; अनि, प्रत्युत्तरमा Derek Kidner-को "Gensis 2:5, 6: Wet or Dry ?" *TB* (1966): 109-14।

[७२]D. Kidner, *Genesis: An Introduction and Commentary,* TOTC (शिकागो : इन्टर्भसीटि प्रेस,

६. उहाँको कामको ढाँचा र विश्राम आरम्भ गर्न भनी परमेश्‍वरले मानिसलाई दिनुभएको आज्ञामा पनि दिनहरूको एउटा अनुक्रम सङ्केत गरिएको छ : "शबाथ-दिन पवित्र मान्नुपर्छ भनी याद राख्नू। छ दिनसम्म परिश्रम गरेर आफ्ना सबै काम गर्नू तर सातौँचाहिँ दिन परमप्रभु तिमीहरूका परमेश्‍वरको निम्ति शबाथ-दिन हो … किनकि छ दिनमा परमप्रभुले आकाश, पृथ्वी, समुद्र र तिनमा भएका सबै थोक बनाउनुभयो, तर सातौं दिनमा चाहिँ विश्राम गर्नुभयो" (प्रस २०:८-११)। तर परमेश्‍वरले छ दिन काम गर्नुभएर अनि सातौं दिनमा विश्राम गर्नुभएर पृथ्वी सृष्टि गर्नुभएको होइन भने उहाँको अनुकरण गर्ने आज्ञा भ्रामक वा निरर्थक हुनेथियो।

निष्कर्षमा, "ढाँचा" (framework) दृष्टिकोणले धर्मशास्त्रको सत्यता अस्वीकार नगरे तापनि यसले धर्मशास्त्रको यस्तो व्याख्या अपनाउँछ, जसलाई सूक्ष्म जाँच गर्दा त्यो अति असम्भव देखिन्छ।

**आ. सृष्टिको "तरुण पृथ्वी"-का सिद्धान्तहरू :** इभ्यानजेलिकल व्याख्याताहरूको अर्को समूहले हालमा पृथ्वीको आयु लाखौं वर्षको हो भनी मिति तोक्ने प्रणालीलाई अस्वीकार गर्दै त्यसको सट्टामा पृथ्वी निकै तरुण हो – शायद १०,०००-२०,००० वर्ष भनी तर्क गर्छ। तरुण पृथ्वीका समर्थकहरूले पृथ्वी हालैमा सृष्टि हो भन्ने कुराका पक्षमा धेरैवटा वैज्ञानिक तर्कहरू प्रस्तुत गरेका छन्।[७३] तरुण पृथ्वीको तर्क समर्थकहरूले सामान्यतः निम्नलिखित दृष्टिकोणहरूमध्ये एउटा वा दुवैलाई समर्थन गर्छन् :

**(१) हुर्किसकेको रूपसहितको सृष्टि (विकसित सृष्टिवाद** [Mature Creationism]) **:**

तरुण पृथ्वीमा विश्‍वास गर्नेहरूले यो औंल्याउँछन् कि पहिलो दिनदेखि नै मूल सृष्टिमा "हुर्किसकेको रूप" भएकै हुनुपर्दछ (यस दृष्टिकोण बुझाउने अर्को शब्द "विकसित सृष्टिवाद" हो किनभने यसले यो पुष्टि गर्छ कि परमेश्‍वरले परिपक्व सृष्टि रचना गर्नुभयो)। वयस्क आदम र हव्वाको आविर्भाव एउटा प्रस्ट उदाहरण हो। उनीहरू यसरी देखापरे जस्तो कि उनीहरू बीस वा पचीस वर्ष पुगिसकेका थिए, र शैशवकालदेखि बढ्दै आएका थिए जसरी सामान्य मानवप्राणी बढ्दै आउँछन्, तर वास्तवमा उनीहरू एक दिनभन्दा पनि कम उमेरका थिए। यसरी नै, उनीहरूले आफूहरू बाँचेका पहिलो रातमा नै ताराहरू सायद देखे तर अधिकांश ताराहरूको

१९६७), पृह. ५४-५५।

[७३]एउटा भर्खरैको (प्रायः १०,०००-२०,००० वर्षको) पृथ्वीतिर सङ्केत गर्ने तर्कहरू Henry M. Morris, ed., *Scientific Creationism* (सान डियागो, क्यालिफोर्निया: Creation-Life, १९७४), विशेष गरी पृह.१३१-६९ मा दिइएका छन्; साथै Kofahal र Segraves, *the Creation Explanation*, पृह. १८१-२१३ मा।

"पुरानो पृथ्वी"-को परिप्रेक्ष्यबाटका यी अधिकांश तर्कको उत्तर Davis A. Young-द्वारा *Christianity and the Age of the Earth*, पृह. १७१-१३१ मा, अनि, विशेष गरी "जलप्रलयको भूविज्ञान"-को उत्तरमा दिइएको छ। Haward J. Van Till, Davis A. Young, र Clarnce Menninga-द्वारा लिखित अर्को पुस्तक *Science Held Hostage: What's Wrong With Creation Science and Evolutionism* (डाउनर्स ग्रोभ, इलि.: इन्टरभर्सिटि प्रेस, १९८८)-ले केही प्रमुख तरुण पृथ्वीका समर्थकहरूद्वारा गरिएको मूल्याङ्कन र वैज्ञानिक शोध सामग्रीहरूको प्रयोगविरुद्ध गम्भीर आपत्तिहरू उठाउँछन् (हे. पृह. ४५-१२५)। Young-का तर्कहरूको विरुद्ध तरुण पृथ्वीबारे प्रारम्भिक उत्तर Henry M. Morris र John D. Morris-को ३४ पृष्ठीय पुस्तिका *Science, Scripture, and the Young Earth* (एल क्याजोन, क्यालिफोर्निया: इन्सिटच्यूट फर क्रिएसन रिसर्च, १९८९)-मा पाइन्छ।

ज्योति पृथ्वीमा आइपुग्न हजारौं वा लाखौं वर्ष पनि लाग्नेथियो। यसले यो सङ्केत दिन्छ कि परमेश्वरले किरणपुञ्ज पहिलेदेखि नै भएका ताराहरू सृष्टि गर्नुभयो। अनि रूखहरू सायद पूर्ण रूपले बढ़िसकेका थिए (बगैंचामा भएका कुन रूखबाट खानु हुन्छ कुनबाट हुँदैन सो परमेश्वरले उनीहरूलाई बताउनुभन्दा अघि आदम र हव्वाले वर्षौं-वर्ष प्रतीक्षा गर्नुपर्ने थिएन, नता तिनीहरूका निम्ति भोजन उपलब्ध गराइदिने भोज्य ठूला-ठूला वनस्पतिहरू बढ्नभन्दा अघि तिनीहरूले हप्तौं वा महिनौं पर्खनुपरेको थियो)। तर्कको यो मेसो समात्दै, हामी अझ अगि बढ़ेर के यो अनुमान गर्न सकौंला कि धेरैवटा भौगोलिक बनावटहरू, मूल रूपमा सृष्टि गरिँदा, ती बनावटहरूजस्तै थिए जो वर्तमान "सुस्त" प्रक्रियाहरूका माध्यमबाट बनिन आज हजारौं मात्र नभएर लाखौं वर्ष लाग्ला ?

यस प्रस्तावले हिजोआज धेरै समर्थकहरू पाएको छ। अनि, कमसेकम प्रारम्भमा, यो एउटा आकर्षक प्रस्ताव देखिन्छ। यस दृष्टिकाणलाई समर्थन गर्नेहरूले यसलाई प्रायः नै वर्तमान मिति तोक्ने कुनै विशेष प्रणालीहरूसितै लिन्छन्। उदाहरणार्थ, केही हजार वर्षभन्दा उताको मिति तोक्नमा रेडियोमेट्रिक प्रणालीको विश्वसनीयताबारे हामी कसरी निश्चित बन्न सक्छौं ? अनि कुनै तत्त्वहरूका सड़नको गति सृष्टिदेखि नै एकनास रहिआएको छ भनी वैज्ञानिकहरू कसरी निश्चित बन्न सक्छन् ? तिनीहरूले यो पनि प्रस्ताव राख्छन् कि मानिसको पतन र त्यसपछि प्रकृतिले पाएको श्रापजस्ता घटनाहरूले (जसले पृथ्वीको उत्पादनशीलता र पर्यावरणीय सन्तुलन परिवर्तन गरिदिए र मानिसलाई नै वृद्ध हुँदैजान र मक्किन बाध्य बनाए, उत्पत्ति ३:१७-१९), वा नोआको समयको जलप्रलयले (उत ६-९) प्राणीहरूमा भएका रेडियोधर्मी पदार्थहरूको मात्रामा महत्त्वपूर्ण भिन्नताहरू ल्याएको हुन सक्छ। यसको अर्थ यो हुनेछ कि आजका माप पद्धतिहरू प्रयोग गरी पृथ्वीको आयुसम्बन्धी गरिएका अनुमानहरू सही हुनेछैनन्।

यस "हुर्किसकेको अवस्था"-विरुद्ध एउटा सामान्य आपत्ति यो छ कि यसले "परमेश्वरलाई स्पष्ट छली बनाउँछ,"[७४] जो उहाँको स्वभावको विपरीत छ। तर परमेश्वरले यदि एकै दिनमा नर र नारी सृष्टि गर्नुहुँदा र तिनीहरूलाई उहाँले बनाउनुभयो भनी स्पष्ट रूपले भन्नुहुँदा वा उहाँले पूरै बढ़िसकेको माछा र पशुहरू र रूखहरू सृष्टि गर्नुहुँदा वा मानिसहरूले ताराहरू हेरून् र उहाँलाई महिमा दिऊन् भनी आदम र हव्वालाई पहिलो दिनमै ती ताराहरू हेर्न दिनुहुँदा के उहाँ छली बन्नुहुन्छ ? यी कामहरूले परमेश्वरको छल देखाउनुभन्दा उहाँको असीम बुद्धि र शक्तिलाई देखाएका प्रतीत हुन्छ। परमेश्वरले सबै थोक "छ दिनमा" सृष्टि गर्नुभयो भनी हामीलाई भन्नुहुँदा यो अझ साँचो हुँदछ। यस अड़ानअनुसार, छलिएकाहरू तिनीहरू नै हुन् जसले सृष्टिबारे परमेश्वर स्वयम्ले दिनुभएको व्याख्या सुन्न अस्वीकार गर्छन्।

हुर्किसकेको अवस्थासम्बन्धी वास्तविक समस्या यो हो कि विश्वमा केही यस्ता कुराहरू छन् जसको व्याख्या यसले सहजै दिन सक्दैन। आदम र हव्वा नवजात

[७४] Millard Erickson, *Christian Theology*, पृ. ३८२।

शिशुहरूको रूपमा होइन तर वयस्क मानिसहरूको रूपमा सृष्टि गरिएका थिए र तिनीहरूमा हुर्किसकेको अवस्था देखिन्थ्यो। उत्पत्ति १ मा दिनमा २४ घण्टा भएका विश्वास गर्ने अधिकांश मानिसहरूले यो भन्नेछन् कि वनस्पति र रूखहरू अनि सबै पशुहरू, अनि सम्भवतः ताराहरूबाट आएको ज्योति पनि ती सर्वप्रथम सृष्टि गरिँदा हुर्किसकेका अवस्थामा देखिन्थे (अण्डाभन्दा अघि पोथी थियो!)। तर जीवाश्महरूको सृष्टिले वास्तविक समस्या उत्पन्न गर्छ किनकि उत्तरदायी ख्रीष्टियानहरूले यो प्रस्ताव राख्न मान्दैनन् कि उमेरको अतिरिक्त प्रमाण दिनलाई परमेश्वरले जीवाश्महरूलाई पृथ्वीभरि छरिदिनुभयो! यस्तो काम कुनै थोकलाई एउटा "प्रणालीमा" वा परिपक्वताको अवस्थामा सृष्टि गर्ने काम हुनेथिएन। यस्तो काम एउटा मृत पशुका अवशेषहरू सृष्टि गर्ने काम हुनेथियो। यस्तो काम पशुहरूले आदम र हव्वाको सेवा गरून् भन्ने उद्देश्यले होइन तर मानिसहरूलाई पृथ्वी तिनीहरूले सोचेका भन्दा पनि पुरानो हो भनी सोच्न बाध्य बनाउने उद्देश्यले गरिएको हुनेथियो। यसबाहेक, सबैले यो भन्नैपर्नेथियो कि परमेश्वरले यी सबै मृत पशुहरूलाई सृष्टि गर्नुभयो र तिनलाई "साह्रै राम्रो" भन्नुभयो।[७५]

किरणपुञ्जसहितका ताराहरूको वा पूरै बढिसकेका रूखहरूको सृष्टिको उद्देश्य मानवजातिलाई परमेश्वरका सृष्टिको श्रेष्ठताको कारण उहाँको महिमा गर्न सक्षम बनाउनु थियो, पृथ्वीमा जीवाश्महरूको राश मानवजातिलाई संसारको प्रारम्भिक इतिहासबारे भ्रममा पार्ने वा छल गर्ने उद्देश्यको निम्ति मात्र हुन सक्छ। योभन्दा अझ ठूलो समस्या त आदम, वनस्पति, पशुहरू र ताराहरू सबैका देखिने भिन्न-भिन्नै उमेरहरू हुन् (किनभने तिनीहरू सही ठाउँमा भएका परिपक्व कामदारहरू हुन्)। तर आधुनिक भूवैज्ञानिक शोधकार्यले रेडियोमेट्रिक मिति तोकाइबाट, खगोल वैज्ञानिक अनुमानहरूबाट, चट्टानहरूका गठनहरूबाट, चन्द्रशिला र उल्काहरूका नमुनाहरू आदिबाट लगभग एउटै उमेरका अनुमानहरू दिन्छ। यदि पृथ्वी ४.५ अर्ब पुरानो नहुँदो हो त सो इङ्गित गर्न परमेश्वरले यति धेरै भिन्न-भिन्नै सङ्केतहरू किन सृष्टि गर्नुहुनेथ्यो? पृथ्वी ४.५ अर्ब वर्ष पुरानो हो अनि परमेश्वरले हामीलाई कुनै पनि रीतिले छल गर्नुभयो भनी देखाउनको सट्टामा उहाँले त्यत्ति धेरै लक्षणहरू राखिदिनुभयो भनी निष्कर्ष निकाल्नु उत्तम होइन र? यसकारण जीवाश्मका अभिलेखबारे ख्रीष्टियानहरूले अपनाउनु सक्ने विश्वसनीय व्याख्याहरू यी मात्र हुन्: (१) त्रुटिमय अनुमानहरू वा पतन वा जलप्रलयले ल्याएका परिवर्तनहरूको कारण मिति तोक्ने वर्तमान पद्धतिहरू बृहत् रूपमा गलत छन् वा (ख) मिति तोक्ने आजका पद्धतिहरू अनुपातिक रूपमा ठीक छन् र पृथ्वी लाखौं-लाख वा अरबौं नै वर्ष पुरानो हो।

---

[७५]पुरानो पृथ्वीका समर्थकहरूले उत्पत्ति १:३१ मा परमेश्वर बोलिरहनुभएको छ भनी भन्नैपर्दछ अनि पुराना जीवाश्महरूलाई उहाँले "साह्रै राम्रो" भनिरहनुभएको छ भन्नैपर्दछ भनी हामीले ध्यान दिनुपर्दछ। यदि पतनपूर्वका पशुहरूको मृत्यु पापको कारणले भएको थिएन भने यो आपत्ति निर्णायक आपत्ति होइन, तर यो कठिन छ। जलप्रलय भूविज्ञानका समर्थकहरूले मात्र (तल हेर्नोस्) यो भन्नेछन् कि उत्पत्ति १:३१ को समयमा कुनै पनि जीवाश्महरू थिएनन्, तर ती उत्पत्ति ६-९ मा आएको जलप्रलयद्वारा एक्कासि थुपारिएका थिए। यो सायद जलप्रलयका भूविज्ञानको अड़ानको पक्षमा गरिएको तर्क हुन सक्छ।

### (२) **जलप्रलयको भूविज्ञान (Flood Geology)**

इभ्यान्जेलिकल्हरूबीच एउटा अर्को आम दृष्टिकोण रहेको छ जसलाई "जलप्रलय भूविज्ञान (Flood Geology)" भन्न सकिन्छ। यस दृष्टिकोणअनुसार, नोआको समयमा जलप्रलयले (उत ६-९) उन्मुक्त गरेको घोर प्राकृतिक शक्तिहरूले पृथ्वीको अनुहार महत्त्वपूर्ण रूपले परिवर्तन गरिदिए, उदाहरणार्थ, पानीले ल्याएको महाचापको कारण पृथ्वीमा लाखौं वर्षको सट्टा एकै वर्षमा कोइला र हिराहरू सृष्टि गरिदियो। यो दृष्टिकोणले यो पनि दाबी गर्छ कि पृथ्वीभरि नै जलप्रलयले विश्वास नै गर्न नसकिने बाक्लो तहहरूमा जीवाश्महरू थुपारिदियो।[७६] जलप्रलयको भूविज्ञान दृष्टिकोणलाई "नव-महाविपत्तिवाद" (neo-catastrophism) पनि भनिन्छ किनभने यसका समर्थकहरूले पृथ्वीको अधिकांश वर्तमान भूवैज्ञानिक स्थितिको कारण जलप्रलयको अपरिमित महाविपत्तिलाई मान्छन्।

यस दृष्टिकोणका समर्थकहरूद्वारा राखिएका भूवैज्ञानिक तर्कहरू प्राविधिक छन् अनि विशेषज्ञता प्राप्त नगरेका व्यक्तिहरूलाई तिनको मूल्याङ्कन गर्न कठिन छ। व्यक्तिगत, तौरमा मैले उत्पत्ति ६-९ को जलप्रलय विश्वव्यापी थियो अनि पृथ्वीमा यसले महत्त्वपूर्ण प्रभाव पार्‍यो, जहाजबाहिरका जीवित मानिस र पशुहरू त्यो जलप्रलयमा नष्ट भए भनी सोचे तापनि, पृथ्वीका सबै भूवैज्ञानिक बनोटहरू लाखौं वर्षका थिग्राइहरू (sedimentations), ज्वालामुखीका विस्फोटनहरू, हिमनदीहरू, महाद्वीपीय विचलनहरू इत्यादिहरूका सट्टामा नोआको जलप्रलयकै कारणले बनेका थिए भनी विश्वास गर्न मलाई बाध्य पार्दैन। जलप्रलयको भूविज्ञानसम्बन्धी विवाद सृष्टिबारे विवादका अन्य क्षेत्रहरूभन्दा असाधारण रूपले भिन्नै छ, किनकि यसका समर्थकहरूले प्रायः कुनै पनि पेसेवार (तालीमप्राप्त) भूवैज्ञानिकहरूलाई मात्र नभएर बाइबलमा विश्वास गर्ने इभ्यानजेलिकल ख्रीष्टियानहरूलाई नै पनि तिनीहरूका कुरा स्वीकार गर्न बाध्य बनाएका छैनन्।

यसको तुलनामा, हामीले माथि जुन पुस्तकहरूको उल्लेख गर्‍यौं तिनले डार्विनवादी विकासवादप्रति अकाटच आपत्तिहरू उठाइएका १३० वर्षको इतिवृत्त दिन्छन्। यी आपत्तिहरू उठाउने विद्वत्वर्गमा अनेकौं महत्त्वपूर्ण ख्रीष्टियान र गैर ख्रीष्टियान जीव-विज्ञानीहरू (biologists), जीव-रसायनविज्ञानीहरू (biochemists), प्राणी-विज्ञानीहरू (zoologists), मानव-विज्ञानीहरू (anthropologists) र जीवाश्म-वैज्ञानिकहरू (paleontologist) पर्छन्। यसको कारण यही हो कि सृष्टि गरिएका संसारको अवलोकनबाट प्रस्ट भएका तथ्यहरूको व्याख्या गर्नमा विकासवादले अति धेरै समस्याहरू सामना गर्नुपर्छ। यदि वर्तमान भूवैज्ञानिक बनोटहरू विश्वव्यापी जलप्रलयको परिणाम हो भनी व्याख्या गर्न सकिन्थ्यो भने मात्र पनि प्रमाण हेर्न माग्ने

---

[७६]हे. Henry M. Morris र John C. Whitcomb, *The Genesis Flood* (फिलेडेल्फिया : प्रेज्बिटरियन अ्यान्ड रिफमर्ड, १९६१); John C. Whitcomb, *The World That Perished* (ग्र्यान्ड र्‍यापिडस् : बेकर १९८८); Stephen A. Austin, *Catastrophes in Earth History* (एल क्याजोन, क्यालिः इन्सिटच्यूट फर क्रिएसन रिसर्च, १९८४)। जलप्रलयको भूविज्ञानका समर्थकहरूद्वारा गरिएका अन्य अध्ययनहरू *CRSQ*-मा प्रकाशित भएका छन्, यद्यपि त्यस पत्रिकाका सबै लेखहरूले जलप्रलयीय दृष्टिकोणको समर्थन गर्दैनन्, नता क्रिएशन रिसर्च सोसाइटिका सबै सदस्यहरूले नै पनि जलप्रलय-भूविज्ञानलाई समर्थन गर्छन्।

गैरख्रीष्टियानहरूलाई पनि के यो प्रस्टै हुनेथिएन र ? यदि प्रमाण भएको भए के सयौं पेसेवार ख्रीष्टियान भूवैज्ञानिकहरू त्यस प्रमाणलाई स्वीकार गर्न तयार हुनेथिएनन् र ? जलप्रलयका भूवैज्ञानिकहरू सही हुन सक्छन्, तर तिनीहरू सही छन् भने, तिनीहरूको मुद्दा सही छन् भनी केही पेसेवार भूवैज्ञानिकहरूलाई विश्‍वास दिलाउनमा प्रगति भएको हेर्ने आशा हामी गर्नेछौं।[७७]

**५. पृथ्वीको उमेरबारे निष्कर्षहरू ।** त्यसो हो भने पृथ्वी कति वर्ष पुरानो हो ? यो छलफलले हामीलाई कुन निष्कर्षमा ल्याउँछ ? ज्ञानका विभिन्न विधाबाट प्राप्त धेरै प्रकारका वैज्ञानिक तथ्याङ्कहरूमा आधारित पुरानो पृथ्वीको पक्षमा Young-का तर्कहरू (कमसेकम यस लेखकलाई) सशक्त देखिन्छन्। जीवाश्‍महरू भएका चट्टानहरू, मुगा-भित्तिहरू, महादेशीय विचलन र विभिन्न प्रकारका रेडियोमेट्रिक मिति निर्धारणबाट प्राप्त एकै किसिमका प्रतिफलहरूमा आधारित तर्कहरू पनि उसरी नै सशक्त छन्। Newman र Eckelmann-ले खगोल-विज्ञानको आधारमा पृथ्वी धेरै पुरानो हो भनी दिएका तर्कहरूले अतिरिक्त महत्त्वपूर्ण वजन प्रदान गर्छ। एकतिरबाट हेर्दा यो बुझ्नीय छ कि परमेश्‍वरले यस्तो विश्‍वको सृष्टि गर्नुभयो जहाँ ताराहरू अरबौं वर्ष चम्किरहनलाई देखापरेका, आदम २५ वर्षदेखि जिइरहेका, कुनै-कुनै रूखहरू ५० वर्षदेखि बाँचिरहेका अनि कुनै पशुहरू १ वर्ष वा १० वर्षदेखि जिइरहेका प्रतीत हुन्छ। तर अर्कोतिरबाट हेर्दा, यो बुझ्न कठिन छ कि परमेश्‍वरले किन पृथ्वीमा विभिन्न किसिमका दर्जनौं वा सयौं चट्टानहरू वा खनिजहरू बनाउनुभएको थियो, जो सबै वास्तवमा एक दिन पुराना मात्र थिए तर सबै ठीक ४.५ अर्ब वर्ष पुराना देखिन्थे। उहाँले चन्द्रमा र उल्काहरूलाई, तिनीहरू एक दिन मात्र पुराना हुँदा, त्यही आयु दिनुभयो। अनि यो बुझ्न कठिन छ कि यदि ताराहरूको जीवनकाल चक्रहरू र विश्‍वको विस्तारले विश्‍वलाई १५ अर्ब वर्ष पुरानो किन देखाउँछन्, यदि त्यो त्यति नहुँदो हो त। यो सम्भव छ, तर देखिन्छ असम्भाव्य, कि यी एकसमान देखिने उमेरहरू दिनुमा परमेश्‍वरको एउटै उद्देश्‍य पूरा उमेर पुगेको र कार्यरत विश्‍व स्थापन गर्नु नभएर हामीलाई भ्रममा हाल्नु नै थियो कि भन्ने भान हुन्छ। यसर्थ पुरानो पृथ्वीका समर्थकहरूसँग वैज्ञानिक प्रमाणको धेरै वजन भएको मलाई प्रतीत हुँदछ, अनि यस्तो लाग्छ कि प्रमाणको त्यो वजन वर्षैपछि बढ्दैगइरहेको छ।

यसको विपरीत, पुरानो पृथ्वीका समर्थकहरूद्वारा प्रस्तुत उत्पत्ति १ का व्याख्याहरू सम्भव भए तापनि मूलपाठको अर्थअनुसार स्वाभाविक देखिँदैन। Young-ले दिएका समाधान, अर्थात् "अनिर्दिष्ट कालावधिका सात क्रमिक प्रतीकात्मक दिनहरू"[७८]-ले वास्तवमा यो समस्या समाधान गर्दैन, किनकि सात दिनको क्रमलाई वैज्ञानिक तौरमा सम्भव बनाउनलाई परमेश्‍वरका सिर्जनात्मक कामहरूलाई विभिन्न दिनहरूमा

[७७]जलप्रलयको विरुद्धका तर्कहरू ती इभ्यानजेलिकलद्वारा सङ्कलन गरिएका थिए जो एक पेसेवार भूवैज्ञानिक पनि हुन्; हे. Davis A. Young, *Creation and the Flood: An Alternative to Flood Geology and Theistic Evolution* र *Christianity and the Age of the Earth*.

[७८]*Creation and the Flood*, पृ. ८९।

फैलाउन उनी तयार छन्। उदाहरणार्थ, उनी सोच्छन् कि कुनै पक्षीहरू पाँचौं दिन भन्दा अघि नै सृष्टि गरिएका थिए :

> हामी यो पनि सुझाव राख्न सक्छौं कि पक्षीहरू पाँचौं दिनमा सृष्टि गरिएका थिए, तरै पनि, अति प्राचीन वा प्रारम्भिक पक्षीहरूका पूर्वजहरू पाँचौं दिनभन्दा अघिको एउटा दिनमै चमत्कारिक प्रकारले बनाइएका थिए। यसर्थ, तोकिएको दिनमा घटनाहरू (वा सृष्टि नभएर) नघटेर अन्यै दिन घटे भनी मान्ने छुट उत्पत्ति १ का तथ्याङ्कहरूले दिन्छन्। यदि यस प्रकारको परस्परव्यापिता छ भने, उत्पत्ति १ र विज्ञानबीच देखापर्ने सबै विसङ्गतिहरू लुप्त हुनेछन् (पृ. १३१)।

तर यस कार्यविधिले हामीलाई सृष्टिका घटनाहरू कुनै पनि समयमा घटे भन्ने छुट दिन्छ, चाहे धर्मशास्त्रले ती घटनाहरू त्यस बेला घटे भनोस् वा नभनोस्। एकपल्ट यो कार्यविधि अपनाइएपछि, हामीले अन्ततः उत्पत्ति १ को सृष्टिका घटनाहरूको क्रमबारे जान्न सक्यौं भने पनि थोरै मात्र जान्न सक्नेछौं, किनभने त्यहाँ वर्णित कुनै पनि घटनाहरू त्यसभन्दा अघिको समयावधिमा अग्रगामीहरू भएका हुन सक्छन्। त्यस मूलपाठबाट प्रारम्भिक पाठकहरूले यो छाप पाऊन् भन्ने कुनै आशय पटक्कै राखिएको हुनै सक्दैन। (योभन्दा पनि अझ सम्भाव्य छ, पूर्वविवेचित संशोधित दिन-युग दृष्टिकोण)।

**६. थप समझको आवश्यकता।** हाम्रो बोधको यो स्तरमा, यद्यपि हाम्रो निष्कर्षहरू अस्थायी भए तापनि, धर्मशास्त्रले तरुण पृथ्वी दृष्टिकोणको *सुझाउ* राखेको छ (अनिवार्य ठहराएको छैन) भनी यसलाई बुझ्न धेरै सजिलो हुन्छ, तथापि सृष्टिका दृष्टिगोचर तथ्यहरूले पुरानो पृथ्वीको पक्षमा बढ्दो गरी समर्थन जनाएका देखिन्छ। दुवै दृष्टिकोणहरू सम्भव छ, तर यी दुईमा कुनै पनि निर्विवाद छैन। अनि हामीले यो पूरा स्पष्टतासित भन्नैपर्दछ कि पृथ्वीको आयु यस्तो विषय हो जसबारे धर्मशास्त्रमा प्रत्यक्ष रूपमा सिकाइएको छैन, तर यो यस्तो कुरा हो जसबारे हामीले धर्मशास्त्रबाट लगभग सम्भाव्य अनुमानहरूद्वारा सोच्न सक्छौं। यस्तो परिस्थितिमा यो स्वीकार गर्न सर्वोत्तम देखिन्छ : (१) ख्रीष्ट आउनुभन्दा अघि यस प्रश्नको स्पष्ट उत्तर पाउन परमेश्वरले हामीलाई अनुमति सायद दिनुहुनेछैन भनी स्वीकार गर्नु र (२) तरुण र पुरानो पृथ्वी समर्थन गर्ने इभ्यानजेलिकल वैज्ञानिक र ईश्वरशास्त्रीहरूलाई न्यूनतम अहङ्कारसित, अधिकतम नम्रतासित, अनि एउटा साझा उद्देश्यमा सहयोगिताको विशाल भाव लिएर एकबद्ध भई काम आरम्भ गर्न प्रोत्साहित गर्नुपर्दछ।

पुरानो पृथ्वी र तरुण पृथ्वी दुवै दृष्टिकोणहरूमा कठिनाइहरू छन्, यस्ता कठिनाइहरू जो प्रत्येक दृष्टिकोणका प्रस्तावकहरूले आ-आफ्ना दृष्टिकोणहरूमा प्रायः नै देख्न नसकेका देखिन्छ। यदि पुरानो र तरुण पृथ्वी दृष्टिकोणहरूका समर्थक ख्रीष्टियान वैज्ञानिकहरू वैरभावविना, व्यक्तिगत आक्रमणहरूविना, वा एकपट्टि,

अति भावुकतापूर्ण दोषारोपणहरूविना र अर्कोपट्टि, बड्प्पनविना वा विद्वत्तापूर्ण अभिमानविना एक-अर्कासित छलफल गर्न धेरै इच्छुक हुन्छन् भने अवश्यै प्रगति हुनेछ। यस्ता मनोवृत्तिहरू ख्रीष्टको मण्डलीलाई सुहाउने होइनन्, नता यी बुद्धिका गुणहरू हुन्, जो "पहिले शुद्ध हुन्छ, तब त्यो शान्तिप्रिय, कोमल, विचारशील, कृपापूर्ण र असल फलले भरिएको, पक्षपातरहित र कपटरहित हुन्छ" र यो बुद्धिले पूर्ण रूपले यो जान्दछ कि, "शान्ति कायम राख्नेहरूले शान्तिमा छर्छन्, र तिनीहरूले धार्मिकताको फसल बटुल्छन्" (याक ३:१७)।

इभ्यानजेलिकल संसारबाहिर पढ्िने उद्देश्यसित प्रकाशित गरिएका प्रचार र पक्षमण्डनशास्त्रबारे यो भन्न सकिन्छ कि पुरानो र तरुण पृथ्वी प्रस्तावकहरूले सृष्टि बुद्धिमान् योजनाद्वारा रचना गरिएको हो भन्ने अति सशक्त तर्कहरू थुपार्नमा अनि पृथ्वीको आयुबारे तिनीहरूका मतभिन्नताहरू पन्छ्याउनलाई एक-अर्कामा धेरै नै सहयोगिता गर्न सक्छन्। सृष्टि बुद्धिमान् योजनाद्वारा रचना गरिएको हो भन्ने वैज्ञानिक तर्कहरू र तरुण पृथ्वीसम्बन्धी वैज्ञानिक तर्कहरू भिन्न-भिन्नै कुराहरू हुन् भन्ने तथ्यलाई छुट्याउन तरुण पृथ्वीका प्रस्तावकहरू प्रायः नै असफल बनेका छन्, र त्यसरी उनीहरूले पुरानो पृथ्वीका समर्थकहरूलाई विश्वास नगर्ने वैज्ञानिक समाजका मानसको निम्ति लड़ाइँमा सम्मिलित हुन प्रतिबन्धित गरेका छन्। यसको अतिरिक्त, तरुण पृथ्वीको पक्षमा वैज्ञानिक तर्कहरू (जो तिनीहरूलाई अति विश्वासोत्पादक देखिन्छन्) बुद्धिमान् योजनाद्वारा सृष्टि रचिएको हो भन्ने अकाट्य वैज्ञानिक तर्कहरूजति सशक्त छैनन् भन्ने तथ्य तरुण पृथ्वीका प्रस्तावकहरू पहिचान गर्न कहिलेकाहीँ असफल बनेका छन्। फलस्वरूप, तरुण पृथ्वीका प्रस्तावकहरूले प्रायः नै यस्तो भाव दिएका छन् कि साँचो "सृष्टिवादीहरू" तिनीहरू मात्रै हुन् जसले सृष्टि परमेश्वरद्वारा भएको हो भन्ने मात्र विश्वास नगरेर पृथ्वी तरुण हो भन्ने पनि विश्वास गर्छन्। यसको परिणाम ख्रीष्टियान वैज्ञानिकहरूबीच दुर्भाग्यपूर्ण विभाजन र एकताको कमी आएको छ। यसले शैतानलाई प्रसन्न पारेको छ र पवित्र आत्मालाई दुःखित तुल्याएको छ।

अन्त्यमा, हामीले यस विवादलाई केही आशासित हेर्न सक्छौं कि पृथ्वीको आयुसम्बन्धी वैज्ञानिक समझमा थप प्रगति हुनेछ। यो सम्भव छ कि आउँदा दश वा बीस वर्षभित्र वैज्ञानिक शोधकार्यले तरुण पृथ्वी वा पुरानो पृथ्वीको पक्षमा प्रमाणको वजन थपिदिनेछ अनि ख्रीष्टियान विद्वत् मत (बाइबलका विद्वान् र वैज्ञानिकहरूको) एउटा वा अर्को दिशातिर निर्णायक रूपले सर्नेछ। यसले दुवै पक्षका समर्थकहरूमा हलचल ल्याउनुहुँदैन किनभने धर्मशास्त्रको सत्यता जोखिममा पर्दैन। (उत्पत्ति १ बारे हाम्रो व्याख्याहरूमा यति धेरै अनिश्चितता छन् कि कुनै पनि दृष्टिकोण सम्भव छ)। दुवै पक्षहरू सत्यताको ज्ञानमा अगि बढ्न आवश्यक छ, यसको अर्थ धेरै लामो समयसम्म विश्वास गरिएको दृष्टिकोणलाई त्याग्नु नै किन नहोस्।

### च. प्रयोग

आज ख्रीष्टियानहरूका निम्ति सृष्टिसम्बन्धी धर्मसिद्धान्तका प्रयोगहरू धेरै नै

छन्। यसले हामीलाई यो बुझाउँछ कि भौतिक विश्व आफैमा असल छ किनकि परमेश्वरले यसलाई असल बनाउनुभयो र उहाँ चाहनुहुन्छ कि उहाँलाई प्रसन्न तुल्याउने तरिकाहरूमा हामी यसलाई प्रयोग गरौं। त्यसकारण हामी सुरुका ख्रीष्टियानहरूजस्तै हुनुपर्दछ जसले सधैं परमेश्वरलाई धन्यवाद दिँदै र उहाँका प्रबन्धमा भरोसासित "खुशी र शुद्ध हृदयले मिलीजुली खान्थे" (प्रे २:४६)। सृष्टिको स्वस्थ प्रशंसाले हामीलाई त्यो झुटो वैराग्यवाद (asceticism)-बाट जोगाउँछ, जसले सृष्टिको असलपनलाई र यसको माध्यमबाट आउने आशिषहरूलाई अस्वीकार गर्छ। यसले परमेश्वरको भरपुर सृष्टिको उत्तमताबारे वैज्ञानिक र प्राविधिक शोधकार्य गर्न वा यस प्रकारका कार्यलाई टेवा पुऱ्याउन कतिपय ख्रीष्टियानहरूलाई प्रोत्साहित गर्नेछ।[७९] सृष्टिसम्बन्धी धर्मसिद्धान्तले हामीलाई अझ स्पष्टतासित यो जान्न पनि सक्षम बनाउँछ कि वैज्ञानिक र प्राविधिक अध्ययनले पनि परमेश्वरको महिमा गर्छ किनकि उहाँका सृष्टिको कार्यमा परमेश्वर कति अचम्म प्रकारले बुद्धिमान्, शक्तिशाली र सीपयुक्त हुनुहुन्थ्यो सो पत्तो लगाउन ती अध्ययनहरूले हामीलाई सक्षम बनाउँछन्। "परमप्रभुका कामहरू कति महान् छन्, तिनमा प्रसन्न हुनेहरू सबैले ती कार्यहरूमा मनन गर्छन्" (भज १११:२)।

सृष्टिसम्बन्धी धर्मसिद्धान्तले हामीलाई यो पनि स्मरण गराउँछ कि परमेश्वरले सृष्टि गर्नुभएको विश्वमा उहाँ प्रभुसत्तासम्पन्न हुनुहुन्छ। यी सबैलाई उहाँले बनाउनुभयो अनि यी सबैका उहाँ परमप्रभु हुनुहुन्छ। हामी जे छौं र हामीमा जे छ ती सबैको श्रेय उहाँलाई जान्छ अनि हामीमा यो पूर्ण आत्मविश्वास हुन सक्छ कि उहाँले अन्ततः उहाँका सबै शत्रुहरूलाई परास्त गर्नुहुन्छ अनि सदाकाल आराधना गरिनलाई सर्वसत्तासम्पन्न राजाका रूपमा प्रकटित हुनुहुनेछ। यसको अतिरिक्त, विश्वको अविश्वसनीय आकार र सृष्टि गरिएका प्रत्येक थोकको जटिलताले, यदि हाम्रो हृदय सठीक छन् भने, उहाँको महानताको निम्ति उहाँलाई आराधना र प्रशंसा गर्नलाई हामीलाई निरन्तर खिच्नेछ।

अन्त्यमा, हामीले माथि सङ्केत गरे झैं, हाम्रा सृष्टिकर्ताले हामीलाई हाम्रो सिर्जनात्मक काममा उहाँको अनुकरण गर्न हामीलाई सक्षम बनाउनुहुन्छ भन्ने धन्यवादको मनोवृत्तिसित हाम्रो सिर्जनात्मक कामहरू (कलात्मक, साङ्गीतिक, खेलकुद, घरेलु, साहित्यिक आदि)-मा धन्यवादको मनोवृत्तिसित सम्पूर्ण हृदयले आनन्द मनाउन सक्छौं।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. के परमेश्वरको सृष्टिको उत्कृष्टताको निम्ति तपाईं अझ धेरै धन्यवादी बन्न सक्ने तरिकाहरू छन्? तपाईंका वरिपरि हेर्नुहोस् र सृष्टिको ती असलपनका केही उदाहरणहरू दिनुहोस् जसको उपभोग गर्ने अनुमति परमेश्वरले

[७९] Frair र Davis-ले तिनहरूको पुस्तक *A Case for Creation*, पृ. १३५-४० मा सृष्टिमा विश्वास गर्ने वैज्ञानिकहरूलाई विशेष प्रकारका अति आवश्यक शोधकार्यहरू गर्ने निर्दिष्ट व्यावहारिक चुनौतीहरू दिएका छन्।

तपाईंलाई दिनुभएको छ। के यस्ता तरिकाहरू छन् जसअनुसार परमेश्वरले तपाईंलाई जिम्मा दिनुभएको उहाँको सृष्टिका भागहरूको तपाईं अझ उत्तम भण्डारे बन्न सक्नुहुन्छ ?

२. परमेश्वरले सृष्टि गर्नुभएका सबै थोकहरूको असलपनले के तपाईंलाई तपाईंले सामान्यतया रुचाउनुहुने भोजनभन्दा विभिन्न थरीका भोजनहरूका स्वाद लिने कोसिस गर्नलाई प्रोत्साहित गर्छ ? परमेश्वरले हामीलाई खान दिनुभएका विभिन्न थोकहरूका लागि उहाँलाई धन्यवाद दिनू भनी के बालबालिकाहरूलाई सिकाउनु सकिन्छ ? हामी आफैहरू पनि भिन्नै किसिमका पशुहरू मात्रै भएका कारण हामीले विभिन्न पशुका मासुहरू खानुहुँदैन, पशुहरूका छालाहरूले बनाइएका लुगाहरू लगाउनुहुँदैन भन्ने पशु-अधिकारका केही कठोर समर्थकहरूलाई सृष्टिसम्बन्धी धर्मसिद्धान्तले उत्तर दिन्छ ? (हे. उत ३:२१)।

३. आजका गैर-ख्रीष्टियानहरूले अनुभूति गरेका नैराश्यसम्बन्धी केही बुझ्नलाई केही क्षणको निम्ति यो कल्पना गर्ने कोसिस गर्नुहोस् कि तपाईं परमेश्वर हुनुहुन्न भनी विश्वास गर्नुहुन्छ अनि लाखौं वर्षमा जीवहरूमा भएका अनिश्चित रूपपरिवर्तनहरूको स्वाभाविक प्रतिफलको कारण तपाईंचाहिँ पदार्थ, समय, संयोगको प्रतिफल हुनुहुन्छ। तपाईंले आफ्नैबारे कसरी भिन्नै प्रकारले अनुभूति गर्नुहुनेछ ? अरू मानिसहरूबारे ? भविष्यबारे ? सही र गलत कुराबारे ?

४. पृथ्वीको एउटै भागलाई "अधीनमा गर्दा" र यसलाई हाम्रो सेवा गर्न उपयोगी बनाउँदा – चाहे सागसब्जी उमार्द, अझ असल किसिमको प्ल्यास्टिक वा धातु विकास गर्दा वा कपड़ा बुन्नलाई ऊनको प्रयोग गर्दा हामी किन रमाहट अनुभव गर्छौं ? यो र अरू कामहरू गर्न सक्दा के हामीले रमाहट अनुभव गर्नुपर्ने हो ? यी कामहरू गर्दा हामीले हृदयका अन्य कुन मनोवृत्तिहरू अनुभूत गर्नुपर्ने हो ?

५. ताराहरूको विशालता, अनि परमेश्वरले हामीलाई उहाँको शक्ति र महिमा देखाउनलाई ती ताराहरूलाई तिनका स्थानहरूमा राख्नुभएको भन्ने कुरा विचार गर्दा, विश्वमा तपाईंको स्थानबारे तपाईंलाई कस्तो अनुभूति हुन्छ ? के तपाईंको अनुभूति गैरख्रीष्टियानको अनुभूतिभन्दा भिन्नै हुन्छ ?

६. यो अध्याय पढ्नुभन्दा अघि तपाईंले विकासवादको सिद्धान्तबारे के सोच्नुहुन्थ्यो ? तपाईंको दृष्टिकोण परिवर्तन भयो नै भने पनि त्यो कसरी परिवर्तन भएको छ ?

७. पृथ्वीको आयुबारे आजका विवादलाई अवलोकन गरेर ईश्वरशास्त्रीय छलफलबारे ख्रीष्टियानहरूले सामान्य तौरमा सिक्न सक्ने केही कुराहरू के-के हुन् ? तपाईंको आफ्नै ख्रीष्टीय विश्वासको निम्ति यस विवादमा तपाईंले के महत्त्व देख्नुहुन्छ ?

## विशेष शब्दहरू

सामञ्जस्यवादी सिद्धान्त *concordist theory*
शून्यबाट सृष्टि *creation ex nihilo*. क्रो-म्यागनन मानिस *Cro-Magnon man*
दिन-युग सिद्धान्त *day-age theory.* देववाद *deism*. द्वैतवाद *deism*
जलप्रलयको भूविज्ञान *flood geology*. निरन्तरताभङ्ग सिद्धान्त *gap theory*
आद्य मानव *homo sapiens*. अन्तर्भूत *immanent*
साहित्यिक ढाँचा सिद्धान्त *literary framework theory*
बृहत्-विकासवाद *macro-evoultion*. भौतिकवाद *materialism*
विकसित सृष्टिवाद *mature creationism*. सूक्ष्म-विकासवाद *micro-evolution*
नव-महाविपत्तिवाद *neo-catastrophism*. पुरानो पृथ्वी सिद्धान्त *old-earth theory*
सर्वेश्वरवाद *pantheism*। सचित्र-दिन सिद्धान्त *pictorial-day theory*
प्रगतिवादी सृष्टिवाद *progressive creationism*
ईश्वरवादी विकासवाद *theistic evolution*
२४ घण्टे दिन सिद्धान्त *twenty-four-hour day theory*
तरुण पृथ्वी सिद्धान्त *young earth theory*

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे.। सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूमा भएका खण्डहरू


१. एङ्गलिकन (एपिस्कोपलियन)
१८८२-९२ लिट्टन, ७४-७६
२. अर्मेनी (वेसलियन वा मेथडिस्ट)
१८७५-७६ पोप, १:३६१-४२०
१८९२-९४ मिली, १:२७६-३१०
१९४० विली, १:४४०-७२
१९८३ कार्टर, १:१३०-३२, १४५-९४, २०३-८
१९८३ कटेल, १:४८-१९१
१९८७-९० ओडेन, १:२२५-६९
३. ब्याप्टिस्ट
१७६७ गील, १:३६६-७५
१८८७ बोइस, १:६६-७३
१९०७ स्ट्रङ्ग, ३७१-४१०
१९१७ म्यूलिन्स्, २५१-६४
१९७६-८३ हेनरी, ६:१०८-९६

१९८३-८५ एरिक्सन, ३६५-८६-७८
१९८७-९४ लुइस/डिमारेस्ट, २:१७-७०

४. डिस्पेन्सेशनल
१९४७ शेफर, ७:९९-१०१, १४६
१९४९ थीसन, १११-१८
१९८६ राइरि, १७१-९४

५. लुथरन
१९१७-२४ पाइपर, १:४६७-८२
१९३४ म्यूएलर, १७९-८८

६. रिफर्मड (वा प्रेज्बिटरियन)
१५५९ क्याल्भिन, १:१५९-८३ (१.१४)
१७२४-५८ एडवर्डस्, १:९४-१२१
१८६१ हेपी, १९०-२००
१८७१-७३ होज, १:५५०-५७४;२:३-४१
१८७८ डेबनी, २६-३८, २४७-६३
१८८७-१९२१ वारफिल्ड, SSW, २:१३२-४१
१८८९ शेड, १:४६३-५२६; २क:३-९४
१९३८ बर्खोफ, १२६-४०, १५०-६४
१९६२ बुसवेल, १:१३४-६२, ३२१-४३

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)
१९८८-९२ विलियम्स्, १:९५-११६

**रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रहरूका प्रातिनिधिक खण्डहरू**

१. रोमन क्याथलिक : परम्परावादी
१९५५ ओट्, ७९-८६, ९२-९४, १००

२. रोमन क्याथलिक : भेटिकन द्वितीयोत्तर
१९८० म्याकब्राइन, १:२२४-२८

**अन्य पुस्तकहरू**

सष्टि र विकासवादबारे द किङ्स कलेज, ब्राइएरक्लिफ म्यानोर: न्यू योर्कका पेसेवार जीववैज्ञानिक Dr. Wayne Frair-द्वारा तयार पारिएको विस्तृत पुस्तक सूचीबाट निम्नोद्धृतमध्ये विभिन्न पुस्तकका नामहरू लिइएका छन्।

Anderson, J. Kerby, and Harold G. Coffin. *Fossils in Focus.* Grand Rapids: Zondervan, 1977.
Austin, Stephen A. *Catastrophes in Earth History.* El Cajon, Cali.: Institute of Creation Research, 1984. (young earth view)
Barclay, D. R. "Creation." In *NDT*, pp. 177-79.
Blocher, Henri. *In the Beginning: The Opening Chapters of Genesis.*

Trans. by David G. Preston. Leicester: Inter-Varsity Press, 1984.
Cameron, Nigel M. de S. *Evolution and the Authority of the Bible.* Exeter: Paternoster, 1983.
———, ed. *In the Beginning ... ; A Symposium on the Bible and Creation* Glasgow: The Biblical Creation Society, 1980.
Clotz, J.W. *Genes, Genesis and Evolution.* St. Louis, Mo.: Concordia Publishing House, 1970.
———, *Studies in Creation.* St. Louis, Mo.: Concordia Publishing House,1985.
Custance, Arthur C. *Evolution or Creation.* Grand Rapids: Zondervan, 1976.
———, *Without Form and Void: A Study of the Meaning of Genisis 1:2.* Brockville, Ontario: Doorway Papers, 1970.
Davidheiser, Bolton. *Evolution and the Christian Faith.* Grand Rapids: Baker,1969.
Denton, Michael. *Evolution: A Theory in Crisis.* Bethesda, Md.: Adler and Adler, 1986.
De Young, Donald B. *Astronomy and the Bible: Questions and Answers.* Grand Rapids: Baker, 1989 (young earth view).
Fields, Weston W. *Unformed and Unfilled.* Nutley, N.J.: Presbyterian and Reformed, 1976.
Frair, Wayne, and Percival Davis. *A Case for Creation.*Norcoss, Ga.: CRS Books, 1983.
Gange, Robert. *Origins and Destiny: A Scientist Examins God's Handiwork.* Waco, Tex.: Word, 1986.
Geisler, Norman L. and J. Kerby Anderson. *Origin Science: A Proposal for the Creation-Evolution Controversy.* Forward by Walter L. Bradley. Grand Rapids: Baker, 1987.
Gentry, R.V. *Creation's Tiny Mystery.* Knoxville, Tenn.: Earth Science Associates, 1986.
Gish, D.T. *Evolution: The Challenges of the Fossil Record.* El Cajon,Cali.: Master Books, 1985 (young earth view)
Houston, James. *I Believe in the Creator.* Grand Rapids: Eerdsmans, 1980.
Hummel, Charles E. *Creation or Evolution ? Resolving the Crucial Issues.* Downers Grove, Ill.: InterVarsity Press, 1989.
Johnson, Phillip E. *Darwin on Trial.* Downers Groves, Ill.: InterVarsity Press, 1991.
Kaiser, Christopher B. *Creation and the History of Science.* Grand Rapids: Eerdmans, 1991.
Kerkut, G.S. *Implication of Evolution.* New York: Pergamon, 1960.
Kofahl, Robert E. and Kelly L. Segraves. *The Creation Explanation: A Scientific Alternative to Evolution.* Wheaton, Ill.: Harold Shaw,1975. (young earth view)
Lester, L.P, and R.G Bohlin. *The Natural Limits to Biological Change.* Grand Rapids: Zondervan, 1984.
Maatman, Russell. *The Bible, Natural Science and Evolution.* Grand Rapids: Reformed Fellowship, 1970.
Morris, Henry M., ed. *Scientific Creationism.* San Diego, Cali.:

Creation-Life,
1974. (young earth view)
______, and John C. Whitcomb. *The Genesis Flood.* Philadelphia : Presbyterian and Reformed, 1961 (young earth view)
______, and John D. Morris, *Science, Scripture, and the Young Earth: An Answer to Current Arguments against the Biblical Doctrine of Recent Creation,* El Cajon, Cali.: Institute for Creation Research, 1989. (young earth view)
Newman, Robert C., and Herman J. Eckelmann. *Genesis One and the Origin of the Earth.* Downers Grove, Ill.: InterVarsity Press, 1977. (argues against young earth view)
Pitman, M. *Adam and Evolution.* Grand Rapids: Baker, 1984.
Ramm, Bernad. *The Christian View of Science and Scripture.* Grand Rapids: Eerdmans, 1954.
Ross, Hugh. *Creation and Time: A Biblical and Scientific Perspective on the Creation-Date Controversy.* Colorado Springs: NavPress, 1994. (an articulate and highly trained scientist who argues against the young earth view on the basis of recent scientific evidence)
Rusch, W. H., Sr. *The Argument – Creation vs Evolutionism.* Norcross, Ga: CRS Books, 1984.
Schaeffer, Francis. *No Final Conflict.* Downers Grove, Ill.: InterVarsity Press, 1975.
Thaxton, C.B., W.L. Bradley, and R.L Olsen. *The Mystery of Life's Origin: Reassessing Current Theories.* New York: Philosophical Library, 1984.
Van Till, Howard J., Davis A. Young, and Clarence Menninga. *Science Held Hostage: What's Wrong with Creation Science and Evolutionism?* Downers Grove, Ill.: InterVarsity Press, 1988. (argues against young earth view)
Whitcomb, John C. *The World That Perished.* Grand Rapids: Baker, 1988.(young earth view)
______, *The Early Earth.* Revised edition. Grand Rapids: Baker, 1986. (youngearth view)
Wilder-Smith, A.E. *The Natural Science Knows Nothing of Evolution.* El Cajon, Cali.: Master Books,1981.
Young, Davis A. *Christianity and the Age of the Earth.* Grand Rapids: Zondervan, 1982. (argues against young earth view)
______, *Creation and the Flood: An Alternative to Flood Geology and Theistic Evolution.* Grand Rapids: Baker, 1977. (argues against young earth view)

Youngblood, Ronald. *How It Aall Began.* Ventura, Calif.: Regal, 1980.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**नहेम्याह ९:६** : *"तपाईं मात्र परमप्रभु हुनुहुन्छ। तपाईंले नै स्वर्ग, सर्वोच्च आकाश, र त्यसका सबै तारामण्डल, पृथ्वी र त्यसमा भएका सबै थोक, र समुद्रहरू र तिनमा भएका सबै थोकहरू बनाउनुभयो। तपाईंले नै तिनीहरू सबैलाई जीवन दिनुहुन्छ, र स्वर्गका सारा समुदायले तपाईंलाई पुज्दछन्।"*

**भजन**

"हल्लेलुयाह, यहवेको प्रशंसा गर !

यो भजनमा भजनसंग्रहका १४८ का सम्पूर्ण विषय-वस्तुहरू समाविष्ट छन्, जसलाई सङ्गीतबद्ध गरिएको छ। यसले दृश्य र अदृश्य सबै थोकहरूलगायत सबै सृष्टिलाई हाम्रो सृष्टिकर्तालाई उपासना गर्न आह्वान गर्दछ।

हल्लेलुया, यहवेको प्रशंसा गर, आकाशबाट उहाँको नाउँको प्रशंसा गर;
सर्वोच्चमा हुनुहुने यहवेको प्रशंसा गर, उहाँका सबै स्वर्गदूतहरू
घोषणा गर प्रशंसाको।
उहाँका सबै सृष्टिहरू प्रशंसा गर मिलेर, उच्चमा भएका घाम,
चन्द्रमा र ताराहरू
गर प्रशंसा उहाँको, हे आकाशहरूको आकाश र आकाशमाथि
भएका पानीहरू।

***स्थायी :***
दिऊन् तिनीहरूले प्रशंसा यहवेलाई, किनकि छ मात्र उहाँको नाउँ उच्च,
र उहाँको महिमा उच्च पारिएको छ, र उहाँको महिमा उच्च पारिएको छ,
र उहाँको महिमा उच्च पारिएको छ पृथ्वी र आकाशभन्दा पनि माथि।

देऊ गर्न तिनीहरूलाई प्रशंसा यहवेलाई, बनाइएका थिए तिनीहरू
उहाँको आज्ञामा;
उहाँले स्थापना गरे तिनीहरूलाई सदाकालको निम्ति, सधैं रहनेछ
उहाँको उर्दी।
पृथ्वीबाट, गर प्रशंसा यहवेको, हे सबै समुद्रहरू, हे सबै पशुहरू,
उहाँको डाक सुन्ने हे सबै समुद्रहरू र पशुहरू, सबै आगो र
असिना र हिउँ र वाफहरू, आँधीबेहरीहरू।

हे सबै फलदायी रूखहरू र देवदारहरू, हे सबै पहाड़ र उच्च पर्वतहरू,
घस्रने थोकहरू र पशु र गाईबस्तुहरू, आकाशमा उड्ने पक्षीहरू,
पृथ्वीका राजाहरू, र हे सबै मानिसहरू, महान् राजकुमारहरू, पृथ्वीका
सबै न्यायाधीशहरू;
गर प्रशंसा उहाँको नाउँको, तरुण र तरुणीहरू, वृद्धहरू र साना बालकहरू।

*रचयिता* : William J. Kirkpatrick, 1838-1921

अध्याय १६

# परमेश्वरको पूर्वप्रबन्ध

# God's Providence

***यदि परमेश्वरले सबै कुराहरू नियन्त्रण गर्नुहुन्छ भने, हाम्रो क्रियाकलापको वास्तविक अर्थ कसरी हुन सक्छ? परमेश्वरका उर्दीहरू के-के हुन्?***

## व्याख्या र धर्मशास्त्रीय आधार

परमेश्वर सर्वशक्तिमान् सृष्टिकर्ता हुनुहुन्छ भनी हामीले एकपटक जानेपछि (हे. अ. १५) यो निष्कर्ष निकाल्न तर्कसङ्गत देखिन्छ कि उहाँले विश्वमा भएको प्रत्येक कुरालाई भरणपोषण गर्नुहुन्छ र शासन पनि गर्नुहुन्छ। *पूर्वप्रबन्ध* (Providence) शब्द धर्मशास्त्रमा नपाइए तापनि यसलाई सृष्टिसित परमेश्वरको उहाँको जारी रहिरहेको सम्बन्धलाई सारांशित गर्नलाई पराम्परागत रूपमा प्रयोग गरिएको छ। हामीले पूर्वप्रबन्धको बाइबलीय धर्मसिद्धान्त स्वीकार गर्दा, सृष्टिसित परमेश्वरको सम्बन्धबारे विचार गर्दा हामीले गर्ने चारवटा सामान्य भुलहरूबाट हामी जोगिन्छौं। बाइबलीय धर्मसिद्धान्त *देववाद* होइन (जसले यो शिक्षा दिन्छ कि परमेश्वरले संसार सृष्टि गर्नुभएर यसलाई त्यागिदिनुभयो), नता *सर्वेश्वरवाद* हो (जसले यो शिक्षा दिन्छ कि सृष्टि स्वयम्को वास्तविक र भिन्नै अस्तित्व छैन, तर यो परमेश्वरको एउटा भाग मात्र हो), तर *पूर्वप्रबन्धले* यो शिक्षा दिन्छ कि परमेश्वर सक्रिय रूपमा हरेक पल सृष्टिसित सम्बन्धित र संलग्न हुनुभए तापनि सृष्टि उहाँभन्दा अति भिन्नै छ। यसको अतिरिक्त, बाइबलीय धर्मसिद्धान्तले यो सिकाउँदैन कि सृष्टिमा भएका घटनाहरू *संयोगवश* घटेका हुन् (निरुद्देश्यता), नता ती अवैयक्तिक *भाग्य* (वा नियतिवाद)-द्वारा निर्णय गरिएका हुन्, तर परमेश्वरद्वारा निर्णय गरिएका हुन्, जो वैयक्तिक यद्यपि अपरिमित रूपले शक्तिशाली सृष्टिकर्ता र प्रभु हुनुहुन्छ।

हामी परमेश्वरको पूर्वप्रबन्धलाई निम्नानुसार परिभाषित गर्न सक्छौं :

*सृष्टि गरिएका सबै थोकहरूसित परमेश्वर निरन्तर रूपमा यसरी संलग्न हुनुहुन्छ कि उहाँले (१) तिनीहरूलाई जीवित राख्नुहुन्छ र जुन गुणहरूसित उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो तिनैसित तिनीहरूलाई भरणपोषण गर्नुहुन्छ; (२) सृष्टि गरिएका कुराहरूलाई प्रत्येक कार्यमा सहयोग गर्नुहुन्छ, साथै जसरी क्रियाशील हुन्छन् त्यसको निम्ति तिनीहरूका विशिष्ट गुणहरूलाई यसरी निर्देशन दिनुहुन्छ कि तिनीहरूले गरेका काम तिनीहरूले गरेकै तरिकाले गर्न सक्छन्; अनि (३) तिनीहरूलाई*

*उहाँका उद्देश्यहरू पूरा गर्ने निर्देशन दिनुहुन्छ।*

माथि दिइएको परिभाषामा भएका तीनवटा तत्त्वहरूअनुसार, पूर्वप्रबन्धको सामान्य वर्गमा हामीसित तीनवटा उप-शीर्षकहरू छन् : (१) परिरक्षण, (२) सहमति, र (३) प्रशासन।

हामी यी प्रत्येकलाई अलग-अलग गरी अध्ययन गर्नेछौं, र त्यसपछि विभिन्न दृष्टिकोणहरू र पूर्वप्रबन्धको धर्मसिद्धान्तप्रति उठाइएका आपत्तिहरू अध्ययन गर्नेछौं। यहाँ ध्यान दिनुपर्ने कुरा यो हो – यो यस्तो धर्मसिद्धान्त हो जसबारे मण्डलीको प्रारम्भिक इतिहासकालदेखि नै महत्त्वपूर्ण असहमतिहरू रहिआएका छन्, विशेष गरी विवेकशील प्राणीहरूका स्वैच्छिक छनोटहरूसित परमेश्वरको सम्बन्धबारे। यस अध्यायमा हामी सर्वप्रथम यस पाठ्य-पुस्तकमा समर्थित दृष्टिकोणको (जसलाई सामान्यतया *रिफर्म्ड* (*Reformed*) वा "क्यालभिनवादी" (Calvinist)[1] दृष्टिकोण भनिन्छ), सारांश प्रस्तुत गर्नेछौं, त्यसपछि अर्को दृष्टिकोणबाट [जसलाई सामान्यतया "अर्मिनी" (Arminian) दृष्टिकोण भनिन्छ] प्रस्तुत गरिएका तर्कहरूबारे विवेचन गर्नेछौं।

## क. परिरक्षण (Preservation)

*परमेश्वरले सृष्टि गरिएका सबै थोकहरू बचाइराख्नुहुन्छ र उहाँले जुन गुणहरूसित तिनीहरूलाई सृष्टि गर्नुभयो तीसित तिनलाई कायम राख्नुहुन्छ।*

हिब्रू १:३ ले हामीलाई भन्छ कि ख्रीष्टले "सम्पूर्ण विश्वलाई आफ्नो शक्तिको वचनले सम्भाल्नुहुन्छ।" "सम्भाल्नुहुन्छ"-लाई ग्रीकमा *phero* भनिन्छ, जसको अर्थ हो, "बोक्नु, वहन गर्नु।" यसलाई नयाँ करारमा सामान्यतः कुनै थोक एउटा ठाउँबाट अर्को ठाउँमा लैजानु/ल्याउनु भन्ने अर्थमा प्रयोग गरिएको छ, जस्तै पक्षाघाती मानिसलाई येशूकहाँ खाटमा बोकेर ल्याउनु (लूका ५:१८), भोजका मुखियाकहाँ दाखमद्य ल्याउनु (यूह २:८), वा पावलकहाँ खास्टो र पुस्तकहरू ल्याउनु (२ तिमो ४:१३)। यसको अर्थ केवल "सम्भाल्नु" होइन, तर एउटा स्थानदेखि अर्को स्थान लगिरहिएको थोकमा सक्रिय र उद्देश्यपूर्ण नियन्त्रण हुनु हो। हिब्रू १:३ मा वर्तमानकालिक कृदन्त (Present participle)-को प्रयोगले यो सङ्केत दिन्छ कि येशूले उहाँको शक्तिको वचनद्वारा विश्वमा भएका *"निरन्तर रूपले* सबै थोकहरू *बोकिरहनुभएको छ"*। ख्रीष्ट पूर्वप्रबन्धको काममा सक्रिय रूपले संलग्न हुनुहुन्छ।

यसरी नै कलस्सी १:१७ मा पावल ख्रीष्टको बारेमा भन्छन्, "उहाँमा नै सबैं कुरा बाँधिएर रहेका छन्।" "सबै कुरा"-ले विश्वमा सृष्टि गरिएका सबै थोक

[1]यद्यपि दार्शनिकहरूले यस अध्यायमा समर्थन गरिएको दृष्टिकोण १ लाई वर्गीकृत गर्नका लागि नियतिवाद (*वा नरम नियतिवाद*) शब्द प्रयोग गर्लान्, तर म यो शब्द प्रयोग गर्दिनँ किनभने सामान्य अङ्ग्रेजी जनबोलीमा यसलाई सहजै भुल बुझिन्छ : (१) यसले यस्तो प्रणालीको प्रस्ताव राख्दछ, जसमा मानव छनोटहरू वास्तविक हुँदैनन् र तिनले घटनाहरूका परिणामहरूलाई प्रभाव पार्दैनन्; (२) यसले यस्तो प्रणालीको प्रस्ताव राख्दछ, जसमा घटनाहरूका खास कारण बुद्धिमान् र वैयक्तिक परमेश्वर होइन तर यान्त्रिक विश्वलाई मान्छ। यसबाहेक, यसले समालोचकहरूलाई बाइबलीय दृष्टिकोण र गैरख्रीष्टियान नियतिवादी प्रणालीहरूलाई एउटै समूहमा सहजै राख्न दिन्छ र ती माझका विभेदहरूलाई अस्पष्ट बनाइदिन्छ।

यस अध्यायमा समर्थन गरिएका दृष्टिकोणलाई कहिलेकाहीं "अनुकूलवाद" (compatibilism) पनि भनिन्छ

बुझाउँछ (हे. पद १६), अनि यस पदले यो पुष्टि गर्छ कि ख्रीष्टले सबै थोकलाई अस्तित्ववान् राख्नुहुन्छ – उहाँमा ती निरन्तर "अस्तित्वमान भइरहन्छन्"। यी दुवै पदहरूले यो बुझाउँछन् कि यदि ख्रीष्टले विश्वमा भएका सबै थोकहरूलाई भरणपोषण गर्ने उहाँको निरन्तरको सतत क्रियाकलाप बन्द गर्नुहुन्थ्यो भने त्रिएक परमेश्वरबाहेक अन्य सबै थोकहरू तत्कालै नाश हुनेथिए। यस्तो शिक्षाको पुष्टि पावलले यसो भन्दा पनि हुन्छ, "हामी उहाँमा जिउँछौं, र उहाँमा चहलपहल गर्छौं र *उहाँमा हाम्रो अस्तित्व छ*" (प्रे १७:२८)। एज्राले यसो भन्दा पनि उक्त कुराको पुष्टि हुन्छ, "तपाईं मात्र परमप्रभु हुनुहुन्छ। तपाईंले नै स्वर्ग, सर्वोच्च आकाश, र त्यसका सबै तारामण्डल, पृथ्वी र त्यसमा भएका सबै थोक, र समुद्रहरू र तिनमा भएका सबै थोकहरू बनाउनुभयो। *तपाईंले नै तिनीहरूलाई जीवन दिनुहुन्छ* (भरणपोषण गर्नुहुन्छ, [*आर्. एस्. भी.*]) र स्वर्गका सारा समुदायले तपाईंलाई पुज्दछन्" (नहे ९:६)। पत्रुसले पनि भन्छन्, "विनाशका दिनसम्मको लागि अहिलेको आकाश र पृथ्वी साँचिराखिएका छन्" (२ पत्र ३:७)।

परमेश्वरको पूर्वप्रबन्धीय परिरक्षणको एउटा पक्ष यो तथ्य हो कि उहाँले हामीलाई हर पल सास दिइरहनुहुन्छ। एलिहू आफ्नो बुद्धिमा परमेश्वरबारे भन्छन्, "यदि ... जीवन दिने उहाँको आत्मा र सास फर्काइलानुभयो भने, क्षणभरमा नै सबै जीवित प्राणीहरू नष्ट हुनेछन्, र मानिस फेरि माटोमा नै फर्किजानेछ" (अयू ३४:१४-१५; तु. भज १०४:२९)।

उहाँले बनाउनुभएका सबै कुराहरूलाई कायम राख्नुहुँदा, परमेश्वरले तिनीहरूलाई जुन गुणहरूसित सृष्टि गर्नुभयो ती यथावत् राख्ने पार्नुहुन्छ। परमेश्वरले पानीलाई यसरी यथावत् राख्नुहुन्छ कि यसले पानीजस्तै काम गरी नै रहन्छ। उहाँले घाँसलाई, यसका सबै विशिष्ट गुणहरूसितै, घाँसजस्तै काम गर्ने बनिरहने बनाउनुहुन्छ। यो वाक्य लेखिएको यस कागजलाई उहाँले कागजजस्तै काम गरिरहने बनाउनुहुन्छ जसले गर्दा यो आफैआफ पानीमा बिलिँदैन र बहिजाँदैन वा एउटा जीवित प्राणीमा परिणत भएर बढ्दैजाँदैन ! जबसम्म सृष्टिको कुनै भागले यसमा कुनै काम गरको फलस्वरूप यसका गुणहरू परिवर्तन नभएसम्म (उदाहरणार्थ, आगोले यसलाई जलाएर खरानी नबनाएसम्म) यस कागजले तबसम्मै सतत कागजजस्तै काम गरिरहन्छ जबसम्म परमेश्वरले पृथ्वी र उहाँले बनाउनुभएको सृष्टिलाई परिरक्षण गरिराख्नुहुन्छ।

तर हामीले परमेश्वरको परिरक्षणलाई निरन्तर भइरहेको नयाँ सृष्टि हो भनी सोच्नुहुँदैन। उहाँले हरेक अस्तित्ववान् थोकको निम्ति प्रत्येक क्षण नयाँ परमाणु र अणुहरू सृष्टि गर्नुहुन्न। उहाँले बरु अघिबाटै सृष्टि गरिएकोलाई *परिरक्षण गर्नुहुन्छ*।

---

किनभने यसले यो विश्वास गर्छ कि परमेश्वरीय सर्वसत्तासम्पन्नता मानव महत्त्व र वास्तविक मानव छनोटहरूअनुकूल हुन्छ। यस शब्दका अर्थभेदहरूप्रति मेरो आपत्ति छैन तर मैले यसलाई प्रयोग नगर्ने निर्णय गरें किनभने (१) म ईश्वरशास्त्रको अध्ययनमा पारिभाषिक शब्दहरूको द्रुत वृद्धिलाई प्रोत्साहन दिन चाहन्नँ अनि (२) मेरो दृष्टिकोणलाई परमेश्वरको पूर्वप्रबन्धसम्बन्धी परामपरागत *रिफमर्ड* दृष्टिकोण मात्रै भन्न वेश देखिन्छ, अनि त्यसरी आफूलाई जन क्यालभिन र अन्य सुव्यवस्थित ईश्वरशास्त्रीहरू (जो यस अध्यायको अन्तमा सूचीबद्ध छन्)-द्वारा प्रतिनिधित्व गरिएको र व्यापक रूपमा बुझिएको ईश्वरशास्त्रीय परम्पराभित्र राख्न वेश ठान्छु।

उहाँले उहाँको शक्तिको वचनद्वारा "सबै थोकहरू *बोक्नुहुन्छ*" (हिब्रू १:३; लेखकको अनुवाद)। हामीले यो पनि मान्नुपर्छ कि सृष्टि गरिएका कुराहरू *वास्तविक* हुन् अनि तिनका स्वभावहरू *वास्तविक* हुन्। मेरो हातमा भएको ढुङ्गा कठोर छ भनी मैले कल्पना गर्नुपर्दैन – यो कठोरै छ। यदि मैले यसलाई मेरो टाउकोमा हिर्काएँ भने यसलाई मलाई दुखाउँछ भनेर म कल्पना मात्र गर्दिनँ – यसले साँच्चै नै *दुखाउँछ*! परमेश्वरले यो ढुङ्गालाई जुन गुणहरूसित सृष्टि गर्नुभयो यसले ती गुणहरूलाई यथावत् राखेको कारण यो ढुङ्गा बनाइएको दिनदेखि नै यो कठोर रहेको छ र (सृष्टिमा भएको कुनै थोकले योसित प्रतिक्रिया गरे मात्र यो परिवर्तन हुन्छ), र त्यो दिनसम्म यो कठोर नै रहनेछ जुन दिन परमेश्वरले आकाश र पृथ्वी नष्ट गर्नुहुनेछ (२ पत्र ३:७, १०-१२)।

परमेश्वरको पूर्वप्रबन्धले विज्ञानको निम्ति एउटा आधार उपलब्ध गराउँछ – परमेश्वरले विश्व बनाउनुभएको छ अनि यसलाई निरन्तर भरणपोषण गरिरहनुहुन्छ र यसले नियत रूपले काम गर्छ। आज यदि एउटा वैज्ञानिक प्रयोगले कुनै निश्चित प्रतिफल दिन्छ भने हामीमा यो आत्मविश्वास हुन्छ कि (यदि सबै कारकतत्त्वहरू समान रहे) यसले भोलि अनि भोलिदेखि उता सयौं वर्षसम्म त्यही प्रतिफल दिनेछ। पूर्वप्रबन्धसम्बन्धी धर्मसिद्धान्तले प्रविधिको निम्ति पनि जग उपलब्ध गराउँछ – पेट्रोलले जसरी हिजो मेरो कारलाई कुदायो त्यसरी नै आज पनि कुदाउँछ भनी म आत्मविश्वासी बन्न सक्छु यसकारण मात्र होइन कि "पेट्रोलले सधैं यसरी नै काम गरेको छ," तर यसकारण कि परमेश्वरले एउटा यस्तो विश्व सम्भरण गर्नुहुन्छ जसमा सृष्टि गरिएका थोकहरूले ती गुणहरू यथावत् राख्छन् जससित उहाँले तिनीहरूलाई सृष्टि गर्नुभयो। अविश्वासी र ख्रीष्टियानको जीवनमा *प्रतिफल* एउटै हुन सक्छ : हामी दुवैले आफ्ना गाड़ीहरूमा पेट्रोल हाल्छौं र गाड़ी चलाएर जान सक्छौं। तर उसले पेट्रोलले कसरी त्यसरी काम गर्छ त्यसको कारण नजानी त्यसो गर्छ अनि मचाहिँ वास्तविक र परमकारणको ज्ञानसित (परमेश्वरको पूर्वप्रबन्ध) र मेरो सृष्टिकर्ताले रचना र परिरक्षण गर्नुभएको त्यो उदेकको सृष्टिको निम्ति धन्यवादसहित त्यसो गर्नेछु।

### ख. सहमति (Concurrence)

*सृष्टि गरिएका थोकहरूका विशिष्ट गुणहरूलाई ती थोकहरूले काम गरेजस्तै गरी काम गर्ने निर्देशन दिनहुँदै परमेश्वरले तिनको हरेक काममा सहयोगिता गर्नुहुन्छ।*

पूर्वप्रबन्धको यो दोस्रो पक्ष, *सहमति,* पहिलो पक्ष, अर्थात् *परिरक्षण*मा निहित धारणाको विस्तारण हो। वास्तवमा, कतिपय ईश्वरशास्त्रीहरूले (जस्तै, जन क्याल्भिनले) सहमतिको तथ्यलाई परिरक्षणको वर्गअन्तर्गत मान्दछन्, तर यसलाई विशिष्ट वर्ग मान्नु उपयोगी हुन्छ।

एफिसी १:११ मा पावल भन्छन् कि परमेश्वरले "सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ।" "पूरा गर्नुहुन्छ" वाक्यांशले (ग्रीक *energeo*) यो

बुझाउँछ कि परमेश्वरले उहाँको आफ्नै इच्छाअनुसार *सबै कुरा* "गर्नुहुन्छ" वा "पूरा गर्नुहुन्छ"। सृष्टिको कुनै पनि घटना उहाँको पूर्वप्रबन्धबाहिर हुँदैन। हामीले धर्मशास्त्रमा यो तथ्य नपढ़ेसम्म यो तथ्य हाम्रो आँखाबाट निश्चय नै लुकेको हुन्छ। परिरक्षणजस्तै, परमेश्वरको सहमतिको काम हामीवरिपरिका प्राकृतिक संसारलाई अवलोकन गरेर स्पष्ट रूपले प्रत्यक्ष हुँदैन।

सहमतिको निम्ति धर्मशास्त्रीय प्रमाण दिने काम हामी निर्जीव सृष्टिसित सुरु गर्नेछौं र त्यसपछि पशुहरूबारे, र अन्त्यमा मानवजातिको जीवनका विभिन्न प्रकारका घटनाहरूबारे विवेचन गर्नेछौं।

**१. निर्जीव सृष्टि (Inanimate Creation)**। सृष्टिमा यस्ता धेरै चीजहरू छन् जसलाई हामी केवल "स्वाभाविक" घटनाहरू भनी सोच्दछौं। तथापि धर्मशास्त्रले यो भन्छ कि तिनलाई परमेश्वरले घटनदिनुहुन्छ ।

हामी पढ्छौं, "बिजुली र असिना, हिउँ र बादल, उहाँको वचन मान्ने आँधीबेहरी …" (भज १४८:८)। त्यसरी नै

> उहाँले *हिउँ*लाई भन्नुहुन्छ, 'पृथ्वीमा झर,'
> र वर्षालाई भन्नुहुन्छ, 'मुसलधारे वृष्टि होऊ।' …
> परमेश्वरको सासले बरफ बनिन्छ,
> र बिस्तृत पानी जम्छ।
> उहाँले बादललाई बाफको भारी बोकाउनुहुन्छ,
> र उहाँले आफ्नो *बिजुली* तीद्वारा छरपस्ट पार्नुहुन्छ।
> तिनीहरू सम्पूर्ण पृथ्वीमाथि उहाँको निर्देशनमा घुम्दैरहन्छन्,
> उहाँले अह्राएका सबै काम गर्नलाई।
> मानिसहरूलाई दण्ड दिन अथवा आफ्नो निगाह देखाउन पनि,
> उहाँले त्यो पठाउनुहुन्छ।"
> (अयू ३७:६-१३; तु. ३८:२२-३० मा उस्तै वक्तव्यहरू)।

फेरि पनि भजनकारले यो घोषणा गर्छन्, "स्वर्गमा, पृथ्वीमा, र समुद्रहरू र तिनका गहिराइमा परमप्रभुले आफ्नो इच्छाबमोजिम गर्नुहुन्छ" (भज १३५:६), र यसपछि भजनकारले दोस्रो वाक्यमा परमेश्वरले मौसममा उहाँको इच्छा पूरा गर्नुभएको दृष्टान्त दिन्छन्, "उहाँले पृथ्वीका सीमान्तबाट बादल उठाउनुहुन्छ, उहाँले वर्षासित बिजुली पठाउनुहुन्छ, र उहाँले आफ्ना भण्डारहरूबाट बतास निकाल्नुहुन्छ" (भज १३५:७; तु. १०४:४)।

परमेश्वरले घाँसलाई पनि उम्रन लगाउनुहुन्छ, "*उहाँले गाईबस्तुका निम्ति घाँस,* अनि मानिसहरूका निम्ति रूखपात उमार्नुहुन्छ, र जमीनबाट आहार ल्याउनुहुन्छ" (भज १०४:१४)। परमेश्वरले अय्यूबलाई यो प्रश्न गर्नुहुँदै आकाशका ताराहरूलाई निर्देशन दिनुहुन्छ, "के तैंले ग्रह-नक्षत्रहरूलाई तिनका ऋतु-ऋतुमा निकाल्न सक्छस्? अथवा सप्तर्षि-तारा र तिनका दललाई डोऱ्याउन सक्छस्?" (अयू

३८:३२) यसको अतिरिक्त, परमेश्वरले बिहानको आगमनलाई निरन्तर डोऱ्याउनुहुन्छ (अयू ३८:१२)। येशूले "उहाँले दुष्ट र सज्जन दुवैलाई *सूर्यको ताप दिनुहुन्छ*, र धर्मी र पापी दुवैलाई वृष्टि दिनुहुन्छ" (मत्ती ५:४५) भन्नुहुँदा यो तथ्यलाई पुष्टि गर्नुभयो।

२. **पशुहरू ।** परमेश्वरले वनका पशुहरूलाई आहार खुवाउनुहुन्छ भनी धर्मशास्त्रले पुष्टि गर्छ किनकि "तपाईंबाट आफ्ना आहार ठीक-ठीक समयमा पाउनका निम्ति, ती सबैले तपाईंतिरै हेरेर आशा राख्छन्। तपाईंले तिनीहरूलाई दिनुहुँदा, तिनीहरूले बटुल्छन्। तपाईंले आफ्नो मुट्ठी खोल्नुहुँदा उत्तम पदार्थले तिनीहरू तृप्त हुन्छन्। तपाईंले आफ्नो मुहार छोप्नुहुँदा तिनीहरू भयभीत हुन्छन्" (भज १०४:२७ -२९; तु. अयू ३८:३९-४१)। "आकाशका *चराचुरुङ्गी*लाई हेर ... तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई *खुवाउनुहुन्छ*" (मत्ती ६:२६) भनी येशूले भन्नुहुँदा उहाँले पनि उक्त कुरा पुष्टि गर्नुभयो। अनि उहाँले यो भन्नुभयो, "तीमध्ये (भङ्गेराहरू) एउटा पनि तिमीहरूका पिताको इच्छाविना भुइँमा खस्नेछैन" (मत्ती १०:२९)।

३. **"जताभावी घटेका" वा "संयोगवश" घटेका झैं देखिने घटनाहरू (Seemingly "Random" or "Chance" Events) ।** मानव दृष्टिकोणबाट चिट्ठा हाल्ने काम (वा यसको आधुनिक रूप, डाइस खेल्ने काम वा सिक्का चितपट गर्ने काम) विश्वमा जताभावी घटने घटनाहरूको सर्वाधिक नमुनासूचक रूप हो। तर यस्तो घटनाको परिणाम परमेश्वरबाट निर्णय हुन्छ भनी धर्मशास्त्रले पुष्टि गर्छ, "सप्कोमा चिट्ठा हालिन्छ, तर त्यसको प्रत्येक निर्णय परमप्रभुबाट नै हुन्छ" (हितो १६:३३)।[२]

४. **पूर्ण रूपले परमेश्वरद्वारा गराइएका र पूर्ण रूपले प्राणीद्वारा गराइएका घटनाहरू (Events Fully Caused by God and Fully Caused by the Creature as well) ।** यसअघिका कुनै पनि घटनाहरूको (वृष्टि र हिउँ, घाम र ताराहरू, पशुहरूलाई खुवाउने काम वा चिट्ठा हाल्ने काम) हामी (कमसेकम सिद्धान्ततः) पूर्ण रूपले सन्तोषजनक "प्राकृतिक" व्याख्या दिन सक्छौं। वनस्पतिशास्त्रीले घाँसलाई उमार्ने कारक तत्त्वहरू, जस्तै, घाम, बाफ, तापमान, माटोमा भएका पोषक-तत्त्वहरू आदिका विवरणहरू दिन सक्छन्। मौसमविज्ञानीले वृष्टि गराउने कारक तत्त्वहरूको (आर्द्रता, तापमान, आकाशमा हुने चापादि) पूर्ण व्याख्या दिन सक्छन् औ मौसम-प्रयोगशालामा वृष्टि उत्पन्न पनि गर्न सक्छन्। तर पनि धर्मशास्त्रले भन्छ कि *परमेश्वर*ले वृष्टि *गराउनुहुन्छ*। डाइसका दुईवटा गोटीहरू कुन बल र दिशामा छोड़िए सोको सही ज्ञान भएको भौतिकशास्त्रीले ती गोटीहरूले जे दाउ निकाल्छन्, त्यसको कारण पूर्ण रूपले व्याख्या गर्न सक्छन्, तर पनि धर्मशास्त्रले यो भन्छ कि हालिएको चिट्ठाको निर्णय परमेश्वरबाटै हुन्छ।

[२]यो साँचो हो कि उपदेशक ९:११ ले यसो भन्छ, "चाँड़ो दगुर्नेले दौड़ जित्दैन, न शक्तिशालीले युद्ध जित्छ, नता बुद्धिमान्‌लाई भोजन आउँछ, न तीव्र ज्ञानीलाई धन-सम्पत्ति आउँछ, वा न त पढ़ेकाले निगाह प्राप्त गर्छ। तर समय र *मौका* नै तिनीहरू सबैले पाउँछन्"। तर Michael Eaton-ले सही प्रकारले मन्तव्य दिन्छन्, "एक इस्राएलीको लागि "संयोग"-को अर्थ अप्रत्याशित कुरा हो, जताभावीको होइन" (*Ecclesiastes, TOTC* [लिसेस्टर र डाउनर्स ग्रोभ, इलि.: इन्टरभर्सिटि प्रेस, १९८३], पृ. ७०)। अनुवाद गरिएको यो दुर्लभ शब्द "संयोग" (हिब्रू *pega*) बाइबलमा फेरि एकपटक मात्र देखापर्छ (१ राज ५:४ [१८], खराब *घटना*बारे)।

यसले हामीलाई यो देखाउँछ कि यस संसारमा कुनै पनि कुराको "प्राकृतिक" कारण यदि हामीले जान्यौं भने परमेश्वरले त्यो गर्नुभएको होइन भनी तर्क गर्नु भुल हो। यदि पानी पर्छ भने बरु हामीले उहाँलाई धन्यवाद दिनुपर्छ। यदि अन्न उम्रन्छ भने हामीले उहाँलाई धन्यवाद दिनुपर्छ। यी सबै घटनाहरूमा, कुरा यो होइन कि त्यो घटना केही अंशमा परमेश्वरद्वारा र केही अंशमा सृष्टि गरिएको संसारमा भएका कारक तत्त्वहरूद्वारा उत्पन्न गरिएका हुन्छन्। यदि त्यस्तो भए, हामी जहिले पनि एउटा घटनाको सानो पक्षलाई मात्र हेरिरहेका हुनेथियौं जसको व्याख्या गर्न हामी सक्नेथिएनौं र त्यसको श्रेय (मानिलिऔं, कारक तत्त्वको १ प्रतिशत) परमेश्वरलाई दिनेथिएनौं। तर अवश्य नै यो ठीक दृष्टिकोण होइन। यी परिच्छेदहरूले बरु यो पुष्टि गर्छन् कि यस्ता घटनाहरू पूर्ण रूपले परमेश्वर स्वयम्ले घटाउनुभएको हो। यद्यपि हामी यो जान्दछौं कि (एउटा अर्को अर्थमा) ती घटनाहरू पूर्णतः सृष्टिमा भएका कारक तत्त्वहरूको कारण नै भएका हुन्।

सहमतिसम्बन्धी धर्मसिद्धान्तले यो पुष्टि गर्छ कि सृष्टि गरिएको प्रत्येक कुराका विशिष्ट गुणहरूलाई परमेश्वरले *निर्देशन दिनुहुन्छ* अनि *तिनकै माध्यमबाट* काम गर्नुहुन्छ; यसकारण यी कुराहरूले नै हामीले देख्ने परिणामहरू ल्याउँछन्। यसरी यो पुष्टि गर्नु सम्भव छ कि एउटा अर्थमा घटनाहरू पूर्ण रूपले (शतप्रतिशत) परमेश्वरद्वारा नै उत्पन्न गरिन्छन् औ प्राणीद्वारा पनि पूर्ण रूपले (शतप्रतिशत) उत्पन्न गरिन्छन्। यद्यपि, परमेश्वरीय र प्राणीय कारणहरूले भिन्न-भिन्नै तरिकाहरूमा काम गर्छन्। प्रत्येक घटनाको परमेश्वरीय कारणले अदृश्य, परोक्ष रूपमा रहने, निर्देशक कारणको रूपमा काम गर्छ र तसर्थ यसलाई "आधारभूत कारण हो भन्न सकिन्छ, जसले घटने सबै घटनाहरूको योजना बनाउँछ, सूत्रपात गर्छ। तर सृष्टि गरिएको थोकले यस्तो तरिकाले क्रियाकलापहरू उत्पन्न गर्छ जो त्यो स्वयम्का गुणहरूअनुरूपका हुन्छन्। यी तरिकाहरू प्रायः हामी आफैद्वारा वा ती प्रक्रियाहरूलाई सतर्कतापूर्वक अवलोकन गर्ने पेसेवार वैज्ञानिकहरूद्वारा प्रायः नै वर्णन गर्न सकिन्छ। त्यसर्थ यी प्राणीय कारक तत्त्वहरू र गुणहरूलाई घटने सबै घटनाहरूको "गौण" कारणहरू भन्न सकिन्छ, ती हामीलाई निरीक्षणद्वारा प्रत्यक्ष हुने कारणहरू किन नहुन्।

**५. जातिहरूका मामिलाहरू (The Affairs of Nations)।** मानिसका कामकुराहरूमा परमेश्वरको परमेश्वरकृत नियन्त्रण हुन्छ भनी धर्मशास्त्रले बताउँछ। हामी यो पढ्छौं कि परमेश्वरले "जाति-जातिहरूलाई महान् बनाउनुहुन्छ, र तिनीहरूलाई नाश गर्नुहुन्छ" (अयू १२:२३)। "किनभने राज्य त परमप्रभुकै हो, र सबै जातिहरूमाथि उहाँले नै शासन गर्नुहुन्छ" (भज २२:२८)। उहाँले पृथ्वीमा भएको प्रत्येक जातिको जीवन र स्थान तोक्नुहुन्छ, किनकि पावल भन्छन्, "उहाँले एक जनाबाट समस्त पृथ्वीमा वास गर्न मानिसको प्रत्येक जाति बनाउनुभयो। तिनीहरूका निवासको अवधि र सीमा पनि तोकिदिनुभयो" (प्रे १७:२६; तु. १४:१६)। अनि जब नबूकदनेसरले पश्चात्ताप गरे, तिनले परमेश्वरको प्रशंसा गर्न सिके :

उहाँको प्रभुत्व अनन्तको प्रभुत्व हो,

उहाँको राज्य पुस्तादेखि पुस्तासम्म रहिरहन्छ।
पृथ्वीका सबै मानिसहरू व्यर्थका गनिन्छन्।
*स्वर्गका* शक्तिहरूलाई र पृथ्वीका मानिसहरूलाई
उहाँले चाहेअनुसार गर्नुहुन्छ।
कसैले पनि उहाँको हात रोक्न सक्दैन,
वा "तपाईंले के गर्नुभयो" भनी
कसैले पनि सोध्न सक्दैन" (दान ४:३४-३५)।

**६. हाम्रो जीवनका सबै पक्षहरू ।** परमेश्वरले हाम्रो जीवनमा विभिन्न किसिमका घटनाहरू ल्याउनुहुन्छ भनी बाइबलले जुन सीमासम्म पुष्टि गर्छ त्यो हेर्नु आश्चर्यजनक हुन्छ। उदाहरणार्थ, हामीले हाम्रो भोजनको निम्ति "हामीलाई आज हाम्रो दैनिक भोजन दिनुहोस्" (मत्ती ६:११) प्रत्येकपटक प्रार्थना गर्दा, प्रत्येक दिन भोजन दिनलाई परमेश्वरमा हाम्रो निर्भरता पुष्टि हुन्छ, यद्यपि हामी हाम्रो भोजनको निम्ति काम गर्छौं अनि (जहाँसम्म केवल मानव अवलोकनले बुझ्न सक्छ) पूर्ण रूपले "प्राकृतिक" कारक तत्त्वहरूको माध्यमबाटै हामी हाम्रो भोजन प्राप्त गर्छौं। त्यसरी नै, पावल विश्वासको आँखाले घटनाहरूलाई हेर्दै पुष्टि गर्छन् कि "मेरा परमेश्वरले" उहाँका छोराछोरीहरूको "हरेक खाँचो ... पूरा गरिदिनुहुन्छ" (फिलि ४:१९), यद्यपि त्यसो गर्नका लागि उहाँले "साधारण" माध्यमहरू (जस्तै, अरू मानिसहरू) प्रयोग गर्न सक्नुहुन्छ।

हामी जन्मनुभन्दा अघि नै परमेश्वरले हाम्रा आयु योजनाबद्ध गर्नुहुन्छ, किनकि दाऊदले पुष्टि गर्छन्, "मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो" (भज १३९:१६)। अनि अय्यूब भन्छन् कि मानिसको "जीवनका दिनहरू तोकिएका छन् अनि त्यसका महीनाको संख्या तपाईंले निर्धारण गर्नुभएको छ। र तपाईंले त्यसको सीमा ठहराउनुभएको छ, त्यसले त्यो नाघ्न सक्दैन" (अयू १४:५)। यो पावलको जीवनमा देख्न सकिन्छ जसले यसो भन्छन् कि परमेश्वरले "मेरो जन्म हुन अघि नै मलाई अलग" गर्नुभयो (गला १:१५)। परमेश्वरले यर्मियालाई भन्नुभयो, "मैले तँलाई गर्भमा रच्नुभन्दा अघि नै तँलाई चिनिसकेको थिएँ, तँ जन्मनुभन्दा अघि नै मैले तँलाई अलग गरें। मैले तँलाई जाति-जातिहरूका निम्ति एक अगमवक्ता नियुक्त गरें" (यर्मि १:५)।

हाम्रो सबै क्रियाकलाप परमेश्वरको पूर्वप्रबन्धअन्तर्गत छन् किनकि "हामी उहाँमा जिउँछौं, र उहाँमा *चहलपहल गर्छौं*" (प्रे १७:२८)। हामीले प्रत्येक दिन उठाउने कदम परमप्रभुद्वारा निर्देशित भएको हुन्छ। यर्मिया स्वीकार गर्छन्, "हे परमप्रभु, मलाई थाहा छ, कि मानिसको जीवन उसको आफ्नै होइन। मानिसले आफ्नो मार्ग आफैले निर्देशन गर्नुहुँदैन" (यर्मि १०:२३)। हामी पढ्छौं, "मानिसका कदमहरू परमप्रभुबाट नै निर्देशन गरिएका हुन्छन्" (हितो २०:२४) अनि "मानिसले आफ्नो हृदयमा आफ्नो चाँजो मिलाउँछ, तर परमप्रभुले नै त्यसका कदमहरूको निर्धारण गर्नुहुन्छ" (हितो १६:९)। यस्तै प्रकारले हितोपदेश १६:१ ले पुष्टि गर्छ

"हृदयका योजनाहरू मानिसको हो, तर जिब्रोको जवाफ भने परमप्रभुबाट नै आउँछ" (हितो १६:१)।[3]

सफलता र असफलता परमेश्वरबाट आउँछन् किनकि हामी पढ्छौं, "पूर्वदेखि होस् वा पश्चिमदेखि, अथवा मरुभूमिबाट होस्, कसैले पनि मानिसलाई उचाल्न सक्दैन। तर परमेश्वरले नै न्याय गर्नुहुन्छ, उहाँले एउटालाई होच्याउनुहुन्छ, र अर्कोलाई उच्च पार्नुहुन्छ" (भज ७५:६-७)। यसर्थ मरियमले भन्न सक्छिन्, "उहाँले शक्तिशालीहरूलाई तिनीहरूका सिंहासनबाट हटाउनुभएको छ, र दीनहरूलाई उचाल्नुभएको छ" (लूक १:५२)। परमेश्वरले छोराछोरीहरू दिनुहुन्छ किनकि तिनीहरू "परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोराछोरीहरू उहाँका इनाम हुन्" (भज १२७:३)।

हाम्रो सबै प्रतिभा र योग्यताहरू परमप्रभुबाट आएका हुन् किनकि पावल कोरिन्थवासीहरूलाई प्रश्न गर्छन्, "तिमीहरूसित के छ, जो तिमीहरूले पाएका हाइनौं? अनि तिमीहरूले त्यो पाएका छौ भने त्योचाहिँ वरदान होइनजस्तै गरी किन तिमीहरू घमण्डले फुल्दछौ ?" (१ कोर ४:७)। दाऊदले धनु र काँड़ चलाउनलाई निश्चय नै घण्टौं-घण्टा प्रशिक्षण लिएका भए तापनि उनले आफ्नो सामरिक सीपमा सिपालु हुनलाई परमेश्वरबारे यसो भन्न सके, "उहाँले मेरा हातहरूलाई युद्धको निम्ति तालीम दिनुहुन्छ, यसैले मेरा पाखुराले काँसाको धनु झुकाउन सक्छ" (भज १८:३४)।

शासकहरूका निर्णयहरूमा परमेश्वरले प्रभाव पार्नुहुन्छ, किनकि "राजाको हृदय परमप्रभुको हातमा हुन्छ, खोलाको पानीं जता मन लाग्यो उतै उहाँले फर्काउनुहुन्छ" (हितो २१:१)। परमप्रभुले "अश्शूरका राजाको मन बदली" गरिदिनुभएर उहाँका जनतर्फ फर्काइदिनुभएको "फलस्वरूप इस्राएलका परमेश्वरका भवनको काममा तिनीहरूलाई अश्शूरका राजाले सहयोग गरेका" घटना यसको एउटा दृष्टान्त थियो (एज्रा ६:२२)। अर्को दृष्टान्त हो इस्राएलका मानिसहरूलाई सहायता गर्नलाई "परमप्रभुले फारसका राजा कोरेसको हृदयलाई उत्तेजित" पार्नुभएको घटना (एज्रा १:१)। तर परमेश्वरले प्रभाव पार्नुहुने कुरा राजाका हृदय मात्र होइन किनकि उहाँले "पृथ्वीका सारा बासिन्दाहरूमाथि नजर राख्नुहुन्छ" र "सबैका मनको रचना गर्नुहुन्छ" (भज ३३:१४-१५)। धर्मशास्त्रमा हृदय भन्नाले हाम्रो सबैभन्दा भित्रका विचार र

[3]Clark H. Pinnock-द्वारा सम्पादित *Grace Unlimited* (मिनियापलिसः बेथनी हाउस, १९७५), पृ. ११६-१७ मा David J. A. Clines उनको लेख 'Predestination in the Old Testament'-मा आपत्ति उठाउँछन् कि यी पदहरूले यति मात्र पुष्टि गर्छन् कि "परमेश्वर र मानिसबीच टक्करको प्रश्न उठ्दा, मानिस निस्सन्देह विजेता बन्न सक्दैन।" उनी यो भन्छन् कि यी पदहरूले सामान्यतया जीवनलाई वर्णन गर्दैनन्, तर असाधारण परिस्थितिहरूको वर्णन गर्छन् जसमा परमेश्वरले उहाँका विशेष उद्देश्यहरू पूरा गर्नलाई मानिसको इच्छालाई पराजित गर्नुहुन्छ। परमेश्वरले जहिले पनि यसरी नै काम गर्नुहुन्छ, वा परमेश्वरले मानव आचरणलाई सामान्यतः नियन्त्रण गर्नुहुन्छ भनी यी पदहरूले बुझाउँछन् भन्ने विचारलाई Cllines अस्वीकार गर्छन्।

तथापि यी परिच्छेदहरूमा यस्तो प्रतिबन्ध देखिँदैन (हे. हितो १६:१,९)। यी पदहरूले यो भन्दैनन् कि परमेश्वरले यस्ता दुर्लभ परिस्थितिहरूमा मानिसका कदमहरूलाई निर्देशन दिनुहुन्छ, जसमा उहाँका उद्देश्यहरू पूरा गर्नलाई उहाँलाई हस्तक्षेप गर्न आवश्यक पर्नजान्छ। संसारले जसरी काम गर्छ त्यसबारे यी पदहरूले सामान्य वक्तव्यहरू मात्रै दिन्छन् – परमेश्वरले सामान्य तौरमा मानिसको कदमलाई निर्देशित गर्नुहुन्छ, परमेश्वर र मानिसबीच संघर्ष हुँदा मात्र होइन।

चाहनाहरूको स्थल हो भनी हामीले बुझ्दा यो परिच्छेद महत्त्वपूर्ण बन्दछ। "उहाँको *असल* अभिप्रायअनुसार *इच्छा गर्ने* र काम गर्ने दुवै तुल्याउनलाई" (फिलि २:१३) परमेश्वरले हामीमा काम गर्नुहुँदै विश्वासीहरूका चाहना र झुकाउहरूलाई विशेष गरी मार्गदर्शन गर्नुहुन्छ।

सबै मानिसहरूका जीवनमा परमेश्वरको कामबारे औ विभिन्न व्यक्तिहरूका जीवनमा निर्दिष्ट कामहरूका उदाहरणहरूबारे जानकारी दिँदै यी सबै परिच्छेदहरूले हामीलाई यो निर्ष्कष निकाल्नतिर डोऱ्याउँछन् कि हाम्रो जीवनका सबै क्षेत्रहरूमा सहमतिसम्बन्धी परमेश्वरको पूर्वप्रबन्धीय कार्य फैलिएको हुन्छ। हाम्रो वचनहरू, हाम्रो कदमहरू, हाम्रो गतिहरू, हाम्रो हृदयहरू, र हाम्रो योग्यताहरू सबै परमेश्वरबाटै प्राप्त भएका हुन्।

तर हामी भुलबोधबाट होसियार रहनुपर्छ। उहाँ पनि, निम्न तहको सृष्टिको सम्बन्धमा जस्तै, अदृश्य, परोक्ष, "प्राथमिक कारण"-को रूपमा रहने परमेश्वरको पूर्वप्रबन्धीय निर्देशनले हामीलाई हाम्रो छनोटहरू र क्रियाकलापहरूको वास्तविकतालाई इन्कार गराउनतिर डोऱ्याउनु हुँदैन। हामीले वास्तवमै घटनाहरू घटनमा हामी कारकस्वरूप सक्रिय रहेका हुन्छौं भनी धर्मशास्त्रले बारम्बार पुष्टि गर्छ। हामी महत्त्वपूर्ण छौं अनि छौं उत्तरदायी। निस्सन्देह, हाम्रो *रोजाइहरू* छन् र परिणामहरू ल्याउने यी रोजाइहरू वास्तविक हुन्। धर्मशास्त्रले यी सत्यताहरूलाई पनि बारम्बार पुष्टि गर्छ। जसरी परमेश्वरले ढुङ्गालाई कठोर गुण भएको बनाउनुभएको कारण ढुङ्गा *वास्तवमै कठोर* हुन्छ, जसरी परमेश्वरले पानीलाई तरल गुण भएको बनाउनुभएको कारण पानी *वास्तवमै तरल* हुन्छ, जसरी परमेश्वरले वनस्पतिलाई प्राण भएका गुणसित बनाउनुभएको कारण वनस्पति *वास्तवमै जीवित* हुन्छ, त्यसरी नै हाम्रो रोजाइहरू, छनोटहरू *वास्तविक* हुन् र यिनका महत्त्वपूर्ण प्रभावहरू हुन्छन् किनभने परमेश्वरले हामीलाई यस्तो उदेकको तरिकामा बनाउनुभएको छ कि उहाँले हामीलाई स्वैच्छिक छनोट गर्ने गुण दिनुभएको छ।

परमेश्वरको सहमतिसम्बन्धी यी परिच्छदेहरूबारे विवेचन गर्ने एउटा तरिका यसो भन्नुमा हुन्छ कि यदि हाम्रो छनोटहरू वास्तविक हुन् भने, तिनका कारण परमेश्वर *हुनै सक्नुहुन्न* (यस दृष्टिकोणसम्बन्धी थप छलफलको निम्ति तल हे.)। तर परमेश्वरको यो पूर्वप्रबन्धीय नियन्त्रणलाई पुष्टि गर्ने परिच्छेदहरूको संख्या धेरै नै छ औ तीबारे अन्य कुनै व्याख्या दिने कामका कठिनाइहरू यति धेरै कठिन छन् कि तिनलाई विवेचन गर्ने सही तरिका यो हुन सक्छ भन्ने मलाई लाग्दैन। यो पुष्टि गर्नु उत्तम देखिन्छ कि घटने सबै घटनाहरू परमेश्वरले नै हुन लाउनुहुन्छ, तर उहाँले त्यो काम यसरी गर्नुहुन्छ कि *वास्तविक र अनन्तकालीन परिणामहरू* ल्याउने *स्वैच्छिक, उत्तरदायी छनोटहरू गर्ने* हाम्रो योग्यताहरूलाई, जुन छनोटहरूका निम्ति हामी *जिम्मेवार ठहराइनेछौं, उहाँले* कुनै पनि रीतिले यथावत् राखिदिनुहुन्छ। परमेश्वरले उहाँको पूर्वप्रबन्धीय नियन्त्रण अनि हाम्रो स्वैच्छिक र महत्त्वपूर्ण छनोटहरूलाई ठीक कसरी सम्मिश्रित गर्नुहुन्छ सो धर्मशास्त्रले हामीलाई व्याख्या गर्दैन। तर एउटा अथवा अर्को पक्षलाई अस्वीकार गर्नुभन्दा, धर्मशास्त्रका सबै शिक्षाहरूप्रति निष्ठावान्

बन्ने प्रयासमा हामीले बरु दुवैलाई स्वीकार गर्नुपर्दछ।

ती दुवै पक्षहरू कसरी सत्य हुन सक्छन् सो बुझ्नलाई नाटक लेख्ने नाटककारको उपमाले हामीलाई सहायता गर्ला। शेक्सपियरको नाटक *म्याकबेथ*मा म्याकबेथले राजा डन्कनको हत्या गर्छ। अब यो प्रश्न गर्न सकिन्छ (यदि हामीले केही क्षणको निम्ति यो काल्पनिक विवरण हो भनी मानिलियौं भने), "राजा डन्कनलाई कसले माऱ्यो ?" एउटा तहमा सही उत्तर हो "म्याकबेथले।" नाटकको सन्दर्भमा तिनले त्यो हत्या गरे र तिनलाई दोष दिनु सही हो। तर अर्को तहमा "राजा डन्कनलाई कसले माऱ्यो ?" भन्ने प्रश्नको सही उत्तर हुन्छ "विलियम शेक्सपियर ले ?" – उनले यो नाटक लेखे, यसमा भएका सबै चरित्रहरू सिर्जना गरे र त्यो भाग लेखे जसमा म्याकबेथले राजा डन्कनलाई मारे।

म्याकबेथले राजा डन्कनलाई मारेका कारण विलियम शेक्सपिएरले तिनलाई मारेनन् भन्नु सही हुँदैन। यो भन्नु पनि सही हुन्न कि विलियम शेक्सपियरले राजा डन्कनलाई मारेका हुनाले म्याकबेथले राजालाई मारेनन्। यी दुवै कुराहरू सत्य हुन्। नाटक "म्याकबेथ"-मा भएका पात्रहरूको तहमा म्याकबेथले नै (शतप्रतिशत) राजा डन्कनको मृत्यु गराए, तर नाटकका स्रष्टाको तहमा विलियम शेक्सपियरले नै (शतप्रतिशत) राजा डन्कनको मृत्यु गराए। त्यसरी नै, हामी यो बुझ्न सक्छौं कि एक प्रकारले परमेश्वर नै घटनाहरूका कारण हुनुहुन्छ (सृष्टिकर्ताका रूपमा) अनि अर्को प्रकारले हेर्दा हामी नै घटनाहरूका कारण हौं (प्राणीहरूका रूपमा)। (यहाँ एउटा चेताउनीको शब्द : रचनाकारको उपमाले हामीलाई परमेश्वर पापको रचनाकार (= अभिनेता, कर्ता, "रचनाकार"-को पुरानो अर्थ) हुनुहुन्छ भन्नेतिर पुऱ्याउनु हुँदैन, कारण उहाँले कहिल्यै पनि पापी कामहरू गर्नुहुँदैन, नता तिनमा उहाँ रमाउनुहुन्छ।[४]

निश्चय नै कसैले यो भन्लान् कि त्यो उपमाले यो समस्याको समाधान हुँदैन किनभने नाटकमा भएका पात्रहरू वास्तविक मानिसहरू होइनन्, तिनीहरू आफ्नो स्वतन्त्रता नभएका र साँचा छनोटहरू गर्न सक्ने योग्यता नभएका (काल्पनिक)

[४]Clark H. Pinnock-द्वारा सम्पादित *Grace Unlimited* पृ. १३२-३३, १३९ मा Haward Marshall-ले "Predestination in the New Testament"-मा नाटककार र नाटकको उपमाबारे आपत्ति उठाउँछन् किनभने "अभिनायकहरू तिनीहरूलाई दिइएका चरित्रहरू र बोल्नुपर्ने कुराहरूद्वारा प्रतिबन्धित हुन्छन्" यसकारण नाटककारले अभिनेतालाई "'म मेरो सृष्टिकर्तालाई प्रेम गर्छु' भन्न लाउँदा साँचो अर्थमा यो पारस्पारिक प्रेम हुँदैन।"

तर मार्शलले उनको विश्लेषणलाई मानवीय स्तरमा गरिने मानवीय अभिनयमा सम्भाव्य हुने विषयमा मात्रै सीमित राखेका छन्। परमेश्वरले मानव प्राणीले गर्न सक्नेभन्दा कता हो कता धेरै गर्न सक्नुहुने सम्भाव्यता (वास्तवमा, वास्तविकता)-बारे, अनि उहाँले नाटकको पात्र मात्र नभएर अचम्मै प्रकारले वास्तविक मानव प्राणी बनाउन सक्नुहुन्छ भन्ने तथ्य उनी विचार गर्दैनन्। यस लेखको अर्को खण्डमा उनीद्वारा उल्लेखित एउटा अति उपयोगी वक्तव्यलाई यदि मार्शलले यस प्रश्नमा प्रयुक्त गर्नुचाहिँ नाटककार र नाटकको उपमाबारे छलफल गर्ने एउटा उत्तम तरिका हुनेथियो। उक्त वक्तव्य यस्तो छ, *"असीम परमेश्वर र सीमित प्राणीहरूबीचको सम्बन्ध*लाई व्याख्या गर्ने प्रयासचाहिँ मूल कठिनाइ हो। परमेश्वरीय कारणत्वलाई (*causation*) मानवीय कारत्वजस्तै रूपमा सोच्नु नै हाम्रो मोह हो, अनि हामीले परमेश्वरीय कारणत्वलाई मानवीय स्वतन्त्रतासित सम्बन्धित गर्न खोज्नेबित्तिक्कै यसले कठिनाइ उत्पन्न गर्दछ। परमेश्वरले हामीलाई कुनै काम गर्ने कसरी बनाउनुहुन्छ (वा विश्वलाई अस्तित्वमा आउन लगाउनुहुन्छ र यसलाई त्यसरी व्यवहार गर्न लगाउनुहुन्छ, त्यसरी यसले व्यवहार गरिरहेको छ) सो हाम्रो व्याख्याको क्षमताबाहिर छ।" (पृह. १३७–३८)। त्यस बुँदामा म मार्शलको वक्तव्यसित पूर्ण सहमत हुन सक्छु, र त्यो यस समस्या समाधान गर्ने प्रयासतर्फ एक उपयोगी तरिका भएको पाउँदछु।

पात्रहरू मात्र हुन्, आदि-इत्यादि। तर यसको उत्तरमा हामी यो भन्न सक्छौं कि परमेश्वर हामीभन्दा असीम रूपले अझ महान् र बुद्धिमान् हुनुहुन्छ। सीमित प्राणीहरूका रूपमा, हामीले वास्तविक पात्रहरू होइन, नाटकमा काल्पनिक पात्रहरू मात्र सिर्जना गर्न सक्छौं, जबकि हाम्रा अपरीमित सृष्टिकर्ताले वास्तविक संसार बनाउनुभएको छ अनि यसमा हामीलाई स्वैच्छिक छनोटहरू गर्न सक्ने वास्तविक व्यक्तिहरूका रूपमा सृष्टि गर्नुभएको छ। परमेश्वरले यस्तो संसार बनाउन सक्नुहुन्थेन जसमा उहाँले *हामीलाई स्वैच्छिक छनोटहरू गर्न लाउनुहुन्छ* (जस्तो गरी आज कति मानिसहरूले तर्क गर्लान्; तल दिइएको छलफल हे.) भन्नु परमेश्वरको शक्तिलाई सीमित गर्नु मात्र हो। यसले धर्मशास्त्रका धेरै ठूला अनुच्छेदहरूलाई इन्कार गरिएको पनि प्रतीत हुँदछ।

७. **खराबीबारे के भन्ने ?** यदि परमेश्वर उहाँको पूर्वप्रबन्धको कार्यकलापका माध्यमबाट यस संसारमा घटने प्रत्येक कुराका कारण हुनुहुन्छ भने, उहाँ उठ्नजाने प्रश्न यो हुन्छ, "परमेश्वर र खराब संसारबीच के सम्बन्ध छ ?" के मानिसहरूले गर्ने खराब कामहरू परमेश्वरले नै गर्नलाउनुहुन्छ त ? हो भने, के परमेश्वर पापको निम्ति उत्तरदायी हुनुहुन्न र ?

यस प्रश्नलाई केलाउन सुरु गर्दा, सर्वप्रथम यस प्रश्नसित सोझै सम्बन्धित धर्मशास्त्रका खण्डहरू पढ्नु सर्वोत्तम हो। परमेश्वरले साँच्चै खराब घटनाहरू गराउनुभयो र खराब कामहरू गर्न लाउनुभयो भनी पुष्टि गर्ने धर्मशास्त्रका खण्डहरू पढी यो काम हामी सुरु गर्न सक्छौं। तर हामीले यो कुरा याद गर्नैपर्दछ कि यी सबै खण्डहरूमा यो एकदमै स्पष्ट छ कि *परमेश्वरले प्रत्यक्ष रूपमा कुनै खराबी गरिरहनुभएको* छ भनी छ धर्मशास्त्रले कहींकतै देखाउँदैन बरु यो देखाउँछ कि विवेकशील प्राणीहरूका स्वेच्छाको माध्यमबाट खराब कामहरू गराइरहनुभएको छ। यसबाहेक, *धर्मशास्त्रले खराबीको निम्ति परमेश्वरलाई कहिल्यै पनि दोष दिँदैन नता परमेश्वरले खराबीमा आनन्द मान्नुभएको देखाउँछ,* अनि मानिसहरूले गर्ने खराबीको निम्ति धर्मशास्त्रले तिनीहरूलाई कहिल्यै पनि माफ गर्दैन। खराबीसित परमेश्वरको सम्बन्ध हामीले बुझे तापनि, हामीले गर्ने खराबीको निम्ति हामी उत्तरदायी छैनौं भनी सोच्ने वा परमेश्वरले खराबीमा आनन्द मान्नुहुन्छ वा यसको निम्ति उहाँलाई दोष दिइनुपर्छ भनी सोच्ने स्थितिमा हामी *कहिल्यै पनि* पुग्नु हुँदैन। त्यस्तो निर्ष्कष स्पष्टतः धर्मशास्त्रको विपरीत हुन्छ।

परमेश्वरले कुनै किसिमको खराबी (परोक्ष रूपमा) ल्याउनुभयो भनी बताउने धर्मशास्त्रका खण्डहरू वास्तवमै दर्जनौं छन्। मैले (निम्नलिखित केही अनुच्छेदहरूमा) ती खण्डहरूको विस्तृत तालिका उद्धृत गरेको छु, किनभने धर्मशास्त्रमा भएको शिक्षा कतिसम्म स्पष्टवादी छ भन्नेबारे ख्रीष्टियानहरू प्रायः नै अनभिज्ञ हुन्छन्। तथापि, यो स्मरण गर्नैपर्दछ कि यी सबै उदाहरणहरूमा खराबी वास्तवमा परमेश्वरद्वारा गरिंदैनन् तर ती गर्न रोज्ने मानिसहरू वा भूतहरूद्वारा

गरिन्छन्।

एउटा स्पष्ट उदाहरण योसेफसम्बन्धी वृत्तान्तमा पाइन्छ। योसेफका दाज्यूहरू अनुचित रीतिले तिनको डाही थिए (उत ३७:११), तिनलाई घृणा गर्थे (उत ३७:४,५,८), तिनलाई मार्न चाहन्थे (उत ३७:२०), र तिनलाई एउटा खाल्डोमा फालिदिए (उत ३७:२४) र त्यसपछि तिनलाई मिश्री दासत्वमा बेचिदिए (उत ३७:२८)। तर पनि योसेफले पछि तिनका दाज्यूहरूलाई यी कुराहरू भन्न सके, "*प्राणहरू बचाउनका निम्ति परमेश्वरले मलाई तिमीहरूका अगि उहाँ पठाउनुभएको हो*" (उत ४५:५), अनि "तिमीहरूले मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियौ, तर *परमेश्वरले त्यही कामद्वारा भलाइ गर्ने विचार गर्नुभयो,* ताकि जसरी आज भइरहेको छ त्यसरी नै धेरै जना मानिसहरू बाँचिरहून्" (उत ५०:२०)।[५] पापी मानिसहरूले गरेका खराब कामहरू, जसका निम्ति ती गर्ने मानिसहरूलाई नै उचित रीतिले जिम्मेवार ठहराइएको छ, अनि परमेश्वरका आफ्नै उद्देश्यहरू पूरा गराउने उहाँको सर्वोपरि पूर्वप्रबन्धीय नियन्त्रणको सम्मिश्रण यहाँ हामी पाउँदछौं। यी दुवै कुराहरू स्पष्ट पुष्टि गरिएका छन्।

मिश्रबाट भएको निर्गमनको विवरणले बारम्बार यो पुष्टि गर्छ कि परमेश्वरले फारोको हृदयलाई कठोर बनाइदिनुभयो : परमेश्वरले भन्नुहुन्छ, "म त्यसको हृदय कठोर गरिदिनेछु" (प्रस ४:२१), "म फारोको हृदय कठोर गराइदिनेछु" (प्रस ७:३), "परमप्रभुले फारोको हृदय कठोर गराउनुभयो" (प्रस ९:१२), "परमप्रभुले फारोको हृदय कठोर गरिदिनुभयो" (प्रस १०:२०, यो १०:२७ मा र फेरि ११:१० दोहोऱ्याइएको छ), "म फारोको हृदय कठोर पार्नेछु" (प्रस १४:८), अनि "परमप्रभुले मिश्रका राजा फारोको हृदय कठोर पारिदिनुभयो" (प्रस १४:८)। कहिलेकाहीं यो आपत्ति उठाइन्छ कि भनी फारोले आफ्नो हृदय कठोर बनाएका थिए भन्ने पनि धर्मशास्त्रले भन्दछ (प्रस ८:१५, ३२; ९:३४), र पहिला फारोले आफ्नै स्वतन्त्र इच्छाले देखाएका विद्रोह र हृदयको कठोरताको प्रत्युत्तरमा मात्रै परमेश्वरले फारोको हृदय कठोर बनाइदिने काम गर्नुभएको थियो। तर यो तथ्यमा ध्यान दिइनुपर्दछ कि फारोले आफ्नो हृदय कठोर बनाए भनी धर्मशास्त्रले हामीलाई बताउनुभन्दा धेरै अघि नै परमेश्वरले फारोको हृदयलाई कठोर बनाइदिनेछु भनी प्रतिज्ञा गर्नुहुन्छ (यो हामी पहिलोपटक प्रस्थान ८:१५ मा पढ्छौं)। यसको अतिरिक्त, माथि सहमतिबारे दिइएको हाम्रो विश्लेषणले, जसमा परमेश्वरीय र मानव अभिकर्ताहरूले एउटै घटना गराउन सक्छन्, हामीलाई यो देखाउनुपर्दछ कि ती दुवै कारक तत्त्वहरू एउटै समयमा सत्य हुन सक्छन्। फारोले आफ्नो हृदय कठोर बनाउँछै भने पनि, त्यो परमेश्वरले फारोलाई त्यसो गर्न लगाइरहनुभएको छ भन्ने तथ्यसित परस्पर-विरोधी हुँदैन। अन्त्यमा, फारोको हृदयमा पहिलादेखि नै निहित खराब इच्छा र छनोटहरूलाई परमेश्वरले तीव्र मात्र बनाइरहनुभएको छ भनी यदि कसैले आपत्ति उठाउँछ भने पनि, यस्तो कार्यले सैद्धान्तिक रूपमा आज संसारमा भएका सारा खराबीहरूलाई ढाक्न सक्थ्यो, किनकि सबै मानिसहरूका हृदयमा दुष्ट चाहनाहरू हुन्छन् अनि

[५]भजनसंग्रहले भन्छ कि परमेश्वरले "... योसेफ नाउँ भएका एक जनालाई तिनीहरूका अगि पठाउनुभयो,

वास्तवमा सबै मानिसहरूले खराब छनोटहरू गर्छन्।

यसमा परमेश्वरको के उद्देश्य थियो ? पावलले प्रस्थान ९:१६ बारे मनन गर्छन् र भन्छन्, "म मेरो शक्ति तँमा देखाऊँ, र सारा पृथ्वीमा मेरो नाउँको घोषणा गरिओस् भन्ने अभिप्रायले नै मैले तँलाई खड़ा गरें" (रोम ९:१७)। त्यसपछि पावलले यस विशिष्ट उदाहरणबाट एउटा सामान्य सत्यता निकाल्छन् – "यसकारण उहाँले इच्छा गर्नुभएकाहरूलाई उहाँले कृपा गर्नुहुन्छ, र उहाँले इच्छा नगर्नुभएकाहरूको हृदयलाई उहाँले कठोर पार्नुहुन्छ" (रोम ९:१८)। वास्तवमा, परमेश्वरले मिश्री मानिसहरूको हृदय पनि कठोर बनाइदिनुभयो, फलस्वरूप तिनीहरूले इस्राएलीहरूलाई लाल सागरसम्म खेदे – "म मिश्रीहरूका मन कठोर गराउनेछु। र उनीहरू तिनीहरूका पछिपछि लाग्नेछन्। अनि फारो र त्यसका सारा सेना, त्यसका रथहरू र त्यसका घोड़चढ़ीहरूद्वारा मेरो महिमा हुनेछ" (प्रस १४:१७)। यो मुख्य विषय भजन १०५:२५ मा दोहोऱ्याइएको छ, "परमेश्वरले मिश्रीहरूका हृदयलाई उहाँका दासहरूलाई घृणा गर्न परिवर्तन गर्नुभयो" (भज १०५:२५)।

त्यसपछि पुरानो करारको वृत्तान्तमा कनानीहरूका बारेमा यस्तै उदाहरणहरू पाइन्छन् जो यहोशूको नेतृत्वमा गरिएको प्यालेस्टाइनको विजयमा नष्ट गरिए। हामी पढ्छौं, "परमप्रभुको उद्देश्य थियो, उनीहरू सबै इस्राएलको विरुद्धमा लड्न आऊन् र सबै दयाविना नाश भएर मरून्" (यहो ११:२०; न्याय ३:१२; ९:२३)। अनि शिमशोनले अविश्वासी पलश्ती स्त्रीलाई विवाह गर्न गरेको माग "परमप्रभुको हात"-बाट थियो, किनकि पलिश्तीहरूका "विरुद्धमा परमप्रभुले मौका" हेर्नुहुँदैथियो, पलश्तीहरू "त्यस बेला इस्राएलका शासक थिए" (न्याय १४:४)। हामी यो पनि पढ्छौं कि एलीका छोराहरूलाई तिनीहरूका खराब कामहरूका निम्ति हपार्दा तिनीहरूले "आफ्ना पिताका कुरामा ध्यान दिएनन्, किनभने तिनीहरूलाई मार्ने परमप्रभुको इच्छा थियो" (१ शमू २:२५)। पछिबाट "परमप्रभुबाटको एउटा हानिकारक आत्माले" राजा शाऊललाई सताउँथ्यो (१ शमू १६:१४)।

दाऊदले पाप गर्दा परमप्रभुले अगमवक्ता नातानको माध्यमबाट तिनलाई भन्नुभयो, "म तेरो आफ्नै घरानाभित्रबाट तँमाथि विपद् ल्याउनेछु। म तेरा पत्नीहरूलाई लिएर तेरै आँखाको सामुन्ने तेरो नजीकको मानिसलाई दिनेछु, र त्यो दिउँसै तिनीहरूसित सुत्नेछ। तैंले जे गरिस् त्यो गुप्तमा गरिस्, तर म योचाहिँ सारा इस्राएलले देख्ने गरी दिनको उज्यालोमा गर्नेछु" (२ शमू १२:११-१२; १६:२२ मा पूरा गरिएको छ)। दाऊदको पापको निम्ति थप दण्डको रूपमा "उरियाहकी पत्नीले दाऊदबाट जन्माएकी छोरालाई परमप्रभुले प्रहार गर्नुभयो, र त्यो बिरामी पऱ्यो" र कालान्तरमा त्यो मऱ्यो (२ शमू १२:१५-१८)। दाऊद यो कुरा लिएर होसियार बसे कि परमेश्वरले तिनको विरुद्धमा खराबी ल्याउन सक्नुहुन्थ्यो, किनभने केही समयपछि शिमीले दाऊदलाई सराप्दा र तिनलाई र तिनका अधिकारीहरूलाई ढुङ्गाले हान्दा (२ शमू १६:५-८) दाऊदले शिमीलाई बदला लिन इन्कार गरे र तिनका सिपाहीहरूलाई भने, "त्यसलाई छोड़िदिओ। त्यसले सरापोस्। किनभने परमप्रभुले नै त्यसलाई त्यसो गर्न भनी भन्नुभएको होला" (२ शमू १६:११)।

दाऊदको जीवनको अझ पछिल्लो भागमा परमेश्वरले दाऊदलाई इस्राएलीहरूको जनगणना लिनलाई "सुऱ्याउनुभयो"[६] (२ शमू २४:१), तर पछिबाट दाऊदले यसो भन्दै यो पाप हो भनी चिने, "मैले साह्रै दुष्ट काम गरेको छु" (२ शमू २४:१०) अनि परमेश्वरले यस पापको कारण देशमा दण्ड पठाइदिनुभयो (२ शमू २४:१२-१७)। तर यो स्पष्ट छ कि "फेरि परमप्रभुको क्रोध इस्राएलीहरूमाथि दन्कियो" (२ शमू २४:१)। यसर्थ पाप गर्नलाई परमप्रभुले दाऊदलाई पाप गर्न सुऱ्याउने कार्य त्यो साधन थियो जसद्वारा उहाँले इस्राएलका मानिसहरूमाथि दण्ड ल्याउनुभयो। यसको अतिरिक्त, जुन माध्यमद्वारा परमप्रभुले दाऊदलाई उक्साउनुभयो सो १ इतिहास २१:१ मा स्पष्ट गरिएको छ : "शैतान इस्राएलको विरुद्ध उठेर दाऊदलाई आफ्ना प्रजा गन्नलाई *सुऱ्यायो।"* यो एउटा घटनामा बाइबलले हामीलाई एउटै कार्यलाई विभिन्न प्रकारले योगदान दिने तीन विभिन्न प्रभावहरूबारे असाधारण अन्तर्दृष्टि दिन्छ, परमेश्वरले उहाँका उद्देश्यहरू पूर्ण गर्न दाऊदलाई पाप गर्न सुऱ्याउनका लागि शैतानको माध्यमबाट काम गर्नुभयो, तर धर्मशास्त्रले त्यो पापको निम्ति दाऊदलाई उत्तरदायी ठहराउँछ। फेरि, सोलोमन उनका विदेशी स्वास्नीहरूका कारण परमप्रभुबाट विमुख भए, "तब परमप्रभुले एउटा विरोधी, एदोमको राजकीय घरानाका एदोमी हददलाई सोलोमनको विरुद्धमा खड़ा गर्नुभयो" (१ राज ११:१४), "अनि परमेश्वरले सोलोमनको विरुद्धमा अर्को एक जना विरोधी खड़ा गर्नुभयो, अर्थात् एल्यादाका छोरा रेसोन" (१ राज ११:२३), यी खराब राजाहरू परमेश्वरद्वारा खड़ा गरिइएका थिए।

अय्यूबको वृत्तान्तमा अय्यूबका धन-सम्पत्ति र छोराछोरीहरूमाथि हानि ल्याउने अनुमति परमप्रभुले शैतानलाई दिनुभए तापनि यो हानि शबीहरू र कल्दीहरू साथै आँधीबेहरीहरूका माध्यमबाट आयो (अयू १:१२, १५, १७, १९), तथापि अय्यूबले ती गौण कारणहरूभन्दा पारि हेर्छन् र विश्वासका आँखाले यी सबैलाई परमप्रभुबाट आएका हुन् भन्ने देख्दछन्, "परमप्रभुले दिनुभयो अनि परमप्रभुले लानुभयो, *परमप्रभुको नाउँ धन्यको होस्"* (अयू १:२१)। पुरानो करारका लेखकले अय्यूबको वक्तव्यको तुरुन्तैपछि यो वाक्य भन्छन्, "यी सबैमा अय्यूबले परमेश्वरलाई गलत कामको दोष लगाएर पाप गरेनन्" (अयू १:२२)। अय्यूबलाई भर्खरै मात्र यो भनिएको थियो कि छापामारहरू आएर उनका भेड़ा र गाईबस्तुहरूलाई नष्ट गरिदिएका थिए, तर पनि विपत्तिमा ठूलो विश्वास र धैर्यसित उनी भन्छन्, "*परमप्रभुले* लानुभयो।" उनले यो परमप्रभुले गर्नुभएको छ भने तापनि खराबीको निम्ति परमेश्वरलाई दोष लगाउँदैनन् वा परमेश्वरले गलत काम गर्नुभएको छ भन्दैनन्। उनी भन्छन्, "परमप्रभुको नाउँ धन्यको होस्।" परमप्रभुले गौण अभिकर्ताहरूका माध्यमबाट

---

जो कमारा हुनलाई बेचिएका थिए।"

[६]२ शमू २४:१ ले दाऊदलाई इस्राएलको विरुद्धमा सुऱ्याउनुभयो भन्दा उहाँप्रयोग गरिएको हिब्रू शब्द suth हो, जसको अर्थ हुन्छ "सुऱ्याउनु, प्रलोभनमा पार्नु, उक्साउनु" (BDB, पृ. ६९४)। यही शब्द नै हो जो २ इति २१:१ मा शैतानले दाऊदलाई इस्राएलको जनगणना गर्नलाई सुऱ्यायो भन्नलाई, १ राज २१:२५ मा ईजेबेलले आहाबलाई खराब काम गर्न उक्साइन् भन्नलाई, व्यव १३:६(७) मा अन्य देवताहरूको सेवा गर्नलाई परिवारका एउटा सदस्यलाई गुप्तमा सुऱ्यायो भन्नलाई, र २ इति १८:३१ मा परमेश्वरले यहोशापातबाट अरामका सेनालाई अर्कोतिर लानुभयो भन्नलाई प्रयोग गरिएको छ।

ल्याउनुभएको खराबीको निम्ति उहाँलाई *दोष* दिनु पाप हुनेथियो। अय्यूबले यसो गर्दैनन्, धर्मशास्त्रले कहिल्यै यसो गर्दैन, नता हामीले गर्नुहुन्छ।

पुरानो करारका अन्य पानाहरूमा हामी यो पढ्छौं कि परमप्रभुले आहाबका अगमवक्ताहरूका "मुखमा झुट बोल्ने आत्मा हालिदिनुभएको" थियो (१ राज २२:२३) अनि इस्राएललाई दण्ड दिनलाई दुष्ट अश्शूरहरूलाई "मेरो क्रोधको लौरो" झैं पठाउनुभयो (यशै १०:५)। उहाँले नबूकदनेसरलगायत दुष्ट बेबिलोनीहरूलाई इस्राएलको विरुद्धमा यसो भन्दै पठाउनुभयो, "... म उनीहरूलाई यो देश र त्यसका बासिन्दाहरूका ... विरुद्धमा ल्याउनेछु" (यर्मि २५:९)। परमप्रभुले बेबिलोनीहरूलाई पनि पछि दण्ड दिनेछु भनी प्रतिज्ञा गर्नुभयो, "म बेबिलोनका राजा र त्यसका जाति, अर्थात् बेबिलोनीहरूको देशलाई उनीहरूका दोषको कारण सदाको निम्ति उजाड़ पार्ने गरी दण्ड दिनेछु" (यर्मि २५:१२)। झुटा सन्देश दिने यदि कुनै छली अगमवक्ता छन् भने परमप्रभुले त्यसबारे भन्नुहुन्छ, "यदि अगमवक्ताले केही अगमवाणी उच्चारण गर्नलाई फस्यो भनेदेखि, म परमप्रभुले त्यस अगमवक्तालाई फसाएको हुँ र म मेरो हात त्यसको विरुद्धमा पसार्नेछु, र मेरो प्रजा इस्राएलको बीचदेखि त्यसलाई नाश गर्नेछु" (इज १४:९, इस्राएलमा मूर्तिपूजाको कारण दण्ड ल्याउने सन्दर्भमा)। जहिले पनि नकारात्मक उत्तरहरू अन्तर्निहित हुने शृंखलाबद्ध आलङ्कारिक प्रश्नहरूको पराकाष्ठास्वरूप आमोसले प्रश्न गर्छन्, "कुनै शहरमा के तुरही फुकेपछि मानिसहरू डराउँदैनन् र ? परमप्रभुले नपठाएसम्म के कुनै शहरमा विपत्ति आउँछ र ?" (आमो ३:६)। त्यसपछि आमोस ४:६-१२ मा प्राकृतिक विपत्तिहरूका शृंखलाबद्ध आउँछ, जब परमप्रभु उहाँले तिनीहरूलाई भोकमरी, खड़ेरी, बगैंचा र दाखबारीमा रोग र ढुसी, सलहहरू, रूढ़ी, र मानिसहरू र घोड़ाहरूको मृत्यु दिनुभयो भनी इस्राएलीहरूलाई स्मरण गराउनुहुन्छ।

माथि उल्लेखित अधिकांश खण्डहरूमा परमेश्वरले मानिसहरूका पापहरूको दण्डको रूपमा तिनीहरूकहाँ खराबी र विनाश ल्याउनुहुन्छ। तिनीहरू अट्टेरी बनेका छन् वा बरालिएर मूर्तिपूजामा लागेका छन्, अनि त्यसपछि परमप्रभुले तिनीहरूमा दण्ड ल्याउनलाई खराब मानिसहरू वा भूतीय शक्तिहरू वा "प्राकृतिक" प्राय: यस्तै नै हुन्छ)। परमेश्वरले कसरी धार्मिकतापूर्वक खराब घटनाहरू ल्याउन सक्नुहुन्छ, सो केही अंशमा बुझ्नमा हामीलाई पापको दण्डसम्बन्धी यो धारणाले सम्भवत: केही सहायता गर्न सक्छ। सबै मानिसहरू पापी छन् किनकि धर्मशास्त्रले हामीलाई यो भन्छ, "किनकि सबैले पाप गरेका छन्, र परमेश्वरको महिमासम्म पुग्नबाट चुकेका छन्" (रोम ३:२३)। हामीमध्ये कोही पनि परमेश्वरको निगाह वा कृपाको योग्य छैनौं, तर अनन्त दण्डको मात्र योग्य छौं। तसर्थ, उहाँका छोराछोरीहरूलाई अनुशासनमा ल्याउनलाई वा अविश्वासीहरूलाई पश्चात्तापमा डोऱ्याउनलाई वा दण्डाज्ञाको न्याय ल्याउनलाई, वा कठोर पापीहरूलाई दण्डाज्ञा दिन वा तिनीहरूमा विनाश ल्याउनलाई परमेश्वरले मानवजातिमा खराबी ल्याउनुहुँदा हामीमध्ये कसैले पनि परमेश्वरले गलत काम गर्नुभयो भनी उहाँलाई आरोप लगाउन सक्दैनौं। अन्तत:, सबै मिलेर परमेश्वरका असल उद्देश्यहरू पूरा गरी उहाँलाई महिमा र उहाँका जनलाई

भलाइ ल्याउनकै लागि काम गर्छन्। हामीले यो आत्मसात् गर्नैपर्दछ कि उद्धार नगरिएकाहरूमा (जस्तै, फारो, कनानीहरू र बेबिलोनीहरू) भएका खराबीलाई दण्ड दिने काममा उहाँको न्याय, पवित्रता र शक्तिको प्रदर्शनको माध्यमबाट परमेश्वर महिमित पनि बन्नुहुन्छ (हे. प्रस ९:१६; रोम ९:१४-२४)।

परमेश्वरले अगमवक्ता यशैयाको माध्यमबाट भन्नुहुन्छ, "मैले उज्यालो बनाएँ र अँध्यारोलाई सृष्टि गरें। म उन्नति ल्याउँछु, र संहार सृष्टि गर्छु[७]। म, परमप्रभुले नै यी सारा काम गर्छु" (यशै ५४:७, उहाँ "सृष्टि" बुझाउने हिब्रू शब्द *bara* प्रयोग गरिएको छ; उत १:१ मा यही शब्द प्रयोग गरिएको छ)। विलाप ३:३८ मा हामी पढ्छौं, "के सर्वोच्च परमेश्वरको मुखबाट विपत्ति र राम्रा कुराहरू निस्कँदैनन् ?"[८] अन्तस्करणको पश्चात्तापमा इस्राएलका मानिसहरूले परमेश्वरलाई पुकार्छन् अनि भन्छन्, "हे परमप्रभु, तपाईंको मार्गबाट किन हामीलाई बरालिने तुल्याउनुहुन्छ, र तपाईंलाई सम्मान गर्नदेखि हाम्रो हृदयलाई किन कठोर पार्नुहुन्छ ?" (यशै ६३:१७)।[९]

योनाको जीवन मानव क्रियाकलापमा परमेश्वरको सहमतिको एउटा असाधारण दृष्टान्त हो। तर्शीशतर्फ गइरहेको जहाजमा भएका मानिसहरूले योनालाई जहाजबाट समुद्रमा फालिदिए किनकि धर्मशास्त्रले भन्छ, "तब *तिनीहरूले* योनालाई उचालेर समुद्रमा फालिदिए, र उर्लेर आएको समुद्र शान्त भइहाल्यो" (योना १:१५)। तथापि केवल पाँचै पदहरूपछि योना ती मानिसहरूका कार्यकलापमा परमेश्वरको पूर्वप्रबन्धको निर्देशन थियो भनी मानिलिन्छन् किनकि तिनले परमेश्वरलाई भन्छन्, "*तपाईंले* मलाई समुद्रको गहराइभित्र, समुद्रको मुटुभित्रै फालिदिनुभयो" (योना २:३)। धर्मशास्त्रले सँग-सँगै पुष्टि गर्छ कि मानिसहरूले योनालाई समुद्रमा फालिदिए अनि परमेश्वरले तिनलाई समुद्रमा फालिदिनुभयो। परमेश्वरको पूर्वप्रबन्धीय निर्देशनले ती नाविकहरूलाई तिनीहरूको इच्छाविरुद्धमा केही गर्न बाध्य बनाएन, नता तिनीहरूमाथि परमेश्वरीय प्रभाव थियो भनी तिनीहरूले जान्दथे – तिनीहरूले

[७]अन्यान्य अनुवादहरूले हिब्रू शब्द *ra,* अर्थात् "खराबी"-लाई "विपत्ति" (NIV) वा "शोक" (RSV) वा "घोर विपत्ति" (NASB) भनी अनुवाद गरेका छन्। अनि वास्तवमा यी शब्दहरूले इङ्गित गर्नेजस्ता प्राकृतिक विपत्तिहरू बुझाउनलाई यो शब्द प्रयोग गर्न सकिन्छ। तर यो शब्दलाई प्राकृतिक विपत्तिको अर्थमा मात्र सीमित राख्नुपर्ने कुनै अकाट्य कारण छैन, किनकि यो शब्द खराबीलाई साधारण रीतिमा बुझाउनलाई प्रयोग गरिने अति नै सामान्य शब्द हो। यही शब्द असल र *खराब*को ज्ञान दिने रूखको प्रसङ्गमा प्रयोग गरिएको छ (उत २:९), जलप्रलयको दण्ड ल्याउने मानिसहरूमाझ भएको *खराबी* अनि सोदोमका मानिसहरूको *खराबी* (उत १३:१३) बुझाउनलाई प्रयोग गरिएको छ। "खराबीबाट फर्केर असल गर" (भज ३४:१४) भन्नलाई, "*खराब*लाई असल र *असल*लाई खराब" भन्ने मानिसहरूको गलत काम (यशै ५:२०) बताउनलाई; अनि जसका "खुट्टा पापको कामतिर दौड्न्छन्" (यशै ५९:७, ४७:१०, ११; ५६:२; ५७:१; ५९:१५; ६५:१२; ६४:४ पनि हे.) तिनीहरूको पाप बताउनलाई यो शब्द प्रयोग भएको छ। पुरानो करारभरि अन्य समय दर्जनौंपटक यो शब्दले नैतिक खराबी वा पाप बुझाउँछ। यशैया ४५:७ को त्यही वाक्यांशमा यो शब्दलाई "शान्ति" (*shalom*)-सित गरिएको तुलनाले यो तर्क गर्ला कि यो शब्दले "घोर विपत्ति" मात्र बुझाएको देखिन्छ। तर यसको अर्थ यही नै हो भनी तोक्न सकिँदैन किनभने नैतिक खराबी र दुष्टचाइँ पनि अवश्य नै परमेश्वरको "*shalom*" वा शान्तिको पूर्णताको विपरीत हुन्छ। (आमोस ३:६ मा भएको हिब्रू शब्द *raah* बेग्लै हो तर हो शान्तिसितै सम्बन्धित शब्द र यसका अर्थहरू त्यस्तै भावाभिव्यक्ति गर्ने किसिमका छन्)। तर यशैया ४५:७ ले परमेश्वरले *खराब काम गर्नुहुन्छ* भनी भन्दैन (तलका छलफल हे.)।

[८]उहाँ "खराबी"-को हिब्रू शब्द आमोस ३:६ मा जस्तै *raah* हो।

[९]अर्को किसिमको खराबी शारीरिक कमजोरी हो। यससम्बन्धी परमेश्वरले मोशालाई भन्नुहुन्छ, "मानिसको मुख कसले बनायो ? मानिसलाई लाटो वा बहिरो कि देख्ने वा अन्धा कसले बनाउँछ ? के म परमप्रभुले नै होइन र ? (प्रस ४:११)।

योनालाई समुद्रमा फालिदिँदा निस्सन्देह तिनीहरूले क्षमाको निम्ति परमप्रभुमा याचना गरे (योना १:१४)। धर्मशास्त्रले हामीलाई के प्रकट गर्छ भने अनि योना आफैले के बुझे भने परमेश्वरले वास्तविक मानिसहरूका, जुन मानिसहरू तिनीहरूका क्रियाकलापका निम्ति नैतिक रूपले जिम्मेवार थिए, स्वैच्छिक इच्छाहरूका माध्यमबाट उहाँको योजनालाई पूरा गरिरहनुभएको थियो। हामीले नबुझेका अनि हामीलाई प्रकट नगरिएको रीतिमा परमेश्वरले मानिसहरूलाई तिनीहरूले गरेका काम गर्ने *स्वैच्छिक छनोट* गर्न *लगाउनुभयो*।

सम्पूर्ण इतिहासको सर्वाधिक दुष्ट कार्य, अर्थात् ख्रीष्टको क्रूसीकरण परमेश्वरद्वारा तोकिएको थियो – यो हुनेथियो भन्ने तथ्य मात्र होइन, तर यससित सम्बन्धित पृथक् सबै क्रियाकलापहरू पनि। यरूशलेममा भएको मण्डलीले यो कुरा बुझ्यो, किनकि तिनीहरूले प्रार्थना गरे :

> किनभने साँच्चै तपाईंले अभिषेक गर्नुभएको, तपाईंका पवित्र सेवक येशूको विरुद्धमा हेरोद् र पन्तियस पिलातस दुवै जना, अन्य जाति र इस्राएलीहरूसँग यसै शहरमा भेला भएका थिए। *त्यही गर्नलाई जे तपाईंको बाहुलीबाट र तपाईंको योजनाअनुसार अघिबाटै ठहराइएको थियो*। (प्रे ४:२७)

येशूको क्रूसीकरणमा भाग लिने सबै मानिसहरूका सबै कार्यकलाप परमेश्वरद्वारा नै "पूर्वनिर्धारित" गरिएका थिए। तथापि प्रेरितहरूले यसको निम्ति परमेश्वरलाई स्पष्ट रूपमा नैतिक दोष दिँदैनन् किनकि ती क्रियाकलाप पापमय मानिसहरूका स्वैच्छिक छनोटहरूबाट उत्पन्न भएका थिए। पेन्तिकोसको दिन दिएका प्रवचनमा पत्रुसले यस कुरालाई स्पष्ट पार्छन्, "परमेश्वरले ठहराउनुभएको निश्चित योजना र पूर्वज्ञानअनुसार पक्राउ पर्नुभएको यिनै येशूलाई *अधर्मी मानिसहरूका हातद्वारा तपाईंहरूले क्रूसमा टाँगेर मार्नुभयो*" (प्रे २:२३)। उनले एउटै वाक्यमा परमेश्वरको योजना र पूर्वज्ञानसित नैतिक दोषको सम्बन्ध देखाउँछन्, यो दोष "अधर्मी मानिसहरूका" क्रियाकलापसित जोड़िएको थियो। तिनीहरूका इच्छाको विरुद्ध काम गर्न परमेश्वरद्वारा तिनीहरूलाई बाध्य बनाइएको थिएन, बरु, परमेश्वरले तिनीहरूका स्वैच्छिक छनोटहरूका माध्यमद्वारा आफ्नो योजना पूरा गर्नुभयो, तथापि तिनीहरू यसको निम्ति जिम्मेवार थिए।

पुरानो करारमा परमेश्वरले आहाबका अगमवक्ताहरूका मुखमा झुटा बोल्ने आत्मा पठाइदिनुभएको जस्तै एउटा उदाहरणमा हामी सत्यतालाई प्रेम गर्न इन्कार गर्नेहरूबारे पढ्दछौं, "यसैकारण तिनीहरूले झुटा कुरामा विश्वास गरून् भनेर परमेश्वरले तिनीहरूमाथि एक शक्तिशाली भ्रम पठाउनुहुन्छ, ताकि सत्यमाथि विश्वास नगर्ने, तर अधार्मिकतामा आनन्द मनाउने सबै जना दोषी ठहरिऊन्" (२ थेस २:११-१२)। अनि पत्रुस तिनका पाठकहरूलाई भन्छन् कि उनीहरूको (अर्थात्, प्रेरितहरूको) विरोध गर्नेहरू र तिनीहरूलाई सताउनेहरू अनि ख्रीष्टलाई इन्कार गर्नेहरूले "वचन उल्लङ्घन गर्छन् र लोटछन्। तिनीहरूका निम्ति यस्तै हुन

तोकिएको थियो" (१ पत्र २:८)।[10]

**८. परमेश्वर र खराबीसित सम्बन्धित पदहरूको विश्लेषण।** मानिस र भूतहरूका खराब क्रियाकलापहरूलाई परमेश्वरले गर्नुहुने पूर्वप्रबन्धीय प्रयोगबारे बताउने त्यत्ति धेरै पदहरू अध्ययन गरेपछि विश्लेषणको रूपमा हामी के भन्ने ?

**अ. परमेश्वरले उहाँका सबै उद्देश्यहरू पूरा गर्नलाई सबै कुराहरू प्रयोग गर्नुहुन्छ र उहाँको महिमाका निम्ति र हाम्रो भलाइको निम्ति खराबी पनि प्रयोग गर्नुहुन्छ :** तसर्थ, हामीलाई दुःख दिनलाई हाम्रो जीवनमा खराबी आउँदा पूर्वप्रबन्धसम्बन्धी धर्मसिद्धान्तबाट हामीले यो अझ गहिरो आश्वासन पाउन सक्छौं, "हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ" (रोम ८:२८)। यस किसिमको दृढ विश्वासले योसेफलाई तिनका दाज्यूहरूलाई यो भन्न सक्षम बनायो, "तिमीहरूले मेरो विरुद्धमा हानि गर्ने विचार गरेका थियौ, तर *परमेश्वरले त्यही कामद्वारा भलाइ गर्ने विचार गर्नुभयो"* (उत ५०:२०)।

हामी यो पनि बुझ्न सक्छौं कि खराबीले सजाय पाउँदा पनि परमेश्वर महिमित बन्नुहुन्छ। धर्मशास्त्रले हामीलाई यो भन्छ, "परमप्रभुले सबै कुरा उहाँको आफ्नै उद्देश्यका लागि बनाउनुहुन्छ, दुष्टलाई समेत विनाशको दिनको लागि उहाँले राख्नुभएको छ" (हितो १६:४)।[11] यस्तै प्रकारले भजनकारले यो पुष्टि गर्छन्, "निश्चय मानिसप्रति तपाईंको क्रोधले तपाईंको प्रशंसा ल्याउनेछ" (भज ७६:१०)। परमेश्वरले उहाँको आफ्नै महिमाको निम्ति र उहाँका जनको भलाइको निम्ति जुन रीतिमा उहाँले खराबीलाई प्रयोग गर्नुहुन्छ त्यसको स्पष्ट उदाहरण फारो हुन् (रोम ९:१४-२४)।

**आ. तथापि परमेश्वरले कहिल्यै पनि खराबी गर्नुहुन्न, र खराबीका लागि उहाँलाई कहिल्यै दोष लगाइनु हुँदैन :** माथि प्रेरित २:२३ र ४:२७-२८ मा उद्धृत वक्तव्यहरूजस्तै एउटा वक्तव्यमा येशूले पनि यो भन्नुहुन्छ कि क्रूसीकरणबारे परमेश्वरको पूर्वयोजना थियो तर यस कामलाई पूरा गर्ने मानिसहरू यसको निम्ति नैतिक रूपमा दोषी थिए,

[10]यस पदमा भएको "तोक्ने" कामलाई लोटने र अनाज्ञाकारी दुवैको सम्बन्धमा प्रयोग गरिएको अर्थमा लिनु सर्वोत्तम हो। यो भन्नु गलत हो कि आज्ञा नमान्नेहरू लोटून् भन्ने *तथ्य* मात्र परमेश्वरले तोक्नुभयो, किनभने यो एउटा तथ्य होइन तर व्यक्तिहरू ("तिनीहरू") हुन् जो यस प्रसङ्गमा "तोकिएको थियो" भनिएको छ (Wyane Grudem, *The First Epistle of Peter,* TNTC [लिसेस्टर : इन्टर्भर्सिटि प्रेस, र ग्र्यान्ड र्‍यापिड्स् : ईर्डम्यान्स, १९८८], पृ. १०६-११०)।

[11]David J.A. Clines, "Predestination in the Old Testament" पृ. ११६ ले यसलाई पुनःअनुवाद गर्छ, "परमप्रभुले सबै कुरा यसको अर्को पक्षसितै बनाउनुभएको छ, ताकि दुष्टहरूले त्यसको विनाशको दिन भोग्नेछ।" परमेश्वरले खराब दिनको निम्ति केही दुष्ट मानिसहरूलाई बनाउनुभएको छ भन्ने निष्कर्षबाट बाँच्नका लागि उनले यो अनुवाद गरेका हुन्। तर उनको अनुवाद विश्वासलाग्दो छैन। RSV-मा "उद्देश्य" भनी अनुवाद गरिएको हिब्रू शब्द (*ma aneh*) पुरानो करारमा आठपटक मात्र देखापर्छ र यसले प्रायः नै एउटा प्रश्न वा वक्तव्यको "उत्तर" दिइएको बुझाउँछ। यसर्थ यसले लगभग "समुचित उत्तर" वा "अनुरूप उद्देश्य" बुझाउँछ। तर पूर्व सर्ग *le*-लाई "लागि वा निम्ति" ("सित" होइन) भनी अझ सही प्रकारले अनुवाद गरिएको छ। यसकारण वाक्यमा दुवै अर्थहरूमा यो शब्द प्रयोग गर्दा यो वाक्यले यो पुष्टि गर्छ कि परमप्रभुले प्रत्येक कुरा यसको उचित उद्देश्यको निम्ति वा यसको समुचित प्रतिक्रियाको निम्ति बनाउनुभएको छ। त्यसर्थ, हामीले "उद्देश्य" वा "अर्को पक्ष" भनी त्यो शब्दलाई अनुवाद गरे तापनि, त्यो पदले यो पुष्टि गर्छ कि "खराब दिनको निम्ति [हिब्रू *le* ] दुष्ट मानिसहरू परमेश्वरद्वारा बनाइएका छन्।"

"किनकि मानिसको पुत्र त ठहराइएअनुसार जानैपर्छ, तर धिक्कार त्यस मानिसलाई, जसले उसलाई धोखा दिन्छ !" (लूका २२:२२; तु. मत्ती २६:२४; मर्क १४:२१)। अनि संसारमा भएको खराबीसम्बन्धी अझ सामान्य कथनमा येशूले भन्नुहुन्छ, "पाप गर्न लाउने परीक्षाहरूका निम्ति यस संसारलाई धिक्कार !" (मत्ती १८:७)।

हामीले गर्ने खराब कामको निम्ति परमेश्वरलाई दोष नदिनू भनी हामीलाई चेताउनी दिँदा याकूबले पनि यस्तै कुरा भन्छन्, "परीक्षा हुँदा कसैले यसो नभनोस्, 'परमेश्वरद्वारा मेरो परीक्षा भएको हो।' किनकि कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न। तर हरेक मानिस आफ्नै खराब इच्छाद्वारा लोभिएर परीक्षामा पर्छ" (याक १:१३-१४)। यस पदले परमेश्वरले कहिल्यै खराबी गर्नुहुन्न भन्दैन। हामीलाई परीक्षा गर्नुहुने अभिकर्ता परमेश्वर हुनुहुन्छ वा परीक्षाको निम्ति जिम्मेवार ठहराइनुपर्ने व्यक्ति उहाँ हुनुहुन्छ भनी हामीले कहिल्यै पनि सोच्नु हुँदैन भनी यसले पदले पुष्टि गर्छ। हामीले परीक्षाको निम्ति परमेश्वरलाई कहिल्यै पनि दोष दिन सक्दैनौं, नता हामी परीक्षामा पराजित हुँदा उहाँले हाम्रो पराजयलाई अनुमोदित गर्नुहुन्छ भनी हामी यो सोच्न सक्छौं। हामीले खराबीलाई प्रतिरोध गर्नुपर्दछ अनि हामीलाई परीक्षामा हाल्ने हामी आफैहरूलाई वा अरू मानिसहरूलाई दोष दिनुपर्दछ। परमेश्वरले "खराबी (संहार) सृष्टि गर्नुहुन्छ" भन्ने यशैया ४५:७ जस्तो पदले पनि परमेश्वर स्वयम्ले खराबी *गर्नुहुन्छ* भन्दैन, तर यस पदको अर्थ यो हुन्छ भनी बुझ्नुपर्छ कि परमेश्वरले उहाँले सृष्टि गर्नुभएका प्राणीहरूका स्वैच्छिक छनोटहरूका माध्यमबाट खराबी उत्पन्न होस् भनी तोकिदिनुभयो।

यी सबै पदहरूले यो स्पष्ट पार्दछन् कि "गौण कारणहरू (मानिसहरू, स्वर्गदूतहरू र भूतहरू) *वास्तविक* हुन् र मानवजातिले खराबी गर्दछ अनि यसको उत्तरदायी छ। परमेश्वरले सामान्य भाषामा र सुस्पष्ट बेहोराहरूसित खराबी उत्पन्न होस् भनी तोकिदिनुभयो तर पनि *खराबी गर्ने कामबाट परमेश्वर अलग्गै हुनुहुन्छ* अनि यसलाई "गौण कारणहरू"-का माध्यमबाट उत्पन्न गर्ने उहाँको कामले उहाँको पवित्रतामा सन्देह ल्याउँदैन वा उहाँलाई दोषयोग्यको बनाउँदैन। John Calvin-ले बुद्धिमानीसित भन्छन् :

> चोर र हत्याराहरू अनि खराबी गर्ने अरू मानिसहरू परमेश्वरीय पूर्वप्रबन्धका औजारहरू हुन् अनि परमप्रभुले आफ्नै विवेकमा निर्धारित गर्नुभएका इन्साफहरू कार्यान्वयन गर्नलाई यिनलाई प्रयोग गर्नुहुन्छ। तथापि तिनीहरूका खराब कामहरूका निम्ति तिनीहरूले यसबाट कुनै बहाना निकाल्न सक्छन् भनी म इन्कार गर्छु। किन ? के तिनीहरूले आफ्नो त्यही अधर्ममा परमेश्वरलाई पनि तिनीहरूसँगै संलग्न गर्नेछन्, कि तिनीहरूले आफ्ना सहज दुष्टतालाई उहाँको धार्मिकताको वस्त्र पहिराउनेछन् ? तिनीहरूले यी दुईमध्ये एउटै पनि गर्न सक्दैनन्।[१२]

केहीपछि उनी एउटा अध्यायको शीर्षक लेख्छन्, "परमेश्वरले उहाँका न्यायहरूलाई

---

[१२]John Calvin, *Institutes of the Christian Religion*, Library of Christian Classics, John T. McNeil र F.L.Battles-द्वारा अनूदित, २ खण्ड (फिलेडेल्फिया : वेस्टमिन्स्टर, १९६०), 1:217 (1.16.5)।

पूरा गर्नलाई अधर्मी मानिसहरूका कामहरू यस्तो प्रकारले प्रयोग गर्नुहुन्छ, तिनीहरूका हृदयलाई यस्तो प्रकारले विकृत बनाइदिनुहुन्छ कि उहाँ प्रत्येक दागबाट शुद्ध र हनुहुन्छ।"[१३]

परमेश्वरले *उहाँका उद्देश्यहरूका निम्ति खराबी प्रयोग गर्नुहुन्छ* तर *उहाँले कहिल्यै पनि खराबी गर्नुहुन्न र यसको निम्ति उहाँलाई दोष दिनु हुँदैन* भन्नुका विकल्पहरू वाञ्छनीय हुँदैनन् भन्ने विषयमा हामीले ध्यान दिनुपर्दछ।

यदि हामीले परमेश्वर आफैले खराबी गर्नुहुन्छ भन्यौं भने, हामीले यो निष्कर्ष निकाल्नैपर्दछ कि उहाँ असल र धार्मिक परमेश्वर हुनुहुन्न, अनि त्यसकारण उहाँ वास्तवमा परमेश्वरै हुनुहुन्न। तर अर्कोतिर, हामीले यदि परमेश्वरले उहाँका उद्देश्यहरू परिपूर्ति गर्नलाई खराबी प्रयोग गर्नुहुन्न भन्ने अड़ान लियौं भने, हामीले यो स्वीकार गर्नैपर्दछ कि परमेश्वरले आशय नराख्नुभएको खराबी विश्वमा छ, त्यो उहाँको नियन्त्रणमा छैन अनि त्यसले उहाँका उद्देश्यहरू सायद पूरा नगर्ला। यसले परमेश्वरलाई प्रेम गर्नेहरू र उहाँको अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति "सबै कुरा" मिलेर भलाइको निम्ति काम गर्छन् (रोम ८:२८) भनी पुष्टि गर्न हामीलाई अति नै गाह्रो बनाउनेछ।

यदि परमेश्वरले अभिप्राय नराख्नुभएको भए तापनि अनि त्यो त्यहाँ भएको नचाहनुहुँदा-हुँदै पनि खराबी संसारमा आएको हो भने, उहाँले अभिप्राय नराख्नुभएको वा उहाँले नचाहनुभएको अझ धेरै-धेरै खराबी हुनेछैन भन्ने हामीसित के प्रत्याभूति छ? अनि यसलाई उहाँको उद्देश्यको निम्ति प्रयोग गर्न उहाँ सक्षम बन्नुहुनेछ, वा यसलाई उहाँले जित्नु पनि सक्नुहुनेछ भन्ने हामीसित के प्रत्याभूति छ? यो निश्चय नै अवाञ्छनीय विकल्प हो।

**इ. विवेकशील प्राणीहरूले गर्ने खराबीको निम्ति परमेश्वरले तिनीहरूलाई सही प्रकारले दोष्याउनुहुन्छ र न्याय गर्नुहुन्छ :** धर्मशास्त्रका धेरै खण्डहरूले यसलाई पुष्टि गर्छन्। एउटा पुष्टीकरण यशैयामा पाइन्छ, "तिनीहरूले आफ्नै बाटो चुनेका छन्, र तिनीहरूका प्राण आफ्नै घिनलाग्दा कामहरूमा खुशी हुन्छन्। यसैले म पनि तिनीहरूसित कड़ा व्यवहार गर्नेछु, र तिनीहरूले डरले मानेका कुरा तिनीहरूमाथि ल्याउनेछु" (यशै ६६:३-४)। त्यसरी नै हामी पढ्छौं, "परमप्रभुले मानिसलाई सोझो बनाउनुभयो, तर मानिसचाहिँ अनेक परिकल्पनाको खोजीमा लागेको छ" (उप ७:२९)। *खराबीको दोष जहिले पनि उत्तरदायी प्राणीमाथि लगाइन्छ,* यो गर्ने चाहे त्यो मानिस होस् वा भूत, अनि *खराबी गर्ने प्राणी जहिले पनि सजाय योग्यको हुन्छ।* धर्मशास्त्रले एकनासले यो पुष्टि गर्छ कि परमेश्वर धर्मी हुनुहुन्छ अनि हाम्रो पापहरूका निम्ति हामीलाई सजाय दिनलाई उहाँ न्यायी हुनुहुन्छ। अनि यदि उहाँले हामीमा दोष भेट्टाउनु ठीक होइन किनकि हामी उहाँको इच्छालाई प्रतिरोध गर्न सक्दैनौं भनी हामीले आपत्ति उठायौं भने, हामीले त्यही प्रश्नबारे प्रेरित पावल स्वयम्‌को प्रतिक्रियाबारे चिन्तन गर्नुपर्छ, "तब तिमीले मलाई भन्नेछौ, "परमेश्वरले अझै किन

[१३]John Calvin,, *Institutes*, 1:228 (1.18. title) ।

दोष लगाउनुहुन्छ? किनकि उहाँको इच्छालाई कसले विरोध गर्न सक्छ?" तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ? के ढालेर बनाएको वस्तुले आफूलाई बनाउनेलाई "मलाई किन यस्तो बनायो भन्छ र?" (रोम ९:१९-२०)। हामीले गर्ने प्रत्येक खराबीमा हामी यो जान्दछौं कि हामीले हाम्रै इच्छाले यसो गर्न छनोट गर्दछौं, अनि हामी यो बुझ्दछौं कि हामी यसो *स्वेच्छाले* गर्दछौं, अनि हामी यो बुझ्दछौं कि यसको निम्ति दोष लगाइनुपर्ने ठीक व्यक्ति हामी नै हौं।

**ई. खराबी वास्तविक हो, भ्रम होइन अनि हामीले कहिल्यै पनि खराब काम गर्नुहुन्न किनकि यसले जहिले पनि हामीलाई र अरू मानिसहरूलाई हानि गर्छ :** धर्मशास्त्रले हामीलाई एकनासले यो सिकाउँछ कि खराबी गर्ने हाम्रो कहिल्यै कुनै अधिकार छैन अनि हामीले हामी आफैमा र संसारमा यसको दृढतापूर्वक विरोध गर्नुपर्दछ। हामीलाई "दुष्टबाट छुटाउनुहोस्" भनी प्रार्थना गर्नुपर्छ (मत्ती ६:१३) अनि यदि हामीले कसैलाई सत्यताबाट बरालिएको र गलत काम गरिरहेको देख्यौं भने तिनलाई सत्यतामा फर्काएर ल्याउने प्रयास गर्नुपर्छ। धर्मशास्त्रले भन्छ, "... यदि तिमीहरूमध्ये कोही सत्यबाट बरालिएर जाँदा कसैले त्यसलाई फिराएर ल्यायो भने, त्यसले जानोस् कि जसले एक जना पापीलाई त्यसको कुमार्गबाट फिराएर ल्याउँछ, त्यसलाई मृत्युबाट बचाउनेछ, र असंख्य पापलाई ढाक्नेछ" (याक ५:१९-२०)। हामीले खराबी गर्ने *इच्छा* पनि गर्नु हुँदैन किनकि हाम्रो हृदयमा पापमय अभिलाषाहरू राख्नु भनेको तिनीहरूलाई हाम्रो आत्माका विरुद्धमा "युद्ध गर्न" दिनु भनेको हो। (१ पत्र २:११) र त्यसरी हामीलाई आत्मिक हानि गर्नु हो। यदि हामी कहिल्यै "असल होस् भनेर खराबी नै किन नगर्ने त?" भन्ने मोहमा पर्‍यौं भने, जस्तो कि कति मानिसहरूले त्यस्तो शिक्षासित पावललाई निन्दनीय रीतिमा दोषारोपण गरिरहेका थिए, त्यो झुटो धर्मसिद्धान्त सिकाउने मानिसहरूबारे पावल के भन्छन् सो हामीले याद गर्नुपर्दछ, "तिनीहरूको दोषारोपण न्यायसङ्गतै छ" (रोम ३:८)।

परमेश्वरले उहाँका उद्देश्यहरूलाई पूरा गर्नका निम्ति खराबीलाई प्रयोग गर्नुभएको कुरा सोच्दा हामीले यो स्मरण गर्नुपर्छ कि कति यस्ता कुराहरू छन् जुन गर्न परमेश्वरका लागि *सही* नै हुन्छ तर हाम्रो लागि *गलत* हुन्छ। अरूहरूले उहाँको उपासना गरून् भनी उहाँले आज्ञा गर्नुहुन्छ अनि उहाँले तिनीहरूबाट उपासना स्वीकार गर्नुहुन्छ। उहाँले आफ्नै निम्ति महिमा खोज्नुहुन्छ। उहाँले खराब काम गर्नेहरूलाई अन्तिम न्याय दिनुहुनेछ। उहाँले असल उद्देश्यहरू पूरा गर्नलाई खराबी पनि प्रयोग गर्नुहुन्छ, तर उहाँले हामीलाई यसो गर्न दिनुहुन्न। क्यालभिन अगस्टिनको वक्तव्यलाई अनुमोदन गर्दै उद्धृत गर्छन् : "मानिसले कुन इच्छा गर्नु उपयुक्त हो अनि परमेश्वरको निम्ति कुन उपयुक्त हो सोमाझ ठूलो भिन्नता छ। ... किनकि खराब मानिसहरूका नराम्रा इच्छाहरूका माध्यमबाट परमेश्वरले धार्मिकतासित जे इच्छा गर्नुहुन्छ त्यो पूरा गर्नुहुन्छ।"[१४] अनि Herman Bavinck-ले परमेश्वर स्वयम्ले

[१४] John Calvin,, *Institutes*, 1:234 (1.18.3)।

असल उद्देश्यहरू ल्याउनलाई खराबीको प्रयोग गर्नुहुन्छ, तर उहाँका छोराछोरी-हरूलाई त्यसो गर्न दिनुहुन्न भनी देखाउनलाई एउटा बाबुको दृष्टान्त दिन्छन् जसले आफू त अति धारिलो छुरी प्रयोग गर्छन् तर आफ्नो छोराछोरीलाई भने त्यो प्रयोग गर्न दिँदैनन्। यद्यपि हामीले धेरै रीतिले परमेश्वरको नैतिक चरित्र अनुकरण गर्नैपर्छ (तु. एफि ५:१) तर योचाहिँ एउटा यस्तो रीति हो जसअनुसार हामीले उहाँको अनुकरण गर्नु हुँदैन।

**उ. यस अघिका सबै वक्तव्यहरू हुँदाहुँदै पनि, हामीले खराब कामहरू गरौं भनी परमेश्वरले ठहराउन सक्नुहुन्छ, तथापि हामीलाई ती कामहरूका निम्ति जिम्मेवार ठहराइन्छ, तर उहाँ स्वयम्लाई दोष दिइँदैन भन्ने कुरा हामी बुझ्न सक्दैनौं भनी स्वीकार गर्ने बिन्दुमा हामी आउनुपर्छ :** हामी यो पुष्टि गर्न सक्छौं कि उक्त सबै कुराहरू सत्य हुन्, किनभने धर्मशास्त्रले त्यही शिक्षा दिन्छ। परमेश्वरले यो स्थिति *ठीक कसरी* ल्याउनुहुन्छ वा परमेश्वरले हुनू भनी ठहराउनुभएको कामको निम्ति हामीलाई उहाँले कसरी जिम्मेवार ठहराउनुहुन्छ भन्ने विषयमा धर्मशास्त्रले हामीलाई *बताउँदैन*। यहाँ धर्मशास्त्र मौन छ अनि हामी Berkhof-सँग सहमत बन्नैपर्दछ कि अन्ततः "पापसित परमेश्वरको सम्बन्धको समस्या एउटा रहस्य नै रहन्छ।"[१५]

**९. के हामी "स्वतन्त्र" छौं ? के हाम्रो "स्वतन्त्र इच्छा" छ ?** यदि परमेश्वरले सबै घटनाहरूमा पूर्वप्रबन्धीय नियन्त्रण राख्नुहुन्छ भने के हामी कुनै अर्थमा स्वतन्त्र छौं ? यसको उत्तर *स्वतन्त्र* शब्दको अर्थमा निर्भर गर्छ। *स्वतन्त्र* शब्दका केही अर्थहरूमा, सबै नै सहमत हुन्छन् कि हामी हाम्रो इच्छामा र रोजाइहरू स्वतन्त्र छौं। रिफर्मड् वा क्यालभिनवादी परम्पराका लब्धप्रतिष्ठ धर्मशास्त्रीहरू पनि यसमा सहमत हुन्छन्। Berkhof उनको पुस्तक *Systematic Theology*-मा (पृ. १०३, १७३) अनि Calvin उनको पुस्तक *Institutes of the Christian Religion*[१६]-मा मानिसका "स्वतन्त्र" कामहरू र छनोटहरूका *केही अर्थ*हरूबारे कुरा गर्न इच्छुक छन्। तर, Calvin व्याख्या गर्छन् कि शब्द यति भ्रमबोधग्रस्त छ कि उनी स्वयम् यसलाई प्रयोग गर्नबाट बाँच्ने प्रयास गर्छन्। यसको कारण यो हो कि "मानिसलाई अनुग्रहले सहायता नगरेसम्म, उसलाई असल काम गर्न सक्षम पार्न स्वतन्त्र इच्छा यथेष्ट हुँदैन।"[१७] त्यसकारण, Calvin यो निष्कर्ष निकाल्छन् :

---

[१५] Louis Berkhof, *Systematic Theology*, पृ. १७५।

[१६] *Institutes*, 1:296 (2.3.5), St. Bernard-लाई सानुमोदन उद्धृत गर्दै लेख्छन्, "सबै जीवित प्राणीहरूमध्ये मानिस मात्र स्वतन्त्र छ। किनकि जे स्वैच्छिक हुन्छ त्यो स्वतन्त्र पनि हुन्छ।" पछिबाट त्यही खण्डमा फेरि पनि अनुमोदन गर्दै उनी सन्त बनार्डलाई उद्धृत गर्छन्, जहाँ उनी यो स्वीकार गर्छन् कि इच्छा पापको दासत्वमा छ र त्यसकारण अनिवार्यताको कारण पाप गर्छ, तर उनी भन्छन्, "यो अनिवार्यता राजीखुसीको हो, तसर्थ आत्मा ... दासत्वमा छ र साथै स्वतन्त्र पनि। अनिवार्यताको कारण दासत्वमा। इच्छाको कारण स्वतन्त्र।" यसको केहीपछि Calvin स्वयम् भन्छन्, "मानिसले अनिवार्यताको कारण पाप गर्ने भए तापनि पाप त्योभन्दा थोरै राजीखुसीले गरेको हुँदैन" (1:309 [2.4.1]। Calvin-ले स्पष्ट भन्छन् कि संसारमा पाप हुनभन्दा अघि आदमसँग "स्वतन्त्र इच्छाद्वारा शक्ति थियो, र यदि उनले अनन्तको जीवन प्राप्त गर्न चाहेका भए ... आदमले चाहेका भए उनी नढल्न सक्थे, तर यो देखेर पनि उनी आफ्नो स्वतन्त्र इच्छाद्वारा मात्रै पतित भए। ... असल र खराबको तिनको छनोट स्वतन्त्र थियो" (1:195 [1.15.8])। यदि *स्वतन्त्र* इच्छाको अर्थ "राजीखुशी, इच्छुक" हो भने Calvin-ले त्यो शब्द प्रयोग गर्न सक्नछन्, र पतनअघिको आदमसम्बन्धी

> मानिसमा यस प्रकारको स्वतन्त्र निर्णय छ भनिन्छ, यसकारण होइन कि तिनमा असल र खराबी गर्न छनोट गर्ने बराबरीको स्वतन्त्रता छ, तर यसकारण कि उसले इच्छाद्वारा नै खराब काम गर्छ, बाध्यतावश होइन। निश्चय नै भनाइ राम्रो गरी राखिएको छ। तर यस्तो जाबो कुरालाई वैभवशाली नाम दिँदा कुन उद्देश्य पूरा हुन्छ र ?

यो शब्दलाई कसरी सहजै भ्रमबोध गर्न सकिन्छ, सोबारे व्याख्या गर्दै Calvin अगाड़ि लेख्छन् :

> म यो प्रश्न गर्छु कि कति कम यस्ता मानिसहरू छन् जसले मानिसलाई दिइएको स्वतन्त्र इच्छाले उसलाई तत्कालै उसको मन र इच्छाको मालिक बनाउँदैन भन्ने सुन्नेबित्तिक्कै, आफूलाई आफ्नै शक्तिद्वारा असल कि खराबीतर्फ लान सक्ला। ... तब यदि कसैले यो शब्दलाई नराम्रो अर्थमा नबुझी प्रयोग गर्न सक्छ भने म तिनलाई यस विषयमा दुःख दिन्नँ। ... बरु म आफै यसलाई प्रयोग नगर्न मन पराउनेछु, अनि यदि अरू कसैले मेरो परामर्श खोज्छन् भने, उनीहरू यसबाट पन्छिऊन् भन्ने म निश्चय नै चाहन्छु।[१८]

तसर्थ, हामीसित "स्वतन्त्र इच्छा" छ वा छैन भनी हामीले प्रश्न गर्दा यो वाक्यांशको अर्थ हामीले स्पष्ट जानेको हुनु आवश्यक छ। परमेश्वरको नियन्त्रणदेखि बाहिर भएको अर्थमा[१९] हामी "स्वतन्त्र" छौं भनी वा कुनै कुराले प्रभाव नपारेका निर्णयहरू लिन हामी सक्षम छौं भनी धर्मशास्त्रले कहींकतै भन्दैन। (हामी यही अर्थमा स्वतन्त्र हुनैपर्दछ भनी धेरै मानिसहरूले ठान्छन्; यसबारे विवेचन तल हे.)। नता धर्मशास्त्रले यो भन्छ कि परमेश्वरको शक्तिविना आफ्नै निर्णयअनुसार सही काम गर्न हामी सक्षम छौं भन्ने अर्थमा हामी "स्वतन्त्र" छौं। तथापि परमेश्वरको कुनै सृष्टि स्वतन्त्र बन्न सक्ने सर्वमहान् अर्थमा हामी स्वतन्त्र छौं – हामी *स्वैच्छिक* छनोटहरू गर्छौं, यस्ता छनोटहरू जसका वास्तविक *परिणामहरू* हुन्छन्।[२०] हामीले निर्णयहरू लिँदा परमेश्वरबाट कुनै पनि रोकछेक नभएको हामीलाई थाहा हुन्छ।[२१] हामीसित *स्वैच्छिक* छनोटहरू गर्ने शक्ति छ भन्ने कुरामा हामीले जोड़ दिनैपर्दछ

---

उनले यो प्रयोग गर्न सक्छन्। तर पनि यसको अर्थ मानिसहरूले "मानिसको आफ्नै बलमा असल काम गर्न सक्छ" भन्ने लगाउँछन् भने उनी *स्वतन्त्र इच्छा* भन्ने वाक्यांश प्रयोग गर्नबाट सावधानीपूर्वक तर्किन्छन् (माथिको मूलपाठ हे.)।

[१८]ऐजन, 1:264 (2.2.7-8) ।.

[१९]वास्तवमा, स्वैच्छिक छनोटहरू गर्ने हाम्रो क्षमता केवल परमेश्वरको इच्छा र स्वैच्छिक छनोटहरू गर्ने उहाँको क्षमताको सृजित प्रतिबिम्ब मात्र हो। तर पनि, यदि हामी हाम्रो छनोटहरूमा *पूर्ण रूपले* स्वतन्त्र हुँदा हौं त हामी हाम्रो इच्छामा परमेश्वर बराबरका हुनेथियौं, र त्यो एउटा यस्तो कुरा हो जो हामीले यो जीवनमा नता आउने अर्को जीवनमा आशा गर्न सक्छौं।

[२०]अर्मिनी ईश्वरशास्त्रीहरू स्वतन्त्र इच्छाबारे यो व्याख्यालाई मान्दैनन्। तिनीहरू यस्तो स्वतन्त्रताको पक्षमा छन् जसमा हाम्रो निर्णयहरू हामीबाट बाहिरको कुनै पनि थोकले उत्पन्न भएका हुँदैनन् (स्वतन्त्रताको अर्थ स्वैच्छिक छनोटहरूभन्दा अझ धेरै हुनुपर्छ भन्दै Jack Cottrell-ले उठाएको आपत्तिसम्बन्धी विवेचन तल हे. ।

[२१]John Feinberg भन्छन्, "यदि कार्य अभिकर्ताका *इच्छाहरू*मुताबिक छन् भने, त्यो काम कारणद्वारा नै निर्धारित गरिएको हुन्छ, तापनि यो काम "स्वतन्त्र" हुन्छ अनि यसको निम्ति अभिकर्ता नैतिक रूपले उत्तरदायी हुन्छ" (*Predestination and Free Will: Four Views of Divine Sovereignty and Human Freedom*-मा "God Ordains All Things" सम्पा. David Basinger र Randal Basinger [डाउनर्स ग्रोभ, इलि.: इन्टरभर्सिटि प्रेस, १९८६] पृ. ३७)।

नत्र हामी भाग्यवाद वा नियतिवादको त्रुटिमा फस्नेछौं र यो निष्कर्ष निकाल्न पुग्नेछौं कि हाम्रो छनोटहरूका कुनै अर्थ नै छैन वा हामीले वास्तवमा कुनै स्वैच्छिक छनोटहरू गर्न सक्दैनौं। यदि येशू ख्रीष्टले वास्तवमै “आफ्नो शक्तिको वचनद्वारा थोकहरूलाई निरन्तर सँग-सँगै बोकिरहनुभएको छ” (हिब १:३, लेखकको आफ्नै अनुवाद) भने, सबै कुराहरूमा परमेश्वरको पूर्वप्रबन्धीय नियन्त्रणलाई इन्कार गर्नेहरूद्वारा माग गरिएको जस्तो स्वतन्त्रता, जो परमेश्वरको भरण-पोषणकारी र नियन्त्रणात्मक कार्यदेखि बाहिरको हुन्छ, असम्भव हुनेछ। यदि यो साँचो हो भने, पूर्वप्रबन्धीय नियन्त्रणदेखि बाहिर हुनुको अर्थ अस्तित्वमा नै नहुनु हुन्छ ! परमेश्वरद्वारा पूर्वप्रबन्धअनुसार भरण-पोषण गरिएको वा जीवित राखिएको र निर्देशन गरिएको संसारमा परमेश्वरको नियन्त्रणदेखि पूर्ण मुक्त परम “स्वतन्त्रता” सम्भव हुनै सक्दैन।

### ग. प्रशासन

**१. धर्मशास्त्रीय प्रमाण।** हामीले पूर्वप्रबन्धका दुईवटा पक्षहरू छलफल गरेका छौं, (१) संरक्षण (२) सहमति। परमेश्वरीय पूर्वप्रबन्धको यो तेस्रो पक्षले यो बुझाउँछ कि *परमेश्वरले संसारमा जे-जसो गर्नुहुन्छ ती सबैमा उहाँको एउटा उद्देश्य छ अनि उहाँले पूर्वप्रबन्धअनुसार सबै कुराहरूलाई शासन वा निर्देशन गर्नुहुन्छ ताकि तिनीहरूले उहाँका उद्देश्यहरू पूरा गरून्*। हामी भजनसंग्रहमा पढ्छौं, “उहाँको प्रभुत्वले सबैमाथि शासन गर्छ (भज १०३:१९)। यसबाहेक, उहाँले “स्वर्गका शक्तिहरूलाई र पृथ्वीका मानिसहरूलाई उहाँले चाहेअनुसार गर्नुहुन्छ। कसैले पनि उहाँको हात रोक्न सक्दैन, वा “तपाईंले के गर्नुभयो” भनी कसैले पनि सोध्न सक्दैन” (दान ४:३५)। पावलले यो पुष्टि गर्छन्, “किनकि सबै थोक उहाँबाट, उहाँद्वारा र उहाँकै निम्ति हुन्” (रोम ११:३६) अनि “किनभने परमेश्वरले सबै कुरा उहाँका पाउमुनि अधीनमा राख्नुभएको छ” (१ कोर १५:२७)। परमेश्वर ती व्यक्ति हुनुहुन्छ जसले “सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ” (एफि १:११) ताकि अन्ततः “येशूको नाउँमा” हरेक घुँडाले “स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि ... टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताका महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ” (फिलि २:१०-११)। पावल यो जान्दछन् कि परमेश्वर सबैमाथि परमसत्तावान् हुनुहुन्छ अनि घटने प्रत्येक घटनामा उहाँले आफ्ना उद्देश्यहरू पूरा गर्नुहुन्छ, यसैकारण उनी यो घोषणा गर्न सक्छन् कि “उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ” (रोम ८:२८)।

**२. परमेश्वरको इच्छासम्बन्धी भिन्नताहरू।** *परमेश्वरमा* उहाँको इच्छा एकीकृत गरिएको छ, विभक्त गरिएको छैन वा यो परस्पर विरोधी छैन। तर पनि हामी परमेश्वरको इच्छाको गहिराइ बुझ्न सुरु गर्न सक्दैनौं, र यो सानो अंशमा मात्र हामीलाई प्रकट गरिएको छ। जस्तो कि हामीले अध्याय १३ मा अध्ययन गरेका

छौं[२२], हामीकहाँ परमेश्वरको इच्छाका दुई पक्षहरू देखापर्छन्। एकापट्टि परमेश्वरको *नैतिक इच्छा* छ (यसलाई कहिलेकहीं "प्रकटित" इच्छा भनिन्छ)। यसमा धर्मशास्त्रका नैतिक मापदण्ड समावेश छ, जस्तै दश आज्ञा र नयाँ करारको नैतिक आदेशहरू। हामीले परमेश्वरको सामुन्ने ठीक प्रकारले व्यवहार गर्नु हो भने हाम्रो आचरण कस्तो हुनुपर्दछ सोका वर्णनहरूका रूपमा परमेश्वरका नैतिक आज्ञाहरू दिइएका छन्। अर्को पक्षमा, परमेश्वरको इच्छा सबै थोकमाथि उहाँको *पूर्वप्रबन्धीय प्रशासन* हो (यसलाई कहिलेकाहीं उहाँको "गुप्त इच्छा" भनिन्छ)। यसमा समाविष्ट छन् परमेश्वरले इच्छा गर्नुभएका इतिहासका सबै घटनाहरू, उदाहरणार्थ, ख्रीष्टलाई "अधर्मी मानिसहरू"-द्वारा क्रूसमा टाँगिनेछ भन्ने तथ्य (प्रे २:२३)। यसमा अन्य ती सबै खराब कामहरू पनि समाविष्ट छन् जुन यस अघिका खण्डहरूमा उल्लेख गरिएका थिए।

कति मानिसहरूले परमेश्वरको इच्छाका दुई पक्षहरूबीचको भिन्नताबारे आपत्ति उठाएका छन्, कारण उनीहरूको तर्कअनुसार, यसको अर्थ परमेश्वरमा "अन्तर्विरोध" छ भन्ने हुन्छ।[२३] तर मानव अनुभवको क्षेत्रमा पनि हामी यो जान्दछौं कि छोटो समयको पीड़ाबाट तर्किनुभन्दा हामीले धेरै चाहेको दीर्घकालीन परिणाम पाउनका (उदाहरणार्थ, बालकमा आज्ञाकारिता ल्याउने वा हामी आफैहरूलाई झन् साह्रो रोगदेखि बचाउने) लागि हामी कुनै कष्टदायी र हामीले नचाहने कुराको इच्छा गर्न अनि त्यसलाई पूरा गर्न सक्छौं (जस्तै, अनाज्ञाकारी बालकलाई सजाय दिनु वा हामीलाई केही समयको निम्ति बिरामी बनाउने सुई लाउनु)। अनि परमेश्वर हामीभन्दा असीम प्रकारले महान् र बुद्धिमान् हुनुहुन्छ। लामो समयपछि उहाँलाई अझ ठूलो महिमा ल्याओस् भनी उहाँका प्राणीहरूले केही छोटो समयको निम्ति उहाँलाई अप्रसन्न बनाउने कुनै काम गरोस् भनी उहाँले इच्छा गर्न उहाँको निम्ति निश्चय नै सम्भव छ। यो परमेश्वरमा भएको "अन्तर्विरोध" हो भन्नुचाहिँ यो व्याख्या "अन्तर्विरोधी" नहोस् भनी यहाँ छुट्ट्याइएका भिन्नताहरू बुझ्न असफल हुनु।[२४]

## घ. परमेश्वरका उर्दीहरू (Decrees)

परमेश्वरका उर्दीहरू भनेको *परमेश्वरका अनन्त योजनाहरू हुन्, जसद्वारा, संसारको सृष्टिभन्दा अघि, उहाँले ती घटनजाने सबै घटनाहरूलाई उत्पन्न गर्ने निर्णय गर्नुभयो।* यो धर्मसिद्धान्त पूर्वप्रबन्धसम्बन्धी धर्मसिद्धान्तजस्तै छ, तर उहाँ हामी *संसारको सृष्टिभन्दा अघि परमेश्वरका निर्णयहरू* सोचिरहेका छौं, कुनै एउटा

---

[२२]परमेश्वरको गुप्त र प्रकटित इच्छाबारेका छलफलको निम्ति हेर्नुहोस् पृ. २१३-१६।

[२३]यो आपत्ति I. Howard Marshall-को हो, "Predestination in the New Testamen," पृ. १७३।

[२४]परमेश्वरको इच्छाका दुईवटा अर्थहरूबारे आपत्ति उठाउनेहरूलाई John Calvin भन्छन्, "परमेश्वर ले उहाँका न्यायहरू इच्छा गर्नुभएर नै वा इच्छै नगर्नुभएर कार्यान्वयन गर्नुहुन्छ सो तिनीहरूले मलाई बताइदिऊन् भनी म बिन्ती गर्छु ... उहाँले जुन काम नहोस् भनी निषेध गर्नुहुन्छ सो उहाँले कसरी इच्छा गर्नुहुन्छ त्यो नबुझ्दा हामीले हाम्रो मानसिक असक्षमतालाई स्मरण गरौं।" उनी अगस्टिनलाई अनुमोदन गर्दै उद्धृत गर्छन्, "मानिसको निम्ति के इच्छा गर्नु र परमेश्वरको निम्त के इच्छा गर्नु सही हुन्छ त्यसमा ठूलो भिन्नता छ ... किनभने खराब मानिसहरूका नराम्रा इच्छहरूका माध्यमद्वारा परमेश्वरले धार्मिकतासित गर्नुभएको इच्छा पूरा गर्नुहुन्छ" (*Institutes*, 1:233-34 [1.18.3])।

निर्दिष्ट समयमा उहाँका पूर्वप्रबन्धीय कामहरूबारे होइन। उहाँको पूर्वप्रबन्धका कामहरू उहाँले धेरै अघि तोक्नुभएका उर्दीहरूका परिणामहरू हुन् ("उर्दी" शब्दलाई केही भिन्नै अर्थमा प्रयोग गरिएको बारे हे. अ. २।)

दाऊद स्वीकार्छन्, "मेरो निम्ति नियुक्त गरिएको आयु तपाईंको पुस्तकमा लेखिएको थियो। त्यसको एउटै कुरा पनि पूर्ण हुनअघि सबै लेखिएका थिए" (भज १३९:१६; तु. अयू १४:५: मानिसको जीवनका दिनहरू, महिनाहरू, सीमा परमेश्वरले ठहराउनुभएको छ)। "परमेश्वरले ठहराउनुभएको निश्चित *योजना* र पूर्वज्ञान" (प्रे २:२३)-अनुसार येशू मारिनुभयो अनि उहाँलाई दण्ड दिने र क्रूसमा टाँग्नेहरू परमेश्वरद्वारा "अघिबाटै ठहराइएका" थिए (प्रे ४:२८)। हाम्रो मुक्ति धेरै अघि निश्चित गरिएको थियो किनभने परमेश्वरले "उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔं भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो" (एफि १:४)। विश्वासीहरूका रूपमा हाम्रो असल कामहरू ती हुन्, *"हामी तीबमोजिम हिँड़ौं भन्ने हेतुले परमेश्वरले पहिलेबाटै तयार गर्नुभएको थियो"* (एफि २:१०; तु. याक ४)।

यी उदाहरणहरूले मानव क्रियाकलापका विभिन्न पक्षहरू अङ्गीकार गर्छन्। यी उदाहरणहरूबाट यो निष्कर्ष निकाल्न समुचित देखिन्छ कि परमेश्वरले गर्नुहुने सबै काम संसारको सृष्टिभन्दा अघि नै योजनाबद्ध गरिएको थियो, वास्तवमा यी कुरा उहाँसँग भएका अनादिकालीन योजनाहरू हुन्। परमेश्वरका उर्दीहरूमा जोड़ दिँदा हुने हित यो हो कि उहाँले काम गर्दैजानुहुँदा उहाँले अप्परझटमा योजना बनाउनुहुन्न भन्ने बुझ्न यसले हामीलाई सहायता गर्दछ। उहाँले अन्त्य सुरुदेखि नै जान्नुहुन्छ अनि उहाँले उहाँका सबै असल उद्देश्यहरू पूरा गर्नुहुनेछ। यसले उहाँमा हाम्रो भरोसा ठूलो मात्रामा बढ़ाउनुपर्दछ, विशेष गरी कठिन परिस्थितिहरूमा।

### ङ. हाम्रो मानव क्रियाकलापको महत्त्व

कहिलेकाहीँ हामी यो बिर्सन सक्छौं कि संसारलाई पूर्वप्रबन्धीय प्रबन्धन गर्दा परमेश्वरले *मानव क्रियाकलापको माध्यमबाट काम गर्नुहुन्छ*। यदि हामीले यो कुरा बिर्स्यौं भने हामी यो सोच्न सुरु गर्नेछौं कि हाम्रो क्रियाकलाप र छनोटहरूले कुनै बढ़ी भिन्नता ल्याउने होइन वा घटनाहरू कसरी घटनेछन् सोउपर तिनीहरूको कुनै प्रभाव हुनेछैन। परमेश्वरको पूर्वप्रबन्धबारे गलत समझहरूविरुद्ध सुरक्षा गर्नका लागि हामी निम्न कुराहरूमा जोड़ दिन्छौं।

**१. हामी अझै पनि हाम्रो क्रियाकलापहरूका निम्ति उत्तरदायी छौं।** हाम्रो क्रियाकलापहरूका निम्ति परमेश्वरले हामीलाई *उत्तरदायी* बनाउनुभएको छ, जुन क्रियाकलापका *वास्तविक र अनन्तकालीन महत्त्वपूर्ण परिणामहरू* हुन्छन्। उहाँका सबै पूर्वप्रबन्धीय कामहरूमा परमेश्वरले उत्तरदायित्व र महत्त्वका यी गुणहरू यथावत् राख्नुहुनेछ।

प्राकृतिक संसारबाट केही उपमाहरूले हामीलाई यो बुझ्न सहायता गर्ला। परमेश्वरले ढुङ्गालाई *कठोरताको* गुणसित बनाउनुभएको छ, र नै यो यस्तो छ।

परमेश्वरले पानीलाई तरलताको गुणसित सृष्टि गर्नुभएको छ, र यो तरल छ। परमेश्वरले वनस्पति र पशुहरूलाई प्राण भएको गुणसित सृष्टि गर्नुभएको छ, र ती जीवित छन्। यसरी नै, परमेश्वरले हामीलाई *हाम्रो पापहरूका निम्ति उत्तरदायी* गुणसहितको बनाउनुभएको छ, र हामी उत्तरदायी छौं ! यदि हामीले ठीक काम गऱ्यौं र उहाँको आज्ञा पालन गऱ्यौं भने उहाँले हामीलाई इनाम दिनुहुन्छ अनि सबै कुरा हाम्रो निम्ति यस जुनीमा र अनन्तकालको निम्ति असल रहनेछन्। यदि हामीले गलत काम गऱ्यौं र उहाँलाई टेरेनौं भने उहाँले हामीलाई अनुशासनमा ल्याउनुहुन्छ, शायद सजाय दिनुहुन्छ र कुराहरू बिग्रेर जान्छन्। यी तथ्यहरूको बोधले हामीलाई अरूसँग बोल्ने र तिनीहरूलाई आलस्य र अनाज्ञाकारितादेखि तर्किन प्रोत्साहन दिने पास्टरीय बुद्धि प्राप्त गर्न सहायता गर्छ।

हामी हाम्रो क्रियाकलापहरूका निम्ति उत्तरदायी छौं भन्ने तथ्यको अर्थ यो हो कि हामीले यसरी सोच्न सुरु गर्नु हुँदैन, "परमेश्वरले मलाई खराबी गर्न लगाउनुभयो, र त्यसकारण म यसको निम्ति जिम्मेवार छैनँ।" आदमले यस्तो अर्थमा पहिलो पापको निम्ति बहनाहरू बनाउन सुरु गरे जो सन्दिग्ध रूपले यस्तै देखिन्छन्, "जुन स्त्री तपाईंले मलाई मसँगै रहन भनी दिनुभएको थियो, त्यसैले मलाई त्यो रूखको फल दिई र मैले खाएँ" (उत ३:१२)। आदमको उल्टो, धर्मशास्त्रले पापको निम्ति परमेश्वरलाई *कहिल्यै* दोष दिँदैन। पापको निम्ति दोष दिइनुपर्ने व्यक्ति परमेश्वर हुनुहुन्छ भनी हामीले कुनै समय *सोच्न* सुरु गऱ्यौं भने, हामीले परमेश्वरको पूर्वप्रबन्धबारे *भुल प्रकारले* सोचेका छौं, किनभने दोष सदैव प्राणीलाई नै दिनुपर्छ, परमेश्वरलाई होइन। अब हामीले यो पनि आपत्ति उठाउन सक्छौं कि यदि परमेश्वरले नै वास्तवमा घटन जाने सबै घटनाहरू पूर्वनिर्धारण गर्नुभएको हो भने, परमेश्वरले हामीलाई उत्तरदायी ठहराउनु सही होइन। पावलले तर हामीलाई सच्याउँछन्, "तब तिमी मलाई भन्नेछौ, 'परमेश्वरले अझै किन दोष लगाउनुहुन्छ? किनकि उहाँको इच्छालाई कसले विरोध गर्न सक्छ? तर मानिस भएर परमेश्वरलाई जवाफ लाग्ने तिमी को हौ?'" (रोम ९:१९-२०)। हामीले यो बुझ्नैपर्दछ अनि हामीले यो मान्नैपर्दछ कि खराबीलाई हप्काउनु, अनुशासनमा ल्याउनु र सजाय दिनु परमेश्वरका लागि *उचित* छ। अनि, त्यसो गर्न हामी उत्तरदायी हुँदा, हामीले हाम्रो परिवारहरूमा, मण्डलीमा, अनि कुनै तरिकामा, हामीवरिपरि भएको समाजमै पनि, खराबीलाई हप्काउँदा र अनुशासनमा ल्याउँदा उचित काम गरेका हुन्छौं। कुनै खराब घटनाबारे हामीले यसो भन्नु हुँदैन, "परमेश्वरले इच्छा गर्नुभयो, र यो असल छ," किनभने हामीले यो बुझ्नुपर्दछ कि परमेश्वरको उर्दीको इच्छाले योजना गरेका कुनै कुराहरू ती स्वयम्मा असल हुँदैनन्, र तिनले हाम्रो अनुमोदन पाउनु हुँदैन, जसरी तिनले परमेश्वरको अनुमोदन पाउँदैनन्।

**२. हाम्रो क्रियाकलापहरूका वास्तविक परिणामहरू हुन्छन् र तिनले घटनाहरूका दिशा परिवर्तन गरिदिन्छन्।** साधारण सांसारिक दिनचर्यामा यदि मैले मेरो स्वस्थ्यको वास्ता गरिनँ भने, भोजनबारे मेरो बानी राम्रो छैन भने वा मैले मेरो शरीरमा

जाँड़-रक्सी वा सुर्तीको दुरुपयोग गर्छु भने, म छिट्टै मर्ने सम्भावना हुन्छ। हाम्रो *क्रियाकलापका* परिणामहरू निश्चय नै होऊन् भनी परमेश्वरले तोकिदिनुभएको छ। परमेश्वरले यो पूर्वप्रबन्ध गरिदिनुभएको छ कि *घटनाहरू हामीले गर्दा नै* घटून्। परमेश्वरले आजको यो दिनको बाँकी भागकै लागि पनि के योजना बनाउनुभएको छ, त्यो हामी निश्चय नै जान्दैनौं, अर्को हप्ता वा वर्षको त कुरै छाड़ौं। तर हामी यो *जान्दछौं* कि यदि हामीले परमेश्वरलाई भरोसा गर्‍यौं र उहाँका आज्ञा पालन गर्‍यौं भने, त्यो आज्ञाकारिताद्वारा हाम्रो निम्ति *असल कुराहरू* आऊन् भनी उहाँले योजना बनाउनुभएको छ भनी हामीलाई थाहा लाग्नेछ ! हामीले भेट्ने मानिसहरूलाई हामी त्यसै बेवास्ता गर्न सक्दैनौं, किनकि परमेश्वरले हाम्रो जीवनमा धेरै मानिसहरू ल्याउनुहुन्छ र हामीले तिनीहरूप्रति अनन्त प्रकारले महत्त्वपूर्ण हुने व्यवहार गर्नुपर्दछ – चाहे असलको लागि होस् वा खराबीको लागि।

Calvin-ले बुद्धिमानी प्रकारले यो टिप्पणी गर्छन् कि जीवनमा सामान्य होसियारीपन प्रयोग गरी अघिबाटै योजना बनाउनलाई "हामीबाट भविष्यका घटनाहरू लुकाउनमा परमेश्वर प्रसन्न हुनुहुन्छ, यसकारण कि हामीले तिनलाई शङ्काजनक भन्ठानी प्रतिरोध गरौं र ती घटनाहरूलाई नजितिएसम्म वा ती सारा सरोकारबाट पार नभएसम्म तयारी समाधानहरूसित ती घटनाहरूका विरोध गर्न हामी नथामियौं। ... परमेश्वरको पूर्वप्रबन्धले हामीलाई यसको नग्न रूपमा भेटदैन, तर एउटा अर्थमा प्रयोग गरिएको साधनले परमेश्वरले यसलाई ढाक्नुहुन्छ।"[२५]

यसको तुलनामा, यदि हामीले भविष्यमा कुनै जोखिम वा खराब घटनाहरू आउला भन्ने आशा गर्‍यौं भने र तीबाट तर्कने यथोचित साधनहरू प्रयोग गरेनौं भने, हामीलाई वास्तवमा यो पत्तो लाग्न सक्ला कि हाम्रो अकमर्ण्यता नै त्यो साधन थियो जसलाई परमेश्वरले ती घटनाहरू घटन दिनका निम्ति प्रयोग गर्नुभयो।

**३. प्रार्थना एउटा विशिष्ट किसिमको काम हो जसका निश्चित परिणामहरू हुन्छन् ।** संसारमा परिणामहरू ल्याउनलाई प्रार्थना एउटा अति महत्त्वपूर्ण साधन बनोस् भनी परमेश्वरले ठहराउनुभएको छ।[२६] जब हामीले कुनै विशेष व्यक्ति वा परिस्थितिको निम्ति गम्भीरतासित मध्यस्थताको प्रार्थना गर्छौं, हामी प्रायः नै यो पाउनेछौं कि संसारमा परिवर्तनहरू ल्याउनलाई उहाँले प्रयोग गर्नहुने *साधन* हाम्रो प्रार्थना होस् भनी परमेश्वरले ठहराउनुभएको थियो। धर्मशास्त्रले हामीलाई यसो भन्दा यसले हामीलाई यो स्मरण गराउँछ, "तिमीहरू इच्छा त गर्छौ, तर तिमीहरू पाउँदैनौ" (याक ४:२)। येशू भन्नुहुन्छ, "अहिलेसम्म तिमीहरूले मेरो नाउँमा केही मागेका छैनौ। माग, अनि तिमीहरूले पाउनेछौ। यसरी तिमीहरूको आनन्द पूर्ण होस्" (यूह १६:२४)।

**४. निष्कर्षमा भन्नुपर्दा, हामीले कदम चाल्नैपर्दछ** ! हामीले कुनै निश्चित घटनाहरूको परिणामलाई आलस्यपूर्ण भई पर्खिरहौं भन्ने प्रोत्साहन पूर्वप्रबन्धसम्बन्धी धर्मसिद्धान्तले

[२५]John Calvin, *Institutes*, 1:216 (1.17.4)।

[२६]प्रार्थनासम्बन्धी अझै विस्तृत विवेचनको निम्ति हे. अ. १८।

हामीलाई दिँदैन। हामीले कदम उठाउनुभन्दा अघि उहाँलाई पर्खनु र हाम्रो आफ्ना योग्यताहरूमा भरोसा गर्नुको सट्टा उहाँलाई पर्खनुपर्ने आवश्यकताबारे परमेश्वरले हामीलाई निश्चय नै बोध गराउनुहुन्छ – त्यो अवश्यै भुल होइन। तर जिम्मेवार भएर काम गर्नुको *सट्टामा* हामी परमेश्वरलाई नै भरोसा गरिरहेका छौं भन्नु केवल आलस्य हो अनि पूर्वप्रबन्धसम्बन्धी धर्मसिद्धान्तलाई विकृत बनाउनु हो।

व्यावहारिक तौरमा भन्नुपर्दा, मेरो छोराको भोलि बुझाउनुपर्ने गृहकार्य छ भने ऊ खेल्न बाहिर जानुभन्दा अघि मैले उसलाई त्यो गृहकार्य पूरा गर्न बाध्य बनाउनु उचित हो। जाँचहरूमा उसले पाउने अङ्कहरू परमेश्वरको हातमा छन् अनि यी अङ्कहरू कस्ता हुनेछन् सोबारे परमेश्वरले धैरै अघि नै निश्चित गरिसक्नुभएको छ भनी म बुझ्छु तर ती कति हुनेछन् सो म जान्दिनँ नता उसले नै जान्दछ। म निश्चित रूपले योचाहिँ जान्दछु कि उसले अध्ययन गऱ्यो भने र विद्यालयको काम ईमानदारीपूर्वक गऱ्यो भने उसले धेरै अङ्कहरू पाउनेछ। यदि उसले गरेन भने उसले पाउँदैन। यसकारण क्यालभिन भन्न सक्छन्,

> हाम्रो कर्तव्य के हो सो अब स्पष्ट भएको छ – तसर्थ, यदि परमेश्वर ले हाम्रो जीवनको सुरक्षा हाम्रो हातमा जिम्मा दिनुभएको छ भने हाम्रो कर्तव्य यसलाई रक्षा गर्नु हो; यदि उहाँले हामीलाई सहायताहरू दिनुहुन्छ भने हामीले ती प्रयोग गर्नुपर्छ, यदि आउने खतराहरूबारे हामीलाई चेताउनी दिनुहुन्छ भने हामी हाम फाल्नु हुँदैन, यदि उहाँले हामीलाई सुधारहरू उपलब्ध गराउनुहुन्छ भने ती हामीले बेवास्ता गर्नु हुँदैन। भनिन्छ, यदि कुनै पनि जोखिम प्राणघातक छैन र उपचार्यै छ भने यसले हामीलाई कुनै हानि गर्नेछैन, अनि यो प्राणै लिने किसिमको छ भने यसको उपाय छैन। तर खतराहरूलाई पछि हटाउने र पराजित गर्ने उपायहरू प्रभुले उपलब्ध गराउनुभएको कारण यदि ती खतराहरू मार्ने किसिमका छैनन् भने ? तब के गर्ने ?[२७]

परमेश्वरमा राखिने बलियो भरोसासित सम्मिलित जोड़दार कामको एउटा असल उदाहरण २ शमूएल १०:१२ मा पाइन्छ, जहाँ योआबले भन्छन्, "साहस गर ! हामी आफ्ना मानिसहरू र आफ्ना परमेश्वरका शहरहरूका निम्ति साहससित युद्ध गरौं" तर त्यही वाक्यमा उनी यो पनि तुरुन्तै थप्छन्, "*परमेश्वरको नजरमा जे ठीक छ उहाँले त्यही गर्नुहुनेछ*।" योआबले जे ठीक छ भनी सोच्दछन् त्यो गर्नलाई उनले युद्ध गर्नेछन् साथै परमेश्वरलाई भरोसा गर्नेछन्।

यस्तै उदाहरणहरू नयाँ करारमा पाइन्छन्। पावल कोरिन्थमा हुँदा उनले यहूदीहरूबाट पाएका विरोधको कारण उनी निराश नबनून् भनी परमेश्वर एक रात दर्शनमा उनीकहाँ देखापर्नुभयो र भन्नुभयो, "नडराऊ, तर बोल्दैजाऊ, र चूप नलाग, किनकि म तिम्रो साथमा छु, र कसैले तिमीलाई आक्रमण गर्न सक्नेछैन, किनकि *यस शहरमा मेरा धेरै मानिसहरू छन्"* (प्रे १८:९-१०)। यदि पावल परमेश्वरको पूर्वप्रबन्धबारे अनुचित समझ भएका नियतिवादी मानिस भएका भए, उनले

[२७] John Calvin, *Institutes,* 1:216 (1.17.4)।

परमेश्वरका वचन, "यस शहरमा मेरा धेरै मनिसहरू छन्"-लाई सुन्नेथिए र यो निष्कर्ष निकाल्नेथिए कि परमेश्वरले धेरै कोरिन्थीहरूलाई बचाउने निर्णय लिइसक्नुभएको थियो अनि उनी त्यहाँ बसे वा नबसे पनि यसले केही फरक ल्याउनेथिएन; बचाउनलाई परमेश्वरले धेरै मानिसहरूलाई छनोट गरिसक्नुभएको थियो ! पावलले आफ्नो झोला कसेर त्यहाँबाट हिँड्हिँडै राम्रो भनी सोच्ने थिए। तर पावल त्यो भुल गर्दैनन्। उनले बरु यो निष्कर्ष निकाल्छन् कि यदि परमेश्वरले यति धेरै मनिसहरूलाई चुन्नुभएको छ भने सम्भवतः उनले सुसमाचार प्रचार गरेको *माध्यमबाट* ती धेरै मानिसहरू बचाइएलान्। त्यसकारण पावलले बुद्धिमान् निर्णय लिन्छन्, "अनि परमेश्वरको वचन सिकाउँदै ... एक वर्ष ६ महीनासम्म तिनीहरूसँग" बस्छन् (प्रे १८:११)।

परमेश्वरीय पूर्वप्रबन्धको प्रकाशमा यस किसिमको उत्तरदायी कामलाई पावलले २ तिमोथी २:१० को एउटै वाक्यमा राखे, जहाँ उनले भने, "यसकारण चुनिएकाहरूका खातिर म हरेक कुरा सहन्छु, ताकि तिनीहरूले पनि अनन्त महिमासहित ख्रीष्ट येशूमा भएको मुक्ति प्राप्त गर्न सकून्।" मुक्ति पाऊन् भनी परमेश्वरले कति मानिसहरूलाई चुन्नुभएको कारण केही गर्नुपर्थेन भन्ने तथ्यको आधारमा पावलले तर्क गरेनन्। यसको सट्टामा, उनले यो निष्कर्ष निकाले कि परमेश्वरले नै स्थापना गर्नुभएको *साधनको* माध्यमबाट परमेश्वरका उद्देश्यहरू पूरा गरिनलाई *धेरै काम* गरिनुपर्थ्यो। परमेश्वरको अनन्तको योजना पूरा होस् भनी पावल सबै किसिमका कठिनाइहरू र दुःख-कष्टहरूलगायत "हरेक कुरा" सहन वास्तवमै इच्छुक थिए। परमेश्वरको पूर्वप्रबन्धमा हार्दिक विश्वास कार्यलाई हतोत्साह होइन तर उत्साह हो।

पावलले रोमको यात्रा गरेको विवरणमा यही कुराको एउटा सम्बन्धित उदाहरण पाइन्छ। परमेश्वरले पावललाई यो प्रकट गरिदिनुभएको थियो कि तिनीहरूले सामना गर्नुपरेको त्यो दीर्घकालीन आँधीबेहरीमा कोही पनि मर्नेथिएन। पावल वास्तवमै ती यात्रुहरू र नाविकहरूका सामुन्ने उभिए र उनले तिनीहरूलाई साहस गर्न लगाए।

> "तपाईंहरूमध्ये कसैको ज्यान जानेछैन, तर जहाजचाहिँ नष्ट हुनेछ। किनभने जुन परमेश्वरको म हुँ र जसको आराधना म गर्दछु, उहाँका एक दूत आज राती मेरो छेउमा खड़ा भए। उनले मलाई भने, "पावल, नडाऊ, तिमी कैसरको सामु अवश्य खड़ा हुनुपर्छ, र हेर तिमीसँग जहाजमा चढ्ने जति सबैका प्राण परमेश्वरले तिम्रो हातमा दिनुभएको छ। यसकारण मित्र हो, साहस गर्नुहोस्। म परमेश्वरमा विश्वास गर्छु, मलाई जस्तो बताइएको छ, ठीक त्यस्तै हुनेछ। तर हामीचाहिँ कुनै एउटा टापूमा बजारिनुपर्नेछ" (प्रे २७:२२-२६)।

तर पावलले यो भनेका केही समयपछि उनले यो देखे कि जहाजका नाविकहरूले जहाज डुब्दा जहाजबाट प्राण बचाउनको निम्ति राखिएको डुङ्गा आफूहरू "भाग्न"-लाई समुद्रमा झार्ने कोसिस गरिरहेका थिए" (प्रे २७:३०)। जहाज चलाउन पटक्कै नजान्ने मानिसहरूलाई जहाजमा छोड़ी जहाजका मानिसहरूलाई निस्सहाय बनाई

छोड़िदिने योजना बनाइरहेका थिए। पावलले यो देख्दा परमेश्वरले त्यो जहाजलाई आश्चर्यमय प्रकारले किनारमा पुऱ्याइदिनुहुनेछ भन्ने गलत, नियतिवादी मनोवत्ति लिएनन्। यसको सट्टामा, पावल जहाजका कप्तानकहाँ तुरुन्तै गए र तिनलाई भने, "यी मानिसहरू जहाजमा बसेनन् भने तपाईंहरू बाँच्न सक्नुहुनेछैन" (प्रे २७:३१)। बुद्धिमानीपूर्वक, पावलले यो जाने कि परमेश्वरको पूर्वप्रबन्धीय असावधानी अनि भावी घटनाबारे उनको स्पष्ट भविष्यद्वाणीमा सामान्य मानवीय *साधन*लाई पनि काममा लगाउनुपरेको थियो। उनी यति निर्भीक थिए कि ती साधनहरू *आवश्यक* थिए भनी उनले भन्न सके, *"यी मानिसहरू जहाजमा बसेनन् भने तपाईंहरू बाँच्न सक्नुहुनेछैन"* (प्रे २७:३१)। हामीले उनको उदाहरण अनुकरण गर्न भरसक कोसिस गर्नुपर्छ। यसो गर्दा परमेश्वरको पूर्वप्रबन्धमा पनि भरोसा गर्नुपर्छ, यो बुझ्दै कि परमेश्वरले जुन घटनाहरू जुन प्रकारले घटून् भनी योजना बनाउनुभएको छ त्यही प्रकारले ती घटनलाई साधारण साधनहरूको प्रयोग पनि आवश्यक हुन्छ।

**५. हामीले यो धर्मसिद्धान्तलाई पूर्ण रूपले बुझ्न सकेनौं भने के होला ?** परमेश्वरको पूर्वप्रबन्धमा चिन्तन गर्ने हरेक विश्वासी चाँड़ो होस् वा ढिलो एउटा यस्तो स्थितिमा आइपुग्छै-पुग्छ, जहाँ तिनले यो भन्नैपर्छ, "म यो धर्मसिद्धान्त पूर्ण रूपले बुझ्न सक्दिनँ।" हाम्रो समझ सीमित तर परमेश्वरको समझ असीमित भएको कारण (हे. अ. १) एक प्रकारले सबै धर्मसिद्धान्तबारे यो त भनिन्छ नै। तर विशेष गरी पूर्वप्रबन्धको धर्मसिद्धान्तबारे त यो कुरा उठ्छ नै। यो धर्मसिद्धान्त धर्मशास्त्रका अन्य शिक्षाहरूसित कसरी मिल्छ, सो हामीले पूर्ण रूपले नबुझे तापनि यसलाई हामीले विश्वास गर्नैपर्छ। क्यालभिनले केही बुद्धिमान परामर्श दिन्छन् :

> जसको निम्ति यो कुरा कठोर प्रतीत हुन्छ तिनीहरूले धर्मशास्त्रको प्रस्टै प्रमाणले अनुमोदन गरेको कुनै कुरालाई अस्वीकार गर्ने तिनीहरूको धर्मभीरुता कति सहनयोग्य हुन्छ, सो केही क्षणको निम्ति सोचून्, किनभने यो कुरा तिनीहरूको मानसिक क्षमताभन्दा बाहिरको कुरा हो, अनि कुराहरू सार्वजनिक रूपमा प्रस्तुत गरिएकोमा त्रुटि भेट्टाउँछन्, जो परमेश्वरले मानिसहरूले जान्न उपयोगी छ भनी निर्णय नगर्नुभएको भए, उहाँले उहाँका अगमवक्ताहरूलाई र प्रेरितहरूलाई शिक्षा दिने आदेश कहिल्यै दिनुहुने थिएन। किनभने पवित्र धर्मशास्त्रमा जे शिक्षा दिइएको छ, त्यसलाई सिक्न सक्ने विनम्र गुणसित, र कमसेकम त्यसमा त्रुटि नखोजी, ग्रहण गर्नुबाहेक हाम्रो बुद्धि अरू केही हुनु हुँदैन।[२८]

### च. थप व्यावहारिक प्रयोगहरू

यो धर्मसिद्धान्तको व्यावहारिक प्रयोगहरूबारे हामीले अगावै बताउन सुरु गरेका भए तापनि यहाँ तीनवटा अतिरिक्त कुराहरू छलफल गरिनुपर्दछ।

**१. भयभीत नबन्नुहोस् तर परमेश्वरमा भरोसा गर्नुहोस्।** हाम्रा सर्वशक्तिमान्

[२८] *Institutes,* 1:237(1.18.4)।

परमेश्वरले हाम्रो रक्षा गर्नुहुन्छ औ हामीलाई उहाँका छोराछोरीहरूका रूपमा वास्ता गर्नुहुन्छ भनी येशू जोड़ दिनुहुन्छ। उहाँले भन्नुहुन्छ, "आकाशका चराचुरुङ्गीलाई हेर। तिनीहरूले नता बीउ छर्छन्, न अन्न कटनी गर्छन्, न भकारीमा बटुल्छन्, तर तिमीहरूका स्वर्गका पिताले तिनीहरूलाई खुवाउनुहुन्छ। के तिमीहरू तिनीहरूभन्दा मूल्यवान् छैनौं र? ... यसकारण 'के खाऔंला?' कि 'के पिऔंला?' कि 'के पहिरौंला?' भनेर चिन्ता नगर" (मत्ती ६:२६,३१)। यदि परमेश्वरले चराचरुङ्गीलाई खुवाउनुहुन्छ र मैदानका घाँसलाई पहिराउनुहुन्छ भने उहाँले हाम्रो वास्ता गर्नुहुनेछ। यसरी नै येशू भन्नुहुन्छ, "के एक पैसामा दुई भँगेरा बिक्दैनन्? तीमध्ये एउटै पनि तिमीहरूका पिताको इच्छाविना भुइँमा खस्नेछैन। ... यसकारण तिमीहरू नडराओ, तिमीहरू धेरै भँगेराभन्दा बढ़ता मूल्यवान् छौ" (मत्ती १०:२९-३१)।

दाऊद उनका शत्रुहरूका माझमा निदाउन सक्थे किनभने उनले यो जानेका थिए कि परमेश्वरले उहाँको पूर्वप्रबन्धीय नियन्त्रणमा उनलाई "सुरक्षित राख्नहुन्छ" र उनले यो भन्न सके, "शान्तिमा म पल्टिनेछु र निदाउनेछु" (भज ४:८)। परमेश्वरमा भरोसा गर्न अनि नडराउनू भनी भजनसंग्रहका धेरैवटा पदहरूले हामीलाई प्रोत्साहित गर्छन् किनभने परमप्रभुले हामीलाई रक्षा गर्नुहुन्छ अनि उहाँका जनको सुरक्षा गर्नुहुन्छ – उदाहरणार्थ, भजन ९१ ("जो परमप्रधानको शरणमा वास गर्दछ ...") वा भजन १२१ ("पर्वततिर म आफ्ना आँखा उचाल्छु ...")। परमेश्वरको पूर्वप्रबन्धीय वास्तामा भएको हाम्रो आत्मविश्वासको कारण, हामीले कुनै खराबी वा हानिसित डराउने आवश्यकता छैन, हामीकहाँ ती आए तापनि ती परमेश्वरको इच्छाद्वारा नै आउन सक्छन् अनि हाम्रै भलाइको निम्ति आउँछन्। तसर्थ पत्रुस यो भन्न सक्छन्, "यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ। ... सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्" (१ पत्र १:६-७)। यी सबै कुराहरूमा हामीले भविष्यको फिक्री गर्ने आवश्यकता छैन तर परमेश्वरको सर्वशक्तिमान् वास्तामा भरोसा गर्नुपर्दछ।"

२. **हुनआउने सबै असल कुराहरूका निम्ति धन्यवादी बन्नुहोस्**। सबै असल कुराहरू परमेश्वरद्वारा नै हुन्छन् भनी हामीले साँचो गरी विश्वास गर्‍यौं भने हामीले यसोभन्दा हाम्रो हृदय वास्तवमै सन्तुष्ट हुन्छ, "हे मेरो प्राण परमप्रभुको प्रशंसा गर, र उहाँका सबै उपकारहरू नबिर्सी" (भज १०३:२)। हामी उहाँलाई दैनिक भोजनको निम्ति धन्यवाद दिनेछौं (तु. मत्ती ६:११; १ तिमो ४:४-५); साँच्चै नै हो, हामी "सबै परिस्थितिमा धन्यवाद" दिनेछौं" (१ थेस ५:१८)।

३. **"भाग्य" वा "संयोग" भन्ने कुनै कुरा छैन**। सबै कुरा परमेश्वरको पूर्वप्रबन्धअनुसार आउँछन्। यसको अर्थ यो हुन्छ कि हामीले विश्व र यसमा भएका घटनाबारे अझ बढ़ी "व्यक्तिगत" बोध अङ्गीकार गर्नुपर्दछ। विश्व अवैयक्तिक भाग्य वा संयोगद्वारा होइन तर परमेश्वरद्वारा नियन्त्र गरिएको छ। कुनै पनि घटना "त्यसै" घट्दैन – हामीले सारा दिनका घटनाहरूमा परमेश्वरको हात भएको देख्नुपर्छ, जुन

हातले उहाँलाई प्रेम गर्नेहरूका निम्ति सबै कुराहरू मिलेर भलाइ नै गराइरहेको हुन्छ।

परमेश्वरको यो बुद्धिमान् पूर्वप्रबन्धमा राखिने भरोसा निश्चय नै अन्धविश्वास बराबर हुँदैन, किनकि अन्धविश्वास परिस्थितिहरूमा अवैयक्तिक वा भूतीय नियन्त्रण हो, वा आज्ञाकारिता र विश्वासको सट्टामा विनाअर्थको पूजाआजका विधिहरूबारे मात्र सरोकार राख्ने स्वेच्छाचारी देवताद्वारा गरिएको नियन्त्रण हो। पूर्वप्रबन्धसम्बन्धी अझ गहन बोधले हामीलाई अन्धविश्वासी बनाउँदैन; यसले हामीलाई परमेश्वरमा अझ धेरै भरोसा गर्ने र अझ पूर्ण रूपले उहाँका आज्ञाकारी बनाउनेछ।

## छ. अर्को इभ्यान्जेलिकल् मत : अर्मेनी दृष्टिकोण

धेरै इभ्यान्जेलिकल्हरूद्वारा समर्थन गरिएका अर्को प्रमुख वैकल्पिक दृष्टिकोण छ, जसलाई हाम्रो सुविधाको निम्ति हामी "अर्मिनी मत" भन्नेछौं।[२९] समकालीन इभ्यानजेलिकलवादमध्ये मेथडिस्ट र नेजरिनहरू पूर्ण रूपले अर्मिनी बनेका देखिन्छ, जबकि प्रेज्बिटेरियन र क्रिसटियान रिफर्मडहरू पूर्ण रूपले रिफर्मडवादी भएका देखिन्छन् (कमसेकम तिनीहरूका विश्वासको विवरणअनुसार)। यी दुवै दृष्टिकोणहरू ब्याप्टिस्ट, एपिस्कपलियन (यद्यपि "Thirty-Nine Articles"-ले स्पष्टतः रिफमर्ड विचारधारामा जोड़ दिन्छ), डिस्पेन्सेशनलिस्ट, इभ्यानजेलिकल फ्रि चर्चेज्, लुथरन (यद्यपि यस मुद्दाबारे मार्टिन लूथर रिफर्मड सम्प्रदायका थिए) द चर्चेज् अब् क्राइस्ट र बहुसंख्यक क्यारिज्म्याटिक र पेन्टिकोस्टल समूहहरू (यद्यपि एसेम्बिलज् अब् गडजस्ता पेन्टिकोस्टल सम्प्रदायहरू मूलतः अर्मिनीवादी नै रहिआएका छन्)।

अर्मिनी दृष्टिकोणका पक्षधरहरूले यो दाबी गर्छन् कि मानिसको साँचो व्यक्तिता (personhood)-को निम्ति आवश्यक पर्ने *वास्तविक मानव स्वतन्त्रता* र *वास्तविक मानव छनोटहरू* परिरक्षण गर्नलाई परमेश्वरले हाम्रो स्वैच्छिक छनोटहरूलाई प्रेरित गराउन वा योजनाबद्ध गर्न सक्नुहुन्न। त्यसकारण तिनीहरूले यो निष्कर्ष निकाल्छन् कि परमेश्वरले पूर्वप्रबन्धअनुसार इतिहासमा वा इतिहासलाई गर्नुहुने नियन्त्रणमा घटने प्रत्येक घटनाको *प्रत्येक निर्दिष्ट विवरण* संलग्न हुनु हुँदैन, तर मानिसले जुन छनोट र कामहरू गर्छ, परमेश्वरले त्यहीअनुरूपका प्रतिक्रिया जनाउनुहुन्छ, र उहाँले यो काम यस्तो प्रकारले गर्नुहुन्छ कि यस संसारमा उहाँका उद्देश्यहरू अन्ततः

[२९] *अर्मेनियजम* शब्द यो मतलाई प्रतिनिधित्व गर्ने जिम्मेवार प्रबन्धहरूका शृङ्खलाहरूको शीर्षकको रूपमा हालैमा रोजिएको थियो : हे. Clark H. Pinnock, सम्पा., *The Grace of God, The Will of Man: A Case forArminianism*, ग्र्यान्ड र्‍यापिड्स : जोनडर्भ्यान, १९८९)। यसपछिको खण्डमा म यस पुस्तकबाट र यसभन्दा अघि Pinnock-द्वारा सम्पादित पुस्तक *Grace Unlimited*-बाट विस्तृत रूपमा उद्धृत गर्छु। यी दुई पुस्तकहरू अर्मेनी दृष्टिकोण समर्थक गर्ने हालैका उत्कृष्ट पुस्तकहरू हुन्।

Jacob Arminius (१५६०-१६०९) विशिष्ट डच् ईश्वरशास्त्री थिए। उनको समयमा प्रभुत्वमा रहेको क्यालभिनवादसित उनको मतभिन्नता थियो। अर्मिनवादीहरूले आज उनलाई व्यक्तिगत रूपमा प्रायः नै उद्धृत वा उल्लेख गर्दैनन्, तथापि उनको नाउँ यस्ता विभिन्न दृष्टिकोणहरूसित जोड़िएको छ जुन दृष्टिकोणहरूमा एउटा सामान्य तथ्यको प्रसङ्गमा सामान्यता छ, अनि त्यो हो – परमेश्वरको सार्वजनिक पूर्वप्रबन्ध (यस पुस्तकको विषयवस्तु) र पूर्वनियति वा चुनाउ (अ. ३२ को विषयवस्तु)-सम्बन्धी मानिसको स्वतन्त्र विचारबारे प्रश्नको सन्दर्भमा ती दृष्टिकोणहरू क्यालभिनवादी दृष्टिकोणहरूभन्दा भिन्नै छ।

*अर्मिनियन* र *अर्मेनियन* शब्दहरूमा झुक्किनु हुँदैन। *अर्मेनियन*ले पश्चिम एशियामा स्थित (आजको टर्की, इरान र सी.आई.सी.] प्राचीन देश *अर्मेनिया*का बासिन्दाहरू वा तिनीहरूका सन्तानहरूलाई बुझाउँछ।

पूरा हुन्छन्।

यो दृष्टिकोणलाई समर्थन गर्नेहरूले यो तर्क गर्छन् कि यस संसारमा परमेश्वरका उद्देश्यहरू अझ बढ़ी मात्रामा सार्वजनिक छन् अनि ती अनेक विभिन्न निर्दिष्ट घटनाहरूका माध्यमबाट पूरा गर्न सकिन्छन्। यसकारण, संसारको निम्ति परमेश्वरको उद्देश्य वा योजना "भविष्यका सबै सम्भाव्यताहरूलाई समेट्ने रूपरेखा" होइन तर "संसारको निम्ति गतिशील कार्यक्रम हो जसको कार्यान्वयन केही मात्रासम्म मानिसमा निर्भर गर्छ।"[३०] Cottrell भन्छन्, "सृष्टिमा भएको प्रत्येक पृथक् अणु, चीज, व्यक्ति र घटनाको निम्ति परमेश्वरको निर्दिष्ट, विनाशर्तको उद्देश्य छैन।[३१] अर्मिनीहरूले यो विश्वास गर्छन् कि परमेश्वरले उहाँका सबै लक्ष्य मानिसहरूका स्वतन्त्र छनोटहरूप्रति, ती छनोटहरू जे भए तापनि, प्रतिक्रिया जनाउनुहुँदै अनि ती छनोटहरूलाई उपयोग गर्नुहुँदै हासिल गर्नुहुन्छ।[३२] Pinnock भन्छन्, "पूर्वनियति प्रत्येक क्रियामा लागु हुँदैन; यो बरु परमेश्वरको विस्तृत उद्देश्य हो जो त्यो *संरचनात्मक सन्दर्भ* हो जसमा इतिहास गतिमान् हुन्छ।"[३३]

यसको अतिरिक्त अर्मिनी दृष्टिकोणका समर्थकहरूले यो विश्वास गर्छन् कि परमेश्वरको इच्छामा खराबी हुन सक्दैन। Pinnock भन्छन्, "मानिसको पतन त्यो सिद्धान्तको भावपूर्ण खण्डन हो कि परमेश्वरको इच्छा जहिले पनि पूरा हुन्छ।[३४] उनी भन्छन्, "मामिला यो होइन कि" परमेश्वरको इच्छा "उद्धार नपाएकाहरूको उद्धार नपाएको स्थितिमा पनि पूरा हुन्छ।"[३५] अनि I. Howard Marshall-ले पूर्ण रूपले प्रस्टै पुष्टि गर्छन्, "यो सत्य होइन कि हुने सबै घटनाहरू परमेश्वरले चाहनुभएकै घटनाहरू हुन्।"[३६] यी वक्तव्यहरूले यो स्पष्ट पार्छन् कि रिफर्मड र अर्मिनी दृष्टिकोणहरूमाझ भएका भिन्नताहरू शब्दावलीका भिन्नताहरू मात्र होइनन्। यी दुई दृष्टिकोणहरूबीच सारांशमा पनि वास्तविक मतभिन्नता छ। अर्मिनी दृष्टिकोणको प्रतिरक्षामा विभिन्न तर्कहरू अघि ल्याइन्छन्। ती तर्कहरूलाई मैले निम्नलिखित

---

[३०]Clark Pinnock, "Responsible Freedom in the Flow of Biblical History," *Grace Unlimited*-मा, पृ. १८।

[३१]Jack Cottrell, "The Nature of Divine Sovereignty," *The Grace Unlimited*-मा, पृ. १०७। मेरो विचारमा, यस पुस्तकमा भएका अर्मिनी अनेकौं श्रेष्ठ लेखहरूमध्ये यो लेख सबैभन्दा व्यापक र विश्वासोत्पादक छ। यो पुस्तक समग्रमा जिम्मेवार ढङ्गमा लेखिएको छ र अर्मिनी विचारधारालाई प्रतिनिधित्व गर्ने यो हालको सम्भवतः सर्वोत्तम सङ्कलन हो। यही ठेलीमा Cottrell-ले Clark Pinnock, Rice Richard र रिचर्ड राइसका प्रबन्धहरूले जस्तै भविष्यका घटनाहरूसम्बन्धी परमेश्वरीय सर्वज्ञतालाई इन्कार गर्दैनन्, र यसले उनलाई अन्तर्ज्ञानी अर्मिनवादीहरूको निकट ल्याउँछ जो आज इभ्यानजेलिकल सामान्य विश्वासीहरूले सही मानेका देखिन्छ।

[३२]I. Howard Marshall, *Grace Unlimited,* पृ. १२७-४३ मा आफ्नो लेख "Predestination in the New Testament"-मा धेरै ठाउँमा यो दाबी गर्छन्। Marshall-ले एउटा ज्याज ब्यान्डको उपमा दिन्छन् जसमा हरेक वादकले स्वतन्त्र प्रकारले कुनै धुन केही मात्रामा बेग्लै थरीले बजाउन सक्छ तथापि त्यो रचनाको मुख्य लक्ष्य र एकत्व यथावत् राखिन्छ (पृ. १३३)। तसर्थ, "बाइबलमा यस्तो परमेश्वरको चित्र छ जसले इतिहासमा नयाँ कुराहरू निर्णय गरिरहनुभएको छ र मानिसहरूका इच्छाहरूसित अन्तरक्रिया गरिरहनुभएको छ र साथै यस्तो परमेश्वरको चित्र छ जसले अनन्तकालीन विगतमा योजना बनाइरहनुभएको छ, अनि ती दुवै चित्रहरू समान रूपले वैध छन्" (Marshall, पृ. १४१)।

[३३]Pinnock, "Responsible Freedom," पृ. १०२।

[३४]ऐजन, पृ. १०२।

[३५]ऐजन, पृ. १०६।

[३६]Marshall, "Predestination in the New Testament," पृ. १३९।

चारवटा प्रमुख बुँदाहरूमा सारांशित गर्ने प्रयास गरेको छु।

**१. परमेश्वरको पूर्वप्रबन्धीय नियन्त्रणका उदाहरणहरूस्वरूप उद्धृत पदहरू अपवादहरू हुन् र तिनले परमेश्वरले मानव क्रियाकलापमा सामान्य रूपमा काम गर्नुहुने तरिका वर्णन गर्दैनन् ।** संसारमा परमेश्वरको पूर्वप्रबन्धीय संलग्नतालाई इङ्गित गर्ने पुरानो करारका खण्डहरू सर्वेक्षण गर्दै David J. A. Clines भन्छन् कि परमेश्वरका उद्देश्यहरूसम्बन्धी उहाँका भविष्यवाणीहरू र वक्तव्यहरूले सीमित वा निर्दिष्ट घटनाहरूतिर मात्र इङ्गित गर्छन् :

> परमेश्वरका योजनाहरूसम्बन्धी प्रायः सबै निर्दिष्ट उल्लेखहरूको ध्यान एउटा विशेष घटना वा घटनाहरूका एउटा सीमित शृङ्खलाहरूमा मात्र केन्द्रित हुन्छ, उदाहरणार्थ, "कल्दीहरूको देशको विरुद्धमा उहाँको योजना" (यर्मि ५०:४५)। यसको अतिरिक्त, यो *एउटै* परमेश्वरीय योजनासम्बन्धी कुरा होइन; विभिन्न खण्डहरूले विभिन्न आशयहरूबारे बताउँछन्, केही सन्दर्भहरूले वास्तवमा परमेश्वरका योजनाहरूलाई बहुवचनमा दिएका छन्। ... ती लेखांशहरू इतिहासभित्र परमेश्वरले उहाँका उद्देश्यहरू पूरा गरिरहनुभएको छ भन्ने दाबी हो।[३७]

Jack Cottrell यस विषयमा सहमत बन्छन् कि कुनै-कुनै स्थितिहरूमा परमेश्वरले असाधारण प्रकारले, अर्थात् "यस्ता प्राकृतिक कानुन र मानसिक स्थितिहरूका सूक्ष्म परिचालन गर्नुहुँदै" संसारमा हस्तक्षेप गर्नुहुन्छ। तर उनी यी असाधारण घटनाहरूलाई "विशेष पूर्वप्रबन्ध" भन्दै भन्छन्, "पुरानो करारमा विशेष पूर्वप्रबन्धका प्रचुर वर्णनहरू हुनु स्वाभाविक हो। तर परमेश्वरले त्यही समयमा यस्तै तरिकाहरूमा अस्ट्रेलिया र दक्षिण अमेरिकामा काम गरिरहनुभएको थियो भनी अनुमान गर्ने हामीसित कुनै कारण नै छैन।"[३८]

**२. क्यालभिनवादी दृष्टिकोणले परमेश्वरलाई गलत रूपले पापको निम्ति उत्तरदायी बनाउँछ ।** अर्मिनी दृष्टिकोण राख्नेहरूले यो प्रश्न गर्छन्, "हामीले पाप गरोस् भनी यदि परमेश्वरले उर्दी दिनुहुन्छ भने परमेश्वर कसरी पवित्र हुनुहुन्छ ?" तिनीहरूले यो पुष्टि गर्छन् कि परमेश्वर "पापका स्रष्टा" हुनुहुन्न अनि "कुनै खराब कुराबाट परमेश्वरको परीक्षा हुन सक्दैन, र उहाँ आफैले पनि कुनै मानिसको परीक्षा गर्नुहुन्न" (याक १:१३), "परमेश्वर ज्योति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन" (१ यूह १:५), र "परमप्रभु भला हुनुहुन्छ ... र उहाँमा केही दुष्टता छैन" (भज ९२:१५)।

माथि प्रतिपादित परमेश्वरको पूर्वप्रबन्धसम्बन्धी रायले, उनीहरू भन्छन्, हामीलाई

[३७]David J.A. Clines, "Predestination in the New Testament"-मा पृ. १२२; पृ. ११६-१७ पनि हे. । यस्तै प्रकारले James D. Strauss, *Grace Unlimited*-मा उनको लेख "God's Promise and Universal History," पृ. १९६ मा भन्छन् कि पावलले रोमी ९:९-१३ मा उल्लेख गरेका याकूब र एसावको उदाहरणले याकूब र एसावका सन्ततिका निम्ति परमेश्वरको सामूहिक योजनालाई बुझाउँछ र यसलाई परमेश्वरले मानिसहरूका जीवन वा हृदयमा सामान्यतः जसरी काम गर्नुहुन्छ त्यसको उदाहरणको रूपमा लिनु हुँदैन।

[३८]Jack Cottrell, "The Nature of Divine Sovereignty," पृ. ११२-१३।

कठपुतली वा रोबट बन्न बाध्य बनाउँछ जसले परमेश्वरले आदेश गर्नुभएको कामबाहेक अरू केही गर्न सक्दैन। तर यसले परमेश्वरमा नैतिक भर्त्सना ल्याउँछ, किनभने Marshall भन्छन्, "मेरो अभिकर्ताले के गर्छ त्यसको लागि म उत्तरदायी छु।"[३९] Pinnock यसलाई पुष्टि गर्छन्, "यस सिद्धान्तले दाबी गरेजस्तै, परमेश्वरको विरुद्धमा मानिसको विरोध *कुनै पनि अर्थमा* परमेश्वरको सर्वसत्तासम्पन्न इच्छा वा मूल कारण (Primary Cause)-को उत्पादन हो भन्नु केवल परमेश्वर-निन्दा हो।"[४०]

**३. परमेश्वरद्वारा गरिएका छनोटहरू साँचा छनोटहरू हुन सक्दैनन्।** परमेश्वरले हामीलाई स्वेच्छाले छनोटहरू गर्न दिनुहुन्छ भनी क्यालभिनवादीहरूले दाबी गर्दा अर्मिनी दृष्टिकोणका पक्षधरहरूले यो भन्नेछन् कि परमेश्वरद्वारा गरिएको कुनै पनि छनोट साँचा छनोटहरू हुन सक्दैनन् अनि यदि हामीले गर्ने छनोटहरू हामीलाई परमेश्वरले गर्नु लाउनुहुन्छ भने, हामी साँचो मानिस होइनौं। Cottrell भन्छन् कि क्यालभिनवादीहरूले परमेश्वरलाई मूल र मानिसहरूलाई गौन कारण भनी हेरेका कारण वास्तवमा अन्तिम निष्कर्ष यही प्राप्त हुन्छ कि कारण एउटै मात्र छ – परमेश्वर। उनी यो तर्क गर्छन्, यदि मानिसले एउटा चट्टान हटाउनलाई उत्तोलकको प्रयोग गर्छ भने, "उत्तोलोक साँचो दोस्रो कारण होइन तर गतिको वास्तविक कारणको साधन मात्र हो। ... मेरो निर्णयमा, कारणको धारणालाई यस अर्थमा प्रयोग गर्दा यसको कुनै वास्तविक महत्त्व हुँदैन। त्यस्तो प्रणालीमा मानिसको योगदान त्यो मात्र हुन्छ जो पूर्वनिर्धारित गरिएको हुन्छ।[४१]

Pinnock लेख्छन् :

> सुसमाचारमा परिकल्पना गरिएको यस प्रकारको व्यक्तिगत सङ्गति स्वतन्त्र निर्णय गरिँदा मात्र पूर्ण हुन्छ। यदि हामीले परमेश्वरको अनुग्रहलाई उहाँका प्राणीहरूलाई उहाँले गर्नुभएको व्यक्तिगत सम्बोधन हो भनी बुझ्ने इच्छा गर्छौं भने यसलाई हामीले बाइबलले जस्तै गरी गतिशील, छलबल प्रयोग नगर्ने, जबरजस्ती नगर्ने, अर्थमा बुझ्नुपर्दछ।[४२]

उनी यो पनि भन्छन् :

> यदि संसार मानिसको कुनै पनि निर्णयले प्रभाव नपार्ने पूर्णतः अघिबाटै निर्णय गरिएको संरचना हुँदो हो त, मानिस एउटा *अभिनेता* वा *स्वतन्त्र अभिकर्ता* हो भन्ने मानिसको आधारभूत अन्तर्ज्ञान निरर्थक हुनेथियो। उसले योजनाहरू बनाउनमा वा यस संसारलाई परिवर्तन गर्नका लागि गर्ने प्रयासहरू निरर्थक हुनेथिए। मानव स्वतन्त्रता नैतिक र बौद्धिक उत्तर दायित्वको पूर्वशर्त हो।[४३]

[३९]Marshall, "Predestination in the New Testament," पृ. १३६।
[४०]Pinnock, "Responsible Freedom," पृ. १०२।
[४१]Jack Cottrell, "The Nature of the Divine Sovereignty," पृह. १०४-५।
[४२]Pinnock, *Grace Unlimited*, पृ. १५।
[४३]Pinnock, "Responsible Freedom," पृ. ९५।

यस्तो हो भने, अर्मिनी दृष्टिकोणअनुसार, मानिसको पतन किन भयो ? पाप किन आयो ? Pinnock यसको उत्तर दिन्छन्, "ती हुन्छन् किनभने परमेश्वरले मानिसलाई यन्त्र बनाउन वा तिनीहरूमाथि उहाँको इच्छा लाद्न अस्वीकार गर्नुहुन्छ।"[४४] Marshall भन्छन्, "म स्वयम् र अर्को व्यक्ति संलग्न भएको कुनै कामको दिशालाई मैले पूर्वनिर्धारण गर्ने सम्भावना"-सम्बन्धी म यो भन्छु कि "स्वतन्त्र अभिकर्ताको तहमा यो सम्भव छैन।"[४५] परमेश्वर संसारका स्रष्टाजस्तै अनि संसार एउटा नाटकजस्तै हो भन्ने उपमा उपयोगी हुँदैन भनी उनी आपत्ति उठाउँछन् किनभने यदि हामीले ती पात्रहरू साँच्चै नै स्वतन्त्र छन् कि भनी सोध्यौं भने, "यो प्रश्न अयथार्थ प्रश्न" बन्नजान्छ।[४६]

तर पनि यस कुरामा ध्यान दिनुपर्दछ कि अर्मिनी ईश्वरशास्त्रीहरूले मानवजातिमा परमेश्वरको कुनै किसिमको प्रभाव छ भनी निश्चय नै मान्छन्। Marshall भन्छन्, "प्रार्थनाले पनि मानिसहरूलाई प्रभाव पार्छ। ... तसर्थ मानिसहरूका इच्छाहरू प्रार्थनाद्वारा प्रभावित हुन सक्छन्। यस्तो नभए त हामी प्रार्थना गर्ने नै थिएनौं। तसर्थ, *प्रार्थनामा विश्वास गर्नु भनेको मानव स्वतन्त्रताको कुनै किसिमको सीमामा, र मानिसहरूका इच्छाहरूमा कुनै किसिमको अबोधगम्य प्रभाव छ भनी विश्वास गर्नु हो।*"[४७]

मानव इच्छाको मूलभूत स्वतन्त्रताबारे तिनीहरूको दृष्टिकोण स्पष्ट पार्नलाई अर्मिनी दृष्टिकोणका सामर्थकहरूले नयाँ करारमा सित्तैंमा प्रदान गरिने सुसमाचार घरीघरी दोहोराइएको तथ्यतिर ध्यानाकर्षण गराउँछन्। पश्चात्ताप गर्नलाई र मुक्तिको निम्ति ख्रीष्टकहाँ आउनलाई मानिसहरूलाई दिइएका यी निमन्त्रणाहरूको अर्थ, यदि *प्रामाणिक हो* भने, तिनले तीप्रति प्रत्युत्तर जनाउने *क्षमता* इङ्गित गर्नुपर्छ। त्यसकारण, कुनै अपवादविना सबै मानिसहरूमा प्रत्युत्तर जनाउने क्षमता हुन्छ, परमेश्वरले सर्वसत्तापूर्ण रूपमा त्यो क्षमता विशेष ढङ्गले दिनुभएको मानिसहरूमा मात्र नभएर, सबै मानिसहरूमा उक्त क्षमता हुन्छ।

यस बुँदाको अतिरिक्त समर्थनमा, अर्मिनीहरू १ कोर १०:१३ लाई पाप नगर्ने हाम्रो क्षमताको स्पष्ट पुष्टीकरणको रूपमा हेर्थे। पावल कोरिन्थवासीहरूलाई भन्छन्, "मानिसहरूलाई आइपर्ने परीक्षाबाहेक तिमीहरू अरू परीक्षामा परेका छैनौं। परमेश्वर विश्वासयोग्य हुनुहुन्छ। उहाँले तिमीहरूलाई तिमीहरूका शक्तिदेखि बाहिरका परीक्षामा पर्न दिनुहुनेछैन, तर परीक्षाको साथसाथै उम्कने बाटो पनि बनाइदिनुहुन्छ – *यसरी तिमीहरू त्यसलाई खप्न सक्छौ*।" तर, यो भनिएको छ, यदि परमेश्वरले कहिलेकाहीँ हामीले पाप गरोस् भनी तोकिदिनुभएको छ भने यो वक्तव्य गलत हुनेछ, किनभने हामी पाप नगरी परीक्षाबाट उम्कनलाई "योग्य" बन्न सक्नेछैनौं।

[४४]ऐजन, पृ.१०८।

[४५]Marshall, "Predestination in the New Testament," पृ. १३४। त्यसरी नै उनी भन्छन्, जब कुनै व्यक्तिले ऊ र अर्को व्यक्तिबीचका सम्बन्धको दिशालाई पूर्वनिर्धारण गर्ने प्रयास गर्छ ... त्यस्तो अवस्थामा *यो अवधारणा तर्कशास्त्रीय रूपले अन्तरविरोधी हुन्छ"* (पृ. १३५)।

[४६]ऐजन, पृ. १३३।

[४७]ऐजन, पृह. १३९-४० (आरम्भिक मूलपाठमा जोड़)।

**४. अर्मिनी दृष्टिकोणले उत्तरदायी ख्रीष्टियान जीवन यापनलाई प्रोत्साहित गर्छ, क्यालभिनवादी दृष्टिकोणले जोखिमपूर्ण नियतिवादलाई प्रोत्साहित गर्छ।** अर्मिनी दृष्टिकोणलाई विश्वास गर्ने ख्रीष्टियानहरूले यो तर्क गर्छन् कि क्यालभिनवादी दृष्टिकोण राम्ररी अध्ययन गरियो भने, यसले उत्तरदायी ख्रीष्टियान आचरणका उत्प्रेरणाहरूलाई नष्ट गरिदिन्छ। Randall Basinger भन्छन् कि क्यालभिनवादी दृष्टिकोणले "जे हुनुपर्थ्यो त्यही सिद्ध गर्दछ अनि मामिला भिन्नै हुन सक्थ्यो वा हुनपर्थ्यो भन्ने विचारलाई वर्जित गर्दछ।"[४८] Basinger-ले यसो भन्दै उनको भनाइ जारी राख्छन् कि ती ख्रीष्टियानहरू

> जसले परमेश्वरको सर्वसत्तालाई आह्वान गर्ने र परमेश्वरको सर्वसत्ताको आधारमा काम गर्छन्, उनीहरू स्वेच्छाचारी, बस्न नसकिने, र जोखिमपूर्ण नियतिवाद अप्नाउने दोषी हुन्छन्। ... यसको विपरीत, अर्मिनीहरू विश्वास गर्छन् कि संसारमा जे वास्तवमा हुनआउँछ, त्यो केही हदसम्म, मानवीय मनोरथको परिणामस्वरूप हुनआउँछ; संसारमाथि परमेश्वरको व्यापक नियन्त्रण अस्वीकार गरिन्छ। यसको अर्थ यो हुन्छ कि परमेश्वरले नचाहनुभएको थोकहरू हुनआउन सक्छन्; थोकहरू भिन्न *हुनसक्छन्* मात्र होइन तर प्रायः नै भिन्नै *हुनुपर्छन्*। अनि यी सबैबाट एउटा परिणाम आउँछ – उत्तम संसारको लागि परमेश्वरसँग काम गर्ने हाम्रो जिम्मेवारी हुन्छ।[४९]

तर, Basinger-ले अर्को कुरा पनि भन्छन्, क्यालभिनवादीहरू, व्यवहारमा, प्रायः नै यस्तो नियतिवादबाट तर्किन्छन् अनि "अर्मिनीहरूजस्तै जिउँछन् र कुरा गर्छन्।"[५०] तसर्थ, एउटा पक्षमा, उनको चुनौती ती व्यावहारिक पराकाष्ठाहरूविरुद्ध दिइएको चेताउनी हो जहाँ पुग्न क्यालभिनवादले ख्रीष्टियानहरूलाई तर्कसङ्गत रूपमा बाध्य पार्छ भनी उनी दाबी गर्छन्। अर्को पक्षमा, उनको आपत्तिले यो दाबी गर्छ कि जब क्यालभिनवादीहरू त्यसरी जिउँछन्, जसरी बाँच्नैपर्छ भनी उनीहरू जान्दछन्, अर्थात् परमेश्वरप्रति उत्तरदायी आज्ञाकारितामा, उनीहरू कि परमेश्वरीय सर्वसत्ताबारे आफ्नो दृष्टिकोणसित उनीहरू असङ्गत हुन्छन्, कि त परमेश्वरको परम नियन्त्रणलाई उनीहरूका दैनिक जीवनलाई प्रभावित पार्ने अनुमति उनीहरू नदिइरहेका हुन्छन्।

## ज. अर्मिनी दृष्टिकोणलाई प्रत्युत्तर

इभ्यानजेलिकल संसारमा धेरै मानिसहरूले यी चारवटा अर्मिनी तर्कहरू पत्यार पार्ने किसिमका पाउनेछन्। तिनीहरू यस्तो बोध गर्नेछन् कि यी तर्कहरूले तिनीहरूका आफ्नोबारे, तिनीहरूका व्यक्तिगत क्रियाकलापहरूबारे, र संसार कसरी चल्छ भन्नेबारे तिनीहरूले सहजज्ञानअनुसार जे जानेका हुन्छन् तिनैलाई

[४८]Randall G. Basinger, "Exhaustive Divine Sovereignty: A Practical Critique," *The Grace of God, the Will of Man: A Case for Arminianism,* सम्पा. Clark H. Pinnock, पृ. ९४ मा।
[४९]ऐजन, पृ. १९६।
[५०]ऐजन, पृ. २०४।

प्रतिनिधित्व गर्छन् अनि हाम्रो उत्तरदायित्वहरूमा र हाम्रो छनोटहरूका वास्तविक नतीजाहरूमा धर्मशास्त्रले बारम्बार दिने जोड़हरूबारे यी तर्कहरूले सर्वोत्तम व्याख्या दिन्छन्। तथापि, यससम्बन्धी अर्मिनी दृष्टिकोणलाई दिन सकिने केही उत्तरहरू छन्।

**१. के धर्मशास्त्रका यी खण्डहरू असाधारण उदाहरणहरू हुन्, वा के यी खण्डहरूले परमेश्वरले सामान्यतः काम गर्ने तरिका वर्णन गर्छन् ?** परमेश्वरको पूर्वप्रबन्धीय नियन्त्रणका उदाहरणहरूले सीमित वा निर्दिष्ट घटनाहरूलाई मात्र बुझाउँछन् भन्ने जुन आपत्ति छ त्यसको उत्तरमा यो भन्न सकिन्छ – सर्वप्रथम, ती उदाहरणहरू यत्ति धैरै छन् कि (माथि हे.) परमेश्वरले दिनरात गर्नुहुने कामका तरिकाहरूलाई वर्णन गर्नलाई तिनीहरूको ढाँचा तयार गरिएको प्रतीत हुँदछ। परमेश्वरले *कुनै निर्दिष्ट* घाँसलाई मात्र उमार्नुहुन्न, उहाँले सबै घाँसहरूलाई उमार्नुहुन्छ। उहाँले *कुनै निर्दिष्ट* वृष्टिलाई मात्र पठाउनुहुन्न, सबै वृष्टिहरूलाई पठाउनुहुन्छ। उहाँले आफ्नो इच्छाविना केही भँगेराहरूलाई मात्र भुइँमा खस्नदेखि बचाउनुहुन्न, उहाँले आफ्नो इच्छाविना सबै भँगेराहरूलाई भुइँमा खस्नदेखि बचाउनुहुन्छ। दाऊद बोल्नुभन्दा पनि पहिले उनको मुखमा भएको प्रत्येक शब्द मात्र उहाँले जान्नुहुन्न, तर हामी बोल्नुभन्दा पनि पहिलै हाम्रो मुखहरूमा भएका कुराहरू उहाँ जान्नुहुन्छ। उहाँको अगाड़ि पवित्र र निर्दोष हुनलाई उहाँले एफिसीमा भएका पावल र ख्रीष्टियानहरूलाई मात्र चुन्नुभएको छैन; उहाँको अगाड़ि पवित्र र निर्दोष होऊन् भनी उहाँले सबै ख्रीष्टियानहरूलाई चुन्नुभएको छ। यसैकारण परमेश्वरले पुरानो करारमा भन्दा अस्ट्रेलिया वा दक्षिण अमेरिकामा भिन्नै प्रकारले काम गरिरहनुभएको थियो भन्ने Cottrell-को गरेका दाबी अति अविश्वसनीय छ।[५१] परमेश्वरका तरिकाहरू बताउनका लागि हामीलाई धर्मशास्त्र दिइएको छ, अनि यसबारे स्पष्ट शिक्षाहरू भएका पुरानो र नयाँ करारभरि दर्जनौं उदाहरणहरू हामीसित छन् भने, हामीले यो निर्ष्कष निकाल्नु समुचित देखिन्छ कि परमेश्वरले मानिसहरूसँग *सदैव* यही तरिकामा काम गर्नुहुन्छ। यसको विपरीत, धर्मशास्त्रमा यस्तो कुनै कुरा भएको देखिँदैन जसले यो सङ्केत देला कि कति कुराहरू परमेश्वरको पूर्वप्रबन्धबाहिर छन्, वा परमेश्वरको काम गर्ने यी तरिकाहरू उहाँले सामान्यतः काम गर्नुहुने तरिकाहरूमा असाधारण छन् वा तिनका अप्रातिनिधिक हुन्।

यसको अतिरिक्त, परमेश्वरको पूर्वप्रबन्धबारे बताउने धेरैवटा पदहरू अति नै सामान्य छन् – ख्रीष्टले "उहाँको शक्तिको वचनद्वारा सबै कुराहरू निरन्तर सम्भाल्नुहुन्छ" (हिब १:१३, लेखकको अनुवाद), र "उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् " (कल १:१७)। "हामी उहाँमा जिउँछौं, र उहाँमा चलहपहल गर्छौं, र उहाँमा हाम्रो अस्तित्व छ" (प्रे १७:२८)। उहाँले "सबै कुरा आफ्नो इच्छाको योजनाअनुसार पूरा गर्नुहुन्छ" (एफि १:११)।[५२] उहाँले हाम्रो भोजन उपलब्ध

[५१]Jack Cottrell, "The Nature of the Divine Sovereignty," पृ. ११३।]

[५२]Jack Cottrell, "The Nature of the Divine Sovereignty,"-ले यो तर्क गर्छ कि एफिसी १:११ को सन्दर्भले यो देखाउँछ कि यसले विश्वमा भएका सबै कुरा समाविष्ट गर्दैन तर यो एउटा निर्दिष्ट केन्द्रबिन्दुमा

गराउनुहुन्छ (मत्ती ६:११), हाम्रा सबै खाँचो पूरा गरिदिनुहुन्छ (फिलि ४:१९), हाम्रा कदमहरूलाई निर्देशन दिनुहुन्छ (हितो २०:२४), उहाँको असल अभिप्रायअनुसार इच्छा गर्न र काम गर्नका लागि हामीमा काम गर्नुहुन्छ (फिलि २:१३)। धर्मशास्त्रका त्यस्ता पदहरूको ध्यान मानवजातिका कामकाजमा परमेश्वरद्वारा हुने असाधारण हस्तक्षेपका उत्कृष्ट उदाहरणहरूभन्दा पनि अझ ठूलो कुरामा लागेको हुन्छ; परमेश्वरले संसारमा सधैं कसरी काम गर्नुहुन्छ सो ती पदहरूले वर्णन गर्छन्।

**२. के परमेश्वरको पूर्वप्रबन्धसम्बन्धी क्यालभिनी धर्मसिद्धान्तले पापको निम्ति परमेश्वरलाई उत्तरदायी ठहराउँछ ?** परमेश्वरको पूर्वप्रबन्धसम्बन्धी क्यालभिनी दृष्टिकोणको (जसले परमेश्वरले पाप र खराबीलाई अनुमति दिने उर्दी निकाल्नुहुन्छ भन्छ) विरुद्धमा अर्मिनीहरू यो भन्छन् कि परमेश्वर पाप र खराबीको निम्ति उत्तरदायी हुनुहुन्न *किनभने उहाँले पाप र खराबी आदेश गर्नुभएन वा उहाँ कुनै पनि प्रकारले तिनको कारण बन्नुभएन।* परमेश्वरलाई पापको निम्ति उत्तरदायित्व वा दोषबाट मुक्त गरिदिने *एउटा तरिका* निश्चय यो हो, तर के यो बाइबलीय तरिका अनुसारको छ ?

समस्या यही हो कि के कति मानिसहरूले पाप वा खराबी गरून् भनी परमेश्वरले आदेश दिनुहुन्छ भनी स्पष्ट बताउने बाइबलका धेरैवटा मूलपाठहरूको व्याख्या अर्मिनी दृष्टिकोणले वास्तवमै गर्नसक्ला त ? (यसअघिको खण्ड ख.७ हे.। ख्रीष्टको मृत्यु यसको प्रमुख उदाहरण हो, तर बाइबलमा यस्ता अन्य उदाहरणहरू धेरै नै छन् (तीमध्ये केही हुन् – योसेफका दाज्यूहरू, कनानीहरू, एलीका छोराहरू, दाऊदले गरेका जनगणना, र बेबीलोनीहरू)। यी घटनाहरू असाधारण थिए भनी उत्तर दिन सकिन्छ। परमेश्वरले काम गर्नुहुने तरिकाहरूका यी अपवादहरू हुन्। तर यसले समस्या हल गर्दैन किनकि, अर्मिनी दृष्टिकोणमा, परमेश्वरले एउटै पापमय कामको पनि आदेश दिनुहुन्छ भने उहाँ कसरी पवित्र रहन सक्नुहुन्छ ?

क्यालभिनी दृष्टिकोण योभन्दा अझ उत्तम देखिन्छ – परमेश्वर स्वयम्ले कहिल्यै पनि पाप गर्नुहुन्न तर उहाँले जहिले पनि उहाँको *इच्छा गौण कारणहरूका* माध्यमबाट पूरा गर्नुहुन्छ, अर्थात् विभिन्न नैतिक अभिकर्ताहरूका माध्यमबाट, जसले परमेश्वरले दिनुभएको आदेश स्वेच्छापूर्वक र सहर्ष पालन गर्छन्। तिनीहरूले गर्ने खराब

---

सीमित छ: "यो केन्द्रबिन्दु हो उहाँको 'आफ्नो इच्छाको रहस्य' (१:९), जुन रहस्य हो यहूदी र गैर-यहूदीहरूलाई एउटै शरीर, अर्थात् मण्डलीमा एक बनाउनु (३:६)।" यसकारण, उनी भन्छन् कि यो पदले "यहूदी र अन्यजातिहरूलाई एउटै शरीरमा एउटै सिरमुनि एक बनाउनु आवश्यक पर्ने 'सबै कुरा'-तिर इङ्गित मात्र गर्छ" (पृ. ११६)।

तर यो तर्क विश्वास दिलाउने किसिमको छैन। एफिसी १:११ मा भएको "सबै कुरा"-को निम्ति उनले खोज्ने सान्दर्भिक प्रतिबन्ध भेट्टाउनलाई Cottrell-ले एफिसी ३:६ लाई नाघेर जानुपर्छ। यसो गर्दा तिनले यसअघिको पदमा परिभाषित गरिएको सन्दर्भको अन्तरिक्षीय क्षेत्रलाई प्रस्टै रूपमा अदेख गर्नैपर्दछ; यो पद ग्रीक मूलपाठको उही वाक्यमा छ, "ताकि समय पूरा भएपछि *स्वर्ग र पृथ्वीमा भएका सबै थोकहरू* [ग्रीकमा *ta panta*] ख्रीष्टको अधीनमा आऊन्" (एफिसी १:१०)। स्वर्ग र पृथ्वीमा भएका थोकहरूमा सम्पूर्ण विश्व समाविष्ट छ। एफिसी १:२१-२२ ले यो थप व्याख्या गर्छ कि परमेश्वरले ख्रीष्टलाई उच्च पार्नुभएको छ, "सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, ... र परमेश्वरले सबै कुरा उहाँको पाउमुनि राखिदिनुभयो, र मण्डलीको निम्ति उहाँलाई नै *सबै कुरा*को शिर बनाइदिनुभयो।" एकपटक फेरि यो क्षेत्र विश्वव्यापी छ। एफिसी १:९ मा उल्लेखित परमेश्वरको इच्छाको "रहस्य" यहूदी र गैरयहूदीहरूलाई एक बनाउने कार्यसम्म मात्र सीमित छैन (जस्तो गरी ३:६ मा) तर यसलाई १:१० मा सबै कुरा ख्रीष्टमा एक बनाउने योजना भनी परिभाषित गरिएको छ। पावलअनुसार, *रहस्य* ( (ग्रीक

कामको निम्ति यी विभिन्न नैतिक प्राणीहरू (मानिस र खराब स्वर्गदूतहरू दुवै)-लाई नै दोष दिइनुपर्छ। अर्मेनी दृष्टिकोणले, मानवीय तहमा, मानिसहरूले *अरूहरूलाई जे गर्न लाउँछन्* त्यसको निम्ति मानिसहरू पनि उत्तरदायी हुन्छन् भन्ने आपत्ति उठाए तापनि, हामी यो उत्तर दिन सक्छौं कि धर्मशास्त्रले परमेश्वरबारे यस्तो तर्क उपयुक्त हो भनी मान्दैन। परमेश्वरले रहस्यमय र लुकेको तरिकामा मानिसहरूले जसरी भए पनि पाप गरोस् भनी आदेश दिनुभएको उदाहरणहरू धर्मशास्त्रले बारम्बार दिन्छ तर पाप गर्ने व्यक्तिहरूलाई नै त्यस गलत कामको निम्ति दोष लाउँछ, परमेश्वरलाई कहिल्यै पनि लाउँदैन। उहाँको पवित्रता तथा पापको निम्ति हाम्रो आ-आफ्नै मानवीय उत्तरदायित्वलाई परिरक्षण गर्नुहुँदै, परमेश्वरले संसारमा यस तरिकाले किन काम गर्न सक्नुहुन्न भनी बुझाउन अर्मिनी दृष्टिकोण असफल बनेको देखिन्छ।

**३. के परमेश्वरद्वारा ठहराइएका छनोटहरू वास्तविक छनोटहरू हुन सक्छन् ?** परमेश्वरद्वारा ठहराइएका छनोटहरू वास्तविक छनोटहरू हुन सक्दैनन् भन्ने दाबीको प्रत्युत्तरमा यो भन्नैपर्दछ कि यो धर्मशास्त्रका विशेष मूलपाठहरूमा नभएर फेरि पनि मानव अनुभव र अन्तर्बोधमा आधारित अनुमान मात्र हो।[५३] तथापि उहाँका सृष्टिको, विशेष गरी मानिसहरूको सम्बन्धमा, परमेश्वरको पूर्वप्रबन्धीय नियन्त्रणबारे विचार गर्दा हामीले हाम्रो मानवीय अनुभवहरूद्वारा जानेका कुराको आधारमा अज्ञात ज्ञानको अनुमान गर्न सक्छौं भनी धर्मशास्त्रले सङ्केत दिँदैन। परमेश्वरद्वारा ठहराइएको छनोट वास्तविक छनोट होइन भनी धर्मशास्त्रले कहाँ भनेको छ ? भन्ने प्रश्नको उत्तर अर्मिनीहरूले दिएकै छैनन्।[५४] परमेश्वरले हाम्रो इच्छा, छनोट गर्न सक्ने हाम्रो शक्ति र हाम्रो व्यक्तिगत इच्छाशक्तिको माध्यमबाट काम गर्नुहुन्छ भन्ने कुरा देखाउने धर्मशास्त्रका उद्धरणहरू पढ्दा, हामीले कुन आधारमा यो भन्न सक्छौं कि परमेश्वरले यी साधनहरूका माध्यमबाट उत्पन्न गर्नुभएका छनोटहरू स्वतन्त्र छनोटहरू होइनन् ? परमेश्वरले हाम्रो छनोटहरू स्वतन्त्र छनोटहरू हुन् *भन्नुहुन्छ* भनी पुष्टि गर्नु र त्यसैकारण ती छनोटहरू *वास्तविक छनोटहरू हुन्* भनी निष्कर्ष

*mysterion*)-को अर्थ पहिला लुकेको तर अब प्रकाशद्वारा प्रकट गरिएको कुरा हो अनि यसले विभिन्न सन्दर्भहरूमा विभिन्न कुराहरूलाई बुझाउन सक्छ – एफि ५:३२ मा यसले विवाहलाई ख्रीष्ट र मण्डलीका सम्मिलनको प्रतीकको रूपमा इङ्गित गर्छ; १ कोर १५:५१ मा यसले पुनरुत्थान भएको शरीर इङ्गित गर्छ, इत्यादि।

[५३]यो Cottrell-को चट्टान सार्नलाई उत्तोलक प्रयोग गर्ने मानिसको उपमाको मामिला हो। तिनी यो भन्छन् कि उत्तोलक "साँचो दोस्रो कारण होइन, साँचो कारणको एउटा औजार मात्र हो" ("The Nature of the Divine Sovereignty," पृ. १०४)। तर धर्मशास्त्रैबाट लिइएका उपमाहरूभन्दा बरु मानव अनुभवबाट लिइएका उपमाहरूले कुन साँचो कारण हो र कुन होइन भन्ने निर्णय गर्न सक्छन् भन्ने अनुमान गर्दै Cottrell-ले उहाँ सामान्य भुल गर्छन्। एउटा मानिसले चट्टान सार्नलाई उत्तोलक प्रयोग गरेको उपमा उहाँ मिल्दैन, किनभने परमेश्वर कुनै मानिसभन्दा कता हो कता महान् हुनुहुन्छ, अनि साँचा मानिसहरूका रूपमा हामी मानिसहरू कुनै उत्तोलकभन्दा कता हो कता महान् छौं।

[५४]अर्मिनीहरूको यो आधारभूत धारणालाई धर्मशास्त्रीय समर्थनको अभाव स्वतन्त्र इच्छाबारे ज्याक Cottrell-को विवेचनमा प्रत्यक्ष छ। स्वैच्छिक, तत्पर छनोटहरू गर्ने अर्थमा मात्र हामी स्वतन्त्र छौं भनी क्यालभिनीहरूले भन्छन् भन्दै एकदम ठीक व्याख्या गरेपछि, कोरटेल भन्छन्, "*मेरो विचारमा,* आफ्नो चाहनाअनुसार काम गर्ने क्षमता मात्र स्वतन्त्रताको पर्याप्त मानदण्ड होइन" ("The Nature of the Divine Sovreignty," पृ. १०३, अक्षरहरू छड्के पारी दिइएको जोड़ मेरो)। त्यसपछि यो किन उनको विचार हो भनी प्रमाणित गर्नका लागि उनी धर्मशास्त्रबाट प्रमाण दिँदैनन् (पृह. १०३-४)। म यसको प्रत्युत्तर यसरी दिन चाहन्छु, Cottrell-ले विवेचनमा मानवीय स्वातन्त्र्यको प्रकृतिबारे एउटा बाइलीयेतर *पूर्वानुमान* घुसाएका छन् र त्यसपछि क्यालभिनवाद उनको (बाइलीयेतर) मानदण्डको कसौटीमा खरो उत्रन सक्दैन भनी घोषणा

निकाल्नु उत्तम देखिन्छ। हाम्रो छनोटहरू साँचो छनोटहरू हुन्, तिनका *वास्तविक* नतीजाहरू हुन्छन् र ती नतीजाहरू अनन्तकालसम्म रहिरहन्छन् भनी धर्मशास्त्रले बारम्बार भन्छ। "त्यसै गर, र तिमी जिउनेछौ" (लूक २०:२८)। "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि *उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्" (यूह ३:१६)*।

यसले हामीलाई यो निष्कर्ष निकाल्न बाध्य बनाउँछ कि (१) हामीले गर्ने सबै कामहरू उहाँले ठहराउनु हुन्छ वा निर्दिष्ट गर्नुहुन्छ र (२) हामीले आफ्नो व्यक्तिगत इच्छा प्रयोग गर्छौं र स्वतन्त्र, स्वेच्छिक छनोटहरू गर्छौं। हामीले यो बुझ्न सक्दैनौं भन्दैमा के यसलाई हामीले रद्द गरिदिने ? वनस्पति कसरी जिउँछ (कुनै पनि अन्तिम अर्थमा), भमरो कसरी उड्न सक्छ, परमेश्वर कसरी सर्वज्ञ वा अनन्तका हुनुहुन्छ सो हामी बुझ्न सक्दैनौं। त्यसकारण के हामीले ती तथ्यलाई रद्द गरिदिनु ? वनस्पतिहरू वास्तवमै जिएका वा भमरो वास्तवमै उड़ेको देखेर, वा परमेश्वर सर्वज्ञ र अनन्त हुनुहुन्छ भनी धर्मशास्त्र स्वयम्ले शिक्षा दिएको कारण के हामीले बरु ती साँचा हुन् भनी स्वीकार गर्नुपर्ने होइन र ?

हाम्रो इच्छाको सम्बन्धमा Calvin "आवश्यकता" र "बाध्यता"-बीच धेरैपटक भिन्नता छुट्ट्याउँछन् – अविश्वासीहरूले अनिवार्यतः पाप गर्छन्, तर तिनीहरूको इच्छाको विरुद्धमा कुनै पनि बाध्यताले तिनीहरूलाई पाप गर्न लाउँदैन।[५५] यदि कुनै काम बाध्यतावश गरिएको हो भने त्यो स्वैच्छिक वा राजीखुशीको काम हुँदैन भन्ने आपत्तिको विरुद्धमा क्यालभिनले परमेश्वरका (जसले *अनिवार्यतः* असल काम गर्नुहुन्छ) असल कामहरू र भूतका (जसले *अनिवार्यतः* खराब काम गर्छ) खराब कामहरूलाई औंल्याउँछन् :

> उहाँले असल काम गर्नैपर्दछ भन्ने तथ्यले परमेश्वरको राम्रो काम गर्ने स्वतन्त्र इच्छामा बाधा पुऱ्याउँदैन भने; यदि खराबी मात्र गर्न सक्ने शैतानले त्यसको इच्छाले नै पाप गर्छ भने – कसले यो भन्नेछ कि त्यसकारण मानिसले कम इच्छाले पाप गर्छ किनभने ऊ पाप गर्ने अनिवार्यताको अधीनमा छ ?[५६]

परमेश्वरले कुनै रीतिले उत्पन्न गराउनुभएको छनोटहरू स्वतन्त्र छनोटहरू *हुन सक्दैनन्* भन्ने हामी को हौं ? हामीले कुन आधारमा त्यो प्रमाणित गर्न सक्छौं ? जे-जति हुनआउँछन् ती सबैका आदेश उहाँले नै दिनुहुन्छ भनी परमेश्वरले हामीलाई धर्मशास्त्रमा भन्नुहुन्छ। उहाँले यो पनि भन्नुहुन्छ कि *उहाँको दृष्टिमा* हाम्रो छनोट र कार्यहरू महत्त्वपूर्ण छन् अनि *उहाँको सामुन्ने* हामी हाम्रो कामहरूका निम्ति उत्तरदायी छौं। हामीले यी कुराहरूमा विश्वास मात्र गर्नुपर्दछ र तीबाट सान्त्वना प्राप्त गर्नुपर्दछ। कुन कुरा महत्त्वपूर्ण छ, कुन यथार्थ छ र यस विश्वमा साँचो

गरेका छन्।

[५५]हे. *Institutes*, 1:294-96 (2.3.5)।

[५६]ऐजन, पृ. 295 (2.3.5)।

व्यक्तिगत उत्तरदायित्व के हो सो आखिरमा *उहाँले नै* निर्णय गर्नुहुन्छ।

तर के परमेश्वरमा हाम्रा क्रियाकलापको कुनै प्रभाव पर्छ? यस प्रश्नबारे अर्मिनीहरूले आपत्ति उठाउनेछन् कि परमेश्वरद्वारा उत्पन्न गरिएको छनोट यथार्थ छनोट हो भनी क्यालभिनीहरूले *भन्लान्*, तर कुनै पनि चरम अर्थमा यो स्वतन्त्र छनोट होइन, किनभने क्यालभिनी दृष्टिकोणमा परमेश्वरले गर्नुहुने कुनै पनि कुरा हामीले जे गर्छौं त्यसको प्रत्युत्तर हुन सक्दैन। Cottrell भन्छन् :

> परमेश्वरले गर्नुहुने कुनै पनि कुरा मानिसद्वारा प्रभावित भएको हुन सक्दैन वा संसारमा भएको कुनै कुराको प्रतिक्रिया हुन सक्दैन भनी जहिलेसम्म क्यालभिनवादले घोषणा गर्छ, तबसम्म क्यालभिनवाद नियतिवादको ईश्वरशास्त्र नै हो। सर्वसत्ताधारी परमेश्वरले *क्रिया गर्नुपर्दछ प्रतिक्रिया होइन* भन्ने धारणा एउटा यस्तो बुँदा हो जसबारे सबै क्यालभिनीहरू सहमत भएका देखिन्छन्। ... रिफर्मड् ईश्वरशास्त्रीहरू यस कुरामा सहमत बन्दछन् कि अनन्तकालीन उर्दी विनाशर्त वा परम हुन्छन्। ... "उर्दीवादी ईश्वरशास्त्र (*Decretal theology*)"-ले यो उर्दी गर्छ कि "परमेश्वर उहाँबाहेक अरू कुनै कुराद्वारा प्रभावित बन्न सक्नुहुन्न, नता उहाँबाहेकका कुराप्रति उहाँले प्रतिक्रिया नै देखाउनुहुन्छ," Daane भन्छन्।[५७]

तर यहाँ Cottrell-ले दुईवटा कारणहरू गर्दा रिफर्मड् ईश्वरशास्त्रलाई भ्रमबोध गर्दछन्। सर्वप्रथम, तिनले James Daane-लाई उद्धृत गर्छन् जो क्रिस्टियन रिफर्मड् चर्चका सदस्य हुन्। Daane-ले शास्त्रीय (क्लासिकल) रिफर्मड् ईश्वरशास्त्रका समर्थकको रूपमा होइन, तर यसको विरोधी बनी लेखेका छन्, अनि उनको वक्तव्यले रिफर्मड् ईश्वरशास्त्रले अनुमोदन गर्ने दृष्टिकोणको प्रतिनिधित्व गर्दैन। दोस्रो, Cottrell सृष्टिअघि परमेश्वरका उर्दीहरू र परमेश्वरले निर्दिष्ट समयमा गर्नुभएका कामहरूबारे अल्मलिएका छन्। यो साँचो हो कि परमेश्वरका अनन्तकालीन उर्दीहरू हाम्रो कुनै पनि कार्यहरूद्वारा प्रभावित थिएनन् र ती *सृष्टिअघि बनाइएका* हुनाले हामीद्वारा तिनमा परिवर्तन ल्याउन सकिँदैन भनी क्यालभिनवादीहरू भन्छन्।[५८] तर त्यसबाट यो निष्कर्ष निकाल्नु कि हामीले गर्ने कुनै कामप्रति परमेश्वरले *समय*मा प्रतिक्रिया देखाउनुहुन्न वा हामीले गर्ने कुनै पनि कार्यद्वारा उहा ँप्रभावित हुनुहुन्न भनी क्यालभिनीहरूले सोच्छन् भन्नु सोझै भुल हुन्छ। मैले आजसम्म चिनेको कुनै पनि क्यालभिनी ईश्वरशास्त्रले मलाई कुनै समय यसो भनेको थाहा छैन कि हामीले जे गर्छौं त्योद्वारा परमेश्वर प्रभावित हुनुहुन्न वा हामीले जे गर्छौं त्योप्रति उहाँले प्रतिक्रिया देखाउनुहुन्न। उहाँले हाम्रो प्रशंसामा आनन्द मान्नुहुन्छ। उहाँले हाम्रो प्रार्थनाहरूका उत्तर दिनुहुन्छ। परमेश्वरले हाम्रो क्रियाकलापप्रति कुनै पनि प्रतिक्रिया देखाउनुहुन्न भन्नु उत्पत्तिदेखि प्रकाशसम्मका बाइबलको इतिहासलाई इन्कार गर्नु हो।

एक क्यालभिनवादीले यो कुरा थप्लान् कि परमेश्वरले जुन प्रकारले हामीलाई

---

[५७]Jack Cottrell, "The Nature of the Divine Sovreignty," १०२-३। पुछारको उद्धरण Jamaes Daane-को पुस्तक *The Freedom of God* (ग्यान्ड र्‍यापिड्सः ईर्डम्यान्स, १९७३), पृ. १६० बाट लिइएको हो।

[५८]परमेश्वरको उर्दीबारे माथि हे.।

उत्तर दिनुहुन्छ त्यसरी नै उत्तर दिनेछु भनी उहाँले अनन्तकालीन उर्दी निकाल्नुभएको छ। वास्तवमा, परमेश्वरले यस्तो उर्दी निकाल्नुभएको छ कि हामीले जसरी काम गर्छौं त्यसरी नै गरौं अनि उहाँले हाम्रो कार्यहरूको उत्तर दिनुहुन्छ। तर उहाँका उत्तरहरू वास्तवमै यथार्थ उत्तरहरू हुन्, उहाँले दिनुभएको हाम्रो प्रार्थनाहरूका उत्तरहरू यथार्थ उत्तरहरू नै हुन्; हाम्रो प्रशंसाहरूमा उहाँको आनन्द वास्तवमै यथार्थ आनन्दहरू नै हुन्। Cottrell-ले निश्चय नै यो आपत्ति गर्लान् कि परमेश्वरले धेरैअघि योजना गर्नुभएको उत्तर यथार्थ उत्तर होइन, तर योचाहिँ हामीले गर्ने कामको उत्तर परमेश्वरले दिनुहुन्न भनी क्यालभिनीहरूले विश्वास गर्छन् भन्नुभन्दा अति नै भिन्नै कुरा हो। यसबाहेक, यस आपत्तिमा अन्तर्निहित त्यही विनासमर्थनको अनुमानलाई हामी फेरि प्रश्न गर्छौं कि परमेश्वरले धेरैअघि योजना गर्नुभएको उत्तर साँचो उत्तर होइन भनी Cottrell-ले धर्मशास्त्रको कुन आधारमा भन्न सक्छन्?[५९]

यो पूर्ण रूपले बुझ्न उहाँ हामीलाई उपयोगी हुन्छ कि परमेश्वर स्वयम्ले बनाउनुभएको यथार्थबाहेक अन्य कुनै यथार्थ यस विश्वमा छैन। परमेश्वरले उत्पन्न गराउनुभएको आँधीबेहरी के *साँचो* आँधीबेहरी हो? के परमेश्वरले सिंहासनमा प्रतिष्ठित गर्नुभएको राजा *साँचो* राजा हुन्? परमेश्वरले मलाई जुन वचन बोल्न लगाउनुहुन्छ के त्यो *साँचो* वचन हो (भज १३९:४; हितो १६:१)? अवश्यै ती साँचो हुन्! परमेश्वरले जे उत्पन्न गर्नुहुन्छ त्योबाहेक अन्य कुनै कुरा साँचो *छैन*! त्यसो हो भने, के परमेश्वरले कुनै रीतिले हुनआउन लगाउनुभएको मानव छनोट के *वास्तविक* छनोट हो? हो, *वास्तविक* छनोट हो, त्यसरी नै जसरी एउटा आँधीबेहरी वा राजा तिनका स्वभाव र वैशिष्टयअनुसार वास्तविक हुन्। मैले गर्ने छनोट "जोरजब्बरजस्तीको" वा "अनैच्छिक" छनोट होइन – हामीले सबै समय छनोटहरू गर्छौं अनि हामीले कुनै थोक छनोट गर्न हामीलाई जोरजब्बरजस्ती गरिएको वा बाध्य पारिएको अनुभूति हामीमा पटक्कै हुँदैन।

यस मतले हामीलाई "कठपुतालीहरू" वा "रोबर्टहरू" मात्र बनाउँछ भनी कसैले आपत्ति गर्ला। हामी कठपुतालीहरू वा रोबर्टहरू होइनौं, *वास्तविक मानिसहरू* हौं। कठपुतालीहरू वा रोबर्टहरूमा व्यक्तिगत छनोटहरू गर्ने वा व्यक्तिगत विचार गर्ने शक्तिसमेत हुँदैन। यसको विपरीत, हामी सोच्दछौं, निर्णय गर्दछौं र छनोट गर्दछौं। फेरि पनि अर्मिनीहरूले हाम्रो मानव परिस्थितिबाट गलत प्रकारले जानकारी लिन्छन् अनि सो जानकारीलाई परमेश्वरले के गर्न *सक्नुहुन्छ* वा के *गर्न सक्नुहुन्न,*

[५९]हाम्रो कार्यहरू परमेश्वरले पहिलाबाटै जान्नुहुन्छ र उहाँले तिनीहरूप्रति देखाउनुपर्ने प्रतिक्रिया योजनाबद्ध गर्नुहुन्छ भनी Cottrell स्वयम्ले भनेका कारण परमेश्वरले धेरैअघि योजना गर्नुभएको प्रत्युउत्तर साँचो प्रत्युउत्तर होइन भनी उनले आपत्ति गर्न सक्छन् कि सक्दैनन्, म निश्चित छैनँ। उनी भन्छन्, "परमेश्वरले सृष्टिभन्दा पनि पहिलै राजीखुशीको कार्यबारे जान्नुहुन्थ्यो। ... परमेश्वरलाई कुनै पनि कुराले छक्कै पार्दैन। उहाँका उद्देश्यहरू पूरा गर्नलाई उहाँले कुन समय अनि कसरी हस्तक्षेप गर्नपर्ने हो सो उहाँले सृष्टिभन्दा पनि अघि नै जान्नुहुन्थ्यो। ... मानव छनोटहरू सृष्टि गरिनुभन्दा पहिले नै तीप्रति उहाँका आफ्नै प्रतिक्रियाहरू र तिनका प्रयोगहरूको योजना बनाउन परमेश्वरको पूर्वज्ञानले उहाँलाई सक्षम पनि बनाउँछ ("The Nature of the Divine Sovreignty," पृ. ११२)। यदि Cottrell मानव छनोटहरूप्रति उहाँले देखाउनुहुने प्रतिक्रियाबारे परमेश्वरले धेरैअघि योजना बनाउनुभयो भन्न इच्छुक छन् भने, हामीले प्रार्थना गर्दा वा काम गर्दा उहाँले देखाउनुहुने प्रतिक्रियाबारे परमेश्वरले धेरैअघि उर्दी निकाल्नुभयो भन्ने क्यालभिनी दृष्टिकोणप्रति उनले कसरी आपत्ति उठाउन सक्छन् – सो बुझ्न गाह्रो छ।

त्यसका सीमाहरू तोक्नलाई प्रयोग गर्छन्। परमेश्वर हाम्रो सीमित मानव योग्यताहरूभन्दा अत्यन्तै महत्तर हुनुहुन्छ भन्ने कुरा बुझ्न मानव अनुभवबाट लिइएका यी सबै उपमाहरू असफल बन्दछन्। यसको अतिरिक्त, हामी यति बिघ्नै गरी वास्तविक र जटिल छौं कि कुनै रोबर्ट वा कठपुतली कहिल्यै पनि त्यस्तो बन्न सक्दैन।

परमेश्वरले हामीलाई कसरी हाम्रो स्वेच्छाले कुनै कुरा चयन गर्न लाउनुहुन्छ सो बुझ्नमा हाम्रो अधिकांश कठिनाइ हाम्रो प्राणीसुलभ अस्तित्वको सीमित स्वभावबाट उत्पन्न हुन्छ। एउटा काल्पनिक संसारको कल्पना गरौं जहाँ परमेश्वरद्वारा सृष्टि गरिएका सबै प्राणीहरू भुइँमा जरा गाड़ेका उद्‌भिद्‌हरू हुन्। परमेश्वरले पृथ्वीमा यताउता हिँड्न सक्ने प्राणीहरू *बनाउन सक्नुभएन* किनभने तिनीहरूले आफ्ना जरा आफैहरूसित कसरी बोकिहिँड्न सक्थे भनी एउटा उद्‌भिद्‌ले अर्को उद्‌भिद्‌सित तर्क गररहेको हामी कल्पना गरौं। अनि तिनीहरूका जरा भुइँमा नभए, तिनीहरूले कसरी पोषण प्राप्त गर्न सक्थे ? अर्मिनी उद्‌भिदले यो पनि तर्क गर्न सक्छ, "जीवित प्राणीहरू भएका संसार सृष्टि गर्नका लागि परमेश्वरले तिनीहरूलाई जराहरूसितै र सारा जीवन एउटै ठाउँमा बस्न सक्ने गुणसित *सृष्टि गर्नुपर्थ्यो*। परमेश्वरले पृथ्वीमा हिँड्डुल गर्न सक्ने प्राणीहरू सृष्टि गर्न *सक्नुभएन* भन्दा यसले परमेश्वरको सर्वज्ञतालाई चुनौती दिँदैन किनकि यसो भन्नु भनेको यति मात्र भन्नु हो कि तर्कसङ्गत रूपले गर्न नसकिने काम परमेश्वरले गर्न सक्नुहुन्न। त्यसकारण, यो असम्भव छ कि परमेश्वरले यस्तो संसार पनि सृष्टि गर्न सक्नुहुन्छ जहाँ जीवित प्राणीहरूसँग पृथ्वीमा हिँड्डुल गर्न सक्ने क्षमता पनि हुन्छ।" यो उद्‌भिदको समस्या यही हो कि यसको आफ्नै "उद्‌भिद्‌सुलभ" अनुभवको कारण यसले परमेश्वरको शक्तिलाई सीमित पारेको छ।

केही उच्चतर तहमा, हामी यस्तो सृष्टिको कल्पना गर्नसक्छौं जहाँ उद्‌भिद्‌हरू र पशुहरू दुवै थिए, तर मानवजाति थिएनन्। हामी त्यस सृष्टिका "क्यालभिनी" कुकुर र "अर्मिनी" कुकुरबीच चलेको तर्क कल्पना गर्न सक्छौं जसमा एउटा क्यालभिनी कुकुरले यो तर्क गर्छ कि परमेश्वरको निम्ति यस्ता प्राणीहरू सृष्टि गर्न सम्भव छ जसले आपसमा भुकेर कुराकानी गर्न सक्ने मात्र होइन तर ती कुराहरू कागजमा पनि छाप पार्दै अभिलिखित गरी धेरै दिन लामो यात्रापछि पुग्न सकिने ठाउँमा भएका अन्य प्राणीहरूले पनि बुझून् भनी ती प्राणीहरूलाई मौनतापूर्वक पठाउन सक्छन् जसले त्यसको भुकाइ सबैभन्दा पहिला कागजमा उतार्ने प्राणीलाई देखेका हुँदनन्। "अर्मिनी" कुकुरले उत्तर दिन्छ कि परमेश्वरले *यस्तो* गर्न सक्नुहुन्न किनभने प्राणीसुलभ कुराकानीका धारणाको निम्ति *जुन प्राणीबाट खबर पाउँछ त्यसलाई सुन्नु* र *देख्नु* (प्रायः *सुँघ्नु*) अनिवार्य हुन्छ। अर्को प्राणीलाई सुन्दै नसुनी, देख्दै नदेखी वा सुँघ्दै नसुँघी कुराकानी हुन सक्छ भन्नुचाहिँ निरर्थक धारणा हो ! यो सम्भाव्य घटनाहरूको क्षेत्रदेखि बाहिरको र तर्कसङ्गत रीतिले कल्पनातीत कुरा हो। यसकारण, यो विचार गर्न असम्भव छ कि परमेश्वरले यसरी कुराकानी गर्न सक्ने क्षमतासम्पन्न प्राणी सृष्टि गर्न सक्नुहुन्थ्यो।

दुवै मुद्दाहरूमा "अर्मिनी" उद्‌भिद् र "अर्मिनी" भुलमा छन् किनभने यी दुवै प्राणीहरूले (तिनीहरूका मतमा) तिनीहरूमा भएको प्राणीसुलभ सीमित अस्तित्वबाट निष्कर्ष निकालेर परमेश्वरले जस्तो प्रकारका थोकहरू सृष्टि गर्न सक्छ, तिनलाई गलत ढङ्गले सीमित बनाएका छन्। यो ती अर्मिनी ईश्वरशास्त्रीहरूसँग धेरै मिल्दो छ, जसले खाली यो पुष्टि गर्छन् (तिनको मानवीय अनुभवजन्य ज्ञानको आधारमा) कि परमेश्वरले इच्छुक, स्वैच्छिक, अर्थमय छनोट गर्ने प्राणी सृष्टि गर्न *सक्नुहुन्न* र ती छनोटहरू फेरि पनि परमेश्वरद्वारा नै ठहराइएका हुन्। त्यसरी नै, परमेश्वरले खराबी होस् भनी आदेश *दिन सक्नुहुन्न,* तर खराबीको निम्ति परमेश्वर स्वयम् नै उत्तरदायी हुनुहुन्न भनी तर्क गर्ने अर्मिनी ईश्वरशास्त्रीले परमेश्वरलाई सीमित बनाइरहेका छन्, जो तिनले केवल परिमित मानव अनुभवमा आधारित भएर गरेका हुन्छन्।

**४. के पूर्वप्रबन्धको क्यालभिनी दृष्टिकोणले जोखिमपूर्ण नियतिवादलाई वा "अर्मिनीजस्तै जिउने" मनोवृत्तितिर प्रोत्साहित गर्छ ?** माथि प्रस्तुत गरिएको पूर्वप्रबन्धको दृष्टिकोणले उत्तरदायी आज्ञाकारितामा जोड़ दिन्छ, यसर्थ, यसले जे-जस्तो छ, *त्यो त्यस्तै हुनुपर्छ* भन्ने किसिमको नियतिवादलाई प्रोत्साहन दिन्छ भन्नु सही होइन। रिफर्मड् लेखकहरूले यसलाई विश्वास गर्छन् भनी दोषारोपण गर्नेहरूले पूर्वप्रबन्धसम्बन्धी रिफर्मड्वादको धर्मसिद्धान्तलाई बुझेकै छैनन्।

तर के क्यालभिनीहरू जे नै भए पनि "अर्मिनीहरूजस्तै जिउँछन्" ? क्यालभिनी र अर्मिनीहरूले यो विश्वास गर्छन् कि हाम्रो कामहरूका वास्तविक परिणामहरू छन् अनि ती अनन्तकालसम्म महत्त्वपूर्ण हुन्छन्। यी दुवै समूहहरू यो कुराबारे सहमत बन्छन् कि हाम्रो कामहरूका निम्ति हामी नै जिम्मेवार छौं अनि हामी राजीखुशीको र स्वैच्छिक छनोटहरू गर्छौं। दुवै समूहहरू यस कुरामा सहमत बन्नेछन् कि परमेश्वरले प्रार्थनाको उत्तर दिनुहुन्छ, सुसमाचारको घोषणाको परिणाम मानिसहरूको मुक्ति हुन्छ, परमेश्वरको आज्ञापालनले जीवनमा आशिष् ल्याउँछ, जबकि अनाज्ञाकारिताको प्रतिफल परमेश्वरको आशिष्को कमी हुन्छ।

तर मतभिन्नताहरू गम्भीर छन्। आफ्नो धर्मसिद्धान्तप्रति सत्यनिष्ठ रहने क्यालभिनीहरू सबै परिस्थितिहरूमा परमेश्वरमा अझ व्यापक भरोसामा र भविष्यको चिन्ताबाट अझ मुक्त भएर जिउनेछन् किनभने तिनीहरू परमेश्वरले कुनै पनि प्रकारले उहाँका प्रमुख उद्देश्यहरूलाई अन्त्यमा असल काम गर्न लाउनुहुनेछ भनी मात्र दृढ़ विश्वस्त मात्र हुँदैनन् तर यसबारे पनि दृढ़ विश्वस्त हुन्छन् कि उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति *हरेक कुरामा* परमेश्वरले भलाइ नै गर्नुहुन्छ (रोम ८:२८)। जुनै पनि ठाउँबाट आउने *सबै* भलाइहरूका निम्ति तिनीहरू धन्यवादी पनि बन्नेछन् किनकि पूर्वप्रबन्धमा विश्वास गर्नेलाई यो विश्वास दिइएको हुन्छ कि घटनजाने सबै घटनाहरूको खास कारण विश्वमा संयोगवश हुने घटनाहरू होइन, नता अर्को व्यक्तिको "स्वतन्त्र इच्छा" हुन्छ, तर त्यो त अन्ततः परमेश्वरकै भलोपन हुन्छ। सङ्कष्टमा तिनीहरूमा ठूलो धैर्य

हुनेछ, यो जानेर कि परमेश्वर यसलाई रोक्न असक्षम हुनुभएकोले यो आएको होइन, तर यो पनि उहाँको बुद्धिमान योजनाको एउटा भाग हो। यसकारण मतभिन्नताहरू अत्यधिक छन्। Calvin भन्छन् :

> आफ्नो हितमा भएका नतीजाहरूका निम्ति मनको कृतज्ञता, विपत्तमा धैर्य, अनि भविष्यको चिन्ताबाट अविश्वसनीय मुक्ति, अनिवार्यतः यही ज्ञानबाटै आउँछ। ... पूर्वप्रबन्धबारेको अज्ञानता सबै अशान्तिहरूको मूल हो; यसको ज्ञानमा सर्वोच्च आशिष् रहेको हुन्छ।[६०]

**५. अर्मिनी दृष्टिकोणप्रति अतिरिक्त आपत्तिहरू।** माथि उल्लेखित चारवटा विशेष अर्मिनी दाबीहरूका उत्तर दिनुको अतिरिक्त यसप्रति रहेका केही बाँकी आपत्तिहरूमा ध्यान दिइनु आवश्यक हुन्छ।

**अ. अर्मिनी दृष्टिकोणअनुसार, परमेश्वरले कसरी भविष्य जान्न सक्नुहुन्छ ?** अर्मिनी दृष्टिकोणअनुसार, हाम्रो मानव छनोटहरू परमेश्वरले गर्न लाउनुभएको छनोटहरू होइनन्। ती पूर्ण रूपले स्वतन्त्र छन्। तर धर्मशास्त्रले परमेश्वरले भविष्य बताइदिनुभएको साथै अगमवाणीहरू एकदम ठीकसँग पूरा भएका धेरैवटा उदाहरणहरू दिन्छ। यदि के हुनेछ सो निश्चित छैन भने, परमेश्वरले यस तरिकाले कसरी भविष्य बताउन सक्नुहुन्छ ?

यस प्रश्नको उत्तरमा अर्मिनीहरूले तीन विभिन्न किसिमका उत्तरहरू दिन्छन्। कसैले भन्छन् कि परमेश्वर भविष्यसम्बन्धी विस्तृत बेहोराहरू जान्न सक्षम हुनुहुन्न। विभिन्न मानिसहरूले भविष्यमा के छनोटहरू गर्नेछन् सो जान्न परमेश्वर सक्षम हुनुहुन्छ भन्ने कुरा तिनीहरूले विशेष गरी इन्कार गर्छन्।[६१] योचाहिँ मलाई अर्मिनीहरूको सर्वाधिक एकनासको दृष्टिकोण हो भन्ने लाग्दछ, तर यसको परिणाम यो हुन्छ कि परमेश्वर वर्तमानसम्बन्धी पूर्ण ज्ञानमा आधारित केही पूर्णतः सही पूर्वानुमानहरू गर्न सक्षम हुन सक्नुहोला, तर ती निश्चित पूर्वानुमानहरू हुन सक्दैनन्। अन्ततः यसको अर्थ यो पनि हुन्छ कि परमेश्वर *मानिसले भविष्यमा गर्ने छनोटहरूबारे* अनभिज्ञ हुनुहुन्छ, जसको अर्थ यो हुनजान्छ कि परमेश्वरले यो जान्नुहुन्न कि भोलिको स्टक मार्केट कस्तो हुनेछ वा अमेरिकामा आउँदो राष्ट्रपति को निर्वाचित हुनेछ वा

[६०] Calvin, *Institutes*, 1:219-25 (1.17.7, 11).

[६१] *The Grace of God, The Will of Man*, पृ. १२१-३९ मा आफ्नो लेख "Divine Foreknowledge and Free-Will Theism,"-मा Richard Rice-ले यो दृष्टिकोण लिन्छन् (हे. विशेष गरी पृ. १२९, १३४-३७)। राइस भन्छन्, "के हुनेछ भन्नेबारे परमेश्वरले धेरै मात्रामा जान्नुहुन्छ। ... परमेश्वरले नजान्नुहुने कुरा हुन् भविष्यका स्वतन्त्र निर्णयहरूका विषय-वस्तुहरू, किनभने निर्णयहरू नगरिएसम्म ती जानिन्दैनन्" (पृ. १३४)। यो दृष्टिकोण लिनका लागि र परमेश्वरको सर्वज्ञतालाई यथावत् राख्नका लागि राइस सर्वज्ञतालाई पुनःपरिभाषित गर्छन्, "एक सर्वज्ञ व्यक्तिले तर्कसङ्गत रूपले ज्ञेय सबै जान्दछन्" (पृ. १२८), अनि त्यसपछि उनी "तर्कसङ्गत रूपले जान्न सकिने"-को परिभाषा दिँदै त्यसमा मानिसको भावी छनोटहरूलाई वर्जित गर्छन्। यसैको आधारमा, राइसले यो तर्क गर्छन् कि परमेश्वरले मानवजातिका भावी स्वतन्त्र निर्णयका परिणामहरू जान्नुहुन्न, किनभने ती तर्कसङ्गत रूपले अज्ञेय हुन्छन्।

Clark Pinnock उनले कसरी यो दृष्टिकोण अपनाए सो बुझाउँछन्, "बृहत् पूर्वज्ञान पूर्वनियतिसरह हो, किनभने यसले 'अनन्तको भूतकाल'-देखि नै सबै कुराहरू निर्धारित छन् भन्ने इङ्गित गर्छ भन्ने क्यालभिनी तर्क म जान्दथें, र मैले यसको तर्कसङ्गत बललाई टक्टकाउनु सकिनँ" (*The Grace of God, The Will of Man*, पृ. २५ मा लेख "From Augustine to Arminius: A Pilgrimage in Theology")। उनले बृहत् पूर्वज्ञानलाई

को ख्रीष्टियान बन्नेछ। यो दृष्टिकोणअनुसार, परमेश्वरले मानव इतिहासको कुन घटना अगावै जान्न *सक्नुहुन्छ*? कुनै पनि जान्न सक्नुहुन्न। यो कुरा सर्वज्ञताको आमूल संशोधन हो, र यसलाई धर्मशास्त्रमा अचुक पूर्वानुमान गर्ने अगमवाणीका दर्जनौं उदाहरणहरूद्वारा स्पष्ट रूपले इन्कार गरिएका देखिन्छ, जुन अगमवाणीहरूको परिपूर्णताले यो देखाउँछ कि परमेश्वर झुटा ईश्वरहरूको विपरीत साँचो परमेश्वर हुनुहुन्छ।[६२]

अन्य अर्मिनीहरूले यो मात्र पुष्टि गर्छन् कि परमेश्वरले हुनजाने सबै कुराहरू *जान्नुहुन्छ*, तर यसको अर्थ यो होइन कि जे हुनजानेछ त्यसको उहाँले *योजना बनाउनुभएको* छ वा त्यो *हुनलाउनुभएको* छ यसको अर्थ यति मात्र हो कि उहाँले भविष्य देख्न सक्नुहुन्छ। (यस दृष्टिकोणलाई व्यक्त गर्ने कहिलेकाहीँ प्रयोग गरिने वाक्यांश यो हो – "पूर्वज्ञानको अर्थ पूर्वनिर्धारण होइन")। यो सम्भवतः सबैभन्दा सामान्य अर्मिनी दृष्टिकोण हो अनि यसलाई Cottrell-द्वारा दक्षतापूर्वक व्यक्त गरिएको छ, "म यो पुष्टि गर्छु कि भविष्यको स्वेच्छाका छनोटहरूबारे परमेश्वरमा साँचो पूर्वज्ञान हुन्छ तर ती घटनाहरूलाई हुन दिनुहुने वा तिनलाई निश्चित बनाउनुहुने अभिकर्ता उहाँ हुनुहुन्न।"[६३]

यो दृष्टिकोणको समस्या यो हो कि, परमेश्वरले घटनाहरूको योजना बनाउनुभएन वा तिनीहरूलाई हुनलाउनुभएनै भने पनि ती अगावै जानिएका थिए भन्ने सत्यताले यही बताउँछ कि ती घटनाहरू *निश्चय नै घटनेछन्*। अनि यसको अर्थ यो हो कि हाम्रो निर्णयहरू *कुनै अज्ञात कुराद्वारा* (नियति वा विश्वको अवश्यंभावी कार्य-कारणद्वारा) पूर्वनिर्धारित हुन्छन्, अनि ती अर्मिनीहरूले जस्तो रूपमा स्वतन्त्र होऊन् भनी इच्छा गर्छन्, त्यस्तो रूपमा अझै पनि स्वतन्त्र छैनन्। यदि हाम्रो भविष्यका छनोटहरू जानिएका छन् भने ती निर्धारित नै छन्। यदि तिनीहरू निर्धारित छन् भने तिनीहरू अर्मिनीहरूको अर्थमा (अनिश्चित वा कारणविनाको) "स्वतन्त्र" छैनन्।

उक्त कुरासम्बन्धी तेस्रो अर्मिनी समाधानलाई "मध्य ज्ञान" (middle knowledge) भनिन्छ। यस दृष्टिकोणलाई ग्रहण गर्नेहरूले यो भन्छन् कि मानिसहरूका भविष्यका छनोटहरू परमेश्वरद्वारा निर्णय गरिएका हुँदैनन् तर पनि परमेश्वरले तिनीहरूका विषयमा जान्नुहुन्छ, किनभने उहाँले *भविष्यका सबै सम्भावनाहरू* जान्नुहुन्छ, हरेक स्वतन्त्र प्राणीले सम्भाव्य कुनै पनि परिस्थितिहरूमा कसरी प्रतिक्रिया देखाउनेछ सो उहाँले जान्नुहुन्छ।[६४] William Craig भन्छन् :

> स्वतन्त्र प्राणीको इच्छाभित्र परमेश्वरको यस्तो उत्कृष्ट गुणको अन्तर्ज्ञान

---

अस्वीकार गरे अनि यो निर्णय गरे कि "*परमेश्वरले जान्न सकिने सबै कुराहरू जान्नुहुन्छ*, तर स्वतन्त्र छनोटहरू यस्ता कुराहरू हुन् जसलाई परमेश्वर समेतले जान्नसक्नु हुन्न किनभने ती अझै पनि वास्तविकतामा आइसकेका छैनन्। परमेश्वरले समेत जान्नका लागि अहिलेसम्म नलिइएका निर्णयहरू कहीं पनि छैनन्। ... परमेश्वर पनि त्यो भविष्यतिर जानुहुन्छ जसलाई पूर्ण रूपमा जानिएको छैन किनभने तिनीहरू अहिलेसम्म निर्धारित छैनन्" (ऐजन, पृ. २५-२६, जोड लेखकको)।

[६२]भविष्यबारे परमेश्वरको ज्ञानबारे हे. ११, साथै पृ. तल पनि।

[६३]Jack Cottrell, "The Nature of the Divine Sovreignty," १११।

[६४]हे. William L. Craig, "Middle Knowledge, a Calvinist-Arminian Rapprochment?" *The Grace of*

> छ कि परमेश्वरले तिनलाई कुनै निश्चित किसिमका परिस्थितिहरूमा राखिदिए तिनले के गर्नेछन् सो उहाँले सही प्रकारले जान्नुहुन्छ। ... सम्भावित कुनै परिस्थितिमा हरेक स्वतन्त्र प्राणीले के गर्नेछ सो जान्नुभएर परमेश्वरले त्यो परिस्थिति उत्पन्न गर्नुभई त्यो प्राणीले स्वतन्त्र रूपमा के गर्नेछ सो जान्न सक्नुहुन्छ। ... त्यसकारण, संसारमा हुने प्रत्येक कुरा उहाँले निश्चयतासित जान्नुहुन्छ।[६५]

व्यक्तिले जुन तरिकामा छनोट गर्छ त्यो तरिकामा छनोट गर्नमा त्यस व्यक्तिलाई कुनै पनि कारण वा कारणहरूको समूहले बाध्य बनाउँदैन भनी अर्मिनीहरूले स्वतन्त्रतासम्बन्धी सामान्यतः कायम गरेको दृष्टिकोणलाई Craig-को दृष्टिकोणले प्रोत्साहन दिँदैन। उनको दृष्टिकोणअनुसार, वरिपरिका परिस्थितिहरू र व्यक्तिका आफ्नै झुकाउहरूले कुनै निश्चित छनोटहरू गरिनेछन् भनी *प्रत्याभूति* दिन्छन् – अन्यथा, त्यस व्यक्ति र परिस्थितिहरूबारे परमेश्वरको बृहत् ज्ञानबाट उहाँले यो जान्नुहुनेथिएन कि त्यो छनोट कुन छनोट हुनेथियो। तर यदि छनोट के हुनेछ भनी परमेश्वरले जान्नुहुन्छ भने, अनि यदि त्यो छनोटको प्रत्याभूति दिइएको छ भने योबाहेक अर्को छनोट हुने नै छैन। यसको अतिरिक्त, यदि त्यो व्यक्ति र परिस्थितिहरू परमेश्वरद्वारा नै सृष्टि गरिएका हुन् भने, अन्ततः परिणाम परमेश्वद्वारा नै निर्णय गरिएको हुन्छ। यो क्यालभिनी अर्थको स्वतन्त्रताजस्तै देखिन्छ, तर यो स्वतन्त्रता निश्चय नै अधिकांश अर्मिनीहरूले स्वीकार गर्नेजस्तो किसिमको स्वतन्त्रता होइन।

**आ. अर्मिनी दृष्टिकोणमा, यदि परमेश्वरले खराबी नचाहनुभएको भए खराबी कसरी भइरहन सक्छ ?** अर्मिनीहरूले स्पष्ट भन्छन् कि संसारमा खराबीको प्रवेश परमेश्वरको इच्छाअनुसार भएको थिएन। Pinnock भन्छन्, "मानिसको पतन परमेश्वरको इच्छा जहिले पनि पूरा हुन्छ भन्ने सिद्धान्तको प्रभावशाली खण्डन हो।"[६६] तर परमेश्वरले खराबी होस् भनी नचाहनुभएको भए यो कसरी रहिरहन सक्छ र ? परमेश्वरले चाहनु नभए पनि यदि खराबी हुन्छै भने यसले परमेश्वरको सर्वशक्तिमत्तालाई इन्कार गरेको देखिन्छ; उहाँले खराबीलाई रोक्न चाहनुभयो तर यसो गर्न उहाँ असमर्थ हुनभयो। यसो हो भने यी परमेश्वर सर्वशक्तिमान् हुनुहुन्छ भनी हामीले कसरी विश्वास गर्न सक्छौं र ?

यसको सामान्य अर्मिनी उत्तर यही भन्नु हुन्छ कि परमेश्वर खराबीलाई रोक्न *समर्थ* हुनुहुन्थ्यो तर अर्थमय छनोटहरूका निम्ति आवश्यक पर्नजाने स्वतन्त्रता स्वर्गदूत र मानिसहरूमा होस् भन्ने कुराको प्रत्याभूति दिनलाई उहाँले खराबीको *सम्भावनालाई* अनुमति दिन रोज्नुभयो। अर्को प्रकारले भन्नु हो भने, स्वतन्त्र मानव छनोटहरू होस् भनी अनुमति दिनलाई परमेश्वरले पापमय छनोटहरूको सम्भावनालाई

---

*God, The Will of Man*, पृह. १४१-६४। उनको पुस्तक *The Only Wise God: The Compatibility of Divine Foreknowledge and Human Freedom* (ग्र्यान्ड र्‍यापिड्स: बेकर, १९९७)।

[६५] Craig, "Middle Knowledge," पृह. १५०-५१।

[६६] Pinnock, "Responsive Freedom," पृ. १०२।

अनुमति दिनैपर्थ्यो। Cottrell भन्छन्, "परमेश्वरप्रदत्त यस स्वतन्त्रतामा सृष्टिकर्ताकै विरुद्धमा विद्रोह र पाप गर्ने मानव स्वतन्त्रता समाविष्ट छ। परमेश्वरले पाप सम्भव भएको संसार सृष्टि गर्नुहुँदै, पाप वास्तविक बनेको खण्डमा, कुनै निश्चित विशिष्ट तरिकाहरूमा *प्रतिक्रिया* देखाउनलाई आफूलाई बन्धनमा हाल्नुभयो।"[६७]

तर यो पनि सन्तोषजनक उत्तर होइन किनभने यसले यो परिलक्षित गर्छ कि परमेश्वरले स्वर्गमा अनन्तताको निम्ति पापमय छनोटहरूको सम्भावनालाई अनुमति दिनुपर्दछ। अर्मिनी दृष्टिकोणअनुसार, यदि स्वर्गमा हाम्रो छनोट र क्रियाहरू स्वतन्त्र र वास्तविक हुनु हो भने, तिनमा पापमय छनोटहरूको सम्भावना पनि समाविष्ट *हुनैपर्दछ*। तर यसको अर्थ यो हुन्छ कि स्वर्गमा पनि सदासर्वदाको निम्ति खराबी छनोट गर्ने वास्तविक सम्भावनालाई हामीले सामना गर्नेछौं – र त्यसकारण परमेश्वरको विरुद्धमा विरोध गर्ने र हाम्रो मुक्ति गुमाउने र स्वर्गदेखि बाहिर फालिने सम्भावनालाई पनि हामीले सामना गर्नैपर्दछ ! यो भयभीत पार्ने विचार हो, तर यो अर्मिनी दृष्टिकोणको अनिवार्य सङ्केत हो भन्ने देखिन्छ।

तथापि यो अर्थभन्दा पनि अर्को अझ कष्टकर सङ्केतार्थ छ – यदि स्वतन्त्र छनोटहरूमा खराबी चुन्ने सम्भावनालाई मानिलिनुपर्छ भने यसको अर्थ यो हुन्छ (१) परमेश्वरका छनोटहरू वास्तविक छनोटहरू होइनन् किनकि उहाँले खराबी छनोट गर्न सक्नुहुन्न, वा (२) परमेश्वरका छनोटहरू वास्तविक छनोटहरू हुन् र उहाँले कुनै दिन खराबी गर्ने छनोट गर्नहुने सम्भावना छ – सम्भवत केही खराबी वा धेरै खराबीहरू। यदि हामीले दोस्रो कुराबारे चिन्तन गऱ्यौं भने यो चिन्तन डरलाग्दो बन्छ। तर यो धर्मशास्त्रको प्रशस्त साक्षीको विपरीत छ।[६८] यसको विपरीत, पहिलो सङ्केतार्थ स्पष्टतः झुटो छ; यथार्थ के हो परमेश्वर त्यसैको परिभाषा हुनुहुन्छ अनि उहाँका छनोटहरू यथार्थ छैनन् भन्नु स्पष्टतः भुल हो। उक्त दुवै सङ्केतार्थहरूले अर्मिनी दृष्टिकोणलाई रद्द गर्ने असल कारण उपलब्ध गराउँछन् जुन दृष्टिकोणले यो भन्छ कि वास्तविक छनोटहरूले खराबी छनोट गर्ने सम्भावनालाई पनि मानिलिनुपर्छ। तर यसो गर्दा यसले हामीलाई फेरि अघिकै यो प्रश्न सामना गर्नलाउँछ जुन प्रश्नको सन्तोषजनक उत्तर अर्मिनी दृष्टिकोणबाट पाउन सकिन्छ भनी देखिन्न, परमेश्वरले खराबीलाई अस्तित्वमा आएको नचाहनुभएको भए यो कसरी अस्तित्वमा रहन सक्छ ?

**इ. अर्मिनी दृष्टिकोणअनुसार, हामी यो कसरी जान्न सक्छौं कि परमेश्वरले खराबीलाई जित्नुहुनेछ ?** यदि खराबी परमेश्वरको इच्छाबाट *होइन* भन्ने अर्मिनीहरूको दाबीमा हामीले फेरि फर्कियौं भने अर्को समस्या उत्पन्न हुन्छ – परमेश्वरले नचाहनुभएर पनि आज संसारमा भएका सबै खराबी संसारमा आए भने परमेश्वरले अन्त्यमा यसलाई विजय गर्नुहुनेछ भनी हामी कसरी निश्चित बन्न सक्छौं। उहाँ निश्चय नै विजयी बन्नुहुनेछ। उहाँ विजयी बन्नुहुनेछ भनी परमेश्वरले धर्मशास्त्रमा

[६७]Cottrell, "The Nature of Divine Sovereingty," पृ. १०९।

[६८]परमेश्वरको भलोपन, पवित्रता र धार्मिकताको धर्मशास्त्रीय साक्षीको निम्ति हे. अ. १३, पृह. १९७-९८, २०१-२, २०३-५ र परमेश्वरको अपरिवर्तशीलताबारे अ. ११, पृह. १६३-६८।

भन्नुहुन्छ। तर यदि यसलाई पहिलोपटकमै उहाँको विश्वदेखि बाहिर राख्न उहाँ असमर्थ हुनुहुन्थ्यो भने अनि यो उहाँको इच्छाको विरुद्धमा आएको हो भने, अनि यदि मानवीय स्वर्गदूतीय र भूतीय अभिकर्ताद्वारा गरिएको स्वतन्त्र छनोटहरूले भविष्यमा ल्याउने घटनाहरूका परिणामहरूबारे उहाँ भविष्यवाणी गर्न असमर्थ हुनुहुन्छ भने, खराबीलाई जित्नेछु भन्ने परमेश्वरको घोषणा सत्य हुनसक्छ हामी कसरी निश्चित बन्न सक्छौं? सायद यो परमेश्वरले जान्न सक्नु नहुने कुनै थोकबारे आशान्वित भविष्यवाणी मात्र हो (अर्मिनी दृष्टिकोणअनुसार)। सर्वशक्तिमान् परमेश्वरले "हरेक कुरामा ... भलाइ नै गर्नुहुन्छ" (रोम ८:२८) भनी क्यालभिनीहरूले जानेका कारण तिनीहरूसँग भएको "भविष्यको चिन्ताबाट अविश्वसनीय स्वतन्त्रता"-भन्दा ठीक विपरीत, अर्मिनी दृष्टिकोणले हामीलाई इतिहासको अन्तिम परिणामबारे गम्भीर फिक्रीतिर तर्कसङ्गत रूपले घचेटिदिएको प्रतीत हुन्छ।

खराबीसम्बन्धी यी अन्तिम दुवै आपत्तिहरूले हामीलाई यो बुझ्न बाध्य बनाउँछन् कि खराबी परमेश्वरले आदेश गर्नुभएको हो अनि यो सम्पूर्ण रूपले परमेश्वरको अधीनमा छ भन्ने रिफर्मड् दृष्टिकोणबारे सोच्न हामीलाई कठिनाइ होला, तर खराबी परमेश्वरले आदेश गर्नुभएको होइन वा परमेश्वरद्वारा इच्छा पनि गरिएको होइन र यसर्थ यो निश्चय नै परमेश्वरको अधीनमा छैन भन्ने अर्मिनी दृष्टिकोणमा बुझ्न गाह्रो पर्ने धेरै नै गम्भीर कठिनाइहरू छन्।

**ई. अनुत्तरित प्रश्नहरूमा भएका भिन्नताहरू :** आफ्नो विवेकमा हामी सीमित भएका कारण प्रत्येक बाइबलीय धर्मसिद्धान्तसम्बन्धी हामीसित अनुत्तरित प्रश्नहरू अवश्यै हुन्छन्। तथापि यस मुद्दासम्बन्धी क्यालभिनीहरू र अर्मिनीहरूले अनुत्तरित छोड्न परेका प्रश्नहरू एकदमै भिन्नै छन्। अर्कोपिट्ट हेर्दा, निम्नलिखित प्रश्नहरूका उत्तरहरू जान्दैनौं भनी क्यालभिनीहरू भन्नैपर्दछ :

१. हामीले स्वेच्छापूर्वक खराबी गरौं तथापि परमेश्वरलाई चाहिँ खराबीको निम्ति दोष नदिइओस् भनी परमेश्वरले ठीक कसरी ठहराउनुहुन्छ।

२. परमेश्वरले हामीलाई कुनै कुरा ठीक कसरी स्वेच्छापूर्वक छनोट गर्न लाउनुहुन्छ।

यी दुवैको उत्तरमा, क्यालभिनीहरूले यो भन्छन् कि यसको उत्तर कुनै रीतिले पाउनुपर्छ परमेश्वरको अपरिमित महानताको बोधमा, हामीले सम्भव सम्झेका भन्दा उहाँले धेरै बढ़ी गर्न सक्नुहुन्छ भन्ने तथ्यको ज्ञानमा। यसर्थ, यी अनुत्तरित प्रश्नहरूको परिणाम परमेश्वरको महानताबारे हाम्रो समझलाई बढ़ाउनु हो।

अर्कोतिर, अर्मिनीहरूले भविष्यसम्बन्धी परमेश्वरको ज्ञानबारे यी अनुत्तरित प्रश्नहरू थातीमै राख्नुपर्छ – खराबी उहाँको इच्छाको विरुद्धमा छ भने उहाँले किन खराबी आउन दिनुहुन्छ अनि के उहाँले खराबीलाई निश्चित रूपले जित्नुहुनेछ? यी प्रश्नहरूको समाधान गर्नमा तिनीहरूको असफलताले परमेश्वरको महानतालाई, अर्थात् उहाँको सर्वज्ञता, उहाँको सर्वशक्तिमत्ता, र भविष्यको निम्ति उहाँका प्रतिज्ञाहरूको

पूर्ण विश्वसनीयतालाई न्यून बनाइदिन सक्छ। अनि यी अनुत्तरित प्रश्नहरू मानिसको महानतालाई (परमेश्वरले जे चाहनुहुन्न त्यो गर्ने मानिसको स्वतन्त्रता) र खराबीको शक्तिलाई (यो विश्वमा आउँछ र परमेश्वरले यसलाई नचाहनुभए तापनि यही बस्छ) उच्च बनाइदिनतिर प्रवृत्त बन्दछ। यसको अतिरिक्त, स्वतन्त्र छनोटहरू गर्न सक्ने प्राणीहरू, ती छनोटहरू परमेश्वरले नै गर्न लाउनुभएको किन नहोस्, परमेश्वरले बनाउन सक्नुहुन्छ भनी इन्कार गरी अर्मिनी दृष्टिकोणले सृष्टिकर्ता परमेश्वरको बुद्धि र सीपलाई घटाइदिन्छ।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. के पूर्वप्रबन्धसम्बन्धी धर्मसिद्धान्तबारे विचार गर्दा त्यसले परमेश्वरमा तपाईंको भरोसालाई बढ़ाइदिएको छ? यसले भविष्यबारे तपाईंको सोच्ने तरिकामा कसरी परिवर्तन गरिदिएको छ? के तपाईंको जीवनमा अहिले कठिनाइ वा दुःख-कष्टहरू छन्? तपाईंले अहिले सामना गरिरहनुभएको निश्चित कठिनाइको उदाहरण दिनुहोस् र पूर्वप्रबन्धसम्बन्धी धर्मसिद्धान्तबारे तपाईंले जुन तरिकामा सोच्नुहुन्छ त्यसले तपाईंलाई (कठिनाइबारे) कसरी सहायता गर्नेछ सो बुझाउनुहोस्।

२. आजको दिनमा अहिलेसम्म तपाईंको निम्ति हुनगएका पाँचवटा असल कुराहरूका नाउँ दिन सक्नुहुन्छ? तीमध्ये कुनैको निम्ति के तपाईं परमेश्वरप्रति धन्यवादी हुनुभयो?

३. तपाईंको जीवनमा घट्नजाने घटनाहरू भाग्य वा संयोगले गर्दा भएका हुन् भनी के तपाईं कहिलेकाहीँ सोच्नुहुन्छ? यदि तपाईंले कुनै दिन यस्तो सोच्नुभयो भने यसले भविष्यबारे तपाईंको फिक्रीलाई बढ़ाइदिन्छ कि घटाइदिन्छ? विगतका केही घटनाहरूबारे केही बेर सोच्नुहोस् जुन घटनाहरू भाग्यले गर्दा घटेका हुन् भनी तपाईंले ठान्नुभयो। यसको सट्टामा, ती घटनाहरू तपाईंका बुद्धिमानी र प्रेमिलो पिताको अधीनमा भएका हुन् भनी सोच्न सुरु गर्नुहोस्। यो सोचले तपाईंलाई ती घटनाहरूबारे र सबै भविष्यबारे कसरी भिन्नै प्रकारले अनुभूति गराउँछ?

४. के तपाईं स-साना "अन्धविश्वासी" काम वा धार्मिक विधिहरूको ढाँचाहरूमा कहिल्यै फस्नुहुन्छ जसले राम्रो भाग्य ल्याउँछ वा नराम्रो भाग्यलाई (जस्तै भऱ्याङमुनि नहिँड्ने, कालो बिरालोले बाटा काट्दा डराउने वा घरबाट निस्कँदा कसैले रित्तो गाग्री, बाल्टी देखाइदियो भने अपशकुन मान्ने वा राम्रो "भाग्यको" निम्ति कुनै विशेष थोकहरू बोक्ने आदि) रोक्छ भनी तपाईं सोच्नुहुन्छ? तपाईंको विचारमा ती क्रियाकलापले दिनभरि परमेश्वरमा तपाईंको भरोसा र उहाँप्रतिको तपाईंको आज्ञाकारितालाई बढ़ाउन सक्छ वा घटाउन सक्छन्?

५. पूर्वप्रबन्धसम्बन्धी धर्मसिद्धान्तको समुचित बोधले एउटा ख्रीष्टियानलाई

कसरी अझ सक्रिय प्रार्थनाको जीवनतर्फ लानुपर्दछ व्याख्या गर्नुहोस्।

६. परमेश्वरबारे र तपाईंको जीवनका घटनाहरूबारे तपाईं जसरी सोच्नुहुन्छ र के अनुभव गर्नुहुन्छ, सोमा यस अध्यायको कुल प्रभाव के रहेको छ?

## विशेष शब्दावली

अर्मिनी Arminian
क्यालभिनी Calvinist
सहमति/सम्मिलन concurrence
परमेश्वरका उर्दीहरू decrees of God
स्वतन्त्र छनोटहरू free choices
स्वतन्त्र इच्छा free will
प्रशासन government
मध्य ज्ञान middle knowledge
परिरक्षण preservation
प्राथमिक कारण primary cause
पूर्वप्रबन्ध providence
रिफर्मड् Reformed
गौण कारण secondary cause
राजीखुशीको (स्वैच्छिक)
छनोट voluntary choices
स्वैच्छिक छनोटहरू willing choices

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे.। सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूमा भएका खण्डहरू


१. एङ्गलिकन (एपिस्कोपलियन)
१८८२-९२ लिट्टन, ७६-९०
१९३० थोमस, १७६-८३
२. अर्मेनी (वेसलियन वा मेथडिस्ट)
१८४७ फिनी, ५१५-४४
१८७५-७६ पोप, १:४३७-५६; २:३६३-६७, ३८६-९०
१८ ९२-९४ मिली, १:२११-३४९; २:२७१-३०८
१९४० विली, १:४७८-८८
१९८३ कार्टर, १:१२२-२४, १३०-३३, २२२-२३
१९८३- कोटरेल, २:९-२२८, २६५-३३३, ३७९-४१८
१९८७-९० ओडेन, १२७-४४
३. ब्याप्टिस्ट
१७६७ गील, १:२४६-, ३९७-४३४
१८८७ बोइस, ११५-२५, २१७-३०

१९०७ स्ट्रङ्ग, ३५३-७०, ४१०-४३
१९१७ म्यूलिन्स्, २६५-७६
१९७६-८३ हेनरी, ५:३०७-३३; ६:४५५-९१
१९८३-८५ एरिक्सन, ३४५-६४, ३८७-४३२
१९८७-९४ लुइस/डिमारेस्ट, १:२९१-३३५; २:७१-१२२

४. डिस्पेन्सेशनल
१९४७ शेफर, १:२२५-५९
१९४९ थीसन, १००-११०, ११९-३२

५. लुथरन
१९१७-२४ पाइपर, १:४८३-९७
१९३४ म्यूएलर, १७६-७८, १८९-९५,, २३६-४१

६. रिफर्मड (वा प्रेज्बिटरियन)
१५५९ क्याल्भिन, १:१९७-२३७, ३०९-४०७ (१.१६-१८;२.४-५)
१७२४-५८ एडवर्ड्स्, १:३-९३; २:१०७-११०, ५२५-४३
१८६१ हेपि १३३-८९, २५१-८०
१८७१-७३ होज, १:५५३५-४९, ५७५-६१६; २:२८०-३१२
१८७८ डेबनी, १२०-३२, २२१-२३, २७६-९१
१८८७-१९२१ वारफिल्ड, *SSW*, १:९३-११५; *SSW*, २:४११-४७
१८८९ शेड, १:३९३-४६२, ५२७-३३
१९३७-६६ मरे, *CW*, ३:१६१-६७, १८५-८९; *CW*, २:६०-६६
१९३८ बर्खोफ, १००-१०८, १६५-७८
१९६२ बुसवेल, १:१६३-७६

७. रीन्यूअल (वा क्यारिज्म्याटिक्/पेन्टिकोस्टल)
१९८८-९२ विलयम्स्, १:११७-४०, २१५-१९

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी
१९५५ ओट्, ८७-९१

२. रोमन क्याथलिक : भेटिकन द्वितीयोत्तर
१९८० म्याकब्राइन (कुनै प्रस्ट छलफल छैन)

## अन्य पुस्तक/लेखहरू

Basinger, David, and Randall Basinger, eds. *Predestination and Free Will: Four Views of Divine Sovereignty and Human Freedom.* Downers Grove, Ill.: InterVarsity Press, 1986.
Berkouwer, G. C. *The Providence of God.* Trans. by Lewis B. Smedes. Grand Rapids: Eerdmans, 1952.
Cameron, N. M. de S. "Providence." In *NDT,* pp. 177-79.

Carson, D.A. *Divine Sovereignty and Human Resposibility: Biblical Perspective in Tension.* New Foundations Theological Library. Atlanta: John Knox, and London: Marshall, Morgan and Scott,1981.

———. *How Long, O Lord ? Reflections on Suffering and Evil.* Grand Rapids: Baker, and Leicester: Inter-Varsity Press, 1990.

Craig,William Lane. *The Only Wise God: The Compatibility of Divine Foreknowledge and Human Freedom.* Grand Rapids: Baker, 1987.

Feinberg, John. *The Mystry of Providence.* Edinburg and Carlisle, Pa.: Banner of Truth, 1976. Reprint of 1698 edition.

Helm, Paul. *The Providence of God.* Leicester and Downers Grove, Ill.: InterVarsity Press, 1994.

Parker, T. H. L. "Providence of God." In *EDT*, pp. 890-91.

Pink, Arthur W. *The Sovereignty of God,* Grand Rapids: Baker, 1930.

Warfield, B.B. *Calvin and Calvinism.* London and New York: Oxford University Press, 1931.

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**रोमी ८:२८** : *हामी जान्दछौं, उहाँलाई प्रेम गर्नेहरू र उहाँका अभिप्रायअनुसार बोलाइएकाहरूका निम्ति हरेक कुरामा परमेश्वरले भलाइ नै गर्नुहुन्छ।*

## भजन

"परमेश्वर रहस्यमय तरिकामा हिँड्नुहुन्छ"

परमेश्वर रहस्यमय तरिकामा हिँड्नुहुन्छ
उहाँका उदेकका कामहरू गर्नलाई;
समुद्रमा राख्नुहुन्छ उहाँका पाउहरू,
र आँधीबेहरीमा चड्नुहुन्छ।

कहिल्यै असफल नहुने सीपका
थाहै नपाउने खानीहरूमा
साँचेर राख्नुहुन्छ उहाँले आफ्ना चमकपूर्ण योजनाहरू,
र पूरा गर्नुहुन्छ उहाँका परम इच्छा।

हे भयभीत सन्तहरू, लेऊ नौलो साहस;
तिमीहरू डराउने बादलहरू
कृपासित ठूला छन्,
अनि तिमीहरूको शिरमा कृपासित बर्सनेछ।
इन्साफ नगर परमेश्वरलाई खिनौरे मनले,
तर गर उहाँलाई भरोसा उहाँको अनुग्रहको निम्ति;
सन्किएको पूर्वप्रबन्धपछाड़ि

लुकाउनुहुन्छ उहाँले मुस्काइरहेको मुहार।

छिट्टै पाक्छन् उहाँका उद्देश्यहरू,
खुलिँदै प्रत्येक घण्टा;
कोपिलाको स्वाद तीतो होला, तर
फूल मिठो हुनेछ।

अन्धो अविश्वासले निश्चय भुल गर्छ
अनि उहाँको कामलाई व्यर्थै जाँच्छ
परमेश्वर स्वयंका व्याख्याता हुनुहुन्छ
अनि उहाँले यसलाई सजिलो पार्नुहुन्छ।

*रचयिता :* William Cowper, 1774

अध्याय १७

# आश्चर्यकर्महरू

# Miracles

***आश्चर्यकर्महरू के हुन् ?***
***के ती आज पनि हुन सक्छन् ?***

## व्याख्या र धर्मशास्त्रीय आधार

आश्चर्यकर्म नामक विषयबारे गरिने चिन्तन परमेश्वरको पूर्वप्रबन्धसित घनिष्ठ रूपले सम्बन्धित छ, जसबारे यस अधिको अध्यायमा विवेचन गरियो। परमेश्वरले उहाँको सृष्टिका सबै पक्षहरूमाथि विस्तृत, चलिरहने, सर्वसत्तासम्पन्न नियन्त्र राख्नुहुन्छ भनी हामीले त्यस अध्यायमा तर्क गऱ्यौं। यस अध्यायले पूर्वप्रबन्धबारे त्यो विवेचनको ज्ञान रहिरहेको मानिलिनेछ र आश्चर्यकर्महरूको विषय प्रवेश गर्दा त्यसैको आधारमा अगाड़ि बढ्नेछ।

### क. परिभाषा

हामी आश्चर्यकर्मलाई यसरी परिभाषित गर्न सक्छौं : *आश्चर्यकर्म परमेश्वरको किञ्चित् थोरै सामान्य प्रकारको क्रियाकलाप हो जसमा उहाँ मानिसहरूको श्रद्धालु भय र विस्मय जागृत गर्नुहुन्छ र आफ्नै साक्षी दिनुहुन्छ।*[1] यस परिभाषाले पूर्वप्रबन्धसम्बन्धी हाम्रो अगाड़िको ज्ञान वा बोधलाई ध्यानमा राख्छ जुन पूर्वप्रबन्धद्वारा परमेश्वरले सबै थोकलाई परिरक्षण, नियन्त्रण र शासन गर्नुहुन्छ। यदि हामीले पूर्वप्रबन्धलाई यसरी बुझ्यौं भने, आश्चर्यकर्मका अन्य केही सामान्य व्याख्या र परिभाषाहरूबाट हामी स्वाभाविक रूपले बच्न सक्नेछौं।

उदाहरणार्थ, आश्चर्यकर्मको एउटा परिभाषा “संसारमा परमेश्वरको सोझै हस्तक्षेप” हो। तर यस परिभाषाले यस संसारसित परमेश्वरको सम्बन्ध देववादी (deistic) छ भन्ने दृष्टिकोण मानिलिन्छ। यस दृष्टिकोणले यो भन्छ कि संसार आफैआफ चलिरहन्छ र परमेश्वरले यसमा समय-समयमा मात्र हस्तक्षेप गर्नुहुन्छ। यो निश्चय नै बाइबलीय दृष्टिकोण होइन, जसअनुसार, परमेश्वरले वृष्टि गराउनुहुन्छ (मत्ती ५:४५), घाँसलाई उमार्नुहुन्छ (भज १०४:१४) र उहाँका शक्तिको वचनले सबै कुरालाई निरन्तर सम्हालिराख्नुहुन्छ (हिब १:३)। आश्चर्यकर्मको अर्को परिभाषा “संसारमा परमेश्वरको अझ प्रत्यक्ष हस्तक्षेप” हो। तर परमेश्वरको “अझ प्रत्यक्ष”

[1]मैले यो परिभाषा वेस्टमिन्स्टर थिअलजि सेमिनरिका सुव्यवस्थित ईश्वरशास्त्रका प्रोसेर John Frame-ले दिएका अप्रकाशित व्याख्यानबाट लिएको छु।

गतिविधिको कुरा गर्दा यसले यो इङ्गित गर्छ कि उहाँको *सामान्य* पूर्वप्रबन्धीय कार्यकलाप कुनै रीतिले "प्रत्यक्ष" छैन अनि यसले फेरि पनि परमेश्वरलाई यस संसारबाट देववादी रूपले हटाइएको इङ्गित गर्छ।

अर्को परिभाषा यो हो, "उहाँले चाहनुभएका परिणामहरू उत्पन्न गर्नलाई साधनहरू प्रयोग नगरी परमेश्वरले यस संसारमा काम गर्नुहुन्छ"। तथापि "परमेश्वर साधनहरूविना नै" कार्यरत हुनुहुन्छ भन्ने कुरा गर्दा, बाइबलमा मुट्ठीभरका आश्चर्यकर्महरू मात्र रहनेछन्, किनभने कुनै साधनविना नै भएको आश्चर्यकर्म सोच्न अति कठिन हुन्छ, उदाहरणार्थ, रोगीहरूको चङ्गाइमा, चङ्गाइको एउटा भागको रूपमा निस्सन्देह रोगीको शरीरका केही भौतिक तत्त्वहरू पनि सामेल थिए। येशूले रोटी र माछाका संख्या बढ़ाउनुहुँदा, उहाँले त्यहाँ भएका कम्तीमा पनि पाँचवटा रोटी र दुईवटा माछाहरू प्रयोग गर्नुभयो। उहाँले पानीलाई दाखमद्यमा परिणत गर्नुहुँदा उहाँले पानी प्रयोग गर्नुभयो र यसलाई दाखमद्य बन्न लाउनुभयो। यो परिभाषा अपर्याप्त भएको देखिन्छ।[२]

आश्चर्यकर्मको अझै अर्को परिभाषा "प्राकृतिक नियमको अपवाद" हो वा "प्रकृतिका नियमहरूको विपरीत काम गर्नु" हो। तर "प्रकृतिका नियमहरू" भन्ने वाक्यांशको सामान्य अर्थले यो बुझाउँछ कि अस्तित्वमा भएका थोकहरूमा कुनै विशेष अन्तर्निहित गुणहरू छन्, परमेश्वरबाट स्वतन्त्र रूपले परिचालन हुने "प्रकृतिका नियमहरू" र आश्चर्यकर्म हुनलाई परमेश्वरले यी नियमहरूमा हस्तक्षेप गर्नुपर्छ वा तिनलाई "तोड्नुपर्छ"।[३] यस परिभाषाले पूर्वप्रबन्धसम्बन्धी बाइबलीय शिक्षाहरूको पर्याप्त व्याख्या दिँदैन।

आश्चर्यकर्मको अर्को परिभाषा, आश्चर्यकर्म "प्राकृतिक कारणद्वारा व्याख्या गर्न असम्भव हुने घटना" हो। यो परिभाषा अपर्याप्त छ किनभने (१) यसले आश्चर्यकर्मकर्ताको रूपमा परमेश्वरलाई संलग्न गर्दैन; (२) परमेश्वरले असाधारण वा उदेकले काम गर्नुहुँदा उहाँले कुनै प्राकृतिक कारणहरू प्रयोग गर्नुहुन्न भनी यसले अनुमान गर्छ, र यसले फेरि पनि यही मानिलिन्छ कि परमेश्वरले संसारमा कहिलकाहीँ मात्र हस्तक्षेप गर्नुहुन्छ; र (३) यसको परिणाम वास्तविक आश्चर्यकर्महरूमा महत्त्वपूर्ण ढङ्गले कमी आउँछ अनि सन्देहवादमा वृद्धि हुन्छ किनकि धेरैपटक परमेश्वरले प्रार्थनाको उत्तरमा काम गर्नुहुँदा त्यो परिणाम प्रार्थना गर्नेहरूका निम्ति विस्मयकारी हुन्छ। तर यसलाई प्राकृतिक कारणहरूद्वारा व्याख्या गर्नु पूर्णतया असम्भव छैन, विशेष गरी त्यो सन्देहवादीको निम्ति जसले यस काममा परमेश्वरको हात भएको मान्नै अस्वीकार गर्छ।

त्यसकारण, माथि दिइएको सुरुको परिभाषाअनुसार, आश्चर्यकर्म भनेको

[२]तर यदि कसैले आश्चर्यकर्मलाई "मानिसहरूको श्रद्धा र विस्मय जागृत गराउनलाई *सामान्य* साधनहरूको प्रयोगबाहेकका परमेश्वरको काम" भनी परिभाषित गरे यो परिभाषा मैले माथि प्रस्ताव गरेका परिभाषाकै बलको हुनेछ र परमेश्वरको पूर्वप्रबन्धसम्बन्धी बाइबलको शिक्षासित सुसङ्गतको हुनेछ (हे. L. Berkhof, *Systematic Theology,* पृह. १७६-७७।

[३]"प्राकृतिक नियम" वाक्यांशलाई ख्रीष्टियानहरूद्वारा परमेश्वरले हरेक प्राणीलाई दिनुहुने र हरेक प्राणीमा कायम राख्नुहुने पहिला नै जान्न सकिन व्यवहारलाई मात्र बुझाउँछ भनी बुझियो भने यो परिभाषा कम मात्रामा आपत्तिजनक छ किनभने यसले परमेश्वरको पूर्वप्रबन्धलाई सचेत रूपले ध्यानमा राख्छ। तर

परमेश्वरले यस संसारमा *किञ्चित् थोरै सामान्य प्रकारको* गर्नुभएको काम हो। यो परिभाषा अझ श्रेयस्कर र परमेश्वरको पूर्वप्रबन्धसम्बन्धी बाइबलीय धर्मसिद्धान्तसित अझ बढ़ी मिलेको देखिन्छ। परमेश्वरको भिन्नै तरिकाको काम गराइलाई आश्चर्यकर्म भन्छ भनी यस परिभाषाले भन्दैन तर यसले यो मात्र भन्छ कि आश्चर्यकर्म परमेश्वरले केही कम मात्राको सामान्य तरिकामा गर्नुभएको काम हो र मानिसहरूमा यसरी आश्चर्य, श्रद्धा वा विस्मय उत्पन्न गराउनलाई गरिएको काम हो जसले उहाँकै साक्षी दिन्छ।

आश्चर्यकर्मको निम्ति प्रयुक्त बाइबलीय शब्दावलीले मानिसहरूको आश्चर्य र विस्मय उत्पन्न गर्नलाई परमेश्वरका शक्तिको काममा लागेको यो धारणातिर बारम्बार औंल्याउँछ। प्राथमिक तौरमा तीन वर्गका शब्दहरू प्रयोग गरिन्छ। (१) "चिन्ह" (हिब्रू *oth;* ग्रीक *semeion*), यसले कुनै यस्तो कुरालाई बुझाउँछ जसले अर्कै कुरालाई औंल्याउँछ गर्छ, विशेष गरी (आश्चर्यकर्महरूको सन्दर्भमा) परमेश्वरका कार्य वा शक्तिलाई (२) "अचम्मका काम/चमत्कार" (हिब्रू *mopeth;* ग्रीक *teras*), यस्तो घटना जसले मानिसहरूलाई छक्क पर्न वा चकित बन्न कर लाउँछ;[४] (३) "आश्चर्यकर्म" वा "शक्तिशाली काम" (हिब्रू *gebrurah;* ग्रीक *dynamis*), यस्तो काम जसले ठूलो शक्ति देखाउँछ, विशेष गरी (आश्चर्यकर्मको सन्दर्भमा) परमेश्वरीय शक्ति।[५] "चिन्ह र विस्मयहरू" प्रायः आश्चर्यकर्म बुझाउनलाई प्रयोग गरिने सामान्य अभिव्यक्ति हो (प्रस ७:३; व्यव ६:२२; भज १३५:९; प्रे ४:३०; ५:१२; रोम १५:१९; आदि)। कहिलेकाहीँ यी तीनैवटा शब्दहरू संयुक्त रूपमा प्रयोग गरिएका पाउँदछौं, "शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरू" (प्रे २:२२) वा "चिन्हहरू, चमत्कारहरू/अचम्मका कामहरू, शक्तिका कामहरू ..." (२ कोर १२:१२; हिब २:४)।

आश्चर्यकर्मको निम्ति प्रयोग गरिएको शब्दका अर्थहरूबाहेक हाम्रो परिभाषालाई समर्थन गर्ने अर्को कारण यो तथ्य हो कि परमेश्वरको शक्ति कार्यरत छ भन्ने कुरा देखाउनलाई धर्मशास्त्रमा भएका आश्चर्यकर्महरूले मानिसमा श्रद्धासहितको विस्मय जागृत गराउँछ। "आश्चर्यकर्म" वा "उदेकका कुराहरू" गर्नुहुने परमेश्वर नै हुनुहुन्छ भनी बाइबलले हामीलाई प्रायः नै बताउँछ। भजन १३६:४ ले भन्छ कि उहाँ परमेश्वर नै हुनुहुन्छ जसले "मात्र उदेकको काम गर्नुहुन्छ" (भजन ७२:१८)। मोशाको गीतले घोषणा गर्छ :

> "हे परमप्रभु, देवताहरूमा तपाईंझैं को छ र ?
> पवित्रतामा अति महान्, महिमामा भययोग्य,
> र उदेकका कर्म गर्नुहुने तपाईंझैं को छ र ?"
> (प्रस १५:११)

---

आज अङ्ग्रेजी भाषामा "प्राकृतिक नियम"-लाई प्रायः नै त्यस प्रकारले बुझिँदैन।

[४]आश्चर्यकर्मप्रति मानिसहरूका प्रतिक्रिया वर्णन गर्नलाई क्रियापद *thaumazo,* अर्थात् "छक्कै पर्नु, चकित हुनु" वाक्यांशहरू सुसमाचारमा बारम्बार प्रयोग गरिन्छ।

[५]आश्चर्यकर्म सङ्केत गर्ने नयाँ करारमा प्रयुक्त शब्दावलीबारे विस्तृत विवेचनका लागि हे. W. Mundle, O. Hofius र C. Brown, "Miracle, Wonder, Sing," *NIDNTT 2:620-5* ।

त्यसकारण, मोशाको लौरो सर्पमा परिणत हुँदा र फेरि लौरो नै बन्दा वा उनको हातमा कोढ़ लाग्दा र फेरि निको हुँदा (प्रस ४:२-८) उनले गरेका आश्चर्यकर्मका ती चिन्हहरू परमेश्वरले मोशालाई पठाउनुभएको थियो भनी इस्राएलका मानिसहरूलाई देखाउन उनलाई दिइएको थियो। यस्तै प्रकारले, फारोको दरबारमा भएका जादुवालाहरूले देखाएका झुटो आश्चर्यकर्म वा अनुकरण गरेका चिन्हहरूभन्दा महामारीहरूको समयभरि परमेश्वरले मोशा र हारूनको हातबाट गर्नुभएको आश्चर्यकर्मका चिन्हहरू कता हो कता ठूला थिए (प्रस ७:१२; ८:१८-१९; ९:११)। तिनले यो देखाए कि इस्राएलका मनिसहरू ती थिए जसले साँचो परमेश्वरको आराधना गर्थे। एलियाले कर्मेल पर्वतमा बालका पूजाहारीहरूको सामना गर्दा (१ राज १८:१७-४०) आकाशबाट आएको आगोले परमप्रभु नै साँचो परमेश्वर हुनहुन्थ्यो भनी देखायो।

"आश्चर्यकर्म परमेश्वरको केही कम मात्राको असामान्य सार्वजनिक क्रिया हो जुनमा उहाँले मानिसहरूको श्रद्धालु भय र विस्मय जागृत गर्नहुन्छ र आफ्नै साक्षी दिनुहुन्छ" भन्ने आश्चर्यकर्मको परिभाषालाई स्वीकार गर्‍यौं भने, कस्ता कुराहरूलाई आश्चर्यकर्म भनी मान्नुपर्छ भनी हामीले प्रश्न गर्न सक्छौं। मानव-परमेश्वरका रूपमा येशूको अवतार र मृतकबाट येशूको पुनरुत्थानलाई अवश्य नै सम्पूर्ण इतिहासको सर्वाधिक प्रमुख र महत्त्वपूर्ण आश्चर्यकर्म हो भनी सोच्दा हामीले सही काम गरेका हुन्छौं। प्रस्थानको बेला लाल समुद्र दुई भाग भएको र यरीहोको पतनजस्ता घटनाहरू असाधारण आश्चर्यकर्महरू थिए। येशूले मानिसहरूलाई निको बनाउनुहुँदा अनि कोढ़ीहरूलाई शुद्ध बनाउनुहुँदा, भूतहरूलाई निकाल्नुहुँदा ती कामहरू पनि निश्चय नै आश्चर्यकर्महरू नै थिए (हे. मत्ती ११:४-५; लूक ४:३६-४१; यूह २:२३; ४:५४; ६:२; २०:३०-३१)।

प्रार्थनाका असाधारण उत्तरहरूलाई के हामी आश्चर्यकर्म भन्न सक्छौं? प्रस्ट रूपले सक्छौं, यदि तिनले मानिसहरूको श्रद्धालु भय र विस्मय जागृत गराउँछन् र क्रियाशील हुनुभएका परमेश्वरको शक्तिलाई मान्न बाध्य बनाउँछन् भने। आकाशबाट आगो पठाइदिनुहोस् भनी एलियाले गरेका प्रार्थनाको उत्तर आश्चर्यकर्म थियो (१ राज १८:२४, ३६-३८), विधवाको मृत छोरा फेरि जीवित होस् (१ राज १७:२१), वा पानी नपरोस् र पछि फेरि परोस् (१ राज १७:१; १८:४१-४५ याक ५:१७-१८ सित) भनी उनले गरेका प्रार्थनाहरूका उत्तर पनि आश्चर्यकर्महरू नै थिए। नयाँ करारमा झ्यालखानबाट पत्रुसको छुटकारा निश्चय नै मण्डलीले गरेका प्रार्थनाको उत्तर थियो (प्रे १२:५-१७, प्रेरित २८:८ मा पावलले पब्लियसका बाबुको निम्ति गरेका प्रार्थनामा पनि ध्यान दिनुहोस्)। तर यस्ता नाटकीय आश्चर्यकर्महरूबाहेक अन्य धेरैवटा आश्चर्यकर्महरू भएकै हुनुपर्दछ किनभने येशूले सयौं मानिसहरूलाई निको बनाउनुभयो, "*अनेक किसिमका रोग भएका* बिरामीहरू *सबैलाई*" (लूक ४:४०)। "त्यस टापूका अरू रोगी मानिसहरूलाई" पावलले निको बनाए (प्रे २८:९)।

अर्कोपट्टि, ख्रीष्टियानहरूले प्रत्येक दिन प्रार्थनाका उत्तरहरू आएका देख्छन्। हामीले प्रार्थनाको परिभाषालाई यति फ्यातुलो बनाउनु हुँदैन कि प्रार्थनाको प्रत्येक

उत्तर आश्चर्यकर्म हो भनी हामी ठानौं। तर प्रार्थनाको उत्तर यति असाधारण हुँदा यसमा संलग्न मानिसहरू जब दङ्गदास बन्छन् र परमेश्वरको शक्ति असामान्य प्रकारले सक्रिय भएको स्वीकार गर्छन्, तब यसलाई आश्चर्यकर्म भन्नु उचित हुन्छ।[६] यो हाम्रो परिभाषाअनुरूप छ र यसलाई मानिसहरूमा श्रद्धालु भय र विस्मय जागृत गराउने परमेश्वरका कामहरूलाई आश्चर्यकर्महरू (हिब्रू *dynamis*) भनिन्थे भन्ने बाइबलीय प्रमाणले समर्थन गरेका देखिन्छ।[७]

तर हामीले बृहद् वा संकीर्ण परिभाषालाई मान्यौं भने पनि, हामी सबै यस कुरामा सहमत बन्नुपर्दछ कि हाम्रो प्रार्थनाहरूका उत्तरमा यदि परमेश्वरले साँच्चै काम गर्नुहुन्छ भने, साधारण होस् वा असाधारण तरिकामा, हामीले यो बुझ्न र उहाँलाई धन्यवाद दिन, र त्यसलाई उपेक्षा नगर्न अनि हाम्रो प्रार्थनाहरूका उत्तरमा परमेश्वरले वास्तवमा जुन काम गर्नुभएको छ त्यसको सम्भाव्य "प्राकृतिक कारणहरू" खोजेर त्यसको व्याख्या गर्नका लागि आकाश-पातल एक नगर्न आवश्यक छ। प्रार्थनाका उत्तरहरूका बेहोराको प्रतिवेदन दिँदा त्यसलाई बढाइचढाइ नदिनुमा हामी होसियार हुनैपर्दछ तर पनि परमेश्वरले जुन काम गर्नुभएको छ त्यसको निम्ति उहाँलाई धन्यवाद र महिमा नदिने कामजस्तो उल्टो भुल गर्नु हुँदैन।

### ख. नयाँ करार युगको स्वाभाविक गुणको रूपमा आश्चर्यकर्म

नयाँ करारमा येशूका आश्चर्यकर्ममय चिन्हहरूले उहाँ परमेश्वरबाट आउनुभएको थियो भन्ने तथ्यलाई अनुमोदन गर्छ: निकोदेमसले यस तथ्यलाई चिने, "परमेश्वर साथमा हुनभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन" (यूह ३:२)। येशूले पानीलाई दाखमद्यमा बनाउनुभएको घटना एउटा "चिन्ह" थियो जसले उहाँको "महिमा प्रकट" गऱ्यो "अनि उहाँका चेलाहरूले उहाँमाथि विश्वास गरे" (यूह २:११)। पत्रुसको विचारअनुसार, "येशू यस्ता व्यक्ति हुनुहुन्थ्यो, जसलाई परमेश्वरले *शक्तिशाली कामहरू, अचम्मका कामहरू र चिन्हहरूद्वारा* तपाईंहरूका सामुन्ने प्रमाणित गर्नुभयो" अनि परमेश्वरले "तपाईंहरूका बीचमा यी कामहरू उहाँद्वारा गर्नुभएको हो" (प्रे २:२२)।

त्यस बेला सुरुको मण्डलीमा प्रेरित र सुसमाचार प्रचार गर्ने अरू प्रचारकहरूले यस्ता आश्चर्यकर्महरू गरे जसले मानिसहरूलाई छक्क पारे अनि प्रचार गरिरहिएको समाचारलाई पुष्टि गरे (प्रे २:४३; ३:६-१०; ४:३०; ८:६-८, १३; ९:४०-

---

[६]अरूहरू आश्चर्यकर्महरूबारे तिनीहरूको परिभाषामा अझै प्रतिबन्धक (restrictive) हुनु चाहन सक्छन्। तिनीहरू यो शब्दलाई (उदाहरणार्थ) त्यस्ता घटनाहहरूका लागि सुरक्षित राख्न चाहन्छन् जो साधारण माध्यमद्वारा पटक्कै घटन सक्दैनन् र जसबारे अनेकौं निष्पक्ष पर्यवेक्षकहरूद्वारा पूर्ण रूपले साक्षी दिइएका र प्रलेखित गरिएका हुन्छन्। तर त्यस्तो परिभाषाले ती सबै प्रकारका थोकहरू सम्मिलित गर्दैन जो पावलले कोरिन्थ (१ कोर १२:१०, २८-२९) र गलातियाका मण्डलीहरूमा (गला ३:५) भएका आश्चर्यकर्महरूबारे बताउँदा उनको मनमा थिए, अनि यो परिभाषाले आजका ख्रीष्टियानहरूलाई आश्चर्यकर्महरूको वरदान दिइँदा त्यसलाई चिन्नदेखि मानिसहरूलाई रोक्न सक्ला। (निस्सन्देह, यस्तो प्रतिबन्धक परिभाषामा विश्वास गर्ने ख्रीष्टियानहरूले प्रार्थनाका धेरै उत्तरहरूका निम्ति, जसलाई तिनीहरू आश्चर्यकर्म मान्दैनन्, परमेश्वरलाई तैपनि सहर्ष धन्यवाद दिनेछन्।)

[७]कति मानिसहरूले एउटा घटना आश्चर्यकर्म ठान्दा र अरूहरूले यही घटनालाई आश्चर्यकर्म नठान्दैमा त्यस्तो परिभाषाको औचित्य हराउँदैन किनकि मानिसहरूद्वारा एउटा घटनाको मूल्याङ्कन तिनीहरू ख्रीष्टियानहरू हुन् वा होइनन् भन्ने प्रश्नमा निर्भर गर्छ।

४२; आदि)। प्रेरितहरू नभएका मण्डलीहरूमा पनि आश्चर्यकर्महरू भए। उदाहरणार्थ, पावलले गलातियाका विभिन्न क्षेत्रहरूलाई (हे. गला १:१) लेखेर यो प्रश्न गर्दा यो अनुमान गर्छन्, "जसले तिमीहरूलाई पवित्र आत्मा दिनुहुन्छ र तिमीहरूका माझ आश्चर्यकर्महरू गर्नुहुन्छ के यो सबै उहाँले व्यवस्थामा तिमीहरूका कामको कारणले गर्नुभएको हो कि सुनेको वचनमा तिमीहरूले विश्वास गरेका कारण ?" (गला ३:५)। यस्तै प्रकारले उनले कोरिन्थको मण्डलीमा "आश्चर्यकर्महरू गर्नेहरू"-का (१ कोर १२:२८) र पवित्र आत्माद्वारा बाँड़िएका वरदानहरूका रूपमा आश्चर्यकर्मका नाउँहरू उल्लेख गर्छन् (१ कोर १२:१०)। यी अन्तिम दुई पदहरू महत्त्वपूर्ण छन् किनभने १ कोरिन्थी १२:४-३१ ले कोरिन्थमा भएको कुनै विशेष स्थितिको विवेचन गरिरहेको छैन तर धेरै अङ्गहरू भएका तर एउटै शरीर हुने "ख्रीष्टको शरीर"-को रूपमा मण्डलीको स्वभावबारे सामान्य रूपमा अर्थात् विवेचन गर्छ।[८]

वास्तवमा आश्चर्यकर्महरू हुनु नयाँ करारका मण्डलीको विशेषता नै भएको देखिन्छ।[९] पुरानो करारमा एकपटकमा एक प्रमुख अगुवासम्बन्धी मात्र आश्चर्यकर्महरू भएका देखिन्छन्, जस्तै मोशा वा एलिया वा एलिसा। नयाँ करारमा येशूले उहाँका सेवाकार्य सुरु गर्नुहुँदा (लूक ४:३६-३७, ४०-४१) आश्चर्यकर्महरूको संख्यामा अकस्मात् र अपूर्व बृद्धि भएको देखिन्छ। तर पनि पुरानो करारको ढाँचाको विपरीत, आश्चर्यकर्म गर्ने र भूतहरूलाई निकाल्ने कामको अधिकार येशूसम्म मात्र सीमित रहेको थिएन, नता येशू स्वर्गमा फर्किजानुहुँदा आश्चर्यकर्म हुन बन्द भए। येशूको सेवाकार्यकालमा पनि उहाँले बाह्रजनालाई मात्र होइन तर सत्तरी जना चेलाहरूलाई पनि रोगीहरूलाई निको बनाउने र भूतहरूलाई निकाल्ने अधिकार दिनुभयो (लूक १०:१, ९, १७–१९; तु. १०:८; लूक ९:४९-५०)। यसको अतिरिक्त, १ कोरिन्थी र गलातीबाट माथि उल्लेखित उद्धरणहरूले यो सङ्केत दिन्छन् कि आश्चर्यकर्महरू गर्ने

[८]उदाहरणार्थ, परमेश्वरले मण्डलीमा "पहिलो प्रेरित" नियुक्त गर्नुभएको छ भनी पावलले भनेका कुरामा ध्यान दिनुहोस् (१ कोर १२:२८)। तर कोरिन्थको निम्ति विशेष रूपले नियुक्त कुनै प्रेरित थिएनन्। त्यसकारण, यो परिच्छेदले मण्डलीबारे सामान्य रूपमै बताइरहेको हुनपर्दछ। B. B. Warfield-ले *Counterfeit Miracles* (एडिनबर्ग: ब्यानर अब् ट्रूथ, १९७२; प्रथम प्रकाशन १९१८) यो टिप्पणी गर्छन् कि कोरिन्थको सामान्य मण्डली उपासना सेवामा भाग लिनेहरूले "प्रयोग गर्नका लागि चमत्कारी वरदानहरू पाउँछन्।" उनी भन्छन्, "कोरिन्थको कलिलो मण्डलीमा मात्र यस्तो थियो भन्ने कुनै कारण नै छैन। प्रेरितले यस्तो प्रकारले लेख्दैनन् कि उनले त्यो मण्डलीमा मात्र भएको त्यो अद्भूत अवस्था वर्णन गरिरहेका थिए। ... उनका बाँकी पत्रहरूमा र प्रेरितहरूका कामको पुस्तकमा भएका सङ्केतहरूले ख्रीष्टियान उपासनाको यस सुन्दर चित्रलाई यसरी हेर्न अनिवार्य बनाउँछ कि यो त्यस इलाकावारिपारि प्रेरितहरूद्वारा स्थापित गरिएका र भ्रमण गरिएका अनगन्ती मण्डलीहरूमध्ये कुनै पनि मण्डलीमा हुने उपासनाको जीवन्त चित्र थियो। यो प्रेरितीय मण्डलीहरूको लक्षण नै हो कि तिनमा त्यस्ता आश्चर्यकर्मका वरदानहरू प्रदर्शित हुनुपर्छ भनी विचार गर्नुमा हामी तर्कसङ्गत नै हुन्छौं। यसको अपवादचाहिँ, त्यस्ता वरदानहरू भएका होइनन, नभएका मण्डलीहरू मात्र हुन् (पृह. ४-५)।

[९]Warfield अगाडि भन्छन्, "पवित्र आत्माका समुचित कामहरूमा पवित्र आत्मा हुनभएको देखाउँदै यत्रतत्र चारैतिरका प्रेरितिक मण्डलीहरू स्वत: नै परमेश्वरबाट प्राप्त वरदान हो भनी हेरिन्थ्यो; यी वरदानहरू थिए – चङ्गाइको आश्चर्यकर्म र शक्तिको आश्चर्यकर्म, ज्ञानको आश्चर्यकर्म, त्यो चाहे अगमवाणीको रूपमा होस्, वा आत्मा चिन्ने कामको रूपमा, बोलीको आश्चर्यकर्म, त्यो चाहे अन्य भाषाहरूका वरदानको होस् वा तिनका व्याख्याको। प्रेरितिक मण्डली विशेषतासूचक रूपमै आश्चर्यकर्म गर्ने मण्डली थियो (*Counterfeit Miracles*, पृ. ५)।

यस प्रश्नसम्बन्धी Warfield-ले गरेको नयाँ करारका प्रमाणको विश्लेषणसित म सहमत बने तापनि, त्यसपछि आउने उनका बुँदाहरू र प्रेरितहरूका युगपछि मण्डलीले आश्चर्यकर्ममय वरदानहरू अनुभव गर्न बन्द भयो, अनि हामीले यस्ता वरदानहरूको आशा गर्नुहुन्न किनभने प्रेरितहरू जिउँदै भएका समयावधिमा

काम ती सत्तरी जना चेलाहरूमा मात्रै सीमित थिएन तर गलाती र नयाँ करारका मण्डलीहरूमा पनि सामान्यतया यस्तै हुन्थे। यसले यो इङ्गित गर्छ कि आश्चर्यकर्महरू हुनु नयाँ करारका मण्डलीको विशेषता नै थियो र यसलाई पवित्र आत्माको शक्तिशाली नौलो काम भनी हेर्न सकिन्छ, जुन काम पेन्तिकोसदेखि सुरु भयो अनि यो युगौंयुग मण्डलीमा भइरहनेछ भनी आशा गर्न सकिन्छ।[10]

### ग. आश्चर्यकर्महरूका उद्देश्यहरू

आश्चर्यकर्महरूको उद्देश्य निश्चय नै सुसमाचारलाई प्रमाणित ठहराउनु हो। यो येशू स्वयम्कै सेवाकार्यमा प्रत्यक्ष थियो, जस्तो कि निकोदेमसजस्ता मानिसहरूले स्वीकारे, "गुरुज्यू, हामी जान्दछौं तपाईं परमेश्वरबाट आउनुभएको शिक्षक हुनुहुन्छ, किनकि परमेश्वर साथमा हुनुभएन भने तपाईंले गर्नुभएका यी चिन्हहरू कसैले गर्न सक्दैन" (यूह ३:२)। येशूको सन्देश सुन्नेहरूद्वारा सुसमाचार घोषण गरिँदा पनि यो प्रत्यक्ष थियो, कारण तिनीहरूले प्रचार गरे, "परमेश्वरले पनि *चिन्हहरू, अचम्मका कामहरू, विभिन्न आश्चर्यकर्महरू* र उहाँको आफ्नो इच्छाबमोजिम बाँड़िएका पवित्र आत्माको वरदानहरूद्वारा यस कुराको गवाही दिनुभयो" (हिब २:४)। यो उद्देश्य सुसमाचार पहिलोपटक प्रचार गरिँदा (नयाँ करार लेखिनुभन्दा पहिला) मात्र वैध थियो वा थिएन, वा सम्पूर्ण मण्डली-युगभरि नै सत्य रहनेछ वा छैन भन्ने कुराचाहिँ आश्चर्यकर्महरूले कुन कुरालाई पुष्टि गरिरहेका छन् भनी हामी सोच्दछौं त्यसैमा निर्भर गर्छ – के तिनले धर्मशास्त्रका वचनहरूको परम सत्यता (परमेश्वरकै वचन भनी) मात्र पुष्टि गरिरहेका छन्, वा के जुनै पनि समय सुसमाचार प्रचार गरिँदा यसका सत्यताहरूलाई सार्वजनिक तौरमा पुष्टि गर्नलाई मात्र आश्चर्यकर्महरू दिइएका हुन्? अरू शब्दमा भन्नु हो भने, के आश्चर्यकमहरूले धर्मशास्त्र वा सुसमाचारलाई पुष्टि गर्छन्। जस्तो कि हामी तल हेर्नेछौं, धर्मशास्त्र लेख्नेहरू वा पूर्ण प्रेरितिक अधिकारसित बोल्नेहरूसम्म मात्र आश्चर्यकर्महरू सीमित थिएनन्।[11] यसले यो सङ्केत गर्दछ कि सुसमाचारको पुष्टीकरणमा दिइएका आश्चर्यकर्महरू मण्डलीको सम्पूर्ण युगभरि रहिरहनेछन्।

जब आश्चर्यकर्महरू हुन्छन् तिनले परमेश्वर साँचै नै कार्यरत हुनुहुन्छ भन्ने प्रमाण दिन्छन्, र सुसमाचारलाई अघि बढ़ाउने काम गर्छन्; सामरी स्त्रीले तिनको गाउँमा घोषणा गरिन्, "आओ, एक जना मानिसलाई हेर, जसले मैले गरेका सबै काम मलाई बताइदिनुभयो" (यूह ४:२९), र धेरै सामरीहरूले ख्रीष्टमा विश्वास गरे। येशूको सेवाकार्यमा प्रायः नै यस्तै हुन्थ्यो तर प्रारम्भिक मण्डलीमा पनि यस्तै नै हुन्थ्यो; फिलिप सामरियाको एउटा शहरमा जाँदा :

"फिलिपले भनेका वचन सुनेर अनि तिनले गरेका चिन्हहरू देखेर

प्रारम्भिक प्रेरितिक सन्देशहरूलाई पुष्टि गर्नलाई मात्र परमेश्वरले ती आश्चर्यकर्महरूको उद्देश्य तोक्नुभएको थियो भन्ने यस पुस्तकका प्रमुख तर्कहरूबारे असहमत बन्ने पर्याप्त ठाउँ छ।

[10]आत्मिक वरदानहरू र केही वरदानहरू बन्द भएका प्रश्नहरूबारेका थप विवेचनको निम्ति हे. अ. ५२।

[11]तलको खण्ड घ हे.।

> भीड़ले एक मनका भई तिनका कुरामा ध्यान दिए। किनकि धेरै जनाबाट अशुद्ध आत्माहरू ठूलो सोरले चिच्याउँदै निस्कन लागे, र धेरै जना पक्षाघातका रोगीहरू र लङ्गड़ाहरू पनि निको पारिए। यसरी त्यस शहरमा ज्यादै आनन्द भयो" (प्रे ८:६ -८)।

पक्षाघाती एनियासलाई निको बनाइँदा तिनले भने, "लुड्डा र शारोनमा बस्ने जति *सबै जनाले त्यसलाई देखेर प्रभुतिर फर्के*" (प्रे ९:३५)। तबीतालाई मृतकबाट उठाइँदा "यो कुरा सारा योप्पाभरि जाहेर भयो, र *धेरैले प्रभुमा विश्वास गरे"* (प्रे ९:४२)।[12]

नयाँ करारमा आश्चर्यकर्मको दोस्रो उद्देश्य यस तथ्यको साक्षी दिनु हो कि परमेश्वरको राज्य आएको छ र यसले मानिसहरूका जीवनमा हितकारी प्रतिफलहरू फैलाउन थालेको छ, किनकि येशूका आश्चर्यकर्महरूले परमेश्वरको राज्यका विशेषताहरू देखाउँछ। येशूले भन्नुभयो, "यदि परमेश्वरका आत्माद्वारा म भूतहरू धपाउँछु भने परमेश्वरको राज्य तिमीहरूमा आइसकेको छ" (मत्ती १२:२८)। शैतानका विनाशकारी शक्तिहरूलाई उहाँले गर्नुभएको विजयले परमेश्वरको राज्य कस्तो थियो सो देखायो। यस प्रकारले, सबै किसिमका चङ्गाइहरू वा भूतीय दमनबाट छुटकाराले राज्यलाई बढ़ायो र येशूको सेवाकार्यलाई पूरा गर्ने काममा सहायता गऱ्यो, किनकि "गरीबहरूलाई सुसमाचार सुनाउनका निम्ति। ... कैदीहरूलाई छुटकाराको घोषणा गर्न, र अन्धाहरूलाई दृष्टि दिन, थिचोमिचोमा परेकाहरूलाई स्वतन्त्र गराउनका निम्ति" (लूक ४:१८) उहाँ प्रभुका आत्मासित आउनुभयो।

यसरी नै, येशूले उहाँका चेलाहरूलाई "सबै भूतहरू निकाल्ने र रोगहरू निको पार्ने शक्ति र अधिकार दिनुभयो। उहाँले तिनीहरूलाई परमेश्वरका राज्यको प्रचार

[12]भर्खरै उद्धृत गरिएका पदहरूले मानिसहरूलाई विश्वासमा ल्याउनलाई आश्चर्यकर्महरूको सकारात्मक मूल्य देखाउँछन्। उहाँ कतिले यो आपत्ति उठाउलान् कि सुसमाचारको साक्षी दिने प्रसङ्गमा आश्चर्यकर्महरूको मूल्य हुन्छ भनी हामीले भन्दा हामी यही सोच्दछौं कि मानिसहरूलाई विश्वासमा ल्याउनका लागि सुसमाचारको सन्देश स्वयम् कमजोर र असक्षम छ (विशेष गरी हे. James M. Boice, "Better Way: The Power of Word and Spirit," Michael Scott Horton-द्वारा सम्पादित *Power Religion*-मा [शिकागोः मूडी, १९९२] पृह. ११९-३६)। तर यो तर्कसङ्गत आपत्ति होइन, किनकि येशूले त्यस्तै प्रकारले सोच्नुभएन, र पावलले पनि त्यसरी सोचेनन् –दुवैले सुसमाचार प्रचार साथसाथै आश्चर्यकर्महरू गरे अनि येशूले आफ्ना चेलाहरूलाई त्यसै गर्नु भन्ने आज्ञा दिनुभयो (मत्ती १०:७-८)। हामीले यो स्मरण गर्नुपर्दछ कि परमेश्वर स्वयम्ले "चिन्हहरू, अचम्मका कामहरू, विभिन्न आश्चर्यकर्महरू र उहाँको आफ्नै इच्छाबमोजिम बाँड़िएका पवित्र आत्माका वरदानहरूद्वारा" (हिब २:४) सुसमाचारको "गवाही दिनुभयो" र हामी यो भन्न सक्दैनौं कि सुसमाचारका सन्देशको शक्तिबारे उहाँको अनुपयुक्त दृष्टिकोण छ। मानिसहरूलाई ख्रीष्टमा विश्वास गर्न प्रोत्साहन दिनमा आश्चर्यकर्महरूको मूल्य देखाउने सन्दर्भमा यूहन्नाको सुसमाचार विशेष गरी शिक्षाप्रद छ (हे. यूह २:११, २३; ३:२; ४:५३-५४; ६:२, १४; ७:३१; ९:१६; ११:४८; १२:११;र सारांशमा २०:३०-३१)। यूहन्नामा भएको यो सकारात्मक जोड़ D. A. Carson-को दृष्टिकोणभन्दा विपरीत छ ("The Purpose of Signs and Wonders in the New Testament," Horton, *Power Religion*-मा पृह. १००-१०१ मा जहाँ उनी यो स्वीकार गर्छन् कि यूहन्नाको सुसमाचारमा मानिसहरूलाई विश्वासमा ल्याउनलाई आश्चर्यकर्महरूको भूमिका सकारात्मक छ, तर त्यो सकारात्मक भूमिकालाई उनी न्यून बनाउँछन्। माथि उल्लेखित विभिन्न सकारात्मक लेखांशहरूबारे, विवेचन गर्न उनी उदेकलाग्दो गरी असफल बन्छन् र नकारात्मक मूल्याङ्कन नभएका उद्धरणहरूमा – जस्तै यूह २:२३-२५; ४:४८; र २०:२९-३१ मा – आश्चर्यकर्महरूको अवमूल्यन भएको देख्छन्। सुसमाचारसित आश्चर्यकर्महरू आउँदा त्यसमा विश्वास गर्नेहरूको विश्वास निम्न दर्जाको हुन्छ (जस्तो गरी Carson सुझाउ दिन्छन्, पृ. १०१) भनी हामीले सोच्नु हुँदैन, किनकि त्यसले हामीलाई येशू, पत्रुस र पावलका प्रचार विश्वास गर्नेहरूको विश्वास निम्न दर्जाको थियो भन्नतिर डोऱ्याउनेछ। नयाँ करारले यस्तो निष्कर्ष देखाउँदैन !

गर्न र बिरामीहरू निको पार्न पठाउनुभयो" (लूक ९:१-२)। उहाँले तिनीहरूलाई यो आदेश दिनुभयो, "स्वर्गको राज्य नजीकै आइपुगेको छ भन्दै प्रचार गर। बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठरोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल" (मत्ती १०:७-८; तु. ४:२३; ९:३५; प्रे ८: ६-७, १३)।

आश्चर्यकर्मको तेस्रो उद्देश्य अभावमा परेकाहरूलाई सहायता गर्नु हो। यरीहो छेउका दुई अन्धा मानिसहरूले पुकारे, "हे प्रभु, दाऊदका पुत्र, हामीमाथि दया गर्नुहोस्" र येशूले "टिठ्याएर" तिनीहरूलाई निको पार्नुभयो (मत्ती २०:३०, ३४)। येशूले ठूलो भीड़ देख्नुहुँदा "तिनीहरूलाई टिठ्याउनुभयो, र तिनीहरूका बिरामीहरूलाई निको पारिदिनुभयो" (मत्ती १४:१४; लूक ७:१३ पनि हे.)। उहाँ आश्चर्यकर्महरूले अभावमा परेकाहरूप्रति ख्रीष्टको अनुकम्पाको प्रमाण दिनुहुन्छ।

आश्चर्यकर्मको चौथो उद्देश्य, जो दोस्रो उद्देश्यसित सम्बन्धित छ, मानिसहरूका सेवाकार्यहरूमा भएका बाधाहरूलाई हटाउनु हो। येशूले पत्रुसका सासूलाई निको पार्नुभएपछि तत्कालै "तिनी उठिन्, र उहाँको सेवा गरिन्" (मत्ती ८:१५)। परमेश्वरले इपाफ्रोडिटसलाई करुणा गरी उनको स्वास्थ्यलाई फेरि ठीक गरिदिनुहुँदा (आश्चर्यकर्मको माध्यमबाट हो वा होइन फिलि २:२७ मा पावल यसको श्रेय परमेश्वरको करुणालाई दिन्छन्), इपाफ्रोडिटस पावलको सेवा गर्न सबल बने र फिलिप्पी मण्डलीमा फर्किजाने एउटा सन्देशवाहकको काम पूरा गर्न सके (फिलि २:२५-३०)। प्रभुले पत्रुसको माध्यमबाट तबीता (वा डोरकास)-लाई मृतकबाट जीवित बनाउनुभएपछि (प्रे ९:४०-४१) तिनले तिनको "असल काम र दान" दिने काम (प्रे ९:३९) फेरि सुरु गरिन् कि गरिनन् सो बाइबलले बताउँदैन, तर तिनका असल कामहरू र अरूका आवश्यकताप्रति तिनको निःस्वार्थ वास्ताको गवाही दिनेहरूका नाउँ उल्लेख गरेर बाइबलको मूलपाठले यही सङ्केत दिन्छ कि तिनले करुणाको उस्तै सेवाकार्य फेरि सुरु गर्नेछिन्।

करुणाको सेवाकार्यसित सम्बन्धित अर्को तथ्य यो हो कि मण्डलीमा आश्चर्यकर्मका वरदानहरू प्रयोग गरिँदा मानिसहरूको आत्मिक उन्नति हुनेछ भनी पावलले आशा गर्छन् (१ कोर १२:७, १४:४, १२, २६)।

अन्त्यमा, आश्चर्यकर्महरूको पाँचौं उद्देश्य (अनि यो त्यो उद्देश्य हो जसलाई अन्य सबै उद्देश्यहरूले सहयोग दिन्छन्) परमेश्वरलाई महिमा ल्याउनु हो। येशूले पक्षाघातीलाई निको पार्नुभएपछि मानिसहरू "भयभीत भए, र मानिसहरूलाई यस्तो शक्ति दिनुहुने परमेश्वरको प्रशंसा गरे" (मत्ती ९:८)। त्यसरी नै, येशूले भन्नुभयो कि जन्मैको अन्धो यसकारण अन्धो थियो कि "परमेश्वरका काम यस मानिसको जीवनमा प्रकट होस्" (यूह ९:३)।

### घ. के आश्चर्यकर्महरू प्रेरितहरूसम्म मात्रै सीमित थिए ?

**१. प्रेरितहरूको सेवाकार्यमा आश्चर्यकर्महरूको असाधारण केन्द्रीकरण।** कतिले यो तर्क गरेका छन् कि आश्चर्यकर्महरू प्रेरितहरूसम्म वा प्रेरितहरू र उनीहरूसँग घनिष्ठ मानिसहरूसम्म मात्र सीमित थिए। तिनीहरूका तर्कहरूमा मनन गर्नुभन्दा

पहिला आश्चर्यकर्महरूको असाधारण केन्द्रीकरण ख्रीष्टका विशिष प्रतिनिधिहरूका रूपमा प्रेरितहरूको विशेषता थियो भन्ने केही सङ्केत पाइन्छ भन्ने कुरामा ध्यान दिनु महत्त्वपूर्ण छ। उदाहरणार्थ, पत्रुस र पावलका माध्यमबाट अपूर्व आश्चर्यकर्महरू गर्न परमेश्वर प्रसन्न हुनुहुन्थ्यो। मण्डलीका अति प्रारम्भिक दिनहरूमा :

> अब प्रेरितहरूका हातबाट धेरै चिन्हहरू र आश्चर्यकर्महरू जनताका बीचमा हुन लागे, र तिनीहरू सबै सोलोमनको दलानमा एकसाथ भएर जम्मा भएका थिए। तर अरूहरूमध्ये कसैको पनि तिनीहरूसँग मिल्न आउने आँट भएन, तैपनि मानिसहरूले तिनीहरूलाई आदर गर्थे। प्रभुमा विश्वास गर्ने पुरुष र स्त्रीहरू दुवैको भीड़ झन् बढ़ी थपिन लागे, यहाँसम्म कि मानिसहरूले सड़क-सड़कमा बिरामीहरूलाई ल्याए र पत्रुस आउँदा तिनको छाया मात्र भए पनि तिनीहरूमध्ये कोही-कोहीमाथि परोस् भनी ओछ्यान र खाटहरूमा तिनीहरूलाई लेटाइराख्थे। यरूशलेमका वरिपरिका शहरहरूबाट पनि धेरै मानिसहरूले बिरामीहरू र अशुद्ध आत्माले सताएकाहरूलाई लिएर आउँथे र ती सबै निको हुन्थे। (प्रे ५:१२-१६)

त्यसरी नै, पावल एफिससमा हुँदा "परमेश्वरले पावलको हातबाट असाधारण आश्चर्य कामहरू गर्नुभयो, उहाँसम्म कि रूमाल अथवा पछ्यौरा तिनको शरीरमा छुवाएर बिरामीहरूकहाँ लगिन्थे, र तिनीहरूका शरीरबाट रोग जान्थे र दुष्टात्मा निस्कन्थे" (प्रे १९:११-१२)।[१३] अर्को उदाहरण तबीतालाई जीवित बनाइएको घटनामा पाइन्छ; जब तिनी मरेकी थिइन्, योप्पामा भएका चेलाहरूले तबीतालाई मृतकबाट जीवित पारी उठाउनलाई प्रार्थना गर्नका लागि पत्रुसलाई बोलाइपठाए (प्रे ९:३६-४२), स्पष्टतः किनभने परमेश्वरले पत्रुसलाई (वा सबै प्रेरितहरूलाई) आश्चर्यकर्म गर्ने शक्तिको असाधारण केन्द्रीकरण (concentration) दिनुभएको थियो भनी तिनीहरूले सोच्थे। अनि पावलका प्रायः सबै सेवाकार्यको विशेषता आश्चर्यका कामहरू भएका थिए किनभने गैरयहूदीहरूबाट आज्ञाकारिता प्राप्त गर्नलाई ख्रीष्टले उनको माध्यमबाट *"चिन्हहरू र आश्चर्यकर्महरू*को शक्तिले र पवित्र आत्माको शक्तिद्वारा" (रोम १५:१८) गर्नुभएका कामहरूबारे रोमीहरूलाई भन्दै उनले आफ्नो सेवाकार्यको सारांश बताए।

तथापि, प्रेरितहरूमा आश्चर्यकर्महरूको असाधारण केन्द्रीकरणले यो प्रमाण गर्दैन कि अरूहरूद्वारा *कुनै* आश्चर्यकर्महरू भएनन्! जस्तो गरी हामीले स्पष्टै देखेका छौं कि "आश्चर्य कामहरू" (१ कोर १२:१०) र अन्य आश्चर्यजनक वरदानहरू (१ कोर १२:४-११ ले अनेकौं उल्लेख गर्छ) कोरिन्थको मण्डलीको कार्यको एउटा सामान्य भाग थिए, अनि पावल यो जान्दछन् कि परमेश्वरले गलातियाका मण्डलीहरूमा पनि "आश्चर्यकर्महरू" गर्नुहुन्छ (गला ३:५)।

[१३]यीमध्ये कुनै पनि स्थितिमा पनि यी घटनाहरूलाई पत्रुसको छायाबाट वा पावलले छोएका रूमालबाट स्वतः आएको कुनै प्रकारको जादु ठान्नु हुँदैन, तर तिनलाई त्यो सङ्केतको रूपमा लिनुपर्छ कि यी मानिसहरूको सेवाकार्यमा पवित्र आत्मा यस प्रकारको पूर्ण र असाधारण शक्ति प्रदान गर्नु प्रसन्न हुनुहुन्थ्यो कि कहिलेकाहीँ उहाँले उहाँको कार्यलाई उनीहरूका शारीरिक उपस्थितिभन्दा टाढ़ा, उनीहरू छेऊमा नपुगेका वा उनीहरूले

**२. २ कोरिन्थी १२:१२ मा "प्रेरितहरूका चिन्हहरू" के-के हुन् ?** त्यसो भए आश्चर्यकर्महरू प्रेरितहरूलाई सामान्य मानिसहरूबाट अलग्गै छुट्ट्याउने अद्वितीय चिन्हहरू थिए भनी कतिले किन तर्क गरेका छन् ? यो कुरा विशेष गरी २ कोरिन्थी १२:१२ मा आधारित छ जहाँ पावल भन्छन्, "साँचो प्रेरितका लक्षणहरूचाहिँ पूरा धैर्यसाथ, चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरूद्वारा तिमीहरूका बीचमा प्रकट गरिएका थिए।"[१४] उनीहरूको भनाइअनुसार, यसले यो इङ्गित गर्छ कि अरूहरू (वा तिनीहरूका घनिष्ठ सङ्गीहरू) जो प्रेरितहरू थिएनन्, तिनीहरूमा त्यो अधिकार थिएन वा तिनीहरूले यस्ता आश्चर्यजनक चिन्हहरू देखाउन सक्थेनन्।[१५] उनीहरूले अगाड़ि दाबी गर्छन् कि प्रेरितहरू र उनीहरूका घनिष्ठ सङ्गीहरूको देहावसानपछि आश्चर्यकर्मका कामहरू बन्द भए। त्यसकारण, उनीहरू निष्कर्ष निकाल्छन्, अबोप्रान्त आश्चर्यकर्महरूको आशा गर्न हुँदैन। (यो दृष्टिकोण मान्नेहरूलाई अवसानवादीहरू (cessationists) भनिन्छ किनकि तिनीहरूले मण्डलीको आरम्भिक इतिहासमा नै आश्चर्यकर्महरूको अवसान भए वा ती समाप्त भए भनी विश्वास गर्छन्)।

यो प्रश्नमा मनन गर्दा, यो याद गर्नुपर्छ कि यस बुँदालाई स्थापित गर्न प्रयोग गरिएको मुख्य खण्ड २ कारिन्थी १२:१२ मा पावल "साँचो प्रेरितका लक्षणहरू"-बारे बताउँछन्। जुन ख्रीष्टियानहरू प्रेरित थिएनन्, *तिनीहरूभन्दा उनी बेग्लै थिए* भनी यहाँ पावलले प्रमाण गर्ने प्रयत्न गरिरहेका *छैनन्*। यसको सट्टामा, उनले यो प्रमाण गर्ने कोसिस गरिरहेका छन् कि उनी "झुटा प्रेरितहरू" (२ कोर ११:१३), ख्रीष्टका झुटा प्रतिनिधिहरू, "धार्मिकताका सेवकहरू"-को भेस धारण गर्ने शैतानका सेवकहरू (२ कोर ११:१४-१५) नभएर ख्रीष्टका साँचो प्रतिनिधि हुन्। छोटोमा भन्नुपर्दा, तुलना आश्चर्यकर्महरू गर्न सक्ने प्रेरितहरू र आश्चर्यकर्महरू गर्न नसक्ने साधारण ख्रीष्टियानहरूमाझको होइन, तर हो साँचो ख्रीष्टियान प्रेरितहरू, जसका माध्यमबाट पवित्र आत्माले काम गर्नुभयो, र *प्रेरितहरूको पदभारका गैरख्रीष्टियान मिथ्या दाबेदारहरू*बीच, जसका माध्यमबाट पवित्र आत्माले ठ्याम्मै काम गर्नुभएन। त्यसकारण, यदि हामीले "प्रेरितहरूका चिन्हहरू" आश्चर्यकर्महरू हुन् भनी बुझ्यौं भने पनि, हामीले यो पारख गर्नैपर्दछ कि आज *ख्रीष्टियानहरू*का माध्यमबाट आश्चर्यकर्महरू हुन सक्दैनन् भनी तर्क गर्नेहरूले "प्रेरितका लक्षणहरू" भन्ने वाक्यांशलाई यसको सन्दर्भदेखि बाहिर लाँदैछन् र यसलाई यसरी प्रयोग गर्दैछन् जस्तो पावलले कहिल्यै आशय राखेका थिएनन्। पावलले आफैलाई गैर ख्रीष्टियानहरूभन्दा भिन्नै देखाउँदैछन्, जबकि तिनीहरू पावललाई अन्य *ख्रीष्टियान*भन्दा भिन्नै देखाउनलाई यो उद्धरणलाई प्रयोग गर्छन्।

---

नछोएका थोकहरूसम्म पनि विस्तारित गर्नुभयो।

[१४] "साँचो" शब्द ग्रीक मूलपाठमा वास्तवमा छैन, जसले केवल "प्रेरितका लक्षणहरू" भन्छ। RSV (उहाँ उद्धृत), NASB, NIV र अधिकांश नेपाली अनुवादहरूमा पावलले उनको सेवाकार्य र झुटा प्रेरितहरूका सेवाकार्यका भेद देखाइरहेका छन् भन्ने बुझाउनका लागि "साँचो" शब्द थपिएको छ।

[१५] हे. Walter J. Chantry, *Signs of the Apostles*, दोस्रो संस्क. (एडिनबर्ग: ब्यानर अब् ट्रूथ, १९७६), विशेष गरी पृह. १७-२१; B. B. Warfield, *Counterfeit Miracles;* Norman Geisler, *Signs of Wonders* (ह्विटन: टिन्डेल हाउस, १९८८)।

यसको अतिरिक्त, २ कोरिन्थी १२:१२ लाई ध्यानसित जाँच गर्दा यसले यो खुबै सन्दिग्ध भएको देखाउँछ कि यसमा भएको "प्रेरितका लक्षणहरू"-को अर्थ आश्चर्यजनक चिन्हहरू हुन्। यही पदमा नै पावल आश्चर्यकर्महरू, र "साँचो प्रेरितका लक्षणहरू"-माझका भिन्नताहरू छुट्टयाउँछन्; उनी आश्चर्यकर्महरूलाई "चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरू" हुन् भन्छन्, र टिप्पणी गर्छन् कि आश्चर्यकर्महरू प्रेरितका चिन्हहरूसाथसाथै गरिन्थे – *"साँचो प्रेरितका लक्षणहरूचाहिँ पूरा धैर्यसाथ, चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरूद्वारा तिमीहरूका बीचमा प्रकट गरिएका थिए।*[16] पछिल्लो वाक्यांश, "चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरू"-मा आश्चर्यकर्महरूकै निम्ति एकैसाथ प्रयोग गरिनलाई थुपारिएका तीनवटा शब्दहरू छन् र त्यसकारण यिनले आश्चर्यकर्महरूलाई नै बुझाएका हुनुपर्दछ (निम्नोद्धृत पदहरूमा "चिन्हहरू र चमत्कारहरू"- मा ध्यान दिनुहोस् – प्रे ४:३०; ५:१२; १४:३; १५:१२; रोम १५:१९; हिब २:४; आदि)। त्यसकारण, अघिल्लो वाक्यांश "साँचो प्रेरितका लक्षणहरू"-ले कुनै भिन्नै कुरालाई नै बुझाएको हुनुपर्दछ, यस्तो कुनै कुरा जो चिन्ह र चमत्कारहरू*सितै हुन्थ्यो* (गरिन्थ्यो)।

वास्तवमा, ग्रीक भाषामा *चिन्ह* (*semeion*) शब्दले प्रायः नै आश्चर्यकर्महरूलाई बुझाए तापनि यसको अर्थको सीमा केवल *चिन्ह*भन्दा पनि अझ विस्तृत छ; *semeion*–को अर्थ "कुनै अर्कै थोक हो जसले अर्कै कुरातिर इङ्गित गर्छ वा सङ्केत दिन्छ।"[17] २ कोरिन्थी १२:१२ मा भएका प्रेरितका "चिन्हहरू"-लाई ती सबै कुराहरूका रूपमा बुझिएको उत्तम हो जसले पावलको प्रेरितिक मिशनलाई चरित्रार्थ गरे अनि उनलाई साँचो प्रेरित भनी देखाए।[18] यी चिन्हहरू के थिए सोबारे हामीले अड्कल गर्ने आवश्यकता छैन किनकि पावललाई कुन कुराले साँचो प्रेरित भनी चिन्हित गऱ्यो सो पावल २ कोरिन्थीका अन्य भागहरूमा हामीलाई बताउँछन् :

१. खराबीसित संघर्षरत आत्मिक शक्ति (१०:३-४, ८-११; १३:२-४, १०)।
२. मण्डलीहरूका कल्याणका लागि ईर्ष्यालु वास्ता (११:१-६)
३. येशू र उहाँका सुसमाचारबारे साँचो ज्ञान (११:६)

[16]ग्रीक मूलपाठको व्याकरणले हामीलाई यो प्रभेद गर्न बाध्य बनाउँछ, किनकि, "प्रेरितका लक्षणहरू" प्रथमा विभक्तिमा छ, जबकि "चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरू" सम्प्रदान कारक चतुर्थी विभक्तिमा छ, र यसकारण यसको लगत्तैपछि प्रयोग गरिएको "प्रेरितका लक्षणहरू"-को पुनरुक्ति मात्र हुन सक्दैन; ग्रीक व्याकरणमा यसरी प्रयोग हुने नामहरू एउटै कारकमा हुनुपर्छ।

[17]अनेकौं आश्चर्य नमानिने कामहरूलाई "चिन्हहरू" भनिन्छ। उदाहरणार्थ, पावलको हस्ताक्षर उनको "चिन्ह" हो (२ थेस ३:१७, RSV-मा "निशान"); खतना अब्राहममा आरोपण गरिएको धार्मिकताको "चिन्ह" हो (रोम ४:११); यहूदाको चुम्बन इस्राएली अगुवाहरूका निम्ति "चिन्ह" हो (मत्ती २६:४८); इन्द्रेनी परमप्रभुको करारको चिन्ह हो (उत ९:१२, LXX); प्रत्येक वर्ष निस्तारको चाड़मा अखमिरे रोटी खानु परमप्रभुको "चिन्ह" हो (प्रस १३:९, LXX); राहाबको रातो डोरी त्यो "चिन्ह" हो जसलाई ती जासुसहरूले झ्यालमा झुण्डाउनू भनेका थिए (यहोशू २:१८)।

[18]२ कोरिन्थका आधुनिक टिप्पणीकर्ताहरूमध्ये २ कोरिन्थी १२:१२ को "साँचो प्रेरितहरूका चिन्हहरू"-लाई आश्चर्यकर्महरूका रूपमा बुझ्ने तीन जनाहरूलाई मात्र पाएँ – Colin Kruse, *The Second Epistle of Paul to the Corinthians*, TNTC (लिसेस्टरः इन्टर-भर्सिटी प्रेस, र ग्र्यान्ड र्‍यापिड्स : ईर्डम्यान्स, १९८७), पृ. २०९; *The Second Epistle of Paul to the Corinthians*, Jean Hering, *The Second Epistle of Paul to the Corinthians*, अनु. A.W. Hathcote र P. J. Allcock (लन्डन : एपवर्थ, १९६७), पृह. ९५-९६; र Murry Harris, "2 Corinthians," *EBC*, 10:398। उनीहरूले साँचो प्रेरितका चिन्हहरू आश्चर्यकर्महरू हुन् भनी मान्छन् तर

४. स्वावलम्बन (निस्वार्थता) (११:७-११)
५. मण्डलीबाट अनुचित लाभ नउठाउँदै; मानिसहरूलाई शारीरिक तौरमा प्रहार नगर्दै (११:२०-२१)
६. ख्रीष्टको निम्ति भोगेका दुःख-कष्ट र कठिनाइहरू (११:२३-२९)
७. स्वर्गमा उचालिलगिएको (१२:१-६)
८. शरीरमा एउटा काँड़ो सहनुमा सन्तुष्टि र विश्वास (१२:७-९)
९. दुर्बलतामा बल प्राप्त गर्नु (१२:१०)

प्रथम विषयमा आश्चर्यकर्महरू संलग्न भएका हुन सक्छन्, तर "साँचो प्रेरितका लक्षणहरू"-बारे उनले दिएका सन्दर्भको केन्द्रबिन्दु त्यो होइन।

२ कोरिन्थी १२:१२ का "साँचो प्रेरितका लक्षणहरू" यी सबै कुराहरू थिए, केवल आश्चर्यकर्महरू मात्र थिएनन् भन्ने तथ्यको अर्को प्रमाण पावलले भनेका कुरा यो हो, "साँचो प्रेरितका लक्षणहरूचाहिँ पूरा *धैर्यसाथ* ... तिमीहरूका बीचमा प्रकट गरिएका थिए।" आश्चर्यकर्महरू "पूरा धैर्यसाथ" गरिएका थिए भन्नुले धेरै अर्थ दिँदैन, किनभने धेरैवटा आश्चर्यकर्महरू अति तत्कालै हुन्छन् तर यो भन्नुले धेरै अर्थ दिन्छ कि कोरिन्थवासीहरूका निम्ति पावलले ख्रीष्टजस्तै भोगेका कठिनाइहरू "पूर्ण धैर्यसाथ"-गरिएका थिए।

हामीले यस कुरामा ध्यान दिनुपर्दछ कि उक्त तालिकाको कुनै पनि स्थानमा पावल आश्चर्यकर्महरूले उनको प्रेरितपन प्रमाण गर्ने दाबी गर्दैनन्। वास्तवमा उनले उल्लेख गरेका धेरैजस्ता कुराहरूले उनलाई अन्य साँचो ख्रीष्टियानहरूभन्दा बेग्लै देखाउँदैनन्। तर यी सबै कुराहरूले उनलाई शैतानका सेवकहरू र ती झुटा प्रेरितहरूभन्दा बेग्लै देखाउँछन् जो ख्रीष्टियानहरू होइनन्। तिनीहरूका जीवनका लक्षणहरू नम्रता होइन तर अभिमान, निस्वार्थता होइन स्वार्थ, उदारता होइन तर लोभ, अरू मानिसहरूको कल्याण खोज्ने होइन तर अरू मानिसहरूबाट लाभ उठाउने, शारीरिक दुर्बलतामा आत्मिक शक्ति खोज्ने होइन तर तिनीहरूको प्राकृतिक बलमा भएको आत्मविश्वासमा काम गर्ने, दुःख-कष्ट र कठिनाइहरू सहने होइन,

---

उनीहरूमध्ये कसैले पनि यस दृष्टिकोणलाई समर्थन गर्ने कुनै पनि तर्कहरू दिँदैनन्। हचारिस्‌ले एक वैकल्पिक दृष्टिकोण दिन्छन् जसअनुसार "चिन्हहरू" कोरिन्थवासीहरूका परिवर्तित जीवन र पावलको ख्रीष्टजस्तै चरित्र हुन्।

बहुसंख्यक टिप्पणीकर्ताहरूले "साँचो प्रेरितका लक्षणहरू"-को अझ विस्तृत अर्थ छ भन्छन्, जसमा पावलको जीवनका गुणहरू र उनको सेवाकार्यका प्रकृति र परिणामहरू पनि समाविष्ट छन्। हे. Philip E. Hughes, *Paul's Second Epistle to the Corinthians*, NIC (ग्र्यान्ड र्‍यापिड्स : ईर्डम्यान्स्, १९६२), पृह. ४५६-५८ (उनले Chrysostom र Calvin-को विचारधारालाई पहिल्याएका छन्); Ralf P. Martin, *II Corinthians*, WBC (वाको, टेक्सस : वर्ड, १९८६), पृह. ४३४-३८ (विस्तृत विवेचनसहित); Alfred Plummer, *A Critical and Exegetical Commentary on Paul's Second Epistle to the Corinthians*, ICC (एडिनबर्ग, टी आन्ड टी क्लार्क, १९१५), पृ. ३५९; R.V.G. Tasker, *2 Corinthians*, (लन्डनः टिन्डल प्रेस, १९५८), पृ. १८०; Charles Hodge, *An Exposition of I and 2 Corinthians*, TNTC (विलमिङ्गटन, डेल. : सवरिन ग्रेस, १९७२) [पुनःमुद्रित] पृह. ३५९-६०; John Calvin, *The Second Epistle of Paul the Apostle to the Corinthians* ... अनु. T.A. Smail, सम्पा. W. Torrance T. F. Torrnce (एडिनबर्ग : अलिभर आन्ड बोइड्, आन्ड ग्र्यान्ड र्‍यापिड्स : जोन्डरभ्यान, १९५७), पृ. ९९। यी टिप्पणीकर्ताहरूमध्ये कतिले "साँचो प्रेरितका लक्षणहरू" आश्चर्यकर्महरूसाथसाथै वा आश्चर्यकर्महरू समाविष्ट भएका हुन्छन् भनी बुझ्दछन्, तर तिनीहरू कसैले पनि यस वाक्यांशले आधारभूत तौरले वा सम्पूर्ण रूपले आश्चर्यकर्महरू मात्र सङ्केत गर्छ भनी बुझ्दैनन्।

तर तिनीहरूका आफ्नै सुविधा र आराम खोज्ने हुन्छन्।[१९] पावलले तिनीहरूमाझ ख्रीष्टझैं आचरणले काम गरे, उनका कामहरू उनी एक प्रेरित हुन् भन्ने उनको दाबीको साँचोपनका "लक्षणहरू" थिए। यसकारण, यी कुराहरू "साँचो प्रेरितका लक्षणहरू" थिए। यस सन्दर्भमा भन्नुपर्दा, एक साँचो प्रेरितका लक्षणहरू यस्ता थोकहरू हुनु आवश्यक छैन जसले उनी र अन्य ख्रीष्टियानहरूबीच पूर्ण भिन्नता देखाऊन्; यसको सट्टामा, बरु उनमा यस्ता कुराहरू हुनुपर्दछ जसले उनको सेवाकार्य प्रामाणिक सेवाकार्य हो जो झुटा सेवाकार्यहरूभन्दा भिन्नै छ भन्ने देखाऊन्। अरू ख्रीष्टियानहरूभन्दा एक प्रेरित कसरी बेग्लै हुन्छन् सो कसरी पहिचान गर्नु भनी पावलले यहाँ कोरिन्थीहरूलाई भनिरहेका छैनन् (त्यो त उनले पुनरुत्थान हुनभएको ख्रीष्टलाई आफूले देखेका अनि उहाँद्वारा एक प्रेरित नियुक्त गरिएका कुरा उल्लेख गर्दै १ कोर ९:१-२; १५:७-११; गला १:१, ११-२४ मा बताए) तर ख्रीष्टद्वारा अनुमोदित साँचो सेवाकार्य कसरी चिन्न सकिन्छ सो उनी उहाँ बताइरहेका छन्।

तब उनी किन थप्छन् कि एक साँचो प्रेरितका सबै लक्षणहरू, अर्थात् चिन्हहरू कोरिन्थीहरूका बीचमा "चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरूद्वारा" प्रकट गरिएका थिए ? उनले उनको साँचो प्रेरितपनका अघिल्ला सबै लक्षणहरूमा एउटा अतिरिक्त तत्त्व थपिरहेका मात्र छन्। पावलको सन्देशलाई पुष्टि गर्नमा आश्चर्यकर्महरूको निश्चय नै महत्त्वपूर्ण भूमिका थियो। "साँचो प्रेरितका लक्षणहरू" भन्ने वाक्यांशमा के-के कुराहरू समाविष्ट गरिनुपर्ने हो भनी कोरिन्थीहरूले अनुमान गरेका थिए वा गरेका थिएनन् सोबारे यहाँ पावलले प्रस्टै पार्छन्। एक साँचो प्रेरितका यी अन्य सबै लक्षणहरूबाहेक, उनको सेवाकार्यले परमेश्वरको शक्ति पनि देखाउँथ्यो।[२०]

आश्चर्यकर्महरूले कुनै व्यक्तिको प्रेरितपन किन प्रमाण गरेनन् त्यसको अझै अर्को अति महत्त्वपूर्ण कारण छ। नयाँ करारको अझ व्यापक सन्दर्भमा यो देखिन्छ कि प्रेरितहरूबाहेक अन्य मानिसहरूले पनि आश्चर्यकामहरू गर्थे, जस्तै, स्तिफनस (प्रे ६:८), फिलिप (प्रे ८:६-७), गलातियाका अनेकौं मण्डलीहरूका ख्रीष्टियानहरूले (गला ३:५), अनि सामान्यतः ख्रीष्टको देहमा "आश्चर्यकर्म"-का वरदानहरू पाएका मानिसहरूले पनि (१ कोर १२:१०, २८)। त्यस्तो रूपमा आश्चर्यकर्महरूलाई प्रेरितहरूकै मात्र विशिष्ट लक्षणहरू मान्न सकिँदैन। वास्तवमा, १ कोरिन्थी १२:२८ मा प्रेरितहरू र "आश्चर्यकर्म गर्नेहरू" र "निको पार्नेहरू" बेग्लै हुन् भनी देखाइएको छ, "परमेश्वरले मण्डलीमा पहलो प्रेरितहरू, दोस्रो अगमवक्ताहरू, तेस्रो शिक्षकहरू, *तब आश्चर्यकर्म गर्नेहरू*, र निको पार्नेहरू ... नियुक्त गर्नुभएको छ।"

[१९]कति व्याख्याताहरूले यो अनुमान गर्छन् कि झुटा प्रेरितहरूले आश्चर्यकर्महरू गरिरहेका थिए र परमेश्वरबाट प्रकाशहरू पनि पाएका दाबी गरिरहेका थिए, ताकि पावलले अझ ठूला-ठूला आश्चर्यकर्महरू र प्रकाशहरू दाबी गर्न परोस्। तर झुटा प्रेरितहरूले आश्चर्यकर्महरू वा प्रकाशहरू दाबी गरे भनी २ कोरिन्थीमा भएको कुनै पनि कुराले भन्दैन।

[२०]यस व्याख्यालाई निम्नलिखित पदले पनि पुष्टि गर्छ, "अरू सबै मण्डलीहरूको तुलनामा तिमीहरूले कुन कुरामा कम निगाह पायौ ? (२ कोर १२:१३)। तिनीहरूप्रति पावलका वास्ता र ध्यानको कमी थिएन भन्ने तथ्यले तिनीहरूलाई यो प्रमाण गरिदिनेथियो कि यी लक्षणहरूमा पावलले तिनीहरूका निम्ति गरेका सबै सेवाकार्य समाविष्ट हुँदा मात्र "साँचो प्रेरितका लक्षणहरू" तिनीहरूका बीचमा प्रकट गरिएका थिए, तर "साँचो प्रेरितका लक्षणहरू" आश्चर्यकर्महरू मात्र हुँदा होइन।

त्यस्तै प्रमाण मत्ती १६:१७-१८ मा देखिन्छ, यद्यपि यो मर्कूसकै सुसमाचारका खण्डको रूपमा यो उद्धरणको प्रामाणिकताबारे[२१] गम्भीर प्रश्नहरू छन्, तापनि यो मूलपाठ धेरै प्राचीन हो[२२] अनि यसले प्रारम्भिक मण्डलीभित्र भएको परम्पराको एउटा त्यान्द्रोको साक्षी दिन्छ। यो मूलपाठले येशूले यो भनिरहनुभएको प्रतिवेदन दिन्छ :

> विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन् – मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, तिनीहरूले सर्पहरू समात्नेछन् र कुनै विषालु कुरा पिए तापनि कुनै किसिमले त्यसले तिनीहरूको हानि गर्नेछैन। तिनीहरूले रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्।

यहाँ पनि आश्चर्यकर्महरू गर्ने शक्तिलाई ख्रीष्टियानहरूको साझा सम्पत्ति भनी मानिलिइएको छ। यो प्राचीन परम्परा लेख्नेहरू, र यसलाई अर्को पुस्तामा हस्तान्तरित गर्नेहरू, अनि यसले येशूको साँचो शिक्षा प्रतिनिधित्व गर्छ भनी सोच्नेहरू यस्ता आश्चर्यकर्महरू प्रेरितहरू र उनीहरूका निकटस्थ सहयोगीहरूमा मात्र सीमित गरिनुपर्छ भन्ने कुनै धारणाबारे अवश्यै अवगत थिएनन्।[२३]

नयाँ करारको समयमा अरू धेरै ख्रीष्टियानहरूले आश्चर्यकर्महरू गरे भन्ने तर्कको उत्तर कहिलेकाहीँ यस दाबीद्वारा दिइन्छ कि प्रेरितहरू र *उनीहरूसित घनिष्ठ सम्बन्ध भएका व्यक्तिहरू* वा प्रेरितहरूले हात राखिदिएका व्यक्तिहरूले मात्र आश्चर्यकर्महरू गर्न सक्थे।[२४] तर पनि यसले वास्तवमा थोरै मात्र प्रमाण गर्छ किनभने नयाँ करारका मण्डलीको वृत्तान्त प्रेरितहरू र उनीहरूसँग घनिष्ठ व्यक्तिहरूद्वारा जे गरियो सोकै बखान हो। प्रचार वा मण्डली स्थापनाबारे एउटा यस्तै तर्क राख्न सकिन्छ, "नयाँ करारको समयमा मण्डलीहरू प्रेरितहरू वा उनीहरूका घनिष्ठ सहयोगीहरूद्वारा मात्र स्थापित गरिएका थिए, त्यसकारण आज हामीले मण्डलीहरू स्थापित गर्नु हुँदैन।" वा नयाँ करारको समयमा अरू देशहरूमा प्रेरितहरू वा उनीहरूका घनिष्ठ सहयोगीहरूद्वारा मात्र मिशनरी काम गरिन्थे, त्यसकारण आज हामीले अरू देशहरूमा मिशनरी काम गर्नु हुँदैन।" यी उपमाहरूले यस तर्कको कमी देखाउँछन् – मण्डलीले के गर्न *खोज्नु हुँदैन* होइन तर के गर्न *खोज्नुपर्दछ* भन्ने कुरा नयाँ करारले देखाउँछ।

तर यदि पहिलो शताब्दीभरि नै अरू धेरै ख्रीष्टियानहरूले पवित्र आत्माको शक्तिद्वारा आश्चर्यकर्महरू गरिरहेका थिए भने, आश्चर्यकर्महरू गर्ने शक्ति त्यो लक्षण हुनसक्थेन जसले प्रेरितहरूलाई अन्य ख्रीष्टियानहरूभन्दा भिन्नै देखाउँथ्यो।

[२१]पाण्डुलिपिको प्रमाण हेर्दा र शैलीलाई विचार गर्दा, यी पदहरू मर्कूसलिखित सुसमाचारका मौलिक अंश थिएनन्।

[२२]यो Tatian-को Diatessaron-का (सन् १७०) अनेक मूलपाठहरूमा संलग्न छ र Irenaeus (मृत्यु ख्री. २०२) र Tertullian-ले (मृत्यु ख्री. २२०) पनि उद्धृत गरेका छन्।

[२३]उहाँ १ कोरिन्थी १२:२८ र मर्कूस १६:१७-१८ सम्बन्धी दिइएका तर्कहरू मलाई सझाउ गर्नुहुने डलास थिअलाजिकल सेमिनरिका Prof. Harold Hoehner-प्रति म कृतज्ञ छु (तथापि यस खण्डमा मेरो निष्कर्षसित उहाँको सहमति शायद नहोला)।

[२४]Chantry, *Signs*, पृह. १९-२१।

**३. आश्चर्यकर्मबारे Norman Geisler-को प्रतिबन्धक परिभाषा** (Norman Geisler's Restrictive Definition of Miracles) । आज आश्चर्यकर्महरू हुन्छन् भनी अस्वीकार गर्नलाई अझ हालैका प्रयास Norman Geisler-द्वारा गरिएको छ।[२५] यस अध्यायमा प्रस्तुत गरिएको *आश्चर्यकर्म*को परिभाषाभन्दा अझ प्रतिबन्धक (restrictive) परिभाषा उनको छ, र उनी यो परिभाषालाई समकालीन आश्चर्यकर्महरूका सम्भावनाविरुद्धमा प्रयोग गर्छन्। उनी भन्छन्, "आश्चर्यकर्महरू (१) जहिले पनि सफल हुन्छन्, (२) तत्कालै हुन्छन्, (३) उल्टिँदैनन्, (४) परमेश्वरका सन्देशवाहकको पुष्टि गर्छन्" (पृह. २८-३०)। उनले यो दाबीको समर्थन विशेष गरी येशूको सेवाकार्यमा नै पाउँछन् तर येशूको जीवनपछिको कुरा गर्दा तथा आश्चर्यकर्महरू गर्ने अन्य मानिसहरू कहिल्यै पनि असफल बनेन् भनी देखाउने कोसिस गर्दा उनको दाबी कम विश्वसनीय बन्दछ। भूत लागेको जुन केटोलाई चेलाहरूले भूतबाट छुटकारा दिन सकेनन्, त्यसको बारेमा Geisler भन्छन् (मत्ती १७:१४-२१), "येशूले चेलाहरूलाई अगावै दिइसक्नुभएको शक्तिलाई विश्वाससित चलाउन चेलाहरूले त्यस पलको लागि भुसुक्कै बिर्सिपठाए" (पृ. १५०)। तर यो विश्वास नदिलाउने किसिमको तर्क हो; उनी भन्छन् कि आश्चर्यकर्महरू गर्ने शक्ति जहिले पनि सफल थियो र कोही सफल भएनन् भनी बाइबलले बताउँदा (अनि जसले उनको दाबीलाई खण्डन गर्छन्) उनले केवल "बिर्सिपठाए" मात्र भन्छन्। तर येशूले Geisler-को भन्दा बेग्लै कारण दिनुहुन्छ, "तिमीहरूका अल्पविश्वासको कारणले" (मत्ती १७:२०)। थोरै विश्वासको प्रतिफल आश्चर्यकर्महरू गर्ने थोरै शक्ति भयो।

इपाफ्रोडिटसलाई निको बनाउने पावलको असफलतासम्बन्धी (फिलि २:२७) Geisler यो शङ्काजनक दाबी गर्न बाध्य बन्दछन् कि पावलले इपाफ्रोडेटसलाई निको बनाउने कहिल्यै कोसिस गरेनन् (यद्यपि पावल झ्यालखानाबाट तिनीकहाँ आएका थिए अनि पावल यति रोगी थिए कि उनी झण्डै मरेका थिए) वा "यस समय पावलमा निको बनाउने वरदान थिएन" (पृ. १५०)। पावलले त्रोफिमसलाई मिलेटसमा बिरामी छोड़ेको (२ तिमो ४:२०) तथ्यलाई पनि गीस्लर व्याख्या गर्न त्यही दाबी प्रयोग गर्छन्। यी उदाहरणहरूमा गीस्लरले प्रेरितहरूका मृत्युपछि आश्चर्यकर्महरू समाप्त भए भन्ने "अवसानवादीहरू"-को सामान्य दाबीलाई पनि उछिनेर यो दाबी गरिरहेका छन् कि महान्तम प्रेरित (अर्थात् पावल) प्रथमपल्ट रोमको थुनामा पर्नुभन्दा अगावै उनको जीवनमा आश्चर्यकर्महरू समाप्त भए। जुन प्रेरितको सेवाकार्यको विशेषता बारम्बार "चिन्हहरू र आश्चर्यकर्महरूको शक्ति ... र पवित्र आत्माको शक्ति" (रोम १५:१९) भनी बयान गरिएको थियो अनि जसले आफ्नो अन्तिम धर्मपत्रमा विजयसित यो भन्न सकेका थिए, "मैले उत्तम लड़ाइँ लड़ेको छु। मैले दौड़ सिद्धाएको छु। मैले विश्वासलाई बचाइराखेको छु" (२ तिमो ४:७), उनै प्रेरितसम्बन्धी उक्त तर्क विश्वास नदिलाउने तर्क मात्र हो।

Geisler-ले आश्चर्यकर्महरूको जुन वर्णन गरेका छन् त्यो अन्धो मानिससित

[२५] Norman Geisler, *Signs and Wonders*. आश्चर्यकर्मबारे उनको परिभाषा पृह. २८-३२ र १४९-५५ मा पाइन्छ।

मिल्दैन जसमाथि येशूले हात राख्नुभएको थियो किनकि त्यस मानिसले पहिला छर्लङ्ग देख्न सकेन तर त्यसले भन्यो मानिसहरूलाई "रूखहरूजस्तै हिँड़िरहेका देख्छु" (अर्थात्, "रूखहरू हिँड़िरहेका जस्तै देख्छु") भन्यो। येशूले त्यसका आँखामा दोस्रोपटक हात राख्नुभएपछि त्यस मानिसले "सबै थोक छर्लङ्ग देख्न लाग्यो" (मर्क ८:२४-२५)। Geisler-को उत्तर दिन्छन् कि चेलाहरूका आत्मिक जीवनको क्रमागत प्रगतिबारे एउटा व्यावहारिक शिक्षा प्रयोग गर्दै चेलाहरूलाई शिक्षा दिनका लागि दुई चरणमा निको बनाउनु येशूको उद्देश्य थियो (पृह. १५३-५४)। मूलपाठले यस प्रकारको कुरा नबताएको भए तापनि उक्त कुरा सत्य हुन सक्छ, तर हो भने पनि यसले Geisler-को दाबीलाई असत्य प्रमाणित गर्छ किनकि यदि येशूको उद्देश्य दुई चरणमा निको बनाउने थियो भने शायद आज पनि मानिसहरूलाई दुई चरणमा वा तीन वा चार चरणमा निको बनाउने उहाँको उद्देश्य छ। उहाँका आफ्नै उद्देश्यहरू पूरा गर्नलाई एउटा आश्चर्यकर्म चरणबद्ध रूपमा गर्ने परमेश्वरको उद्देश्य हुन सक्छ भने आश्चर्यकर्महरू तात्कालिक र पूर्ण हुनुपर्छ भन्ने Geisler-को सम्पूर्ण दाबी ध्वस्त हुन्छ।[२६]

Geisler-को परिभाषालाई स्वीकार गर्नुको सट्टामा यो निष्कर्ष निकाल्न अझ उत्तम देखिन्छ कि परमेश्वरले आश्चर्यकर्महरू गर्ने योग्यता दिनुभएको मानिसहरूले पनि आफूले इच्छा गरेको समयमा आश्चर्यकर्महरू गर्न सक्दैनन् किनकि पवित्र आत्माले ती वरदानहरूलाई निरन्तर हरेक व्यक्तिलाई "उहाँले ... इच्छाअनुसार" दिइरहनुभएको छ (१ कोर १२:११; ग्रीकमा *दिनुहुन्छ* वर्तमान कालमा छ; यसले पवित्र आत्माको भइरहेको काम बुझाउँछ)। यसको अतिरिक्त, आश्चर्यकर्महरूको परिभाषालाई सीमित बनाउँदै, प्रार्थनाका असाधारण वा विशिष्ट उत्तरहरूलाई "आश्चर्यकर्महरू"-को वर्गबाट वर्जित गर्ने कुनै कारण भएको जस्तो देखिँदैन (जस्तो कि Geisler-ले गर्न चाहेको प्रस्टै हुन्छ)। उदाहरणार्थ, चिकित्साविज्ञानले व्याख्या गर्न नसक्ने कुनै शारीरिक चङ्गाइको निम्ति परमेश्वरले यदि खुरन्धार प्रार्थनाको उत्तर, त्यो पनि धेरै महिना वा वर्षको प्रार्थनापछि, यस्तो तरिकामा दिनुहुन्छ कि यो प्रार्थनाको उत्तर हो भनी छर्लङ्ग देखिन्छ, जसो हुँदा मानिसहरू चकित बन्दछन् र परमेश्वरको महिमा गर्छन्। यस्तो हुँदा पहिलाका प्रार्थनाहरूको उत्तर तत्कालै नदिइएको कारण आश्चर्यकर्म भयो भनी अस्वीकार गर्ने कुनै कारण देखिँदैन। अन्त्यमा, आश्चर्यकर्ममय वा गैरआश्चर्यकर्ममय आत्मिक वरदानहरू बल वा तीव्रतामा भिन्नभिन्नै हुन सक्छन् भनी नयाँ करारका अनेकौं मूलपाठहरूले बताउँछन् भनी पहिचान गर्न गीस्लर विफल बन्दछन्।[२७]

**४. हिब्रू २:३-४।** आश्चर्यकर्महरू प्रेरितहरू र उनीहरूका घनिष्ठ सहयोगीहरूमा

[२६]निम्नलिखित खण्डहरू व्याख्या गर्नमा पनि गीस्लरलाई ठूलो कठिनाइ छ – मर्कूस ५:८ (जहाँ येशूले एकभन्दा अधिकपटक भूतहरूलाई निक्लेर जाने आदेश दिनुभयो) र मर्कूस ६:५ (जहाँ मूलपाठले भन्छ कि नासरतका मानिसहरूको अविश्वासको कारण येशू कुनै आश्चर्यकर्म गर्न सक्षम हुनुभएन) (हे. पृह. १४९, १५२)।

[२७]हे. अध्याय ५२, पृह. १०२२-२५ मा विवेचन।

मात्र थिए भन्ने धारणालाई समर्थन गर्नलाई प्रयोग गरिने अर्को अनुच्छेद हो हिब्रू २:३-४। त्यसमा लेखकले यो भन्छन् कि मुक्तिको सन्देश "सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरूद्वारा हाम्रा निम्ति पक्का साबित गरियो। परमेश्वरले पनि चिन्हहरू, अचम्मका कामहरू र उहाँको आफ्नो इच्छाबमोजिम बाँड़िएको पवित्र आत्माका वरदानहरूद्वारा यस कुराको गवाही दिनुभयो[२८]।"

यहाँ आश्चर्यकर्महरू ती मानिसहरूका माध्यमद्वारा आयो जसले प्रभुकै मुखबाट पहिला वचन सुने ("उहाँको वचन सुन्नेहरू") भनिएको कारण यो तर्क गरिन्छ कि अरू मानिसहरूका माध्यमबाट आश्चर्यकर्महरू गरिनेछन् भनी हामीले आशा गर्नु हुँदैन जो प्रभुका शिक्षाहरू र सेवाकार्यका प्रत्यक्ष साक्षीहरू ("उहाँको वचन सुन्नेहरू") थिएनन्।[२९]

तर यस तर्कले त्यस उद्धरणमा जे-जति लेखिएका छन् तीभन्दा धेरै कुराहरू बताउने कोसिस पनि गर्छ। सर्वप्रथम "उहाँका वचनहरू सुन्नेहरू" (हिब २:३)-मा अवश्य प्रेरितहरू मात्र थिएनन्, किनकि अरू धेरै मानिसहरूले पनि येशूका वचनहरू सुने। तर योभन्दा पनि महत्त्वपूर्ण कुरा यो हो कि यस दृष्टिकोणले यस्तो कुराको पनि दाबी गर्दैछ जो मूलपाठले भन्दैभन्दैन : यो तथ्य कि (१) सुसमाचारको सन्देश त्यस्ता आश्चर्यकर्महरूद्वारा पुष्टि गरिएको हुन्थ्यो जसको बारेमा येशूले केही पनि भन्नुभएको नसुन्नेहरूद्वारा त्यो प्रचार गरिएको हुन्थ्यो। (२) येशूको सन्देश नसुन्नेहरूले प्रचार गर्दा सुसमाचारको सन्देश आश्चर्यकर्महरूद्वारा पुष्टि गरिन्छ या गरिँदैन। अन्त्यमा, यो उद्धरणले भन्छ कि त्यो सन्देश "चिन्हहरू, अचम्मका कामहरू र विभिन्न आश्चर्यकर्महरू"-द्वारा मात्र होइन तर *"पवित्र आत्माका वरदानहरू"*-द्वारा पनि पुष्टि गरिएको थियो। यो उद्धरणले प्रेरितहरू र उनीहरूका घनिष्ठ सहयोगीहरूमा मात्र आश्चर्यकर्महरूलाई सीमित पार्छ भनी यदि कसैले तर्क गर्छ भने तिनले (पुरुष होस् वा स्त्री) यो पनि तर्क गर्नुपर्दछ कि त्यसरी नै पवित्र आत्माका वरदानहरू प्रथम शताब्दीको मण्डलीमा मात्र सीमित छन्। तर अति थोरै मानिसहरूले मात्र यो तर्क गर्नेछन् कि आज पवित्र आत्माका वरदानहरू छैनन्।[३०]

**५. निष्कर्ष : के आश्चर्यकर्महरू प्रेरितहरूमा मात्र सीमित थिए ?** यदि पवित्र आत्माको शक्ति र महिमामा सेवाकार्य नयाँ करार युगको वैशिष्टच हो भने (२ कोर ३:१–४:१८), हाम्रो प्रत्याशा ठीक उल्टो हुन्थ्यो : ख्रीष्ट र उहाँको पुनरुत्थानको

[२८]KJV-ले यसरी अनुवाद गर्छ, "परमेश्वरले पनि चिन्हहरू र आश्चर्यका कामहरू दुवैसित तिनीहरूलाई साक्षी दिनुहुँदै... ।" यो अनुवादले येशूको वचनलाई सुन्नेहरू र सर्वप्रथम प्रचार गर्नेहरूका निम्ति आश्चर्यकर्महरूले गवाही दिए भन्ने सुझाउ राख्छ। तर "*तिनीहरूलाई*" भन्ने शब्द ग्रीक मूलपाठमा छैन र यो अनुवाद आधुनिक संस्करणहरूले लेख्दैनन्।

[२९]यसकारण, Chantry, *Signs of the Apostles*, पृह. १८-१९ : "नयाँ करारका आश्चर्यकर्महरू प्रेरितहरूको सन्देशमाथि परमेश्वरको पुष्टीकरणको छापा भनी बाइबलमा नै हेरिन्छ, जुन प्रेरितहरूको सन्देशचाहिँ उनीहरू येशूसँगै हुँदा देखेका र सुनेका कुराहरूको अभिप्रेरित अभिलेख थियो। यी अचम्मका कामहरूको सम्झनाले उनीहरूका वचनको आधिकारिकताप्रति हाम्रो आदर अझ गहिरो बनाइदिनुपर्दछ र हामीलाई अझ सतर्कतापूर्वक ध्यान दिन प्रोत्साहित गर्नुपर्दछ।"

[३०]आश्चर्यकर्महरूलाई पहिलो शताब्दीसम्म मात्र सीमित राख्ने अर्को तर्क यस कुरामा आधारित छ कि केही आश्चर्यकर्महरूले, जस्तै अगमवाणीको वरदानले, जहिले पनि नयाँ धर्मशास्त्रको गुण भएको प्रकाश दिन्छन्। त्यो तर्कबारे ५२-५३ अध्यायहरूमा विस्तृत विवेचन गरिएको छ।

शक्ति पनि जान्ने (एफि ५:१७), निरन्तर पवित्र आत्माद्वारा भरिपूर्ण गरिरहिएका (एफि ५:१७), एउटा यस्तो युद्धका संलग्न जो सांसारिक युद्ध होइन, तर जो किल्लाहरूलाई नाश गर्न सक्षम परमेश्वरीय शक्ति भएको अस्त्र-शस्त्रसित लड़िन्छ (२ कोर १०:३-४), डरको होइन तर "शक्ति, प्रेम र आत्मसंयमको आत्मा" दिइएको (२ तिमो १:७), परमेश्वरमा र उहाँका शक्तिको सामर्थ्यमा बलिया, र प्रधानताहरूका विरुद्ध र शक्तिहरूका विरुद्ध र स्वर्गीय स्थानहरूमा भएका दुष्टचाइँका आत्मिक सेनाहरूका विरुद्धमा उभिन सक्षम बन्नलाई परमेश्वरका सारा हातहतियार उठाएका (एफि ६:१०-१२) दोस्रो र तेस्रो पुस्ताका ख्रीष्टियानहरूसित सत्यता र प्रेममा मात्र होइन तर त्यहीसित आउने परमेश्वरको शक्तिका आश्चर्यजनक प्रदर्शनहरूसित सुसमाचार प्रचार गर्ने क्षमता *पनि* हुनेछ। नयाँ करारका पानाहरूबाट यसको कुनै कारण खुटचाउन कठिन छ कि किन प्रेरितहरूको "उपदेश र सन्देश" मात्र "घतलाग्दो र बुद्धिपूर्ण शब्दमा होइन, तर *पवित्र आत्माको र शक्तिको प्रदर्शनमा"* आउनुपर्छ "ताकि तिमीहरूको विश्वास मानिसको बुद्धिमा होइन, तर परमेश्वरको शक्तिमा आधारित भएको" होस् (१ कोर २:४-५)।

प्रेरितहरूको सेवाकार्यमा आश्चर्यकर्महरूको असाधारण शक्ति केन्द्रित भएको देखिए तापनि यो उनीहरूको मृत्युपछि थोरै आश्चर्यकर्महरू हुनेछन्, वा आश्चर्यकर्महरू हुने नै छैन भनी सोच्ने कुनै कारण होइन। बरु, प्रेरितहरू नयाँ करारको मण्डलीमा अगुवाहरू थिए जसको जीवन र सन्देशको विशेषता चमत्कारी ढङ्गहरूमा कार्यरत भएको पवित्र आत्माको शक्ति थियो। यसको अतिरिक्त, उनीहरूले एउटा यस्तो ढाँचा तोकिदिए जसलाई मण्डलीले यसको सम्पूर्ण इतिहासभरि यसको आफ्नो जीवनमा अनुकरण गरेको बुद्धिमानी ठहर्दछ, तर यस शर्तमा कि पवित्र आत्मा परमेश्वर मण्डलीको आत्मिक उन्नतिको निम्ति काम गर्नलाई प्रसन्न हुनुहुन्छ।[३१]

## ङ. झुटा आश्चर्यकर्महरू

फारोका जादुगरहरू केही झुटा आश्चर्यकर्महरू गर्न सक्षम थिए (प्रस ७:१, २२; ८:७), यद्यपि परमेश्वरको शक्ति अझ ठूलो थियो भनी तिनीहरूले तरुन्तै स्वीकार गर्नुपऱ्यो (प्रस ८:१९)। फिलिपद्वारा गरिएका आश्चर्यकर्महरू झन् ठूलो भए तापनि (प्रे ८:१३) सामरिया शहरको जादुगर सिमोनले तिनको जादुद्वारा मानिसहरूलाई अवाक् बनाए (प्रे ८:९-११)। पावलले फिलिप्पीमा जोखना हेर्ने आत्मा भएको एउटी कमारी केटीलाई भेटे "जसले जोखना हेरेर त्यसका मालिकहरूका निम्ति धेरै धन कमाइ गरिदिन्थी" (प्रे १६:१६)। तर पावलले त्यस आत्मालाई हकारेका थिए र त्यो आत्मा त्यस केटीबाट निस्कियो (प्रे १६:१८)। यसबाहेक, पावलले भन्छन् कि पापको मानिस आउँदा "सारा शक्ति र छलपूर्ण चिन्हहरू र चमत्कारसहित, र नाश

[३१]तर यदि आश्चर्यकर्महरू भए भने, ख्रीष्टियानहरू अति सतर्क हुनुपर्दछ र सोबारे एकदम ठीक प्रतिवेदन दिनुपर्दछ। आश्चर्यकर्महरू भएका परिस्थितिहरूका तथ्यहरूलाई ख्रीष्टियानहरूले सानै मात्रामा भए पनि अतिरञ्जन गरे वा विकृत पारे भने सुसमाचारलाई ठूलो हानि हुनेछ। उहाँ जे-जस्तो चाहनुहुन्छ सो गर्न पवित्र आत्माको शक्ति पर्याप्त मात्रामा प्रबल छ, अनि त्यो परिस्थितिको तथ्य जति उत्तेजनात्मक थियो त्यसभन्दा अझै उत्तेजनात्मक बनाउने हेतुले मात्र हामीले त्यसलाई सजाउनु हुँदैन। परमेश्वरले प्रत्येक

हुनेहरूलाई छलमा पार्ने समस्त दुष्टतासहित आउनेछ" (२ थेस २:९-१०), तर तिनीहरूलाई पछ्याउनेहरू छलमा पर्छन् "किनकि तिनीहरूले सत्यलाई प्रेम गर्न र त्यसरी बाँच्न इन्कार गरे" (२ थेस २:१०)। यसले यही इङ्गित गर्छ कि अन्तिम दिनमा शैतानको शक्तिद्वारा झुटा आश्चर्यकर्महरू गर्नेहरूले सत्य बोल्नेछैनन् तर झुटो सुसमाचार प्रचार गर्नेछन्। अन्त्यमा, प्रकाश १३ ले यो सङ्केत दिन्छ कि "पृथ्वीबाट" दोस्रो पशु निस्कनेछ जसमा "पहिलो पशुको सारा अधिकार" हुन्छ अनि "मानिसका आँखाको अघि आकाशबाट पृथ्वीमा आगो झार्नेजस्ता ठूला-ठूला चिन्हहरू पनि त्यसले गऱ्यो। "पहिलो पशुको उपस्थितिमा जुन चमत्कार देखाउने शक्ति त्यसलाई दिइएको थियो, त्यहीद्वारा पृथ्वीका बासिन्दाहरूलाई बहकायो" (प्रका १३:११-१४)। तर फेरि पनि एकपटक यी आश्चर्यकर्महरूसितै झुटो सुसमाचार आउनेछ। यो शक्ति पहिलो पशुको सम्बन्धमा चलाइनेछ जसले "अहङ्कारी र ईश्वर-निन्दक शब्दहरू" उच्चारण गर्छ र यसले "परमेश्वरको विरुद्धमा निन्दा गर्न, उहाँको नाउँ र उहाँको वासस्थान ... निन्दा गर्नलाई मुख खोल्यो" (प्रका १३:५-६)।

धर्मशास्त्रमा झुटा आश्चर्यकर्महरूको छोटो सर्वेक्षणबाट दुईवटा निष्कर्षहरू स्पष्ट हुन्छन् : (१) आश्चर्यकर्ममय चिन्हहरू गर्नलाई *शैतानको भन्दा परमेश्वरको शक्ति ठूलो* छ अनि खराब काम गर्नेहरूसित शक्तिको द्वन्द्वमा परमेश्वरका जन विजयी बन्छन्। यही कुराको सम्बन्धमा यूहन्नाले विश्वासीहरूलाई आश्वासित गर्छन् कि "जो तिमीहरूमा हुनुहुन्छ, उहाँ संसारमा हुनेभन्दा महान् हुनुहुन्छ" (१ यूह ४:४)।[३२] (२) यी झुटा आश्चर्यकर्मकर्ताहरूको परिचय *तिनीहरूले सुसमाचारलाई गरेका इन्कारद्वारा पाइन्छ*। *पवित्र आत्मा भएका साँचो ख्रीष्टियानहरूले झुटा आश्चर्यकर्महरू गर्नेछन् भनी धर्मशास्त्रमा कहीँकतै सङ्केत दिइएको छैन*। वास्तवमा, मूर्तिपूजा र शैतानको पूजाले भरिएको त्यस शहरमा (हे., १ कोर १०:२०), अधिकांशचाहिँ त्यस किसिमको मूर्तिपूजक पृष्ठभूमिबाट आएका कोरिन्थका विश्वासीहरूलाई पावल भन्न सक्थे कि "पवित्र आत्माद्वाराबाहेक" कसैले "येशू नै प्रभु हुनुहुन्छ" (१ कोर १२:३) भन्न सक्दैन। उनी यहाँ तिनीहरूलाई यो आश्वासन दिन्छन् कि येशूलाई प्रभु भनी विश्वासको घोषणा गर्ने मानिसहरूमा साँचो रूपमा पवित्र आत्मा हुनुहुन्छ। यो महत्त्वपूर्ण छ कि उनी तत्कालै "हरेक" विश्वासीमा भएका आत्मिक वरदानहरूबारे विवेचन गर्न थाल्दछन् (१ कोर १२:७)।

विश्वासको साँचो घोषणा गर्नेहरूद्वारा (१ कोर १२:३), ख्रीष्टको अवतार र परमेश्वरत्वमा विश्वास गर्नेहरूद्वारा (१ यूह ४:२) र आफ्ना जीवनमा पवित्र आत्माको बीउ रोप्ने र आफ्ना सेवाकार्यमा फल फलाउनेहरूद्वारा (मत्ती ७:२०; तु. यूह १५:५; गला ५:२२-२३) आश्चर्यकर्महरू गरिइएका यदि हामीले देख्यौं भने, ती

---

परिस्थितिमा जे गर्न चाहनुहुन्छ ठीक त्यही नै गर्नुहुन्छ।

[३२]कसैले यो आपत्ति उठाउलान् कि यस दर्शनको एउटा अपवाद प्रकाश १३:७ मा भएको अन्तिम समयको दर्शन हो जसमा त्यस पशुलाई "सन्तहरूसँग लड़ाइँ गर्न र तिनीहरूलाई जित्न अनुमति दिइयो" (प्रका १३:७)। तर यहाँ पनि यस्तो कुनै सङ्केत दिइएको छैन कि त्यो पशुका आश्चर्यमय शक्तिहरू पवित्र आत्माका भन्दा ठूला छन्। यसलाई आश्चर्यकर्ममय शक्तिको द्वन्द्व होइन तर केवल सैनिक बलद्वारा भएको सतावट हो भनी बुझिएको उत्तम देखिन्छ किनकि हामी पछिबाट यो पढ्दछौं "तब येशूका गवाहीको निम्ति र परमेश्वरका वचनको निम्ति शिर काटिएकाहरू, र त्यो पशु र त्यसका मूर्तिको पूजा नगर्नेहरू र त्यसको

झुटा आश्चर्यकर्महरू हुन् भनी हामीले शङ्का गर्नु हुँदैन तर पवित्र आत्माले काम गरिरहनुभएको छ, ती मानिसहरूमै पनि जसले धर्मसिद्धान्तको प्रत्येक बुँदामा हाम्रोजस्तै दृढ धारणा नराखेका पनि हुन सक्लान्,[३३] भनी हामी परमेश्वरप्रति धन्यवादी बन्नुपर्दछ। वास्तवमा, यदि परमेश्वरले धर्मसिद्धान्त र जीवनको आचरण दुवैमा सिद्ध रहेका मानिसहरूका माध्यमबाट मात्र आश्चर्यकर्महरू गर्नलाई प्रतीक्षा गर्नुभयो भने ख्रीष्ट फेरि नआइञ्जेल कुनै पनि आश्चर्यकर्म गरिनेछैन।

### च. के आज ख्रीष्टियानहरूले आश्चर्यकर्महरूको खोजी गर्नुपर्छ ?

आज आश्चर्यकर्महरू हुन सक्छन् भन्नु एउटा कुरा हो। परमेश्वरलाई आश्चर्यकर्महरू माग्नु एकदमै अर्कै कुरा हो। त्यसोभए आश्चर्यकर्महरू गरिदिनुहोस् भनी परमेश्वरलाई याचना गर्नु के ख्रीष्टियानहरूका लागि ठीक कुरा हो ?

यसको उत्तर आश्चर्यकर्महरू खोजिने कारणमा निर्भर गर्छ। आफ्नै शक्ति र प्रसिद्धिलाई अघि बढ़ाउनलाई आश्चर्यकर्महरू गर्न खोज्नु निश्चय नै भुल काम हो, जस्तो कि जादुगर सिमोनले गर्‍यो। पत्रुसले तिनलाई भने, "परमेश्वरको सामुन्ने तेरो हृदय ठीक रहेनछ। यसकारण तेरो आफ्नो यस दुष्टताको निम्ति पश्चात्ताप गर् अनि प्रभुमा प्रार्थना चढ़ा, र शायद तेरो हृदयको यस्तो विचार क्षमा होला" (प्रे ८:२१-२२)।

हेरोदले जस्तै मनोरञ्जनको निम्ति मात्र आश्चर्यकर्महरू खोज्नु पनि भुल काम हो : "अब येशूलाई देखेर हेरोद अत्यन्त खुशी भए। किनकि तिनले उहाँको विषयमा सुनेका हुनाले धैरै दिनदेखि उहाँलाई हेर्ने इच्छा गरेका थिए, र उहाँले केही आश्चर्यकर्म गर्नुभएको हेर्ने आशा गर्थे" (लूक २३:८)। तर येशूले हेरोदलाई उत्तरसम्म पनि दिनुभएन।

सन्देहवादी अविश्वासीहरूले सुसमाचार प्रचार गर्नेहरूका आलोचना गर्ने धरातल भेट्टाउनलाई मात्र आश्चर्यकर्महरू खोज्नु पनि भुल काम हो :

> फरिसीहरू र सदुकीहरू आए, र उहाँलाई *जाँच गर्न* स्वर्गबाट एउटा चिन्ह देखाइदिने उहाँसँग माग राखे। तर उहाँले तिनीहरूलाई जवाफ दिनुभयो, "... दुष्ट र व्यभिचारी पुस्ताले चिन्ह खोज्दछ, तर योनाको चिन्हबाहेक अरू चिन्ह त्यसलाई दिइनेछैन।" (मत्ती १६:१-४)

चिन्हहरू खोज्ने कामको विरुद्धका हप्काइहरू सुसमाचारमा अन्यत्र पनि दोहोर्‍याइएका

---

छाप निधार वा हातमा नलगाउनेहरूका आत्माहरूलाई मैले देखें" (प्रका २०:४)।

[३३]येशू ख्रीष्टको नाउँ लिनेहरू अगमवाणी गर्न र भूतहरू निकाल्न र उहाँको नाउँमा "अनेक शक्तिशाली काम" गर्न सक्षम भएका (मत्ती ७:२१-२३) तथ्यले यस कुरालाई खण्डन गर्दैन, किनभने यी मानिसहरू गैर-ख्रीष्टियानहरू हुन्। येशूले तिनीहरूलाई भन्नुहुन्छ, "मैले तिमीहरूलाई कहिल्यै चिनेको छैनँ। ए अधर्म काम गर्नेहरू हो, मबाट दूर होओ" (मत्ती ७:२३)। यो सम्भव छ कि यी झुटा आश्चर्यकर्महरू भूतीय शक्तिद्वारा सम्पन्न गरिएका हुन, तापनि यो अझ सम्भाव्य देखिन्छ कि यी सामान्य अनुग्रहका क्रियाहरू हुन् (हे. अध्याय ३१), जसलाई परमेश्वरले गैर-ख्रीष्टियानहरूमा कार्यान्वित गर्नुभयो, जो अशुद्ध अभिप्रायहरू भएकाहरू र हृदयदेखि ख्रीष्टलाई नचिन्नेहरूले सुसमाचार प्रचार गर्दा परमेश्वरले कहिलेकाहीँ अनुमति दिनुहुने सुसमाचारको प्रभावकारिताजस्तै हो (तु. फिलि १:१५-१८)।

छन्, तर यस कुरामा ध्यान दिन आवश्यक छ कि चिन्हहरू खोज्ने कामको विरुद्धका हप्काइहरू जहिले पनि वैरभावपूर्ण अविश्वासीहरूप्रति निर्देशित गरिएका हुन्छन् जो येशूलाई आलोचना गर्ने मौकाको रूपमा मात्र आश्चर्यकर्म खोजिरहेका हुन्छन्।[३४] जो विश्वाससित आउँछ, वा अभावमा आउँछ, वा चाहे आफ्नै निम्ति वा अरूहरूका निम्ति चङ्गाइ वा छुटकारा वा कुनै पनि किसिमको आश्चर्यकर्म खोज्दै आउँछ, उसलाई येशूले कहिल्यै पनि हप्काउनुहुँदैन ।

त्यसो हो भने १ कोरिन्थी १:२२-२४ बारे हामीले के भन्ने, जहाँ पावल भन्छन्, "यहूदीहरू चिन्ह माग्छन् र ग्रीकहरू बुद्धिको खोजमा छन्। तर हामीचाहिँ क्रूसमा टाँगिनुभएका ख्रीष्टलाई प्रचार गर्दछौं, जो यहूदीहरूका निम्ति बाधा र अन्यजातिहरूका निम्ति मूर्खता हो। तर ती बोलावट भएकाहरूका निम्ति, चाहे यहूदीहरू होऊन् वा ग्रीकहरू होऊन्, ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ।" के पावलको तात्पर्य यो हो कि कोरिन्थमा, वा शायद सामान्यतः उनका प्रचार कार्यहरूमा उनले आश्चर्यकर्महरू ("चिन्हहरू") गरेनन् ?

सुसमाचारको घोषणासम्बन्धी उनले आश्चर्यकर्महरू गरेनन् भनी पावलले यहाँ अस्वीकार गरिरहेका हुन सक्दैनन्। वास्तवमा, उनी कोरिन्थमा हुँदा उनले लेखेका रोमी १५:१८-१९ मा उनले भने :

> किनभने वचन र कामले अन्यजातिहरूलाई आज्ञाकारी बनाउनलाई ख्रीष्टले मद्वारा जे गर्नुभएको छ, तीबाहेक कुनै विषयमा बोल्ने आँट म गर्दिनँ। यो काम *चिन्हहरू र आश्चर्यकर्महरूको शक्तिले* र पवित्र आत्माको शक्तिद्वारा मैले गरेको छु। यसरी मैले यरूशलेमदेखि लिएर इल्लुरिकनसम्मै चारैतिर ख्रीष्टको सुसमाचार सम्पूर्ण रूपले प्रचार गरेको छु।

अनि २ कोरिन्थी १२:१२ ले स्पष्ट पुष्टि गर्छ कि पावलले तिनीहरूका माझमा "चिन्हहरू, चमत्कारहरू र शक्तिका कामहरू" गरे।

यसकारण, १ कोरिन्थी १:२२-२४ को अर्थ यो हुन सक्दैन कि पावलले *बुद्धिको* वैधता *वा चिन्हहरूको* वैधता इन्कार गरिरहेका थिए, किनभने उनले ख्रीष्टको माध्यमबाट चिन्हहरू देखाए अनि बुद्धि सिकाए। उनले यहाँ बरु यो भनिरहेका छन् कि चिन्हहरू र बुद्धिले मात्र मानिसहरूलाई मुक्ति दिन सक्दैनन्, तर सुसमाचारले मानिसहरूलाई मुक्ति दिन्छ। यहूदी र ग्रीकहरूले खोजिरहेका चिन्हहरू ख्रीष्टका सन्देशलाई पुष्टि गर्नु, अभावमा भएकाहरूकहाँ सहायता ल्याउनु, मानिसहरूका

[३४]येशूले आश्चर्यकर्महरू खोज्ने वैरी अविश्वासीहरूलाई मात्र हप्काउनुहुन्छ भन्ने तथ्य निम्नोल्लेखित लेखहरूमा ठ्याम्मै उल्लेख नगर्नु उदेकलाग्दो छ : D. A. Carson "The Purpose of Signs and Wonders in the New Testament," M. Horton, सम्पा., *Power Religion,* पृ. ८९-११८ मा, वा James M. Boice, "A Better Way: The Power of Word and Spirit," *Power Religion,* पृ. ११९-३६ मा। दुवै लेखहरू आज विश्वासीहरूलाई आश्चर्यकर्महरू खोज्न निरुत्साहित गर्नलाई येशूका यी हप्काइहरूलाई एउटा साधनको रूपमा प्रयोग गर्छन्, तर यसो गर्नलाई तिनीहरूले नयाँ करारका सन्दर्भहरूले न्यायोचित नठहराएको ढङ्गमा येशूका वक्तव्यहरू प्रयुक्त गर्नुपर्दछ (हे. विशेष गरी Boice-को लेख, पृ. १२६, जसले John Woodhouse-को "अब अरू चिन्हहरू र चमत्कारहरूको चाहना गर्नु पापमय र अविश्वासपूर्ण हो" भन्ने वक्तव्यलाई अनुमोदन गर्दै उद्धृत गर्छन्।"

सेवाकार्यका बाधाहरूलाई हटाउनु, अनि परमेश्वरलाई महिमा ल्याउनु (माथि खण्ड ग हे.)। सुसमाचारमा धेरै मानिसहरू येशूकहाँ आश्चर्यकर्महरू खोज्दै आए, अनि उहाँले तिनीहरूलाई यी उद्देश्यहरूका निम्ति निको पार्नुभयो। यसको अतिरिक्त, स्वर्गको राज्य नजीक छ भन्दै प्रचार गर्नलाई आफ्ना चेलाहरूलाई बाहिरपठाउनुहुँदा, उहाँले उनीहरूलाई भन्नुभयो, "बिरामीहरूलाई निको पार, मरेकाहरूलाई जीवित पार, कुष्ठरोगीहरूलाई शुद्ध पार, भूतहरूलाई निकाल" (मत्ती १०:७-८)। उनीहरू जहाँ गए तापनि आश्चर्यकर्महरूका निम्ति परमेश्वरलाई बिन्ती नगरी उनीहरूले यी कामहरू कसरी गर्न सक्थे? येशूको आज्ञाले उनीहरूलाई आश्चर्यकर्महरू माग गर्न अनिवार्य बनायो। उनीहरूले परमेश्वरलाई याचना गरे :

> "अब हे प्रभु तिनीहरूका धम्कीमाथि नजर गर्नुहोस्, र तपाईंका दासहरूलाई पूरा साहससित तपाईंको वचन बोल्न दिनुहोस्, र *निको पार्नलाई तपाईंले आफ्नो बाहुली फैलाउनुहुँदा,* आफ्ना सेवक येशूको नाउँद्वारा *चिन्ह र आश्चर्यकर्महरू* होऊन्" (प्रे ४:२९-३०)।

प्रारम्भिक मण्डलीको यो उदाहरणले हामीले परमेश्वरलाई आश्चर्यकर्महरूका लागि बिन्ती गर्नु हुँदैन भनी नसिकाएर, हामीलाई यसो गर्ने केही प्रोत्साहन दिन्छ। तबीता मरेपछि लुड्डामा भएका चेलाहरूले पत्रुसलाई प्रार्थना गरिदिनका लागि बोलाइपठाए, र त्यसरी परमेश्वरबाट आश्चर्यकर्ममय हस्तक्षेप खोजे (प्रे ९:३८)। अनि याकूब मण्डलीका एल्डरहरूले बिरामी मानिसहरूका निम्ति प्रार्थना गर्नुपर्छ र तिनीहरूलाई निको पार्ने याचना गर्नुपर्छ भनी निर्देशन दिन्छन् (याक ५:१४)। साधारण साधनबाट आएको उत्तर (जस्तै, रोगको निम्ति औषधीको सहायता)-भन्दा प्रार्थनाको प्रस्ट आश्चर्यकर्ममय उत्तर कुनै रीतिले अझ उत्तम हो भनी हामीले अवश्यै मानिलिनु हुँदैन, अनि हामीले यो कुरा पनि बुझ्नैपर्दछ कि एउटा विशेष आवश्यकताको निम्ति परमेश्वरलाई गरिएको बिन्तीले त्यो प्रार्थनाको उत्तर मिल्नेछ भन्ने प्रत्याभूति दिँदैन। यसको विपरीत, कुरा यो पनि हुन सक्छ कि परमेश्वरले शक्तिशाली रूपमा र आश्चर्यकर्ममय तरिकाहरूमा काम गर्नुहुनेछ भन्ने हाम्रो विश्वास अति नै कमजोर होला। परमेश्वरले उत्तर दिनुभयो नै भने पनि उहाँले यस्तो कहिलेकाहीं मात्र गर्नुहुन्छ भन्ने सांसारिक विश्वदृष्टि (worldview)-द्वारा सङ्क्रमित बन्नदेखि हामी होसियार बस्नुपर्दछ। अनि आश्चर्यकर्महरू भए भने तीबारे बताउनु हामीले निश्चय नै सङ्कोच अनुभव गर्नु हुँदैन, वा प्रार्थनाका आश्चर्यकर्मविहीन उत्तर अझ राम्रो हो भनी सोच्नु हुँदैन ! आश्चर्यकर्महरू परमेश्वरका काम हुन्, अनि उहाँले आफैमा महिमा ल्याउनलाई र हाम्रो विश्वासलाई सुदृढ गराउनलाई यो गर्नुहुन्छ। हामीले आज मानिसहरूका जीवनमा गम्भीर अभावहरूको सामना गर्दा, तिनका उत्तरको निम्ति हामीले परमेश्वरलाई याचना गर्नु, अनि जहाँ आश्चर्यकर्ममय हस्तक्षेप आवश्यक पर्नगएको देखिन्छ, त्यहाँ त्यस तरिकामा काम गर्न राजी हुनुहुन्छ वा

हुनुहुन्न भनी हामीले परमेश्वरलाई बिन्ती गर्नु उचित हुन्छ।[३५] यो विशेष गरी त्यस बेला उपयुक्त देखिन्छ जब हाम्रो अभिप्रेरणा अभावमा भएकाहरूका निम्ति ख्रीष्टको जस्तै अनुकम्पा हुँदछ अनि हाम्रो हाम्रो उत्कट चाहनाचाहिँ ख्रीष्टका राज्यको प्रगति र उहाँको नाउँ महिमित भएको हेर्नु हुँदछ।

## व्यक्तिगत प्रयोगका लागि प्रश्नहरू

१. तपाईंले प्रथमपटक ख्रीष्टलाई विश्वास गर्नलाग्नुभएको बेला, धर्मशास्त्रको सन्देशमा तपाईंले गर्नुभएको विश्वासमा के बाइबलमा पाइने आश्चर्यकर्महरूका वृत्तान्तहरूले कुनै प्रभाव (नकारात्मक वा सकारात्मक) पारेका थिए ?

२. यो अध्याय पढ्नुभन्दा अघि, के तपाईंले नयाँ करारको मण्डलीलाई बारम्बर आश्चर्यकर्महरू हुने मण्डली भनी ठान्नुभएको थियो ? के तपाईंले समकालीन मण्डलीलाई बारम्बार आश्चर्यकर्महरू भइरहने मण्डली भनी ठान्नुभएको छ ? यो अध्याय पढिसक्नुभएपछि, यदि तपाईंको दृष्टिकोण परिवर्तन भएको छ भने, कसरी भएको छ ?

३. ख्रीष्टको दोस्रो आगमन नभएसम्म मण्डलीको विशिष्टता आश्चर्यकर्महरू हुनुपर्दछ भनी यदि तपाईंले ठान्नुहुन्छ भने, मण्डली इतिहासका विभिन्न अवधिहरूमा हामीले किन धेरैभन्दा धेरै आश्चर्यकर्महरू देखेका छैनौं, अनि हामीले किन आज ख्रीष्टियान मण्डलीका बृहत् खण्डहरूमा धेरैवटा आश्चर्यकर्महरू देख्दैनौं ?

४. यदि तपाईं "अवसानवादी" हुनुहुन्छ भने, प्रार्थनाका असाधारण उत्तरहरू कस्तो हुने सम्भावना छ भनी तपाईं अझै पनि सोच्नुहुन्छ ? (उदाहरणको लागि, शारीरिक आरोग्यको निम्ति प्रार्थना, खतराबाट छुटकाराको निम्ति प्रार्थना, प्रार्थनाको माध्यमबाट भूतको आक्रमणमाथि विजय र/अनि दुष्टात्माको मौखिक भर्त्सना (verbal rebuke)-लाई विजय, वा धर्मशास्त्रको एउटा खण्ड वा कुनै मानिसको जीवनको स्थितिबारे तपाईंलाई एक्कासि भएको अन्तर्दृष्टि) तपाईंले आज सम्भव छ भनी सोच्नुभएको यी कुराहरू र यस अध्यायमा आश्चर्यकर्महरूको जुन परिभाषा दिइएको छ त्यसअनुसारका "आश्चर्यकर्महरू" कसरी छुट्ट्याउनुहुन्छ ? (तपाईंले "आश्चर्यकर्म"-को भिन्नै परिभाषाको पक्षमा पनि

[३५]डलास थिअलजिकल सेमिनरिका भूतपूर्व सभापति John Walvoord आश्चर्यकर्महरूको वरदानलाई "ख्रीष्टको नाउँमा इच्छा गरेको बेला आश्चर्यकर्महरू गर्न सक्ने शक्ति" भनी बुझ्दछन्। त्यसकारण उनी यो विश्वास गर्छन् कि आश्चर्यकर्महरूको वरदान अब छैन। तर पनि उनी यो तर्क गर्छन् कि आज आश्चर्यकर्महरूका निम्ति हामी प्रार्थना गर्न सक्छौं, "एउटा ख्रीष्टियानले उदेकका कामहरू गरिदिनुहोस् भनी परमेश्वरलाई अपील गर्न सक्छ र परमेश्वरले त्यो प्रार्थनाको उत्तर दिनुहुन्छ। परमेश्वरले चाहनुभयो भने उहाँले अहिले पनि निको पार्न सक्नुहुन्छ अनि मृतकलाई पनि जीवित तुल्याउन सक्नुहुन्छ तर यी आश्चर्यकर्महरू परमेश्वरको परमस्वेच्छा हो अनि हो उहाँको वैयक्तिक इच्छा हो। ... त्यसैले आश्चर्यकर्महरूको वरदान परमेश्वरको वर्तमान कार्यक्रमको अंश नभए तापनि, आश्चर्यकर्महरू गर्ने परमेश्वरको शक्तिलाई समर्थन गरिनैपर्दछ" (*The Holy Spirit* [व्हिटन, इलिनोइ, भ्यान क्याम्पेन, १९५४] पृह. १७९-८०)।

तर्क गर्न सक्नुहुन्छ।)

५. के आज मण्डलीमा उपयोगी उद्देश्यहरू पूरा गर्नलाई आश्चर्यकर्महरू विराट् र "असाधारण" (जस्तै, मृतकलाई जीवित बनाउने वा जन्मकै अन्धो मानिसलाई दृष्टिदान दिने) हुनैपर्ने? यस अध्यायमा सूचीबद्ध गरिएका आश्चर्यकर्महरूका केही उद्देश्यहरू कुन थरीका "लघु आश्चर्यकर्महरू"-ले पनि पूरा गर्लान्? के तपाईंले आफ्नो मण्डलीमा (वा तपाईंको आफ्नै जीवनमा) गरिएको प्रार्थनाका कुनै उत्तरहरू जान्नुभएको छ जसलाई तपाईं यस अध्यायको सुरुमा दिइएका चमत्कारको परिभाषाअनुसार "चमत्कार" भनी मान्नुहुन्छ?

६. के आज तपाईंको आफ्नै मण्डलीमा पवित्र आत्माको अझ धेरै आश्चर्यकर्मको शक्ति (वा प्रार्थनाका असाधारण उत्तरहरू) कार्यरत भएको तपाईं इच्छा गर्नुहुन्छ, वा हुन्न? यदि अझ धेरै आश्चर्यकर्महरू भएनन् भने, कस्ता जोखिमहरू उत्पन्न हुन सक्छन्? लाभहरू के-के हुन सक्छन्?

## विशेष शब्दावली

| | |
|---|---|
| अवसानवादी (cessationist) | चिन्ह (sign) |
| शक्तिशाली काम (mighty work) | आश्चर्यकर्म (miracle) |
| "साँचो प्रेरितका लक्षणहरू" (signs of a true apostle) | |
| प्राकृतिक कानुन (natural law) | चमत्कार (wonder) |

## पुस्तक सूची

(यस पुस्तक सूचीको व्याख्याका लागि अ. १, पृ. ४७ को पुस्तक सूचीमाथि दिइएको टीका हे.। सम्पूर्ण पुस्तक सूचीको तथ्याङ्क परिशिष्ट ४ मा प्राप्य छ।)

### इभ्यान्जेलिकल् सुव्यवस्थित ईश्वरशास्त्रहरूमा भएका खण्डहरू


१. एङ्गलिकन (इपिस्कपलियन)

| | |
|---|---|
| १८८२-९२ | लिट्टन (कुनै प्रस्ट छलफल छैन) |

२. अर्मिनी (वेजलियन वा मेथडिस्ट)

| | |
|---|---|
| १८७५-७६ | पोप, १:६३-७६ |
| १९४० | विली, १:१४९, १५०, १५३, १५४ |
| १९८३- | कोटरेल, २:९-२२९-६०४ |

३. ब्याप्टिस्ट

| | |
|---|---|
| १९०७ | स्ट्रङ्ग, ११७-३३ |
| १९१७ | म्यूलिन्स्, १७२, १९३ |
| १९८३-८५ | एरिक्सन, ४०६-१० |
| १९८७-९४ | लुइस/डिमारेस्ट, १:१००-१०९, ११५-१८ |

४. डिसपेन्सेशनल

| | |
|---|---|
| १९४७ | शेफर, ७:२३९ |
| १९४९ | थीसन, ११-१३ |

५. लुथरन

| | |
|---|---|
| १९१७-२४ | पाइपर, १:४५९-६० |
| १९३४ | म्यूएलर, १७४ |

६. रिफमर्ड (वा प्रेज्बिटरियन)

| | |
|---|---|
| १५५९ | क्यालभिन, १:१४-१८, ८५-८८; २:१४५३-१४५५; १४६५-६७-६७ (*PA*, ३; १.८.५-८; ४.१९.६, १८) |
| १८६१ | हिपि, २६३-६५ |
| १८७१-७३ | होज, १:६१७-३६ |
| १८८७-१९२१ | वारफिल्ड, *SSW*, २:१६७-२०६ |
| १८८९ | शेड, १:५३३-४६ |
| १९३७-६६ | मरे, *CW*, ३:२१०-१४ |
| १९३८ | बर्खोफ, १७६-७८ |
| १९६२ | बुसवेल, १:१७६-८३ |

७. रीन्यूअल (वा क्यारिज्म्याटिक् ⁄ पेन्टिकोस्टल)

| | |
|---|---|
| १९८८-९२ | विल्यम्स्, १:१४१-६८ |

## रोमन क्याथलिक सुव्यवस्थित ईश्वरशास्त्रका प्रातिनिधिक खण्डहरू

१. रोमन क्याथलिक : परम्परावादी

| | |
|---|---|
| १९५५ | ओट् (कुनै प्रस्ट छलफल छैन) |

२. रोमन क्याथलिक : भेटिकन द्वितीयोत्तर

| | |
|---|---|
| १९८० | म्याकब्राइन, १:३२५-२८ |

## पुस्तक सूची

Berkouwer, G. C. “Providence and Miracles.” In *The Providence of God.* Trans. by Lewis B. Smedes. Grand Rapids: Eerdmans, 1952, pp. 188-231.

Boice, James Montgomery. “A Better Way: The Power of Word and Spirit.” In *Power Religion: The Selling Out of the Evangelical Church ?* Michael Scott Horton, ed. Chicago: Moody Press, 1992.

Bridge, Donald. *Signs and Wonders Today.* Leicester: Inter-Varsity Press, 1985.

Brown, Colin. : “Miracle.” In *NDT,* pp. 433-34.

________. *That You May Believe: Miracles and Faith – Then and Now.* Grand Rapids: Eerdmans, 1985.

Carson, D. A. : “The Purpose of Signs and Wonders in the New Testament,”

*In Power Religion: The Selling Out of the Evangelical Church?* Michael Scott Horton, ed. Chicago: Moody Press,1992.
Deere, Jack. *Surprised by the Power of the Spirit: A former Dallas Seminary Professor Discovers that God Still Speakes and Heals Today.* Grand Rapids: Zondervan, 1993.
Geisler, Norman. *Signs and Wonders.* Wheaton: Tyndale, 1988.
________. *Miracles and Modern Thought.* With a response by R. C. Sproul. Grand Rapids: Zondervan, and Dallas: Probe Ministries, 1982.
Craig, Gary S., and Kevin N. Springer, eds. *The Kingdom and the Power.* Ventura, Cali.: Regal, 1993.
Gross, Edward N. *Miracles, Demons, and Spiritual Warfare: An Urgent Call for Discernment.* Grand Rapids: Baker, 1990.
Grudem, Wayne. *Power and Truth: A Response to the Critiques of Vineyard Teaching and Practice by D.A Carson, James Montgomery Boice, and John H. Armstrong in Power Religion.* Anaheim, Cal.: Association of Vineyard Churches,1993.
________. "Should Christians Expect Miracles Today? Objections and Answers From the Bible." In *The Kingdom and the Power.* Gary Greig, and Kevin Springer, eds. Ventura, Calif.: Regal, 1993, pp. 55-110.
Horton, Michael S., ed. *Power Religion: Selling out of the Evangelical Church ?* Chicago: Moody, 1992.
Kirk, J. A "Power." In *NDT,* pp. 524-25.
Lewis, C. S. *Miracles: A Preliminary Study.* New York: Macmillan, 1947.
Moule, C .F. D., ed. *Miracles.* London: Mowbray, 1965.
Spiceland, J. D. "Miracles." In *EDT,* pp. 723-24.
Wenham, David, and Craig Blomberg, eds. *Miracles of Jesus.* Sheffield, England: JSOT, 1986.
Wiliams, Don. *Signs, Wonders, and the Kingdom of God: A Biblical Guide for the Skeptic.* Ann Arbor, Mich.: Servant, 1989.
Wimber, John, with Kevin Springer. *Power Evangelism.* Revised edition. San Francisco: Harper and Row, and London: Hodder and Stoughton, 1992 .

## धर्मशास्त्रको कण्ठस्थ गर्नुपर्ने खण्ड

**हिब्रू २:३-४ :** *"तब हामीले यति महान् मुक्तिको वास्ता राखेनौं भने हामी कसरी उम्कौंला ? यो मुक्ति सर्वप्रथम प्रभुबाटै घोषणा गरिएको थियो, र उहाँको वचन सुन्नेहरूद्वारा हाम्रा निम्ति पक्का साबित गरियो। परमेश्वरले पनि चिन्हहरू, अचम्मका कामहरू, विभिन्न आश्चर्यकर्महरू र उहाँको आफ्नो इच्छाबमोजिम बाँड़िएका पवित्र आत्माका वरदानहरूद्वारा यस कुराको गवाही दिनुभयो।"*

## भजन

"शक्तिशाली किल्ला हाम्रा परमेश्वर हुनुहुन्छ"

शक्तिशाली किल्ला हाम्रा परमेश्वर हुनुहुन्छ, असफल कहिल्यै नहुने आड़;
व्याप्त मानव रोगहरूको बाढ़ माझ हाम्रा सहायक।

किनकि हामीलाई धिक्कार्न खोज्छ प्राचीन हाम्रो वैरी अझै पनि;
सुसज्जित क्रूर घृणासित
छन् त्यसका चलाकी र शक्ति महान्;
छैन त्यसको बराबरीको यस पृथ्वीमा कोही।

भर परेका भए हामी हाम्रै बलमा, परास्त हुनेथियो हाम्रो उद्यम।
के थिएन र हाम्रा पक्षमा छान्नुभएको परमेश्वरले नै सही मानिस ?

नसोध को हुनुहुन्छ ती मानिस ? हुनुहुन्छ उहाँ ख्रीष्ट येशू नै,
प्रभु शबोथ हो उहाँको नाउँ, सनातनदेखि सनातनसम्म एक समान,
जित्नुहुनेछ युद्ध उहाँले निश्चय नै।

भरिएका भए तापनि भूतहरूद्वारा यस संसारले धम्काउला, गर्न सर्वनाश हामीलाई,
डराउनेछैनौं किनकि निश्चित गर्नुभएको छ उहाँको विजय हाम्रो माध्यमबाट।
निष्ठुर छ अन्धकारका राजकुमार, काम्दैनौं त्यसको कारण हामी;
क्रोध त्यसको सहन सक्छौं हामी, हेर छ त्यसको विनाश निश्चित;
धराशायी बनाउनेछ सानो एउटा वचनले त्यसलाई।

सांसारिक सबै शक्तिहरूभन्दा पनि शक्तिशाली वचनलाई भन्दैनौं
हामी धन्यवाद, तर अन्तर्वास गर्छ वचन परमेश्वरको हामीमा;
लुप्तिऊन् सबै धन-सम्पत्ति र स्वजनहरू, समाप्त होस् यो नश्वर जीवन पनि;
मार्लान् यो शरीरलाई तिनीहरूले, र पनि रहिरहन्छ सत्यता परमेश्वरको अझै पनि;
छ उहाँको राज्य सदाकालको निम्ति।

*रचनाकार* : Martin Luther, 1529